**कलाश्री**
साहित्य वार्षिक
वर्ष-१०, अङ्क-१० : २०७८

*प्रकाशक*
**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**का लागि
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
पानीपोखरी, लाजिम्पाट, काठमाडौँ
फोन नं. : ०१-४४१८११३, ०१-४००६६२५
इमेल : info@nlgi.com.np
वेबसाइट : www.nlg.com.np

*आवरण डिजाइन*
सबिन शाक्य

*कम्प्युटर-कला*
जीवन नेपाल

*मुद्रक*
मोडर्न प्रिन्टिङ प्रेस
जमल, काठमाडौँ

मूल्य : रु. ४००/–

Kalashree
A Yearly Literary Journal
by Nepali Kalasahitya Dot Com Pratishthan

**सम्पादन–परिदृश्य**

# सृष्टिको प्रथम र अन्तिम फूल...

सत्यमा जीवन पानीजस्तै सललल बग्न चाहन्छ। खाल्डो भेटे भरिएर बग्छ, कठोर चट्टानहरू भेटे ठोक्किएर-छचल्किएर बग्छ, पहाड उभिए मोडिएर बग्छ र यदि कसैले अस्वाभाविक बाँध बाँधे हो, बाँधै भत्काई भेलबाढी भएर नि बग्छ र अन्ततः सागर-महासागरसम्म पुगेर विश्राम लिएजस्तो लागे पनि पुनः बाफिएर-बादलिएर वा कुनै पनि प्रकारले प्रकृतिचक्रमा सामेल भइसकेको हुन्छ। त्यही जीवनगत सत्यलाई आत्मसात् गर्दै कविलेखक पनि जहाँसम्म प्रकृतिकै लयमा समाहित हुन चाहन्छ। यद्यपि कोरोना कहरको साङ्लोले बन्दी बनाएको स्वतन्त्रताप्रेमी मानवसभ्यताको निरीह पात्रतामाथि आफ्नै अहङ्कार घोलित कर्मदोषको कालो पहाड अग्लिएजस्तो लागे पनि या ती पहाडहरूले जीवन विरुद्ध जति नै नारा लगाइरहे पनि सृष्टिको अन्तिम या प्रथम फूल कविलेखकमा सुरक्षित रहन्छ भन्नेमा पनि म पूर्णतः विश्वस्त छु। यसर्थ यस धरतीमा एउटा सर्जक जहाँ उभिन्छ; त्यहाँ सृष्टि हुन्छ। त्यही सृष्टिका कारण उसका लागि र अन्य दृष्टिका लागि पनि त्यहीं नै केन्द्र बन्छ, तर परिधि वा किनार अवश्य होइन। आखिर जहाँ फूल फुले पनि त्यसलाई दृष्टिले कहाँ किनार मान्छ र! ऊ त सदाबहार दृष्टिको केन्द्र नै बन्छ! यसरी स्वयम् सर्जकलाई किनार वा मोफसलको पगरी कुनै पनि हालतमा सुहाउँदैन नै जस्तो लाग्छ। ऊ त सारा किनार भत्काएर फूलझुप्पारूपी ब्रह्माण्ड सँभालिरहेको प्रथम या अन्तिम बीज हो, आकर्षण हो, स्वयम्मा सिङ्गो सुरम्य सृष्टि हो र सारा जागतिक दृष्टिको मात्र केन्द्र हो। केवल केन्द्र हो।

जीवनका यिनै सत्यका संवाहक मानिने कलासाहित्यको सम्मान र उत्थानमा हरतरहले समर्पित संस्था **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**को विशेष प्रयत्न, **एनएलजी**को दृढ साथ अनि आम स्रष्टाको स्वतन्त्र लेखकीय आस्थाकै दस्तावेज **कलाश्री** साहित्य वार्षिक लिएर केही ढिलो भए पनि पुनः तपाईंसामु उपस्थित भएका छौं। **एनएलजी**लाई स्रष्टाको शुभेच्छा सदा साथ रहने छ।

सत्यमा जीवनको सुगन्धलाई कैद गर्न नसकेजस्तै यथार्थतः यो सृष्टिमा जति अँध्यारो छाए पनि उज्यालो सम्भावनालाई कसैले पनि रोक्न नसक्ने दाबीसहित तिनै उज्यालो सम्भावनाका संवाहक स्रष्टाको सम्यक् कर्मको जीवन्त साक्षी बन्न पुगेको छ– **कलाश्री** साहित्य वार्षिक। यसरी कोरोना कहरबीचको इतिहासमा

**कलाश्री** सदाझैँ आस्था र विश्वासको जीवन्त स्मारक बन्ने छ भन्ने गर्विलो विश्वास लिएका छौँ। यसमा सत्कर्मयात्राको जीवन्त सारथि **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**लाई **एनएलजी**को स्नेहिल साथ स्रष्टाजगत्मा सदा अविस्मरणीय रहने नै छ।

यसरी जीवनको सम्यक् लयको आविष्कारमा साथ दिनुहुने सहृदयी स्रष्टाहरू शशी लुमुम्बू, केशव सिग्देल, महेश पौड्याल, सुमन पोखरेल, सुन्दर बस्नेतलगायत नेपाली भाषाका विश्वासिलो स्तम्भ सहयात्री भाइ जीवन नेपाल र प्रतिभावान् भाइ सबिन शाक्य तथा सबै स्रष्टा एवम् सहृदयीहरूप्रति विशेष आभार !

सदा सुरुचिपूर्ण सुन्दर जीवनका लागि सृष्टिको प्रथम या अन्तिम फूलसहित नूतन भङ्गिमापूर्ण सुमधुर सम्यक् लयको पक्षमा...

– **मोमिला**

# कलाश्री
## साहित्य वार्षिक

### कविता


| | | |
|---|---|---|
| सरुभक्त | गौसिरी आमा भाङ्ग्रो बुन्छिन् | १ |
| विमल कोइराला | कोभिडियोलजी | २ |
| उषा शेरचन | आमा हुन सजिलो छैन | ४ |
| एल. बी. छेत्री | एउटा पेन्सनरको पीडा | ७ |
| कृष्ण प्रसाईं | केही कविता | ८ |
| हेमचन्द्र नेपाल | मन फाटेपछि | ९ |
| राजेश्वर कार्की | प्रोपोगान्डा | १० |
| भिक्षु आनन्द | संवेदना हराएको मेरो देश | १२ |
| शैलेन्द्र साकार | कोरोना प्रश्न–काल | १२ |
| अविनाश श्रेष्ठ | पिता | १४ |
| डा. कृष्णराज डी. सी. | आत्मरोदन | १६ |
| जङ्गब चौहान | दृष्टि | १८ |
| मञ्जु काँचुली | फलाम बन्न सकूँ | १९ |
| विधान आचार्य | रजोवतीको हुङ्कार | २१ |
| विप्लव प्रतीक | कविसँग एउटा प्रश्न | २२ |
| उदय निरौला | कविता थलिएको दिन | २३ |
| जीवनाथ धमला | सूर्योदयको प्रतीक्षा | २५ |
| प्रद्युम्न जोशी | बेरोजगारीको ब्यानर | २६ |
| महेश पौड्याल | केही छोटा कविता | २७ |
| सरिता पराजुली | मेरो देश नेपाल | २९ |
| शान्ति शर्मा | जिन्दगी : कविताको डायरी | ३० |
| ठाकुर बेलबासे | हाम्रो भेट | ३२ |
| मणि लोहनी | जीवनको झरी | ३३ |
| महेश कार्की क्षितिज | आमा | ३४ |
| छविरमण सिलवाल | मृत्यु चीत्कार | ३५ |
| सुरेन्द्र अस्तफल | अस्तु बनेपछि | ३७ |

| | | |
|---|---|---|
| प्रतीक्षा प्रधान जोशी | हिमाल र म | ३८ |
| विमल वैद्य | घर डढाएर आगो ताप्नेहरू | ३८ |
| अभय श्रेष्ठ | प्रतिवाद | ४० |
| शीतल कादम्बिनी | रोधी | ४२ |
| सरोज घिमिरे | हामी | ४३ |
| जनार्दन रिजाल | मलाई लाग्छ | ४८ |
| मुक्ति गौतम | म ढिकी | ४९ |
| गीता कार्की | लेखिँदैन क्यालेन्डरमा जीवनको अक्षर | ५२ |
| जीवन खत्री | मुग्लान एक अध्याय | ५५ |
| रामगोपाल आशुतोष | पृथ्वीको अर्को ध्रुवबाट | ५६ |
| सुमन वर्षा | हावा | ५८ |
| मुकुन्द प्रयास | बाटो | ५९ |
| केजी सुब्बा | कविताको अवतार | ६१ |
| रोशन परिवार | चोकमा | ६२ |
| भवानी खतिवडा | स्वाभिमानी अभाव | ६४ |
| गोविन्द कँडेल 'आँसु' | केही छोटा कविताहरू | ६५ |
| जयराम तिमल्सिना | समर्पण | ६६ |
| दिपेन श्रेष्ठ | स्वागत छ | ६६ |
| गणेश सुवेदी | जे देखियो | ६८ |
| हरिकृष्ण सिलवाल | आधुनिक कि आधुनिक दास | ६९ |
| मन्जिला अनिल | मुर्दा समय | ७० |
| दीपक शर्मा समीर | फूल र पत्थर | ७३ |
| अमृता स्मृति | भुइँघर | ७४ |
| मुना बोहरा | अनिश्चित समय | ७७ |
| नवमीनाथ अधिकारी 'सुमन' | विचित्रकी रहछ्यौ आमा ! | ७७ |
| तारादेवी सुनुवार | आधा बाटो | ७९ |
| रमा अधिकारी | यात्रा बालनगरको | ८० |
| रोशन पुन | 'बा' | ८१ |
| श्वेता अधिकारी | एक्लो मन | ८२ |
| युग 'सर्वनाम' | एक अभ्यस्त इच्छा | ८३ |
| अस्मिता मानन्धर | अस्तित्व | ८४ |

| | | |
|---|---|---|
| कमलराज केसी | देश र हरिया झिँगाहरू | ८६ |
| मोहित जोशी | इतिहासकारप्रति | ८८ |
| केशव सिग्देल | एउटा बहुलाको सुसाइड नोट | ९१ |
| अरुणा वैद्य | मन्दिरको मौन घण्टा म | ९१ |
| सुरेश हाचेकाली | सतीबिसौना | ९३ |
| मोमिला | उज्यालोको गीत गाउँदै... | ९४ |

**कवि डाँडा कविता**

| | | |
|---|---|---|
| अन्जान 'प्रदीप' | रक्तबीज र निसानीहरू | ९६ |
| अमिता कँडेल | संयोगले सुरक्षित म | ९७ |
| अस्मिता पौड्याल | प्रेमको इन्द्रेनी | ९८ |
| नीरज दाहाल | भकारी | १०० |
| रेणुका जीसी | प्रश्नसहित उभिएकी उहिलेकी... | १०२ |
| रोहित ढुङ्गाना | सेतो तन्ना | १०४ |
| लक्ष्मण सङ्गम | झर्नु | १०६ |
| वीरेन्द्र जैसी | पहाड धानिरहेकी नारीको मनोदशा | १०७ |
| संयोग बस्याल | न्याय उवाच | १०८ |
| नगेन्द्र सुवेदी | मलाई बाजस्तै बन्नु छ | १०९ |

**गीत / गजल**

| | | |
|---|---|---|
| एस्पी कोइराला | जवानीमा जीवन हाम्रो | ११२ |
| गणेश विषम | थियो कबुल | ११२ |
| स्नेह सायमी | गीत | ११४ |
| जयकुमार पौडेल | गजल | ११४ |
| ईश्वरी सिलवाल | उनको सम्झनामा | ११५ |

**कथा**

| | | |
|---|---|---|
| परशु प्रधान | सेवानिवृत्त व्यथा | ११६ |
| जलेश्वरी श्रेष्ठ | षड्यन्त्र | १२० |
| अमर शाह | ताप | १२१ |
| दिलीप शाह | विरोधाभास | १२४ |

| | | |
|---|---|---|
| अनुपम रोशी | समागम एक नीलो शून्यता | १३२ |
| उत्तम सापकोटा | यात्रा | १३७ |
| भानु बोखिम | कुनै मोडबाट | १४६ |
| दिनमान गुर्मछान | मुनियाकी आमा चिच्याउन थाली | १५५ |
| विन्दु अधिकारी ढकाल | कुनाकी सुत्केरी | १६२ |
| दीपक लोहनी | अझै मरिनसकेको मान्छे | १६६ |
| राज सरगम | म हत्यारा होइन... ! | १७३ |
| यमुना पराजुली अधिकारी | दोष | १८४ |
| दिल महरा | बाउ खोज्ने केटो | १८७ |
| कल्पना प्रधान | लोभको परिणाम | १९० |
| कोमल फुयाल | बेड नं. १३३ | १९१ |
| सुमित्रा न्यौपाने | सम्बन्ध | १९८ |
| विक्रमवरुण पण्डित छेत्री विक | ५० रुपियाँको रिचार्ज | २०५ |


## निबन्ध / संस्मरण / संस्कृति


| | | |
|---|---|---|
| हरिप्रसाद मानसाग्नि | कवि | २११ |
| डा. गोविन्दराज भट्टराई | विश्व साहित्यको नवीन सन्दर्भ र अनुवादकला | २१६ |
| डा. ज्ञानू पाण्डे | भगवान् : ?? | २२३ |
| भीष्म उप्रेती | जीवनका लागि | २२८ |
| लक्ष्मी उप्रेती | खुसी : उज्यालो मानचित्र | २३३ |
| युवराज नयाँघरे | रङको अलमल | २३८ |
| बलराम अधिकारी | यहुदी संहारको त्रासद अलिगोरी | २४३ |
| पवन आलोक | मेरो पहिलो समुद्रपार यात्रा | २४७ |
| विमल अधिकारी | प्रेमा शाह : दृढता, विद्रोह र शिक्षा समर्पणकी सङ्गम स्रष्टा | २५६ |
| नीलकमल | उदास उनको जीवन कथा... | २६२ |
| मनोरमा सुनुवार | हुम्ला, हुम्ली र हिउँपरीहरूसँग... | २६६ |
| मोहनबहादुर कायस्थ | गयो वानीरा गिरिसँगको समय | २७७ |
| मनोहर लामिछाने | खसानी नुने हाट | २७९ |

**नाटक**

| | | |
|---|---|---|
| फूलमान बल | सोनाम-ग्याल्मो | २८४ |

**समालोचना**

| | | |
|---|---|---|
| दधिराज सुवेदी | सविताका कवितामा प्रेमको साम्राज्य | ३०४ |
| डा. रामदयाल राकेश | 'अचानक यो साँझ'-मा घोत्लिँदा | ३११ |
| डा. अञ्जना वस्ती भट्टराई | पुरुष सर्जकको पितृसत्तालाई हाँक... | ३१६ |
| डा. अम्बिका अर्याल | त्रिपक्षीय प्रेममा 'मृत्युको अघिल्तिर' | ३१९ |
| निमग्ना घिमिरे | 'न्युरोडका झाँकी'-भित्रका १९ झाँकी | ३२७ |
| अनीता पन्थी | स्मृतिलोकमा फर्किंदा | ३३२ |

**कृतिपरिचय**

| | | |
|---|---|---|
| मणि लोहनी | समानताको वकालत : 'ग्रिन टावेल' | ३३६ |
| मणि लोहनी | गीताका कवितामा मौनताका बहुल बोली | ३३८ |
| महेश कार्की क्षितिज | अपरिचित अनुहारको परिचित रूप | ३४१ |

**प्रवासबाट**

| | | |
|---|---|---|
| मधु माधुर्य | घामको उपस्थिति | ३४३ |
| लालगोपाल सुवेदी | उपहार | ३४४ |
| मीरा प्रसाई | पाँच टुक्रा | ३४७ |
| गोवर्द्धन पूजा | खुब दियो प्रेमले | ३५० |
| कृष्ण गिरी | तिमी को हौ ? | ३५२ |
| कोमल मल्ल | म किन हुन्थैं परदेशी ? | ३५३ |
| राखी गौचन | प्रेमको चक्कर | ३५५ |
| भूपेन्द्र महत | यो आँखा पनि अजिब छ यार | ३५६ |
| नम्रता गुरागाईं | आशा | ३५८ |
| गोविन्द गिरी प्रेरणा | शर्मिलाको यादमा | ३५८ |

**विश्व साहित्य**

| | |
|---|---|
| स्टेफन होर्डुर ग्रिमसन/केशव सिग्देल | ३६७ |
| फ्रान्सिस्को ब्राइन्स/केशव सिग्देल | ३६७ |

जर्मेन ड्रुगनब्रुट / केशव सिग्देल ३६८
इल्स टेल्स / केशव सिग्देल ३६९
क्लारिबेल एलेग्रिया / केशव सिग्देल ३६९
चार्ल्स बुकोब्स्की / सुमन पोखरेल ३७०
महमुद दर्विस / सुमन पोखरेल ३७१
फैज अहमद फैज / सुमन पोखरेल ३७२
सिसम हिनी / महेश पौड्याल ३७४
लुइज ग्लुक / महेश पौड्याल ३७४
रूपकुमारी यादव / लेखक स्वयम् ३७५

सरुभक्त

# गौसिरी आमा भाङ्ग्रो बुन्छिन्



सिंहदरबारभित्र
स्यालहरूको रजाइँ चलेको बेला
जीवनको प्राय:द्वीपमा
मायालु घरको अवधारणा सँगालेर
गौसिरी आमा
समयका आग्नेय प्रहारहरूले नजलेका
इतिहासजत्तिकै प्राचीन तानमा
भाङ्ग्रो बुन्छिन्
परिवारको नाममा उनीसित
सम्झनाहरूबाहेक अरू केही छैनन्
थाहा छैन, उनले माया गरेका मान्छेहरू
कता हराए
थाहा छैन, उनले माया गर्न चाहेका मान्छेहरू
कता बिलाए
गौसिरी आमा, सन्नाटाहरूले आबाद भएको घरमा
सन्नाटाहरू बाँच्दै
ध्यानी बुद्धका अर्धसत्यहरू ओढेर
तानमा हिमालझैँ सेना धागाहरू खेलाउँछिन्
तानमा धागाहरूलाई
सभ्यता जोडेझैँ जोड्छिन्
तानका धागाहरूलाई
संस्कृति जोडेझैँ जोड्छिन्
तानमा धागाहरूलाई राष्ट्रियता जोडेझैँ जोड्छिन्
गौसिरी आमालाई थाहा छैन
गाउँको प्राय:द्वीपभन्दा पर
कालो सागरका काला माछाहरूले
कस्ता काला कर्तुत देखाउँछन्
उनी त बाटोमा लामबद्ध भई हिंड्ने

खच्चडका घण्टीहरू
र रोदीका तन्नेरी भाखाहरूबीच
अफैलाई बिर्सेर
झन्डै चार बीस उमेरले खियाएका हातहरूलाई
सुस्तसुस्त चलाउँछिन्
उनको प्रत्येक चालमा
देशजस्तै सानो भाङ्ग्राले
देशजस्तै सुन्दर आकार लिँदै जान्छ
भाङ्ग्रो बन्दै जान्छ

सिंहदरबारभित्र
स्यालहरूको रजाइँ चलेको बेला
गौसिरी आमा
भाङ्ग्रो बुन्छिन्
धागोहरूले देश बुन्छिन्।

●

विमल कोइराला

# कोभिडिओलजी



उहिल्यै स्प्यानिस फ्लूले
करोडौं सोत्तर पार्दा भन्थे–
प्रविधि भएन
अहिले पनि त्यत्तिकै सङ्क्रमित हुँदा
विज्ञहरू भन्छन्– प्रविधि भएन
आकलन कमजोर भयो– अब फेरि यस्तै प्रलय भयो भने
भन्नेहरूले भन्ने छन्– प्रविधि भएन
कहिले हुन्छ विश्वमा
मानवता र सभ्यता जोगाउन
पर्याप्त प्रविधि ?
मानवता नष्ट गर्ने

सभ्यता विशृङ्खलित गर्ने र
हूलका हूल एकै चिहान पार्ने
प्रविधि प्रशस्तै छन्– तर
सङ्कटमा पर्दा मान्छेको अस्तित्व जोगाउने
प्रविधि भएन, र
याचनाको स्वरमा आआफ्नो ज्यान
आफै जोगाऊँ भन्दै विज्ञापन गरिरहेछौँ।

जन्मनु र मर्नुको यात्रामा हिंडेका हामी
अलिकता आयु लम्ब्याउन कुना पसेका छौँ
हिजोसम्म हुङ्कार गर्ने हामी
आफ्नै पालो आउला कि जस्तो गरी थलिएका छौँ
युद्धको घोषणा त भइसक्यो तर
कमान्डर मास्क लाएर कतै कुनामा
हात धुँदै बसेको होला
नेपथ्यमा रहेर 'नडराऊ' भन्दै होला
आफू टनिक खाएर बेसारपानी बेस्सरी खाऊ भन्दै होला
सिपाहीजस्ता जनता
कोरोनाको गोलीले छाती नै छेड्ला भन्ने भयले
लुकेर बसेका छन्।

कस्तो महाविपत्ति हो यो– यसले त
साबिकको समाजशास्त्र, अर्थशास्त्र र संस्कृति
भत्काएको छ
यो विनिर्माणपछि कस्तो
नयाँ निर्माण हुने हो, थाहा छैन
पढ्ने छन् नानीहरूले
छुट्टै किताब
नयाँ विज्ञान हुने छ
कोभिडिओलजी।

के हुन्थ्यो होला
विद्युतीय सञ्चार नभएको भए ?

मेरो नातिले उसकी शिक्षिकाको
अनुहार बिर्सिसक्यो
मलाई समेत चिन्दैन
अहिले
दूर रहँदा माया हुन्न भन्नेहरूलाई
अनलाइन माया सिकाएको छ– र
सँगसँगै टेलिफोनिक भ्रष्टाचार पनि सिकाएको छ
यो कोभिडिओलजीले
नजिक हैन– परपरबाटै
जे मन लाग्छ– त्यही गर भन्ने सिकाएको छ।

●

उषा शेरचन

## आमा हुन सजिलो छैन



आमा हुनु भनेको त
आफ्नो जिन्दगीलाई नै हत्केलामा राखेर
प्रसवको अनन्त पीडा खपेर
आफ्नो प्राणभन्दा पनि प्यारो
आफ्नो ज्यानभन्दा पनि प्यारो
सन्तानलाई जन्म दिनु रहेछ
न भोक न निद्रा
बस, मात्रै सन्तानको चिन्तामा
दिनरात बिताउनु रहेछ।

आमा हुनु भनेको त
चर्को घाम लागे
सन्तानलाई पोल्ला कि भन्ने पीर
अत्यन्तै जाडो बढे
चिसोले कठ्याङ्ग्रिएला कि भन्ने पीर

मीठो-चोखो खाँदा पनि पीर
भोकभोकै हुँदा त झन् पराकाष्ठै पीर
पीरैपीरको भारी बोक्नु पो रहेछ।

आमा हुनु भनेको त
सन्तानको मनोभावना
नभनेरै पनि बुझ्नु
अनि उनीहरूले चाहेको सबै थोक
आफूसँग भए पनि, नभए पनि
सकेसम्म पुऱ्याउन सक्ने
जादूको तिलस्मी छडी हुनु पो रहेछ।

आमा हुनु भनेको त
डाक्टर, इन्जिनियर, शिक्षक, प्रशासनिक
अर्थात् आवश्यकताबमोजिम
अन्य सबैसबै भूमिका
निभाउनु पो रहेछ।

आमा हुनु भनेको त
सन्तानले जतिसुकै घुर्क्याए पनि
जतिसुकै रिसाएर ठुस्किए पनि
जतिसुकै गल्ती गरे पनि
माफ दिनु
अनि कहिल्यै मनमा नलिई
बिना सर्त माया गरिरहनु
सधैँभरि भलो चिताइरहनु
र आशीर्वाद दिइरहनु पो रहेछ।

आमा हुनु भनेको त
सन्तानको खुसीका लागि
जतिसुकै पीर र तापमा भए पनि
जतिसुकै समस्यासँग जुध्नुपरे पनि
सबैसबै कुरालाई पोको पार्दै

आफ्नै छातीभित्र लुकाएर
जतिखेर पनि मुस्कुराइरहनु
अनि धरतीझैँ सहनु पो रहेछ।

आमा हुनु भनेको त
सबेरै घामसँगसँगै उदाउनु
र घामसँगै अस्ताउनु
अनि फेरि जूनसँगसँगै उदाउनु
र जूनसँगसँगै अस्ताउनु रहेछ
बिहानैदेखि बेलुकीसम्म
र फेरि बेलुकीदेखि बिहानसम्म
सन्तानकै सोचमा व्यस्त रहनुपर्ने
र सन्तानकै खोजमा त्रस्त रहनुपर्ने पो रहेछ।

आमा हुनु भनेको त
आफ्ना सन्तानले
संसारभरकै खुसी पाऊन्
हरेक प्रतिस्पर्धामा अब्बल रहून्
सन्तानको खुसीमा
उनीहरूभन्दा बढी खुसी हुनु
सन्तानको पीडामा
उनीहरूभन्दा दुःखी हुनु
अनि संसारलाई जित्न चाहे पनि
आफ्नो सन्तानसँग भने
सधैँभरि हार्न चाहनु पो रहेछ।

आमा हुनु भनेको त
कहिल्यै अवकाश नपाउने
जागिर खानु पो रहेछ
छातीमा कोखीका
अनगिन्ती घाउहरू बोकेर
जतिखेर पनि दुखाइरहनु पो रहेछ
आमा हुनु साँच्चिकै गाह्रो काम रहेछ!
आमा हुनु साँच्चिकै साह्रो काम रहेछ!!

●

एल. बी. छेत्री

# एउटा पेन्सनरको पीडा



ब्याङ्कको खातामा पिन्सिन आएको खबर पाउनासाथ
रिटायर जिन्दगी बाँचिरहेका हामी दुवै
पुग्यौं नेपाल नेसनल ब्याङ्क
आफ्नो ब्यागबाट उनले चेक झिकिन्
मैले रकम भरेर हस्ताक्षर गरेँ
उनी प्रतीक्षालयको कुर्चीमा बसिन्
म उभिएँ लाइनमा
केही छिनपछि
काउन्टरबाट तीस वटा हजारहजारका नोट लिएर म निस्केँ
दोब्र्याएर कमेजको अधिल्तिरको खल्तीमा हाल्न थाल्दा
भनेको सुनेँ–
'यता ल्याउनोस्'
मसँग विकल्प थिएन
खुरुक्क तेर्छ्याएँ उनीतिर
मेरो नोट समातिरहेको दाहिने हात।

गाडी हाँक्दै गर्दा बाटोमा म सोचिरहेथेँ
तीस वर्ष खटेर आर्जन गरेको
मासिक तीस वटा हजारका नोट
तीस मिनेट पनि बस्न पाउँदैनन्
आफ्नो आर्जकको खल्तीमा।

नोट लालायित थिए
केही बेर मेरो खल्तीमा विश्राम गर्न
खल्ती लालायित थियो नोटको स्पर्श लिन
दुवै वञ्चित भए
त्यो सुखद अनुभूतिबाट।

तर म ढुक्क थिएँ
घरभाडादेखि ग्याससम्मको झन्झट

तेलदेखि तरकारीसम्मको हिसाब
महिनाभरिको पीडा
उनकै त हो!

●

## कृष्ण प्रसाईं

# केही कविता



१
असङ्ख्य प्रहार सहँदै
ढलिरहेको रूखलाई थाहा थिएन–
उसलाई ढाल्ने बन्चराको बिंड
उसैको हाँगाबाट निर्मित थियो।

२
जब अंशबन्डाको कुरा उठ्यो
मुस्किल पर्‍यो मिलाउन
बा, आमा
कसैको भागमा पर्नुभएन।

३
मृत्युले त सबैलाई समाउँछ नै
तर धनीहरू यसरी ठट्टा उडाउँदै भन्छन्–
गरिब थियो, त्यसैले मर्‍यो।

४
आर्यघाटमा
कुनै पनि लास
नोटका बिटाले जलिरहेको थिएन।

५
इन्द्रियबिना नै सुन्दर देखिन्छ हिमाल
जस्तो कि फूल

उसको पनि कहाँ हुन्छ र
लाज देखिने ठाउँ ?

६

धेरै सम्झाएँ
फकाउनसम्म फकाएँ
मेरो केही जोड चलेन
यमराजले घुस खानै मानेन।

●

हेमचन्द्र नेपाल

## मन फाटेपछि



तातो सूर्य हुँदैन वृद्ध कहिल्यै आगोसरी भर्भर
औँसीका निशिमा निभे पनि शशी तारा सधैँ टिल्पिल
शून्याकाश हुँदैन वृद्ध कहिल्यै, संवेदनाहीन छ
मान्छेको मन फाट्छ कोमल हुँदा, कोक्किन्छ मेरो मन

बाटाको सुविधा पहाड शिरमा हल्लाउँदा डोजर
पुर्खाको इतिहास, संस्कृति सबै नामेट भो सत्वर
पानीको भलबाट निर्बल हुँदा ढुङ्गो, बलौटो उठो
लच्केको पहरो छ, पीपल ठुटो कैले हुने हो ठुलो

सारा सन्तति बेपता, म बबुरो अड्केर नै चेपमा
यौटा हात लुछेर दैव छुटिगो, बेहाल भो रातमा
बल्छी खै घरमा र जाल सिउरी राख्ने थलो खै कहाँ
भोको पेट भरिन्न, बाँच्नु कसरी यो वर्ष बर्सातमा

सिङ्गो गाउँ बगेर नै बगर भो, उद्धार सङ्घातमा
नाना वस्तु बगेर शून्य छ थलो, सातत्य खै सृष्टिमा
वृक्षारोपणले भरिन्छ पहिरो, टेको छ दूर्बादल
फाटेका मनका अनन्त सपना जङ्घारमा ढल्पल

ए सर्कार, कहाँ छ राहत बिटो, खुल्दैन ताला किन
बेपत्ता कति छन् र मौन कति छन्, सौगात माला किन
मेरो हात ठुटो छ यो तर यहाँ सग्लाहरूहो सुन
मुर्दा यी नउठी खनिन्छ र कहाँ खाडी तिमी नै भन!

●

राजेश्वर कार्की

## प्रोपोगान्डा



हिजोआज विश्व सञ्चारमा
एउटा देश खुब छाएको छ!

जहाँ–
महाक्रान्तिका ब्यानरमा
महान् विचारहरू पलाएका छन्
ब्यानरमै नयाँ जोस र जाँगरका
खेतीहरू भइरहेका छन्
जहाँ–
बिना समुद्र
पानीजहाजहरू पौडिरहेका छन्
बिना लिक
रेल गाडीहरू दौडिरहेका छन्
जहाँ–
बिना उद्योग
सडकमा रोजगारहरू मौलाएका छन्
स्मार्ट सिटीका स्मार्ट मानिसहरू
स्वतः कोरोनामुक्त भएका छन्
जहाँ–
बिना विमानस्थल जम्बो हवाईजहाजहरू
अवतरण गरिरहेका छन्
संसारको जुनसुकै कुनामा
उडान पनि भरिरहेकै छन्।

त्यो देशमा–
त्यस्तो अद्वितीय प्रगति हेर्न
विशेष चहलपहलसहित मानिसहरूमा
विशेष आँखा फिट भइरहेका छन्।

अब त्यो देशमा–
बस्ने ठाउँको कुनै कमी छैन
मानौँ दुःख आउने कुनै सम्भावना नै छैन।

त्यो देशमा टाँगिएका
ठूलाठूला होर्डिङ बोर्डहरूमा
सबै मानिसहरू हाँसिरहेका सुखी देखिन्छन्।

अब त्यो देशमा
करोडौँ झुपडीहरूले आफ्नो व्यथा भन्न
कुनै चौतारो पर्खन पर्दैन
ती झुपडीका चुहिएका छानाहरूले
कुनै ओतको भीक माग्नुपर्दैन।

किनकि–
त्यहाँका दयालु शासकहरूले
हरेक गाउँटोल, बजार र सहरमा
गगनचुम्बी महलहरू बनाइसकेका छन्।

त्यस्ता दिव्य महलैमहलहरूको देश–
जहाँ जोकोहीले
निःशुल्क प्रवेश गर्न सक्ने छन्।


नपत्याए आउनोस्–
यहाँहरू सबैलाई स्वागत छ
जहाँ आफै प्रवेश गरेर अनुभव गर्न सक्नुहुने छ!

याद गर्नोस्!
देशको नाम हो–
'प्रोपोगान्डा' !!!

●

भिक्षु आनन्द

## संवेदना हराएको मेरो देश



शान्ति र मानवताले
सिञ्चित मेरो देश
आज
मेरै देशमा
मानवता
र
मानवीय संवेदना हराएका
बीभत्स घटनाहरू
दिनप्रतिदिन
देख्न-सुन्न
बाध्य हुँदा
धरतीको स्वर्ग
बुद्धको शान्ति भूमि
ऋषिमुनिको
तपोभूमि
ज्ञानभूमि
कसरी भनूँ म... ?

●

शैलेन्द्र साकार

## कोरोना प्रश्न-काल



कोरोनाले मेटाइदियो भूगोल
पूर्व र पश्चिमको दूरताभास
हावामा मात्र झुन्डिरह्यो
ओठ र चुम्बन
निःशब्द बस र मोटर हिउँको पहाडले

छेकिएर डरले आक्रान्त
कहींकतै नदेखिने सन्नाटाको शब्द
पर्खिरहेछ प्रकृति
टाढा कतै बिरामी बोक्ने दुःखित गाडीहरूको आवाज छ
प्रत्येक झ्याल, ढोका, पुस्तक, जुत्ता
छुन पनि आत्तिनुपर्ने
डिब्बामा बन्द छ समय
दुःखको पहाड छेकेर
आफ्नै अनुहार पनि ऐनामा
सपनामा देखेझैँ
टेकेको जमिन पनि
सपनामा टेकेझैँ
सपनामा झैँ टोलाइरहेछ घर
राक्षसहरूको सहरमा बदलिन्छ कि जस्तो सहर
प्राणी नभएको पार्किङ लट
सायद अदृश्य मानिसको अनुहार भेटिने डरले
स्तब्ध छ समय
शरीर होइन, शब्द रहेछ उपस्थिति
कति थोरै रहेछ मानिसले ढाक्ने आकाश
त्यति थोरै आकाश टेकेर
यो हिउँको थुप्रोमा अदृश्य कोरोना
टाँसिएर जिब्रोमा जतातत‌ै सोधिरहेछ
प्रश्न—
तिमी को हौ ? यहाँ के खोजिरहेको ?
मेरो मनमा बजिरहेछ प्रश्नैप्रश्न ।

●

अविनाश श्रेष्ठ

# पिता



पिता
बीउ मात्र थिएनन् मेरो।

पिता मेरा बीउ मात्र हुन् भने
मेरा सन्तान-सन्ततिका लागि
बीउ मात्र हुने छु म पनि।

पिता त
मेरो वरिपरि सलबलाइरहेको
एउटा ज्युँदोजाग्दो समाजका
सूत्रधार थिए मेरा निम्ति।
एउटा समृद्ध संस्कृति
र सबल सपनाका
सुरुवातकर्ता थिए मेरो जीवनमा।

मेरो जीवनमा
मेरो वरिपरि
मैले विरासतमा भेटेका
सम्बन्ध
सम्पत्ति
समाज
स्वप्न
संस्कार
शुभ-लाभ
सुख-दुःख
सबैका आरम्भ थिए मेरा पिता।

मैले उनलाई गुमाउँदा
गुमेन मबाट समाज
टाढा भएनन् मबाट सम्बन्धहरू

भत्केर छरपस्टिएनन् मेरा सपना
उनले ममा थालेका
सबै भौतिक–अभौतिक वस्तु र विचार
रहिरहे मैसँग
उनी बितेर गएपछि पनि।

■

उनी व्यतीत भएपछि
थपिए दायित्वहरू
केही कर्तव्य
केही प्रतिबद्धताहरू
केही वचनबद्धताहरू
कि उनले ममा छाडेर गएको संसारलाई
अझ समृद्ध
अझ वैभवयुक्त
अझ विकसित
तुल्याउनु छ मैले
यस पृथ्वीलाई बाँच्ने लायक ठाउँ
बनाइराख्नु छ मैले।

त्यसैले
पिता मेरा
बीउ मात्र थिएनन् मेरा लागि
एउटा युगान्तकारी
विशाल विरासतका वाहक हुन् उनी
जो आज पनि जीवित छन् ममा
मेरा रक्त धमनीहरूमा
मेरा प्रोटोप्लाजमहरूमा
एटमहरूमा
जिनहरूमा
सास फेरिरहने छन् उनी।

म रहिरहुन्जेल ममा
बाँचिरहने छन् मेरा पिता।

●

डा. कृष्णराज डी. सी.

# आत्मरोदन



बाबाको ममता र गुप्त मनको माया नपाई गयौ
खाली पेटसँगै मुसाफिर तिमी पानी नखाई गयौ
छोरा सानु छ है भनेर किन खै फर्की नआई गयौ ?
यौटा गीत नयाँ रचेर स्वरमा केही नगाई गयौ

उल्टो शङ्ख बज्यो गरीब घरमा, सङ्गीत उल्टै बन्यो
मेरो काँध चढेर लास सुतको 'टाढा म जाऊँ' भन्यो
धर्तीको धमिलो विकारसरि यो 'पानी नखाऊँ' भन्यो
'धर्मै छैन जहाँ परन्तु म त्यहाँ फर्की नआऊँ' भन्यो

केका निम्ति गर्‍यौ त पौरख कठै! आफै नखाई गयौ
आमाको दशधार दूध रसिलो केही नपाई गयौ
भाले मारिदियो चकोर दुइको, व्याधा लुकेरै गयो
पोथीको दिलमा छ बाण गहिरो बाधा गराई गयो

सानो बालकको प्रलाप सुन हे! ब्रह्माण्डका मालिक
'बाबा' भन्छ सधैँ ल, हेर! बिचरा आई सँभाली बस
के भो खै यसको विराम भन हे! खोसी लियौ कान्ति नै ?
सारा खल्बल भो अखण्ड धरती देखिन्न क्यै शान्ति है!

मेरो लक्षणको सुवास कसरी यात्री बन्यो आखिर
तिम्रो लास ढल्यो पिएर तुलसी हेरेर तारातिर!
कस्तो शोक पस्यो, चिरेर मुटु यो रोकिन्न मेरो गला
नौलो कान्ति लिई रचेर कविता पोखिन्न मेरो कला

मेरो लक्ष्मण रामको समरमा आएर नै पोखियौ
यात्रीशील थियौ परन्तु कसरी सन्मार्गमा रोकियौ ?
लाग्यो घाउ ठुलो अखण्ड मुटुमा, सञ्जीवनी खड्कियो
मेरो श्वास तिमी बिचैतिर कहाँ एक्कासि नै अड्कियो

'न्यौपाने जसका तिमी पसलमा एक्कासि नै मुर्च्छियौ
तिम्रो छट्पटले दुखेन जनको छाती, स्वयम् अल्पियौ
मिर्गी रोग भनी नछोड़ तिनले संसार छाडी गयौ'
भन्ने मात्र मिल्यो, ममाथि गहिरो सन्देश यौटा भयौ

तिम्रो लास ढल्यो नि! भूमितलमा यो दीन देख्नैपऱ्यो
के हुँला म भनी हिंडैं, कलमले यो काव्य लेख्नैपऱ्यो
यो कालो निशिमा अदृश्य शर यो लाग्यो मलाई कहाँ?
जिम्मेवार बनी अबोध शिशुको सौभाग्य लेखूँ यहाँ

आमाको टुहुरो म भाइहरूको आधार साझा थिएँ
जिम्मा फेरि थप्यो ममाथि विधिले स्वीकार गर्ने भएँ
मेरो छैन कुनै विराम भगवान्, हान्छौ मलाई किन?
मेरो मान तथा अपार सुख यो लिन्छौ उठाई किन?

तिम्रो माइतमा सबै जन मिली रोएर बस्छन् कठै!
तातो आँसु पिई अखण्ड मुटु त्यो धोएर बस्छन् सधैं
यो सानो कलिलो मुना रहरिलो 'बाबा' भनी हेर्दछ
मेरो चित्त चिरी सधैं विरहको बेथा नयाँ भर्दछ

तिम्रो तस्बिरमा झुकेर यसले खाना ल खाऊ भनी
हाली दिन्छ कठै! सुसार, ममता, माया पुकारी अनि
मान्छेका मुखमा यताउति सधैं 'बाबा' भनी हेर्दछ
मेरो अन्तरमा छ घाउ गहिरो, कल्ले निको गर्दछ?

●

जङ्गब चौहान

# दृष्टि

(आत्मीय मित्र प्रा. डा. कालुराम राई 'खम्बु'-लाई)



मिर्मिरे हो या कालो साँझ
बिपना हो कि सपना
बस्तीबाट निस्किएको धूवाँ हो
या उड्दै आएका बादलका टुक्राहरू।

जिन्दगीको बिहानी हो
या मृत्युको सिरानी।

के भएको आज यस्तो!
तुवाँलो परेझैँ छन् आँखाहरू
आफ्नै अगाडिका दृश्यहरू
थोप्लाथोप्ला देखिँदै छन्।

बोलिदेऊ न ए मेरा परिचित बाटाहरू
तिमी मलाई कतातिर डोऱ्याइरहेछौ?
भुलाई सारा कहानी अतीतका
कुन दिशा लगिरहेछौ?

गन्तव्यहीन गन्तव्यको यो सङ्गिन पल
कोसँग उठाऊँ म बिदाइको अन्तिम प्याला?
कुनै अनुहार पनि स्पष्ट छैन।

पिउनुमा अब त्यही स्वाद होला कि नहोला
जिन्दगीका रङहरू भेटिएला या नभेटिएला!

चेतन हो या अवचेतन
आफैभित्र छु या टाढा कतै
आफन्तहरूबीच झुमिरहेछु
या मायावी चक्रव्यूहमा फसिरहेछु!

चाहना त यस्तो कहिल्यै थिएन
आफ्नै प्रिय तमोरको नीलम साँझ मात्ने
मात्र एउटा सानो सपना थियो
बस, यत्ति एउटा चाहना थियो।

कस्तो निरङ्कुश यो समय!
दोबाटोमा मैलाई ढुकिबसेको रहेछ।

●

मञ्जु काँचुली

# फलाम बन्न सकूँ



आमा नेपाल! तिम्रा लागि म गहना होइन
शिरमा लाइने श्रीपेच होइन, गोडामा पहिरिने छल्ला पनि होइन
हरियालीको पन्ना होइन, हिमालको हिरा होइन
तालको मोती होइन, जूनताराले बनेको झिलिमिली
सुनचाँदी पनि होइन
त्यस्तो केही पनि होइन म
मात्र शृङ्गारका लागि हुने र श्रमका लागि नहुने
त्यस्तो कहिल्यै पनि हुँदै होइन म!

यस्तो लाग्छ, बरु एउटा श्रमिकका लागि फलामको कराही बन्न सकूँ
साग उमाल्न मिल्ने, भात पकाए पनि हुने
वीरगन्जको एउटा फलामे मजबुत कराही
कराहीमै वसन्तको हरियाली (तरकारी) फैलाउन मिल्ने
कराहीमै स्वच्छ काल (भातको) हिमाल फैलाउन मिल्ने
एउटा बूढो कामीले दिनभरि लाएर
खलाँती फुकेर, आरनमा पिटेर बनाएको
यस्तो लाग्छ, कुनै श्रमिकको भोकले मुख बाएको
एउटा कालो फलामे कराही बन्न सकूँ!

त्यस्तो केही होइन म बहुमूल्य आकाशको नीलमणि
वा सुनचाँदीका रेसाले बनेको झलझलाकार सोखिनले पहिरिने लुगा
बरु चुपचाप समयको स्पन्दन बोकेको गिट्टी कुटिइने ढुङ्गा बन्न सकूँ
एउटा मजदुरको मुटुको न्यानो ढुकढुकी भित्रभित्रै बोकेको
यस्तो लाग्छ, नदीखोलामा अवस्थित नागरिकता नभएको
धूलो–माटो वा हिलो–बालुवाले छोपेको
एउटा बेवारिसे ढुङ्गा बन्न सकूँ
पुल, आवास, खल, सिलौटामा उपयोगी बन्ने ढुङ्गा बन्न सकूँ
बरु म ढुङ्गा बन्न सकूँ!

जलप लगाईलगाई गाइने, मालिक रिझाउने चराको
वसन्तको गीत पनि होइन म
रङ्गीचङ्गी शृङ्गार र पोसाकमा सजिएको
भोरको अति सुन्दर आकाश पनि होइन म
दाग लागिसकेको मूल्यवान् हिरा, मोती, पन्ना, मुगा
गोमेद र भूँ त झन् हुँदै होइन म
यस्तो लाग्छ, विद्रोहका लागि इन्द्रधनुषको ज्वाला बोकेको
वरिपरि दुःख र पीडाको लेऊ जमेको, आकाशगङ्गाकै
बीचमा अवस्थित शान्तिको तलाऊ बन्न सकूँ
वरिपरिका लागि शीतलता र शान्ति बर्साउन सकूँ
पृथ्वीभरिका मानिसको पेट अटाउन सक्ने
आकाशको आकारजत्रै बिट मिलेको एउटा ठूलो फलामे कराही बन्न सकूँ
परी आएको बेला सङ्घर्षका लागि शक्तिशाली धरती तिलमिलाउने
फलामे राँको बोकेको चट्याङ बन्न सकूँ
हिरा होइन, मोती होइन, पन्ना होइन, मुगा होइन
गोमेद होइन, मूँ होइन; सुनचाँदी पनि होइन
त्यस्तो केही पनि होइन
यस्तो लाग्छ, धेरैभन्दा धेरै मजदुरीमा अनि मजबुरीमा
काममा आउन सक्ने फाली र आरन, कुटो र कोदालो
बेल्चा र साभेलजस्ता औजार बन्न सकूँ
आमा नेपाल! तिम्रा लागि म गहना होइन
फलाम बन्न सकूँ
म फलाम बन्न सकूँ!

●

विधान आचार्य

# रजोवतीको हुङ्कार



१
त्यो पहिलो पटक थियो
म किशोरी बनेर पोखिएकी कक्षाकोठामा
केही डरले, केही लाजले
समेट्न खोज्दै थिएँ आफैलाई
सँभाल्न खोज्दै थिएँ सृष्टिलाई
म पोखिएथेँ र तिमी छौ
मेरो लाज थियो र तिम्रो अहङ्कार छ
मेरो डर थियो र तिम्रो ज्यादती छ।

२
सृष्टिदेखि नै मैले
रजस्वलालाई अस्वीकार गरेकी भए
न तिमी हुन्थ्यौ, न म हुन्थेँ
तिमी र म दुवै नभएको संसार कस्तो हुन्थ्यो ?
शून्यबाट सुरु हुन्थ्यो र
यो शून्यमै सायद बिलाउँथ्यो।

३
गोठबाट निस्किएर घरमा पस्न
हजारौँ वर्ष लागेको छ मलाई
यसबीचमा भेरी, सेती र कर्णालीहरू
धेरै विषालु सर्पको डसाइमा परेका छन्
गोठका सर्पभन्दा
घरभित्रैका सर्पहरूको डर ठूलो छ
बाहिरको विषभन्दा
मस्तिष्कको विष डरलाग्दो छ।

४
मन्दिरमा लागेका ढोकाहरू
घरमा नखुलेका दैलोहरू

चराउन हुने तर दूध खान नहुने गाईहरू
आफैले भोगेर पनि चेत नपलाएका माईहरू
सुरक्षाको नाममा कैद गर्न चाहने दाजु र भाइहरू।

५
सबैसित मेरो प्रतिवाद छ
तागत भए रोक मेरो रजस्वलालाई
र चलाऊ तिम्रो सृष्टिलाई।

●

विप्लव प्रतीक

# कविसँग एउटा प्रश्न



के गर्दै छौ कवि अहिले ?
मनमा फुर्दै छ कविता ?
कि फुत्किन सकेका छैनौ
जिन्दगीको रमिताबाट ?

केही माग्यौ आजको दिनमा ?
कोसँग माग्यौ ? के माग्यौ ?
यदि माग्यौ भने केही माग्नुअघि
कसैलाई केही दियौ ? के दियौ– कान्ति या उदासी ?

कहाँ गयौ आज ? कसलाई भेट्यौ ? के भेट्यौ ?
भेटेको चिज तिम्रो थियो ? पक्का हो ?
या बाटोमै हराएर आयौ ? र, छिऱ्यौ रित्तै हात घरभित्र ?
कवि, भन न केके गऱ्यौ आज ?

आज बादल हेऱ्यौ ? लहरीलहरी नाचिरहेका थिए गगनमा
नाच्दानाच्दै खुसी हुँदै ती बर्सिए र इन्द्रेनीको सहारामा
ओर्लिए धरतीमा र चुमे उसको गाला, ओठ र वदन

यसैले आज फूलहरूको गुनगुन बडो मदिर थियो। थाहा पायौ ? सुन्यौ ?
कि मलिन थियौ, र बन्द थियौ कोठाभित्र दलिन गन्दै ?

बतास आएको थियो संसार घुम्दैघुम्दै
साथमा लिएर आएको थियो उसले सुवास
भेट्यौ ? पायौ सुगन्ध उसको ?

कि तिमी संसारको पीर लिएर चिन्तित थियौ ?
या कुनै बिम्बको खोजीमा मग्न थियौ ?

कतै तिमी पनि नाचिरहेका त थिएनौ गाउँदै जिन्दगीको गीत ?
या सुनिरहेका त थिएनौ मौन सङ्गीत ब्रह्माण्डको ?
दुनियाँसँग बिलकुल बेखबर, चिन्तासँग दूर, बेपर्बाह
कुनै दर्विशजस्तै, साधुजस्तै या जङ्गलमा फुलिरहेको एक्लो फूलजस्तै ?

भन न कवि, आज के भयो ? दिनभरि के गऱ्यौ ?

●

उदय निरौला

## कविता थलिएको दिन



त्यही चौतारामा देवनागरी लिपि पोतिएको थियो
सायद कवितामा हुनुपर्छ
दुई वर्षपछि
थिएन, सायद कुनै शासकको नङ्ग्राले उप्कायो होला ती सुन्दर
सुनजस्ता कविताका लिपिहरू
पट्ठो आँधीले उप्काउन नसक्ने गरी कुँदेको थियो कलाकारले
कविको मन र विचार
तर हटाएछ कुनै क्रूर सामन्त आँखाले
थलिएछ कविता त्यो कुनै एक दिन सुटुक्क।


यस्तै हुन्छ खडेरी मन सामन्तहरूको
निर्दयी
कहाँ पुरिए होलान् सपनाहरू कविका
निकै गर्जने बेजोडको बाढीले हल्लाउन नसक्ने त्यो कला
सायद खोस्रने ती नङहरू क्रेन हुनुपर्छ
कविको डायरी बनेर चौतारीमा सबै यात्रीको थकाइ
मेट्थे ती अनुपम शब्दका हरफहरूले
देख्नै नसक्ने कविलाई सामन्त सोचहरू
अब अर्को कुन कविले कहिले कुन समयको कुन पलमा कुँद्ला कविता
निकै तिर्खाएका छन् यात्रुहरू
भत्किएछ सपना कविताको कुनै थाहा नपाएको
अन्जान दिन।

लिपि देवनागरी परेर पो हो कि
त्यहाँ अलि बढी नै क्रिस्चियनहरूको बस्ती छ
नबुझेर सायद तिनको सोच तातिएको भुङ्ग्रो बनेर मडारियो कि ?
आँखामा वाइन घोलेर नसालु आँखाले पो गिजोलियो कि ?
सोच्दै छन्
बटुवाहरू, त्यो मेटिएको दिन कस्तो थियो
निकै तुवाँलो उठेको वा
निकै हिउँ खसेको
ढुसी परेको विचारले सायद कोपऱ्यो होला कविताका हरफहरू
छैन रित्तै भित्तो पर्खाइमा छ भारीको
अनि उभिएको पीपलु स्नेह
दुखेको छ भित्तामा
अब कहिले झर्ला कलाकारको कुञ्जो
कुनै अब्बल कविका देवनागरी लिपि बोकेर
प्रतीक्षामा छन् बरपीपल त्यो घनघस्यामा।

●

जीवनाथ धमला

# सूर्योदयको प्रतीक्षा



झ्यालबाट बिहान-बिहान
दिनहुँ चियाउँदै भित्रिने घाम, मझेरीमा
आगोमा पिल्सिएर घाइते भएको फूलझैँ देखिन्छ
म प्रणाम गर्छु त्यही घामलाई
बारी सिताम्मे छ
औँलाहरू छुन खोज्छन्
शीतमा टल्किरहेको घामलाई
भुइँमा खसेर उतिखेरै बिलाउँछ घाम
नानीहरू कथा सुन्दै छन् बाबुआमाबाट
घाम उदाएको आकाश ठोकिएको छैन–
उनीहरूका आँखामा
म घाम खोज्दै छु उनीहरूका अनुहारमा
अहँ, कुनै चमक छैन
नजिकै कौवाहरू जुधिरहेछन् चौघेरा ढाकेर
सुकेका पोथ्राहरूमा जालो फैलिएको छ
कता गएर उन्मुक्त हाँस्लान् उनीहरू!
सुन्तलाको झाङबाट छिरेर
उनीहरूको अनुहारलाई
बिस्तारै-बिस्तारै सुमसुम्याउन
आँगनमा कहिले ओर्लिने हो घाम!
नानीहरूका आँखाबाट
घाम उदाएझैँ देखिने अर्को सुन्दर सूर्योदय
धरतीको कुन ठाउँबाट देखिएला र!
त्यही सूर्योदयको प्रतीक्षा गर्दै छु म।

●

प्रद्युम्न जोशी

# बेरोजगारीको ब्यानर



विश्व नै अहिले
अकल्पनीय दयनीय परिस्थितिको
सामना गरिरहेको छ
देश कोरोनाको पीडाले भन्दा
भोकमरीको ताण्डवले आक्रान्त छ
जीवनको वरिपरि
केवल मृत्युकै छ चिन्ता
सूर्योदयपछि र सूर्यास्तसँगै
हरेक दिन, हरेक रात
पेटकै छ अनन्त समस्या
भोक र तिर्खाको भारी बोकेर
छटपटिनुपरेको छ।

केवल पेटका लागि
छातीमा बेरोजगारीको ब्यानर टाँसेर
रोजगारी खोजिरहेछु
रित्तो पेट भौँतारिइरहेको छु।

जिन्दगी सोचेजस्तो कहिल्यै हुँदो रहेनछ
कहिले नदीमा पौडिरहेको छु जस्तो लाग्छ
तर किनारमा पुगेको हुन्छु
कहिले किनारमा छु जस्तो लाग्छ
नदीको भुमरीमा पुगेको हुन्छु
समयको हुरीले जीवनलाई
कता मोड्दो रहेछ
केही भन्न नसकिने रहेछ
खोकिलामा इज्जत
र छातीमा रित्तो पेटको ब्यानर टाँसेर
एक छाक या एक मुठी

खाजापानीको खोजीमा
सडकसडक भौँतारिएको छु।

●

महेश पौड्याल

# केही छोटा कविता



## मोड

मेरो घरको अघिल्तिरको पर्खालमा
वर्षौंदेखि विद्यमान थियो
एउटा सुन्दर नारी अनुहारको चित्र
जसलाई हेरेर म बाँचिरहेको थिएँ निर्बाध
एक दिन कुनै चित्रकारले कोरिदिएछ
त्यस चित्रको दायाँपट्टि अर्को एक पुरुष चित्र
त्यसै दिनदेखि त हो मैले
त्यस पर्खालतिर हेर्न छोडिदिएको।

## रित्तो झोला

उनी बजार गइन्
रित्तो थियो हातको झोला।

पसल-पसल धाइन्
मूल्य सोधिन्
मस्तिष्कभरि ती मूल्यहरूको ध्वनि-बिम्ब टिपिन्
र त्यही विरह गीत गाउँदै घर फर्किइन्।

उनको गीतसँगै हल्लिरहेको थियो
उनको रित्तो झोला।

## अन्तिम गीत

पीरहरूलाई गीत बनाएर गाएको धेरै भयो
अब एउटै मूर्च्छना बाँकी छ
इन्द्रेनीहरूको तारबाट तरङ्गित हुने
एउटै ब्रह्मनाद बाँकी छ
बाँकी छ घुमिरहेको विश्वको नादसँग
एकाकार हुन तयार
मेरो सासको अन्तिम श्रुतिको प्रस्फुटन
त्यसपछि म आफै एउटा गीत बन्ने छु
र, हराउने छु विश्वगङ्गाको कुनै आदिम सुसाइभित्र।

## इतिहास

र अन्त्यमा
माकुराकै जालो समाएर भए पनि
जिन्दगीको गीत गायो उसले
र हाँसीहाँसी आँखा चिम्लियो।

फलामको डोरीमा पिङ खेलेर पनि सधैँ शिर झुकाउनेहरू
आज उसैको इतिहास पढ्छन्।

## उमेर

नदी बगिरह्यो
मैले बगरका ढुङ्गामा लेखेँ मेरो नाउँ
र दाबी गरेँ मेरो अस्तित्वको।

आज पनि बगर त्यहीं छ
मेरो नाउँ पनि छ किरिङमिरिङ
तर म छैन
म त्यही बगरमा फेरि फर्कन पनि नसक्ने गरी
बगिसकेको छु।

●

सरिता पराजुली

# मेरो देश नेपाल



सफा छ धर्ती, म त वीर जाति
चढ्दै पखेरा म त पुग्छु माथि
यी हातले कोर्दछु मानचित्र
नेपाल मेरो धरती पवित्र।

दौरा र सुर्वाल अनि कोट मेरो
ढाका छ टोपी शिरमा रहेको
साडी र चोलो पहिचान राम्रो
ढाका पछ्यौरी अझ सान हाम्रो।

हेरी हिमालै कति दङ्ग पर्छ
आफ्नै कलाले नवरङ्ग भर्छ
त्यो लेकबेँसी म त आज गर्छु
यो विश्वको ताज चुमी रहन्छु।

उन्दै छु मालासरि देशलाई
पैरी गलामा अझ हाईहाई
हो फूलबारी सबले रचेको
नेपाल हाम्रो मुटुमा रहेको।

माटो छ प्यारो मुटुमा रहेको
सेता किनारा उसमा जडेको
ती नागबेली लहरा समान
बग्छन् सुसेली हिम खोँचबाट।

हेर्दा अहो! सुन्दरसुन्दरै छ
चुम्दा अहो! जीवन पूर्ण हुन्छ
सौभाग्य हाम्रो जगले चिनेको
छन् रत्न सारा यसमा जडेको।

धर्ती खुलेकी जब देख्न पुग्छु
आफै हराईकन लीन हुन्छु
सौभाग्य यस्तो जगमा कहाँ छ ?
नेपाल यौटै धरती धरा छ।

●

शान्ति शर्मा

## जिन्दगी : कविताको डायरी



आँखा मान्दैन सत्य
मुटुले रोजेको रङसँग
आगाको रङ मिले पनि
खरानी हुनुअघि जीवनको
आस्था सम्झेर आँखाभरि
म लेखिरहन्छु ढुकढुकीले
हरपल यो दुनियाँको कविता।

फूलको अनुहार पढ्दै
मुस्कुराएको बेला
हृदयको सेतो हिमाल मभित्र
कविता भएर उभिन्छ
हिमालको चिसो बिर्सेर
लहरलहरमा जिन्दगीका
प्रहरप्रहरमा असहजता छन्
तथापि
हरेक दिन लेखिन्छ
हो,
आगो र फूलसँग
मुस्कान र भूलसँग
कहिले आँसुले लेखिन्छ
कहिले मुस्कानले लेखिन्छ

मनका पानापानामा
मैले भरेकी छु कविता।

छातीको क्यानभासमा
आँखाको विशाल आकाश छानेर
केही पाए पनि लेखिन्छ
गुमाए पनि लेखिन्छ
सत्य पनि लेखिन्छ
झूटो पनि लेखिन्छ
हरेक पल लेखिन्छ
हरेक दिन लेखिन्छ।

केही भनिन्न, केही सुनिन्न
तैपनि
चराहरू छरिएजस्तै आकाशमा
यसरी छरियो जिन्दगी
तिनको उडानअघि र पछि
न आकाश भरिएको छ
न आकाश छेलिएको छ
बस
पैतालाका डोबहरूमा छोपिएका
यात्राका अमर वृत्तान्त छन्
मुटुको तहमा खोपिएका
कविताका हजारौँ अभिलेख छन्।

फर्किएर हेर्छु, तर
एक्लै हिंडेको छ छाया मजस्तै
मनभरि लेखिएका भावहरू खोज्छु
भाँचिएको पनि छैन, बचेको पनि छैन
अझै पनि
खै किन होला
जिन्दगीको डायरीका पानाहरू
खाली नै छन्।

●

ठाकुर बेलबासे

# हाम्रो भेट



तिमीसँगको पहिलो भेटमा
आकाश अशान्त थियो
बाटो हतारमा थियो
वनजङ्गलका ठूलठूला रूखहरू
कोलाहलमा थिए
बगैंचा माटोमा टाउको घुसारेर रोइरहेको थियो
तिमी र म शान्त थियौं
मनमा शीतल हावा सुस्तरी बगिरहेको थियो।

दोस्रो भेटमा
सूर्य गनाइरहेको थियो
मान्छे क्लान्त देखिन्थे
चराहरू शोकधुन बजाउँदै
गुँडबाट भुइँमा खसिरहेका थिए
सुनसान थियो वातावरण
हामी भने चञ्चल थियौँ
केटाकेटीले आइसक्रिम चाटेझैँ
पुसमाघको चिसो चाट्दै
उकालो चढेको घामजस्तो
तेजिला बनिरहेका थियौँ।

सिङ्गो पृथ्वी तिमीजस्तो लागेथ्यो
सिङ्गो आकाश मजस्तो
हामी अधिपतिजस्ता थियौँ
हाम्रो वरिपरि घुमिरहेका थिए
सम्पूर्ण ग्रहहरू
तेस्रो भेटमा।

हिजोआज हाम्रो भेट बाक्लो छ
एकअर्काको छटपटी र बेचैनीको कोर्लाले

थलिएका छौँ हामी
संसार खुसी छ
हामीलाई अशान्तिको हावाले लखेटिरहेको छ
थाहा छैन
समयले मुखुन्डो लगाएको छ
या हामीले।

औतारी मनलाई
न तिमीले बुझ्न सक्यौ
न मैले
आफ्नै मनसँग अपरिचित हामीहरू
एकअर्कालाई चिनेको भ्रान्तिमा
बाँचिरहेका छौँ।

●

मणि लोहनी

## जीवनको झरी



मनको पातबाट
असिनाजस्तै भुइँतिर उछिट्टिँदै गर्दा सम्झना
म रित्तो हुँदो रहेछु–
झरीपछिको आकाशजस्तै
आँधीले लछारेको रूखजस्तै।

सर्वत्र छ पानी
देख्छु निथ्रुक्क छन्– असङ्ख्य अनुहारका सपनाहरू
भिजेको छ राजनेताको फोटो छापिएको पोस्टर
च्यातिएर आधा बाँकी रहेको पोस्टरमा
निथ्रुक्क भिजेको छ देशको झन्डा र लत्रिरहेछ राजनेताको अभिवादन
रुझेको छ बजारको ब्युटी पार्लरबाट
घर फर्किरहेका एक हूल किशोरीको सौन्दर्य

लतपतिएको छ उनीहरूको अनुहारमा सस्तो लिपिस्टिक र आइस्याडो
भिजेका छन् स्कुलबाट फर्किरहेका साना नानीहरूका
पातला गाताका पुस्तकहरू
नानीहरूका बाङ्गाटिङ्गा अक्षर
भिजेकै अक्षर पढेर पार गर्नु छ– जीवनका कठिन परीक्षाहरू।

भिजेको छ सडकमा हिंडिरहेको एउटा छाता
दुवैको कुम र पाखुरा
पक्कै भिजेको हुनुपर्छ उनीहरूको प्रेमिल गफ
सम्झिन्छु– छातामा नअटाएको त्यो झरी
लामो सुनसान बाटो
र झरीमा रुझेर धपक्क बलेको तिम्रो अनुहार।

छेक्दाछेक्दै नओतिएको जीवनको झरी
अनवरत बर्सिरहँदा
भासिँदै छ उमेरको बाटो
जहाँ उभिएर
चिन्न सकिनँ मैले– समयले रुझेको तिम्रो अनुहार।

र रुझिरहेछु– जीवनको घनघोर झरीमा।

●

महेश कार्की क्षितिज

# आमा



आँखैअगाडि
बाटो काट्दै गरेका
जोडी कुकुरका बच्चाहरूलाई
किचेर माइक्रो बस
भाग्यो तीव्र गतिमा।

छ्यालब्याल सडकका बच्चाहरू
जीवित छैनन् भन्ने बुझेको माउ कुकुर
कुदिरहेको माइक्रो बस पछिपछि यसरी दौडियो
भेट्ने हो भने
सिङ्गो माइक्रो निल्छ त्यसले।

माइक्रो बस भएपछि बेपत्ता
फर्किएर
मृतक बच्चा भएतिरै आइपुगेको माउ
जोडजोडले भुक्दै कागहरू लखेटिरहेको छ।

यति बेला
सडकमा उभिएर हेरिरहेका छौँ
हामी थुप्रै पुरुष (बाबु) मान्छेहरू
त्यो बीभत्स दृश्यभित्र
आमा नै आमाको
नैसर्गिक समानधर्मिता।

●

छविरमण सिलवाल

## मृत्यु चीत्कार



अस्पतालमा मृत्युले ताण्डव
मच्चाइरहेको छ
डाक्टर, नर्सहरू मृत्युसँग
पौँठेजोरी खेल्दै
मृत्युलाई परास्त गर्न
आफ्नै ज्यान दाउमा लगाइरहेछन्।

गाउँसहरमा सन्नाटा छ
एम्बुलेन्समा बजेको

साइरनको आवाज कति टिठ लाग्दो छ
सहर सहरजस्तो छैन
गाउँ गाउँजस्तो छैन
मुर्दा शान्ति छाएको यो घडीमा
केही मान्छे लास गन्न व्यस्त छन्
बालुवाटारको सेरोफेरोमा
अहम्, इगो र मपाइँत्वले उन्मत्त साँढेहरू
सुनसान सहरमा उन्मत्त भएर कुदिरहेछन्
कोही त रोक उनीहरूलाई
चुँडाऊ उनीहरूको लगाम
ढाल उनीहरूलाई कहिल्यै उठ्न नसक्ने गरी
यो क्रूर समयको इतिहास कस्तो लेखिएला खै ?
हाम्रा पिँढीहरूले कसरी सुन्न सक्लान्
उन्मत्त साँढेको जीवन गीत
रोक निरीह लास गन्ने परम्परा
रोक मृत्यु शृङ्खला
र, रोक उन्मत्त साँढेको दौड शृङ्खला
उनीहरूले आफ्नै अनुहारमा
पोतेको कालो धब्बासँगै
वर्तमानको अँध्यारोमा
चिन उनीहरूको असली रूप।

सावधान!
समय सधैँ आफ्नै बनाउँछु भन्नेहरूहो
त्यही समयले तिमीहरूलाई
सडकमा निस्कनै नहुने बनाउँछ
र, तिमीहरू सडकमा निस्केको दिन
त्यही निरीह लाससँगै बगेको आँसुले
तिमीहरूलाई पनि बगाउने छ
सावधान!
कोही त रोक यी मनमत्त साँढेहरूलाई।

●

सुरेन्द्र अस्तफल

# अस्तु बनेपछि



केही समय आमाको गर्भमा बित्यो
केही समय हुर्कंदा, बढ्दा, खेल्दा बित्यो
बिहेबारीमा बिते केही दिन
सन्तान उत्पादनमा बिते केही दिन
वल्लो डाँडा र पल्लो डाँडामा बिते धेरै दिन
खाली खुट्टाले नापेँ हजारौँ माइल
मात्र आफ्नै खेतबारी र माइतबारी
सम्झिएर जीवनको सर्वस्व
गरिरहेँ आफ्नै खरबारीको रखबारी
औँसी भनिएन
देउसी भनिएन
अविश्रान्त बगिरहेँ सन्तान सुखमा
केही समय छोराछोरी पढाउँदा बित्यो
बिहे दान र लालनपालनमा बिते केही दिन
केही दिन पितृ ऋणमा बिते
केही दिन मातृ ऋणमा बिते
उभिएर उमेरको दसगजामा
नियालिरहेँ आफ्नै विगत
कति जीवनका लागि बिते
कति दिन निर्वाणका लागि बिते
धेरै पछि बनेर अस्तु
नारायणी लहरमा बगिरहँदा
पहिलो पटक
जीवनको अर्थ बुझेँ
निर्वाण र मोक्ष बुझेँ।

●

प्रतीक्षा प्रधान जोशी

# हिमाल र म



नयनभित्रै अटाए हुन्थ्यो मेरो हिमाल
मुटुभित्रै बसे हुन्थ्यो मेरो नेपाल
स्वर्गजस्तो धरतीमा जालीले गर्न थाले राज्य
उनीहरूको प्रपञ्चले सबै भए बिदेसिन बाध्य।

हिमालपारि गुराँसहरू फुले हाँसीहाँसी
त्यही फूलले प्रश्न गर्छ– तिमी किन भयौ अर्काकी दासी?
डाँफे चरी गीत गाउँछ पहाडी पाखामा
हामीलाई सन्देश दिँदै गाउँछ– नजाऊ परदेशमा।

तराईको समथर अन्न फल्ने ठाउँ
रोप्ने-गोड्ने दाजुभाइ छैनन्, रित्तिसक्यो गाउँ
राजनीतिको भेलले देशै डुब्न आँट्यो
कसले पार तारिदेला भन्ने इच्छा मनमा जाग्यो।

●

विमल वैद्य

# घर डढाएर आगो ताप्नेहरू



चुहिने भाँडामा बोकेर विचार
उनीहरू
क्षितिजमा सुनौलो घाम देखाइरहेछन्
फिक्का हुँदै गएको
रगतले लतपतिएको झन्डा उचालेर
सडक/चोक जताततै
अट्टहास हाँसो हाँसिरहेछन्
जिन्दाबाद भनिरहेछन्

मुर्दाबाद फलाकिरहेछन्
मरेर गएकाहरूको
ज्युँदो सपनामाथि टेकेर
आगत समयको तर्पण गरिरहेछन्
लय हराएर वेदका ऋचाहरूबाट
केवल स्तुतिको भक्तिगान सुनिन थालेको बेला हो यो
मान्छेलाई देवत्वमा अनूदित गरेर
आस्थाको भ्रमित भजन गाउँदैमा
मान्छे कहिल्यै भगवान् बन्न सक्दैन
लय नमिलेको धुनमा
शब्दहरू थोपरेर उच्चारण गर्दैमा
गीत बन्न सक्दैन।

थुक्नु हुन्न थियो ऐनाअघि उभिएर
तिम्रै अनुहार जो लतपत देखिरहेछु छायामा
छिद्र बनेर मस्तिष्क
जहाँबाट प्रतिशोधको न्याल चुहिँदै छ
आँखाले दूरी ठम्याउन नसकेपछि
आफ्नाहरू पनि बिरानो लाग्न थालेको बेला हो यो
मनभित्र अहम् र द्वन्द्व भरिएपछि
होस हराएर मान्छेहरू बेहोस बन्दा रहेछन्
सडक/किनार जतासुकै
बर्बराउन थाल्दो रहेछ समय
चिथोरेर आफ्नै चेतनालाई
रगतपच्छे बनाएपछि
मान्छे शरीरले उभिएको देखिए पनि
कुरूप र विक्षिप्त लाग्दो रहेछ
संयमता निखिएर क्रोधले टुप्पी नाघेपछि
आफ्नै आत्मीयहरूमाथि
आगो बर्साउन थाल्दा रहेछन्
नाता/सम्बन्धहरू बिर्सिंदा रहेछन्
भुलेर आफ्नै परिचय
कोही अरू अपरिचितहरूको अनुहारमा
आफ्नो परिचय खोज्न थाल्दा रहेछन्।

आफ्नै घर पोलेर आगोमा
आङ नसेकाउनु थियो यो बेला
नखेल्नु थियो
छोरा हराएका आमाहरूको संवेदनामाथि
घाम त लागेकै हो
उज्यालो थियो
थियो तातो पनि
टाँगेर आकाशको बार्दलीमा कालो पर्दा
तिमी आफैले नै हो उज्यालो छेकेको
तिमीले नै हो चिसो पोतेको
नसराप्नू कसैलाई अब
नलगाउनू धारे हात पनि
त्यही चिसोबाट खिया उठ्न थालेको बेला हो यो
फलामले बनेको तिम्रो आदर्श शरीर
जीर्ण बनेर कुनै दिन
पुरानो महलको निदाल ढलेझैँ
आफ्नै विचारको मझेरीमा ढुनमुनिने छ
त्यति बेला तिम्रो शोकमा आँसु झार्ने
खोलाछेउको बगरबाहेक
अरू कोही हुने छैन।

●

अभय श्रेष्ठ

# प्रतिवाद



जन्म र जरा नै सब थोक
हुने भए
यहाँ चेतना र पौरखको
कुनै अर्थ हुने थिएन गुरु द्रोण!

हो, यो संसार
धेरै पहिले नै भइसक्ने थियो

हताश-हताश र विनाश
सभ्यताको नाममा बाँकी रहने थिए
केवल एकरङ्गी मानिसका समूह।

जो-जो आउँथे एकलव्य भएर
ती धनुर्विद्याको अभ्यास नगरी
हिउँसँग खेल्दै हिउँमै विलीन हुन्थे
अर्जुनको श्रेष्ठतामा उठ्ने थिएन प्रश्न
माग्नुपर्ने थिएन हजुरले
गुरु दक्षिणामा एकलव्यको बूढी औँलो।

श्रेष्ठता कसैको
तबेलामा बाँधिएको घोडा होइन
न पुरोहितका मन्त्र र ऋचाहरूमा बन्धित
कुनै सूत्र हो
एकलव्यको बूढी औँलो काटिए पनि
प्रतिस्पर्धाबाट सूतपुत्रलाई
पन्छाइए पनि
श्रेष्ठता कालकोठरीमा थुनिएको
कुनै बन्दी होइन।

संसारमा एकलव्य र कर्ण पनि
नहुँदा हुन् त
एकै जनाले भाग लिएको प्रतिस्पर्धामा
हुने थिए जोकोही सर्वश्रेष्ठ।

थाहा छ–
पौरखीले नै हाँक्ने हो संसार
चेतना र पौरखले नै
यहाँसम्म आइपुगेको हो सभ्यता।

औँलो नकाट एकलव्यको
उही नै ठहर्ने छ यहाँ सर्वश्रेष्ठ धनुर्वीर।

नरोक सूतपुत्रलाई
उसले पनि
गर्न पाउनुपर्छ मत्स्यभेद।

होइन भने
पाञ्चाल, इन्द्रप्रस्थ
हस्तिनापुर र सुमेरु पर्वत हुँदै
युगौँयुग भाग्दा पनि
महारानी द्रौपदी
किन यति दुःखी, क्रोधित र अशान्त छिन् गुरु द्रोण?

●

शीतल कादम्बिनी

## रोधी



आज आकाशमा उड्न चाहन्छु म
घाम यै हातले चुँड्न चाहन्छु म
एक फेर धरा छोड्न चाहन्छु
अन्त नाता कतै जोड्न चाहन्छु म।

वेग हान्यो नयाँ भावको रापती
बज्न थाल्यो जसै प्रीतिको नौमती
रात अर्को जुनी फेर्न चाहन्छ रे
धुपमा चेहरा हेर्न चाहन्छ रे।

यो युगै वृद्ध भो, गर्छ आराम यो
याम नौलो यहाँ गर्छ सङ्ग्राम यो
चम्कियोस् चित्तमा शक्ति सौदामिनी
बर्सियोस् शान्त भई प्रेम कादम्बिनी।

सेपिलो फाँटमा घाम खेती गरी
जूनको फूल रोप्दै छु कौसीभरि
बन्छ हाम्रो म्रुधी, हेर पोधी अब
हट्छ च्युधी, यहाँ बन्छ रोधी अब।

●

सरोज घिमिरे

# हामी

*कवि भूपि शेरचन आजको मितिसम्म बाँचेका भए सायद यस्तो कविता लेख्थे होलान्–*



हामी जतिसुकै फेसबुक चलाऔँ
जतिसुकै आदर्शका कुरा गरौँ
जतिसुकै मपाइँत्व छाँटौँ
तर, हामी फगत कार्यकर्ता हौँ
निरीह कार्यकर्ता
जो आश्वासनद्वारा माथि उचालिन्छौँ
र आफैलाई नेता ठान्छौँ
उनै प्रभुको इसारामा यताउति दगुर्छौं
र आफूलाई देशको जिम्मेवार भन्ठान्छौँ
अनि मौका आएपछि भने
हामी आफू र आफूजस्तालाई बिर्सन्छौँ
र आफन्तलाई
आफ्नो वर्गलाई
मतदातालाई उपेक्षापूर्वक
हामी भुक्दछौं
र आफ्नो भुकाइलाई महान् वाणी भन्ठान्छौँ
अनि अन्त्यमा एक दिन थच्चिएर चकनाचुर हुन्छौँ
केवल मतदातामा
विरक्त मतदातामा
र कुनै पालिका, वार्ड वा गाउँमा
चाउरिएर बिताउँछौँ बाँकी जीवन

मनभरि गुनासा पालेर
समाजका बेसरम मानिस अँगालेर।

हामी जतिसुकै नेपाल बन्द गरौँ
जतिसुकै भेला गरौँ
जतिसुकै नारा लगाऔँ
तर हामी भित्रभित्रै स्वार्थी छौँ
हाम्रो सङ्ख्याको कुनै महत्त्व छैन
हाम्रो श्रमको कुनै अर्थ छैन
सिन्काले घोचेको बेलुनभन्दा बढी अर्थ छैन।

हामीले बाहिर जतिसुकै इमान देखाए पनि
भित्रभित्र बेइमानी भरिंदै गइरहेका छौँ
हाम्रो बाहिरको आदर्श झूटो हो
भ्रम हो
कुनै व्यक्तिले पालेको चम्चेभन्दा
यसको बढ्ता उचाइ छैन
वा पार्टी फेरीफेरी पद पड्काउने
कुनै नेताको स्वाभिमानभन्दा यसको बढी विशेषता छैन
खरानीका लागि घर पोल्ने
साधु नेताको त्यागभन्दा यसको बढी विशेषता छैन
हामी सडकको गालीमा रमेका छौँ, लट्ठिएका छौँ, फुलेका छौँ
तर हामीले आफ्नो कर्तव्य
निरन्तर घिसिँदै, खिइँदै गएको कुरालाई भुलेका छौँ
सामाजिक सञ्जालमा अल्झिएर
हामीले संस्कृति गुमाइसक्यौँ
हामीले मानवता बिर्सिसक्यौँ
हामीले कर्तव्य बिर्सिसक्यौँ
हामीले मानिस हौँ भन्ने कुरै बिर्सिसक्यौँ
हामीले चामल पखाल्दा पानी हाल्नै बिर्सिसक्यौँ
जब अर्को पक्षको कुनै मानिस
सामान्य वा आदर्शझैँ
देखिन्छ फेसबुकमा वा ट्विटरमा

हामी छक्क परेर उसलाई हेर्छौं
हामी उसलाई हेरेर छक्क पर्छौं
हामीलाई उसको विद्वत्ता देखेर टिठ लाग्छ
हामीलाई उसको चरित्र देखेर घिन लाग्छ
र त हामी आफ्ना दर्बिला अस्त्र ठानेर
खाँबाजत्रा वचनबाण उसमाथि प्रहार गर्छौं
उसका रौँरौँमा चढ्छौँ
कुर्लन्छौँ
ठोक्छौँ
खोइरो खन्छौँ
र अन्त्यमा शक्तिशाली बनेर
सके पानी बाराबार गर्छौं
नसके समर्पित हुन्छौँ
र उसकै ढोकामा छोरालाई जागिर माग्दै
उसकै पाउ पर्छौं
हामी पुज्न थाल्छौँ त्यो मानिसलाई
महान् भनेर।

हामी बाहिरबाट जति सुकिलो देखिए पनि
भित्रभित्रै मैलिँदै गइरहेका छौँ
हामी मासुमा बिक्दै गइरहेका छौँ
हामी नेपाली नागरिकबाट खिइँदै गइरहेका छौँ
हामी कुनै गुटका कार्यकर्ता हौँ
हामी अन्धभक्त हौँ
हामी आफूखुसी कहिल्यै मानव बन्न नसक्ने
अर्कैले तँ मानिस होस् भन्दिनुपर्ने
हामी कहिल्यै विवेक पुऱ्याउन नसक्ने
चुनाव चिह्न पछ्याउनुपर्ने
हामी आफूखुसी कहिल्यै अगाडि बढ्न नसक्ने
सधैँ जुलुसको पछाडि लाग्नुपर्ने
अगाडि घाँस र पछाडि सिर्कनु देखाउनुपर्ने
हामी आत्मा छुटेका
खुट्टा पछाडि फर्केका

अर्कालाई शिखर चढाउन बलि चढ्नुपर्ने
थोत्रो चेसका सार्वभौम सम्पन्न प्युसा हौँ
देशीविदेशी खेलाडीमाथि आश्रित
आफ्नो लक्ष्य हराएका
अर्काका औँलाद्वारा सञ्चालित
हो, हामी मानिस कम र कार्यकर्ता बढ्ता हौँ।

हामी ज्ञानी छौँ
तर अन्धभक्त छौँ
हामी अन्धभक्त छौँ
र त हामी ज्ञानी छौँ
हामी अन्धभक्त नभईकन ज्ञानी कहिल्यै हुन सकेनौँ
हामी महाभारतको कथामा वर्णित एकलव्य हौँ
जिन्दगीभर नेताले हामीलाई उपेक्षा गर्छ
इन्कार गर्छ मान्न हाम्रो योग्यतालाई
क्षमतालाई
र पसिनालाई
तर, हामी त्यही नेतालाई आदर्श मान्छौँ
चुनावताक आफ्नो झुप्रोअगाडि देख्दा
खुसीले पुज्छौँ
ढोग्छौँ
निरन्तर मत व्यापारको अभ्यास गर्छौँ
र प्रभुका अन्य सनातन
कार्यकर्ताभन्दा बढी विश्वास आर्जन गर्छौँ
तर, हाम्रो सदाशयतादेखि आश्चर्यचकित
र भयभीत भई
प्रत्येक चुनावमा ऊ हाम्रो पिँढीमा आउँछ
र केवल भोट माग्छ
हामी सानो स्वार्थमा बिकेर
हामी हातै काटेर उसलाई भेटी दिन्छौँ
र मक्ख पर्छौं आफ्नो राजनीतिक आस्थामाथि
आफ्नो कालजयी निर्णयमाथि
त्यसैले हामी ज्ञानी त छौँ

तर, कार्यकर्ता छौँ
हामी कार्यकर्ता छौँ
र त ज्ञानी छौँ
हामी कार्यकर्ता नभईकन कहिल्यै ज्ञानी हुन सकेनौँ
हामी कसैको हनुमान् नबनीकन
मानिस कहिल्यै हुन सकेनौँ।

हामी नागरिक थियौँ
केवल नागरिक
सार्वभौम नागरिक
जसको भरमा सत्ता ढल्थ्यो
देश बन्थ्यो र सरकार चल्थ्यो
तर आज कार्यकर्ता बनेर
भनिरहेका छौँ कि हामीलाई कसैले पालिरहेछ
दया गरेर सडकमा बोलाइरहेछ
मक्ख पर्छौं गुटको नेतामाथि
मक्ख पर्छौं पार्टीको सिद्धान्तमाथि
जो अचानो बनेर प्रहार सहन्छ
र सधैँ खुकुरीको जयगान गर्छ
कहिल्यै औँलो उठाउँदैन
सधैँ धनुष्टङ्कार परिरहन्छ।

खासमा हामी कर्मी मौरी हौँ
मह हामीले बनाउँछौँ
तर नेतृत्वले नाक फुलाउँछ
शिलान्यास अर्कैले गर्छ/गराउँछ
सल्लाहकारले ट्विटरमा हल्ला फिँजाउँछ
पत्रकारले उसैको फोटो छपाउँछ
समाचारले उसैको समाचार बजाउँछ
हामी निरन्तर पसिना बगाउँछौँ
तर गर्व गर्ने अर्कै छ
शिलान्यास गर्ने अर्कै छ
छापिने फोटो अर्कै छ
लेखिने समाचार अर्कै छ।

हामी त फगत कसैको झन्डामा
भेला हुने, खाजा खाने र नारा लाउने
कार्यकर्ता हौँ
केवल कार्यकर्ता
र फगत कार्यकर्ता
हामी थोरै मानिस र धेरै कार्यकर्ता हौँ
हामी अधिकारमा धेर र कर्तव्यमा कम छौँ
हामी अस्तित्वले कम र शरीरले बढी बाँचिरहेका छौँ
त्यसैले आओ ए नेताका पुजारीहरूहो
हामी सब मिलेर खोजौँ हाम्रो क्षमतालाई
हामी सब मिलेर फर्काऔँ हाम्रो पहिचानलाई
नागरिक हुनुको अर्थलाई।

●

जनार्दन रिजाल

# मलाई लाग्छ



मलाई अचम्म लाग्दैन
सर्पलाई दूध पिलाए पनि
विष नै ओकल्छ
मलाई यो पनि अचम्म लाग्दैन
बाघ जति बूढो भए पनि
घाँस खाँदैन
मासु नै खान्छ
अनि मलाई यो पनि अचम्म लाग्दैन
खरायो बिस्तारै हिंड्न जान्दैन
कछुवा दौडन सक्दैन
र
चिल आकाशमा घुम्न छाड्दैन
तर
मान्छे भन्ने जात

लोभलालच र आडम्बर गर्छ
अनि मजाले डकार्छ
भ्रष्ट आचरणबाट कमाएको सम्पत्ति
अनि भन्छ–
'म लोभ गर्दिनँ
लालच छैन
भ्रष्ट आचरण त ममा जन्मजात नै छैन
मलाई घेराबन्दी गर्ने षड्यन्त्र हुँदै छ
तर म डराउन्नँ'
तर सबैभन्दा डराएको देखिन्छ
छटपटाएको देखिन्छ
अनि आफ्ना विरोधीलाई
फकाउँछ, तर्साउँछ
अनि नभए लोभ पनि देखाउँछ
मलाई अचम्म लाग्छ
कति सफा झूट बोल्छ।

●

मुक्ति गौतम

# म ढिकी



म अँध्यारो कोठामा राखिएकी छु अहिले
म अडिने खाँबाहरू छैनन् मसँग
मेरो भार थेग्ने आग्लो छैन
मुस्ली फुकालिएको छ
म पुरानो भएँ
सुस्त भएँ रे अब
म कामविहीन बनाइएकी छु।

आँगन छैन मेरो अघि अचेल
घाम पर्दैन मेरो जीउमा

हावा सिरसिर चल्दैन
बसेर मलाई एकोहोरो हेरिरहने पिंढी छैन
दलान छैन
मसँग सुरमा सुर मिलाउने जाँतो छैन
न सुनाउनु सक्छु मेरा पीडाहरू म कसैलाई।

म ढिकी थिएँ
कुटिरहन्थेँ अन्न बिहानैदेखि
ढिकिच्याउँ-ढिकिच्याउँ गरिरहन्थेँ
सुनिरहन्थेँ मान्छेका कथा/व्यथाहरू
आफ्ना रहरहरू भन्थेँ
दुःखहरू सुनाउँथेँ
र छुट्याइरहन्थेँ अन्नबाट भुस।

म सफा, लिपिएकी हुन्थेँ
मालिकले बढार्थे घरीघरी मेरो वरिपरि
बच्चाहरू मेरै काखमा खेल्थे
चराहरू आउँथे चारो खोज्दै
भुर्रभुर्र उड्थे
ठुङ्थे प्रेमले
कमिलाहरू दौडिरहन्थे यतै
भेटेका कनिकाहरूको भारी बोकेर
अन्नको मीठो बास्ना आउँथ्यो मेरो छेउमा
मलाई माया गर्थे सबैले
म ढिकी थिएँ एक दिन।

खाँबाहरू थिए
आग्लो थियो
म नाचिरहन्थेँ उनीहरूकै इच्छामा
मुस्ली निरन्तर लागिरहन्थ्यो काममा
परबाट आउने अरू ढिकीहरूको स्वरले
मलाई बोलाइरहन्थ्यो
खुसी थिएँ म
म ढिकी थिएँ एक दिन।

त्यसअघि म रूख थिएँ जङ्गलको
सिधा, अग्लो रूख
फूलहरू फुल्थे मेरा हाँगाहरूमा
फल लाग्थे लटरम्म
जीवहरूका लागि भोक मेट्थेँ
प्राणवायु दिन्थेँ म
म खुसी थिएँ
स्वतन्त्र थिएँ
हल्लिन्थेँ आफ्नै रहरले
सुसाउँथेँ आफ्नै धुन
मेरो आफ्नै जङ्गल थियो
घर थियो जङ्गल मेरो।

एक दिन मान्छेहरूले छाने मलाई
मिलाए
काटछाँट गरे
सुन्दर बनाए
र एउटा ढिकी बनाए मलाई
उनीहरूको सेवा गर्न भित्र्याए
केही भनिनँ
रमाएँ त्यसैमा।

याद आइरहन्थ्यो
आफू हुर्किएको जङ्गल
आफन्तीहरू
जङ्गलको सुसाइ
चराहरूको गीत
मेरा बूढा बाआमा
मेरो फैलिने आफ्नै आयतन थियो
मेरो बढ्ने छुट्टै आकाश थियो
अनन्त आकाश।

अहिले यसरी थुनिँदा
म रोएकी छु

मलाई डर छ अब
यिनीहरूले टुक्राटुक्रा पारेर
जलाउने छन् एक दिन मलाई
र ताप्ने छन् म जलेको आगो।

कहाँ होलान् नानीहरू अहिले
बचेराहरू कहाँ खोज्छन् होला चारो
कहाँ होला जाँतो
कहाँ होलान् खाँबाहरू
कहाँ होला आग्लो
के मुस्लीले सम्झेको होला मलाई?

ए, मलाई बूढी भन्नेहरू
सुस्त भन्नेहरू
किन नबुझेको
समय परिवर्तनशील छ भनेर
भोलि सबै चिज पुरानो हुन्छ
गति धिमा हुन्छ सबैको
नयाँनयाँ आविष्कार पनि हुन्छ
तर पुरानो जगमा
जग मासेर कहाँ बन्छ नयाँ संरचना
ए मान्छे
जगबिनाको घर कसरी अडिन्छ
र तिमी गाउँछौ जीवनको सुन्दर गीत?

●

गीता कार्की

## लेखिँदैन क्यालेन्डरमा जीवनको अक्षर

गुलाफ र गुराँसका पत्रपत्रमा
मेरो हृदयको गाढा रङ पोखिएन भने
मानिसहरूको छातीको जराबाट
जस्मिनको सुगन्ध आएन भने



नयाँ वर्षले कहाँ पोख्न सक्दो रहेछ र!
भावहरूको तरङ्ग!! अर्थहरूको रङ्ग!!
वसन्तले कहाँ छोड्न सक्दो रहेछ र!
फूलहरूको उमङ्ग!! बहारको ढङ्ग!!

यो वर्ष
के दिनू र खै!
नयाँ सालको शुभकामना!!

यो निष्ठुर समयको काठी कसेर म
हरेक साँझबिहान
यो सहरको छातीमा घोडा कुदेको छु
मेरा टापहरूको आवाजले
नउडून् रूखमा बसेका चराहरू
मलाई खबरदारी गर्नु छ
यो कुम्भकर्ण समयको

फेरिन्छ प्रतिवर्ष क्यालेन्डर
रङ्गीन अक्षर र पोस्टरहरूमा
फेरिंदैन असहाय र गरिबीको पाना
फेरिंदैन उमेरको क्यालेन्डर
फेरिंदैन आयुको तिथिमिति
लेखिँदैन क्यालेन्डरमा जीवनको अक्षर!

उस्तै छ दिनभरि मेलापातमा गीत गाउँदै
साँझ घर फर्कने आमाहरूको धाँजा फाटेको खुट्टा
उस्तै छ नाङ्गा खुट्टाले तातो जमिन टेकेर
गिट्टी कुट्ने साना नानीहरू र तिनका
वृद्ध आमाबाबुको हातमा उठेको ठेला
उस्तै छ मेरो दुखेको घाउ पनि

ती हातका ठेला र चिराचिरा खुट्टालाई
औषधी र मलम लिएर

बिहान डाँडामा उज्यालो हाँस्दै आउने सूर्यजस्तै
आयो भने यस पालि नयाँ वर्ष
वा अभावका ढुकुटीहरू
बासमती र मसिनो चामलले भरिए भने
अर्को साल म लेख्ने छु सबैभन्दा सुन्दर कागजमा
नयाँ वर्षका सप्तरङ्गी अक्षरहरू

अहिले त म
छरपस्ट जिन्दगीको पाना टिप्दै छु
र सिउँदै छु उध्रिएको मन
सुन्दै चराहरूको कलरव साँझबिहान
खोज्दै छु मनको गरुङ्गो भावलाई बोक्ने जहाज

समयको निष्ठुर प्रहारले
मभित्रको संवेदना घायल छ

भर्खरै मात्र हुरीले
मलाई नसोधी प्रवेश गरेर
मेरो बगैंचाको सबैभन्दा सुन्दर फूल बोटैसहित
उखेल्यो

धेरै भएको छैन
मेरो चौतारीको बरपीपल ढलेको!
आजैजस्तो लाग्छ
मनको विराट् आकाशमा उडिरहेको जहाज
ठोक्किएर मेरो मनको सर्वोच्च शिखर खसेको

यो नयाँ वर्षले मेरो घाउलाई
मलम दिन्छ/दिंदैन
मनको शिखर उठाउँछ/उठाउन्न
मेरो आँतबाट फेरि पलाउँछ/पलाउन्न पालुवा

मैले पर्खेको छु–
पतझडपछि पलाउने पालुवा

पर्खेको छु–
क्षितिजबाट संसारै ढाक्न आउने उज्यालो

यो नयाँ वर्षले त्यो उज्यालो ल्यायो भने
अर्को वर्ष म लेख्ने छु स्वर्णिम अक्षरमा
नयाँ वर्षको श्रेष्ठ कामना
र, पठाउने छु इन्द्रेनीजस्तै शुभेच्छा... ।

●

जीवन खत्री

## मुग्लान एक अध्याय



बाकसभरि धन कमाउँछु भनेर हिंडेको
गाउँको एउटा आशा
आज आफै बाकसमा भरिएर फर्किएको छ।

ऊ हरेक दिन भित्तेपात्रो कोर्थ्यो र भन्थ्यो–
राम्रो अस्पतालमा एक पटक
बाका लहरे खोकी जँचाउनु छ
आमा धमिलो देख्नुहुन्छ
आँखामा उज्यालो दृश्य फेरिदिनु छ
प्रियाको अनुहारमा मुस्कानको रङ
र नानीबाबूको सङ्लो भविष्य किन्नु छ पनि भन्थ्यो।

तर सपनाको चर्खा कसले बिगाऱ्यो ?
धेरै थोक बिग्रियो आज।

ऊ हरेक घामजूनसँग साउती माथ्र्यो
र भन्थ्यो– यो भूगोलको पल्लो छेउमा पनि पुग्नू
जहाँ मन्दिरजस्तो मेरो गाउँ छ
हिमालझैँ अग्लो मन भएका गाउँलेहरू छन्

फूलझैँ प्रिय साथीसँगीहरू छन्
गुम्बाझैँ शान्त पाटीपौवाहरू छन्...।

लाग्थ्यो, उसको शरीर यता थियो
बाँकी सब थोक आफ्नै माटोको काखमा।

म प्रस्ट देख्थेँ
घर सम्झेर उसका आँखामा जम्ने समुद्र
गाउँ सम्झेर उसको मुटुमा हल्लिने भूकम्प
देश सम्झेर उसको छातीमा लाग्ने चट्याङ
तर रोबोटहरूको अघि
कहिल्यै आँसु चुहाएन उसले।

यसरी
सगरमाथाको स्वाभिमान बोकी हिंड्ने उसका लागि
आज पृथ्वी उल्टो घुम्यो
रोबोटहरूको सहरमा अनौठो साइरन बज्यो
र केही क्षण मच्चियो कोलाहल
दौडिँदै पुगेँ म
मेसिनमा च्यापिएको क्षतविक्षत उसले
यति भन्न भ्यायो–
'फर्की यार, आफ्नै देश फर्की
आफ्नो माटोभन्दा प्रिय अरू केही हुन्न।'

●

रामगोपाल आशुतोष

# पृथ्वीको अर्को ध्रुवबाट



यति बेला
लागिरहेको छ कि चिच्याऊँ
तीन लोक
चौध भुवनको कानको जाली फुट्ने गरी
जोडजोडले चिच्याऊँ।

जस्तो म पहिले
तिम्रो नाम पुकार्दै चिच्याउने गर्थें
ननिदाई बसेको
सहरिया रातको निद्रा खलबलिने गरी।

हल्लाखोर मानिसको बस्तीबाट टाढा
अग्लो पहाडमाथि बसेर
घोक्रो सुक्ने गरी चिच्याईचिच्याई सुनाउने गर्थें
– आलिङ्गनमा बाँधिएका युगल जोडीलाई
– कलकल बगिरहेका खोला–नदीलाई
– सिरसिर बहिरहेको बतासलाई
– मौन उभिइरहेका पहरालाई
– वनजङ्गल, गाउँबस्ती, कुनाकन्दरा
– र, वेदना या पीर मानेर निहुरिइरहेका भीरपाखालाई
तिम्रो मायाको अध्यात्ममा चुर्लुम्म डुबेको खबर।

लाग्छ, डिलिट गरूँ
तिमीसित भेट्नुअघिका सबैसबै प्रोफाइलहरू
सार्वजनिक गरूँ
तिम्रो र मेरो अतिरिक्त पहिचान
र, राखूँ
दिलको भूगोलमा
अक्षांश वा देशान्तर रेखाभित्र वर्षौंदेखि कैद
अनावरण गर्न नसकेको मभित्रको ज्वालामुखी
असामाजिक तर सभ्य बदमासले झैँ
निदाउनुअघि अन्तिम प्रेम
र
ब्युँझनुअघि पहिलो प्रेम गर्दै
समताको रङले कोरिरहने तिम्रो तस्बिर।

दिलको एउटै सपना थियो
मेरो मुटु
मेरो प्रेमको भूमध्यरेखामा सिधै झरून्
घामका प्रत्येक वर्षाहरू।

ज्यान
जुन बेला तिम्रो चाहना थियो
ब्रह्माण्डका सबै कुनाबाट बहने
घामहरूले देखून् तिमीलाई मेरो सार्वभौम मुटुमा
त्यति बेला म
भूमिगत थिएँ आफ्नै भ्रूटको कमजोर भग्नाशामा।

अचेल
अपलोड गर्दै डिलिट गर्छु
आफ्नो प्रोफाइलमा तिम्रो तस्बिर।

किनकि
प्रेमको परिभ्रमणमा हिंडेको हाम्रो पृथ्वी
दुई ध्रुवमा विभाजित भएको छ।

मुटु फेरिए पनि
उस्तै होला तिम्रोतिर
प्रेमको भूमध्यरेखामा झर्ने घामका वर्षाहरू।

यता
अँध्यारो छ ज्यान– निस्पट्ट अँध्यारो।

●

सुमन वर्षा

## हावा



आफू नाङ्गिएर हावा सधैं
पहिराइरहेछ असङ्ख्य जीवन परिधान
तत्तत् जीवहरूमा।

यहाँ रोमाञ्च बोकी
तृप्ति खोजीको यात्रामा हिंड्ने

ऊ छ, म छु र हामी छौँ मग्न यसरी
हावाले कोरिदिएको हाम्रो निधारको स्नायुका धर्साहरूले पुऱ्याउँदै छन्
तन्तुतन्तुमा तप्पतप्प प्राणको प्रवाह
चिसो बतासका लयहरूमा झुम्मिएर जीवन अनेकौँ आयामको त्यान्द्रोले
बुन्दै छ बलियो आशा
जहाँ
अनेकौँ छाल हृदयको कोशिकामा ठोकिन्छन् मायालु यादहरूजस्तै
यहाँ हावा नहुँदो हो त छालको
परिचय कहाँ अस्तित्वमा हुन्थ्यो र!

यति बेला
अस्तित्व सङ्कटको यस घडीमा
नग्नता उघारेर हावाले
सहवास गरिरहेछ चेतना
र गर्भाधान गराइरहेछ चिन्तन।

●

मुकुन्द प्रयास

## बाटो



आजसम्म पनि यहीं छ
यही बाटो हिंड्ने रहरले बुद्ध जन्मिए र हिंडे
बाध्यताले
कार्ल मार्क्स घरबाट निस्किए र हिंडे
पहिलो पटक बालक दगुऱ्यो र लड्यो।

भेट्नलाई तिमीसम्म आउन
बाटो भएकाले सम्भव छ
सम्भव छ चिया पसल पुग्नलाई
अथवा
त्यो बेला तिमीले लेखेको प्रेमपत्र बोकेर
मेरो आँगनसम्म आउन सम्भव भएको हो हुलाकीलाई।

नुनको ढाकर बोकेर
बाहरू घरसम्म आइपुगेको बाटो यही हो
यही हो
कहिल्यै नफर्किने गरी चटक्कै माया मारी जाने पुर्खाहरू बोकेर
मलामी हिंडेको बाटो पनि यही हो
लोग्नेको कुटाइ सहन नसकी
रुँदैरुँदै चेलीहरू माइत फर्किएको बाटो यही हो।

हिजो देखिराखेको सीमा स्तम्भ
आज नदेखिने ठाउँसम्म पुग्ने
नानीहरू कहिल्यै नरमाउने पाठशालासम्म पुग्ने
यो जमानाको सबभन्दा महँगो मोबाइल किनेर
साथीलाइ देखाउन
साथीसम्म पुग्ने साथीलाई चाहिने बाटो यही हो।

खाली खुट्टै हिंडिरहनेहरूलाई
खाली खुट्टा कहिल्यै नहिंड्नेहरूलाई
बाटो देख्नेहरूलाई
बाटो देखाउनेहरूलाई चाहिएको बाटो पनि यही हो।

यही बाटो भएर
प्रत्येक साँझ दिनभरिको थकाइ रक्सीसँग साटेर
यो देशको मजदुर हिंडे पनि
चौबीसेको कुनै भिरालोमा ढुङ्गा कुँदिरहेको
जितेन चेम्जोङ हिंडे पनि
बाटो खन्नेहरू बाटोभन्दा सानो बाटो हिंडे पनि
बाटो खन्न लगाउनेहरू
बाटो छाडेर बाटोमाथि उडे पनि
यो सहरको नामुद पागल कहिलेकाहीं नाङ्गै दगुरे पनि
यो बाटो कहिल्यै लजाउँदैन
यो बाटो कहिल्यै मुस्कुराउँदैन।

●

केजी सुब्बा

# कविताको अवतार



अक्सर जुन द्वारबाट
मेरो ज्यारेक्स निक्लेर जान्थ्यो बाहिर
हो, त्यहीँबाट आज स्वयम् मेरो सकल निक्ली गएछ।

जो आज कालिगडको हातबाट जन्मिएर
मूर्तिहरूको देशमा सम्राट् कहलिएछ
जो यो दुनियाँबाट भागेर
कहींकतै कसैको मुटुमा ईश्वर बनेर बसेछ...।

मसानहरूको साम्राज्यमा ठडिएको सेतो इमारत त्यही हो
इन्सानहरूको सहरमा ठडिएको
सुनको गजुर पनि त्यही हो।

जो अन्धा भक्तहरूले आफ्नो शरीरमा खोपेको
ट्याटूको अवमूल्यनजस्तो होइन
न त यो लठुवाहरूको जमातमा गुन्जिने
जयजयकारजस्तो अतिरञ्जित नै हो।

त्यति जाबो कुरामा एउटै छातीबाट
कहिले सुँगुरको सास
कहिले कुखुराको सास फेरेजस्तो पनि होइन यो...।

तर कस्तै सङ्कटमा पनि एकोहोरो उभिइरहने
यो एउटा स्फिंक्स या अश्वमानवको अवतार हो
जसलाई न कसैले देख्यो या जान्यो...।

तथास्तु!

●

रोशन परियार

# चोकमा



उसो त चोकमा धेरै कुरा देखिन्छन्

हतारमा गुडेका गाडीहरू देखिन्छन्
जिन्दगी बिसाएको सालिक देखिन्छ
ठेलागाडामा हाँसिरहेको अभाव देखिन्छ
नाङ्लाको पसलमा सपनाको महल देखिन्छ
दिउरेमा उम्लिरहेको चिया देखिन्छ
तराजूमा जोखिएर प्रायः अस्पताल पुग्ने फलफूल देखिन्छ
कुनै जादुगरले भेला गरेको भीड देखिन्छ
अथवा
कुनै बार्दलीमा झुन्डिएको चौथो आवश्यकता
मोबाइल फोनको ठूलो होर्डिङ बोर्ड देखिन्छ

प्रेमिकाको रसिलो आगमन कुरेर पलपल छटपटाएको प्रेमी देखिन्छ
प्रेमीको न्यानो अँगालोमा रापिलो खुसी भोगेर
बिदाइको हात हल्लाउँदै गरेकी प्रेमिका देखिन्छे

सिग्रेटमा बेरोजगार समय सल्काएर
शून्यमा बिलाउने धूवाँजस्तै
भविष्य उडाइरहेको तन्नेरी वर्तमान देखिन्छ
बिजुलीका तारहरूमा बसेर मान्छेको विरुद्ध
क्रान्तिको मसाल बोलिरहेका चराहरू देखिन्छन्
बचपनको गुलियो बास्नाले भरिएको थैलीको मुख खोल्दै
चौतारीमा बसेका दुई जोडी बूढा आँखामा
यादको नुनिलो खहरे देखिन्छ

दुर्गन्धित हावाको गाली सहेर
धमिलो पानीको झापड सहेर
बेस्वादिलो घामको लात्ती सहेर

अझै पनि
सहनशीलता र सकारात्मकताको वकालत गर्दै
आजीवन अनशनमा बसेर मुस्कुराइरहेका मायालु फूलहरू देखिन्छन्

सडकका पेटीमा जिन्दगी पिएर रित्तिएका रक्सीका बोतलहरू लडिरहेको देखिन्छ

अशक्तताको भीक थापेर याचनाको हात जोडिरहेका ज्युँदा भगवान्हरू देखिन्छन्
यौवन र सौन्दर्यको बलियो भेट्नो चुँडिएर
अहङ्कारको रूखबाट झर्दै गरेका तरुनी पातहरू देखिन्छन्

मेरो सास मात्रै मीठो गनाउँछ
मैले बोलेको मात्रै सही हुन्छ भनेर
मवादको दाबी गर्दै सस्तो विज्ञापनमा टाँसिएका प्रतिस्पर्धी पोस्टरहरू देखिन्छन्

हातमा बन्दुक बोकेर
घाँटीमा बुद्धको माला लगाएर
भित्तामा पोतिएका रक्तिम अक्षरहरूलाई तोते बोलीमा पढिरहेका बच्चाहरू देखिन्छन्

ढुङ्गामुढा, टायर, इँटा, अश्रुग्यास र
लाठीहरूको गर्जनले निसास्सिएर थरथर काँपिरहेको झन्डा देखिन्छ
जाममा परेर रोकिएको एम्बुलेनसको साइरनभित्र उफ्रिरहेको मुटु देखिन्छ

उसो त चोकमा
रातो रगतजस्तो रातो बत्ती पनि देखिन्छ
हरियो बाँसजस्तो हरियो बत्ती पनि देखिन्छ
पहेँलो पीताम्बरजस्तो पहेँलो बत्ती पनि देखिन्छ
तर
तिनै बत्तीहरूको काखमा जन्मिएर
तिनै बत्तीहरूको उज्यालोमा मरिरहेको
पसिनाको लास किन देखिँदैन?

●

भवानी खतिवडा

# स्वाभिमानी अभाव



कुनै स्वर्गको छैन आशा मलाई
न ऐश्वर्यको नै पिपासा मलाई
कहाँ सक्दछौ फेर्न मेरो स्वभाव
छ यै गर्विलो स्वाभिमानी अभाव।

तिमी शत्रुका पाउमा पर्न सक्छौ
हुँदा फाइदा जेसुकै गर्न सक्छौ
कहाँ मिल्छ तिम्रो र मेरो स्वभाव
मलाई मिठो स्वाभिमानी अभाव।

पराई हुँदै अन्त धाउन्न कैल्यै
म मागेर खाने चिताउन्न कैल्यै
स्वयम् भोक नै गर्वले बोल्छ आज
अहो! गर्विलो स्वाभिमानी अभाव।

यही झोपडी शान्तिको गीत बोल्छ
यहीं स्वेदले नित्य पीयूष घोल्छ
श्रमीको छ स्वादिष्ट यै सिस्नु साग
झनै गर्विलो स्वाभिमानी स्वभाव।

म आदर्श छोडी कहाँ बाँच्न सक्छु
र अन्याय भोग्दै कहाँ हाँस्न सक्छु
हुँदा चित्तमा चेतनाको प्रभाव
भयो गर्विलो स्वाभिमानी स्वभाव। *(भुजङ्गप्रयात)*

●

## गोविन्द कँडेल 'आँसु'

# केही छोटा कविताहरू



१

म संसारकै धनी मान्छे
दुनियाँलाई धनको पोको देखाएँ
लोकले प्रशंसा गऱ्यो
शिलालेखमा आफ्नो नाम लेखाएँ
मृत्युशय्यामा लडेकी आमा प्राण मागिरहेकी थिइन्
म छिनमै भिखारी भएँ, झुकेर रित्तो हात देखाएँ।

२

कस्तो मूर्ख
रातो रगतमा रातै रगतको दाग लगाउँछ
आफ्नै चिता चिन्दैन मान्छे, मसानघाट भाग लगाउँछ
ईश्वर एउटै हो पनि भन्छ
फेरि देउता फरक देखाउँछ
आगोले खै कसरी पानीमाथि उसको नाम लेखाउँछ?

३

प्रविधिको विकास भयो, संसार आधुनिकतामा चुलियो
यी सबै चिज उखूको रस चुसेर छोक्रा फालेजस्तै हो
अन्तरिक्षमा गएको छ बस्ती बसाउन वैज्ञानिक छोरो
त्यही छोरालाई जन्माउने आमा अझै गाउँबेँसी धाउँछिन्
सन्तान बिरामी परेको हुरा आमा सपनामै थाहा पाउँछिन्।

४

माटो मर्दैन कहिल्यै, मर्ने त बिरुवा नै हो
किन रुन्छौ आँसु खसालेर माली?
एक दिन हामी सबै मर्छौं, अजम्बरी कोही छैन
जन्मनुपहिले मर्ने सम्झौता भएको छ
सृष्टिको आफ्नै नियम छ, एक दिन सबै सकिन्छ
भित्ताको घडीमा ब्याट्री भए पनि त्यो रोकिन्छ।

●

## जयराम तिमल्सिना

# समर्पण



गुमाएको हुँ
सिङ्गो आकाशसँगै अनगिन्ती ताराहरू
आफ्नै छाती फैलाएर बनाएको हुँ
आफ्नै शिर ढाक्न आकाश
हेर, यी आँगनभरि फुलिरहेका फूलहरू
यिनै हुन् मेरा आकाशका जून र ताराहरू।

मेला गएर नफर्किएका हुन् मेरा बाबा
गाग्रोसँगै पँधेरीमा नै हराएकी हुन् मेरी आमा
घरभित्रै भएकी दिदी पराई हुँदा
मैले डोऱ्याइरहेको साइकल र त्यसका पाङ्ग्राहरू
आकाशमा उडिरहेका हुन्
तर पनि म बाँचें
मेरा सम्झनाहरू बाँचिरहेका छन्
यी फूलहरू त्यसैका प्रमाण हुन्
र, हरेक फूल एउटा-एउटा तारा हो
र, यो माटो त्यही खरानी हो।

●

## दिपेन श्रेष्ठ

# स्वागत छ



सदा स्वागत छ
तिम्रो अनुपस्थितिलाई
यो विशाल मरुभूमिमा।

बन्देज छ यहाँ
रापिलो बतासबाहेक

ऋतु र रङहरूलाई
बादल अनि बर्सातहरूलाई।

सख्त निषेध छ यहाँ
चिल र चिहानबाहेक
आशा र आँकुराहरूलाई
सुर अनि सङ्गीतहरूलाई।

र, यस साम्राज्यमा
स्वागत छ तिम्रा
हरेक अनुपस्थितिहरूलाई।

मध्याह्नको बेला
मरुभूमि आफै तातेर
सुकेका घडीका सुईहरू
पिटपिट भाँचिन्छन्
भयङ्कर रापले
स्मृतिको नसा सुकेको बेला
मनको कुनाकुनाबाट तिमी
गुमनाम भइ जान्छ्यौ
अनि सुकेको मुटु
चाल गुमाउँदै स्वागत गरिरहन्छ
तिम्रो अनुपस्थितिलाई।

कठोर घाममा आँसु सुकाएर
सुक्खा, कक्रक्क परेका आँखा
सिकन्दरको तरबारझैँ अथक
नाचिरहन्छन्
तिम्रै अनुपस्थितिको सुरक्षार्थ।

●

गणेश सुवेदी

# जे देखियो



नाकाबन्दीमा शिर नझुकाएकाहरूले
खुफियाकै चरणकमलमा
नक्सा गायब पारेको पनि देखियो
धर्मलाई अफिम भन्नेहरू
डलरे धर्मको चोक्टासँग होली वाइनमा
झ्याप भएको पनि भेटियो।

सरकारले जनताको स्वास्थ्यको
ग्यारेन्टी लिन्छ भन्नेहरूले
कमिसन नमिल्दा
भ्याक्सिन नै रोकेको पनि देखियो
एम्बुलेन्स नपाएर ट्र्याक्टरमा बिरामी मर्दा
दरखास्तकै लागि गजबसँग
हेलीमा उडेको पनि भेटियो।

बेडकै तलासमा ज्यान प्याकप्याक भएको बेला
कोभिड अन्डर कन्ट्रोल भन्ने
महान् वाणी पनि सुनियो
धरहरा चढेर
माननीयहरूको भकारीजत्रो भुँडी देखेर छक्क पर्दै
कोही भोको छैन, कोही नाङ्गो छैन
भन्ने उद्घोष पनि सुनियो।

हँसाउने कलाकार
देश बनाउने, बनाउँछु भन्नेहरू
पेट फुट्ने गरी हँसाउने
परिदृश्य पनि देखियो
पुँजीपतिहरूलाई सक्दो सरापेर
भ्याङ चढ्नेहरू आफै
नव धनाढ्यमा सूचीकृत भएको पनि देखियो।

जे देखियो, अचम्म देखियो
जे देखिँदै छ, अचम्म देखिँदै छ
जे देखिने छ त्यो पनि अचम्म हुने छ।

●

हरिकृष्ण सिलवाल

## आधुनिक कि आधुनिक दास



मलाई विदेश मन पर्छ
नेपाली खानाभन्दा
विदेशी खानामा रमाउँछु
स्वदेशी संस्कार र संस्कृतिभन्दा
अरू देशको संस्कार अब्बल छ
नेपाली सेलरोटी, खीर, पुवाभन्दा
पिजा, बर्गर नै मन पर्छ
चाउचाउ र फ्रुटीबिना
छोरो स्कुल जाँदैन
छोरालाई मात्र हैन, मलाई पनि,
म आज सभ्य भएको छु
हाम्रा चाडपर्वभन्दा
प्रेम दिवस, क्रिसमस मनाउँछु
जन्मदिनमा अष्टचिरञ्जीवीको
पूजा गर्नुभन्दा
'ह्यापी बर्थडे' भन्दै
केक काटेर खान र खुवाउन
लालायित छु
अनि
रम र डिस्कोमा रमाउँछु
आफ्नै खेतबारीको खाद्यान्न, तरकारीभन्दा
बजारबाट किन्न रमाउँछु
सोचौं त–

हाम्रो समाजमा विकास भयो कि
विकृति आयो ?
पढेर, बुझेर, देखेर
नयाँ कुराको आविष्कार गर्नु
उत्पादन बढाउनु
उद्योगधन्दा चलाउनु
आफूलाई मात्र हैन
अरूलाई पनि रोजगारी दिनु
नवीन सोच राख्दै
देश विकासको महायज्ञमा तन-मन-धन लगाउनुभन्दा
फिरङ्गी शिक्षाको प्रभावमा पढ्न र रोजगारीका लागि
विदेश जान्छौँ
बिस्तारै उतै हराउँछौँ
न आमाबाबु न त परिवार
के भयौँ हामी ?
आधुनिक कि आधुनिक दास ?

●

मन्जिला अनिल

## मुर्दा समय



जब बिहानै
फोनको घन्टी बज्छ
मुटु अत्यासलाग्दो गरी धड्कन्छ
भयग्रस्त सशङ्कित मनले
अप्रिय समाचार कल्पन्छ
अखबारको पाना पल्टाउँदै गर्दा
शान्त मस्तिष्क
नराम्रोसँग झनझनाउँछ
आँसुले दृश्यहरू धमिलिन्छन्
कस्तो मुर्दा समय ।

दृष्टि सामाजिक सञ्जालमा
अल्झिन पुग्छ
सास रोकिन खोज्छ, मन अतालिन्छ
ईश्वरलाई पुकारा गर्छ
कस्तो कठोर श्रापित समय
अखबारका पानापानामा सडकमा पोखिएको
कालो अलकत्राजस्तै
पीडाको आगोमा जलेका
अनगिन्ती मायालु अनुहार छन्
जतातातै अभावको पहाड
र
आँसुको विशाल सागर मात्र भेटिन्छ
समाचारका पानाभरि पीडा छरिएको
कस्तो मुर्दा समय।

आफू बाँचेको
पीडादायी समय उल्टो कि
'म'
दोधारमा छन्– मन र मस्तिष्क
यथावत् छ– सूर्यको तेजिलो लालिमा
सुकर्मको उमङ्गमय जोसिलो
नव निर्माणको गीत गाउँदै
हिमाल, पहाड, तराईका
रमाइला अनेक फाँट र बैँसीमा
गर्विलो देश खोज्दै छु
अँध्यारो विरूद्ध– घनघोर युद्ध लड्न।

मानव जातिलाई डसिरहेको छ
दुष्ट भाइरस
मान्छे मलामी जान डराएका छन्
आफन्तको लास बेवारिसे बनेको छ
घाटमा मलामीको भीड छैन
चितामा खस्ने प्रेमको आँसु

आफ्नै हृदयमा बगेर
छातीमै घाउ बनाइरहेको छ।

एक्लै छ मृत देह
पर... शववाहनमा
मनाही छ छुन
जताततै डरको माहोल छ
आँसु
आँखामै सुकिरहेको छ
भाइरसको नाङ्गो नाच चलेको छ
सडकमा
घरमै बन्दी बनेका छन्– सारा मानिसहरू।

मनमा नौलो उमङ्ग, ऊर्जा र साहस बोकेर
तल्लीन छु
युग रूपान्तरणका लागि
विश्वव्यापी घातक भाइरसहरूको
मुक्त संसारको परिकल्पनामा
चराजस्तै उडेर
मनका अनगिन्ती सपना साकार बनाउन
पलपल बटुल्दै छु
जूनका उज्याला प्रकाशमय किरणहरू
पर्खंदै छु– त्यो महान् समय।

कुर्दै छु
सुखद समयको आगमन
पूर्व क्षितिजमा हेर्दै छु
नयाँ युग बोकेर उदाउने
शुभ साइतको ब्राह्म मुहूर्त।

●

दीपक शर्मा समीर

# फूल र पत्थर



आफैँ सिकाउँदो रहेछ अचेल
जिन्दगीले जिन्दगीलाई
फूलको बदला पत्थर बन्न
भन्नोस् महोदय
फूल र पत्थरमा के फरक छ ?

पग्लिन्छन्
आजभोलि पत्थरहरू
अटल छन् र मौन छन् फूलहरू बगैँचामा
र त आखिर फूलको परिभाषा
काँडाले पनि त दिँदो रहेछ
हुँदो रहेछ
फूलमा काँडा र काँडामा देश।

भोगेका छन्
हरेकका थिचाइ र मिचाइहरू
फूल र पत्थरहरू
कति फूल ओइलाएर गए
कति कोपिलामै झरे
कति पत्थर टुक्रिएर गए
कति जँघार तरे
हिसाब अझै पेस्कीमा छ
न सिकाउनोस् मलाई
काँडाबिना फूल अँगाल्दै
जिन्दगीको तमसुक पल्टाउन।

अझै बर्सिन्छन् फूलबिना पत्थरहरू
सदन र सडकहरूमा
बर्सिन्छन् गोलीझैँ बोलीहरू
हरेक शब्दशब्दमा।

त्यसैले यति बेला
चौडा छाती खुम्चिएको छ
अग्लो शिर झुकेको छ
फराकिलो हृदय साँघुरिएको छ
केही ट्रिप ढुङ्गा
र केही ट्रिप फूलका थुप्राहरू
सडकभरि थुप्रिएका छन्
समय पत्थर बनेछ
खोजिरहेछु म समयको उत्तर
भन्नोस्
म फूल बनूँ कि पत्थर ?

●

अमृता स्मृति

## भुइँघर



सेतै ओढेपछि
सेतै ओछ्याएपछि
सेतै बाँचेपछि
समयको कुनै कालखण्डमा
भुइँघरमा पनि आइबस्न सक्छन् सेता पखेटाहरू
कहिल्यै आफू भएर बाँच्न नपाएको समयसँग
स्वाभिमान साट्न नसकेपछि
छानोबिनाको भुइँघर छाडेर
मध्यरातमा जिन्दगीको मूल द्वारबाट बाहिर निस्किएँ
खै कुन अँध्यारो उचाइ भेट्न
खै कुन अँध्यारो उद्देश्यप्राप्तिका लागि
कुन्नि कुन अँध्यारो आकाङ्क्षाले कुतकुत्याएपछि ।

ढोकामा उभिँदा देख्छु
पूर्व अँध्यारो छ

मानौँ कसैले आकाशको थालीमा
लाली चढेको लड्डू कहिल्यै राख्नै सकेन
र, धरतीमा लाली पोतिनुअगाडि नै तुहियो लाल रङ
पश्चिम पनि अँध्यारो छ
मानौँ घाम अस्ताउने पहेँलीसम्म कहिल्यै चढेन
उत्तर उस्तै अँध्यारो छ
सयौँ प्रश्नको बर्सातमा निथ्रुक्क
उत्तर तर निरुत्तर
दक्षिण पनि अँध्यारै छ
मानौँ कुनै अँध्यारा औँलाहरूले भर्खरै आलो हस्ताक्षर गरेर गएका हुन्।

अगाडि बढ्दै अठोट गर्छु
म आफ्नो सभ्यता मेटाउँछु
म आफ्नो इतिहास केरिदिन्छु
ताकि भविष्यमा कसैले पढ्नु नपरोस्
मेरो अन्त्यलाई
दिनेहरूले आत्महत्याको सञ्ज्ञा देलान्
नामर्द, लाचार हारको असली बिम्ब सम्झेलान्
नआउलान् हातमा पातीसम्म बोकेर
मेरो शरीरमा चढाउन
मैले शरीर छाडेपछि
दिनेहरूले कायरको सञ्ज्ञा देलान्
बाटाको काँडा सम्झनेहरू
मुस्कानकै सहरमा मस्त रहलान्
आजसम्म कसैले पढ्न नसकेको एउटा किताब च्यातिंदा
समय पनि अँध्यारै खाएर
अँध्यारै पिएर
अँध्यारोकै गीत गाइरहला।

उज्यालोमा दीप जलाउनेहरूले नबुझ्ने केही छैन
म त फगत एउटा किरण आउला
र, पढ्ला अँध्यारोलाई भनेर पर्खिरहेको हुने छु
जुन दिन एक झुल्को किरण छिर्छ अँध्यारोभित्र

त्यही दिनबाट बहस सुरु हुने छ
दुनियाँलाई पढ्दापढ्दा आफैमा छुटेकी
घर बनाउँदाबनाउँदै इँटा खसेर भत्केकी
तिमीलाई सुधार्छु भन्दा आफै बिग्रेकी
मेरो आत्महत्या कि शरीरहत्या ?
हत्यारा म कि तिमी ?

यस्तैयस्तै भारी बोकेर
साँघुरा गल्लीहरू हुँदै लम्किरहँदा
अचानक उफ्रिन्छ कोही
मौन कराउँछ र रोक्न खोज्छ
बौलाउँछ आफैभित्रको मान्छे
बजार्छ लात्ती
कसैले लात्ती हान्नु पनि
उठ्नु रहेछ
ब्युँझनु रहेछ
महसुस गर्नु रहेछ।

कसरी मेटाऊँ
तेरो भर्खर चल्न थालेको धुकधुकी ?
कसरी चिथोरूँ
फूलभन्दा कोमल
पानीभन्दा तरल
सूर्यभन्दा तेजिलो
रङहरूभन्दा गाढा
समुद्रभन्दा गहिरो तेरो प्यास ?
तैँले मेरो कोखमा बजारेको लात्तीको स्वाद चाखेपछि
अँध्यारा बाटाहरू हुँदै
अँध्याराको गहिराइ छुन
मध्यरातमा कालीगण्डकीतर्फ लागिरहेकी म
चाँदनी चोकमा टक्क उभिएकी छु।

●

मुना बोहरा

# अनिश्चित समय



उमेरसँगै
बढेको जिम्मेवारी
कति गर्न सकिएला पूरा
कति होलान् अपुरा!

सुख, शान्ति, खुसी र आनन्दको खोजी गर्दै गर्दा
लोभ बनेर आउने दुःखको पहाडसँग लड्दै छु।

आफ्नो उद्देश्यसम्म पुग्न
साथसहयोग र उत्प्रेरणा दिनेहरूजस्तै
प्रिय छन्
आलोचना र घृणा गर्नेहरू पनि।

एकपछि अर्को गर्दै थपिएका इच्छा
अधुरा कर्महरू साथी बनेका छन्।

जीवन रहुन्जेल इच्छा र सपनाले सताउने रहेछ
तर मृत्यु निश्चित छ
समय अनिश्चित छ।

●

नवमीनाथ अधिकारी 'सुमन'

# विचित्रकी रहिछ्यौ आमा!

आफू झुल्दै गरेको पिङलाई
खुला चउरमा एक्लो चट्ट छाडेर
आफ्ना पिताको एकै आदेशमा डोली चढी
पराई आँगनमा पुग्यौ



आफूले खेल्दै गरेको गट्टीलाई
दलानमा यसै छरपस्ट छाडेर
आमाको प्यारभरि फुस्लाइमा गुडियाजस्ती सजिई
बिरानो घरमा भित्रियौ
तर बिरानीमा सिरानी भिजे पनि
मुस्कान छर्दै घरधन्दामै रमाउने
तिमी विचित्रकी रहिछ्यौ आमा!

तिमीलाई देख्दा यस्तो लाग्छ—
तिम्रो चाहनाको यात्राभन्दा त
बरु बाटा हतारमा छन्
निधारभरि पसिना टल्के पनि
तिमीभित्रको उकुसमुकुसभन्दा त
बरु शीतल दिने रूखहरू बढी गर्मीमा छन्
फेरि पनि घरको आकाश जति नै धुम्मिए नि
घामजस्तै झलमलाउने
तिमी विचित्रकी रहिछ्यौ आमा!

आमा!
मामाघरको दलानमा
खेल्दाखेल्दै तिमीले छाडेका
छरपस्ट गट्टीहरूको उदासीले
बरु मलाई उदास बनाए
झुल्दाझुल्दै तिमीले छाडेको
उस्तै गरी हल्लिरहेका पिङका प्रश्नहरूले
बरु मलाई रिंगटा लगाए
तर तिमीलाई देख्दा आमा!
यस्तो लाग्छ—
तिमीले आफ्ना दिन मिल्ने सारा मुस्कान
मेरै ओठमा सारिदिएकी छ्यौ
मेरो भएजति आँसु
तिमीले नै पिइदिएकी छ्यौ
नीलकण्ठ होइन, तर...

ममाथि बर्सिरहेको सारा विष पिएर
निलाम्मे मुस्कुराउने
तिमी विचित्रकी रहिछ्यौ आमा!

●

तारादेवी सुनुवार

# आधा बाटो



बिहानीको झिसमिसेसँगै
छरिएको घामको चुम्बन
साइतको पछ्यौरीमा किन ढिलो पोखियो...
चियाइरन्छन् चञ्चल आँखा
पत्यारलाग्दो दृश्यमा
उकुसमुकुसमा जिउन कहाँ मन छ
उजाडिएको मरुभूमिमा।

भोकप्यासको शिविर पुग्ने बाटो पनि
उसका यादहरूको भीडले
सजिलै छिचोल्छ
चौतारीको बरपीपलले एकैछिन
रोक्न आग्रह गर्छ तर पाइला हतारमा हुन्छ।

उसको अभावैअभावले चर्किएको छाती
शून्यताले बिथोलिएको विराग
मलिन हुन्छन् वास्तविक्ताहरू
सालिकझैँ ठिङ्ग उभिएर आफैलाई नियाल्छु
न उसले चिन्छ
न म व्याख्या गर्न सक्छु।

आँटैले भीरको बाटो हुँदै
सुरक्षित अवतरण गर्न
एकाएक

एकअर्काको हात थाम्ने रहर जाग्छ
अपसोच!
ऊ त अघि नै आधा बाटो कटिसकेछ
आफूलाई नियाल्छु
हैट्!
मैले पनि आधा बाटो काटिसकेछु।

●

रमा अधिकारी

## यात्रा बालनगरको



जहाँ बस्छन् साँचा मनवचनका बालकहरू
त्यहीं रम्छन् सारा मधुर लयका साधकहरू
यी हुन् पन्छीजस्ता चिरबिर गरी प्रेम रचने
जुनै वन्मा धाऊन् अमरपुरको रङ्ग भरने।

बगर्जस्तो आँगन्, अमिट रजनी क्लान्त घरको
धूलोमैलो धर्ती, पतझड भनौं ग्रीष्मभरको
जसै पर्छन् पाउ टुकटुक भरी कोमल कला
उज्याला भै खुल्छन् भुवनभरका सुन्दर तला।

जहाँ छैनन् साना शिशु कदमका छाप रसिला
जहाँ छैनन् प्यारा हृदयलहरी सौम्य भरिला
त्यो धर्ती के धर्ती, अति बिरसिलो शुष्क सरिता
जहाँ हुन्नन् तारा, कसरी नभको साख रहला?

सुनैको घर् कस्तो विरह चलने निर्जन पुरी
बिना लालाबाला सब सदन हुन् शून्य नगरी
तिमी धाऊ, जाऊ, कुन मुलुक हो स्वर्ण त्रिपुरा
म त जान्छु, बस्छन् जुन नगरमा बाल-बबुरा।

●

रोशन पुन

# 'बा'



अनुभूतिहरू छन् हावाजस्तै हलुङ्गा
र सपनाजस्तै श्यामश्वेत स्मृतिहरू छन्।

मैले जितेको
मेरो आफ्नै लघु इतिहास छ
जहाँ मैले हरेक युद्धमा
बालाई पराजित गरेको छु
र आमासँग विजय उत्सव मनाएको छु।

बाल्यकालभरि
हिर्काएर बाको ढाड
बनेको छु राजा
र बालाई घोडा बनाएर खेदेको छु।

न खान मिल्ने अनुभूति
न पिउन मिल्ने स्मृति
तैपनि
धेरैथोरै
आत्मविश्वासको मुहान भइदिन्छ अनुभूति
र साहसको विमान उभ्याइदिन्छ सङ्ग्रामअघि
मुस्कानको कारण भइदिन्छ स्मृति
र पखालिदिन्छ तत्कालीन आँसुका नदीहरू।

बाले दिएको आत्मविश्वासको त्यान्द्रो छ
जो समाएर हिंड्न सकेको छु समयसँगै
बाले दिएको सानो साहस छ
जहाँ उभिएर दौडन तम्सेको छु
जिन्दगीको म्याराथन
चिनेको छु

बाले सिकाएको उज्यालो श्रमलिपि
जसले बनाएको छु गन्तव्यको मार्गचित्र
लेख्न सकेको छु
दु:खको अर्थ र खुसीको परिभाषा।

बाले मेरो अनुहारमा हेरेर कल्पने
आशाभन्दा कैयौँ गुणा भयावह
बाले मेरो कर्ममा गर्ने भरोसाभन्दा
कैयौँ गुणा
धेरै माया र प्रेम
मैले जफत गरेको छु
बाको अबोध इमानबाट
जो संसार बेचे पनि
जमानत हुन सक्दैन
मेरो छातीको कारागारबाट।

●

श्वेता अधिकारी

## एक्लो मन



खुल्ला पाना छ
तर लेख्नेलाई केही छैन
मनमा धेरै पीडा छ, तर
पोख्नलाई कोही छैन।

न सुन्नलाई कोही व्यक्ति नै छ
न त सम्झाउनलाई
केवल यही एउटा मन छ
शान्त र शब्दविहीन हुनलाई।

●

युग 'सर्वनाम'

# एक अभ्यस्त इच्छा



कहिले
उडाउला समयको हावाले
यो रित्तो प्राणको अस्तित्व ?
चकनाचुर छु
आफ्नै सपनाहरूबाट

आँधी ल्याएर दौडिन्छ
मस्तिष्कको ढाडैढाडमाथि
शृङ्खलाबद्ध भविष्यका योजनाहरू

आँखाको डिल भत्काएर
भागिदिन्छ एकान्त
र, शून्य हुन्छ समयको मझेरीमा

मरेतुल्य बनाउँछन्
ढाडस देखाएर मेरो छेवैछेउ
कुद्ने यी हावाहरू

मरणासन्न यो जिजीविषा
अलौकिक भएर उभिदिन्छ
समयको सँघारछेउ

सपनाको चुरे पहाडबाट जब म खस्छु
काँडाहरूको ढाडमाथि

फेरि कोतरिदिन्छ
समयको डेगनाले बसालेका
नीलडामहरू
अनि सम्भोग गर्न लाग्छन्
चुराजस्ता यी मनसँग
अव्यवस्थित चाहनाहरू

बगरजस्तो उराठ ओठमा
दौडिन्छन्
कृत्रिम हाँसोका केही लस्करहरू

बाँचिदिन्छन्
एक समयसम्म आफ्नै छायाको
अस्तित्व मेट्दैमेट्दै एक
बुख्याँचा जीवन


यी जीर्ण सपनाका थाङ्ना
अस्तव्यस्त गोरेटाहरू
छुट्टिएको सम्बन्धको धागो

जसले
अनवरत निमोठिरहन्छ
आफ्नै पाइलाअगाडि टुसाउँदै गरेको
एक अभ्यस्त इच्छा।

●

अस्मिता मानन्धर

## अस्तित्व



आज घाँटी
भोलि कुम
पर्सि ढाड
यस्तैयस्तै छ
मेरो व्यायामको तालिका।

मेरो कुप्रिएको आकृतिले
भन्दै छ मलाई–
अलिकति समय आफैलाई
अलिकति सम्मान आफैलाई।

मेरो कदको साँचो उचाइ
उठेर हेर्ने मन छ अब
मेरा लागि बारिएको बक्साभन्दा बाहिर
जीउभरिको मांसपेशी तन्काएर
फैलिने मन छ अब।

हुर्किंदै गरेको उमेर देखी
अवरोध र अपेक्षाहरूको बोझतल
आफ्नो उचाइलाई खुम्च्याईखुम्च्याई
समाजको सङ्कोचअनुकूल समायोजित भइदिएँ।

आज म फैलिएकोमा
क्षमाप्रार्थी हुने छैन
मेरो विचार उछिट्टिएर लाग्छ तिमीलाई
मेरो गल्ती बिलकुल हुने छैन।

पहिलो चरणमा
आफ्नो सम्पूर्णतालाई
स्वयम् स्वीकार गर्दै छु
स्वयम् सँभाल्दै छु।

त्यसैले
आज घाँटी
भोलि कुम
पर्सि ढाड
यस्तैयस्तै छ
मेरो व्यायामको तालिका।

आज विचार
भोलि आवाज
पर्सि कलम
यस्तैयस्तै छ
मेरो आयामको तालिका।

●

कमलराज केसी

# देश र हरिया झिँगाहरू



वर्षौं भो
तिक्खर गनाइरहेछ
राज्यसत्ताको बेवारिसे लास
र वरिपरि भुनभुनाइरहेछन्
हरिया झिँगाहरू
पूर्वसामन्त शासकद्वारा निर्मित
प्राचीन दरबारको
ऐय्यासी खोपीभित्र
सर्वाङ्ग उत्तानो पल्टिरहेछ
सत्ताको लास
र त्यही लासलाई
सम्भोग गरिरहेछन्
वर्षौंदेखि
हरिया झिँगाहरू।

उहिल्यै हो
विज्ञानका पाइतालाहरूले
चन्द्र धरातल चुमेको
दिनानुदिन केही न केही
नौलो आविष्कार भइरहेछ
विज्ञानको दुनियाँमा
तर हाम्रा लागि भने
यी नाथे झिँगाहरू
उभिएका छन्
चुनौतीको पहाड बनेर।

वर्षौं भो
सत्ताको लासबाट आइरहेको
दुर्गन्ध हटाउन
सारा पर्यावरणभरि

एन्टीस्मेल विषादि छर्कन थालेको
वर्षौं भो
यिनै झिँगाहरू मार्न
काला हिट
लाल हिट
र बेगनको प्रयोग थालेको
अहँ, अझै पनि
केही सीप लागेन हाम्रो
न त दुर्गन्ध नै हटाउन सकियो
न त झिँगाहरूको आयु नै घटाउन सकियो।

झिँगाहरू त झन्झन्
बलिया र शक्तिशाली भएर
आउन थाले
र फैलिन थाले बिस्तारै
सिंहदरबारदेखि बालुवाटारसम्म
सङ्घदेखि प्रदेशसम्म
राजधानीदेखि कर्णालीसम्म
सहरदेखि गाउँसम्म
अचेल जतातत‍ै बिगबिगी छ
उही हरिया झिँगाहरूको।

विज्ञानले यत्रो चमत्कार
गरिसक्दा पनि
हामी भने निरन्तर हारिरहेछौँ
यी नाथे झिँगाहरूसँग।

अब त यस्तो लाग्दै छ
सत्ता सिनोको दुर्गन्धमा
चौरासी व्यञ्जन डकारिरहेका
यी वैरी झिँगाहरू
आफैमा भयानक भाइरस हुन्
विज्ञानलाई नयाँ चुनौती हुन्।

पछिल्लो एक अध्ययनले भन्छ–
यी हरिया झिँगाहरूले
मान्छेलाई भन्दा पहिले
देशलाई नै सिध्याउने छन्।

●

मोहित जोशी

## इतिहासकारप्रति



इतिहासकार
तिमीले इतिहास लेख्दा फुटनोट हाल्न नबिर्सनुपर्ने!
हेर त, कस्तो ज्वरो आएको छ वर्तमानलाई।

तिमीले लेख्यौ
केवल हत्या, गुलामी र युद्ध मात्रै
तिमीले डाइनोसर लेखेर अस्तित्वको भय लेख्यौ
तिमीले भगवान् लेखेर इच्छाहरूको तीतो नैराश्य जन्मायौ
इतिहासको हरेक पानामा डर मात्र छरिदियौ।

सभ्यताको आयु चुहिनबाट रोक्न
हामीले इतिहास पल्टाइरहँदा
तिमी व्यस्त थियौ–
हरेक सभ्यताको उत्पत्तिमा लासहरू छर्न
आइमाईहरूलाई निर्बल साबित गर्दै हत्या गर्न
र तिमीलाई कहिल्यै फुर्सद मिलेन
बस, कुनै एक पानामा मात्रै भए पनि
एउटा सभ्य सभ्यताको कल्पनासमेत गर्न
यसै कारण अर्को सभ्यता फेरि असभ्य तरिकाले जन्मियो
नाइलको किनारमा, मिसिसिपीको किनारमा
बेबिलोनियामा, इजिप्टका पिरामिडहरूमा...।

हरेक पटक जब कुनै आइमाई मर्नुपरेको लेख्यौ
चाहे त्यो कुनै रानी मर्दा होस् वा कुनै दासी, कुनै प्रजा वा कुनै वेश्या...
तिमीले कहिल्यै देखेनौ–
त्यो आइमाईको घाँटीमा आफ्नी आमाको फाँसीको डोरी
आफ्नी बहिनी र पत्नीको निर्बलता
यसरी तिमीले लेख्दै आयौ इतिहासका पानाहरूमा
स्वर्ण अक्षरमा 'पितृसत्ता चिरञ्जीवी भव'।

इतिहासका हरेक युद्ध, दुर्घटना र षड्यन्त्र लेख्यौ
सबैभन्दा भयङ्कर युद्ध हुँदा सबैभन्दा सानदार भनी लेखिदियौ...
जुन शासकले जति धेरै मान्छे माऱ्यो
तिमीले उसलाई त्यति नै चक्रवर्ती सम्राट् घोषणा गऱ्यौ
जसका सबैभन्दा धेरै गुलाम भए उसलाई सर्वशक्तिमान कहिदियौ
र अमर करार गरिदियौ उसैलाई इतिहासका पानाहरूमा
यसरी वर्तमानलाई नेपथ्यबाट शासन गरिरहेछ
अमर शासकहरूको जोम्बी मस्तिष्कले।

वर्तमान डराउँछ– फेरि कुन सोक्रेट्सले कहिले पो जहर पिउने छ?
वर्तमान डराउँछ– फेरि कुन शङ्कराचार्यले कहिले पनि कुनै बुद्धलाई
भगवान्को अवतार बनाउने छ?
वर्तमान डराउँछ– फेरि कुन कोलम्बसले
कहिले पो नयाँ अमेरिका पत्ता लाउने छ?
वर्तमान डराउँछ– फेरि कहिले पो होलोकस्ट पस्नुपर्ने छ?
वर्तमानको निधारमा पसिना आएको छ
वर्तमान बिरामी छ।

युगको हरेक कालखण्डमा
इतिहासको छायाले वर्तमानलाई अँध्यारो बनाएको छ
इतिहासको छाया हो विश्व युद्ध, भियतनामी युद्ध, चिनियाँ जनयुद्ध...
इतिहासकै छाया छ प्यालेस्टिनी बच्चाहरूमा, सिरियन बच्चाहरूमा...
मेसोपोटामियामा सुरु भएको गुलामीको छायाले ग्रिस छोयो
ग्रिसको छायाले रोमन साम्राज्य ढाक्यो
र यही शृङ्खलाको छाया अहिले संसारका सबै मजदुरमा छ

इतिहासको क्रूर छाया जब कुनै साधारण मान्छेमा पर्छ
ऊ चीत्कारबाट एडोल्फ हिटलर बन्छ
ऊ कविबाट ओसामा बिन लादेन बन्छ
इतिहासको छायाले बनाउन सक्छ बुद्धलाई पनि पोलपोट
इतिहासको छायाले जन्माइरहन्छ मुसोलिनी, गद्दाफी र किम जोनहरू।

किन कहिल्यै कुनै साधारण मान्छेले स्थान पाएन तिम्रो इतिहासका पुस्तकहरूमा ?
किन कुनै माझीले जीवनभर डुङ्गामै जीवन बिताएको इतिहास लेखेनौ ?
किन कुनै हुलाकीको जीवनकथा छैन तिम्रो इतिहासमा ?
किन लेखेनौ सिकन्दर महान्भन्दा महान् उसलाई महान् बनाउने मजदुरहरूलाई ?
किन हत्या, हिंसा, रगत, लास... मात्रै छ इतिहासमा ?
किन डर, त्रास, अस्तित्वको लडाइँ, भेदभाव मात्रै छ तिम्रो इतिहासमा ?

ओ इतिहासकार !
तिमीले नै हो तिम्रो इतिहासको किताबमा रगत लतपत्याएको
तिमीले नै हो त्यसमा खोपडीहरू जल्दाको बास्ना अटाएको
भिजेको छ त्यो किताब मेरै आमा, बहिनी र पत्नीको आँसुले
भिजेको छ त्यो किताब संसारभरिका जनता र मजदुरहरूको आँसुले
र ठाउँठाउँमा च्यातिएको छ काला-गोराले लुछ्दा
अनेकन् धर्मावलम्बीले लुछ्दा र अरू-अरूले लुछ्दा... ।

त्यसैले अब म लेख्दै छु नयाँ किताब
जसमा म इतिहास होइन, भविष्य लेख्ने छु
र, हटाइदिने छु गुलामी
मैले मजदुरहरूका हातका मेटिन लागेका रेखाहरू पढेको छु
मैले हातै नभएका मजदुरहरू पनि देखेको छु
हटाइदिने छु भेदभाव र पितृसत्ता, मलाई आफ्नी छोरीको माया लागिरहेछ
हटाइदिने छु युद्ध, मारकाट, हिंसा; मलाई सन्चो पार्नु छ वर्तमानलाई।

मलाई बस यत्ति डर लागिरहेको छ–
भविष्यमा इतिहासकारहरू यो घटना कसरी लेख्लान् ?

●

केशव सिग्देल

# एउटा बहुलाको सुसाइड नोट



एउटा रूख ढल्यो
र मुढो बन्यो।
रूखले बाँचेको समय पनि ढल्यो
र इतिहास भयो।
मान्छेले इतिहास खनीखोस्री गऱ्यो
र स्मृति बन्यो।
त्यही स्मृति फेरि मुढामा खोप्यो
र जीवनको नयाँ बान्की बन्यो।

*झ्यालबाहिर अब कुनै रूख बाँकी छैन।*

●

अरुणा वैद्य

# मन्दिरको मौन घण्टा म



युगयुग झुन्डिएर
श्रद्धालुहरूको उपस्थिति बुझ्ने
एउटा अवैतनिक पहरेदार
मन्दिरको घण्टा म आजभोलि बेरोजगार छु
मौन छु
मेरा आवाजहरू मौन व्रतमा छन्
भङ्गको उर्दी म पर्खिरहेछु
यस्तो समय थियो कि
मौसमको कुनै पर्बाह थिएन
समयको कुनै बन्देज थिएन
ऋतुहरू त आउँछन्, जान्छन्

तीसित मलाई रङ फेर्नु थिएन
केवल बजिदिनु मेरो धर्म
सङ्गीतबाहेक मेरो बोली छैन।


निपुण नृत्याङ्गना थिएँ
ममाथि
आस्थामय कोमल प्रहारहरू हुन्थे– पाउजू बज्थे मेरा
पीडा पोखिन्थ्यो– निर्मम नृत्यको झङ्कारमा झुम्थेँ
तनाव बिसाइन्थ्यो– कर्कश क्रन्दनमा कर्णप्रिय पदचाल पाउँथेँ
थप्पडहरू थापेर सधैँ
लयमा लय मिलाउँदै आर्तनाद-नृत्यमा उमङ्ग गाउँथेँ
सनातन आस्थाको निनाद बनेर
वायुमण्डलभरि पवित्र उडान भर्थेँ
झुन्डिएर पनि एकै ठाउँ म स्वतन्त्र थिएँ।

शरीरका चक्रचक्रहरूमा
नाडी र सुषुम्नाहरूमा
धड्कन र धमनीहरूमा
मुटु र मस्तिष्कहरूमा
तरङ्ग-तरङ्ग ऊर्जा फैलाएर
दिव्य चेतना जागृत गराउने
आफै आजित मेरा अलौकिक आवाजहरू
अहिले शान्त भुमरीमा सुषुप्तिएका छन्
भित्र मन्दिरमा विराजमान देवता मौन छ
बाहिर झुन्डिएको म
पनि मौन छु।

●

## सुरेश हाचेकाली

# सतीबिसौना



ओ बन्दुकधारी व्याधा!
तिम्रो कुसंस्कारको आग्नेयास्त्रले
बन्दै गरेको भ्रूण भत्किने भो
गर्भिणीको कोखभित्र

महुरे डाँडा नै शोकसन्तप्तजस्तो
सतीबिसौनाको छेउछाउ
कसैको मुसलधारे रुवाइले
निथ्रुक्कै भिजिरहेको छ
यो चैते जङ्गल र उजाड नाघी

लिस्नोको फेदमा
जामाको बाहुलाले
सिँगानको बालसुलभ लालित्य पुछ्दै
बिलौनाको लय गुनगुनाइरही एउटी बालिका
एकोहोरो शङ्ख
जीवन विरुद्ध बजिरह्यो आँगनमा

अङ्गप्रत्यङ्गमा
प्रेमको खोलो उर्लिरहेकी उनीलाई
दूधकोशी बगरको रँबुवा घाटमा
धूवाँको लिस्नो चढाएर
सतीत्वको पुण्य प्रदेशमा पठाउँदै छन् उनीहरू

चारकुने आँगनमा बालन नाच्दानाच्दै
आँखा छलेर एकपक्षीय हेर्ने कोही
आँसु रसाएका ओसिला आँखाले
मरन पाटीको पल्लो कुनाबाट
आज पनि
लुकीलुकी हेर्दैहोला उनलाई

आगोको अँगालोमा समाहित हुनुअघि
माइती गाउँतिर फर्किएर
जन्मदाता, मितिनी
र इष्ट देवता सम्झिन् होला उनले

हिजो रातभरि
एउटै अँगालोमा निदाएको
पाटे बाघजस्तो उनको लोग्ने
हरियो बाँसको बिछ्यौनामा
आजीवन नब्युँझने गरी निदाइरहेको छ आज

पृथ्वीको एउटा अँध्यारो देशभित्र
अँध्यारो परम्परा बाँचिरहोस् भनेर
एक रचयिताको शरीरभरि
निरपेक्ष आगो दुरुपयोग भयो।

●

मोमिला

# उज्यालोको गीत गाउँदै...



उज्यालोको गीत गाउँदै
अँध्यारोतिर बढिरहेकी
ऊ को होली!

सहरका गल्लीहरूमा
गाउँको सुगन्ध छर्दै हिंडेकी
ऊ को होली!

भारीले शिर निहुरिए पनि
उसको इमानको शिर ठाडो लाग्छ
दृष्टिले कथित सौन्दर्य नाप्न नसके पनि
श्रमको सौन्दर्यमा धपक्क बलेझैँ लाग्छ

हुन त
बोकिएका धागाभन्दा लामो होला
उसले पार गरेको दुःखको बाटो
ती धागाभन्दा बढी जेलिएका होलान्
उसका अधुरा सपनाहरू
ती धागाको रङझैँ पहेँलिएर झरे होलान्
जन्डिस लागेर लखतरान रहरहरू

धागो बोकेर तानसम्म हिंडिएका
आफ्ना हरपाइलाको हिसाब राख्छे ऊ
र सधैँ भुल्छे...
तर, हरदिन एकबाट गन्न छाडेकी छैन
सुन्दर गलैंचाको परिकल्पना गरेर ऊ
तान हाल्छे र गलैँचा बुन्छे
तर, गलैंचा भने कहिल्यै बिग्रँदैन

अरूको नाममा बुनिएको गलैँचा
जतिजति पूर्ण हुँदै जान्छ
उसको जिन्दगीको आर्किटेक्ट भने
क्रमशः बिग्रँदै जान्छ

सुनसान रातमा उसले गलैंचा बुन्दा निस्केको
चुराको विरही सङ्गीत सुन्ने उसको प्रिय
यतिखेर खाडीमा
अतृप्त आत्मा बनेर घुमिरहेछ

हिसाब बिग्रिएको आफ्नै जिन्दगीबाट बेखबर
कर्मको पाठशालामा भविष्य घोकिरहेकी ऊ
हावाको झोक्कासँगै हेलिंदै गरेकी
किनाराहीन लहर ऊ
आफै ठोक्कर खाएको ढुङ्गालाई पूजा गर्ने
सादगीको उपमान हो ऊ

उसैले बुनेको मुलायम गलैँचाजस्तो सुन्दर
उसको जिन्दगी किन हुन सकेन!?

●

अन्जान 'प्रदीप'

# रक्तबीज र निसानीहरू



केही निसानीहरू बाँकी छन् अझै।

इतिहासको भित्तामा
जति पोतिए पनि कुरूपता
कुनै छिद्रबाट
अझै चियाइरहेछ
सौन्दर्यापेक्षी सभ्यता।

जति जलाइए पनि किताबहरू
आफ्नै अस्तु उधिन्दै
निस्किँदै छ अर्धमृत भाषा
र
पुतपुताइरहेको धूवाँमा
लेखिँदै छ बोधको अर्को व्याकरण।

सत्ताको मन्दिरबाट
शक्तिको लाउड स्पिकरमा
जति घन्काए पनि चाकडीको भजन
अझै सुकेको छैन सडकछेउको निरीह आवाज।

जति फ्याँके पनि बम, गोला र बारुद
जति बनाइए पनि आणविक हतियार
जति सिर्जे पनि त्रासको अनन्त महाभारत
अझै मक्किएका छैनन् चेतना र विचार!

केही निसानीहरू बाँकी छन् अझै
म तिनै निसानीहरू सँगालेर

बनेको हुँ रक्तबीज
र अझै तयार हुँदै छन् सहस्र रक्तबीजहरू!

केही निसानीहरू बाँकी छन् अझै
र
प्रत्येक नयाँ पिंढीको खोज
यिनै निसानीहरूबाट सुरु हुने गर्छ।

●

अमिता कँडेल

# संयोगले सुरक्षित म



संयोगले सुरक्षित म
कोठामा बसेर कविता लेखिरहेकी छु
असुरक्षितहरूका आँसुको मसीले

सायद मेरो भागमा धेरै संयोगहरू परे
त्यसैले सुरक्षित छु
त्यसैले जिउँदो छु
तर जुनसुकै बेला बनाइन सक्छु निर्मला पन्त
यो मुर्दाहरू बाँचेको समयमा!
लुछिन सक्छु
न्यायको तराजु नै बिक्री भएको यो समयमा
आधुनिक समयको तराजुमा जोखेर
बिक्रीमा राखिन सक्छन् मेरा अङ्गहरू
मोलभाउ हुन सक्छ मेरो
कतै बेचिन सक्छु म!

संयोगले सुरक्षित म
अनुहारमा मुस्कान फुलाएर
डुलिरहेकी छु परिचित गल्ली र गोरेटाहरू

तर मेरो अनुहारको मुस्कानमा
कुनै पनि बेला छ्यापिन सक्छ एसिड
मुस्कान जलेर
झर्न सक्छन् अनुहारबाट
बनाइन सक्छु
मुस्कान हराएकी मुस्कान खातुन!

सपनाको जुलुसबाट निस्किएर म पनि जानुपर्छ कसैको घर
त्यहाँ पनि म जल्नुपर्ने हुन सक्छ दहेजको आगोमा!

संवेदनाहीन सभ्यता बाँचेकाहरूले
जुनसुकै बेला गर्न सक्छन् मेरो बलात्कार
जुनसुकै बेला छ्याप्न सक्छन् अनुहारमा एसिड
लिङ्गलाई आधार मानेर
बाँच्ने अधिकारमा धेर र थोर भाग लाउनेहरूले
जुनसुकै बेला अपदस्थ गर्न सक्छन् मबाट जीवन

तर म चिच्याइरहन्छु
यो समयको कानको पर्दा च्यातिने गरी
थरथरी काँप्ने गरी संवेदनाहरूको आत्मा जल्ने गरी

संयोगले सुरक्षित म
यस बेला चिच्याइरहेछु
असुरक्षितका आँसुले भत्किएर
तिनकै आँसुको मसीले लेखेको हरफबाट!

●

अस्मिता पौड्याल

# प्रेमको इन्द्रेनी

छोइन्छ भनियो, टाढै बसेँ
माथि हेर्नु हुँदैन भनियो, नजर तल झारेँ



तर पनि
कसिँगरको पर्खाल छेडेर निस्कियो प्रेमको नदी
विभेदको पहाड नाघेर बहन थाल्यो प्रेमको बतास

बोल्नु हुँदैन भनियो, मुख बन्द गरेँ
मन्दिर पुज्नु हुँदैन भनियो, मनलाई पुजेँ

तर पनि
जिउँदो परम्पराको गलैँचा कुल्चेर हिंड्यो प्रेमको खुट्टा
बार्नुपर्ने पानी पिएर मेटियो प्रेमको प्यास

मुखमुखमा झुन्डिए पनि अन्तरको आवाज
मुटुलाई पत्थर बनाएर हाँस्न
सक्छु जस्तो लागेन

आँखाआँखामा छुट्टिए पनि रङहरूको विभेद
प्रेमलाई जहर बनाएर बाँच्न
सक्छु जस्तो लागेन

किनकि
दोबाटोमा मौन मनहरू ठोक्किएर
निस्केको प्रेमको धुन पछ्याउँदै
हिंड्ने नदीको बाटो कसैले रोक्न सक्दैन

गुलाफको सुगन्ध बोकेर बहने
बतासलाई कसैले नछोइ भन्न सक्दैन

लाग्छ
क्षितिजमा टाँगिएको
इन्द्रेनीलाई हृदयमा सारेर
लपक्कै पोतिदिऊँ प्रेमको रङले

ओढाइदिऊँ समानताको विशाल छाता
ताकि

कसैको उचाइ भन्न नसकियोस्
कसैको गहिराइ खन्न नसकियोस्

किनकि
उध्रिरहने चोट सिलाइरहनुपर्छ
जसका लागि प्रेम बाँचिरहनुपर्छ।

●

नीरज दाहाल

## भकारी



गाउँमा प्रौढ शिक्षा पुगेको वर्ष
बाआमाले धान र भकारी लेख्न सिके
पढेका छोराबुहारीले सिके
बनाउन जमिनका तिलस्मी नक्साहरू।

घाम बोलाउलान् निधारमा
र जून बोलाउलान् छातीमा भनिरहेको बेला
आफ्नै छोराहरूले अमिन र समाज बोलाएपछि एक दिन
बाले करेसा बारीबाट छोराहरूलाई हेर्दै भने–
'ठीकै छ, कुरा विश्वासको छ।'

कुरुवंशको राज्यको नक्साजस्तै देखिने बादल लागेको
एउटा धूमिल दिन
भागबन्डामा पऱ्यो
बाले पसिना सिँचेर बचाएको गौरवको लिखत
आमाले आँसु सिँचेर बचाएको पुस्तैनी अस्मिता।

बैंसी खेत जेठाले लग्यो
कुलो लाग्ने पाखो माइलाले
बाआमा भएको घरबारी कान्छाले राख्यो।

आमाले सोचिन्– एउटै कलेजोको सिरानी पनि बाँडियो।

वर्ष दिनपछि आएर जेठो छोराले भन्यो–
'बा! तपाईंको नाति भोकले मर्ने भयो।'
बाले बिना प्रतिप्रश्न भकारीको एक अंश थमाइदिए।

केही दिनपछि
माइलो आयो र भन्यो–
'बा! तपाईंकी नातिनी रोगले मर्ने भई।'
आमाले निःशब्द लगाइन् भकारीको अर्को अंश
र भनिन्– 'लैजा, बेचेर उपचार गर्।'

खिइरहँदा घरभित्रको ढुकुटी
आँखामा सन्तोष उमारेर हाँसिरहे बूढा बा
निधारभरि उमेरका रेखाहरूले लेखिरहिन् आमाले
प्रेमको कखरा– 'नपुगे फेरि आउनू।'
कान्छो छोराले त्यसै भकारीबाट
अलिकति धान झिक्यो र ब्याड बनायो
लहलह हरियाली हुर्कायो खेतभरि
र समयसँगै फुलायो सुन गरागरामा
अर्को वर्ष भण्डारको कोठामा अर्को भकारी थपियो।

दुई भकारी देखेपछि
बाले कान्छो छोराको शिरमा हात राखेर भने–
'कान्छा! माटो कमधेनु हो
सधैँ माया गर्नू, तेरा हात अक्षयपात्री हुने छन्।'

आमाले भान्सा कोठाबाट भनिन्–
'खोसेको कुरा त म भन्न सक्दिनँ,
मागेर लगेको कुरा मान्छेले अवश्य फिर्ता गर्छ
सास भए उसैले, नभए भगवान्ले।'

●

रेणुका जीसी

# प्रश्नसहित उभिएकी उहिलेकी एक अबला



'छोरी मान्छेले बल खेल्नु हुन्न
जा, आमालाई सघा!'
कलिलो मुटुभित्र सियो भएर पसेको
एक झोक्का आवाजको आडमा
अहम्ले उज्यालिँदै तिमी
कहिले दाजुभाइ बनेर
कहिले बाबु, कहिले प्रेमी र पति भएर आयौ
र खोस्यौ
मैले खेल्दाखेल्दैको बल
बलसँगै तिमीबाटै
उहिल्यै खोसिएथ्यो आत्मबल पनि।

मान्छेबाट छोरी मान्छे बनाउन
खोयाबाट मकै छोडाएझैँ
एकएक गरी छोडाएर पन्छायौ
मेरो अस्तित्वबाट मेरा रहरहरू, खुसीहरू।

नाच्दै गर्दा बढ्दै गरेका छाती नाचे!
पैतालाले सङ्गीतसँग प्यार जानेन
कोठा नै उचाल्ने गरी नहाँस्
खुसी पनि ओठसम्म आउनै मानेन
– शिर झुकाएर हिंड्
– पैताला बिस्तारै चाल्
– जवाफ नफर्का
– मुख नखुम्च्या
ओहो!
लक्ष्मणरेखाभित्र खुम्चिँदाखुम्चिँदै
सास फेरिरहें तर बाँच्न बिर्सिएँ
कपाल लम्बियो, चाहनाहरू गुजुल्टिँदै गए

कपडा लम्बिए, यात्राहरू छोटिँदै गए
शरीर रङ्गीन, मन रङ्गहीन भयो।

– तँ त घरकी लक्ष्मी पो
गाई बनेँ
– आमा, धरती पो
निर्बाध छातीमा कुल्चिन दिइरहेँ।

म खेलौना चाहन्थेँ
बनेँ तिम्रा अनेक खेलकी निरीह पात्र
रङ्गिन चाहन्थेँ
असह्य भयो मेरो व्यक्तित्वको रङ्ग
र त गायब गरिदियौ मेरो अस्तित्वको क्यानभास।

सहँदासहँदै सहनै भुलेकी छु
रुँदारुँदै रुनै भुलेकी छु
अब आँसुमा मिसिएको छ तेजाब
सहनशीलताभित्र पसेको छ प्रश्न
सकिनु छैन मलाई
धीरताको पाठ
म अझै भीडमा अवश्य छु
तर प्रश्नका लागि उठाएकी छु हात
पर्खिरहेछु तिमीसित जवाफ।

अब त बुझ
म तिम्रो परम्पराको कारखानामा तयार भएको डमी हैन
डमीले हात उचालेर प्रश्न सोध्दैन।

●

रोहित ढुङ्गाना

# सेतो तन्ना



मेरा बाले तिम्रो घरमा चाहिनेजति
एकसरो दहेजका लागि
ठेलागाडामा सहरसम्म पुगेर
दाउरा बेचे
इज्जत बेचे
पसिना बेचे
श्रम बेचे
अनि सुखको अनुभूतिबिनै
सम्पूर्ण दुःख बेचे छेदीलाल!
तिमीलाई किन्नुपूर्वै
जुन बेला तिमीले जितिया खाने निहुँमा
बोलाएका थ्यौ सुटुक्कै
र गिजोलगाजल पारी
क्षत बनाएथ्यौ तिम्रा बामा समाजको
अक्षत योनिको प्रमाण!
जति बेला गरेनौ मलाई प्रामाणिक प्रेम
गरेनौ पवित्र वीर्य दान
अतृप्त युगको कामुक वासनाले मत्त भएर
ओछ्याएनौ सुहागरातको प्रमाण
चिथोरेर सिमलकाँडे बैँस
थकान मारेका थ्यौ तिमीले
बिहेको रात...।

म फेरि पनि भन्ने छु छेदीलाल!
त कसरी देखाउँछौ मेरो अक्षत योनिको प्रमाण
भोलि बिहान तिम्रा बामालाई सेतो तन्नामा?
कहाँबाट ल्याएर दल्छौ आलो रगत?
शिथिल लिङ्गले थकान मारेको बेला
झर्दैनन् रगतका फाल्साहरू मेरो भगबाट
र छिर्का हान्दैन रगतले सेतो तन्नामा

उठ्ने छिन् तिम्री आमा
भोलि बिहानै कौतूहल लिएर
र भन्ने छिन्–
'...बहुरिया/कनिया! धोके सुकइह तोहरा प्रमाण!'
देखिने छैनन्
सुकेर कटकटिएका रगतका राता दाग
सुहागरातमा बिछ्याइएको प्रमाणमा
पुग्ने छैन प्रमाण श्वेत सायामा
अनि सुरु हुने छन् पतुरिया, रन्डिया गाली
दृष्टि र शङ्काको एकसाथ भारी वर्षा
निमोठिने छन् एक गोजी रहर
लतपतिने छन् इत्तरिएका अभाव र आवश्यकता
बरालिएको यौवनमा–
छरिने छन् घाँसका त्यान्द्राजस्तै खुसीहरू
भाका नपुगी कुठाउँमा झरेको
चौलानीजस्तो पातलो वीर्यले
खै कसरी बनाउँछौ मलाई आमा?
नपुंसक रातले कसरी दिन्छौ तृप्ति मलाई?
मेरो उत्तेजनामा–
र चुहाइदिन्छौ दुईतीन थोपा रगत?
भो, मलाई बुद्ध जन्माउने वीर्य होइन
प्रमाण देखाउने पुरुषत्व चाहिएको छ
मलाई
आइन्सटाइन र पिकासो जन्मने शुक्रकीट होइन
सेतो तन्ना रङ्गिने रगत चाहिएको छ
गान्धी, देवकोटा, ग्वे भारा र व्यास जन्मने पाठेघर होइन
अक्षत प्रमाण देखाउने लिङ्ग चाहिएको छ
जसले मात्र देखाउने छ
भोलि बिहानै सेतो तन्नामा
मेरो प्रमाण
भन छेदीलाल!
कसरी देखाउँछौ
भोलि राता रगतका टाटा लागेको

सेतो तन्ना ?
रातो रगत ?
र अक्षत योनि ?

●

लक्ष्मण सङ्गम

## झर्नु



झर्नु त त्यसरी झर्नु
जसरी हिमालयबाट सञ्जीवनी
जस्तो सहिष्णुता बोकेर
पहाड हुँदै तराईतिर झर्छ चिसो र पवित्र हावा
जसरी अटल पहाडका ढुङ्गा र
ढुङ्गाजस्ता कठोर मनहरूलाई चोख्याउँदै झर्छन् झर्ना र नदीहरू
सपनाका रङहरू देखाउने इन्द्रेनी जसरी झर्नु
किसानका आँखाको वर्षा थाम्न झर्ने मौसमी वर्षा जसरी झर्नु
तिमी त असिना जसरी झर्न खोज्छौ।

अझ छुट्टिएरै झर्ने मन भए पनि
पहेंलिएर रूखबाट झरेका पात जसरी झर्नु
जसले रूखलाई नयाँ जीवन दिन्छन्
सर्पको शरीरबाट झरेको काँचुली जसरी झर्नु
जसले नयाँ जीवन देओस्
तिमी त घर छोड्दाखेरि बाआमाका
बूढा औंलाले आशीर्वाद मिसाएर
निधारमा टाँसिदिएका अक्षता जसरी झऱ्यौ
मलाई त भाग्य नै झरेको अनुभूति हुँदै छ।

जीवनको आयु बताउने थोपा जसरी झरेको भए पनि हुने
हरेक दिन कुनै रिस, राग, द्वेष नबोकी
पोल्टाभरि प्रेम र सद्भाव बोकेर गाउँबाट बेंसी

झर्ने गाउँले जिन्दगी जसरी झरे पनि हुने
तिमी त आफ्नै उज्यालो भएर पनि
बत्तीको उज्यालोतिर झरेको जूनकीरी जसरी झऱ्यौ
तिमी त नझर्नुपर्ने ठाउँबाट झऱ्यौ।

सबैलाई हँसाउने गरी झर्ने भए सूर्यचन्द्रको उज्यालो जसरी झर्नु
तिमी त ताराहरू जसरी झर्न खोज्छौ
संसारकै अग्लो ठाउँबाट झर्ने मन भए
सफल आरोहण गरेर सगरमाथाबाट झर्नुपर्ने
तिमी त कुनै जहाजबाट झऱ्यौ।

तिमी त हातबाट सिसा झरेझैँ झऱ्यौ
अब त बटुलूँ भने हात काट्छ, छोडूँ भने मन फाट्छ
आँखाबाटै झर्ने भए हर्षाश्रु बनेर झर्नुपर्थ्यो
तिम त बूढा बाआमाका आँखाबाट झरेको आँसु जसरी झऱ्यौ
जो आफू मात्रै बगेन, खुसी र आयु पनि सँगै बगायो।

●

वीरेन्द्र जैसी

## पहाड धानिरहेकी नारीको मनोदशा



कहिलेकाहीँ
समातेर आकाशका दुई छेउ
जोडिदिन मन नलाग्ने कहाँ हो र
जून र सूर्यलाई ?

तर यति विवश छु कि
वर्षौंपछि पोल्टामा आइपुग्ने आफ्नै सिउँदोको सूर्यलाई पनि
गाँठोपारि राख्न सक्दिनँ
कम्तीमा एक याम पनि।


चिसो सिरेटो चल्ने रातमा
सम्झनाको कुहिरोले स्याँठिएर
सूर्यको न्यानो कल्पनु कति पीडादायी हुन्छ
मलाई भलिभाँती अनुभूति छ
त्यै भएर त निदका आँखा नखुल्दै
निस्कन्छु खरछानाबाट बाहिर
बादलको चेपबाट झरिरहेको जूनको आँसुलाई
शिरमा थापेर सहानुभूति दर्साउन।

फेरि कहिलेकाहीं सम्झन्छु
मेरो सूर्य पोल्टामा आइपुगेको बखत
न्यानो दिनुभन्दा बढी
अहम्को तातोले डामेको
त्यति बेला भने लाग्छ–
कहिल्यै नभेटिने गरेर छुट्टिएरै भाग्यमानी छे जून
उसले मजस्तै सहन सक्दिन थिई होला
सूर्यले डामेको।

●

संयोग बस्याल

# न्याय उवाच



तलै दब्छ, उठ्दैन आवाज मेरो
हिजोआज चल्दैन है राज मेरो
बडे गिद्ध छन् ऐनको मेचमाथि
ठुँगी बस्दछन् न्यायलाई समाती।

दुवै नेत्र छन्, किन्तु देख्दैन कैल्यै
मसीले कुनै शब्द लेख्दैन कैल्यै
छ कापी अगाडी, त्यहाँ वर्ण छैनन्
र अन्याय सुन्ने कुनै कर्ण छैनन्।

भएँ जिन्दगीमा म आफ्नै पुजारी
त्यसैले त ऐले भएको छ भारी
यही सम्भँदै चक्षुले छाड्छ पानी
अहो! यत्तिकैमा गयो जिन्दगानी।

तुलोले सही नाप नाप्दैन कैल्यै
उही उठ्छ अन्यायको पक्ष जैल्यै
कहाली नलाग्ने कुनै रात छैन
स्वयं जिन्दगीमा म आजाद छैन।

यहाँ गाँठका मात्र जो छन् अमात्य
जमाएर बस्छन् तिनै आधिपत्य
सिकारीहरूको म नै मूक द्रष्टा
फटाहाहरूको बनेको छु स्रष्टा।

लुगा उध्रिएभैँ सबै उध्रिएँ म
सियो छैन तीखो, सिऊँ के गरी म?
म फ्याङ्लो छु है तुच्छ गुन्द्रीसरी भैँ
म बस्दै छु ऐले सुकेको झरीभैँ। *(भुजङ्गप्रयात)*

●

नगेन्द्र सुवेदी

# मलाई बाजस्तै बन्नु छ



कपडाहरू पुराना भएपछि
खुइलिन थाल्छन्
बा तिनै रङ उडेका
कपडाहरू लगाइरहनुहुन्थ्यो
बा भन्नुहुन्थ्यो–
कपडा खुइलिनु भनेको
कपडामा नयाँ रङ आउनु हो

त्यसपछि मैले मेरा
हरेक लडाइँमा
कुदिरहेको म देखेँ
हरेक ठक्करमा
उडिरहेको म भेटेँ
मलाई उड्नु छ एक दिन
बाका ओठमा इन्द्रेनी भर्न।

गहिरो खोलाको
भड्सएको बगरदेखि
अग्लो रूखको
अकड्सएको टुप्पासम्म
बाका पैतालाहरू
सबैतिर पुगेका छन्
मलाई तिनै पैतालाहरूले
सिकाएका हुन्
गहिराइमा भड्सने त्राससँग लड्न
उचाइबाट खस्ने डरलाई जित्न
मलाई फरड्कलो भएर अग्लिनु छ
आकाशजस्तै
बाजस्तै।

फित्ते चप्पलको चुँडिएको लोतीलाई
बा कि त झुम्राले बाँधेर जोड्नुहुन्थ्यो
कि आगोले पगालेर
मैले ती चप्पलहरू बोलेको सुनेको छु
चुँडिनु भनेको सकिनु होइन
नयाँ स्वरूप पाउनु हो
आगोले भत्काउँदैन मात्र
जोड्ने काम पनि गर्छ
सायद त्यसैले होला
परिस्थितिका रड्पला लप्काहरूले
मेरो गन्तव्य निल्ने आँट कहिल्यै गरेनन्
बाले हाम्रो बोली नबुझिने उमेरदेखि

उहाँको बोली नबुझिने उमेरसम्म
माटो बनेर
हाम्रो पेटको सुरक्षा गर्नुभयो
बाटो बनेर
हाम्रा पैतालाको सुरक्षा गर्नुभयो
सजिलो छैन
अरूको सजिलोका लट्ठ्ग
आफ्ना सजिला सुम्पिएर
काँडैकाँडाको बाटो हिंड्न।

जसको आत्मविश्वास र परिश्रमको वज्रले
चट्टानको पहाडलाई
उर्वर माटो बनाउन सक्छ
जसको त्याग र समर्पणको बर्सातले
मरुभूमिमा महासागर खडा गर्न सक्छ
ती मेरा बा हुन्
सजिलो छैन
एउटा काँधमा पृथ्वी
र अर्को काँधमा समय बोकेर
बिना पुलको महासागर तर्न
मलाई बाजस्तै बन्नु छ।

●



मोमिला

एस्पी कोइराला

# जवानीमा जीवन हाम्रो



जवानीमा जीवन हाम्रो कल्पनामै बित्छ
उल्टो गिन्ती सुरु हुँदा सम्झनाले जित्छ

परीक्षा नि जिन्दगीले जिन्दगीकै लिन्छ
प्रश्न मात्रै हैन, आफै उत्तर पनि दिन्छ
आधी उमेर समस्याको सामनामै जान्छ
बाँकी जीवन भविष्यको कामनाले तान्छ

न त मिल्छ सापट लिन न उधारो कर्जा
उडी जान्छ उमेर आखिर, हुन्न सोधभर्ना
मृत्युसँगै मर्छ हाम्रो जीवन मार्गचित्र
रहस्यको पर्दा खुल्छ शून्य संसारभित्र

जवानीमा जीवन हाम्रो कल्पनामै बित्छ
उल्टो गिन्ती सुरु हुँदा सम्झनाले जित्छ।

●

गणेश विषम

# थियो कबुल



छ राष्ट्रको सान र मान नौलो
यहाँ उठ्यो कल्पित दीर्घ मौलो
जुटे खुसीका मनका तरङ्ग
चल्दै रह्यो स्वाधीनता प्रसङ्ग

गरीब नाचे र अमीर नाचे
उमङ्ग पाएर मयूर नाचे
कोशी र रोसी जल कल्कलाए
निर्माण थप्ने बल सल्बलाए

अहा! मिल्यो लक्षित प्राप्ति हाम्रो
माटो मुछी रच्नु छ मूर्ति राम्रो
मौलो उठाई शिरमा गजूर
थप्ने सदीक्षा र थियो कबूल

भाका यिनै हुन्, मन यी उनै हुन्
प्रत्येकका मर्म यहाँ छँदै छन्
यहाँ लुकेको तर के छ अर्कै
बुझिन्छ जे त्यो तर अर्थ अर्कै

■

यता म छामूँ, मन दुख्छ भित्रै
उता म छामूँ, छ भँडार रित्तै
छ प्रश्न आफैसँग यो अचम्म!
को बोल्छ खै, द्वन्द्व जमेछ टम्म

जादू कतैबाट यता चलेझैँ
टुनामुनाको जलले छलेझैँ
जोगी र रोधीघर साम्य उस्तै
ठेकी र सेकी पनि एक जस्तै

यहाँ छट्यो ज्ञान र सान पैलो
लौ भित्र पस्ने छ, कता छ दैलो?
ढल्दै छ त्यो लक्षित दीर्घ मौलो
निर्माण गर्ने मन हो सबैको

खाना छ लौ भित्र तयार भन्ने
पस्की नबाँडी तर बात बाँड्ने
बाजा बजाई कति नृत्य भर्ने!
यो रामलीला कतिसम्म गर्ने!

हामी सबै ढल्पलढल्पलैमा
व्यामोहले गाल्दछ पल्पलैमा
'छु मन्त्रैले' त चले गृहस्थी
रच्थे सबैले दृढ इन्द्रवस्ती।

●

स्नेह सायमी

## गीत



मैले धेरैधेरै तिमीलाई रुवाएको छु
आधा बाटोमा छाडेर हराएको छु

मध्यरातमा घाम लाग्यो भनेर छकाएको छु
खडेरीमा फुल्यो फूल भनेर फकाएको छु

मुटुमा लिपेको विश्वास उप्काएको छु
बार्दलीमा हुर्केको बेगमबेली ढलाएको छु

मैले धेरैधेरै तिमीलाई रुवाएको छु
आधा बाटोमा छाडेर हराएको छु।

●

जयकुमार पौडेल

## गजल



हिमाली, पहाडी, तराई कुनामा
म गर्छु परिश्रम सुनौलो धरामा

ती पाखापखेरा चटक्कै भुलेर
नजाऊ न खाडी सधैं बालुवामा

खनीखोस्री माटो पसिना बगाए
सधैँ फल्छ मोती यही मृत्तिकामा

यही नै हो इज्जत कमाएको मैले
भो, शङ्का नगर्नोस् इमानदारितामा

रुपियाँ कमाउन बितायौ जवानी
छिटै आऊ प्यारा तिमी घर बिदामा।

●

ईश्वरी सिलवाल

## उनको सम्झनामा



थुँगाथुँगा बटुली सुन्दर माला उनेकी थियौ
प्रेमको मन्दिर सजाउने आशा बुनेकी थियौ

टुट्यौ काँचो धागोसरि, फुट्यौ सिसाझैँ कसरी ?
आशा देखाई मृगमरीचिका गाला चुमेकी थियौ

उडाइदियो बेथितिले कल्पनाका रहरहरू
मनको सहरमा बस्ती बसाल्ने रेखा कोरेकी थियौ

उठिनौ किन ? निर्दयी यत्तिको बन्यौ भन त कसरी ?
शय्याबाट त मेरो चीत्कारको भाका सुनेकी थियौ

छाडी गयौ कुन जगत्मा बिर्सिएर यत्तिका यादहरू ?
सुखदु:खमा सँगै जिउने वाचा गरेकी थियौ।

●

परशु प्रधान

# सेवानिवृत्त व्यथा



जागिर छाडेर बसेको एक दशक बित्दा पनि रामप्रसादलाई जागिरे जीवनका घटनापरिघटनाले छाडेका छैनन्। कुनै मिठा, कुनै टर्रा।

यस्तै एक घटना भयो केही समयअघि। एक दिन एकाबिहानै घरको ढोकामा एउटा मान्छेले दुईतीन पल्ट घण्टी बजायो। घण्टी बजाइले नै बजाउने व्यक्तिको मनस्थिति सङ्केत गर्दै थियो। कुनै अप्रिय व्यक्तिसँग मुठभेड हुने सम्भावनाको आकलन गर्दै रामप्रसादले ढोका उघाऱ्यो। उसको सामुन्ने करिब आफूभन्दा एक फिट पुड्को, मोटो, खाइलाग्दो, ५५ आसपासको, तिलचामले जुँगा भएको, हेर्दै रिस उठ्ने प्रकारको व्यक्ति उभिएको थियो। एकछिन दुवैले एकअर्कालाई तलदेखि माथिसम्म हेर्दै रहे। रिस उठ्ने प्रकारको व्यक्ति कुनै अव्यक्त रिस बोकेर बसेको उसलाई स्पष्ट थियो। तर केको रिस? कहिल्यै नदेखेको यो व्यक्ति किन ऊप्रति वैरी भावले उभिएको छ? उसले केही सोध्नुअघि नै सो व्यक्तिले टाउको माथि उचाल्दै आँखामा आँखा मिलाउँदै भन्यो– "रामप्रसादजी होइन?"

रामप्रसादको मुन्टो तल र माथि हल्लियो। उसको कर्कश आवाज सुन्दा 'होइन' भनिदिन मन थियो, तर आफै साक्षात् उभिएर आफैलाई रामप्रसाद होइन भन्न सकेन।

"म शिवधन सागर।" नमाग्दै परिचय दियो उसले– "तपाईंको छिमेकी हुन आइपुगेको छु।"

रामप्रसाद छक्क पऱ्यो। छिमेकी हुन आएको व्यक्ति यति आक्रामक? मानौं रामप्रसादले उसको जग्गाको सीमा मिचेको छ। घर सँगै भए पो सीमा पनि मिच्नु? कसैको कुकुर यो व्यक्तिको हुन सक्थ्यो, तर उसले केही गरेको थिएन। किन यो रिसको डल्लो यहाँ अगाडि फूँफूँ गर्दै थियो, उसले बुझ्न सकेन। डराउने मुटुको व्यक्ति भए ढोका लगाएर भागिसक्थ्यो वा चिप्लो कुरा गरेर भित्र आउनोस् नभनी ढोका अलि बढी खोल्दै आफू छेउ लाग्थ्यो। ऊ कुनै पनि समूहमा परेन। उसको अनुहारले 'किन?' भन्ने सङ्केतस्वरूप चिउँडो घाँटीनिरबाट उठ्यो, आँखीभौं पनि माथि सरे। सायद नाकले पनि उचालिन खोज्यो।

अब शिवधन भन्नेले केही बोल्नैपर्ने भयो। आँखा साना थिए, त्यसैले तरेको भन्न मिल्दैन थियो; तर अनुहारको भाव त भर्खरै मोटरसाइकल जुध्दाको झगडियाजस्तै देखिएको थियो। उसले हात मोलेजस्तो गऱ्यो अनि मुक्का, अर्को हातको हत्केलो। फेरि

हात फेरियो। एउटा हातको मुक्का, अर्को हातको हत्केला। मानौँ ऊ तर्साउन खोज्दै छ, तर रामप्रसाद उमेरले पाको भए पनि कातर थिएन। डरको 'ड' पनि उसको मनमा देखिएन।

"हेरूँ न, मलाई कारबाई गर्नेको के हबिगत भएछ भनेर आ'को।" उसको आवाजमा अमिलोपन पनि थपियो।

उसले अरू केके भन्यो, रामप्रसादले केही बुझेन। उसले के बुझ्यो भने भोजपुरमा आफू प्रशासकीय अधिकृत भएर जाँदा यो व्यक्ति पशु सेवा कार्यालयमा खरिदार थियो र कारबाईमा परेको थियो। रामप्रसाद आफैले यसको कारबाईको सिफारिस गरेको थियो। त्यस बेला यो व्यक्तिले पशुको औषधी वितरणमा केही बदमासी गरेको थियो। अहिले यो व्यक्ति छिमेकी हुन आइपुगेको रहेछ, नजिकै निकै ठूलै घर किनेर बस्न आएको रहेछ। पैसा कमाएर जोरी खोज्न आएको प्रस्ट बुझ्यो रामप्रसादले।

उसले केवल एक वाक्य बोल्यो– "छिमेकी हुन आउनुभएछ, अब बिस्तारै सम्बन्ध बनाउँला नि।"

शिवधनले आफूले सशक्त बदला लिएको भाव देखाउँदै पिठ्यूँ फर्कायो। रामप्रसादले उसको ढाडमै तुरुन्तै ढोका लगायो।

यस्ता घटना रामप्रसादको जीवनमा सयौँ छन्, तर त्यस दिनपछि शिवधनसँग किन हो उसको साथ छुटेन।

भोजपुरबाटै साथी भएका अभिन्न मित्र कृष्ण तमोटले त्यस घटनाको एक हप्ताजति पछि फोन गरे– "साथी, सकेसम्म चाँडो आऊ। तिम्री भाउजू रहिनन्।"

यस्तो फोन अब नियमित आकस्मिकता भएको छ रामप्रसादको जीवनमा। फेसबुकमा उसले चिनेका अनुहारहरू दाउराको खाटमा पल्टेर आगोको लप्कोको बीचमा अन्तिम दर्शन दिइरहेका प्रशस्त फोटो आइरहन्छन्। ऊ मान्छे मरेको ठाउँमा एक्लो पर्छ। उसलाई पहिले बिहेमा यस्तो अप्ठेरो पर्थ्यो, अब घाटमा; तर कृष्णकोमा जानैपर्छ। धेरै मिल्ने साथी। साथ दिनैपर्छ। फेरि कृष्ण त छँदै छ नि आएको थाहा पाउने। नत्र त कपी खोजेर नाम लेख्यो, आएँ भन्ने जनाउ दियो, हिंड्यो। जसका लागि घाट गएको हो ऊ त चिरनिद्रामा हुन्छ, कसरी भेउ पाओस्।

अफिस जान लागेको छोराको मोटरसाइकलमा बसेर पशुपति पुग्यो रामप्रसाद। उसको साथी कृष्ण आफै सुगर, प्रेसर, किड्नीको बिरामी; अझ श्रीमतीको साथ छुट्यो। एउटा छोरो अमेरिकामा, छोरी अस्ट्रेलियामा। छोरो आउन समय लाग्ने भएकाले बाहुन किरियापुत्री राख्ने निर्णय गरेर आजै आई घाट ल्याएका रहेछन्।

रामप्रसाद आएको देखेर कृष्णले आफूसँगै बस्न सङ्केत गऱ्यो– हातले आफू बसेको बेन्च थपथपाएर।

"साला छन्, सबै थोकमा ध्यान पुऱ्याएका छन्।" उसले मधुरो स्वरमा भन्यो।

रामप्रसादले बुझ्यो, उसले केही सहयोग गर्नुपर्दैन। साथ मात्र चाहेको हो कृष्णले।

यत्तिकैमा उनीहरू बसेको अगाडिबाट गयो उही शिवधन। दुवैले देखे शिवधनलाई। कृष्णले उसैलाई आफ्नो सालो भनेर देखायो। आफ्ना छोराछोरी नआइपुगेकाले सबै व्यवहार र चाहिने खर्च सालाले नै गरिरहेको बतायो।

"कुनै कुरामा अरूलाई खर्च गर्न दिएको छैन। मेरी दिदीको सद्गत गर्न भान्जा छैनन्, त्यसैले सबै जिम्मेवारी मेरै हो भन्छ।" कृष्णले थप्यो।

ओहो, यस्तो मदत गर्ने मान्छे? प्रश्नको बादल एक पटक दिमागमा उठ्यो। कतै तीन दशकअघि आफूले गलत मान्छेलाई कारबाईको सिफारिस त गरेको थिइनँ भन्ने त्रास उत्पन्न भयो रामप्रसादको मनमा। नत्र किन घरमै आएर धम्की दिन्थ्यो होला गल्ती गरेको भए? आफैलाई प्रश्न सोध्यो रामप्रसादले।

आफूले जिन्दगीमा जानाजान कसैको दुई रुपियाँ दाम नखाएको र कसैलाई रिसइबी साधेर कुनै गलत कारबाई नगरेको रामप्रसादमा कताकता ग्लानि भाव आयो। सरकारी सेवामा भएको कुनै काम सेवानिवृत्त व्यथाका रूपमा रहला भन्ने डर मनमा पलायो।

रामप्रसादको आँखैअगाडि कृष्णकी श्रीमतीको चिता ह्वारह्वार जलिरह्यो, तर उसको मनमा बलेको आगोको राप चिताको रापभन्दा तातो महसुस भयो। साथीलाई छाडेर जान पनि सकेन रामप्रसाद। बिस्तारै चिताको राप कम भएर गयो, तर रामप्रसादको मनको ताप कम हुन समय लाग्यो। उसले मनमनै निर्णय गर्‍यो– 'म शिवधनको घरमा गएर त्यति बेलाको निर्णयका लागि माफी माग्छु।'

माफी माग्ने दिनको निर्णय भएको थिएन। रामप्रसादलाई सेवा निवृत्तिपछिको ग्लानिले पछ्याइरहेको थियो।

एक दिन कृष्णले फोन गर्‍यो– "सुन्यौ रामप्रसाद मेरो सालाको कुरो?"

उसले पहिले त बुझेन– कुन सालो, के कुरा? तर सालो शिवधनलाई सम्झायो साथीले।

"के भयो? भन न।" उसले सोध्यो।

श्रीमती बितेको एक महिना बितिसकेको थियो र यसबीचमा दुई जनाबीच धेरै पल्ट कुराकानी भएको थियो। त्यसैले कृष्ण निकै सहज भइसकेको थियो।

"हेर न, त्यो सालो केटालाई मेरी श्रीमतीले खाईनखाई जम्मा गरेर ३० लाख ऋण दिएकी थिई। अब त तिरिसकेँ धेरै पहिले भन्छ।"

रामप्रसाद एकै पल्ट खुसी र दुःखी भयो यो सूचनाले। खुसी यस अर्थमा कि उसले त्यस व्यक्ति विरुद्ध गरेको काम साँच्चै नै गल्ती थिएन भन्नेजस्तो लाग्यो। दुःखी यस अर्थमा कि उसको साथीको बुढेसकालको जिउनी त्यस फटाहाले भ्याइदिएको थियो। बुढेसकालको जिउनी कति महत्त्वपूर्ण हुन्छ, उसलाई थाहा थियो।

"तिमीलाई थाहै छैन।" साथीले थप्यो– "मेरो छोरासँग काजकिरिया खर्च भनी हजार डलर मागेर लिएछ। छोराले मलाई अमेरिका पुगेपछि भनेर पो थाहा भयो।"

यो खबरले रामप्रसादलाई निकै उद्वेलित बनायो। शिवधनले उसलाई पहिलो दिन घरमै आएर दिएको ध्वाँस र धम्की उसको दिमागमा रिङ्न थाल्यो। उसलाई लाग्यो, शिवधन घरमै आई त्यत्रो बेइज्जत गरेर जाँदा ऊ बोल्नुपर्थ्यो। त्यो पुड्केलाई सके एक थप्पड लगाएर पठाउनुपर्ने थियो। त्यसै सम्पर्क बढाउने कुरा गरेर पठाएकोमा उसलाई आत्मग्लानि भयो।

भोलिपल्ट बिहानै रामप्रसाद शिवधनको नयाँ घरमा जाने निश्चय गर्दै ओछ्यानमा पल्ट्यो। आफ्नी श्रीमतीलाई पनि सुनायो शिवधनकहाँ गएर एक पल्ट आफूलाई दिएको ध्वाँसको बदला नलिई फर्किन्नँ भनेर।

ढोका रामप्रसादले झैं शिवधन आफैले खोलेन। करिब पाँच दशक पार गरेकी एक सुन्दर महिलाले रामप्रसादलाई स्वागत गरी। आँखा जुधे।

ओहो, यो संसारमा केके देख्नुपर्छ! अञ्जली हुन् यिनी। उही अञ्जली जो एक पल्ट आफ्नो सुन्दरताका लागि साह्रै प्रख्यात थिइन्। रामप्रसादको अफिसमा कार्यालय सहायक भएर आउँदा सबको मुटुको धड्कन नै रोकिएको थियो। उनी अफिसमा छिर्दा र ओहोरदोहोर गर्दा पनि सबैका आँखा तिनकै पछि लाग्थे। कतिपयले उनलाई चिया पिउन जान कर गर्थे। घरमा बच्चाको फी तिर्ने पैसा नहुने पनि उनले क्यान्टिनमा खाएको पैसा तिर्न अघि सर्थे। धेरैले प्रेमपत्र पनि दिए। अनि ती कार्यालय सहायक बिस्तारै सबैलाई जित्दै अघि बढिन्। उनी दुईतीन वर्षमै त्यस कार्यालयको सहायक प्रमुख भइन्। उनको लाग्नेले उनलाई अब म्याडम भनेर नमस्ते गर्नुपर्ने भयो।

बिस्तारै अञ्जली र अफिसको हाकिमको प्रेमको चर्चा सर्वत्र चुलियो। हाकिम सचिव र मन्त्रीलाई भेट्न जाँदा पनि यिनैलाई लिएर जान्थे। कर्मचारी वर्गमा एक प्रकारको रोष बढ्दै थियो। सबैले चियोचर्चो गरेपछि पाप त कराइहाल्यो धुरीबाट।

यी महिलालाई अफिसको हाकिमसँग यौन सम्पर्कमा व्यस्त रहँदा रामप्रसादसहित अफिसका अन्य आधा दर्जन व्यक्तिले पक्राउ गरे। त्यसपछि हाकिम र यी महिला दुवै को जागिर गयो अफिसभित्रै अनैतिक कार्य गरेको भनेर। यत्रो वर्ष यी महिलासँग कुनै सम्पर्क थिएन। आज अचानक... ।

रामप्रसादले चिन्यो, उनले पनि चिनिन्। ऊ फरक्क फर्क्यो केही नबोली।

ऊ फर्कनु पनि, मर्निङ वाक गएको शिवधन ठ्याक्कै आइपुग्यो उसको सामुन्ने। दुई जनाका आँखा जुधे। रामप्रसादको मुखबाट अचानक निस्क्यो– "शिव, तिमी विरुद्ध मात्र होइन, तिम्री श्रीमती विरुद्ध पनि मैले कारबाई गरेको रहेछु। अनि मलाई आफूले गरेको दुवै कारबाईमा कुनै पछुतो छैन। तिम्रो ठूलो घरभित्रको मैलो इतिहास तिमीलाई बधाई छ।"

यो घटनासँगै सेवानिवृत्त रामप्रसादको व्यथा पनि अहिले सेवानिवृत्त भएको छ।

●

जलेश्वरी श्रेष्ठ

# षड्यन्त्र



आज सावित्रीको भुइँमै खुट्टा छैन, असाध्यै खुसी छिन्। कान्छो छोराको विवाह। ३० वर्षपछि बल्ल विवाह गर्न मानेको। अलिअलि डिप्रेसनको रोग थियो। दुई वर्षसम्म डाक्टरको नियमित सल्लाह र औषधीले निको भएको थियो। बीए पास भएपछि उसलाई के भो कुन्नि पढ्न अल्छी गर्ने, झोक्राउने, रिसाउने गर्थ्यो। केही काम नगरी चुपचाप बसिरहन्थ्यो। बीएसम्मको पढाइ त राम्रै थियो। पछि डाक्टरलाई जँचाउँदा पो डिप्रेसनको रोग भनेर थाहा भयो। दुईतीन वर्ष भयो अब रोगको कुनै लक्षण देखिएन। फुर्तिलो देखिन्थ्यो, काममा ध्यान पनि दिन थाल्यो।

शङ्करमान, सावित्रीको श्रीमान्, फिलिपिन्सबाट कृषि विज्ञानमा मास्टर्स गरेर आफ्नै देशमा फर्केका थिए। केही वर्ष सरकारी जागिर खाएपछि चितवनतिर केही जग्गा लिई केही कृषिसम्बन्धी व्यापार गर्दा राम्रो हुन्छ जस्तो लागेर त्यहीं बस्न थाले। काठमाडौंमा बस्ने सावित्रीलाई केही वर्ष त त्यहाँ बस्न गाह्रो भयो। ठूलो छोरो अमेरिकातिर गई उतै विवाह गरेर उतै बस्यो। आफ्नो सानो परिवार, चितवनको कृषिको व्यापारले राम्रो कमाइ गरिरहेका थिए। कान्छो छोराको विवाह गरी बुहारी भित्र्याउने एउटा धोको मात्र बाँकी थियो, अब त्यो पनि पूरा हुँदै छ।

धुमधामले विवाह सम्पन्न भयो। दुलही राम्री थिइन्। आफूले भनेको जस्तै चितवनतिरकै बीए पास गरेकी, छोरालाई सुहाउने, उमेर मिल्दो र रूपरङ्ग पनि मिल्दो थियो। मध्यमवर्गीय परिवार, खानदानी, असल परिवार। सावित्रीकी आफ्नै दिदीकी भान्जी पर्ने हुनाले शीलस्वभाव पनि सबैले राम्रै भन्थे, तर विवाह भएपछि पनि आफ्नो छोराको अनुहार खुसी देखिँदैनथ्यो। बुहारीको व्यवहार त ठीकै थियो। जति खुसी देखिनुपर्थ्यो त्यति उज्यालो देखिएन। विवाह भएको एक महिनापछि माइत गएर घर आउन चाहिनन्। जति बोलाए पनि, लिन गए पनि आइनन्। किन त्यस्तो भयो? छोराको व्यवहार त राम्रै छ जस्तो लाग्छ सबैलाई। के भयो त त्यस्तो भनी बुझ्दा छोरो सञ्जयले कोठामा श्रीमतीलाई यातना दिन्छ रे, कुनै लोग्नेमान्छेसँग फोनमा कुरा गर्दा शङ्काको दृष्टिले हेर्छ रे, एकदुई चोटि त हातसम्म पनि हाल्यो रे भन्ने सुनियो। सञ्जयलाई सोध्दा भन्यो– "मैले त केही पनि गरेको छैन। उसलाई छुनसम्म पनि छोएको छैन। मैले कुरा गर्दा जवाफ पनि दिन्न, तैपनि मैले कसैलाई भनेको छैन।"

कसको कुरा साँचो भन्ने? अनेक तरिकाबाट सान्त्वना दिई बुहारीलाई फकाउँदा पनि आउनै मानिनन्। छ महिनापछि डिप्रेसनको रोगी बौलाहासँग झुक्याएर विवाह गरिदिएको भनी परिवारसमेतलाई अलदातमा अंशसहित डिभोर्सको मुद्दा हालिन्। अब

सावित्री दुःखको भुमरीमा बिना कारण फसिन्। लोग्नेले 'तिम्री आफ्नी दिदीले त्यस्ती अगतिली केटी हाम्रो छोरालाई भिडाइदिइन्, तिम्रो माइती खलक यस्तोउस्तो' भनी गाली गरेर कचकच गरिरहन्छन्। छोरो पनि 'विवाह गर्दिनँ भन्दाभन्दै करबलले विवाह गरिदियौ, नखाएको विष लाग्यो' भनी उनैलाई दोष दिन्छ।

ल ठीक छ, केही पैसा दिएर छुटकारा पाउन डिभोर्स मन्जुर गरे। तर केटीले काठमाडौँको घर सिङ्गै आफूलाई चाहिन्छ भन्ने माग गरिन्। त्यो त कसरी दिन मिल्छ र? अंशबन्डा गरे पनि त्यति सम्पत्ति छोराको नाममा आउँदैन। दिन नमानेपछि दुई करोड मागिन्। त्यो पनि केटाको पक्षले नमानेपछि एक करोड मागिन्। पछि ५० लाखमा सहमति भयो। अड्डामा ५० लाख क्यासै लिएर सबैको अगाडि डिभोर्सको कागजमा साइन गरिदिइन्। केटी पक्षपट्टिका आमाबाबुलगायत सबै परिवारको अनुहारमा पैसा देख्नेबित्तिकै खुसीको चमक देखियो। पैसा सुटकेसमा बोकेर केटी पक्षकाहरू अदालतबाट बाहिर जाने बित्तिकै एउटा मोटरसाइकलमा ३०–३२ वर्षको देखिने केटो आई सुटकेस बोकेर केटीलाई पनि मोटरसाइकलमा राखी हुइँक्यायो।

केटीको परिवार पनि हिस्स। उनीहरूलाई हेरेर अदालतका मानिसहरू सबै अवाक् भए। पछि बुझ्दा थाहा भयो कि त्यो केटाको र केटीको पहिलेदेखि नै प्रेम प्रसङ्ग जोडिएको रहेछ। उनीहरूको योजना धनी र सोझो परिवारलाई फसाउने, विवाहको नाटक गर्ने, दुलहालाई नभएको आरोप लगाउन मिल्ने खालको केटो रोजी अंशसहित डिभोर्स गरेर पैसा कुम्ल्याउने नियत रहेछ। त्यहीअनुसार उनीहरूको योजना सफल भयो। सबैका आँखामा छारो हाली पैसा लिएर बेपत्ता भए।

●

अमर शाह

# ताप



निधारमा पसिना आयो चिटचिट। जीउ रन्केको अनुभव भयो।

जहाजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको रनवे छाड्न लाग्दा सुरु भएको डर चन्द्रागिरी डाँडो काटेर जहाज पश्चिम लागेपछि झन् बढ्यो।

यस्तै हुन्छ सधैँ। कामविशेषले हवाई यात्रा गर्नुपर्छ र यात्रा गर्दा सधैँ डर लाग्छ।

सिट संयोगले दाहिनेतिर परेको थियो र सुन्दर हिमालका लस्करहरू प्रस्ट देखिन्थे। तर हिमालको सुन्दरताले उसको मन भने तान्न सकेन।

जीउ झन् तातेर आयो रनक्क।

सिटमाथिको हावा आउने प्वाललाई मिलाएर हावा निधारमै पर्ने बनायो। हावा निधारमा त पर्‍यो तर शीतल भने भएन। पसिना पनि रोकिएन।

झ्यालबाट तल हेर्‍यो– जेठको गर्मीले सुकेर उराठ लाग्ने भएका फुस्रा डाँडाहरू थिए जताततै। डाँडामा माथि आकाशबाट देखिने विकासका नमुना डोजरे बाटाहरू देखिन्थे किरमिर-किरमिर।

कतै खोल्सा र कतै डाँडा। नमिलेको सतह। जताततै भीरपाखा।

कसले भन्यो होला नेपाललाई सुन्दर ?

थाहा पाउने भएदेखि घोक्दै आएको नेपाल सुन्दर भन्ने भनाइ सम्झेर उसलाई उदेक लाग्यो।

यदाकदा घर देखिन्थे डाँडाका टुप्पाटुप्पामा वा बस्ती थिए खोलाका किनारहरूमा। कसरी बसेका होलान् मानिस ती अनकन्टार डाँडाकाँडामा ? राजधानी नजिक र सुगम भनिने क्षेत्रमा त यस्तो छ भने कस्तो होला अवस्था हुम्ला, डोल्पामा ?

जहाजले उचाइ लिन सकेन भने ? कुनै डाँडामा ठोक्कियो भने ? उसलाई वाकवाकी लाग्यो। बान्ता आउला-आउलाजस्तो भयो। डर लाग्यो कि सधैँ यस्तै हुन्छ। मुटु जोडले चल्न थाल्यो ढुकढुक-ढुकढुक।

हैन, जहाज एयरकन्डिसन्ड होइन र ? किन यति गर्मी भएको ? उसले वरपर हेर्‍यो। यात्रुहरू गम्भीर र चुपचाप थिए। धेरैका आँखा चिम्म थिए, निदाएर हो वा डरले हो।

"उः... त्यो अन्नपूर्णा हिमाल अनि माछापुच्छ्रे।"

"र, प...र देखिने धौलागिरी।"

ऊभन्दा दुई सिटअगाडिको यात्रु आफ्नो बच्चालाई हिमाल चिनाउँदै थियो। कसरी सकेको होला ?

उसले पछाडि हेर्‍यो।

ऊभन्दा तीन लाइनपछाडिको सिटको युवक मोबाइलबाट फोटो खिच्न व्यस्त थियो।

कसरी सकेको होला ?

उसले देब्रेतिर हेर्‍यो।

देब्रेतिरको सिटमा सुन्दर युवती बसेकी थिई आँखा चिम्म गरेर। उसले देख्दै नदेखेको अहिलेसम्म। २२–२४ वर्षकी हुनुपर्छ।

उमेर पाकै भए पनि विपरीतलिङ्गी देख्नेबित्तिकै उसका आँखा आफै छातीतिर तानिन्छन्। अहिले पनि अनुहारबाट चिप्लिँदै गएर आँखा त्यो युवतीको छातीमै अड्किए। सास फेराइसँगै एकनास चलिरहेका छातीका दुवै अग्ला भाग अत्यन्त आकर्षक देखिन्थे।

अघिपछि भए खुबै रमाएर घण्टौं हेर्न सक्थ्यो ऊ यस्तो दृश्य, तर अहिले भने रमाउन सकेन।

नचाहँदानचाहँदै पनि विगतका ठूलठूला विमान दुर्घटनाहरू सम्झनामा आउन थाले। केही वर्षपहिले समुद्रमा हराएको मलेसियन एरलाइन्सको प्लेन, सन् २०१८ मा दुर्घटना भएको यूएस बाङ्‌ग्ला प्लेन, भट्टे डाँडा...। उसको डर झन् बढ्यो।

"मृत्यु मात्र जीवनको अन्तिम सत्य हो...।" उसले धेरै पटक प्रवचन दिएको थियो। "र, सत्यको सामना गरिन्छ। सत्यसँग डराइन्न।" आफूभन्दा पछिल्लो पुस्ताका कुरा सुन्ने मानिस भेट्दा धेरै पटक अर्ती पनि दिएको थियो।

तर अर्तीहरू अरूलाई सुनाउन काम लागे पनि आफूलाई भने कमै काम लाग्छन्।

'दुईतिहाइभन्दा बढी जीवन बाँचेपछि मृत्युसँग डराउने किन? उसले आफैलाई प्रश्न गऱ्यो।

भविष्यभन्दा विगत बढी सम्झिन थालेपछि बाँच्नुको अर्थ सकिने रहेछ– उसले हजुरबुबाको थेगो सम्झ्यो।

'तर के गर्नु, नबोलाई जान नमिल्ने।' र, उनको स्थायी गुनासो पनि सम्झ्यो।

८५ वर्षको उमेरमा हजुरबुबा उसको काखमै बितेका थिए। त्यो उमेरमा उनको जीवनका खासै सपनाहरू त बाँकी थिएनन् तर पनि आकाङ्क्षा भने थिए– नाति हेर्ने, पनाति हेर्ने र त्यस्तैत्यस्तै...। बित्दा अस्पतालमा बेडछेउमै बसेको उसले हजुरबुबाका आँखामा मृत्युको डर देखेको थियो।

८५ वर्ष उमेरका हजुरबुबाका आँखामा त अन्तिम क्षणमा मृत्युको डर नाचेको थियो भने उसलाई त अझै नेपालीको औसत आयुको २५ प्रतिशत आयु बाँच्न बाँकी थियो।

मृत्युको डर लाग्नु अस्वाभाविक थिएन।

उसको डर झन् बढ्यो।

तल देखिने बस्ती, फाँट र खोलानाला कति उसले चिन्यो र कति चिनेन। उसले घडी हेऱ्यो। काठमाडौँबाट उडेको ४० मिनेटमा उसले २० पटक घडी हेरिसकेको थियो। पसिनाले जीउ निथ्रुक्क भइसकेको थियो। रुमाल निकाल्यो र निधार सुकाउने प्रयास गऱ्यो।

"कृपया ध्यान दिनुहोला, हामी केही बेरमा नेपालगन्ज विमानस्थलमा अवतरण गर्दै छौँ।"

जहाजमा कल्याङमल्याङ बढ्यो र परिचारिकाको घोषणासँगै जहाज तल झर्न थाल्यो। उसको डर झन् बढ्यो।

घट्याक्क...।

जहाजले ल्यान्ड गर्ने तयारीका क्रममा पाङ्ग्रा निकाल्यो सायद।

उसलाई लाग्यो– जहाज कुसुम, कचनापुरतिर खस्छ जङ्गलमा यतै।

अत्यास झन् बढ्यो।

घ... ट... ट... ट...।

जहाजले जमिन छोयो। प्लेन उड्न छाडेर गुड्न थाल्यो।

नरोकिएर गुडेकोगुड्यै हुन्छ कि?

उसको डर भने घटेन।

आकाशबाट खस्दा मर्ने कुरा निश्चित थियो भने अहिले दुर्घटना भए अपाङ्ग भएर बाँच्नुपर्ने सम्भावना पनि थियो।

कसरी बाँचिएला अपाङ्ग जिन्दगी?

उसको अत्यास झन् बढ्यो।

"आशा छ, यहाँहरूको यात्रा सुखद रह्यो होला। फेरिफेरि सेवा गर्ने मौका दिनुहुने छ भन्ने आशा छ।" परिचारिकाले घोषणा गरिन्।

हवाईजहाज रोकियो।

यात्रुहरू जऱ्याकजुरुक उठे। ऊ पनि उठ्यो र ढोकातिर लाग्यो।

सिँढीबाट ओर्लेर जमिन टेकेपछि उसलाई नेपालगन्ज अत्यन्त शीतल लाग्यो।

बाहिरको तापक्रम ४० डिग्री सेल्सियस थियो।

●

दिलीप शाह

# विरोधाभास



कार्यालयमा नास्ता खाने मेलोमेसो नपरेकाले बेजोडको भोक लागेको थियो। भोकलाई उखानसँग जोड्ने हो भने ढुङ्गा चपाऊँ कि मुढो टोकूँ जस्तो। अफिस टाइमपछि डेरा फर्किंदा बसको सिटमा बस्ने सौभाग्य मिलेमा पत्रिका, किताबका पाना पल्टाउने आदत बसालेको थिएँ। गुरुप्रसाद मैनालीको 'नासो'-का पाना पल्टाएको पनि हो। तर पेट क्याउँक्याउँ गरिरहेको, आन्द्रा सलबलाइरहेकाले अक्षरमा ध्यान केन्द्रित हुनै सकेन। दिमागले एउटै रटान मारिरह्यो– 'कान्छा, जति सक्यो छिटो डेरामा पुग् र जे पाइन्छ त्यही हसुर्।'

म यही एकमात्र लक्षका साथ डेराभित्र पसेको त बेड रुमको ढोका बन्द थियो।

'आजै बाहिर मुन्टिनु परेको।' रिसले भन्कारा छुट्यो। म मुर्मुरिनुसम्म मुर्मिरिएँ।

“मम्मी खोइ त?” सोफामा बसी मिक्की माउसमा आँखा चप्काइरहेको छोरालाई हकारेँ।

“... ... ...”

उसले टिभीबाट आँखा नउठाएरै मम्मी फोनमा व्यस्त भन्ने सङ्केत गर्‍यो।

“ए...।” म सोफामाथि थचक्क बसेँ।

भान्साभित्र पसूँ, स्टोभ बालेर पानी उमाल्नेसम्म हुती नभएको मान्छेलाई नास्ता पकाउने त उर्लिंदो भेलमा जँघार तरे बराबर भइहाल्यो। उनलाई 'डिस्टर्ब' गर्नुको अर्थ थिएन, किनभने उनले फोन गरिरहँदा घरै हल्लाउने भूकम्प आए पनि फोनको लाइन कट्नेवाला थिएन। छोराले मेरो मनोदशा बुझ्यो क्यार, एक गिलास पानी ल्याएर दियो। एकै सासमा पानी तनक्क पिएँ। पानीले भोक के मार्थ्यो? 'भोकलाई मत्थर पार्न केही उपाय त गर्नैपर्‍यो। तर गर्ने के?' सोच्दासोच्दै मकैको फुलौरा कराहीबाट फुत्रुक्क उछिट्टिएझैँ दिमागभित्र एउटा जुक्ति फ्याट्ट फुर्‍यो।

'फोन वार्ता एक घण्टा त अवश्य तन्किन्छ होला। यसबीचमा समयको सदुपयोग गर्दै एउटा कथाको रूपरेखा तयार पार्छु।' टेबुलमा रहेको रजिस्टर उठाएँ र लेख्न बसिहालेँ।

मेरो लेखन आदतका बारेमा यहाँहरूलाई थोरै जानकारी गराइहालूँ। त्यो के भने म कुनै पनि समयमा, जुनसुकै स्थानमा वा अवस्थामा लेख्न सक्छु। लेख्नलाई एकान्त नै चाहिन्छ वा रातको समय वा बिहानीको प्रथम प्रहर वा हातमा भरी गिलास, औँलामा पुत्ताइरहेको चुरोट हुनुपर्छ भन्ने सनातनी धारणा ममा छैन। कथा फुर्नुपर्‍यो, बस।

त मैले तुरुन्तै कलममाथि सटासट चाबुक चलाइहालेँ। कथा मूलको पानीजस्तो सलल्ल बग्न थाल्यो। मन्द हावा एकनासले बहेजस्तो पात्रहरू सरर्र बहन थाले। घटनाका तन्तु सिद्धहस्त डाक्टरले ब्यान्डेज गरेजस्तो जोडिन थाले।

× × ×

“आज पनि आइन त्यो।” उनी पड्किँदै सिटमा थचारिन्छन्। 'मरिन त्यो' भन्न खोजेका थिए, भनिहाल्दैनन्। किन हो 'आइन त्यो'-मै अड्किन्छन्।

उनी भनेका यस देशका भुरेभारे होइन कि माथिल्लै स्तरका सत्तापक्षीय जाज्वल्यमान नेतामा गनिन्छन्। यसैले नेतामा 'जी' पनि जोडेर सम्मानको माला पहिराइहालौँ, किनभने हामीजस्ता सार्वभौम सम्पन्न मानिएका जनताले नै आफ्नो अमूल्य मत हालेर, ल्याप्चे ठोकेर उनको शिरमा नेताको पगरी गुथाएका हौँ, कुर्सीमाथि विराजमान गराएका हौँ। यसैलाई प्रजातन्त्रको अति सुन्दर पक्ष भनिन्छ क्यार।

अब उनको नाम भन्न किन कन्जुस्याइँ गर्ने हो र! नेता विप्लव शर्मा। भनिहालियो, उनी सरकार पक्षका भाग्यमानी र शक्तिशाली नेतामा गनिन्छन्। यसैले राजनीतिमा खुट्टा चोबलेदेखिन् आजतक बेरोजगार बस्नुपरेको छैन। हाल कमाउ आयोगको अध्यक्ष छन्। बजेट छेलोखेलो छ। गाडीघोडा त सामान्य भइहाले। उनीमुन्तिर पीएसहित दुई दर्जन

कर्मचारी कार्यरत छन्। दुई दर्जन कर्मचारीमा आधा उनकै नातापाता र कार्यकर्ता छन्। यसलाई यो देशमा अस्वाभाविक मानिँदैन।

यस देशको मौलिक प्रजातन्त्रको अर्को सुन्दर पक्ष हो यो।

विप्लव शर्मासँग यस देशको नेतामा हुनुपर्ने सम्पूर्ण गुण र चरित्र विद्यमान छन्। उनी सालासालीबाहेक कसैसँग पनि दाम नलिएर सिन्को सार्दैनन्। कार्यालयको बजेटको तीनचौथाइ हिस्सा उनको पकेटभित्रै पस्छ। उनी कमिसन आउने ठाउँजतिमा हिस्सेदार भएकै हुन्छन्।

"फोकटमा काम गर्ने र गराउने भए राजा रामको पालामा जन्मिनुपर्थ्यो। फेरि राजनीति जोगी हुनलाई किमार्थ गरिंदैन।" उनी छाती ठोकेर शङ्खनाद गर्छन्।

उनी समय र परिस्थितिअनुसार गुन्डागर्दी, चाकडी, चाप्लुसीजस्ता अचुक हतियार चलाउन माहिर छन् जसको कारणले उनलाई काखी च्याप्न उनीभन्दा माथिल्लो स्तरका नेताको तँछाडमछाड हुने गर्छ। केही झर्ने आसमा अगाडिपछाडि अरौटेभरौटेको जत्था लागेकै हुन्छ। यी त भए उनका सयौँ गुणमध्ये नगन्य गुण मात्र।

त्यस्तै चरित्रको वर्णन गर्ने हो भने 'नामुद सिकारी'-को पगरी पाएका छन् उनले। यस अलङ्कारबाट सुशोभित किन भएका छन् भने उनमा महाभारतका चतुर खेलाडी कृष्णको चरित्र कुटकुट भरिएको छ। मुरली मनोहरले सुरिलो बाँसुरीको धुनबाट सुन्दरी नचाएर टाढैबाट मनोरञ्जन मात्र ग्रहण गरे। दायाँबायाँ, लटरपटर केही गरेनन्। महाभारत त्यस्तै भन्छ। हाम्रा कलियुगी कृष्णलाई त सुन्दरी र सुरा एकसाथ नभई हुँदैन। सुरा र सुन्दरी पनि यस्तोउस्तो होइन। सुराको हकमा ब्ल्याक लेबलभन्दा कम नाइँ। सुन्दरीको हकमा जुनसुकै हालतमा पनि २० वर्षभन्दा एक महिना बढीको नाइँ।

सुन्दरीको मामलामा उनको अर्को वर्णन योग्य विशेषता के छ भने उनी एक पटक लसपस गरिसकेको माललाई दोस्रो पटक फुटेको आँखाले पनि हेर्दैनन्। उनको थेगो छ– 'बजारमा फ्रेस र भर्जिन बेदाग माल जति पनि छ्यालब्याल छन् भने एक पटक टोकिसकेको माल फेरि किन टोक्ने? शरीरमा तागत र खल्तीमा पैसो रहुन्जेल त मोजमस्ती, रमाइलो गर्ने हो।'

यसै प्रसङ्गमा उनको छुटाउनै नहुने अर्को नितान्त फरक तर मौलिक विशेषता पनि छ। त्यो के भने उनले कन्यालाई दुई वर्गमा विभाजन गरेका छन्। पहिलो वर्गका कन्यालाई उनी 'भोग्या माल' मात्र मान्छन् जसबाट भरपुर मनोरञ्जन प्राप्त गरिन्छ। दोस्रो वर्गकालाई उनी फूलको उपमा दिन्छन् जसलाई शिरमा सिउरिइन्छ, कोठामा सजाइन्छ। यसको सुगन्ध टाढैबाट लिइन्छ। खराब नजरले हेरिंदैन।

"नारी भनेका वन्दनीय माताको रूप पनि त हुन्।" बेलामौकामा उनी पुराण पनि सम्झिहाल्छन्। यस दर्शनमा उनी कत्तिको गम्भीर हुन्छन्, उनै जानून्।

प्रत्येक रात बदलिने भएकाले उनको दर्शनभित्र परेका पहिलो दर्जाका कन्याको लेखाजोखा छैन। हिसाब राखी साध्य छैन। घोर आश्चर्य! दोस्रो वर्गकी उनले फूलको

उपमा दिएकी सुन्दरी भने हालसम्म एउटी मात्र छे। त्यो फूल भने उनकी आफ्नै पीए अञ्जना हो। किन उनले आफ्नै पीए त्यो पनि विवाहित एक नानीको आमालाई कोठामा सजाउने फूलको परिभाषाभित्र पारे? अचम्मको भुमरीभित्र फस्न सकिन्छ।

'अञ्जनालाई पीए बनाएको दिनदेखि मेरो पकेटभित्र लक्ष्मीले स्थायी डेरा जमाएकी छन्। निरन्तर कमाउ पद पड्काउन सफल भएको छु। ठेक्कापट्टामा सोचेभन्दा राम्रो नाफा भएको छ। ग्रहदशा दाहिने छन्। तब विवाहित नै किन नहोस्, मैले अञ्जनालाई सम्मानसाथ सजाउन किन कन्जुस्याइँ गर्ने?' यस्तो उनको बलियो मान्यताका साथमा तर्क रही आएको छ।

× × ×

"नेताजीको मुडमा खिया लागेर देश विकासको ताल्चा नखुल्ने भो।" नेताजी 'आज पनि आइन त्यो' भन्दै कुर्लेपछि शुण्डमुण्ड, धुपौरेहरू मुख छोपेर खित्का छाड्छन्।

उनका धुपौरेहरूलाई आदत परिसकेको छ। त्यो के भने उनीहरूले खैनी मल्दै, चुरोटको धूवाँ फाल्दै बाह्रसत्ताइस गफ चुट्दा हुन्छ। ढाडपछाडि चउरमा बदाम, मुरली मकैको खाजा टोक्दै, चुरोट फुक्दै नेताजीकै धूपबत्ती सल्काउँदा हुन्छ। नेताजीकै नाम लिलाम गरी रेस्टुरेन्टमा बोतल लडाउँदा हुन्छ। उनकै नाममा दोहोरीमा कम्मर लर्काउँदा हुन्छ। उनलाई यसको सरोकार हुँदैन। तर उनले मानी आएको फूल अर्थात् भाग्योदय चिट्ठाका लागि भने निश्चित नियम बनाएका छन् जुन अकाट्य छ, अपरिवर्तनीय छ।

'ऊ हरेक दिन यथासमयमा उपस्थित भएकै हुनुपर्छ।'

'ऊ हरेक दिन ठिक्कको मेक अपसहित उनलाई मन पर्ने आसमानी रङको कुर्तासलवार लगाएर सजिएकै हुनुपर्छ।'

'काखीमुन्तिर एक हात टाढैबाट सुँघ्न सकिने पर्फ्युम छर्केकै हुनुपर्छ।'

'उनी चेम्बरभित्र छिर्ने बेलामा बेबी डल भई उसले झुकेर, नुहेर एयर होस्टेज मृदु मुस्कानका साथ दुई कर जोडी अभिवादन गरेकै हुनुपर्छ।'

यति भए उनलाई लाग्छ– यो दिन अवश्य शुभ हुन्छ। राहुकेतु, शनि लाग्ने चान्सै छैन।

नेताजीले 'वस्तु' माने पनि अञ्जना सास चल्ने सामाजिक प्राणी हो। उसको पनि घर छ, परिवार छ, काँधमाथि पारिवारिक बोझ छ। अन्यलाई जस्तै उसलाई पनि बिसन्चो हुन्छ, घाउ लाग्दा दुख्छ। यसैले यदाकदा नेताजीको इच्छा विपरीत उसलाई अनुपस्थित हुनैपर्ने बाध्यता आइलाग्छ।

× × ×

"अञ्जना, मेरो आशीर्वाद पाइरहने मन छ भने अब आइन्दा कदापि 'अब्सेन्ट' हुने होइन।" दुई महिनाअगाडि अञ्जना दुई दिन हराएर तेस्रो दिनको बिहान मुर्झाएको चेहरासहित उपस्थित भएपछि उनले चोर औंलो देखाउँदै खबरदारी गरेका थिए।

खबरदारीको साथमा यो पनि भन्न खोजेका थिए– 'मैले माया, सद्भाव देखाउँछु भन्दैमा ज्यादा पुलपुलिने होइन, टुपीमा चढ्ने होइन।' भनेनन्। यस कारण कि उनको डाँटले नै 'फुल डोज' पुगिसकेको लागेको हुन सक्थ्यो।

बाध्यतावश त्यस दिनदेखि अञ्जना कहिल्यै पनि अब्सेन्ट भएकी थिइन। जतिसुकै टाउको दुखेको, पखाला लागेको, ज्वरोले निस्लोट भएको होस् वा काखे छोरो लडेको किन नहोस्, ऊ भर्सक सामान्य भई उपस्थित भएरै छाड्थी। उनले बनाएका नियमका धारा हुबहु पालन गर्दै उही चिरपरिचित मुस्कानको साथमा फोन रिसिभ गर्न सुरु गरिहाल्थी, किनकि नोकरी उसको आवश्यकता थियो र नोकरीलाई निरन्तरता दिन नेताजीको इच्छाबमोजिम चल्नैपर्थ्यो, अक्षरशः नियम पालन गर्नैपर्थ्यो।

कुरो स्पष्ट थियो, नेताजी 'आज पनि आइन त्यो?' भनी झोक पोख्दै फन्केको दिन अञ्जनाको कुर्सी खाली थियो। त्यस दिन उनले आशङ्का गरेझैँ दिनभरि अलच्छिन लागिरह्यो, अपशकुन भइरह्यो। उनले ट्वाइलेटको टायलमा चिप्लिएर झन्डै ढाड खुस्काएनन्। मुखभित्र पसिसकेको कमिसन चिप्लियो। भेटी नपाएको झोकमा झोले पत्रकारले अकुत सम्पत्ति कमाएको भनी कभर स्टोरीसहित समाचार छाप्यो।

× × ×

"नमस्कार सर!" दोस्रो हैन कि पाँचौ दिन डरले गुजुल्टो पर्दै अञ्जना नेताजीको अगाडि उभिई। बाघको अगाडि बाछी परेजस्तै ऊ लगलग, थुरथुर काँप्दै थिई। चेहरा कालोनीलो थियो। पसिनाले चेहराको मेक अप लतपतिएको थियो।

"किन आ'की? नोकरी बढ्ता भो? राजीनामाको चिर्कटो फालेर जाँदा हुन्छ।" नेताजी प्रेसर कुकर भए।

कोठाबाहिर भने अञ्जना उपस्थित भएको खुसियालीमा भव्य पार्टीको कार्यक्रम बन्यो। "एकछिन नेताजी बम्किन्छन्। त्यसपछि पग्लेनन् भने मेरो मुखमा थुक्दिनू।" कतिले त बाजी नै थाप्न भ्याए।

तर अधिकांशको अनुमान विपरीत नेताजीले अञ्जनाको मुखसम्म हेर्ने आवश्यकता ठानेनन्।

"के गर्नु सर! हजुरको आदेश हुँदाहुँदै पनि...।" उसको वाक्य बस्यो। उसले आँसुको भेल बगाई।

"कुनै बनिबनाउ कथा भन्ने होला होइन? मलाई मतलब छैन।" उनी ढुङ्गो बने।

"होइन सर! मेरो चार महिने छोराको कसम, त्यस्तो हुँदै होइन। आपतै परेर मात्र म आउन नसकेकी हुँ। आज पनि...।" उसले नेताजी केही मत्थर होलान् र यथार्थ घटना प्रस्तुत गरुँला भनी उनको चेहराको उतारचढाव नियालिरही।

"मलाई अहिले अनुभव भएको छ, आइमाई भनेका सब एकै ड्याङका मुला हुन्। चपाउन, टोक्न ठीक छन्; सजाउन होइन। यहाँले फर्सीको लहराजस्तो लामो कथा

सुनाइरहनुपर्दैन। विषयवस्तु मलाई पहिले नै जानकारी भइसकेको छ– ससुरो ओछ्यान पर्‍यो, पोइको दुर्घटना भयो, छोरालाई टाइफाइड भयो। रुन्चे खाप्चो लाएर मेरो अगाडि उभिने होइन। आरामसाथ सदाको लागि बिदा भए हुन्छ।" नेताजी चिसिनुको सट्टा झन् भकभकी उम्लिँदै गए।

ऊ उभिएको आधा घण्टाभन्दा ज्यादा भइसकेको थियो। बस्न पनि भनिएको थिएन। यति मात्र कहाँ हो र? आफ्नी मन परेकी लकी चार्म जसलाई मायालु पाराले 'तिमी' भनेर बोलाउँथे, आदरार्थी शब्द 'यहाँ' प्रयोग गरिरहेका थिए।

विगतको अनुभवले के प्रमाणित गर्थ्यो भने जब उनले आफूमुन्तिरको कर्मचारी, कार्यकर्तालाई आदरार्थी शब्द प्रयोग गर्थे तब सम्झे हुन्थ्यो, जरुर केही गडबड हुनेवाला थियो। भयङ्कर तुफान आउनेवाला थियो। यसलाई पुष्टि गर्न एउटा मात्र घटना काफी थियो जुन सबैको जिब्रोमा झुन्डिएको थियो।

अनुमानतः आफूभन्दा माथिको नेतासँग ठाकठुक परेको दिन हुन सक्थ्यो, नेताजी अरिंगालको गोलो भएर फोन वार्तामा व्यस्त थिए। उनी अर्कोपट्टिको मान्छेलाई यति ठूलो स्वरमा पाँडे गाली गर्दै हकार्दै थिए कि पानी लिएर आएको पिउनको हातबाट गिलास टेबुलमाथि खसेर टेबुलको सिसा चकनाचुर भएको थियो। पानीले कागजपत्र भिजेर लतपत भएका थिए।

"यहाँको काम छैन, सवारी भए हुन्छ।" उनले पानी पोखिएकोमा कुनै प्रतिक्रिया जनाएका थिएनन्। चेहरामा रिसाएको भाव पनि झल्किँदैनथ्यो।

"हजुर, गल्ती भयो। अब आइन्दा...।" पिउनले पर्सिएको बोकोजस्तो जुम्ल्याहा हात जोडी म्याँ... म्याँ... गरेको थियो। दोब्रिन सक्नेसम्म दोब्रिएर टिठ्याएको थियो भन्दा अझ उपयुक्त हुन्थ्यो।

"मैले बिन्ती गरेँ नि, हजुर सवारी भए हुन्छ।" उनले 'यहाँ'-बाट एक हात माथि उठी 'बिन्ती' र 'हजुर'-को लिस्नो चढ्दै फनक्क कुर्सी घुमाएका थिए।

त्यस दिनदेखिन् पिउन दामोदर स्यालको सिङजस्तो अलप भएको थियो।

"यस्तै परिणति...।" सहानुभूतिका साथ सबैले च्वच्व गरे। ओठ र जिब्रो एकसाथ पड्काए।

"मैले हजुरको आशय बुझेँ, तर म मन हल्का गरेरै जान्छु।" ऊ आदेशबेगर सोफामाथि थचक्क बसी र आफू चार दिन अनुपस्थित हुनुको फेहरिस्त सुनाउन थाली।

× × ×

गएको तीन दिनदेखि उसको छोरालाई हनहनी ज्वरो आइरहेको थियो। उसले पहिले त हल्का तरिकाले सोची– 'मौसम परिवर्तन भइरहेको छ। साधारण रुघाखोकी होला। बेसारपानीले ठीक भइहाल्ला।'

बेसारपानीले ज्वरो घट्ने छाँटकाँट नदेखिएपछि उसले छोरालाई सिटामोल ख्वाएर अफिसलाई निरन्तरता दिएकी थिई। चौथो दिनमा भने घर फर्किंदा छोराको ज्वरो

घट्नुको सट्टा बढ्दो थियो। बिरामी बच्चा त भइहाल्यो, आलसतालस गर्दै आमाको काख एक पल पनि नछाड्ने भयो। विक्षिप्तजस्तै बर्बराउन थाल्यो। सहरमा कर्फ्यू लागेकाले अस्पताल जान सक्ने अवस्था थिएन। त्यसैले काली मातालाई सम्झिँदै बिहान तारा देखिउन्जेल निधारमा पानीपट्टी दिएकी थिई, तर ज्वरोले ओर्लिने नामै लिएको थिएन।

'टाइफाइड, मेनिन्जाइटिस, डेङ्गू अथवा त्यस्तै केही व्यथा त लागेन?' उसलाई चिन्ताको कामज्वरो आउन थालेको थियो।

ऊ हातपाउ जोडेर एम्बुलेन्स बोलाई छोरालाई क्लिनिकमा लिएर गएकी थिई। जहाँ गए पनि उही भीड त हो नि! क्लिनिकमा पनि ऊभन्दा अगाडि नै २५ जना बिरामीले नाम लेखाइसकेका थिए। पालो पर्खिनैपर्‍यो। कुनै अर्को चारा भए पो। बिहान झिसमिसेमै गएको, ११ बजे बल्ल पालो आएको थियो।

"आत्तिनुपर्दैन। टाइफाइडको लक्षण छ। रगत परीक्षणको परिणाम आएपछि एन्टिबायोटिक चलाउँला। अहिले यो औषधी ख्वाउँदै गर्नोस्।" डाक्टरले रगत, पिसाब र खकारको परीक्षण गर्न अराउँदै ढाढस दिएको थियो। ऊ राहतको सास फेर्दै घर फर्केकी थिई।

मानिसको जीवनमा ग्रहदशा भनेको नगरा बजाएर आउँदैन भनेको साँच्चिकै रहेछ। भोको पेट, काखमा सिकिस्त बिरामी बच्चा। उसले घरको गेट खोल्नासाथ आँगनमा छिमेकीको भीड देखेकी थिई। भीड देखेर उसको मन आशङ्काले बरफ भएको थियो।

"बिचराको दोष थिएन। बाटो काट्न लाग्दा पछाडिबाट मोटरसाइकलले ड्याम्मै ठोकेछ। तर अझै होस छ।" छिमेकी कमला भाउजूले सान्त्वना दिन खोजेकी थिइन्।

ऊ हुत्तिँदै कोठामा पुगेकी थिई। पोइको दर्दनाक हालत देखेर मूर्च्छा पर्न मात्र सकेकी थिइन। लोग्ने अचेत अवस्थामा उसकै नाम पुकारिरहेको थियो। टाउकोबाट ह्वालह्वाल्ती रगतको खोलो बगिरहेको थियो। कपडाभरि रगतका टाटैटाटा थिए।

"बुहारी, काल पनि कस्तो पक्षपाती रहेछ। म पाकिसकेको बूढालाई उठाउनुको सट्टा...।" ससुरा टाउकामाथि हात राखी थुचुक्क बसेका थिए।

"मैले जीवनभरि स्वच्छ मनले पूजा गरेको फल यही हो त?" सासू आमा भित्तामा टाउको ठोक्दै भगवान्लाई सत्तोसराप गर्न थालेकी थिइन्।

"रमिते नबनी छिटो अस्पताल लैजाने व्यवस्था गर।" ऊ चिच्याएकी थिई। उसलाई रुने पनि फुर्सद थिएन।

देवरले एम्बुलेन्स बोलाएको थियो। सबै जना मिली बिरामीलाई झ्याइँकुटी पार्दै एम्बुलेन्सभित्र कोचेका थिए।

"खतरा त छैन। रगत धेरै बगेको छ, त्यसैले...।" डाक्टरले अपुरो, अस्पष्ट वाक्य बोलेको थियो।

"यथार्थ जानकारी दिनोस् डाक्टर साब।" उसले मन दह्रो बनाउँदै प्रतिप्रश्न गरेकी थिई।

"टाउकामा गहिरो चोट लागेको छ। हामीले कोसिस गर्ने हो, गर्छौं। उहाँ ओछ्यानमै थला नपरे पनि पहिलेको जस्तो हुन मुस्किलै पर्ला।" डाक्टरले उज्यालो कम, अँध्यारो पक्ष ज्यादा देखाएको थियो।

"मेरो सिन्दूर जसरी पनि बचाउनोस् डाक्टर साब।" उसले छाती पिट्दै डाक्टरको खुट्टा समातेकी थिई।

× × ×

"उनी हस्पिटलको बेडमा जिन्दगीको अन्तिम सास गन्दै छन्। बाँच्ने-नबाँच्ने ठेगान छैन। उनी बाँचे पनि जिउँदो लासमा परिणत हुने पक्का छ।

"यस्तो कठिन मोडमा मैले मात्र होइन कि कुनै पनि स्वास्नीमान्छेले अगाडिपछाडि सम्झिन सक्दिन। अफिस, नोकरी त धेरै टाढाको कुरा भयो। मुस्कानको पाउडर चेहरामा दली तपाईंको अगाडि उपस्थित हुन सक्दिन।

"हो, मैले त्यही गरेँ र शत प्रतिशत ठीक गरेँ। तपाईंको नोकरीभन्दा मेरो छोरो र पतिको ज्यान हजारौँ गुणा बहुमूल्य छ, प्यारो छ। उनीहरूको ज्यान बचे लाख उपाय गर्न सक्छु भन्ने ममा हिम्मत छ, तागत छ।" ऊ दाह्रा किट्दै पूरा आत्मविश्वासका साथ नेताजीलाई डोज दिँदै बाहिरिई।

× × ×

मेरो कथाको अन्त भयो। मलाई लाग्यो, मैले मेरो कथाकी नारी पात्रलाई पूरा न्याय गरेँ। यस कथामा नारी पात्रलाई न्याय गर्न सकेकोमा म फुलेल भएर आफैलाई धाप मारिरहेको अवस्थामा उनी फोन वार्ता टुङ्ग्याएर मेरो सामु उपस्थित भइन्।

"कति लामो फोन गर्न सक्या होला। म नभएको बेला फोन गर्नु नि! फोनमा 'सर्टकट' कुरा पो गर्ने हो, मौसमदेखि टाउको दुखेकोसम्म गफ छाँट्ने हो? छिटो ल्याऊ नास्ता। भोकले मर्न लागिसकेँ म।" म उनलाई काँचै निलुँलाझैँ गरी गर्जिएँ। मेरो पुरुष अहम्‌को सिङ चार हात लामो भएर आयो र उनलाई घाइते बनाउन तम्तयार भयो। मेरो अहम्‌ले थप्यो– "म कामबाट आउनासाथ तिमी मेरो सेवामा हाजिर हुनैपर्छ। सेवाचाकरी बजाउनैपर्छ, किनकि तिमी मेरी जुठोपुरो चाट्ने स्वास्नी हौ।"

यहाँनेर मैले के बिर्सिएँ भने मैले भर्खरै मात्र बडो साहसी, निडर नारी पात्रको कथा लेखेको थिएँ जसमा पुरुषले नारीमाथि थिचोमिचो मात्र होइन कि आफूअनुकूल सञ्चालन गर्ने वस्तु बनाउँदै आएकोमा अब नारीले पुरुषसँग प्रतिरोध लिनुपर्छ भन्ने भावना पोखेको थिएँ।

●

अनुपम रोशी

# समागम एक नीलो शून्यता



यति बेला नीलो आकाश र नीलै धरतीबीचको शून्यताले एउटा वायुयानलाई निलिरहेको छ। त्यही यानका आरामदायी सिटमा छन् केही थान मानिस। मानिसहरूका बीचमा एक थान मेरो आत्मा पनि समाहित छ। म जान्दछु, यो नीलो संसारको पेटभित्र भर्खर छिरेको वायुयान बाहिर निस्कन नौ घण्टा लाग्ने छ। र, म एउटा नीलो अस्तित्वको सभ्यतामा गहिरिँदै जाने छु।

हेर्छु परपर फैलिँदै गएको एउटा भूमिगत साम्राज्य जहाँ सौम्यताको फराकिलो सहर बसेको अनुभव हुन्छ। त्यो अनुभूति वायुयानभित्रबाट देखिने एउटा मीठो सौन्दर्य हो। नीलो संसारको आफ्नै परिधि छ। र, मेरो सोचाइका पनि आफ्नै सिमानाहरू छन्। ती सिमानाहरूबाट भागेर यसो यानभित्र दृष्टि फ्याँक्छु। अगाडिको सिटमा एक जोडी मुडुला टाउका देखिन्छन्। गेरु वस्त्र धारण गरेका उनीहरूको हातमा एकएक वटा बोधिचित्तका माला देखिन्छन्। हुन सक्छ, उनीहरू कुनै धर्ममार्गी थिए। या फेरि आआफ्नै रहरका पुजारी। म ती मुडुला टाउकाबाट आँखा हटाएर फेरि नीलो साम्राज्यतिर आँखा डुलाउँछु। बादलका थरीथरी आकृति र सूर्यका किरणहरूको आआफ्नै अमूर्त स्वरूप बन्दै-बिग्रँदै थियो।

म पुनः अगाडिको सिटतिरै केन्द्रित हुन्छु। नहेरूँ भन्दा पनि मेरो दृष्टि घरीघरी उनीहरूका टाउकामा ठोकिइरहन्छ। सिटको बीचमा भएको सानो प्वाल भएर मेरा चोर आँखा उनीहरूका हाततिर पुग्छन्। उनीहरूका हात एकअर्कामा गजबले समाहित थिए, मानौँ अब कहिल्यै उनीहरूका हात एकअर्काबाट अलग्गिने छैनन्। एक पटक उनीहरूका आँखातिर हेर्छु। उनीहरूका आँखा एकअर्कामा यसरी अडिएका थिए जहाँबाट एउटा हात्ती ओहोरदोहोर गरोस्, उनीहरूले त्यसलाई देख्ने छैनन्। यहीबीचमा एउटा मुडुलो टाउकाले बिस्तारै अर्को मुडुलो टाउकाको अनुहारतिर आफ्नो अनुहार झुकायो। त्यसपछि उनीहरूबीच बडो आनन्दमयी ओष्ठ समागम भयो।

'ओष्ठ समागम।' अहो, कति सुन्दर दृश्य! त्यो पनि गेरु वस्त्रधारीहरूबीच। म मुग्ध हुन्छु। मानिसले एकअर्कालाई यसरी प्रेम गरेको दृश्य साँच्चिकै कलात्मक हुन्छ। साक्षाकृत चतुर्थ आर्य सत्य, साधना अर्थात् दुःख निरोधगामिनी प्रतिपद्को मार्ग या फेरि कुनै दर्शन र सिद्धान्तको अनुशासन बन्दी... के त्यहाँ दैहिक समागमको कुनै स्थान हुन सक्छ? त्यो आष्टाङ्गिक पन्थलाई हृदयदेखि नै आत्मसात् गरेपछि मान्छेभित्रका रागहरू समाप्त हुनुपर्ने तर्कको विश्लेषण... आहा, कति कमजोर! यहाँ यो हृदयङ्गम दृश्य नै

शाश्वत हो। मेरो सोचाइको अनुशासित गल्लीमा दौडिरहेका तर्कहरू यो अलौकिक दृश्यको अगाडि सङ्कुचित लाग्छन्।

मैले चारैतिर बत्ती निभेको अनुभव गर्छु। अझ यसो भनूँ, त्यहाँ बलरहेका सबै बत्ती उनीहरूको ओष्ठ समागमका लागि निभाइदिन चाहन्छु, किनकि त्यो ओष्ठ समागम अनवरत चलिरहनुमा जुन उच्च आनन्द थियो त्यो अरू केहीमा थिएन।

ओष्ठ समागम एक जोडी मुडुला टाउकाको, यो एउटा उत्कर्ष थियो। कहिलेकाहीं यसरी अपेक्षा नगरिएका सत्यहरू अनुभव गर्छ जिन्दगीले। हो, यस्तै अनुभवमा हराउनुको आनन्द उठाउँछु म र बिस्तारै प्रवेश गर्छु त्यो नीलो शून्यतामा।

लाग्छ, यो नीलो साम्राज्य हावामा टक्क अडिएको छ। हावामा अडिएको यो संसारले सदियौं पार गरेको छ। कति युगका इतिहास होलान् यहाँ? भनिन्छ, युगौंयुगका संवादहरू यही ब्रह्माण्डमा सुरक्षित छन्। हामी आज पनि कुरुयुद्धका चीत्कार सुन्न सक्छौं। या फेरि श्रीकृष्णले अर्जुनलाई बताएको गीता यतै कतै भेट्न सक्छौं। उफ्, यो मनुष्य योनिको सङ्कुचन्! म चाहेर पनि आफूभित्र निदाएको ब्रह्मलाई जगाएर यी सब कुरा सजिलै प्राप्त गर्न सक्दिनँ। बरु मेरो अगाडि एउटा अबोध बालक देखा पर्छ जसलाई म एउटा सिसाकलम थमाउँछु। ऊ बिस्तारै मेरो कल्पलोकमा प्रवेश गर्छ।

यसलाई अन्तरिक्ष भन्नुहोस् या पृथ्वीको क्षितिज। क्षितिजलाई कहिल्यै छुन सकिंदैन, यो शाश्वत सत्य हो। तर यति बेला म त्यही क्षितिजको एउटा विश्राम गृहमा आइपुगेको छु। बालक एकाएक बोल्न थाल्छ।

हावामा उडिरहेको वायुयानबाट फुत्त निस्केर एकाएक यो नीलो सभ्यतासँग जोडिनु आफैमा एउटा रहस्य हुन सक्छ, किनकि मन त्यही रहस्य उत्पादन गर्ने कारखाना न हो। कसले रोक्ने, कसले छेक्ने? हावाको वेगजस्तै उसको वेग स्वतन्त्र छ।

कल्पलोकमा पुगेको बालकले त्यहाँ त्यही मुडुलो टाउकोवाला गेरु वस्त्रधारीलाई देख्छ। त्यो मुडुलो टाउकाले त्यहाँ केही खोजिरहेको थियो।

अर्को मुडुलो टाउको खोइ? यो नीलो संसारमा सिसाकलम थमाउने मेरो अभिभावक कता गायब भयो? के मैले कल्पलोक प्रवेश गर्नुअगाडि नै यो मुडुलो टाउको यहाँ आइपुगेको हो? फेरि यो कल्पलोकको भित्तामा ऊ के खोजिरहेको छ? बालक आश्चर्यचकित हुन्छ।

केही बेर खोजेपछि उसले केही भेट्टाएजस्तो गऱ्यो। हुन सक्छ, यो एउटा प्राकृतिक शक्तिको बोध हो। या फेरि हुन सक्छ, त्यो सिसाकलम थमाउने अभिभावकका रूपमा यो मुडुलो टाउकाको गन्तव्य निहित थियो।

बालक उसका क्रियाहरूमा विभक्त हुँदै जान्छ। आखिर कसरी त्यो मुडुलो टाउको भएको गेरु वस्त्रधारी मानिस यहाँ आइपुग्यो? के मलाई भन्दा पहिले त्यो सिसाकलम थमाउने अभिभावकले उसलाई आमन्त्रण गरेको थियो? त्यो दीर्घ साधनाजस्तो ओष्ठ

समागमलाई छाडेर किन हिंड्यो होला ऊ? कहिल्यै नछुट्टिने गरी समातेको हात कसरी छुट्यो होला? त्यस्तो आलिङ्गनबद्ध प्रेमको दीर्घ साधनालाई छाडेर एकाएक एउटा मुडुलो टाउको मात्र कसरी यो शून्य संसारमा आइपुग्यो? प्रेमको साधनामा समाधिस्थ हुँदै गरेको अर्को मुडुलो टाउको खोइ? बालक प्रश्नमाथि प्रश्नमुखी हुँदै गयो। कुनै इतिहास पल्टाइरहेको जस्तो देखिने त्यो मुडुलो टाउको असन्तुष्ट देखिँदै थियो। यो शान्त संसारमा आएर पनि के कुरामा अशान्त भइरहेको होला ऊ?

यसरी आफैलाई प्रश्नमाथि प्रश्न गरेर भएन, बालक ऊ नजिक पुग्यो र दुई हात जोडेर निहुरिंदै भन्यो– प्रणाम महामुनि! महामुनिले कुनै जवाफ दिएनन्। उनी आफ्नै धुनमा शास्त्रका पुराना पत्रहरू पल्टाउन व्यस्त देखिए। बालकलाई एक पटक फर्केर पनि हेरेनन्।

यसरी के खोजिरहनुभएको हो महामुनि? बालकले प्रश्न दोहोऱ्यायो।

तपाईं को हो? कसरी यहाँ आइपुग्नुभो? महामुनिले जवाफको साटो उल्टो प्रश्न गरे।

म त एक बालक हुँ महामुनि। मेरो अभिभावक वायुयानमा तपाईंको पछिल्लो सिटमा बसेर सँगै यात्रारत छ। बरु तपाईं भन्नोस्, कसरी मेरो अभिभावकको कल्पलोकमा आइपुग्नुभयो?

कल्पलोक त जसको पनि हुन सक्छ अथवा जो पनि आउन सक्छ। बरु तपाईं भन्नोस्, के कारणले मेरो पिछा गर्दै हुनुहुन्छ?

मैले तपाईंको पिछा गरेको होइन महामुनि। बरु यो नीलो संसारमा मलाई सिसाकलम थमाउने मेरो अभिभावक खोइ? उसैले मेरो दृष्टि चेतनालाई यो कल्पलोकमा आमन्त्रित इसारा गरेको हो। तर आश्चर्य, ओष्ठ समागमको दीर्घ साधना छाडेर तपाईं पो यहाँ देखिनुभयो!

कल्पलोक त हरेक मनुष्यको सरोवर हुन्छ। तर दुर्घटनावश एउटै कल्पलोकमा दुई फरक आत्माहरू भेटिनु यो चैं गजब भयो। सम्भवतः पछाडिको सिटमा बसेको तपाईंको अभिभावक कुण्ठित छ।

यो सरासर आपत्तिजनक छ। त्यो यानभित्र तपाईंहरूले ओष्ठ समागम गर्दै गर्दा सबैभन्दा बढी खुसी हुने मेरै अभिभावक हो महामुनि। सायद उसले जति आनन्द तपाईंहरूले पनि उठाउनुभएन होला।

त्यो तिम्रो दृष्टिभ्रम हो। तिम्रो अभिभावक कुण्ठित छ। हुन सक्छ, ऊ पनि अपूर्ण छ। भयङ्कर प्यासी छ। त्यसैले त म देखिरहेछु, तपाईंको सिसाकलमभित्र निकै प्रश्न खाँदिएका छन्।

हो, मसँग धेरै प्रश्न छन्। पहिलो प्रश्न, तपाईसँगै रहेको अर्को मुडुलो टाउको खोइ?

म जान्दथेँ, तपाईंले यो प्रश्न सबैभन्दा पहिले सोध्नुहुने छ, किनकि हामीबीचको दीर्घ साधनालाई घुरेर हेर्नेमध्ये तपाईंको अभिभावक नै सबैभन्दा नजिक थियो।

त्यसरी खुलेआम ओष्ठ समागम भएपछि नहेर्ने कुरा कसरी हुन्छ महामुनि? मेरो अभिभावकले हेरेको मात्र होइन, मीठो आनन्द पनि उठाएको थियो।

आनन्द उठायो रे? त्यसो भए किन बत्ती निभाइदियो?

ऊ चाहन्थ्यो, उज्यालोका कारण त्यो आनन्द नबिथोलियोस्।

यहीँनेर छ त्यो कुण्ठा। जब वायुयानभित्र बलेका सबै बत्ती निभाइदिएर उसको दृष्टि चेतनाले यो नीलो संसारतिर पाइला सा-यो, प्रेमको दीर्घ साधना त्यति बेलै बहिष्कृत भयो बालक! तपाईंको अभिभावक सङ्कुचित छ। र, सबैभन्दा बढी कुण्ठित।

तपाईंहरूको साधना कसरी बहिष्कृत भयो महामुनि? उसले त बहिष्कार गरेको थिएन।

प्रेमको दीर्घ साधनालाई अँध्यारोमा अनुभव गर्न खोज्नु नै बहिष्कृत चेतनाको उपज हो बालक, किनकि अँध्यारोमा उसले देखेका यी मुडुला टाउकाको कुनै अस्तित्व छैन। अँध्यारो एउटा अपूर्ण यात्रा हो। त्यसैले हामी उज्यालो चाहन्छौँ। मतलब बुझ्नुभयो होला, प्रेमको दीर्घ साधना सर्वमान्य हुनुपर्छ। तर यो मामलामा हामी सधैँ बहिष्कृत भयौँ। जब तपाईंको अभिभावकको दृष्टि चेतना हामीबाट भागेर वायुयानका बत्ती निभाउन पुग्यो तब प्रेमको दीर्घ साधना विफल भयो।

त्यसलाई विफल भएको मान्नुमा के औचित्य छ र महामुनि? बरु तपाईंले ओढ्नुभएको आवरणको ढोङ त्यागेर सर्वमान्य प्रेमको दीर्घ साधनामा जाने आँट किन गर्नुहुन्न?

विधाता, हो, यही कल्पलोकमा बसेर त्यो विधाताले हाम्रो नियति कोरिदिएको छ। र, म त्यही नियतिको सिकार हुँ बालक। म चाहन्छु, त्यो नियति चक्रलाई सदाका लागि खारेज गरूँ। यति भनेर ऊ चुप लाग्यो। र, पुनः मक्किएको शास्त्र पल्टाउन व्यस्त भयो। बालकले गेरु वस्त्र, मुडुलो टाउको र बोधिचित्तलाई पालैपालो हेरिरह्यो। उसको व्यग्रता देखेर जान्न सकिन्थ्यो, ऊभित्र अनगन्ती भावहरू एकै पटक सलबलाइरहेका छन्। उसलाई लागेको छ, विधाताले त्यो बेला बनाएको खेस्रा यतै कतै छाडेको छ। र, ऊ त्यस चक्रलाई सदाका लागि खारेज गर्न चाहन्छ।

वास्तवमा यसरी के खोजिरहनुभएको छ तपाईं? आष्टाङ्गिक पन्थ या दुःख निरोधगामिनीको मार्ग? केही बेर उसको व्यग्रताको दर्शक बनेपछि बालकले सोध्यो।

यति बेला म ती दुवै कुराको खोजीबाहिर छु। बरु तपाईंले सम्बोधन गरेको यो महामुनि रूपको खारेजी चाहन्छु। त्यसका लागि यो नियति चक्र बदलिनु जरुरी छ।

यस्तो विराट् र वैज्ञानिक परिचयलाई खारेज गर्ने चाह राख्नु मूर्खता होइन र महामुनि?

यो आवरण विराट् र वैज्ञानिक होला, तर यो रूप आफैमा कुरूप छ। जबसम्म प्रेमको सशरीर दीर्घ साधना यो नियति चक्रमा समावेश हुँदैन तबसम्म यो अपूर्ण नै रहन्छ। महामुनिको आवरणभित्र रहेका हजारौँहजार प्यासी आत्मालालाई हेर्नुहोस्, कसरी छटपटाई-छटपटाई मृत्यु वरण गरेका छन्। मलाई पनि अतृप्तिले घोचीघोची मारोस्, यो स्वीकार्य छैन।

एउटा मनुष्यको कल्पलोकमा नियति चक्रको खारेजी सम्भव होला अथवा तपाईंको हृदयको व्यथाले केही बेर यहाँ विश्राम गरेर जान सक्ला, तर मनुष्य लोकमा नियति चक्रको खारेजी मृत्युपश्चात् नै सम्भव छ महामुनि।

मलाई कल्पलोकमा होइन, स्वर्गलोकमा पनि होइन, यहीं मनुष्य लोकमा सप्रेम दीर्घ साधना प्राप्त गर्नु छ बालक। त्यो पनि यही मुडुलो टाउको, गेरु वस्त्र र बोधिचित्तको साथमा। अर्थात् एउटा उज्यालोमा।

एउटै जिन्दगीमा दुईदुई वटा साधनाप्राप्तिको लोभ किन गरिरहनुभएको तपाईंले?

किनकि इन्द्रियहरू सधैं प्रश्नमुखी छन्। र, मलाई सोधिरहन्छन्, यो मुडुलो टाउको के हो? किन मलाई गेरु वस्त्र धारण गराइयो? र, किन यो मुडुलो टाउकोप्रति पनि यतिबिघ्न मोह छ मलाई? यो समाजको कस्तो उत्पादन हो? के यी बिना उत्पीडन, बिना प्रश्न आफैले चाहेर बनेका मुडुला टाउका हुन्? हुन् भने किन यसभित्र आर्तनाद छ? किन पीडाको उच्च स्वर सुन्नुपर्छ मैले? हामीले बाँचेको समाज प्रेमको हो कि घृणाको, किन बुझ्न सक्दिनँ म? किन हामीले गरेको ओष्ठ समागममा समाजले बत्ती निभाउँछ? जीवनका डर र क्षुद्रतालाई जित्न धारण गरेको सिद्धान्तले कसरी मलाई उल्कापात गरायो? र, हामीहरूकै बीचबाट एउटा महामुनि जैविक बलात्कारी कसरी बन्यो? जब यी प्रश्नका उत्तरहरूको बोध हुने छ, मेरो दैहिक चेतना स्वतः स्थिर हुने छ। त्यति बेला बडो कष्टले हिंडेको यो बाटो आफै भत्काइदिने छु या जैविक भोकको ध्वनिमा आफूलाई विसर्जन गरिदिने छु। तर यो असामान्य सिद्धान्तमा जीवन डोऱ्याउँदै गर्दा प्राकृतिक सत्यसँग वर्जित हुनु बिलकुलै कहालीलाग्दो छ। आज म जे छु बोधिसत्त्वको चाहनाले नै छु। तर यसैभित्र रहेर मानिस हुनुको स्वाधीन अनुभूतिको खोजी गर्नु कसरी गलत हुन्छ? यो रूप धारण गर्नुपर्ने नियति लिएर जन्मिएकैले हामीले भोगेको असन्तुलनको क्षतिपूर्ति यो समाजले दिन सक्दैन भने हाम्रो दैहिक समागममा प्रश्न उठाउने अधिकार पनि यो समाजलाई छैन। यो असन्तुलनले उठाउने प्रश्नचिह्न सबैभन्दा बढी यही मुडुलो टाउकामा ठोकिएको छ र यो लामो इतिहासलाई योगसिद्धि र साधनाको नामले कुण्ठित बनाउँदै ल्याएको छ। एउटा जैविक अस्तित्वलाई जबर्जस्ती समाप्त गर्नुपर्ने कठोर नियमन प्राकृतिक छ, यो मान्न तयार छैन म।

मुडुलो टाउकाको धाराप्रवाह प्रवचन सुनेर बालक नाजवाफ उभिन्छ। उसको सिसाकलमभित्रबाट सबै प्रश्न आफसेआफ पाखा लागेजस्ता हुन्छन्। मानिसको शरीर र

मनको तार छुट्टाछुट्टै भएर पनि एक छ कि एक भएर पनि दुई फरक चिज बनाइयो? कुन विन्दुमा पुगेपछि शरीर र मनको विभाजन पूर्ण हुन्छ? गेरु वस्त्र, मुडुलो टाउको, मान्छेको मन या फेरि शरीरको भोक अर्थात् ओष्ठ समागम। बालकले एक पटक महामुनितिर हेऱ्यो। यति बेला उसका औँलामा त्यही सिसाकलम थियो जुन उसको अभिभावकले उसलाई दिएर कल्पलोकमा पठाएको थियो।

महामुनि एक पटक सिसाकलमको फेदमा रहेको इरेजरतिर हेर्छन्। र, आफ्ना हातका रेखाहरू मेटाउन थाल्छन्। मानौँ उनको नियति चक्र त्यहींनेर उभिएको छ। र, मेटिँदै छ बिस्तारै।

महामुनिले मेटाउँदै गरेको नियति चक्र मेटिन्छ–मेटिँदैन, थाहा छैन। तर उनले चलाइरहेको इरेजरले कल्पलोकको भित्तो मेटिँदै जान्छ र यो मीठो भ्रम बाँचिरहेको बालक ममा समाहित हुन्छ। त्यति बेलै वायुयानभित्रका सबै बत्ती बल्छन्। सबैतिर उज्यालो फैलिन्छ। उज्यालोमा ती जोडी मुडुला टाउका मुस्कुराउँछन् र प्रेमको दीर्घ साधनामा लीन हुन्छन्।

●

उत्तम सापकोटा

# यात्रा



मेचबाट उठ्न खोज्दा टेकेको छेउ मऱ्याक्क गऱ्यो। छेउमै रहेकी उषा हत्तपत्त उठेर हात तेर्स्याउँदै थिइन्, उनको अर्को हातलाई मेरो दाहिने हातले समात्यो। लरखराउन लागेका मेरा पैतालालाई उनको हात र बल नभएको उनको हातलाई मेरो हातले भर दिन लागेको दशकौँ बिते। उनको र मेरो सहयात्राको निरन्तरता नै हाम्रो विगत र वर्तमान हो। नौदस महिनाको घरवासपछि पहिलो पल्ट बाहिर निस्कने साइत जुर्दै थियो। विश्वभरि नै त्रासदीका रूपमा उदाएको कोरोना भाइरसले यस अवधिमा हामी दुईलाई झन् बढी नजिक पुऱ्यायो। यसबीचमा मैले झन् बढी महसुस गरेँ– मेरो मुखबाट निस्कने सासको तातोपना त उनी पो रहिछन्। यो उनको भर मलाई जिन्दगीको मीठो सहारा भएको छ। नभए त उहिले नै मेरो मुखबाट सास पनि चिसो निस्किसक्थ्यो होला। जीवन युद्धमा आर्जित केही विशिष्ट गुणहरू हाम्रो जीवनमा स्थायी सदस्य बनेका छन्। म तिनको नियमित मर्मतसम्भारका लागि अस्पतालहरूको सहारा लिँदै छु। आखिर यस

त्रासदीले अघोषित बन्दी बनाएरै छाड्यो। सीमित सुविधाप्राप्त त्रासद बन्दीबाट मुक्त भएर नियमित परीक्षणका लागि मैले अस्पताल जाने दुःसाहस गरेको हुँ।

सधैं हिंडिरहेको बाटो नौलो छ; घरहरू, बजार, चोक र मान्छेहरू मेरा लागि नौला भएका छन्। ओहो! कसरी सबै चिज उही र एउटै हुँदा पनि समयको अन्तरालले नवीनता दिने रहेछ? मलाई रमाइलो लाग्यो– दाम्लाले बाँधिएको चारखुट्टेझैँ म पनि उन्मुक्त परिवेशमा प्रवेश गरें; यद्यपि मेरो दाम्लो आत्मानुशासन थियो, आफैप्रतिको प्रेम थियो।

"सबै कुरा राम्ररी परीक्षण गराउनू नि! भ्याएसम्म होल बडी चेक अप गराउनू।" उषाले दिएको आदेश, प्रेम, समर्पण, हप्की सबैलाई मायाको एउटै कुम्लामा सँगालेर बस स्टेसन पुगेको थिएँ।

हिउँदका अन्तिम दिन भए पनि लगभग प्रातःकालीन समय नै भएकाले चिसोले चिमोटिरहेकै थियो। मान्छेको कोलाहल र आत्मकेन्द्रित सहरमा समयले दिएको महामारीको उपहारको प्रभाव छँदै थियो। आँखा मात्र देखिने अनुहार बोकेका मान्छेको आवागमन निरन्तर थियो। नाकमुख बन्द र एकअर्काबाट त्रस्तझैँ बनेर मान्छेहरू ओहोरदोहोर गर्दै छन्, मानौँ सेकेन्डभर रोकिएमा उनीहरूको जीवन नै रोकिने छ। घडीको सुईलाई पनि सायद लाग्दो हो– 'म रोकिएँ भने समय पनि रोकिन्छ।' यो समयको नियम कहाँ घडीको सुईजस्तो रहेछ र? जसरी ब्याट्री फेरेर होस् वा दम भरेर होस् सुई दगुर्छ वा यसलाई दौडाइन्छ त्यसरी नै जिन्दगीमा पनि दम भर्नुपर्ने र ब्याट्री फर्नुपर्ने हुँदो रहेछ। म पनि त जीवनको घडीमा लागेको खिया सफा गर्न जाँदै छु।

"चाबेल, बसपार्क, कलङ्की।"

"सहिदगेट, रत्नपार्क, नयाँ बसपार्क।"

"ग्वार्को, सातदोबाटो, लगनखेल।"

"एयरपोर्ट, गौशाला, चाबेल, जोरपाटी।"

"बानेश्वर, थापाथली, टेकू, कालीमाटी।"

बस स्टेसनमा मच्चिएको र तँछाडमछाडका बीचको यस कोलाहलले यात्रुहरूलाई आकर्षित गरेकै थियो। भिन्नभिन्न प्रस्थान विन्दुबाट बस स्टेसनमा जम्मा भएर फेरि छिन्नभिन्न हुने मान्छेको दैनिकीले मलाई एक पल्ट फेरि भावुक बनायो। यस भावुकताको कसीमा मेरो जिन्दगी माझिँदै छ। सम्भवतः सबैको जिन्दगीको चक्र र क्रम यही नै होला। प्रारब्ध, कर्म, श्रम र परिणतिको यस भुमरीमा हामी दौडिरहेका छौँ।

मलाई चाबेलतर्फको बस समात्नु थियो। तीव्र प्रतिस्पर्धाका बीच आएको बसमा मैले आफ्नो ठाउँ पाएँ। दगुरादगुर गरेर बस चढ्ने प्रतिस्पर्धीहरूमा पनि सबैले सहज स्थान कहाँ प्राप्त गर्छन् र? त्यस ठाउँमा पुग्न कतिलाई भाग्यको भर पर्नुपर्छ, कतिलाई निरन्तरको कर्म भने कतिले अरूलाई पछार्न सक्नुपर्छ। दगुरेर चढे पनि कोही यात्रा

अवधिभर उभिएकै हुन्छन् भने कोही चढ्न नपाई अन्तिम गन्तव्यसम्म पनि सिटमा विराजमान हुन्छन्। मेरो कर्मभन्दा पनि नियतिले बसको सिटमा सुविधा उपलब्ध गर इदियो। नयाँ बस, सफासुग्घर सिटहरू, ठूला झ्याल। मलाई क्षणिक आनन्द प्राप्त भयो। भिन्नभिन्न उमेर समूहका नितान्त अपरिचित व्यक्तिहरूको यात्रा कति बोझिलो होला? हरे क दिन हिंड्ने यी यात्रीका सहयात्री भिन्न छन् अनि यात्राको साधन पनि त फरक छ र पनि यात्रा निरन्तर छ। कहाँ कुन स्टेसनमा को चढ्छ, को ओर्लन्छ? यो बस कहिल्यै खाली पनि देखिँदैन, न त यस भीडमा खास परिचितहरू नै भेटिन्छन्। सडकमा मोटर का ताँती छन्। लाग्छ, भएभरका सबै साधन र मान्छेले थेग्ने यो सहर राक्षस नै हो। त्यही ताँती बनेको मोटरभित्र म पनि गन्तव्यको प्रतीक्षा गरिरहेको छु।

"आज १०–६ को ड्युटी छ। अर्को हप्ताबाट परीक्षा सुरु हुन्छ। फेरि अस्पतालमा बिदा माग्नुपर्छ। घरबाट बुबा 'बिहे गर्, बिहे गर्' भनेर दबाव दिँदै हुनुहन्छ। अब हेर न, मलाई हुर्काउनुभयो, पढाउनुभयो। त्यत्रो खर्च गरेर पढाउनुभएको छ। अब म भर्खर अलिअलि कमाउन लागेकी छु, पढ्दै पनि छु। मैले बाआमाप्रतिको दायित्व पनि त पूरा गर्नै बाँकी छ नि। बिहे गरेर म कसरी स्वार्थी बन्न सक्छु? मैले अब कम्तीमा पनि चार वर्ष बिहे गर्दिनँ भनिदिएँ। बुबा रिसाउनुभएको छ। छोरी मान्छेको उमेर ढिलो बिहे हुँदा हाम्रो समाजमा समस्या हुन्छ भन्नुहुन्छ। कस्तो तनावमा छु। उहाँलाई लागेको छ, मैले बिहे गर्न नमान्दा कोही केटो रोजेकी छु।"

"अनि बुबाले गर्नुभएको आग्रहमा खराबी के छ र?"

"खराबी केही छैन। भाइ र बहिनी गाउँमा पढ्दै छन्। मलाई सानैदेखि सहरमा राखेर पढाउनुभयो। आमदानी केही छैन, त्यही खेतीपाती हो। भूकम्पले घर भत्काएपछि भएको जग्गा अलिकति बेचेर बस्ने घर बनेको छ। भाइबहिनीलाई पढाइबाट उतार्नु छ। बुबा सबै दायित्व आफ्नो हो भैँ गर्नुहुन्छ। मेरो बिहेका लागि पनि त खर्च लाग्छ। बुढेसकालका बुबाआमालाई म कति ऋणको भारी थोपर्दै जाऊँ?"

आफूभन्दा ठीक पछाडिको सिटमा बसेकी किशोरीको आवाज म सुन्दै छु। मलाई पछाडि फर्केर हेर्ने साहस र नैतिक अधिकार छैन। उसको कुरा सुनिदिने साथी को थियो, त्यसले पनि मलाई छोएन। मलाई छोयो– यो बिरानो ठाउँमा मेरो जस्तै मन भएका अरू पनि रहेछन्। फर्केर भन्न मन लाग्यो– 'छोरी, तिम्रो बाबु म नै हुँ।' सायद उसले आफ्नो बाबुलाई पक्कै चिन्दी हो। त्यो मेरो क्षणिक तृष्णा मात्र थियो।

उत्सवले प्रवेशिका परीक्षा सकेको दिन मन बडो अधीर थियो। दुई घण्टापहिले नै स्कुलबाट छुट्टी लिएर घरमा पुगेको थिएँ। मेरो खुसी 'तिमीलाई बधाई छ' यी तीन शब्दमा अटेसमटेस हुँदै बाहिर निस्केको थियो। मैले आफ्नो खुसीलाई शब्दमा मात्र सीमित गर्न नसकेर अङ्कमालमा प्रदर्शन गरेको थिएँ।

मेरो चाहना उत्सवले विज्ञान विषय लिएर पढिदेओस् भन्ने नै थियो, तर त्यो कहिल्यै पनि प्रत्यक्ष प्रकट गरिनँ। उसले प्लस टूमा म्यानेजमेन्ट विषय पढ्ने विचार

गर्‍यो र रोजेकै तर राम्रो शिक्षण संस्थामा भर्ना गरिदिएँ। उसले स्वरुचिअनुसार राम्रै गर्‍यो। मलाई दुई वर्ष बितेको पत्तै भएन। यी दुई वर्षमा हाम्रो जीवनमा आएका सोचाइका भिन्नताहरूको पनि पत्तो भएन। म त्यति बेला झसङ्ग भएँ– यो दुई वर्ष मेरो जीवनमा किन यति चाँडै आयो?

एक दिन उसले भन्यो– "बाबा, म फर्दर स्टडीका लागि स्टेट जान्छु।"

"हँ? हजुर?"

"म यूएस जान्छु के बाबा पढ्नलाई।"

"किन बाबू? तिमी अब के पढ्न चाहन्छौ?"

"म इन्डस्ट्रियल म्यानेजमेन्ट पढ्छु। उता फ्युचर पनि राम्रो हुन्छ।"

"यहाँ त्यो विषय छैन र?"

"होइन बाबा, उताको एजुकेसन अनि डिग्री पनि राम्रो हुन्छ।"

उसको भविष्य र खुसीमा नै हाम्रो वर्तमान टिकेको थियो। म उसको भविष्यको सुन्दरताको पक्षपाती थिएँ। जिद्दीको शालीन विरोधमा थिएँ, तर प्रतिरोधमा थिइनँ। उषाले उसलाई सम्झाउन खोजिन्। उनी चाहन्थिन्– लोग्नेले अझ बढी बल गरेर आफ्नो छोरालाई यतै राखिदेओस्। मैले उषाका आँखा र मन दुवैको भाषा बुझेको हुँ। मेरो मौनताबाट उषाले उत्तर पाइसकेकी थिइन्। बहिनी वर्षा पनि दाजुको चाहनालाई बाबुआमाले समर्थन गरिदिऊन्– यही नै चाहन्थी। उसको विदेश यात्राका लागि मैले आफ्नो जिन्दगीभरको भौतिक कमाइ त्यही घरलाई बन्धकी राखेँ। हाम्रो मन त सन्तानको खुसीमा उसै बन्दी र बन्धक दुवै थियो।

पहाडी गाउँको एउटा सानो संसारबाट म उषा र उत्सवलाई लिएर यस मृगतृष्णाको सहरमा पसेको थिएँ। यहाँ आउनुमा हाम्रो रहर मात्र थिएन, परिस्थितिजन्य घटना पनि थियो। गाउँकै निमाविमा भएको सरकारी जागिर छाडेर सुख र समृद्धिको चाहनाको सिरानी च्यापी हामी यता हान्निएका थियौँ। मलाई वयोवृद्ध बाबुआमाको स्नेहले त्यहाँ रोक्न सकेको थिएन। अहिले उत्सवलाई कसरी हाम्रो ममताले बाँध्न सक्थ्यो र? उसले पढाइ सक्यो। हामी निरन्तर सम्पर्कमै रह्यौँ। उसको पढाइ, काम र आमदानीको सन्तुलन नमिल्दा यस अवधिमा तीनचार पटक मैले यहीँबाट पैसा पनि पठाउनुपर्‍यो। समयले हामीलाई थुप्रै रङ देखाइरह्यो। यो निरन्तरता समयको अन्तरालमा पानीजस्तै पातलो हुन लाग्यो। हामीलाई लाग्यो– ऊ अब यतै आएर बस्ने छ, आफूले आर्जन गरेको ज्ञानलाई यहीँ सदुपयोग गर्ने छ, उमेरले मक्काएको हाम्रो जीवनमा खाँबो बन्ने छ। तर त्यो चाहना मेरा बाको जस्तै भयो। न म बाले चाहनुभएको जस्तो गाउँमा फर्केर बसेँ न त ऊ अब यहाँ फर्कने सोचमा छ। मैले बिर्सने गोरेटो निर्माण गरेको थिएँ, अहिले ऊ त्यसलाई चक्रेटोमा परिवर्तन गर्दै छ। ऊ किमार्थ गलत छैन। गलत छन् भने मेरा दृष्टि र भोगाइ गलत छन्।

उषा शिथिल बनिन्। उनलाई ढाडस दिन मलाई गाह्रो भयो। वर्षा आमालाई सान्त्वना दिन्थी। हामीसँग उत्सवको प्रत्यक्ष संवाद लगभग बन्दजस्तै भइसकेको थियो। सम्भवतः यो वातावरण र समयको नियम होला। तर यसले हामीलाई हृदयमा नमीठो चस्का दिइरह्यो। वर्षा हामीलाई यदाकदा दाजुको खबर सुनाउँथी जुन खबर सुनाउन उसलाई उपयुक्त लाग्थ्यो।

उसले विदेशमा पाइला राखेको दशक पुगिसकेको थियो। शरीर टाढा भएर पनि हाम्रो मन उसप्रति एकोहोरो प्रेममा थियो। पिरती गाढा बन्न भावना दुईतर्फी हुनु जरुरी छ। उसको घर फिर्तीको व्यग्र प्रतीक्षामा हाम्रो जीर्ण घर र मन लोलाएका थिए। भला संवादहीनताको अवस्था थियो। म जान्दिनँ, कुन तत्त्वले यो अवस्था सृजित थियो; तर म जान्दछु, यसमा मेरो कमजोरी थियो। मान्छे सबैलाई अर्ती र उपदेश दिन जान्दछ, सल्लाह र सुझाव पनि दिन सक्छ र अरूबाट त्यस्तै अपेक्षा पनि राख्छ; तर स्वयम् त्यसलाई लागू गर्न जान्दैन, खोज्दैन र सक्दैन। म पनि अपवाद भइनँ।

एकाबिहानै वर्षाले अनपेक्षित खबर सुनाई। उत्सवले बिहे गर्न लागेछ। कोरियाली केटीसँग प्रेम सम्बन्ध रहेको र उसैसँग बिहे हुन लागेको खबरले म आधा खुसी र अर्ध चेत भएँ। वर्षालाई यो थाहा छ, उसकी आमाले आफ्नो छोराको यस निर्णयलाई पचाउन सक्ने छैन। उषा आमा हो, आमा हुनुको अस्तित्व बोध र शालीनता अरू कसैको अनुभूतिजन्य विषय हुन सक्दैन। ममा कम तर उनमा ज्यादा एउटा आशाको त्यही धमिलो धिपधिप बाँकी थियो– बिहेका लागि उसलाई यहीं बोलाउनुपर्छ। अभिभावक हुनुको नाताले सन्तानबाट अपेक्षा गर्ने एउटा खुसी पनि त आखिर यस्तै साना र महत्त्वपूर्ण अवसरहरू हुन्। जीवनमा थुप्रै अनपेक्षित परिणामका बीचमा पनि मान्छेलाई सान्त्वना मिल्ने एउटा आधार हुन्छ, उसको जिजीविषाको एउटा आधार हुन्छ। जीवनमा त्यो पनि भएन भने मान्छे कि विद्रोही बन्छ कि बुद्ध। उसले बहिनीमार्फत हामी सबैलाई बिहेका लागि उतै आमन्त्रण गर्‍यो। उषा र मैले धेरै सोचविचार गर्‍यौं। वर्षाको पनि भविष्य निर्माणको निर्णायक घडी र अधिकार दुवै छ। हामीले उसलाई दाजुको बिहे र भविष्यका लागि पठाउने निश्चय गर्‍यौं। ऊ पनि औधी खुसी भई। हामीले बुद्ध बन्न चाह्यौं।

अचानक उषाको स्वास्थ्यमा अत्यन्त प्रतिकूलता पैदा भयो। घर र अस्पतालको दोहोरो यात्रा लामो समय निरन्तर चलिरह्यो। एक पटक त अब उनीसँगको यस जुनीको यात्रा यति नै रहेछ भन्ने निष्कर्षमा पुगिसकेको थिएँ। क्यान्सरको अप्रेसनपश्चात् सातसात दिनको अन्तरमा हुने किमोथेरापीको बेजोड रापले उनलाई यति शिथिल बनायो कि मेरो होस हराउने परिस्थिति बन्यो। यो बिरानो ठाउँमा म एक्लो थिएँ। अगाडिको सम्बन्धलाई मैले त्यागेर आएको थिएँ, पछाडिको सम्बन्धले मलाई छाडेर हिंडेको थियो। मैले सम्बन्ध दुवैतिर मजबुत बनाउन सकिनँ। दैवको लीला! म एक्लो हुनुपरेन। यसबीचमा मैले कोसिस गरें, अनुनयविनय गरें– आमाको त्यस अवस्थामा ऊ एक पटक यहाँ

आइदेओस्। उसले आफ्नी पत्नी र सन्तानका लागि त्यहाँको संस्कार र संस्कृति नमिल्ने भएकाले आफू आउन असमर्थ भएको सन्देश दियो। तत्काल आउन पनि केही कानुनी प्रतिबन्धको कारण सुनायो। वर्षाले आफ्नो भिसा अवधि सकिएको र यता आए फेरि फर्कन नमिल्ने बाध्यता सुनाई। मैले मेरो कुनै बाध्यता सुनाइनँ। मैले बुझेँ– हामीमा त्यस्तो कुनै रस बाँकी रहेनछ सायद भ्रमररूपी सन्तान हामीसँग झुम्मियून्। शुष्क, अनाकर्षक यी फूल यथार्थमा बोटमा अडिनुको शक्तिले भन्दा पनि भुइँमा झर्ने शक्तिको अभावमा बोटमा अडिएका हुन्। मैले हरतरहले आफूलाई सम्झाउने प्रयत्न गरेँ, तर उषा... ? उनी शारीरिक रूपले अशक्त त छँदै थिइन् तर मानसिक पीडाले उनलाई झन् बढी शिथिल बनायो। यस पीडाको अवसान सम्भव थियो, तर समर्थ थिएन।

बस घ्याच्च रोकियो। उभिएका मानिस ओइरिएर अगाडि आइपुगे। हल्लाखल्ला मच्चियो।

"झन्डै मरेथ्यो। यहाँ गाडी चलाउन पनि ज्यादै मुस्किल छ।" ड्राइभरले भन्यो।

सिटमा बसेकी एउटी महिलाको काखे बच्चा अगाडिको सिटमा ठोक्किएछ। टाउकाबाट रगत ह्वाल्ल बग्यो। ती आफैँ बेहोस भइन्। सँगै बसेका अधबैँसे पुरुषले आमाबच्चा दुवैलाई बसबाट झारेर ट्याक्सीमा राखे। मैले पनि हत्तपत्त अघिल्लो सिटको डन्डीमा हातले समात्न भ्याएछु, नत्र मेरो हबिगत के हुन्थ्यो होला ? अनुमान मात्र गरेँ। बस बीच सडकबाट किनारमा साइड लाग्यो। केही मानिस 'यस्तो बसमा नचढ्ने' भन्दै ओर्लिए। भाडाका विषयमा यात्रु र सहयोगीका बीचमा भनाभन पनि हुँदै थियो। मैले त्यही बसमै बस्ने र बाँकी यात्रा त्यसैबाट पूरा गर्ने अठोट गरेँ, ओर्लिनँ।

यात्राका लागि बस साधन मात्र हो। जीवनमा आउने यस्ता दुर्घटनालाई सम्झेर यात्राको गति र माध्यम फेर्दै जाने हो भने गन्तव्य पनि फेरिँदै जान्छ। कि यात्रामा निस्कनै भएन, निस्किसकेपछि पुग्नैपर्छ। साधनको त कुनै भर हुँदैन। घटनादुर्घटना भनेका यात्राका स्वाभाविक नियति हुन्। कसले निश्चित गर्न सक्छ अगाडिको उसको बाटो कस्तो छ भनेर। न यस बसको चालकलाई सम्भावित दुर्घटनाको पूर्वानुमान थियो न त यस जीवनको म चालकलाई वर्तमान अवस्थाको।

"गोङ्गबू, नयाँ बसपार्क, स्वयम्भू।"

"पानी... पानी...।"

"चाउचाउ, बदाम, केराउ।"

मेरा आँखा पुलको छेउमा मजेत्राले आफ्नो सन्तान पिठ्यूँमा अड्याएर सडक पेटीमा मकै पोल्दै गरेकी र धूवाँसँगै सिँगौरी खेलिरहेकी महिलामाथि पर्न गए। आमाको पिठ्यूँमा मजेत्राले सुरक्षित त्यस सन्तानको भविष्यका लागि हो वा वर्तमानमा बाँच्नुको मूल्य चुकाउनका लागि हो त्यस आमाले गरेको सङ्घर्ष ? कहाँ होला त्यस महिलाको लोग्ने ? बिचरा कतै जोतिँदै होला सुदूर भविष्यको सुखका लागि। राप, ताप र प्रतापको बेजोड सङ्घर्षले कहाँ पुर्‍याउला उनीहरूलाई ?

म स्कुल गएको थिएँ। घरबाट लगभग डेढ घण्टाको पैदल दूरीमा थियो विद्यालय। छोरालाई फलैँचामा सुताएर घाँस लिन उषा बारीमा गएकी थिइन्। घाँसको भारी बोकेर करेसामा आइनपुग्दै देखिएको दृश्यले उनी अतालिइन्। उत्सव फलैँचाबाट बलैँसीमा बजारिएको थियो। कोकोहोलो रुवाइ एकनास थियो। दुवै हात झोलिएका रहेछन्। ढुङ्गामा बजारिएर उसको अनुहार रगताम्मे थियो। यो डरलाग्दो अवस्थाले उषा भयभीत बनेकी थिइन्। चारपाँच वर्षको उत्सवलाई रगत थामिने औषधी दलेर मेरो प्रतीक्षा गरिंदै थियो। जसै म स्कुलबाट आइपुगें, उषा र म अस्पतालतिर लाग्यौं। मध्यरातमा अस्पतालको कक्षमा प्रवेश गर्दा सुनसान थियो त्यहाँ। त्यो अबोध बालकको पीडामय चीत्कारले वातावरण त्रस्त थियो, मातृहृदय झन् व्याकुल। भोक, प्यास र थकानको किञ्चित् पर्बाह नगरी त्यस बालकलाई यो भयानक पीडाबाट छुटकारा दिलाउनु नै हाम्रो तात्कालिक उद्देश्य थियो। अनेक उपायले पनि उसलाई पीडा बिर्साउन गरिएका हरप्रयत्नमा उषाको प्राण उड्लाजस्तो थियो। हरे मातृहृदय! दैवले कति निर्मम र कठोर परीक्षा लिन्छ? अति सुरक्षित आमाको काखमा तेर्सिएको त्यस बालकको क्रन्दनले आमाको हृदयलाई कति विक्षिप्त बनायो होला?

घनघोर वर्षाको समय। मध्यरातमा कोकोहोलो रुन्थ्यो। हामी ऊ किन रुँदै छ भनेर जान्दैनथ्यौं। म अघिअघि राँको बालेर हिंड्थें। मेरो पछिपछि पिठयूँमा उत्सवलाई बोकेर उषा मध्यरातमा झारफुकेकहाँ पुग्थ्यौं। कैयौं रात हाम्रा आँखा अनिदा नै रहे। घरमा पुगेर छोरालाई आमाको जिम्मा लगाई उषा खस्रेको वनमा पुग्थिन् घाँस र दाउराका लागि। आमा भान्सा तयार पार्नुहुन्थ्यो। म उनलाई सघाउन पोखरेसम्म पुग्थें। कहिले कानमा हात लगेर विक्षिप्त हुँदै रुन्थ्यो। केराको डाँठ आगोमा पोलेर कानमा हालिदिन्थ्यौं र रातभर उषा काखमा बोकेर जाग्राम बस्थिन्। आज विदेशमा सफल बनेको सन्तानका लागि आमाका कैयौं अनिदा रातहरूको समर्पण छ। यस समर्पणको विवेकसम्मत सम्मानको प्रतीक्षामा छिन् आमा। आज आमाको पिठयूँमा अडिएको त्यो शिशु र आमाको भविष्य के हो? म आँखा चिम्म गर्छु।

२५–३० वर्षको कठोर श्रमले आर्जन गरेको आवास ब्याङ्कमा धितो राखेर उसलाई विदेश पठायौं। ब्याङ्कले धेरै ताकेता गरिसकेको छ। अन्तिम पटक चेतावनी दिंदै म्यानेजरले भनेको थियो– "सर, अब हामीले पत्रिकामा लिलामीको सूचना छाप्नुपर्ने हुन्छ। सावाँ नभए पनि ब्याज त चुक्ता गरिदिनोस्।"

मसँग यसको उत्तर थिएन। हाम्रो जिन्दगी नै लिलामीमा जाँदै थियो, मलाई घरको चिन्ता भएन। मसँग सपना थियो, अहिले यथार्थ छ। मलाई सपना र यथार्थको तालमेल मिलेको थाहा थिएन।

"अङ्कल, अलि उता सर्नोस् त।"

"भैगो, हामी नै भित्तापट्टि बसौं न।"

मैले बसको अन्तिम सिटको भित्तापट्टिको ठाउँ छाडिदिएँ।

"जाऊँ न के जाऊँ। आज घरमा कोही छैन।"

"भर्खर एक हप्ताअगाडि गएको होइन?"

"त्यो दिन बहिनी चाँडै आइहाली नि। अलि टाइम नै पुगेन।"

"यस्तो जिद्दी नगर न तिमी। रिस्क हुन्छ के।"

"प्लिज, लास्ट एक पटक के!"

"होस्, अहिले हुँदैन। मेरो पिरियड भइरा'को छ।"

मलाई दुई किशोरकिशोरीको यो वार्तालाप असहज लाग्यो। म समयसित हिंड्न बिर्सेको मान्छे। परम्परित सोच र व्यवहारबाट निर्देशित र रुग्ण मानसिकता बोकेर चुनौतीहरूसँग सिँगौरी खेल्दै छु। जुरुक्क उठेर बिस्तारै अगाडिको सिटमा बस्न आएँ।

"ममी, हजुरले औषधी खानुभयो? बाबा घरमा कि पसलमा अहिले? अनि बुनूले डाक्टरसँग सम्पर्क गरी कि गरिन?"

" ... ... ..."

"म अब अर्को हप्तातिर आउँदै छु त्यतै बस्ने गरी।"

"... ... ..."

"होइन मामू, मलाई जागिर गर्नु छैन के। हजुरहरू त्यहाँ एक्लै हुनुहुन्छ। बाबालाई पनि घर र पसलको झन्झटले गाह्रो भइसको। कान्छी पनि अब कति दिन बस्ने त्यहाँ? उसको पनि आफ्नै घरपरिवार छ, बूढा सासूससुरा हुनुहुन्छ, भान्जाको स्कुल छ। ज्वाइँलाई व्यवसायमा जानैपर्छ। हामीले व्यावाहरिकता हेरिदिनुपर्दैन? म छोरो चाहिं यहाँ जागिर भनेर बस्ने अनि बिहे भएकी छोरीलाई त्यहाँ राखेर हुन्छ ममी? आखिर छोरो केका लागि भन्नु त? तपाईंलाई त्यस्तो अवस्थामा छाडी म यहाँ 'जागिर, जागिर' भनेर केका लागि बस्ने के? बिचरा बाबाको हालत के भइसको होला? कि हजुरहरू यता आउन राजी हुनुपरो, बरु म यता घर किन्ने कोसिस गर्छु। कोभिडले गर्दा म पनि आठ महिना भैसको त घरमा नआको। होइन भने म अब त्यहीं आउने हो बस्ने गरी। यसरी कसरी हुन्छ भन्नु त?"

"... ... ..."

"तपाईं मेरो चिन्ता नगर्नू न। त्यो केटीले मानिन भने अर्की केटी खोजौंला नि ममी! मेरो बिहे प्राथमिक होइन के अहिले। तपाईंलाई आफ्नो हेल्थको वास्ता छैन, अब मेरो बिहेको टेन्सन लिएर हुन्छ भन्या? लु, खुरुक्क फोन राख्नू अब। म अरू केही जान्दिनँ, आउँछु। पहिले हजुरलाई राम्ररी उपचार गराउने हो। यतै ल्याएर हुन्छ कि भेलोर गएर हुन्छ, जसरी भए पनि हजुरको उपचार पहिले गर्ने हो। त्यसपछि भाइले धुमधामसँग बिहे गर्छ।"

"... ... ..."

"जिद्दी नगर्नू के ममी।"

"... ... ..."

"लौ, त्यसो भए यो महिना काम गर्छु र म राजीनामा दिन्छु। एक महिनापछाडि किचकिच गर्ने होइन नि फेरि। अर्को महिनादेखि म त्यहीं हजुरहरूसँगै हुन्छु।"

सँगैको सिटमा बस्ने तन्नेरीको एकतर्फी फोन संवादले म अवाक् भएँ। मलाई उषाको बित्यासको झझल्को लाग्यो। भर्खर केही घण्टा त भयो उनीसँग म छुट्टिएर हिंडेको। आफ्नो पनि छोरो छ र उसले यस्तै भनेको सुन्ने कति चाहना हुँदो हो। के बाबुआमा भनेका यस्तै सम्बन्धका खोल्न नमिल्ने पोका हुन् जसलाई भँडारको अँध्यारो कुनामा लुकाइन्छ? उषा, तिमीलाई आफ्नो सन्तानले भरोसा दिएको मन पर्दैन?

"बुबा, के गर्नुभएको? छाड्होनुस्।"

ग्वाम्लाङ्ग हालेको अँगालो छुटाएर त्यस तन्नेरीले मलाई पूर्ववत् अवस्थामा ल्यायो। मैले उसमा उत्सवको रूपाकृति देखें। तर मन... ?

कति कमजोर हुन्छ आमाबाबुको हृदय जुन हर नव पुस्तामा आफ्नो सन्तानको अनुहार देख्छ।

"बुबा, के भयो? किन यसरी आँसु झार्नुभएको?"

"उत्सव, बाबू उत्सव, मेरो छोरा!"

"मेरो नाम दिप्सन हो बुबा! म उत्सव होइन। हजुर झुक्किनुभयो जस्तो छ।"

सायद म झुक्किएको थिएँ। होइन, म निश्चय नै झुक्किएको हुं। मैले आफ्नै सन्तानलाई चिन्न सकिनँ।

मानिसहरू बसबाट ओर्लंदै थिए।

"ए काका, तपाईं कहाँ झर्ने हो? बस एक चक्कर लागिसक्यो, यो काका बसमा बसेकोबस्यै छ।"

मैले वरिपरि हेरें। म जुन विन्दुबाट बिहान बस चढेको थिएँ, अहिले त्यही स्थानमा आइपुगेछु।

म निरुत्तरित थिएँ। निश्चित गन्तव्य बोकेर घरबाट निस्किएको थिएँ। घटनाक्रम र तर्कनाहरूको यात्राले मलाई गन्तव्यविहीन बनाइदियो। जिन्दगीमा सबै मान्छे कहाँ सही गन्तव्यमा पुग्छन् र? यात्रा जहाँबाट सुरु भयो, कोही त्यहीं पुग्छन्, कोही अन्तै। फेरि कसैको यात्रा सुरु नै नभई अन्त पनि हुन्छ। कसैको जिन्दगीमा नियतिले चक्रपथ मात्र निर्माण गरिदिन्छ भने कसैका लागि सोझो राजमार्ग। मैले भोलि फेरि त्यही विन्दुबाट यात्रा प्रारम्भ गर्नुपर्ने छ जहाँ आज मैले यात्रा बिसाएको छु। हिउँदको दिन। दिन सकिएको छैन, तर घाम डाँडामाथि पुगेको भैँ आभास हुन्छ। म बसबाट ओर्लें। बसको यात्रा पनि थकान दिने भएछ। शिथिल शरीर लिएर अगाडि बढ्दै छु। अचम्म लाग्दै छ, सडक किनारका बत्तीहरू दिउसै बल्न थालेका छन्। तिनै खम्बाका बत्तीको प्रकाशलाई

पछ्याउँदै बाटो काट्दै छु मनमा यो तर्कना लिएर– म उषालाई आजको यात्राका बारेमा के भनूँ ?

मेरा कानमा त्यही मधुर आवाज ठोक्किँदै छ–

"चाबेल, बसपार्क, कलङ्की... अन्तिम बस हो। छुट्न लाग्यो है छुट्न... ।"

●

भानु बोखिम

# कुनै मोडबाट



रात्रि कलेजको पहिलो दिनको कक्षा छुटेको छ। म पर्खालमा आड बनाएर तेर्सिएको अँध्यारो बाटो हुँदै मूल सडकमा आइपुग्छु। हिउँदको चिसो साँझमा सडकमा गाडीको चाप चाँडै नै पातलिएको छ। क्याम्पसको ठीक सामुन्नेको ल्याम्प पोस्ट दोस्रो जन आन्दोलनताका आन्दोलनकारीले फुटाएका थिए। अझै मर्मत नगरिएका कारण मूल सडक अँध्यारो छ।

क्याम्पसको मूल गेटमा विद्यार्थीहरू हल्ला गर्दै दायाँबायाँ लाग्दै छन्। म दायाँ मोडेर हिंडाइको रफ्तार बढाउँछु। महेन्द्र पुलिस क्लबको गेटको उज्यालोमा अगाडि बढिरहेकी महिलासँग मेरा आँखा ठोकिन्छन्। मैले उनलाई कक्षा कोठाभित्रै देखेको थिएँ। सायद उनले पनि देखेको हुनुपर्छ। मुसुक्क हाँसिन्।

"कहाँसम्म ?" सायद उनको मुस्कानले सहज अनुभव गरेर सोधिहालें।

"कीर्तिपुर। तपाईं नि ?"

"नयाँ बानेश्वर "

हामी दुवैको रफ्तार तेज हुन्छ। हिंड्दाहिंड्दै एकअर्कासँग परिचय गर्छौं। चिसो मौसमको प्रसङ्गमा कुरा गर्दै पुरानो बसपार्क पुग्छौं। पातलिँदै गएको बसपार्कमा खलासीहरू स्थानविशेषको नाम लिएर यात्रु खोज्दै हुन्छन्।

"अब भोलि भेटौंला है।" मीनाले भनिन्।

"चिया खाएर छुटौं न।" म किनारतिरको क्याफेतिर मोडिन खोज्दै बोल्छु।

"हैन, नखाऊँ।" उनी बस भएतिर बढ्न मभन्दा ९० डिग्री बायाँतिर पाइला मोड्छिन्।

"खाऔं न खाऔं ! यस्तो जाडोमा एक कप चियाले केही बिगार्दैन।"

"पछि खाउँला नि ! ऐले बस पाइँदैन।"

अब म जोड गर्न सक्दिनँ। छुट्टिन्छौँ। उनी कीर्तिपुरको माइक्रो बसमा चढेको देखेपछि म भक्तपुर जाने बसमा उक्लिन्छु। केही क्षणमा म चढेको बस भद्रकालीबाट सिंहदरबारतिर गुडिरहेको हुन्छ।

भोलिपल्ट अफिसबाट निस्केपछि क्याम्पस पुग्छु। क्याम्पस हाताभित्र बकुल्लोजस्तो यताउता टाउको घुमाउँदै कक्षा कोठातिर बढ्छु। क्याम्पसको भवन र परिसरलाई घेरा हालेको पर्खालभरि परिवर्तनका नौला नाराहरू लेखिएका छन्। त्यही पर्खालमा भर्खरै खुला राजनीतिमा आएको मुख्य क्रान्तिकारी नेताको पोस्टरले आधिपत्य जमाएको छ।

कक्षामा पुगेपछि मेरा आँखा मीनासँग ठोकिन्छन्। उनी एक जना केटा र एक जना केटीको बीचमा हुन्छिन्। म खाली ठाउँ हेर्दै कोठाको पछिल्तिर बढ्छु। म बसी नसक्दै अग्लो कदको प्रोफेसर प्रवेश गर्छन् हात्तीभैँ लम्किँदै। विद्यार्थीको सामुन्ने ओठ च्यातेर थोरै मुस्कान छाड्छन्। फेरि खुम्च्याउँछन्। हातले डायरीका पाना पल्टाउँदै सबै विद्यार्थीमाथि लाटोकोसेरोले जस्तै आँखा दौडाउँछन्। त्यसपछि उनको प्रवचन सुरु हुन्छ।

आज अन्तिम क्लासका सर आएका छैनन्। प्राप्त जानकारीअनुसार उनलाई रुघाले च्यापेको छ रे।

“के छ त खबर?” ढोकाबाट बाहिरिने क्रममा मीनाले सोध्छिन्।

“ठीक छ, तर अलि जाडो लागेको छ।”

“हो है, त्यै भएर लास्ट पिरियडको सर आउनुभएन।”

“हो त, गाह्रो पारो यो जाडोले।”

“आज चिया खाने है त! आज अलि टायम छ।”

“हुन्छ।”

विद्यार्थीको भीडले बाटो साँघुरो बनाएको छ। हामी दुवै बिस्तारै अघि बढ्छौँ। गेटबाट बाहिरिएर चिया पसलमा पुग्छौँ।

“दुई कप चिया बनाइदिनू न।” मीना पसलमा भएकी अधबैँसे आइमाईलाई भन्छिन्।

मीनाको अनुरोधमा ती आइमाईले टाउको हल्लाइन्। ग्यास चुलो नजिक पुगिन्।

“कफी चाहिं छ कि छैन?” मैले यसो भन्दा साहुनी ताप्केमा दूधपानी हाल्न तयार अवस्थामा थिइन्।

“कफी पनि छ।” उनका धसिएका आँखाले मलाई नियाल्दै बोल्छिन्। उही बेला मीनाका आँखा पनि मतिर सोझिन्छन्। मीनाको हेराइको आशय चिया नै ठीक भन्ने हुन्छ, तर म उनको आशयलाई वास्ता गर्दिनँ– “दुई कप कफी बनाइदिनू।”

कफी पिएपछि मीनाले ब्यागबाट पैसा झिकेर साहुनीलाई दिन खोज्छिन्। म उनको हातलाई मेरो हातले रोक्दै बोल्छु– “म तिर्छु।”

“मै तिरिहाल्छु नि, पैसा त झिकिसकेँ।”

“फेरि राख न त! ब्यागमा पैसा राख्नु ठूलो कुरा हैन क्यारे।”

यतिन्जेलमा मैले पनि पैसा निकालेर साहुनीलाई दिंदै हुन्छु। साहुनी कसको चाहिं पैसा लिने भनेर असमञ्जसमा परेकी हुन्छिन्। तर मैले मीनाको हात ठेलेर उनको ब्यागनिर पुऱ्याइदिन्छु।

"जागिरेलाई बेरोजगारले खुवाएको त कहाँ चित्त बुझ्छ र है?" मीना मुसुक्क हाँस्दै बोल्छिन्।

"आजलाई यसरी बुझ न।" साहुनीले फिर्ता दिएको पैसा पक्डँदै बोल्छु।

दुवै जना अघि बढ्छौं। हिजो जस्तै बसपार्कमा पुगेपछि छुट्टिएर आआफ्नो रुटको गाडी चढ्छौं।

हरेक साँझ बसपार्कसम्म सँगै आउनु र एकअर्कालाई बिदा गर्नु हाम्रो दैनिकीका रूपमा विकास हुँदै जान्छ। एकअर्काको सामीप्यमा रम्दै जान्छौं। शनिबार कलेज जान नपाएर बोझिलो लाग्छ।

"काठमाडौंमा भेटिएको यौटा असल साथी हौ तिमी।" मीनाले बसपार्क नजिकको क्याफेमा यसो भन्दा हाम्रो भेट भएको करिब डेढ महिना भएको हुन्छ। यो बेलासम्म काठमाडौंमा जाडो यथावत् हुन्छ।

म उनका निर्दोष आँखातिर नियाल्छु। प्रतिक्रियामा केही बोल्दिनँ, मुस्काउँछु मात्र।

"मैले झूट बोलेको जस्तो लाग्यो?"

"हैन, के भनूँ के भयो।" चिसोले कठ्याङ्ग्रिएका औंलामा चियाको ग्लासले डाम्दै बोल्छु– "एनिवे, तिम्रो कुरा सुनेर खुसी लाग्यो।"

"किन नबोलेको त?" घुर्क्याउँदै बोल्छिन्।

"आजसम्म मलाई कसैले यस्तो भनेको थिएन।"

"त्यै भ'र खुसी लाग्या हो?"

"सायद, तर जे भए नि खुसी लाग्यो।"

उनले मलाई छड्के परेर हेरिन् अनि मुसुक्क हाँसिन्। उनको हेराइलाई बेवास्ता गरेझैँ गरेर चिया पिउन थालें।

हामी त्यहाँबाट बाहिरिंदा सात बजेको थियो। हिउँद यामको सात बजाइ अर्थात् झमक्क अँध्यारो। मैले आज अलि उत्तेजित पाराले हात हल्लाएर बसपार्कमा उनलाई बिदा गरेँ।

बिस्तारै कलेजको पढाइ बोरिङ लाग्न थाल्यो। अधिकांश समय हामी क्लास बाहिरै हुन्थ्यौं। क्लास लिइहाले बाहिर आएर कक्षा कोठाको वातावरण र सरको पढाउने शैलीको आलोचना गर्थ्यौं। यत्तिकैमा एक दिन उनी कलेज आइनन्। त्यो दिन म निकै छटपटाएँ। त्यसपछि पनि उनी लगातार आइनन्। उनकै आसमा १५ दिनजति नियमित कलेज धाएँ। कलेजमा उनीबाहेक अरू मिल्ने साथी पनि थिएनन्। सायद उनीसँगको आत्मीयताले अरूसँग नजिक हुन सकिनँ। बिस्तारै मैले पनि कलेज जान छाडें। तर कहिलेकाहीं

हाइवेमा गुडेको बसझैँ मेरो मस्तिष्कमा उनको सम्झना उच्च गतिमा दौडिन्थ्यो। अक्सर त्यो बेला म उनले भनेको 'काठमाडौँमा भेटिएको एउटा असल साथी हौ तिमी' भन्ने सम्झन्थेँ।

यौटा हावाको झोक्काजस्तै सम्बन्ध थियो हाम्रो। अनयासै आयो, जिन्दगीका केही स्वप्निल पातहरू हल्लाइदियो अनि फेरि गयो बग्दैबग्दै– नदेखिने गरी कतै टाढाटाढा। सम्पूर्ण कुरा टुटेपछि थाहा भयो– हामीले पुसमाघको चिसो साँझमा धेरै पटक चिया, कफी पिएका थियौँ।

रातको समयमा मनमा उनको सम्झना पातलो बादलझैँ मडारिंदै थियो। म पर्खालमा अडेसिएर केके सोचिरहेको थिएँ। थोत्रो रेडियोमा पुरानो हिन्दी गीत बजिरहेको थियो।

'खोया खोया चाँद, खुला आसमान
आँखोंमे सारी नीद जाएगी
तुमको कैसी नीद आएगी'

गीतमा भुलेर मैलै आफैँलाई देव आनन्द बनाई उभ्याएँ। श्यामश्वेत फिल्म 'जब प्यार किसीसे होता है'-को यो गीत मैले टेलिभिजनमा पनि हेरेको थिएँ जहाँ देव आनन्द सर्टमाथि कमिज खापी घाँटी बाङ्गो पारेर खुला चउरमा कैले दौडँदै हुन्थे, कैले सामान्य गतिमा हिंड्दै र उभिंदै गर्थे। यही बेला मेरो मोबाइलको स्क्रिनमा नयाँ नम्बर नाच्न थाल्यो। नयाँ नम्बर थियो, फोन कट्नै लाग्दा उठाएँ।

"के छ खबर?" उनले एकै चोटि प्रश्न गरिन्।

"ठीकै छ। तपाईं को बोल्नुभो?" आवाज ठम्याई नसकेकाले म असमञ्जसमा बोलेँ।

"मलाई नचिनेको? यति चाँडै भुल्ने तिमी त निष्ठुरी!"

"ओहो... मीना!" अचानक मेरो बोलीमा उत्तेजना थपियो– "तिम्रो फोन आउँछ भनेर कल्पनै गरेको थिइनँ। कहाँबाट फोन गर्‍यौ आज यति राति?"

"किन? राति फोन गर्नु हुँदैन?"

"हुन्छ, तर आज अचानक...।"

"आज मैले मोबाइल ले'को नि त!" उनी मेरो कुरा काट्दै बोलिन्।

"ए हो? ल बधाई छ तिमीलाई। सिम नि आजै ले'को?"

"आजै ले'को नि! पैलो कल नै तिम्लाई गरेको।"

"अति खुसी लाग्यो।"

"पैलो कल तिम्लाई गरेँ भनेर?"

"त्यसै भनूँ। अनि यत्रो दिन कता हरायौ?" बोलीमा प्रसन्नता झल्काउँदै सोध्छु।

"हरा'को नि...!"

"कि तिमीले नि विद्रोह गर्न आँट्यौ?"

"हराउनेजति सबैले विद्रोह गर्छन् ?"

"के था ? बिना खबर त्यसरी हराउने हो त ? म त तिमीलाई सम्झिँदासम्झिँदा... ।"

"ए... तिमीलाई मेरो सम्झना नि आउँछ है ?" ठट्टाको मात्रा बढ्दै जान्छ ।

"आउँदैन त ? तिमीलाई सम्झिएर कति दिनको निद्रा बिग्र्यो ।"

"कति दिनको बिग्र्यो नि ?"

"तिमी हराएदेखि हिजोसम्मको बिग्र्यो ।"

"हिजोसम्मको मात्रै ? आजको बिग्र्या छैन ?"

"आज त सुत्ने बेलै भा छैन । अनि किन यति राति फोन गर्‍या त ?"

"१० बजेपछि सस्तो हुन्छ नि त ! अब यसो पैसाको बचत गर्नुपर्‍यो नि, तिमीजस्तो जागिरे परिएन ।"

"त्यै त है ! एनिवे, तिम्रो मोबाइलको पैलो कल उठाउन पाएकोमा भाग्यमानी ठानेको छु ।" मैले पनि व्यङ्ग्य प्रहार गरिहालेँ ।

"हा... हा... हा... ! गफाडी । ल, फोन राखेँ मैले ।"

उनले फोन राखे पनि प्रसन्न मुद्रामा थिएँ । पछिल्ला दिनहरूमा फोन सम्पर्क अझ बढ्दै गयो । मैले अफिसबाट दिनमा एक पटक उनलाई फोन गरेकै हुन्थेँ । कुरा यतिले नि पर्याप्त हुँदैन थियो । हरसाँझ एकअर्कालाई 'मिस कल' दिने जुहारी चल्थ्यो । कहिलेकाहीँ त बिहान उठेर हेर्दा २० वटाजति 'रिसिभ कल' देखाउने मोबाइलको आधा भाग उनकै नम्बरले ओगटेको हुन्थ्यो ।

कहिलेकाहीँ दिनमा दुई पटकसम्म कुरा हुन्थ्यो । दोस्रो पटकको कुराकानी प्रायः रातको १० बजेपछि हुन्थ्यो । यस्तो बेला उनले नै फोन गर्थिन् । सुरुमा म फोन उठाउँदिन थिएँ, तर लगातार घण्टी बजेपछि उठाउँथेँ ।

"के भो ?"

"केही भा छैन ।"

"किन फोन गर्‍या त ?"

"तिम्रो याद आएर ।"

"हो र ? अनि अरू के छ ?"

"के छ के छ, कानमा तिम्रो बोली छ ।"

"त्यो त मलाई नि था छ ।"

"आँखामा तिम्रो छाया छ, मनमा तिम्रो माया छ ।"

"कविता हो यो ?"

"हैन, तिम्रो प्रश्नको उत्तर ।"

"शैली बडो कवितात्मक छ त ?"

"म आजकाल कवि भा'की छु नि त !"

"आज नयाँ कुरा था भो? कैलेदेखि हो कवि भाको?"

"तिमीलाई भेटेदेखि।"

यसरी सुनसान रातमा हाम्रो फोन वार्ता हुन्थ्यो। कहिलेकाहीं कुराकानीमा भुलेर मोबाइलको रकम सकिएको पनि थाहा हुँदैन थियो। हरदिन कुरा गर्थ्यौं। पुरानै प्रसङ्ग, पुरानै कुराकानी; केवल वाक्यांशहरू नयाँ हुन्थे। अनौपचारिक र ठट्टाको शैलीमा कुराकानी अनि त्यही ठट्टाभित्र गम्भीरता र भावनाको बीजारोपण। लाग्थ्यो, हामी नजानिँदो तरिकाले एकअर्काको जीवनतिर मोडिँदै छौँ।

"तिम्रो पैसा धेरै खर्च भो होला है?" उनलाई फोन राख्न लगाउने बहाना खोजें।

"ल, फोन राख्छु नि त!"

"ओके, ह्याभ अ स्विट ड्रिम।"

"सपनामा तिमीलाई देख्छु नि त!"

"तर म तिम्रो सपनामा आउँदिनँ।" भाउ खोजेजस्तो गरेँ।

"त्यति निठुरी नबन न यार!"

"किचकन्याको सपनामा पनि कोही आउँछ?"

"किचकन्या त राम्री हुन्छे। तिमी भूतजस्तो हो र?"

"ओहो... आफूलाई राम्री भनेकी हेर न!"

"म राम्री छैन र?" केही सोचेजस्तो गरेर– "म पनि के भ'की होला है रातिराति भूतलाई फोन गरेर ...!"

"दिउसो भूतले फोन उठाउँदैन, निदाउँछ।"

"हा... हा... हा...। ल-ल, राखेँ। मेरो पैसा सकिन लाग्यो।"

हाम्रो कुराकानी तराईको फाँटमा बाढी पसेको जस्तो हुन्थ्यो जुन नदीजस्तो कुनै धार पक्डेर बग्दैन थियो। अनकन्टार जङ्गलमा हराएको यात्रीजस्तो जताजतै भौँतारिन्थ्यो।

बिहान ब्युँझँदा सात बजेको थियो। ब्युँझनेबित्तिकै मीनासँगको फोन संवाद सम्झेँ। मनमा खुलदुली बढेर आयो। कार्यालय गएपछि उनलाई सित्तैँमा फोन गर्न पाउँथेँ। हिजोको संवाद सम्झेर धैर्यको बाँध टुटिसकेको थियो। टेबलबाट मोबाइल तानेँ, पाँच वटा 'मिस कल' थिए। चेक गरेँ। ती 'मिस कल' अरूको हुने त सम्भावनै थिएन। अन्तिम पटकको 'मिस कल' रातको साढे एक बजे आएको थियो। सम्झेँ– यति राति किन फोन गरिन्?

तुरुन्त नम्बर डायल गरेँ, पाँचौं चोटि घण्टी गएपछि फोन उठ्यो।

"के गर्दै छौ?" फोनमा उनको आवाज सुनेपछि सोधिहालेँ।

"चिया खाँदै छु।" उनले प्रत्युत्तरमा भनिन्।

"एक्लै खा'को?"

"तिमी पनि आऊ न त!"

"आउँदिनँ, तिमीलाई फेरि चिया पकाउन दुःख हुन्छ।"

"यही बाँडेर खाऔँला नि!"

"मलाई तिम्रो भाग खोस्नु छैन। बरु भन, किन रातिसम्म 'मिस कल' गरेको?"

"तिमी सुत्यौ कि सुतेनौ भनेर।"

"राति नसुतेर के गर्छु त? मसानघाट घुम्न जान्छु?"

"मसानघाट गयौ भने त भूतको फेला परिहाल्छौ नि!"

"ए... अरू ठाउँ जाँदा नि?"

"अरू ठाउँ गयौ भने मेरो फेला पर्छौ।"

"त्यसो हो भने भरेदेखि राति घुम्न जानुपर्‍यो।"

"मेरो फेला पर्न?"

"हैन, किचकन्याको फेला पर्न।"

"हा... हा... हा...।"

"एनिवे, म तिम्रो फेला परे पनि कुनै बन्धन मान्दिनँ। हा... हा...।" उनको हाँसोमा मेरो हाँसो थपिन्छ।

यसपछि धेरै चोटि फोनमा कुराकानी हुन्छ। यो क्रममा हामीले दुई पटक प्रत्यक्ष रूपमा भेट्छौँ पनि, तर भेटघाटमा भन्दा टेलिफोनको कुराकानीमा धेरै खुलेर बोल्छौँ। कुराकानीमा हामी ठट्टा गर्छौं, तर त्यो ठट्टाभित्र मनको भित्री इच्छा पनि पोख्छु र उनले नि त्यसै गरेजस्तो भान हुन्छ।

हामीबीचको हरेक क्रियाकलाप मेरो मस्तिष्कमा यादगार बन्दै गइरहेको थियो। अबेर रातसम्म म उनको हरेक संवाद सम्झेर रमाउँथेँ। आजकाल म मायाप्रेमका मीठामीठा फिल्मी संवादहरू बोल्न मन पराउँथेँ। गुगलमा कवि र दार्शनिकका प्रेमिल कथनहरू खोज्थेँ। हरेक साँझ म ती भनाइहरू पढ्दै रम्थेँ।

"तिमीलाई भोलि फुर्सद छ?" आज १० बजे अगावै फोन गरेपछि अलि गम्भीर भएर बोलिन्।

"किन?"

"छ कि छैन भन न।"

"मिलाउँला नि!"

"साँझतिर मलाई टाइम देऊ न त।"

"किन?"

"तिमीसँग कुरा गर्नु छ।"

"के कुरा गर्ने?"

"भेटेरै भन्छु नि!"

"अहिले भन्न मिल्दैन?"

"भेटेरै भन्छु नि!"

"त्यसो भा' न्युरोडमा आऊ न अस्ति कफी खा'को ठाउँमा।"

"साढे पाँचमा। ठीक समयमा आऊ नि?"

"हुन्छ हजुर!" म व्यङ्ग्यात्मक शैलीमा बोलेँ– "हजुरको जो आज्ञा।"

फोन राखेपछि मैले निकै बेर गमेँ। सोचेँ– भोलि म जे चाहन्छु त्यही कुरा भन्छिन् मीनाले। विगतको हाम्रो कुराकानी र सम्बन्धले त्यही परिणामतर्फ इङ्गित गर्थ्यो। म मीठो कल्पनामा त्यो रात अबेरसम्म निदाउन सकिनँ।

भोलिपल्ट भनेकै समयमा न्युरोड पुगेँ। उनी कफी सपअघिको सडक पेटीमा अगावै आएर उभिएकी थिइन्। भित्र पस्यौँ र सुरुमै कफी मगायौँ। केही क्षणमै मधुर मुस्कानका साथ दुइटा कफी बोकेर वेटर हाम्रो सामुन्ने आयो। बडो भद्र तरिकाले ट्रेबाट टेबलमा कफी राख्यो र फर्कियो।

"हिजो के कुरा गर्छु भन्दै थ्यौ नि?" मैले कफीको पहिलो चुस्की लिँदै प्रसङ्ग कोट्याएँ।

"पहिले कफी खाइसकौँ न।"

"खाँदै भन्दा हुँदैन?"

"हुन्छ हुन त।"

"भन न त।"

उनले अलि अप्ठ्यारो मानेझैँ यताउता हेरिन्। नजिकैका टेबलकुर्सी खाली थिए। एकएक गरेर हातका औँला पड्काइन्। त्यसपछि एक सर्को कफी पनि पिइन्। मैले जिज्ञासु तरिकाले उनको क्रियाकलाप नियालिरहेँ। कप फेरि टेबलमा राख्दै मतिर आँखा तेर्स्याइन्।

"तिमी मलाई मन पराउँछौ?"

उनको प्रश्नले गर्दा केही क्षण मौन भएँ अर्थात् झट्ट बोल्नलाई बोली फुटेन। वरिपरि हेरेजस्तो गरेँ। नजिक कोही छैन भन्ने पहिले नै थाहा थियो, तर पनि असहज भएको थियो। उनले जस्तै औँला पड्काएँ। अचानक गर्मी महसुस भएको थियो।

"सायद यो शब्दले बोलिराख्नुपर्ने कुरा हैन।" अलि सर्माएजस्तो गरी बोलेँ।

त्यसपछि तुरुन्तै कफीको कप उठाएँ। एक घुट्को पिएर कप हातमै समातिराखेँ, यो बेला मैले कफीको आधा भाग रित्याइसकेको थिएँ।

"तर म तिमीलाई त्यो रूपमा हेर्दिनँ।"

म मुसुक्क हाँसे मात्र। मलाई कुनै साथीले भनेको थियो– केटी मान्छेले बढी भाउ खोज्छन्। उनी पनि यो बेला यसै गरी भाउ खोज्दै छिन् भन्ने लाग्यो र म एकछिन चुप बस्ने सोच बनाएँ।

"मेरो कुराले तिमी भ्रममा परेको हुन सक्छौ।" फेरि मीनाले नै बोल्न सुरु गरिन्– "यसको लागि म माफी चाहन्छु, तर म तिमीलाई प्रेम गर्दिनँ।"

यस पालि उनको कुरा सुनेर साँच्चै झट्का लाग्यो। नसा चिसियो। मुटुको गति तेज भयो। चारैतिरबाट शत्रुले घेरिएको सिपाहीझैँ निकै हताश भएँ। ओठमै पुऱ्याइसकेको कफीको कप फेरि टेबलमै झारेर सोधेँ– "आजसम्म तिम्ले भनेका कुराहरू झूटा थिए?"

"त्यो ख्यालठट्टा मात्र थियो भनेर बुझ।" उनले भनिन्।

"ख्यालठट्टाबाट पनि त सम्बन्धको सुरुवात हुन सक्छ?"

"म तिमीलाई यौटा असल मित्र ठान्छु," उनी सहज रूपमा बोल्दै थिइन्– "र त्यसकै रूपमा हेर्न चाहन्छु, प्रेमीको रूपमा हैन।"

"म असल प्रेमी पनि त हुन सक्छु।" मैले भनेँ।

"सक्छौ होला, तर म एक पटक बनाएको धारणा परिवर्तन गर्न सक्दिनँ।"

"धारणा परिवर्तन गर्न के गाह्रो छ र?"

"मलाई त गाह्रै हुन्छ।"

त्यसपछिको संवादमा मैले धेरै चोटि सम्झाउने कोसिस गरेँ। उनले मानिनन्। म निकै निराश भएँ। टेबल छाड्दा मेरो भागको आधा कफी कपमै चिसिएको थियो।

बसपार्कसम्म हामी उति नबोली नै आइपुग्यौँ। त्यो दिन उनीसँग मेरो पहिलो उदास बिदाइ भयो।

त्यसपछिका दिनमा फोनमा त्यति कुराकानी हुन छाड्यो। कुराकानी भए पनि पहिलेजस्तो रोमाञ्चकता थिएन। करिब १० दिन बितेपछि मैले फोन गरेर भेट्न बोलाएँ। त्यो भेटमा मैले सक्दो मनाउने प्रयास गरेँ, तर उनी पहाड भएर उभिइन्। मैले उनको साथी मात्र हुन चाहिनँ, उनी मेरी प्रेमिका बन्न तयार भइनन्। त्यो दिन पनि दुवै जना उदास भएर छुट्टियौँ।

छुट्ने बेलामा यति भनिन्– "म चाहेर पनि तिमीसँग बिहे गर्न सक्दिनँ।" यो उनको अघिल्लो भनाइभन्दा फरक थियो।

हामी तेस्रो पटक पनि भेटियौँ।

"मीना, तिमी आफ्नो धारणा परिवर्तन गर।"

"सरी, म आफ्नो कुरामा पैल्यैदेखि क्लियर छु। तिमीसँग ख्यालठट्टा गर्नु गल्ती भयो।"

उनी आफैँ पनि उदास नभएकी भने हैन। थाहा छैन, किन हो कुन्नि उनी मसँगको मित्रता बचाइराख्न चाहन्थिन्।

"...र फेरि पनि म यति भन्छु, म चाहेर पनि तिमीसँग बिहे गर्न सक्दिनँ। यति भनेपछि तिमी पनि मेरो बाध्यता बुझिदेऊ।"

"के कारण हो त्यस्तो? भन न त।"

"मैले दिएको कारणलाई तिम्ले सामान्य मान्छौ र आफ्नै कुरामा जिद्दी गर्छौ। त्यै भएर भन्दिनँ, तर सहज अवस्था भए म तिम्रो मन दुखाउँदिन थिएँ।"

"तर मित्रतामा मात्र त भोलि हामी टाढा हुन्छौं। त्यो बेला यस्तो रमाइलो भेटघाट-कुराकानी कहाँ हुन्छ र?"

"परिस्थिति अनुकूल हुन्न भने कुनै सम्बन्ध जीवनपर्यन्त चल्नैपर्छ भन्ने पनि त छैन।"

"त्यो त कुनै ग्रन्थ वा संविधानमा लेखिएको छैन।"

हामी छुट्टियौं। पछिल्लो पटक उनले गाउँ फर्किंदै छु भनेकी थिइन्। त्यसपछि उनको मोबाइल अफ भयो।

केही वर्षपछि संयोगले उनको गाउँको मान्छेसँग एउटा कार्यक्रममा भेट भयो। तिनको भनाइअनुसार मीनाले नेपालगन्ज बस्ने केटासँग विवाह गरिन्। दसैंमा बाआमालाई भेट्न आउँछिन्। १६ वर्षअघि भागेर अन्तर्जातीय विवाह गर्ने उनकी दिदीका लागि भने माइती घर अझै पनि बन्द छ।

× × ×

म फिल्ड भिजिटबाट फर्किने क्रममा नेपालगन्ज एयरपोर्टमा छु। काठमाडौंबाट हवाईजहाज उडिसकेको जानकारी आएको छ। अफिसको कामले तीन दिन बस्दा त असह्य नेपालगन्जको गर्मीको मीनाले हरदिन कसरी सामना गर्लिन्? फेरि सोच्छु, परेपछि सहनुको विकल्प नै कहाँ रहन्छ र? आखिर म पनि उनको वियोग सहेरै यहाँसम्म आएँ। मीनासँगको पहिलो भेटको सम्झना पनि अब त डेढ दशक पुरानो भइसकेको छ।

ठूलो आवाजसहित रनवेमा गुडिरहेको हवाईजहाजमा आँखा पर्छन्। केही समयमा नेपालगन्जको गर्मीबाट म यही जहाजमा उडेर चिसो काठमाडौंतिर गइरहेको हुने छु। विगत र काठमाडौं सम्झेर एकाएक चिसो हुन्छु।

●

दिनमान गुर्मछान

# मुनियाकी आमा चिच्याउन थाली



उखूबारीमा मुनियाको लास फेला परेको छ।

गाउँभरि यो हल्ला बतासले पत्कर उडाएजसरी उडायो। यो हल्लाले सारा गाउँ पिट्यो। लास हेर्न गाउँभरिका दौडिए। कोही हतारमा दौडिए। कोही बाटामा विभिन्न आशङ्काको बखान गर्दै लास भएको उखूबारीतिर लागे। सबैको मन भने हताश अनि भयले छोपिएको थियो।

लास हेर्नेको भीड जम्मा भयो। भीडलाई प्रहरीहरूले नियन्त्रणमा लिँदै परतिर धकेल्दै थिए। भीडका आँखा भने मुनियाको लासतिर पुग्थे। अनि नजिकबाट हेर्ने इच्छाले अगाडि तान्थ्यो। अगाडि सर्न खोजेको भीडलाई प्रहरी फेरि पछाडितिर धकेल्न थाल्थे। यो क्रम घरीघरी चली नै रहन्थ्यो।

तर लासदेखि दुई हात पर दुई शरीर भने चर्को स्वरमा कोकोहोलो गर्दै थिए। उनीहरूको रुवाइसँगै आक्रोश पनि मिश्रित थियो। घरीघरी लडीबुडी पनि गरिरहेका थिए। ती दुखियारी मुनियाका बाबुआमा थिए। उनीहरू त्यही बारीमा अर्ध चेत अवस्थामा आफ्नो बिलौना पोखिरहेका थिए।

"हमर बिटियाके मार देलक हो।" मुनियाकी आमा चिच्याउँदै थिई। छाती पिटीपिटी रुन थालेकी थिई। उसको क्रन्दनलाई बेवास्ता गर्दै पुलिसहरू लासलाई ओर्काइफर्काइ गरेर हेर्दै थिए। एउटा प्रहरी भने क्यामेराले लेन्स मिलाईमिलाई फोटो खिचिरहेको थियो। सबुतको नाममा केही भेटिई पो हाल्छ कि भन्ने उनीहरूको उद्देश्य थियो। तर देख्नेले यो तरिकालाई अनाहक र लापर्बाह भन्न सक्ने खालको थियो।

"अनुसन्धानमा कुनै किसिमको कमीकमजोरी नहोस्।" सब इन्सपेक्टर अराउँदै बोलिरहेको थियो। उसलाई अघिदेखि मुनियाका आमाबाबुको चर्को रुवाईले भने झर्को लागिरहेको थियो। बेलाबेला रिस नउठेको पनि होइन, तर आफूले काम गर्नुपर्ने भएकाले रिसलाई सँभाल्दै आफ्ना प्रहरी जवानहरूलाई काम अराउँदै थियो।

परैबाट नियालिरहेको रामाधीनले सब इन्सपेक्टरलाई भन्यो– "सर, अपराधी नउम्कियोस्। हाम्रो तर्फबाट अनुसन्धान र मुचुल्कामा पूर्ण रूपमा सहयोग हुने छ।"

रामाधीनको कुरा सुनेर सब इन्सपेक्टर मुसुक्क हाँस्यो। रामाधीन यसै वडाको अध्यक्ष थियो। भर्खरैको चुनावबाट निर्वाचित भएको थियो। त्यसैले उसले पूर्ण रूपमा सहयोग गर्ने आश्वासन दिएको थियो। ऊ घरीघरी भीडलाई नियन्त्रणमा लिँदै सम्झाइबुझाइ पनि गरिरहेको थियो।

"मुनियालाई त बलात्कार गरेर मारेको हो रे नि!" लासलाई परैबाट नियालिरहेकामध्ये कोही फुसफुस कुरा गरिरहेका थिए। कोही भने अनुमान गरिरहेका थिए।

"यो बाटो भएर मुनिया कहाँ गइरहेकी थिई त?" कसैले यसरी प्रश्न गर्न पनि भ्यायो।

"समातेर ल्याएको पनि त हुन सक्छ नि?" अर्काले थप्यो।

उपस्थित सबैले आआफ्नो तरिकाले अड्कलबाजी गरे। आफ्नो गाउँकी मुनियालाई चिन्ने सबैले निन्याउरो अनुहार बनाउँदै एकटकले आँखाले भ्याउन्जेल हेरिरहे। सबैको मनमा एउटै प्रश्न खेलिरहेको थियो– आखिर बिचरीलाई कसले मार्‍यो होला?

× × ×

महेन्द्र राजमार्गभन्दा सात किलोमिटर दक्षिणतिरको सङ्ग्रामपुर गाउँको पुछारमा थियो रामललनवा र लछूको घर। सागरनाथ जङ्गल हुँदै जाने हो भने सजिलै पुगिन्छ यो

गाउँ। पञ्चायत कालमा यहाँ घना जङ्गल थियो। बाघको बिगबिगी उस्तै। त्यसैले हम्मेसी यो छोटो बाटो कोही प्रयोग गर्दैनथे।

गाउँको पुछारमा बस्थे रामललनवा र लछू। मुनिया उनीहरूकी एकमात्र सन्तान थिई। रामललनवा र लछूको विवाह भएको सात वर्षसम्म पनि कुनै सन्तान भएन। भगवान्ले नदिएको भन्ने उनीहरूको भनाइ थियो। बिहे भएको यतिका वर्षसम्म पनि सन्तान नभएपछि उनीहरूले आस मारिसकेका थिए। रामललनवाका बाबुआमा नातिनातिनाको मुख हेर्न नपाई बिते। सात वर्षपछि जन्मिएकी मुनियाको आगमनले उनीहरूको घर र मनमा उज्यालो ल्यायो। गाउँलेहरूले लछूलाई बाँझी आइमाई भन्दै आएको कलङ्कबाट अब ऊ मुक्त भएकी थिई। त्यसैले पनि लछूको खुसीको सीमा थिएन।

"हम सब मुनियाके खुब पढाएम्। यी हे हमरा के बेटा है। यी हे बेटी।" रामललनवा आँगनमा भर्खरै हिंड्न थालेकी मुनियालाई देखेर भन्थ्यो। उसको कुरा सुनेर लछू रामललनवालाई हेर्थी। छोरीप्रतिको माया देखेर ऊ पनि मक्ख पर्थी अनि सोच्थी– जे भए पनि भगवान्ले हामीलाई सन्तान त दिए। त्यसपछि भने उनीहरूको अर्को सन्तान भएन। त्यसैले उनीहरू उसैलाई छोरी भए पनि छोरो मान्थे।

एकमात्र सन्तान मुनिया दुवैको प्यारी भई। उनीहरूले उसको लालनपालनमा कुनै कमी गरेनन्। आफूले सकेको र भ्याएसम्मको स्याहार गरेर हुर्काए। गाउँको स्कुलमा भर्ना पनि गरिदिए। मुनिया सानैदेखि मन लगाएर पढ्थी। उसको पढ्ने रुचि देखेर स्कुलका शिक्षकहरू खुसी थिए। गाउँमा यसरी मन लगाएर पढ्ने कमै थिए। त्यसमाथि मुनिया छोरी थिई। मधेसजस्तो ठाउँमा सबैका छोरी स्कुल जाँदैन थिए। मुनिया चाहिं स्कुलकी राम्री विद्यार्थीमा पनि गनिन्थी।

× × ×

"मुनिया यस पालिको परीक्षामा प्रथम भएकी छ।" स्कुलको अफिस कोठामा कक्षा सरले भने।

महेश सरको कुरा सुनेर अन्य सरहरूले ट्वाँ परेको अवस्थामा हेर्न थाले। एकछिन त कोही बोलेनन्। एक किसिमको सन्नाटा छाएको थियो। सन्नाटासँगै सबैको मनमा एक किसिमको अन्योलता छाएको थियो। र, विश्वास गर्न पनि गाह्रो मानिरहेको प्रस्ट देखिन्थ्यो। यो सन्नाटालाई चिर्दै हेड सर बोले– "मुनियाको कक्षामा गाउँको पूर्व अध्यक्षको छोरो पनि पढ्छ होइन? ऊ सधैं प्रथम हुन्थ्यो त!"

"त्यो त हो तर सबै विषयमा मुनियाले नै टपेकी छ।" महेश सरले थपे।

"जे होस्, त्यो अध्यक्षको छोरालाई नै पहिलो बनाउनोस्।" हेड सरले आदेश दिए।

"१० पर्सेन्टले फरक छ सर! मिलाउँदा थाहा पाउलान्।" महेश सर पल्याकपुलुक हेर्दै बोले।

"परेको म बेहोरुँला।" हेड सरले आफूले जिम्मेवारी लिने कुरा बताए।

मुनियाले पहिलो स्थान कहिल्यै पाइन, तर उसको पढाइ राम्रो छ भन्ने कुरा सबैलाई थाहा थियो। दोस्रो भए पनि उसले आफूलाई कहिल्यै कोसिन। अनि हरेस पनि खाइन। ऊ स्कुल र गाउँमा सबैको नजरमा मिजासिली र विश्वासिली थिई। उसमाथि कुनै किसिमको खोट लगाउने ठाउँ थिएन। ऊ मिहिनेती विद्यार्थी थिई।

मुनिया बिस्तारै जवान हुँदै गएको उसमा आएको शारीरिक परिवर्तनले बताउँथ्यो। नौ कक्षामा पुगेकी थिई। उसमा आएको परिवर्तनले ऊ धपक्कै बलेकी देखिन्थी। किशोरावस्थाको कलकलाउँदो अवस्थाबाट गुज्रिँदै थिई जुन कुरा उसकी आमाले पनि चाल पाएकी थिई। उसलाई हेरेर लछूले आफ्नो यही उमेर सम्झिई। उसको यो उमेरमा त गौना भइसकेको थियो। तर अहिले त समय परिवर्तन भइसकेको थियो।

देश भर्खरै सङ्घीयताको बाटामा अघि बढ्न थालेको थियो। स्थानीय चुनाव सकिएर जनप्रतिनिधिहरू जनताले चुनेर पठाइसकेका थिए। गाउँगाउँमा सिंहदरबार पुगेको हल्ला चाहिं फैलिएको थियो। जनता समृद्धिको सपना बोकेर रमाउन थालिसकेका थिए। गाउँमा सरकारी मोटर गाडी भने गुड्न थालेका थिए। एनजीओ, आईएनजीओको आउजाउ बढेको थियो जसले गर्दा अब चाहिं गाउँको मुहार फेरिन्छ होला भन्ने लाग्थ्यो। तर यथार्थमा केही परिवर्तन भएको थिएन।

सङ्घ र प्रदेशको चुनावको माहोल सुरु हुन लागेको थियो। चुनावी माहोलमा गाउँमा मान्छेहरूको आवतजावत बढिरहेको थियो। चुनावी पर्चा बाँड्नेहरू दिनहुँ आई केके कागजका टुक्रा बाँडेर जान्थे। बबन सिंह गाउँको माहोल देखेर भन्थ्यो– "गाउँमे चुनावके गर्मी बढल बा।"

बबन सिंहको कुरा सुनेर गाउँलेहरू उसलाई ट्वाल्ल परेर हेर्थे। हिजोआज उसको रबैया फरक थियो जुन कुरा गाउँलेहरू बुझ्थे। स्थानीय चुनावमा ऊ यहाँ दुई हप्ता बसेर सबैसँग भोट मागेको उनीहरूले सम्झिए।

"यो चुनावमा पल्लो गाउँको नेता मेयरमा उठेको छ। उसलाई भोट हाल्नू। एक भोटको पाँच हजार दिन्छु।" बबन सिंहले सबैसँग यही भनेको थियो। गाउँमा खसी ढालेर ठूलै भोज पनि गराएको थियो। भोजमा गाउँका बूढापाकादेखि केटाकेटी सबैले टन्न खाएका थिए। बबन सिंहले नेतासँग पैसा लिएर भोज खुवाएको थियो।

"यस पालि भोज खुवाउँदैनौ कि के?" रामभजनले सोध्यो।

प्रत्युत्तरमा बबनले भन्यो– "भोज त अब दिनहुँ हुन्छ। सबको घरघरमा हुन्छ। यो सङ्घ र प्रदेशको जो चुनाव हो। किन फिक्री लिन्छौ?"

बबनको कुराले सबैको मनमा खुसीको घण्टी बज्यो। उखर्माउलो गर्मीमा पानी पर्ने आशा पलाएझैँ भयो। सबैले एकअर्कालाई हेर्न थाले। सबैका आँखा जुधे। उनीहरूको मनमा दैनिक पाइने 'दारुपानी'-को कल्पनाले डेरा जमायो। सबैले बबन सिंहलाई यसको चाँजोपाँजो मिलाउन याचनाको नजरले हेर्न थालेजस्तो देखिन्थ्यो।

गाउँमा बबन सिंहको आउजाउ बाक्लिन थाल्यो। ऊसँग गाउँका लोग्नेमान्छेहरू खुसी थिए। साँझ परेपछि लोग्नेमान्छेहरू जाँडमा धुत हुन थाले। पिउँदै चुनावी माहोलको कुरा हुन्थ्यो। कोही पहिलेको चुनावभन्दा अहिलेको चुनाव फरक हुने कुरा फलाक्थे। कुरा गर्नेहरूमा सबैभन्दा ठूलो कुरा बबन सिंहको हुन्थ्यो। उसले भनेको कुरा वरिपरि बसेर सुन्नेहरूले सही थाप्नुपर्थ्यो। उसको हरेक कुरामा सहमत हुनुपर्थ्यो।

"मुनिया अब जवान भेल। ओकरा लागि एकठो लडका खोजेकि चाहि अब।" बबन सिंहले एक दिन रामललनवालाई भन्यो। प्रत्युत्तरमा ऊ केही बोलेन। बबन सिंहले चाहिं उसलाई सम्झाइरह्यो। एकमात्र छोरी भर्खर नौ कक्षामा पढ्दै थिई। त्यसलाई कसरी बिहा गरेर पठाउने? मुनियाकी आमा मान्दिन। उसले यो कुरा बुझेको छ। त्यसैले रामललनवा केही नबोली चुपचाप बसिरह्यो।

× × ×

मुनिया सधैं स्कुल जान्थी। कक्षामा ऊजति जान्ने कोही छैन भन्ने सबैलाई थाहा थियो, तर परीक्षामा जहिल्यै ऊ दोस्रो हुन्थी। ऊसँग पढाइको कुरा सिक्ने धेरै हुन्थे। मुनिया उनीहरूलाई सविस्तार सिकाइदिन्थी। तर ऊ आफूलाई नआएको कुरा रमेशसँग सिकाइमाग्थी। रमेश हिसाबमा राम्रो विद्यार्थी थियो। उसले कक्षामा सरले दिएको जुनसुकै हिसाब हल गर्थ्यो। त्यसैले मुनिया ऊसँग सिकाइमाग्थी। मुनियालाई रमेश सहयोगी भएकाले पनि राम्रो लाग्थ्यो।

मुनियाको गाउँदेखि पल्लो गाउँमा रमेशको घर थियो। रमेश हिसाबबाहेक अरू विषयमा ठीकै थियो। साथीहरूले उसको नाम 'हिसाब' राखिदिएका थिए। कोहीकोही उसलाई यही उपनामले पनि बोलाउँथे, तर ऊ आफूलाई यसरी बोलाउँदा रिसाउँदैनथ्यो। उसलाई लाग्थ्यो– 'ठीकै त भनिरहेका छन्, आखिर यही हिसाबमा त राम्रो छु।'

एक हप्तादेखि रमेश स्कुल आएको थिएन। रमेश नआएकोमा अरूलाई खासै असर परेको थिएन, तर मुनियालाई चाहिं खिन्नता भइरहेको थियो। एक हप्तादेखि उसले रमेशको बाटो हेरी। रमेशको गाउँबाट स्कुल पढ्न आउने कोही थिएन, नत्र उसले उनीहरूलाई सोध्ने थिई। सरले सिकाउनुभएको हिसाब मुनियाले राम्रोसँग बुझेकी थिइन। रमेश भएदेखि सिकाइदिन्थ्यो भन्ने लागेको थियो, तर ऊ नआएर न सिक्नै पाएकी छ न त बनाउन। सरले पनि अब के भन्ने होला भनेर मुनिया भित्रभित्रै चिन्तित हुन थालेकी थिई। अरूसँग सिकूँ भने कसैलाई आउँदैन भन्ने कुरा उसले राम्रोसँग बुझेकी थिई।

त्यस दिन बिदा थियो। मुनियालाई सरले दिएको हिसाबले सताइरहेको थियो। उसले यो समस्याको हल अब रमेशको घर गएर नै हुने छ भन्ने सोची। त्यसमाथि रमेश बिरामी भएर स्कुल आउन नसकेको कुरा हिजो मात्रै उसले सुनेकी थिई। त्यसैले ऊ रमेशको घर जान लागी।

घरबाट हिंड्दा मनमा अनेक थरी कुराहरू खेलिरहेका थिए। यसरी जान त नहुने हो तर यस पटक जसरी पनि पहिलो हुने विचारले उसको मनमा डेरा जमाएको थियो।

त्यसैले रमेशलाई भेट्न जानु जरुरी थियो। बिरामी भएको बेलामा गएर भेट्नु नराम्रो पनि त होइन। तर उसको मनमा फेरि आशङ्काले घेर्न थाल्यो। रमेशको घरसम्म गएर भेटेको कुराले अरूले केही पो भन्ने हुन् कि भन्ने पीरले उसलाई पछ्यायो। 'जेसुकै होस्, पढाइको विषयमा भेट्न जाँदा कसैले केही भने भनोस्।' उसले मनमनै आफूलाई भनी। आफूभित्र आँट बटुलेर ल्याई। एउटा लक्ष्य लिएर हिंडेकी ऊ मनोबल बढाएर अघि बढी।

गाउँमा चुनावको रन्को थियो। भोट माग्न कार्यकर्ताहरू गाउँ पसेका थिए। चुनावको माहोल दिनहुँ परिवर्तन भइरहेको थियो। चुनाव त सधैं आइदिए हुन्थ्यो भन्ने लाग्थ्यो। यसरी नेताहरूले हात जोडेर भोट मागेको देख्दा पनि रमाइलो लाग्ने। त्यहीमाथि कार्यकर्ताले साँझमा दिने भोजको मज्जा नै बेग्लै हुने।

मुनिया घरबाट बाहिरिंदा गाउँका लोग्नेमान्छेहरू आँगनमा खटियामा घुरिरहेकै थिए। आइमाईहरू भने घरमा काम गरिरहेका थिए। कोही बिहानको काम सकेर पकाउँदै थिए। कोही जुठा भाँडा मस्काउँदै थिए। उनीहरूको दैनिकी यस्तै थियो– सधैं घोटिनुपर्ने।

'जाँड खाएर बिहानसम्म सुतिरहेका छन्। रातभरि खाएर हल्ला मात्र गरिरहन्छन्।' मनमनै फतफताई। अन्तिम घर पछि पर्ने बेला उसले आफैँलाई भनी।

यसरी चुनाव आएको उसलाई फिटिक्कै मन परेको थिएन। अघिल्लो चुनावमा उसको बाबु दिनहुँ रक्सी खाएर घर पुग्थ्यो। उसकी आमालाई त्यसै कराउँथ्यो। कहिले त बाबुआमाको झगडा पनि हुन्थ्यो। सित्तैंमा पाएकाले दिनहुँ खाएको हो भन्ने सबैले बुझेका थिए। यसरी अरू बेला मातेर आउँदैनथ्यो। त्यसैले मुनियालाई चुनाव त नआइदिए पनि हुन्थ्यो जस्तो लाग्थ्यो।

चिसो हुस्सू लागिरहेको थियो। अचानक मौसम परिवर्तन भइदिएको थियो, तर मुनियालाई चिसोको कुनै पर्बाह थिएन। ऊभित्र चलिरहेको डर र हिम्मतको द्वन्द्वले एक किसिमको ताप दिइरहेको थियो जसलाई उसले राम्रोसँग बुझ्न सकेकी थिइन। गाउँ पछाडि परिसकेको थियो। उसले गाउँतिर एक पटक फर्केर पनि हेरिन।

मुनिया फटाफट हिंड्न चाहन्थी, तर उसले आफ्नो दायाँबायाँ हेर्न चाहिं छाडिन। एक किसिमको अप्ठ्यारो चाहिं लागिरहेको थियो। तैपनि ऊ जान चाहन्थी। रमेशका लागि उसले आफूले दुई हप्ताअघि ज्वरो आउँदा खाएको सिटामोल पनि बोकेकी थिई। बिचरा नराम्रोसँग पो बिरामी भएको हो कि भन्ने उसलाई लागिरहेको थियो। त्यसैले उसले रमेशका लागि बोकेको सिटामोललाई एक पटक हेरी। सिटामोलसँगै उसले आफूले हल गर्न र सिक्न चाहेको हिसाब पनि सम्झी। ऊभित्र एक किसिमको हर्षले प्रवेश गर्‍यो अनि भित्रभित्रै प्रसन्न भई।

गाउँदेखि पर पुगेपछि उसलाई कसैले पछ्याएजस्तो लाग्यो। ऊ टक्क अडिई। पछाडि फर्केर हेरी, कोही थिएन। वरपर खेत मात्र देखिन्थ्यो– कुनै बाँझै थियो, कुनै मा उखू लगाएको। उसलाई भित्रैदेखि डर लागेर आयो। पोहोर साल धन्नूलाई मारेको

सम्झी। समयकाल ठीक छैन भन्ने लाग्यो। अनि आफूभित्र आँट बटुलेर ऊ अघि बढ्न थाली।

मुनिया उखूबारीको आली हुँदै हिंड्न थाली। सुनसान बाटामा हिंड्दा उसलाई डर लागिरहेको थियो। रमेशको गाउँ पुग्न छोटो बाटो थियो। उसले त्यही छोटो बाटो रोजेकी थिई। आलीबाट हिंड्दै गर्दा अचानक पछाडिबाट कसैले समायो। उसको जीउ फुलेर आयो। अचानक काँप्न थालेको उसले चाल पाई। डराउँदै उसले फुत्किन खोजी। अहँ, उसले सकिन। फुत्किने प्रयास असफल भए पनि उसले आफूलाई समाउनेलाई मुड्कीले हान्न चाही, तर त्योभन्दा पहिले उसलाई अँठ्याइसकेको थियो। कुन बेला आँखामा पट्टी बाँधिसकेको थियो, उसले चालै पाइन।

मुख थुनेर मुनियालाई उखूबारीमा घिसार्दै लग्यो। उसलाई जबर्जस्ती गर्दा उसले आफूलाई बचाउन लाख कोसिस गरी, तर उसको केही लागेन।

पीडाले छटपटाउन लागेकी मुनियाले आफूलाई बलात्कार गर्नेलाई देखी। आँखाले धमिलो देखे पनि उसले त्यसलाई चिनिहाली। ऊ दिनहुँ गाउँ आइरहने बबन सिंह थियो। बबन सिंहले पनि उसले आफूलाई चिनेको थाहा पायो। मुनिया उसैलाई आँखाले भ्याएसम्म हेर्दै थिई। आफ्नो पीडाभन्दा त्यस बलात्कारीप्रति आक्रोश पैदा भइरहेको थियो। बबन सिंहलाई अचानक के भयो कुन्नि, मुनियामाथि झम्टिन पुग्यो। उसको घाँटी थिच्न थाल्यो। भर्खरै पीडा भोगेकी मुनियाले प्रतिकार गर्न सकिन। बबन सिंहले आफूले भ्याएसम्मको बल लगायो। छटपटाउँदै मुनियाको इहलीला समाप्त भयो।

× × ×

"मुचुल्का सकियो। अहिले चुनावको माहोल छ। अनुसन्धान हुँदै गर्छ। लासको पोस्टमार्टम गर्न लानुपर्ने हुन्छ। भीड हटाओ।" सब इन्सपेक्टरले करायो।

वडाध्यक्षले उसको कुरा सुनेर सहमतिमा टाउको हल्लायो।

मुनियाको लास उठाउन खोज्दा उसकी आमा झन् कोकोहोलो गर्न थाली। रामललनवा आफ्नी बुढीलाई सँभाल्न खोज्दै थियो। उनीहरूको रुवाइले पुलिसहरू झर्को मानिरहेका थिए। उनीहरू चाँडै फर्किन चाहन्थे। त्यसैले प्रक्रिया चाँडै सक्न खोजिरहेका थिए। यो सब उनीहरूको काम गर्ने तौरतरिकाबाट प्रस्ट देखिन्थ्यो।

भीडमा भर्खरै रामलखन मिसिन आइपुगेको थियो। ऊ असिनपसिन भएर आइपुगेको थियो। नजानिँदो किसिमले आत्तिरहेको थियो। ऊभित्र एक किसिमको डरले छोइरहेको थियो। यस्तो जाडोमा पनि ऊ भित्रैदेखि तातो महसुस गरिरहेको थियो।

रामलखन बिहान यही बाटो भएर आउँदा उसले बबन सिंह भागिरहेको देखेको थियो। उसले मुनियाको लास पनि देखेको थियो। आफूलाई गाउँलेहरूले यहाँ देखे भने आफू फसिने डरले उसले यहाँबाट कुलेलम ठोकेको थियो। यत्रा गाउँलेहरू जम्मा भएर लास हेर्न पुगेको ठाउँमा आफू नपुग्दा शङ्काको घेरामा परिने डरले ऊ फेरि यहाँ आएको थियो। उसको मुटु भने जोडजोडले धड्किरहेको थियो।

अस्ति साँझ बबन सिंहले रामललनवासँग मुनियाको बिहेको कुरा गर्दा रामलखन सँगै थियो। मुनियाको बाबुले नमानेपछि बबन सिंह मक्ख परेको उसले चाल पाएको थियो। दिनहुँ बबन सिंह गाउँ आउँदा उसको नजर जहिल्यै मुनियामाथि परेको हुन्थ्यो। अनायासै कुनै बेला रामलखनको नजर बबन सिंहमा पुग्थ्यो। त्यति बेला बबन सिंह मुनियालाई घुरिरहेको हुन्थ्यो। उसले गाउँमा आउजाउ गर्नुको कारण कसैले चालै पाउन सकेन।

बबन सिंह पल्लो गाउँबाट दिनहुँजसो आउँथ्यो जो मुनियासँगै पढ्ने रमेशको बाबु थियो। उसलाई यति बेला सम्झिएर रामलखनले दाह्रा किट्यो। ऊ त्यसलाई सम्झिँदै आक्रोशमा बोल्न थाल्यो। उसले भीडलाई चिर्दै आफूले देखेको कुरा बताउन थाल्यो।

बबन सिंहको नाम सुनेर भीड एकदम शान्त भयो। सबैका आँखा विस्फारित भए। कान झनन्न बजेझैँ भयो। भीडबाट एउटा बोल्यो– "चुनाव भाँड्ने खेल।"

"यसरी मनलाग्दी आरोप लाउन पाइँदैन।" भीडमा कोही कराउँदै थियो।

तर भीडको कुरा सुनिरहेकी मुनियाकी आमा लासलाई अँगाल्दै झन् चिच्याउन थालेको कसैले वास्तै गरेन।

●

## विन्दु अधिकारी ढकाल

# कुनाकी सुत्केरी



ए अचम्म! त्यस दिन उभयालाई के भएको थियो? कुन विषयमा के भनेर बोल्दै थिई। घरीघरीको भाषा 'ठूलो खतरा, ठूलो सफलता...।' फेरि सुनेँ उही वाक्य– 'ठूलो खतरा, ठूलो सफलता...।' नोटबुक हेरेर घोकेझैँ केही हरफ लेख्न पनि खोज्दै थिई।

फेसबुके धुनलाई मैले वास्ता नगरेझैँ प्रसङ्ग बदल्न खोजेँ। त्यो गर्दा उसलाई चित्त नबुझेको जस्तो आभास भयो मलाई। ठ्याक्कै प्रश्न सोधूँ पनि फेरि कसरी, के भनेर। नसोधूँ दोधार भो मन। अतः जरुरी काम आइलागेको बहाना पारेर बसिरहेको कुर्सीबाट जुरुक्क उठी हिंड्न खोज्दा अनुमति पाइनँ। किन? कुनाकी सुत्केरी पनि होइन। तर फेरि...?

हुन त असार महिनाको झमझम पानी परेको बिहान, तर कृषि पेसा सँभाल्नुपर्थ्यो र? यद्यपि हातै बाँधेर बस्नु पनि कसरी? कि होइन?

उभयाको जस्तो आवाजमा म बोलेकी थिइनँ। कुरै नबुझी फेद न टुप्पाको फतफत के गरूँ? त्यसको सट्टा एउटा जुक्ति निकालेँ। कस्तो जुक्ति? एकमुस्ट न्यायको हिसाबले कतिलाई कस्तो प्रभाव पर्छ या पर्दैन। सन् २००४ तिरको एउटा कथा भट्याउन मन लाग्यो। यो कहानी फेसबुकसँग सम्बन्धित हुनाले प्रचार गर्न पनि मन थियो।

बल्ल घैँटामा घाम लागेझैँ गरेर उभयाले सोधी– "कस्तो कथा?"

जुक्तिबुद्धिको कहानी भन्नुपर्थ्यो क्यार, तर केही नबोलीकनै करोडौँ कस्तूरी नाचे जसरी मेरो मन फुरुङ्ग भयो– "जुन बेला मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए, उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए। हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए। सो वेबसाइट क्यामरोन र टाइलर विङ्कलवस नाम गरेका दाजुभाइले बनाएका थिए। वेबसाइट देखेपछि जुकरबर्गको मनमा पनि यस्तै केही गर्न सके हुन्थ्यो भन्ने लाग्यो। लाग्न त लाग्यो तर के गर्ने? धेरै सोचेपछि उनको मनमा फेसबुक बनाउने विचार फुऱ्यो। फेसबुक त बनाउने तर कसरी? कोसित मिलेर अथवा कसको सहयोगमा बनाउने? उनी बडो असमञ्जस मतलब दोधारमा परे। त्यतिखेर उनीसित दुइटा बाटा थिए। एउटा निकै सजिलो थियो। उनले तिनै विङ्कलवस दाजुभाइसित मिलेर बडो आरामसित बसीबसी फेसबुक बनाउन सक्थे। विङ्कलवस दाजुभाइले पनि उनको विचार पक्कै मन पराउने थिए। र, उनीहरू जुकरबर्गसित मिलेर काम गर्न पनि तयार हुने थिए। तर जुकरबर्गले यस्तो केही गरेनन् र त्यो सजिलो बाटो हिंड्ने विचार नै त्यागिदिए। त्यसपछि... ?"

मलाई रोकेर उभयाले भनी– "हुन त मानिस आफ्नो उन्नतिप्रगतिको निर्धारण अरूको जीवनसँग दाँजेरै गर्न चाहन्छ। अमेरिकी मनोवैज्ञानिक लेओन फेस्टिङ्गरले सन् १९५४ मा सामाजिक तुलनाको यो सिद्धान्त विकास गरेका थिए। र, उनका अनुसारै माथिको भनाइ हो। सामाजिक तुलना मानव विकासको एउटा प्राकृतिक अवयव, हिस्सा नै हो। करिब छसात वर्षको उमेरदेखि नै व्यक्तिले आफूलाई अरूसँग तुलना गर्न थाल्छ। समयअनुसार तुलनाको प्रकृति भने बदलिँदै जान्छ भन्छन्।"

उभयाको कुरा सुनिसकेपछि मैले थपेँ– "मान्छेको जीवनमा दुःखकष्ट कसलाई पो पर्दैन? तर सहन सक्नुपर्छ। धैर्य भयो भने त्यो दुःख पनि समयको पाहुना हुनाले सधैँ एउटैको भागमा बस्न मान्दैन। अनि अर्को कुरा सुख काट्ने भन्दैमा डोकामा दूध अडिन्छ? जस्तो त्यस बेला मार्क जुकरबर्गले आफूलाई एकल यात्री किन रोजे? किनकि उनलाई राम्ररी थाहा थियो, उनले सजिलो बाटामा काम गर्दा विङ्कलवस दाजुभाइसित निकै धेरै समस्या उत्पन्न हुने छ। र, आफ्नो योजनाअनुसार काम अघि बढ्न, सम्पन्न हुन र त्यसबाट मुनाफा आर्जन गर्न निकै कठिन हुने छ। साँच्चै जुकरबर्गले दोस्रो कठिन बाटो हिंड्न छाडेर पहिलो सरल बाटो रोजेका थिए भने आज उनी यो स्थानमा हुने थिएनन्। नामसँगै फेसबुककै कारण ६० अर्ब डलरभन्दा बढी सम्पत्ति उनीसित छ।"

काम सानो होस् या ठूलो, श्रम त श्रम नै हो नि हैन र? जीवनको हारलाई कसले तारिफ गर्छ? अथवा कसले कति आलोचना गर्न भ्याउँछ? हार्मोनियम र तबलाबीचका यी कुराभन्दा पनि महत्त्वपूर्ण पक्ष भनेको कर्म नै गुरु हो, कर्म नै ईश्वर हो भनेर जसरी श्रीमद्भागवत महापुराणमा व्याख्या गरिएको छ। पाखुरी चलाउनुको मजा श्रमिक नबनी कसरी थाहा हुन्छ? फेरि टुट्नुको मतलब सबै खत्तम नै हुन्छ भन्ने होइन। तर दैवसंयोग कहिलेकाहीं टुट्दा पनि जिन्दगीको नयाँ सुरुवात हुँदो रहेछ।

उभयाले त्यस घरमा जाँगर नचलाएकी होइन। बिहान सबेरै उठ्ने नारी, बेलुका अबेर सुत्ने नारी। घरको एकपछि अर्को, अर्कोपछि अर्को साङ्ले काम कति गर्थी? २४ घण्टा, दिन, मिनेट, सेकेन्ड कति खट्नुपर्थ्यो? त्यो बेला घरेलु कामको बोझबाहेक सोच्ने, सम्झने फुर्सद थिएन, हुन्थेन।

दिनको थकाइ रातका केही प्रहरको विश्रामपछि फेरि भोलि बिहानको चटारो...। तर जति नै हत्ते/अपहत्ते तवरले काम गरे पनि पराई घर भनेको ढङ्ग खोज्दाखोज्दै कति समय बित्यो? गलेको त्यो शरीर, थाकेको त्यो मस्तिष्कप्रति हाम्रो नेपाली समाजको हेर्ने दृष्टि आफ्नो आङको भैंसी नदेख्नेले अर्काको आङको जुम्रा देख्नैपर्ने।

उभयाको एउटा सपना थियो भविष्यमा राम्रो फेसन डिजाइनर बन्ने। तर अधुरो भइरहेको त्यो सपना तत्पश्चात् कति चाँडो विस्तारित भयो भने इतिहास रच्न बेरै लागेन। काम सुरु गरेपछि वर्षका बाह्रै महिना, दिनरात एकछिन, मिनेटसेकेन्ड कत्ति पनि फुर्सद थिएन, हुन्थेन। सर्टिङसुटिङको जिम्मा, कहिले त खानै पनि नभ्याउने अवस्था हुन्थ्यो। प्रविधिको विकासले गर्दा देशविदेशबाट समेत भिडियो कल गरीगरी माल-कपडा अर्डर गर्थे। समयको महत्त्वसँगै अमृतमय वचन रहेछ उभयासँग भगवान्लाई समेत खुसी पार्न सक्ने सक्कली पूजा सामग्री, किनकि बाँच्न र बचाउन भनेर जसले बिना स्वार्थ कर्म गर्छ, त्यस किसिमको जाँगरले आफ्नो सँगै अरूको पनि हित गर्छ।

उभयाको अर्को प्रतिभा त्यस दिन मात्र थाहा भो जुन दिन राष्ट्रिय स्तरको साहित्यिक पत्रिकामा उसको रचना (कथा) पढ्न पाएँ। हुन त केही दिनपहिलेको भेटमा उसले भनेकी पनि थिई– "अप्पू, मलाई त उहिल्यैदेखि साहित्य लेख्न मन थियो। त्यही भ'र कथा लेख्ने प्रयासमा छु। 'मधुपर्क'-मा पढ्यौ नि हैन त? कलेज जीवनमा लेखेका केही गीत रेकर्ड गर्ने योजना...।"

मैले भनें– "अब पहिले सङ्ग्रह गर्ने सोच बनाऊ।" त्यस दिन त्यति बात बोलेर हामी छुटेका थियौं।

प्रतीक्षाको घडी, एक दिन खुसीले नाच्नुपर्ने बेला, तर उभया यस्तो भेलमा थिई– कोरोना कहरको जोखिमले विश्व नै लकडाउन भयो। त्यस्तो अशुभ समयमा कता कसको साहित्य...? यद्यपि लेख्नेहरूले कलम बिसाएका थिएनन्।

कोरोना कहरको खबर सुन्न नसकेर मैले चाहिं रेडियो सुन्नै सकिनँ।

टेलिभिजन हेर्न पनि बहिष्कारजत्तिकै भयो। केही थान सरकारी पत्रिका घर भित्रिन नछुटे/नटुटे पनि छुन, चलाउनै डर लाग्थ्यो। कारण त्यहाँ पनि कोरोना हुन्छ भन्थे। हुन त पाठकीय दृष्टिमा छापा पेपरको मागभन्दा अनलाइन मिडिया ताराझैँ कति चम्केका थिए?

फेसबुक चलाउन पनि मरेका मान्छेको फोटो कति हेर्नु? त्यो बेलाको बेथा– कतिका परिवारै सकिए। कतिका लोग्नेस्वास्नी नै मरेर बालक छोराछोरी टुहुरा भए। सामाजिक सञ्जालको असामाजिक पाटो– हस्पिटलमा उपचाररत श्रीमान् होम आइसोलेसनमा बसेकी श्रीमतीको फोटोमा हार्दिक श्रद्धाञ्जली लेखेको देखेर हार्ट अट्याक भई बिते। दैवको लीला– सिन्धुपाल्चोकको मेलम्ची बजार कसरी बाढीको चपेटामा पऱ्यो? असार १ गतेको त्यो उत्पात ३,५०० रोपनी धान खेतलाई बगरमा परिणत गर्दाको अवस्था कस्तो भयो होला स्थानीय बासिन्दाको हालत?

स्मारकले पनि बाबालाई बचाउन के मात्र गरेका थिएनन्? पृथ्वीभरिको प्रयत्न। अस्पतालको बेडमा बा स्याँस्याँ गरिरहेका थिए। ब्रह्माण्डभरिका विधि उपचारमा लगाइएको थियो। तर जति गऱ्यो उति गाह्रो। हुँदाहुँदै त्यो गाह्रो एक दिन 'अन्तिम साह्रो'-मा परिणत भयो। बा बिते।

कर्मदातासँगको बिछोड उभयालाई पनि पर्नु-नपर्नु पीडा भयो। कोरोना जोखिमको डरत्रासबीच बाको अन्तिम संस्कार सकियो। त्यसपछिका दिनहरू पनि सहज थिएनन्। घरमा निराशाको वातावरण हुनाले उभयाका सबै खाले काम ठप्प र भद्रगोल भए। अरू त अरू प्रेसबाट आएका ती किताब कहिलेसम्म लुकाइराख्नु? कुनाकी सुत्केरीझैँ धुमधुम्ती थन्क्याइरहनु?

कसैले भन्यो– "वर्षै दिन केही गर्न मिल्दैन।"

एक दिन उभया फोनमा बोल्दै थिई– "हो, म महिला हुँ। त्यही कारण प्रकृतिले फरक शारीरिक स्वरूप दिएको छ। हो, कसैको घरमा जन्मी हुर्केकी छोरी कर्म घरमा पुग्दा कत्तिको अपमान सहेर बाँच्नुपर्छ? आफ्नो जिन्दगीमा परिवारका लागि उपयुक्त दृष्टिकोण पस्किँदा मुखाले भन्ने आरोप आइलागेपछि मौनता कति सहेँ? कति खपेँ? जीवनका कैयौँ वसन्त आँसु र काँडासँग सङ्घर्ष गर्दा झन्डै नाश हुनै लागेको बौद्धिक क्षमता प्रस्फुटन नगराई लुकाएर राख्नु? कहाँ कोबाट प्रशंसा बटुल्न खोजूँ?"

हो, काँडासहितको गुलाब भनिने दाम्पत्य जीवन मौलाउन फूल मात्र बनेर भन्दा पनि स्वर्णको दाउ उभया कसरी सफल भई? सङ्घर्ष गर्ने जीवन, कहिल्यै नथाक्ने घामजूनजसरी ऊ त्यो बाटो हिंडी जहाँ नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपतिलगायत व्यक्तित्वसँग भेटेर आफ्नो गाँठो परेको विषयका बारेमा बताएपछि नेपाली समाजको विद्यमान पितृसत्ताले समेत नाइँनास्ति गर्नै सकेन। यद्यपि त्यो दिन उभया कुनै कदम नचाली बसेकी भए के हुन्थ्यो? न त पब्लिसरले नै सङ्ग्रहको कर्म चलाउने काम गर्दिन्थ्यो।

दुःख पऱ्यो भनेर नआत्तिनू, सुख छ भनेर नमात्तिनू– मान्छेको जीवनमा जस्तै कठिन मोड किन नहोस्। तर सत्कर्मका लागि कसले तारिफ गर्छ अथवा आलोचना, त्यसतर्फ ध्यान दिनुभन्दा जल्नेहरूलाई पनि कामकै माध्यमले भयङ्कर बोध गराइदिनू जसरी उभयाले आफ्नो साहस प्रस्तुत गरेर कुनाकी सुत्केरीसरह बोध भएको आफ्नो कृतिलाई अप्ठ्यारो परिवेशमा पनि सार्वजनिक गराउन पाउँदाको त्यो क्षणमा ऊ फेसबुकका आविष्कारक मार्क जुकरबर्गजत्तिकै अथवा त्योभन्दा कति गुणा बढी गद्गद भएकी थिई होला।

●

दीपक लोहनी

# अझै मरिनसकेको मान्छे



वास्तवमा ऊ अझै मरिसकेको छैन। अझै भनेर यहाँ किन जोड दिइयो भने ऊ यतिखेरसम्म बाँचिरहनुपर्ने अवस्थाको मान्छे नै होइन। घटना, परिवेश र ऊभित्र मच्चिएको मानसिक द्वन्द्वका कारण ऊ हालसम्म जीवित रहनुपर्ने कुनै कारण देखिँदैन। त्यसो त ऊ आफै पनि अचम्भित छ– ऊ कसरी बाँचिरहेछ?

बेलाबेला ऊ आफै प्रश्न निकाल्छ– मान्छे बाँचिरहन केके चाहिन्छ?

फटाफट ऊ आफै आफूलाई केही आधारभूत उत्तरहरू दिन्छ। मान्छे बाँचिरहन चाहिने आधारभूत उसका उत्तरहरू यस प्रकारका छन्–

एक– चामल र तिहुन।

दुई– ग्यास वा मट्टितेल।

तीन– किचकिच नगर्ने घरबेटी।

चार– क्षणक्षण नख्यास्ने आफन्त र साथीभाइ।

पाँच– पैसा आउने वा आउन सक्ने एउटा काम।

छ– अप्ठ्यारोमा पनि साथ दिने मायालु स्वास्नी।

सात– … … …

आठ– … … …

नौ– … … …

यसरी उसले १२ नम्बरसम्म सहजै उत्तरहरू पायो। घोत्लिएको भए यो क्रम अझ बढ्ने थियो, तर उसले घोत्लिन चाहेन। जति जेमा घोत्लियो त्यो घोत्लाइको अन्त्यमा

उसलाई केवल मरूँमरूँ मात्र लाग्छ। त्यसो त जिन्दगी भनेको त्यस्तो कुरो रहेछ जहाँ मान्छे हजारौँ चोटि मरीमरी बाँचिरहेछ।

उसले छानेको बाँच्ने आधारभूत तत्त्वहरू चामल, तिहुन, ग्यास वा मट्टितेल, किचकिच नगर्ने घरबेटी, क्षणक्षण नख्यास्ने आफन्त र साथीभाइ, पैसा आउने वा आउन सक्ने एउटा काम र अप्ठ्यारोमा पनि साथ दिने मायालु स्वास्नी यी कुनैबाट पनि सहजै मुक्त छैन ऊ। तसर्थ ऊ पहिल्यै मरिसक्नुपर्ने हो, तर पनि ऊ एउटा सहरमा अझै घिस्रिरहेको छ– उही समान पहिरन, उही समान हाउभाउ, उही समान अवस्थामा तर अनन्त असमान सपनाहरूसँग।

अब पाठकहरूलाई लाग्न सक्छ– यस कथाको नायक उसको पहिरन, हाउभाउ, अवस्था र सपनाहरू कस्ता छन् ?

सामान्य जानकारीका लागि निचोडमा यसो भन्न सकिन्छ–

पहिरन– दुइटा कपडाका प्यान्ट।
तीन वटा बाहुले सर्ट।
एउटा टिसर्ट।
एक जोर सामान्य छालाको जुत्ता।

हाउभाउ– पातलो खबटे ज्यान।
५ फिट ४ इन्च उचाइ।
बेताल बोलिरहनुपर्ने।
बेलाबेलामा गर्धन पड्काइरहने।

अवस्था– सामान्य सहरिया बन्न खोजेको मान्छे।
अधबैँसे जोस, अधबैँसे चिन्तन।
थोरै ब्लडप्रेसर, धेरै युरिक एसिड।

सपना– सर्वप्रथम ग्यासको निर्धक्क जोहो।
(त्यसपछि मात्र)
सहरमा एउटा सामान्य घर।
एउटा मोटरसाइकाल।
एक निश्चित काम र सेयरमा केही लगानी।
क्षणक्षण माया र सेक्स अपिल गने तरुनी स्वास्नी।
आफन्तहरूको केन्द्र।
साथीभाइको हाईहाई।
... ... ...
... ... ...

सन्तुष्टि प्राप्त गर्ने अनन्त तन्द्रा न हो सपना, तसर्थ सपना साँच्न कसको बाउले छेक्न सक्छ उसलाई ?

एकक्षण पूर्वस्मृतितर्फ फर्कौं–

गाउँको एउटा सामान्य किसानको छोरो हो ऊ। आफ्ना तत्कालीन समकक्षी साथीहरूमाझ ऊ अब्बल नै मानिन्थ्यो। मीठो र प्रस्ट बोल्नु उसको जन्मजात गुण नै हो, तसर्थ सानैदेखि मीठो बोली नै रह्यो। सफा र राम्रो बन्नु उसको रहर, तसर्थ गाउँको त्यो अनकन्टार ठाउँमा आजभन्दा ३० वर्षपूर्व नै ऊ बल्ड्याङ्ग्राको फिंजबाट कपाल नुहाउँथ्यो। घिउकुमारीको चिपचिपे लेदो अनुहारमा दलेर गाला नरम बनाउन खोज्थ्यो। तातो पानीमा खरानी राखेर ऊ मैला कपडा धुन्थ्यो।

सम्झँदा अनौठो लाग्छ– धूलैमा बढ्यो, धूलैमा पढ्यो उसले; तर दृष्टि सधैं माथिमाथि मात्र राख्थ्यो– पहाड, हिमाल, बादल, आकाश, तारा र जूनतिर। कल्पनाको वायुपङ्खी थियो नि उसभित्र। सधैं त्यसैमा उडिरहन्थ्यो, पुगिरहन्थ्यो माथिमाथि– सपनामै सही।

देवकोटाले लेखिसकेका थिए–

उद्देश्य के लिनु?

उडी छुनु चन्द्र एक।

तर उसले त्यो सहर पसेपछि मात्र पढ्यो। गाउँमा उसले कहाँ कविताका फाल्तू किताबहरू पढ्न पाउनु? गाउँमा त स्कुल हुँदा स्कुल नत्र गोठालो जानुपर्थ्यो। मेलापर्म त गाउँको धर्म नै हो। तसर्थ मेलापर्म गर्थ्यो। यी सबै ठाउँमा ऊ बिरक्तिँदा वा रौसिँदा केवल सुसेली खेल्थ्यो। गाउँमा लोकभाका उसको सुसेलीमा यसरी उनिन्थ्यो, सुन्नेहरू मन्त्रमुग्ध नै हुन्थे।

सहर उसले एसएलसी पास गरेपछि मात्र देखेको हो। चौडा सडकहरू, अग्ला घरहरू र सलल्ल बग्ने गाडीहरू नजिकबाट भोगेपछि उसले एउटा ठूलै राज्य जितेको महसुस गरेको थियो। आहा, जता हेरे पनि सम्भावनैसम्भावनाका ढोकाहरू! ऊ खुसीले गद्गद थियो।

सहरमा उसले ऊजस्तै कुनै उद्गम गाउँबाट आएका थुप्रै साथी पनि भेटेकै हो। उनीहरू सबै सम्भावनाका बाटाहरू खन्नमै लागिपरेका थिए। यही क्रममा एक दिन उसले कविताको बाटो खन्न हिंड्यो कलम बोकेर। अनि पढ्यो एक रात देवकोटाको उही कविता–

उद्देश्य के लिनु?

उडी छुनु चन्द्र एक।

वा, क्या आनन्द आयो उसलाई! कोठाको झ्यालबाट हेर्‍यो सहरको साँघुरो आकाश तर पल्लो घरको कौसीले जूनको आधी चौटा नै छेकिदिएको...। ऊ पहिलो चोटि हैरान भयो सहरमा।

गाउँजस्तो थिएन उसले भोग्दै गरेको सहर। मात्र एउटा कोठामा कोचिन्थ्यो ऊ। र, त्यही कोठाबाट जून हेर्न खोज्दा भोगेको पीडा र देखिएको हत्केलाजत्रो आकाश अनि

कुच्चिएको एक मुठी पातलो पवन। गाउँमा कहाँ यस्तो हुनु? विशाल आकाश र विशाल धरती। ताराहरू अनन्त। जूनका सम्पूर्ण अवयव। मन उडाउने सिरसिरे हावा। जिन्दगी पूरै भिजाउने कुलकुले खोली। छ्या सहर त! खोला र पोखरी थुप्रै छन्, तर आँत भिजाउने एक घुड्को पानीसम्म छैन।

जिन्दगीमा पहिलो चोटि आफू र आफ्नो इच्छा मरेको पायो उसले सहरमा। त्यसो त प्रत्येक सहर भावुकको इच्छा र सपना मार्ने वधशाला न हो।

× × ×

यतिखेर ऊ सहरको एक कवि बनिसकेको छ। देशलाई सराप्दै र प्रेमिकालाई छुलछुल पार्दै ऊ मीठो कविता लेख्छ। पत्रकारिता उसको आंशिक पेसा, त्यसैमा ऊ रातोदिन घोटिँदै भ्रष्टाचारीहरूका विरूद्ध बिगुल फुक्छ र विकासका किरणहरू फैलाउन लागिपरिरहन्छ। वास्तवमा ऊ आदर्श व्यक्ति। उच्च विचार उसको मन्त्र। यता ३९ वर्ष पुग्दा पनि उसको बिहे नजुर्नु चाहिं उसको बाध्यता।

के गर्नु? कविताले उसको कल्पनाको आकाश चढाइदिएको छ। पत्रकारिताले भौतिक युगको भ्रममा उसलाई नचाइदिएको छ। तर ऊ छ उही सहरको सामान्य कोठामा जहाँ धेरै किताब छन्, थुप्रै पत्रिका छन् र छन् अनेक अभाव। ऊ तिनै अभावभित्र हाँसेर हरेक पल कवितामा बिम्ब र न्युजमा एङ्गरिङ खोज्छ।

एक दिन ऐनासँग भन्यो उसले– 'ए मेरा भाइ, अब त बिहे गर्नुपऱ्यो, बूढो पो हुन लागिएछ गाँठे!

त्यसपछि ऊ कविताको बिम्ब, न्युजको एङ्गरका साथसाथै एउटी सुशील र सुयोग्य वधूको खोजीमा पनि लाग्यो। तर कविताको बिम्ब भेटेजस्तो वा न्युजको एङ्गर देखेजस्तो कहाँ हुँदो रहेछ र युवती जुर्नु!

ऊ बाटामा युवतीको चाल पछ्याउँथ्यो। कविगोष्ठीमा कवयित्रीहरू र महिला श्रोता दुवैमा आँखा दौडाउँथ्यो। रिपोर्टिङको सिलसिलामा देखेका सम्पूर्ण युवतीलाई याद गर्थ्यो। तर अन्ततः कोही उसका आफ्ना भएनन्। कसलाई कसरी बल्छी हान्नु? उसलाई केही थाहा थिएन। फेरि बल्छीबिना कोही किन अल्झन्छ र?

पहिले सोच्थ्यो– कवितामा बिम्ब र न्युजमा एङ्गर खोज्नुमा कम्ती सकस छैन। तर सोच बदलिएको छ उसको। बिम्ब र एङ्गर खोज्नु/भेट्नुभन्दा मनपसन्द युवती पाउनु साह्रै अप्ठ्यारो रहेछ। एक्कासि राजेश हमाललाई सम्झियो उसले जो महानायक भनिंदा पनि मनपसन्द युवती नभेटेर बिहे नजुरेको अभिव्यक्ति दिइरहन्छन्।

सहर उसका लागि चटारो मात्र भयो, हतारो मात्र भयो। तर कुनै उपलब्धि भएन। ऊ सम्झन्छ– थुप्रै थिए काम जिन्दगीमा। पुग्नुपर्ने ठाउँ थुप्रै थिए। तर सहरमा त बेकाम नै काम रहेछ। त्यही बेकामभित्रको कामले ऊ मात्र चढिरहेछ उमेरको सिँढी। फनफनी घुमिरहेछ सहरभित्रका ससाना असङ्ख्य गल्ली र चक्रपथ।

एक दिन उसले सहरमा के पाइयो, के गुमाइयो भन्ने निचोड निकाल्न खोज्यो। लाखौँ कोसिस गर्दा पनि उसले केवल गुमाएको भेट्यो। आखिर २० वर्षयतादेखि सहरमा बसिरहेको उपलब्धि के? खालि गुमाउनु र भासिनु मात्र हो भने यो सधैँको दुःख, पीडा र अभाव आखिर किन?

प्रश्नैप्रश्नको चोइटाले उसको टाउको भारी भयो। ऊ कुनै सहज उत्तर खोजेर बोझमुक्त हुन चाहन्थ्यो। थुप्रै प्रयासपछि एक दिन उसलाई डा. गोविन्दराज भट्टराईको 'उत्तर आधुनिक विमर्श' भन्ने पुस्तकले सहयोग गऱ्यो।

आखिरमा उसले सहरबाट उत्तर आधुनिकता पाएको ठहर निकालियो। अनि केही रमायो– पाएको खुसीमा। फेरि दुःखी भयो– गुमाएको पीडामा। खुसी-पीडा यही हो जीवन। अन्त्यमा उसले सँभाल्यो आफैलाई। योभन्दा अन्य विकल्प पनि त केही थिएन उसको।

ऊ नियाल्छ सयौँ पटक अल्झाउने समस्याहरूलाई–

– चामल र तिहुन।
– ग्यास वा मट्टितेल।
– किचकिच गर्ने घरबेटी।
– क्षणक्षण ख्यास्ने आफन्त र साथीभाइ।
– अनियमित असङ्ख्य काम।
– नजुरेकी श्रीमती।
– आफ्नै कविताका अप्रकाशित पाण्डुलिपिहरू।
– ... ... ...
– ... ... ...

...र अन्त्यमा एउटा खैरो प्यान्ट र सेतो सर्टभित्र छोपिएको एउटा कठ्याङ्ग्रिएको आफ्नै निर्दोष ज्यान।

ऊ रौसिन्छ– 'आखिर समस्यैसमस्याभित्र पनि त बाँचिरहेकै छु नि! एक धरो सुकिलो लाएकै छु। एक गाँस खस्रोमसिनो खाएकै छु। बाँच्नुको नाममा सयौँ पटक मरेर सहरमा हिंडी नै रहेको छु।'

अब उसले मरीमरी बाँचेकोमा गर्व गर्न थाल्यो। लाउनु, खानु वा सजाउनुभन्दा भिन्न रहेछ बाँच्नु जिन्दगी। वास्तवमै उसले लाउन, खान र सजाउन जानेकै छैन। सधैँ अभाव, सधैँ हतार र सधैँ अस्तव्यस्त। तर साला यो जिन्दगी! मरीमरी बाँचिरहेको छ ऊ।

× × ×

एक दिन बच्चामै एउटा सन्काहा मास्टरले खैनी मोल्दै भनेथ्यो उसलाई– "बुझिराख् फुच्चे, जिन्दगीमा क र ख जाने पुग्छ। अरू जान्नु/पढ्नु त केवल नाटक हो।"

उसले त्यतिखेर सन्काहा मास्टरको भाव केही बुझेन। '१३ आठा कति?' भन्ने प्रश्नको उत्तर बताउन नसकेर बूढी मिसको डस्टर टाउकामा बज्रिएको त्यही समय हो।

उसले तालु छाम्यो। कवि तुलसी दिवसको शैलीमा खुइलिँदै गएको आफ्नो तालुमा बूढी मिसले बनाइदिएको टुटुल्को अझै ज्यूँका त्यूँ नै छ।

बल्ल यतिखेर आएर उसले जिन्दगीमा कमाउनु र खानुको अर्थ बुझ्दै छ।

सम्झिरहेछ सन्काहा मास्टरलाई। उही मास्टरले भनेको हो नि कख जाने पुग्छ भनेर। तर बच्चामा तुरी देखाउँदै पढेका ती भँगेरटाउके दुई अक्षर यतिखेर मजासँग पढ्न नसकेर ऊ कालिदासझैँ रोइरहेछ आफूभित्रै।

ऊ यतिखेर घोकिरहेछ कख।

क माने कमाउनु।

ख माने खानु।

तर घोक्न र बुझ्नमा कति फरक!

× × ×

साला, प्यान्ट च्यातिइरहन्छ सधैँ तिघ्रा र घुँडाको आसपास! उता जुत्ता छ महिना कट्दैन। टिकोस् बिचरो पनि कसरी? खालि यही जुत्ता त घोटिइरहन्छ सडकमा ऊजसरी। युरिक एसिड र सुगर अलि बढेको शङ्का छ ऊ आफैलाई। कुन दिन अलि सारो हान्छ र थला बस्छ। तर किड्नी नभेटोस् भन्ने कामना गरिरहन्छ ईश्वरसँग। त्यसो त यस पालि अलि पैसा हात लाग्यो भने चेक अप गर्ने सोच पनि छ उसको।

तर घरबेटीले एक हप्ताअगाडि नै भनिसकी– "कि बाँकी पैसा दिनु कि कोठा छाडिदिनु।"

ऊ सोच्छ– कोठा छाडेर कहाँ जानु? बरु संसारै छाडेर जान सकिन्छ।

त्यसो त ग्यास सिद्धिने दिन पनि भरेभोलि भएको छ। भाँडामा चामल छ/छैन, त्यसको पनि हेक्का छैन। मात्र पाँच सय छ गोजीमा, त्यो पनि सापट लिएको। धन्न बिहे आजसम्म जुरेको छैन, नत्र स्वास्नीको लिपिस्टिक र बच्चाको लिटो वा स्कुल फीको टेन्सनबाट पनि सताइन्थ्यो ऊ।

अब के गर्ने?

वास्तवमा क नै जानेको रहेनछ उसले। रोटेपिङमा घुमेझैँ भयो ऊ। मरूँमरूँ लाग्यो उसलाई। तर कसरी मर्ने? उसकै साथी हो धरहराबाट हाम फाली मर्ने। पत्रपत्रिकामा कत्रो एङ्कर न्युज आएको थियो। नचिन्नेहरूले पनि कस्तरी चिने उसलाई। कस्तो नाम र कीर्ति छ उसको। पत्रकार चङ्की श्रेष्ठले अझै बेलाबेला चर्चा चलाइरहन्छन्।

यति नै खेर ऊ आफ्ना पत्रकार गुरु भरत भुर्तेल र उनको मृत्युलाई सम्झन्छ। लेखनमा साहसिक भएर पनि कस्तो कातर रहेछन् उनी। जाबो लजको बन्द कोठामा मर्ने हो? छ्या, थू!

ऊ गुरुलाई हैन, साथीलाई सम्मान गर्छ र त्यसरी नै पहिलो र अनौठो मृत्यु मर्न चाहन्छ। डेडलाइन निकाल्यो– जेठ १४।

किन ? आफैलाई प्रश्न तेर्स्यायो।

संविधानसभाबाट पनि संविधान एक जुगमा एक चोटि पाइन्छ, मनुष्यको चोला पनि एक जुगमा एक चोटि नै हो। कस्तो तादात्म्य छ संविधान र जीवनमा!

तसर्थ जेठ १४ मै किन नमर्ने। गजबको मितितिथि छ यो। र, हाँस्यो फिस्स।

मर्ने तरिका र स्थानबारे सोच्न चाहेन।

उसको गजबको धारणा छ– सहरमा सोच र सपना दुवैको चोरी हुने गर्छ।

× × ×

यतिखेर ऊ चुपचाप बाँचिरहेछ। सोच, सपना र जोस केही छैन। मात्र छ उसको दैलामा म्याद थप गरिएको संविधानसभा। र, बडो भावुकताका साथ पर्खिरहेछ जेठ १४।

पाठकहरूलाई लाग्न सक्छ– ऊ को हो ? कथाकारले पात्रको नाम पनि उल्लेख गरिदिएको भए कथाको अझ नजिक पुग्न सकिन्थ्यो।

...तर मलाई उसको नाम र थर यहीं बताइहाल्न पटक्कै मन छैन। अझै मरिनसकेको मान्छेलाई मर्नुअगाडि आम पाठकसामु लज्जित बनाउनु मेरो कथाको धर्म होइन। तर एक पीडित कथा नायकलाई पाठकसामु गुमनाम बनाउने पनि पटक्कै रहर छैन। तसर्थ मेरा सचेत पाठकहरूबीच यति भन्न चाहन्छु– ऊ तपाईंहाम्रै वरिपरि छ। सार्वभौम नेपाली नागरिकले संविधानसभाबाट सर्वमान्य संविधान नपाउन्जेल न कथा नायक मरिहाल्न सक्छ न त म उसलाई परिभाषित गर्न सक्छु। त्यति बेलासम्म मेरो कथाको नायक मेरो कथाका पाठकबीच गुमनाम नै रहने छ।

एक मन त लागेको थियो– उसको मृत्युपछि मात्रै यो कथा लेखूँ, तर सम्पादक मित्र अनमोलमणिको कथा सम्पादनभित्र अटाउने लोभ र उसको आग्रहका कारण कथा नायकका यी कुराहरू कोरिएका हुन्। यदि सम्पादकको लोभ र आग्रहबाट बच्न सकेर कथा नायकको मृत्युपछि नै लेखिएको भए आत्मीयता र भावुकतामा अझै गहिरिएर थप लेख्न सकिन्थ्यो कि ? (कथाकार)

पुनश्च–

(जति लेखियो/जे लेखियो त्यसमाथि म पूर्ण सन्तुष्ट छु। कथालाई पुनर्लेखन गरेर कम्तीमा यो कथा अब कतै प्रकाशनमा आउने छैन।

मलाई लाग्छ– जेठ १४ पनि कहिल्यै मेरो सामुन्ने नआओस्। आफ्नै कथाको नायक आफ्नै सामु पहिलो र अनौठो मृत्यु मरेको म सुन्न र हेर्न चाहन्नँ। बरु मलाई बेलायतको जस्तो अलिखित संविधान नै मन्जुर छ। पुनः कथाकार)

●

राज सरगम

# म हत्यारा होइन... !



"सर, म बलात्कारी हुँ।"

हनुमान्ढोकास्थित आफ्नै कार्यकक्षको ढोकानिर बोल्ने एक युवक देखेर डीआईजी अवाक् भए। र, छेउमा उभिएकी एसपी एन. महतातिर हेरे। एन महताले युवकलाई पछाडि धकेल्दै हप्काइन्– "चार घण्टादेखि यही भन्न बसेको होस् ?"

"एस।" युवकले कन्फिडेन्सका साथ भन्यो।

'चार घण्टा ?' डीआईजीले मनमनै दोहोर्‍याएर एनतिर इसारा गरे। युवकलाई एनले छाडिदिइन्। डीआईजी आफ्नो कार्यकक्षमा पसे।

"सर, प्लिज हतकडी लगाउनोस्।" कालो झोला बोकेको युवकले आफ्ना दुवै हात डीआईजीतिर तेर्स्याउँदै पछ्यायो।

भित्र जाँदै गरेका डीआईजी सँभालिए। आफ्नो पछिपछि आएको युवकलाई सोफामा बस्न इसारा गरे। युवक बस्यो। आफू चाहिँ टेबलअघिको घुम्ने कुर्चीमा बसे। गिलासको मनतातो पानी पिएर एक निःश्वास छाड्दै युवकलाई गहिरो हेरे।

मझौला कदको युवक गहुँगोरो रङको थियो। लामो दाह्री र कर्ली कपालले उसको हुलिया फोहोरी देखिन्थ्यो। पातलो ज्यानको युवकका आँखा भने एकदम भित्र गढेका थिए। लाग्थ्यो, ऊ वर्षौंदेखि चैनले निदाएको छैन। तर उसले बलात्कारी हुँ भनेर सरेन्डर गर्‍यो, त्यो पनि केन्द्रीय अपराध अनुसन्धान महाशाखाका डीआईजीसमक्ष।

"सर, बाइट लिने भन्दै छन्।"

डीआईजीको ध्यान बिथोलियो। एन महताले पत्रकारको अनुरोध सुनाएकी थिइन् मात्रै। उसो त डीआईजी प्रेस मिट सकेर सिधै कार्यकक्षमा फर्किएका थिए। त्यसैले टेलिभिजनका लागि बाइट दिन नचाहेको इसारा गरे एनतिर। एन फर्किन्।

"कति बोल्नु एउटै कुरा ?" डीआईजी गनगनाए आफैसँग।

"केही भन्नुभो सर ?" युवकले आफूलाई भनेझैँ ठानेर सोध्यो।

युवकसँग बोल्नै खोज्दा डीआईजीको मोबाइलको रिङटोन बज्यो। डीआईजी कल रिसिव गर्दै गफिए।

युवकले आफूसँग बोकेको झोला निकालेर छेउमा राख्यो। सोफाअघि रहेको टेबलतिर हेर्‍यो। 'कान्तिपुर', 'नयाँ पत्रिका', 'अन्नपूर्ण', 'नागरिक', 'राजधानी' दैनिक र 'हिमाल' साप्ताहिक पत्रिका टेबलमा छरपरस्ट थिए। उसले 'कान्तिपुर' पत्रिका समाएर छिनभरमा पल्टायो। बिस्तारै ओठ चलाएर पत्रिकाको समाचार शीर्षक पढ्दै गयो। फेरि

अर्को पत्रिका पल्टाएर सरर्र हेऱ्यो। छाड्यो। र, 'नयाँ पत्रिका' समायो। निकै छिटो पाना पल्टायो। 'नयाँ पत्रिका'-को दोस्रो पेजमा उसको ध्यान अडियो।

'छोरीलाई बलात्कार गरेर बाबु फरार' शीर्षकको समाचार उसले बिना आवाज ओठ चलाएर पढ्यो। र, खल्तीको कलम निकालेर फरार, एक वर्षदेखि, युवती, धम्की, चकलेट, बाजस्ता शब्दलाई अन्डरलाइन गऱ्यो। अनि बा र चकलेट शब्दलाई कलमले गोलो घेराभित्र पाऱ्यो। फटाफट समाचार भएको पाना च्यातेर झोलामा राख्यो। त्यसपछि 'हिमाल' खबर साप्ताहिक पत्रिका समाएर यताउता हेऱ्यो। उसका आँखा डीआईजीका पछाडिको भित्तातिर पर्नै लाग्दा अचानक डीआईजीसँग आँखा जुधे। युवकले डटपेन मुखमा राखेर खेलाउन थाल्यो। ऊ हतारिएको जस्तो लाग्यो डीआईजीलाई।

पुरानो खैरो रङको चेक सर्ट लगाएको थियो युवकले जसका माथिल्ला दुइटा टाँक खुल्लै थिए। त्यसैले स्पष्ट देखिन्थ्यो उसको गलामा कालो धागोमा झुन्डिएको रुद्राक्षको माला। तर डीआईजीको ध्यान युवकको छातीको घुम्रेको रौंतिर गयो।

नीलो जिन्स प्यान्ट र क्यापिटल अक्षरमा लेखिएको एनआइकेईको नीलो जुत्ता लगाएको युवक एकदम लापर्बाही तरिकाले बसेको थियो। आफ्नो हातको बाहुलालाई पट्याएर कमिजको कलरलाई पछाडि धकेल्यो। कलर घुच्चुकतल झरेपछि छाती छोपियो। घरीघरी नाक तान्दै कलम टोक्यो। ऊ केही सोचिरहेको थियो भन्ने डीआईजीले सोचे।

"सर, यो पत्रिका लिन सक्छु?" 'हिमाल' पत्रिका देखाउँदै युवकले भन्यो।

अचानक ढोकामा एसपी ए. एस. थापा देखिए। डीआईजीको ध्यान ए. एस.-तिर मोडियो।

युवकले 'हिमाल' खबर पत्रिका झोलामा हालेको ए. एस.-ले देखे। तर उनी केही बोलेनन्।

"सर, मुड चेन्ज हुन सक्छ। प्लिज, ढिलो नगरौं।" युवकले झोला बोक्दै भन्यो।

उसको हतारो देखेर डीआईजी थप आश्चर्यमा परे। युवकले भनिरहेको कुरा पत्याउन सकिरहेका थिएनन्। युवकलाई देखेर गम्भीर भएका डीआईजीले ए. एस.-लाई इसारा गरे। ए. एस.-ले ढोका लगाए। झ्यालको पर्दा खोलिदिए र आफू झ्यालकै तल रहेको कुर्चीमा बसे। र, युवकतिर गहिरो हेरे।

युवकले आफ्ना दुवै हत्केलालाई दुवै कनपट्टीमा दबाएर पछाडि धकेल्यो। घाँटी घुमायो। उसका आँखा डीआईजीपछाडिको भित्तामा फेरि अडिए। भित्तामा गहिरो हेरेर हत्केलाले गर्धन माड्यो। मुख बिगाऱ्यो। गर्धन दुखेझैँ गऱ्यो। तर डीआईजीको ध्यान उसको खुट्टातिर गयो। ऊ पैताला उचाल्ने-राख्ने, उचाल्ने-राख्ने गरिरहेको थियो।

युवकले भन्न चाहेको बारेमा पेरि सोधे डीआईजीले। युवकले उत्तेजनाका साथ भन्यो– "कति पटक भनूँ सर? म बलात्कारी हुँ।"

"आई मिन रेप? होसमा त भन्दै हुनुहुन्छ नि?" आश्चर्यका साथ सोधे डीआईजीले।

"सर, होसमा भनिरहेको छु।"

"हू वाज रेप्ड?"

"निर्मला।"

"निर्मला?" ए. एस.-को बोली फुस्किनु र कुर्चीबाट उठ्नु एकै पटक भयो। मनमा परेको झड्का ए. एस.-को अनुहारमा देखियो। आश्चर्यको अनुहार लुकाउन खोज्दै ए. एस.-ले हेरे डीआईजीलाई। डीआईजीले पनि अर्थिङ्को झट्का महसुस गरे। तर उनी उठेनन् कुर्चीबाट। केवल युवकलाई हेरिरहे।

निर्मलाको हत्यारालाई छिट्टै सार्वजनिक गर्छौं भनेका थिए प्रेस मिटमा डीआईजीले। तर निर्मला हत्या प्रकरण विगत केही वर्षदेखि अनसल्भ केस हो जुन आफैमा जटिल बनेर रह्यो। र, निकै गिजोलिएको निर्मला प्रकरणको निचोड अप्रत्याशित रूपमा डीआईजीको सामुन्ने थियो यतिखेर।

"सर, यो...।" लामो आलाप दिएर युवकलाई गहिरो हेरे ए. एस.-ले।

युवक आफ्नो जुँगाको रौँ बटार्दै थियो। अचानक युवकले केही सम्झिएझैँ गरेर झोला खोल्यो। युवकले झोलाबाट औषधी निकाल्दै भन्यो– "सर, पानी छ?"

ए. एस.-ले उठेर पानीको गिलास अगाडि राखिदिए। डीआईजी र ए. एस.-ले त्यो औषधी चिन्न खोजेर हेरे, हेरिरहे।

युवकले औषधी मुखमा हाल्यो। औषधी निल्न ठाडो घाँटी गरेर मुखमा पानी हाल्यो। उसको नजर एकछिन भित्तामै अडियो। उसको घाँटीको रुद्रघण्टी तलमाथि गर्‍यो। अचानक मुख बिगार्‍यो। औषधी तीतो थियो। सर्टको बाहुलाले मुख पुस्दै भन्यो– "डिप्रेसनको दबाई खान्छु सर!"

डीआईजी र ए. एस.-का आँखा जुधे। युवकले खाने औषधी थाहा पाएर डीआईजीलाई ऊप्रति दया लाग्यो। तर ए. एस. भने निर्मला काण्डको अनुसन्धानमा यस किसिमको पात्र कसरी छुट्यो भनेर सोचिरहेका थिए। डीआईजी भने शान्त थिए। तर ए. एस.-को धैर्य टुटिसकेको थियो। त्यसैले ए. एस. उठेर क्याबिनभित्रको रेस्टरुममा पसे।

युवक उठेर ए. एस. बसेको कुर्चीको छेउमा आयो। उभिएर झ्यालबाहिर हेर्‍यो। हनुमान्ढोका मन्दिर परिसरमा देखिएका परेवा हावामा उडिरहेका थिए।

झ्यालमा लागेको सिसाको पल्ला खोल्यो। उसले वर्षौंपछि हावा महसुस गरेझैँ लामो सास फेर्‍यो। मन्दिर परिसरबाट बजेको घण्टीको धुन झ्यालसम्म आएको महसुस गर्‍यो। तर उसले झ्यालको पल्लालाई धकेल्ने-तान्ने, धकल्ने-तान्ने गर्‍यो; गरिरह्यो।

लाग्थ्यो, उसको मनको गतिको आरोह-अवरोहमा तीव्रता थियो जसलाई ऊ नियन्त्रण गर्न सकिरहेको थिएन।

"प्लिज, मलाई जेलमा हालेर बचाउनोस्। नत्र म मर्छु। मरेँ भने तपाईंले र पीडितले खोजेको बलात्कारी कहिल्यै पाउनुहुने छैन।"

धङ्याम्म... चरक्क...।

युवकको मुक्का एक्कासि झ्यालको सिसामा पर्‍यो। कुर्चीमा बसेका डीआईजीले जुरुक्कै उठेर युवकलाई हेरे। रेस्टरुम पसेका ए. एस. बिजुलीको गतिमा निस्किए। डीआईजीलाई हेरे। डीआईजीले युवकतिर हेर्न इसारा गरे। फुटेको झ्याल देखेर ए. एस.-का आँखा तन्किए। डीआईजीको कार्यकक्षमा मुक्काबाजी देखेर ए. एस.-ले आफूलाई रोक्न सकेनन्। युवकलाई मुक्का हानिहाले। दुखेको मुख छोप्दै कुर्चीमा कक्रक्क पर्‍यो युवक।

"यसरी निर्मलाले न्याय पाउँदिन सर! बरु सार्वजनिक गर्नोस् मलाई।" ए. एस.-को मुक्काले बर्बरायो युवक। आफ्ना गोडा कुर्चीतिर तानेर काँप्यो।

"साला म्याड! तँ कहाँ छस् थाहा छ?" ए. एस. झोक्किएर अर्को पन्जा घुच्चुकमा हान्न थाले। युवक कुर्चीअगाडि लड्नै लाग्दा ए. एस.-ले कुर्चीमै खाँदे।

"ओ माई गड।" डीआईजी लामो सास छाड्दै फुसफुसाए। युवकको दुःसाहस देखेर डीआईजीले अन्योलमा पर्दै उसतिर हेरे। मानसिक सन्तुलन गुमाएको युवक हो भन्नेमा ढुक्क हुँदै आए डीआईजी।

"यू आर टेलिङ द ट्रुथ?" डीआईजी आफ्नै टेबलमा अडेसिएर कराए।

"आई एम टेलिङ द ट्रुथ सर।" युवकले भन्यो।

युवकले सत्य भनिरहेको छ भन्नेमा साङ्केतिक नजर दिए ए. एस.-तिर। ए. एस.-ले युवकको लट्किएको मुख उठाए। औँलाले उसका दुवै गाला दबाए। दुखेको गाला सहन नसेकेर युवकले अनुहार बिगार्‍यो।

युवकलाई छाड्न इसारा गरे डीआईजीले। ए. एस. झ्यालको पल्ला समाएर हेर्न थाले। डीआईजीले लेटरप्याड निकाले। किनारमा मिति लेखे। र, नाम सोधे।

"मरेको मान्छेको नाम हुन्छ र सर?" भन्यो युवकले।

यस किसिमको उत्तर आउला भनेर सोचेका थिएनन्, तर आयो। त्यसैले एक्कासि रिसाए, झोक्किए ए. एस.– "फकिङ रेपिस्ट।"

"एस, एस।" युवकले सुस्तरी भन्यो।

ए. एस.-ले फुटेको झ्यालको सिसा उठाएर झ्यालकै छेउमा राख्न थाले। युवकले आफू बसेको कुर्चीको खुट्टामा खुट्टा बिस्तारै ठोकिरह्यो– ठ्वाक... ठ्वाक...।

निर्मला हत्या प्रकरणमा केही निर्दोष मान्छेमाथि शङ्का गरेर अनुसन्धान थालिएको थियो, तर अभियुक्त प्रमाणित हुन सकेन जसका कारण मिडियाले प्रहरीमाथि प्रश्नैप्रश्न गरे। त्यसैले युवकलाई गम्भीरताका साथ हेरिरहेका डीआईजीले सोधे– "रेपिस्टहरू भाग्छन्, लुक्छन्। तिमी भने...।"

"कुनै रेपिस्ट भाग्दैनन् सर, न त लुक्न नै सक्छन्। बरु भगाइन्छन् र लुकाइन्छन्।"

डीआईजीलाई यो कुरा अलिकति पत्याउने लाग्यो। जबर्जस्ती करणीको मामलामा वर्तमान सामाजिक चरित्र युवकले भनेजस्तै थियो। डीआईजीमा युवकप्रति सहानुभूति

जाग्दै आयो। तर ए. एस.-लाई यस्ता अपराधीको भावनात्मक संवेदनासँग कुनै चासो थिएन। अपराधीले दिने बयान इमोसनल हुन्छ भन्थे ए. एस.। त्यसैले अपराधी प्रमाणित गर्नलाई कडा रूपमा पेस हुन्थे।

"तँ पनि केही वर्षदेखि लुकीलुकी भाग्दै छस्।" डीआईजीको सोच भङ्ग गरिदिए ए. एस.-ले।

युवकले यतिखेर ए. एस.-का आँखामा गहिरो हेरेर खिस्स हाँसेझैँ गऱ्यो। आफ्नो टाउको तल झाऱ्यो र छड्के हेऱ्यो डीआईजीतिर। ए. एस.-ले भनेको ठीक हो जस्तो स्पष्ट पार्न डीआईजीले बिस्तारै टाउको तलमाथि गरे। युवक आफ्ना दुवै हत्केलाले मुख सारेर ब्युँझिएझैँ गऱ्यो।

"नाम ?" डीआईजीले फेरि सोधे।

"अतीत, वर्तमान।"

"उमेर ?"

'३५। ओ, नो-नो, थर्टी-फोर।"

"ठेगाना ?"

"नर्क।"

"जेल पनि नर्क हो। यू ब्लडी फुल। राइट आन्सर दे।" ए. एस. आक्रोशमा कराए। आफ्ना औँलाले आफ्नै निधार दबाए। सायद स्ट्रेस फिल गर्दै थिए ए. एस.। या नियन्त्रण गर्दै थिए आफूभित्रको रिसलाई।

"एक्सिडेन्टमा मर्नेहरू नर्क जान्छन् सर।"

"ओ माई गड, साइको। तर तँ जिउँदै छस्।" ए. एस.-को आवाज कोठाभरि गुन्जियो।

"कुल डाउन।" डीआईजीले भने।

ए. एस. सँभालिएर सोफामा बसे। डीआईजीले भने थर्मसको मनतातो पानी गिलासमा हाले।

"म जिउँदो छैन सर। आई एम अ डेड मेन।"

डीआईजी केही बोलेनन्, बरु गिलासको पानी पिएर खल्तीबाट रुमाल झिकी मुख पुछे।

ए. एस. मुन्टो तल गरेर झोक्रिएको देख्यो युवकले। युवकले सोच्यो– 'त्यस्तो के भनेँ ?' केही भनेजस्तो लागेन युवकलाई। अलिकति कुम उठाएर ओठ लेप्र्यायो आफैलाई बुझाउन। र, आफ्नो हातका औँला हेऱ्यो। बायाँ हातको कान्छी औँलाको टुप्पो मुखमा राखेर नङलाई दाँतले टोक्दै कुर्चीबाट उठ्यो। फुटेको झ्यालनिर हात लगेर सुम्सुमाइरह्यो।

"सर, यदि बाले थाहा पाउनुभयो भने निर्मलाको बलात्कारी खोज्न फेरि समय लाग्ने छ तपाईंहरूलाई।"

"किन ? तेरो बा प्रधानमन्त्री हो ?" प्वाक्क बोलिहाले ए. एस.।

डीआईजी झोक्किए– "सट अप। जस्ट काल्म डाउन, किप लिमिट।"

ए. एस. शान्त भए। डीआईजीलाई थाहा थियो, अपराधीसँग सवालजवाफ गर्न सक्ने अफिसर थिए ए. एस.। तर कहिलेकाहीं हदै पार गरिदिन्थे।

जिब्राले आफ्नै नाक छुन खोज्यो युवकले। ए. एस.-लाई जिस्क्याएझैँ लागेको थियो, तैपनि आफूलाई सँभाले। युवकले जिब्राको टुप्पाले नाक छोएर भन्यो– "कसैकसैका बा आफ्नै जिब्राले आफ्नै नाक छुन सक्ने हुन्छन्।"

डीआईजी र ए. एस.-ले एकअर्कालाई हेरे, हेरिरहे। के भन्न खोज्यो युवकले, उनीहरूका आँखाले एकअर्कालाई सोधेका थिए। तर उनीहरूको आँखाको सम्मोहन भङ्ग गरिदिएको थियो युवकको अर्को प्रश्नले– "सर, न्याय दिन चाहन्छु।"

"दे न त। हू ह्याज स्टप्ड ?" ए. एस. एक्कासि गर्जिए।

"बाले।" युवकले तुरुतै जवाफ दियो।

"ह्वाट ? यसको मतलब तेरो ड्याड पनि संलग्न छ निर्मला हत्या काण्डमा ?"

ए. एस.-को मुखबाट निर्मला हत्या काण्ड सुनेर युवकको नजर उठ्यो। हेर्‍यो। ए. एस.-लाई हेरिरह्यो। युवकका आँखामा प्रश्नैप्रश्न थिए।

ए. एस.-ले अपराधीसँग अभद्र व्यवहार देखाउँदै आएको डीआईजीलाई थाहा थियो। दुई जना शङ्कास्पद व्यक्तिलाई कुटेरै सत्य बक्न लगाई पीडितलाई न्याय दिएका थिए। तब त ए. एस. दुई वर्षअगाडि मात्रै एसपी भए। कतै प्रमोसनको लोभ त छैन ए. एस.-लाई ? डीआईजीको मनमा यस्तै कुरा खेल्यो।

हुन त युवकलाई मिडियामा ल्याएर केही महिना चर्चामा रहन पनि सकिन्थ्यो, तर युवक बलात्कारी हो भनेर बोलिदिने एभिडेन्स पनि चाहिन्थ्यो। तर बलात्कारी स्वयम् एभिडेन्सजस्तो गरिरहेको थियो युवक। तर डर थियो– निर्मला हत्या प्रकरणको अनुसन्धान गर्दा धेरै अफिसरको मिहिनेत खेर गएको थियो।

"सर, यसकै बाउछोराको संलग्नता छ।"

"तर एभिडेन्स त छैन।" डीआईजी ए. एस.-को अनुमानलाई नकार्दै टोपी टेबलमा राखेर युवकको छेउमा उभिए। अघिको लेटरप्याड र कलम समाएर फेरि सोधे– "तिम्रो बाको नाम ?"

"पूर्वमेजर धनपति श्रेष्ठ।"

"ठेगाना ?"

"रामेछाप जिल्ला, ... ... गाविस।"

डीआईजीले एक कल गरे। एन. महता ढोकामा स्यालुट हान्न आइपुगिन्। डीआईजीले लेखिरहेको पाना दिए। एन. तुरुन्तै फर्किन्।

"तिमी त एलिट फ्यामिलीका रहेछौ, कसरी यो सब गर्‍यौ ?" डीआईजीले युवकलाई प्रेमपूर्वक सोधे।

"बाले ल्याइदिएको चकलेटले।" युवकले भन्यो।

खिस्स हाँस्दै आफ्नो हात चिउँडोमा दले ए. एस.-ले। युवकको कुरा पत्याएका थिएनन् उनले। तर निर्मला केसको अनुसन्धानपश्चात् प्राप्त प्रतिवेदनमा कहीं चकलेटको उल्लेख थिएन।

सुबेदार धनपति श्रेष्ठ राजाको सहरबाट गाउँ जाँदा अतीतलाई चकलेट लगिदिन्थे। र, अनुरोध गर्थे– "मात्र पढ्नमा ध्यान दिनू।"

बाको हात समाएर जब अतीत गाउँमा हिंड्थ्यो सुबेदारबाट राजाको गुणगान सुन्न पाउँथ्यो उसले। छुट्टीको अवसरमा उपत्यकाबाट गाउँ गइरहने धनपतिलाई भेट्न इलाकाभरिका मानिस आइपुग्थे। गाउँका ठूलाबडासँग उठबस थियो। शक्तिसम्पन्न थिए। राजाप्रतिको सम्मोहन देखेर सुबेदारलाई सम्मान गर्नेको भीड लाग्थ्यो गाउँमा। तर पढ्नमा भन्दा कथा सुन्नमा रुचि राख्ने अतीतका लागि राजा एकादेशको लाग्थ्यो। जब सुबेदार सहर फर्किन्थे, उसलाई फकाएर पढाउने काम उसकै अजीको काँधमा आउँथ्यो। अजी सुबेदारले ल्याइदिएको चकलेट दिएर पढ्न लगाउँथिन्। चकलेट पाएपछि हजुरआमाको अगाडि पढेझैँ गर्थ्यो अतीत। तर अजीको कन्नापछाडि भने चकलेटले गाला पुक्क पारेर तखताको रेडियो समाई ऊ आँगनबाट बाहिर निस्किन्थ्यो। रेडियोको आवाज ओल्लोपल्लो घरसम्म पुग्थ्यो।

जुँगाको रेखी बस्दै गरेको किशोर अतीतलाई पछ्याउने छिमेकी बालिका निर्मला हुन्थी। अतीतलाई देख्नेबित्तिकै गालाको पुक्कले निर्मलाको ध्यान तान्थ्यो– "के खा'को नि ?"

अतीत मुखको चकलेट टोकेर दिन्थ्यो। निर्मला खुसीले चकलेट चुस्दै रेडियो को बटन घुमाउन बुर्लुक्कबुर्लुक्क उफ्रिन्थी। तब रेडियोको च्यानल छुट्थ्यो। अनि हुन्थ्यो रेडियो स्व... स्व...।

स्व...। ए. एस.-को वाइरलेस बज्यो। आफ्नै अतीत सम्झिरहेको युवक सँभालियो। डीआईजीको ध्यान भने घरीघरी युवकतिर थियो।

"अब कतिन्जेल यहाँ बस्नुपर्छ सर ?"

"बडो हतार छ यसलाई जेल छिर्न।" युवकको कपाल समाएर अघिपछि गर्दै भने ए. एस.-ले।

युवकले गाउँमा खाने गरेको चकलेट सम्झिएर डीआईजीले सोधे– "कुन चकलेट थियो ?"

"महँगो खालको थियो। गुलियो हुन्थ्यो। तर नाम बिर्सिएँ। डायरीमा लेखेको छु।"

युवकले झोला माग्यो। सोफाको झोला उठाएर ए. एस.-ले दिए। झोलाबाट डायरी निकाल्यो। पानाहरू पल्टायो। पल्टाइरह्यो। डायरी छाडेर झोला खोल्यो। हेर्‍यो। उसले झोलाका सबै पत्रिका र कागजपत्र निकाल्यो। डीआईजी र ए. एस.-ले युवकले निकालेका

कागजहरू ध्यानपूर्वक हेरिरहे। अन्तिममा ती सबै सामान झोलामा हाल्दै युवकले भन्यो– सरी सर, मैले चकलेटको नाम लेख्न बिर्सिएको रहेछु।"

"अजिब क्यारेक्टर छ। हावा कुरा गर्छस् ?" ए. एस. झोक्किएर कराए।

"आत्माहरू यस्तै हुन्छन् सर, हावामा कुरा गर्ने।" भावुक भएर भन्यो युवकले।

आफूलाई यो लोकमा तड्पिएको आत्मा ठान्छ युवक। त्यसैले आफूलाई मानिसको दर्जा दिंदैन ऊ। सास चलेका सबै मानिस मानिसझैँ लाग्दैनन् उसलाई, न त उसले आफूलाई जिउँदो ठानेको थियो। उसको छातीमा चल्ने सास आफूलाई बचाउनका लागि फेरेको थिएन। बाका लागि फेरिदिएको थियो।

"ह्वाट एभिडेन्स डू यू ह्याव द्याट यू आर डेड ?" ए. एस.-ले सोधे।

"प्रमाण छ सर।" युवकले भन्यो।

"कहाँ ?"

"गाविसको ढड्डामा।"

"यसलाई यसैका बाले बलात्कार गरेछन्।" ए. एस.-ले प्वाक्क मुख छोडे।

लापर्बाहीसँग बालेका ए. एस.-सँग डीआईजी कराए– "स्टप। ह्वाट आर यू टकिङ अबाउट ? स्टे इन डिग्निटी।"

डीआईजीलाई ए. एस.-को क्षुद्रताले दिक्कायो। उनले टाउको समाई फेरि आफ्नै घुम्ने कुर्चीमा बसेर पानी पिए।

"बलात्कार मात्रै होइन, बाले त हत्या नै गरिदिए सर।" बिना हिचकिचाहट युवकले सिधा डीआईजीलाई हेरेर भन्यो।

युवकका कुरा पत्यारिला थिएनन्। तर आँखामा अजिबको सत्य देखिएको महसुस गर्दै थिए डीआईजी। त्यो सत्य के युवकका बा थिए ?

× × ×

छोरो अतीतको हर्कतले धनपतिको प्रतिष्ठामा दाग लाग्दै थियो। उनले कमाएको हैकम र इज्जत पानीमा मिल्दै थियो। तर सुबेदार धनपति कठोर मानिस थिए। उनलाई इमान र प्रतिष्ठाप्रति बडो मोह थियो। त्यति नै मोह एक्लो छोरो अतीतप्रति पनि थियो। यी दुवै गुमाउन चाहँदैनथे उनी। त्यसैले भित्तामा टाँसेको छोराको फोटोमा माला राखेर उनी गएका थिए सुनकोशी। अतीतलाई सुनकोशीबाट खसाएर गाविसमा गरेका थिए– छोराको मृत्यु दर्ता।

अतीतकी आमा यो सब चाहँदैनथिन्। तर विवश आमालाई रुन लगाएर छोरो मरेको गाउँसमाजमा सर्जमिन गराए धनपतिले। र, गाविसबाट छोराको मृत्यु दर्ताको प्रमाणपत्र अतीतकी आमाको हातमा थमाएर राजाको सहर फर्किए सुबेदार धनपति।

तर छिमेकी पीडितले भने बारम्बार बलात्कारी खोजिदिन अनुरोध गरिरहे इलाका प्रहरीसामु। पीडितले बलात्कारी मरेको छैन भनेर भनिरहनाले मजबुरीले प्रहरीले अभियुक्त

अतीतलाई एक वर्षसम्म सुनकोशीमा खोज्यो। अन्तिममा नदीमा डुबेको मुचुल्का तयार भयो। किस्सा खतम।

अतीतकी आमाको आँसु कत्ति रोकिएको थिएन, तर गाउँसमाजलाई देखाउन सुबेदार धनपतिले कुशको छोरो बनाई डाके मलामी। सुनकोशीले बगाएको छोराको लास सुनकोशीकै किनारमा कुशलाई मानेर जलाए। गाउँमा १३ दिन कोरा बसिदिए धनपति। छिमेकीको बोल्ती बन्द भयो।

तर अतीत थियो मधेसको कुनै बिरानो सहरमा।

घर छाडेकै वर्ष अतीतले सुन्न पायो बाले सुनाउने गरेको एकादेशको राजाको हत्याकाण्ड। उमेर बढेसँगै मधेसको सहरबाटै ६२/६३ को जन आन्दोलनको भीडमा हराएको अतीत नेपालमा गणतन्त्र आएकै वर्ष काठमाडौँ फर्कियो।

१४ वर्षको उमेरमा गाउँ छाडेको अतीत आठ वर्षपछि गाउँ जान पाउने भएँ भनेर खुसी भएको थियो, तर उसले गाउँ फर्किन पाएन। खासमा उसलाई अजीको बरखी श्राद्ध गर्न पशुपतिनाथसम्म मात्रै बोलाइएको थियो, त्यो पनि अतीतकी आमामार्फत।

एउटी आमाको ममताले गलेर सुबेदारबाट मेजर भइसकेका धनपतिले अतीतलाई वीरगन्जपारिबाट काठमाडौँ ल्याएका थिए। श्राद्ध सकेर अतीतकी आमाले कालो रुद्राक्षको माला लगाइदिई उसको रक्षा गरिदिन पशुपतिनाथअघि हात जोडेकी थिइन्। उसले गाउँ फर्किन कैयौँ पटक बासँग कर गरेको थियो, तर सुबेदारबाट मेजर भएका धनपतिले कत्ति सुनेनन्। अजीको श्राद्ध गरेकै भोलिपल्ट धनपतिको आँखा छलेर अतीत गाउँ फर्किन खोज्यो, तर कोटेश्वरबाट पक्राउ पर्‍यो।

पक्रिने बलात्कृत निर्मलाको छिमेकी क. कुमार थियो– माओवादी जिल्ला इनचार्ज। अतीत नौ कक्षामा पढ्दा कुमार भूमिगत थियो। र, निर्मला पाँच कक्षा पढ्थी। क. कुमारले अतीतलाई बन्दी बनाएर आफ्नै माओवादी साथीहरूका बीच राख्यो। कुमार चाहन्थ्यो अतीतलाई गाउँ लगेर मेजर धनपतिको असिलियत सार्वजनिक गर्न। तर त्योभन्दा अगाडि पीडित परिवारलाई काठमाडौँ बोलायो कुमारले। सँगसँगै धनपतिलाई पनि बोलायो।

"प्लिज, बालाई नबोलाउनू।" कमरेड कुमारसँग अतीतले अनुरोध गरेको थियो। तर अतीतको दुर्भाग्य! गाउँबाट पीडित नआउँदै अतीत कमरेड कुमारको कैदबाट मुक्त भयो।

आँसी र हतौडा अङ्कित रातो झन्डा फरफराइरहेको एक भवनबाट निस्किएका अतीत र धनपतिलाई पर्खिरहेको थियो हरियो रूख अङ्कित झन्डा फरफराएको जिपले। दुवै जना त्यसैमा चढेर झरे थानकोटको ओरालो। थानकोटको ओरालो झरिरहेको अतीतले हजार पटक भनेको थियो– "म गाउँ फर्किन चाहन्छु बा, गाउँ फर्किन चाहन्छु।"

"गाउँ होइन, जेल जान्छस्।" बरबराइरहेको युवक ए. एस.-को कुराले झस्कियो। उसको अनुहारको रङ फुङ्ग उड्यो। उसले हातले मुख माड्यो। दाह्री कनायो। र, हेर्‍यो ए. एस.-लाई र डीआईजीलाई पालैपालो। तर युवकको नजर कुममाथिको फूलीतिर गयो।

उसले चोर औँलालाई आफ्नो नाकैनिर ल्याएर बिस्तारै गऱ्यो– "वान स्टार, टू स्टार, थ्री स्टार... नो, नो, सरी, सरी।"

ए. एस.-ले आफूपछाडि हेरे। पछाडि क्यालेन्डर थियो। क्यालेन्डरमा भद्रकाली देवीको फोटो थियो।

× × ×

हरियो रूख अङ्कित झन्डा राखेको कारले भद्रकाली मन्दिरमै ल्याएर छाडिदिएको थियो अतीत र धनपतिलाई थानकोटबाट फर्काएर। धनपति जङ्गी अड्डामा कार्यरत थिए। भागिरहने छोराको निगरानी स्वयम् जङ्गी अड्डामा राखेर गर्ने सोचले थानकोटबाट फर्किएका थिए धनपति। त्यही सोचको दायराभित्र सास फेरिरहेको अतीतले भद्रकालीको चौताराबाट सिंहदरबार हेर्दैमा छ वटा वर्ष बितायो। एक साँझ माइतीघर मण्डलतिरबाट आएको ऱ्यालीमा गाउँ फर्किने इच्छा बोकेर मिसियो। ऱ्याली सहिदगेट हुँदै त्रिपुरेश्वरबाट थापाथलीतिर लाग्दै थियो। सूर्य अङ्कित झन्डाहरू फरफराइरहेका थिए। सूर्य अङ्कित पम्प्लेटहरू सडकभरि टाँसिएका थिए। तर भीडमा देखिएका प्रहरीबाट जोगिन अतीत पम्प्लेट छातीमा टाँसेर नारा लगाउँदै गयो। अचानक अगाडिबाट आइरहेको सैनिक देखेर अतीत राष्ट्रिय लोकबाजा सङ्ग्रहलायको साँघुरो गल्लीभित्र पस्यो। सैनिकले देख्यो भने बालाई भनिदिने छ भन्ने डरले ऊ लुकेको थियो। आफूलाई लुकाउन उसले पम्प्लेटले मुख छोप्यो।

"अब तिमीले भाग्नुपर्दैन?" डीआईजीको कुराले लुक्न खोजेको युवक झस्कियो।

डीआईजीको कुर्चीपछाडिको फोटो हेरिरह्यो युवकले। युवकले निराश भएर मुन्टो तल गऱ्यो। लामो सास छाडेर भन्यो– "सरी सर। मलाई फेरि भगाइयो।"

"इट्स इन्टरेस्टिङ...।" डीआईजीले युवकलाई हेरेर भने।

ए. एस. युवकको छेउमा आए। युवकको गालाभन्दा माथि औँलाले दबाए। युवकका आँखा काँपे। युवकका आँखामा गहिरो हेरेर ए. एस.-ले भने– "थाहा छ नि निर्मलाको लास उखूबारीमा भेटिएको?"

"थाहा छ, तर निर्मला...।" रोकिएको वाक्यपछि उसले लामो सास छाड्यो। अनि मुन्टो तल झुन्ड्यायो। युवकको प्यान्टमा आँसुका थोपा थपिँदै आए।

× × ×

थोपा त शीतका पनि हुन्छन् जसलाई झार्न बुट्यानको हाँगा हल्लाउँथ्यो अतीत किशोर छँदा। त्यही शीतलाई हातभरि दली निर्मला अतीतको मुखमा पोतिदिएर भाग्थी।

"निर्मला... निर्मला...।" अतीत पछ्याउँथ्यो, तर निर्मला आफूलाई लुकाउन अतीतकै गोठतिर आउँथी।

अतीत बलैँसीको खाँबामा झुन्ड्याएको रेडियो काखमा च्यापेर गोठतिर जान्थ्यो। गोठको ढोकामा रेडियो झुन्ड्याएर कराउँथ्यो– "निर्मला, चकलेट ल्याएको छु मैले।"

चकलेटको नाम सुनेर निर्मला गोठको ढोकामा देखा पर्थी। ढोकामा देखिएको रेडियोको बटन घुमाउन लोभिन्थी निर्मला। किन कि उसलाई रेडियोको गीतमा नाचिटोपल्नुपर्थ्यो।

रेडियोमा गीत भेटिनुअगावै अतीतले खल्तीबाट चकलेट निकालेर गोठको चोटामा बोलाएको थियो। चकलेटले निर्मला लोभिएर काठको लिस्नो चढ्न पुगी। अतीतले चकलेटको कभर खोल्यो। निर्मला जिब्रो रसायो।

एक्कासि गोठका बाख्राहरूले दाम्लो चुँडाउन खोजेको थिए। रेडियो गीत फुकिरहेको थियो। गोठभित्र भने निर्मलाको चीत्कार फुस्किएको थियो। तर रेडियोको चर्को स्वरले निर्मलाको रुवाइलाई दबाइदियो। त्यसैले बाहिरी दुनियाँले सुनिदिएन। हो, कत्ति सुनिदिएन।

गोठबाट अतीत निस्कियो। रेडियो काखमा राखेर घरतिर गयो। हातमा चकलेटको खोस्टो लिएर निस्किएकी निर्मलाको हिक्कहिक्क गलाहुँदो अड्किएको थियो। उसका पैतालासम्म रगतको धारो थियो। उसको ढाडभरि सुकेको घाँस र परालका त्यान्द्रा थिए। मुखमा रसाएको चकलेटझैँ उसको टाङमुनिबाट रातो रसाइरहेको थियो।

घाँस काटेर फर्किएकी आमा रगताम्मे छोरी बोकेर अस्पतालतिर हिंडेकी थिइन्। निर्मला बलात्कृत भएको मेडिकल रिपोर्टसहित गाउँमा भोलिपल्ट हल्ला फैलिएको थियो। निर्मलाको बलात्कारी पक्रन प्रहरी भने भोलिपल्टको साँझतिर पुगेको थियो। तर गोठमा चकलेटको खोल थिएन, न त अतीत नै थियो।

"चकलेट खाने?" झसङ्ग भयो युवक।

ए. एस. युवकलाई चकलेट दिँदै थिए। एन. महताले आफ्नो जन्मदिनको खुसीमा चकलेट दिएको कुरा सुनाए ए. एस.-ले।

युवकले चकलेट समायो। कभर खोल्यो। एक्कासि रुन थाल्यो। उसको रुन्चे स्वर दबेको थियो– "सरी निर्मला, मैले तिमीलाई न्याय दिन सकिनँ।"

"हत्याराहरू अजिब प्ले गर्छन् आफूलाई।"

"तर म हत्यारा होइन, बलात्कारी हुँ बलात्कारी। कति पटक भनूँ?" युवकको आक्रोशले कार्यकक्ष गुन्जियो। युवकले फेरि थचक्क बसेर सर्टको बाहुलाले आँसु पुछ्यो।

ए. एस.-ले युवकको झोला तानेर खोतले। उनले एउटा फोटो निकाले। त्यो फोटो युवकले अघि झोला खोतल्दा डीआईजीले पनि देखेका थिए।

"चिन्छस्?" ए. एस.-ले भने।

गहिरो हेऱ्यो युवकले। अनि फोटो सुमसुम्याउँदै भन्यो– "निर्मला पन्त।"

"तैँले बलात्कारपछि हत्या गरेकी किशोरी यही हो?"

ए. एस.-को कुरा सुनेपछि युवकले दायाँबायाँ टाउको गऱ्यो।

"ध्यानले हेर्, निर्मला यही हो।"

"तर यो निर्मला होइन।"

यही हो।

होइन...।

●

## यमुना पराजुली अधिकारी

# दोष



छोराछोरीलाई स्कुल पठाइसकेर उनले मोबाइल अन गरिन्। ऊ अनलाइन आइसकेको रहेछ। उनी बिछट्टै खुसी भइन्। तर किन यो खुसी यसरी फक्रिइरहेछ? यसको जवाफ सागरजत्तिकै गहिरो छ, आकाशजत्तिकै फराकिलो।

आफू गलत बाटामा जाँदै छु कि? कहिलेकाहीं यस्तो प्रश्न पनि मनको कुनाकन्दरामा रुमल्लिइरहन्छ। तर उसलाई फेसबुकमा अनलाइन देखेपछि मनले मान्दै मान्दैन नबोली रहन। आखिर आफूले पहिलो पटक मन पराएको मान्छे हो ऊ। गफ गर्दैमा, बोल्दैमा, दुःखसुख सेयर गर्दैमा के नै बिग्रिएला त? यति सोच्दासोच्दै मोबाइल टिङिङ् करायो।

"हाई।"

उसैको मेसेज रहेछ सायद। उसलाई पनि उनलाई जस्तै बोल्न हतार भएको हुनुपर्छ।

"हेलो।" उनले जवाफ फर्काइन्।

"तिमी ठीक छौ नि? बाबूनानी सन्चै छन्?"

"अँ, म ठीक छु। नानीबाबू पनि ठीक छन्। हजुरहरूलाई कस्तो छ?"

"म पनि ठीक छु। तिमीलाई सम्झिरहन्छु।" उताबाट आवाज आयो।

'त्यति बेला मैले गरेको निर्णय गलत थियो कि खै के थियो?' यो कुराले उनको मुटु चस्स दुख्यो। ओठमुख सुके। एक गिलास पानी पिइन् र मोबाइल अफ गरेर खाटमा लडिन्।

'मैले ज्यानै दिन खोज्दा पनि उस बेला मेरो वास्ता नगर्नेले अहिले सम्झिनुको अर्थ के रह्यो र? किन, के कारणले सम्झिनु अहिले?' आजको च्याटले उनलाई विगततिर फर्कन बाध्य बनायो।

त्यो बेला उनी मात्र १७ वर्षकी थिइन्। ऊसँग भेट हुँदा, पहिलो पटक देख्दा नै खुब मन पराएकी थिइन्। त्यो उमेर पनि त्यस्तै थियो होला कि? तर जुन प्रकारको सोचाइ उनको मनमा ऊप्रति थियो, अरूप्रति कहिल्यै त्यस्तो 'फिलिङ्ग्स' भएन।

नातामै पर्ने भएकाले ऊसँग बारम्बार भेट भइरहन्थ्यो। एक दिन मौका पारेर आफ्नो मनको कुरा खोलिन्। ऊ मुसुक्क हाँस्यो, केही बोलेन। हुन्छ, हुन्न केही भनेन। उनको मन खिन्न भयो। तर माया गाढा थियो। मुटुभरि फैलिएको थियो।

दिनहरू बितिरहे। भेटघाट भई नै रह्यो। तर उस्तै कुनै शब्दविहीन भेटघाट। आस थियो उनको मनमा– केही कुरा गर्ने हो कि? मलाई केही भन्ने हो कि? तर कहिल्यै त्यस्तो भएन।

उनीप्रति मरिहत्ते गर्ने केटाहरूको पनि त कमी थिएन। कति राम्राराम्रा केटाहरूले त बिहेका लागि कुरा पनि चलाइरहेका थिए, तर उनले टारिरहेकी थिइन्।

उमेर सानै छ भनेर बाबाआमाले पनि खासै कर गर्नुभएको थिएन। रूपमा धेरै राम्री भएकीले उनलाई आँखामा राखेर हिंड्नेको सङ्ख्या कम थिएन। त्यो टोलकै राम्री केटी थिइन् उनी।

केही महिनापछि जागिरको सिलसिलामा ऊ बाहिर जाने भयो। उनलाई नरमाइलो लाग्यो। डाँको छाडेर रुन मन लाग्यो। कोठामा बसेर धेरै बेर रोइन्। हिंड्ने अघिल्लो दिन ऊसँग त्यहाँको फोन नम्बर मागिन्। उसले भने हिंड्ने बेलामा गएँसम्म पनि भनेन।

किन उसले यस्तो व्यवहार गऱ्यो? उनी छक्क परिरहेकी थिइन्। मन नपरेको भए भन्देको भए भइहाल्थ्यो नि! कुनै जवाफ नदिनुको कारण के हुन सक्छ?

फोन नम्बर मागिन् माग्न त तर कहिल्यै सम्पर्क भएन त्यो नम्बरमा। कहिल्यै ऊ त्यहाँ भेटिएन। सायद उसलाई नै बोल्न मन थिएन होला। घरमा उनको बिहेको कुरा पटकपटक चल्न थाल्यो। गर्दिनँ भन्ने कुनै कारण पनि थिएन। 'एक दिन सम्झेर फोन गरेको होइन। आखिर मैले मात्र हत्ते हालेर के नै पो हुने रहेछ र?' यही सोचेर चुपचाप बसिदिइन्।

बिहे भयो। एकदम माया गर्ने श्रीमान् पाइन् उनले। बिहे भइसकेपछि पनि यादले धेरै सतायो। तर यादैयादमा बाँच्न पनि त सम्भव थिएन र याद गर्नु पनि किन? के कारणले याद गर्नु त्यो निष्ठुरीको? उनको मनले बारम्बार बहस गऱ्यो। अब उनको आफ्नै संसार पनि त थियो। त्यो संसारलाई उनले खुसी बनाउनु थियो, सुखी राख्नु थियो। देवताजस्तो पति पाएकी थिइन्। उनले घरलाई स्वर्ग बनाउनु थियो।

उनको बिहे भएको तीन वर्षपछि उसको पनि बिहे भयो। निम्तो त थियो तर कारणवश जान पाइनन् अथवा जान चाहिनन् कि? अरूले भनेको सुन्दा खासै राम्री थिइन रे बेहुली। 'ऊ त्यति राम्रो छ, के बिहे गरेको होला?' पनि भन्यो कसैले। पछि उनले उनीहरूको घरव्यवहार त्यति राम्रो छैन रे भन्ने पनि सुनिन्।

घरपरिवारमा त्यति घुलमिल हुन नरुचाउने आफ्नै पाराकी, आफ्नो सुर नछाड्ने खालकी थिई रे ऊ। परिवारसँग मिलाएर राख्न पनि धेरै सङ्घर्ष गर्नुपर्‍यो रे उसलाई। पछि डिभोर्ससम्मको कुरो चल्यो रे। यो सुन्दा उनलाई साह्रै नरमाइलो लाग्थ्यो। ऊ खुसी रहोस् भन्ने उनको भित्री मनदेखिको चाहना हो। आफ्नो पनि दाम्पत्य जीवन राम्रोसँग चलिरहेको छ। उसको चाहिं किन नराम्रो हुनु र? सायद यही सोच्थिन् होला उनी।

टिङटिङ फोनको घण्टी बज्यो। विगतबाट झसङ्ग भएर फर्किन् उनी। श्रीमान्को फोन रहेछ– "किन फोन अफ छ त? निकै बेर भयो।" उताबाट आवाज आयो।

"खै के भएछ त? अहिलेसम्म त ठीक थियो।" सहज रूपमा ढाँट्न सफल भइन् उनी, तर मन भने विचलित भयो।

फोन राखेर मोबाइल अन गरिन्। 'अब म उसलाई ब्लक नै गर्छु।' यस्तै सोच्दै फेसबुक अन गरिन्। हुरुरु उसैको मेसेज आयो– "सायद तिमी अहिलेसम्म मलाई गलत सोचिरहेकी छ्यौ होला। त्यो स्वाभाविक पनि हो। तर मलाई माफ गर ल। मैले आफ्नो मनले र खुसीले त्यस्तो गरेको होइन। म पनि तिमीलाई साह्रै मन पराउँथें, तर म बाध्य भएँ। तिमीलाई थाहा छैन, म त्यति बेला अलि बिरामी थिएँ। डाक्टरले ब्लड क्यान्सरको शङ्का गरेको थियो। बोनम्यारोले पनि ब्लड उत्पादन कम गरेको थियो। तिम्रा आँखामा मप्रति देखिएको जुन माया थियो त्यो देख्दा म त्यसै आत्तिन्थें, डराउँथें। त्यही भएर म तिमीबाट टाढा हुन चाहन्थें। तिम्रो जिन्दगी बर्बाद गर्न चाहन्नथें। हो, यही कारण हो म तिमीसँग सम्पर्कमा नरहनुको। तिमी मलाई बिर्सिदेऊ, म यही चाहन्थें। तिमीलाई के थाहा तिम्रो बिहेको कुरा सुनेर ममा के बितेको थियो? एक पटक त आत्महत्या नै गरूँ कि झैँ पनि भयो, तर बाबाआमालाई सम्झेर सकिनँ। पछि थाहा भयो, मलाई ब्लड क्यान्सर भएको त होइन रहेछ। तर बोनम्यारोमा समस्या चाहिं देखियो। दिल्ली गएर जँचाएँ। सुरुमै भएकाले ज्यान बच्यो, तर औषधी खाइरहेछु अहिले पनि। कहिलेकाहीं ब्लड पनि चढाउनुपर्ने हुन्छ।" उनी आँसु खसाल्दै मेसेज पढ्दै गइन्– "तिमी खुसी छ्यौ, मलाई थाहा छ। तिम्रो बारेमा बुझिरहन्छु म। सायद मसँग तिम्रो बिहे भएको भए यति धेरै खुसी दिन सक्ने थिइनँ होला। अनि यति सुखी पनि राख्न सक्दिन थिएँ होला। तिमीलाई खुसी देख्दा म पनि खुसी हुन्छु। तिमीलाई पाउन लेखेको रहेनछ। तर दोष न तिम्रो हो न त मेरो। दोष त भाग्यको हो जसले तिमीलाई पाउन सकेन। प्लिज, हाँसीखुसी बस है! मेरो हरपल शुभकामना छ।"

यो पढिसकेपछि उनका आँखाबाट आँसु बगिरह्यो– अविरल–अविरल। उनीसँग कुनै जवाफ थिएन उसलाई दिनका लागि। अनि मनमनै सोचिन्– 'दोष तिम्रो थिएन, मेरो थियो। मैले तिमीलाई बुझ्न सकिनँ।'

कुदेर जाऊँ र अँगालोमा बाँधिएर मनको कुरो सब भनूँ, आँसुसँगै मनको कुरा पनि बाहिर फाल्दिऊँ– यस्तो सोचाइ पनि आयो। तर समाजको पर्खाल बाधक बनेर

अगाडि उभिएको थियो। तत्काल उनका गोडा आफसेआफ रोकिए, किनभने समय निकै अगाडि बढिसकेको थियो। अब पाइलाहरूलाई रोक्नुको विकल्प पनि थिएन।

●

दिल महरा

# बाउ खोज्ने केटो



प्रायः मङ्सिरको अन्ततिर बाँसका झ्याङहरूमा सारौँका हूलहरू असाध्यै कराइरहेका हुन्छन् साँझपख। त्यसै समय बकैना, सिसौ र अम्रैका रूखहरूबाट खसेका शीतका थोपाहरूले जमिनमा असङ्ख्य मसिना खोपिल्टा निर्माण गरिरहेका हुन्छन्।

त्यो समय म पुलिसको हल्दार थिएँ जति बेला मेरो उमेर ३४ वर्षको थियो। हो, यो घटना त्यसै बखत भइरहेको थियो।

हाम्रो क्याम्पमा साँझको खाना खाने बेला भएको थियो। त्यो बेला चेक पोस्टमा एकै जनाले सुरक्षा दिइरहेको हुन्थ्यो। खाना खाने समयमा हाम्रो नियम यस्तै थियो।

त्यस दिन चेक पोस्टको सुरक्षा मैले दिइरहेको थिएँ। त्यसै बखत हो, एउटा अन्दाजी १२/१३ वर्षको केटो चेक पोस्टको सामुन्ने देखिइरहेको थियो। त्यो केटो सिसौको रूखमुनि आएर मतिर हेर्दै ठिङ्ग उभिएको थियो।

हाम्रो क्याम्पको नियमअनुसार साँझपख हामीले दुई सय मिटर वरपर रहेका मानिसहरूलाई उभिएको ठाउँबाट हटाउनुपर्ने हुन्थ्यो। त्यसै कारण मैले त्यो केटालाई हातको सङ्केतले पर जाऊ भन्दै थिएँ। केटो त पर जानुको सट्टा लम्किँदै चेक पोस्टतिर आएको थियो।

ऊ सुस्तरी आफ्नो समस्या बताउँदै गइरहेको थियो– "सर, मिल्छ भने मेरो लागि आजको वास यतै मिलाइदिने व्यवस्था गरिदिनोस्। हजुरको हाकिमलाई बरु यो फलफूल लगेर दिनोस् र मेरो समस्या बताइदिनोस् ताकि आजको एक रातको लागि म यतै वास बस्न पाऊँ, किनभने अब यहाँबाट मेरो घर पुग्नलाई चार घण्टा हिंड्नुपर्ने हुन्छ। त्यति बेलासम्म म केटाकेटी मानिस एक्लै हिंडेर कसरी पो जाऊँ? फेरि रातको समय मेरो घर जाने बाटोमा बाघ र असङ्ख्य भूतको त्रास हुने गर्छ। ममा यो कुराले धेरै डर पैदा गरिरहेको छ। सर, बरु म त्यही बाहिरको गल्लीमा सुतेर रात काट्ने छु। भोलि बिहानै त म सबेरै निस्केर घर जाने नै छु।"

केटो आफ्नो दायाँ हातले दुई दाना स्याउ र चार कोसा केराको पोको मतिर तेर्स्याउँदै र बायाँ हातले हाम्रो हाकिम सुत्ने भवनको गल्ली देखाउँदै मेरो सामुन्ने आइसकेको थियो।

त्यो सप्रिएको लौकाको उचाइजत्रै केटो। त्यसको कुरा र व्यवहार देखेर ममा त्योप्रति सजिलै प्रेम जागेको थियो। अनि त चेक पोस्टको धकेलेर बाहिर पठाउन मन लागेन। बरु ममा ऊप्रति दया भाव भन्ने कुरा पनि उर्लेर आएको थियो। मलाई लागिरह्यो– केटो सही थियो। उसको कुरो सही थियो। त्यो रातमा एक्लै चार घण्टा हिंडेर घर पुगोस् कसरी? ममा त्यो केटोप्रति चिन्ता बढिरहेको थियो।

केटालाई मैले चेक पोस्टभित्र रहेको प्लास्टिकको कुर्सीमा बस्न आग्रह गरेको थिएँ। त्यो केटो उपरखुट्टी लगाएर आरामले बस्यो। मलाई केटाको बस्ने तरिका असाध्यै मन परेको थियो। अनि उसले पानी मागेको थियो। केटाले दुई घुट्की पियो। बाँकी पानी भुइँमा राखेर एकछिन त्यत्तिकै फिस्स हाँस्यो। मैले पनि ऊजस्तै हाँस्ने प्रयास गरिदिएँ। सायद मेरो व्यवहारले केटो औधी नै खुसी भयो होला। केटाले अघि मतिर तेर्स्याएको पोको छेउबाट उठाएर आफैले खोल्यो। पोकाबाट दुइटा केटाका केरा झिकेर पोकालाई फेरि बन्द गरी भुइँमा नै राख्यो।

केटो उठ्यो। मलाई राम्रो केराको एउटा कोसो हातमा टक्र्यायो। अर्को आफैले खान थाल्यो। एकछिन हामीले केरा खान लागेका थियौं। मैले खाइसकेर मुख मिठ्याइरहेको बेला केटो कुर्सीबाट फेरि उठ्यो। मेरो हातमा झुन्डिएको बोक्रा आफ्नो हातमा लिएर अगाडि गयो। केटाले फोहोर फाल्ने भाँडामा खसालेर आउँदै गर्दा गजबको कुरा बोल्यो– "सर, जहाँतहीं फोहोर भयो भने त हाकिम रिसाउँछन् होला है?"

केटाको कुराले मलाई केटो साह्रै बौद्धिक लागिरहेको थियो। केटाले त्यस समय वरिपरि अवलोकन गर्न खोजेको थियो। सायद मेरो व्यवहारले पनि खुला महसुस गरेको हुनुपर्छ। केटाले मेरो प्यान्टलाई अवलोकन गर्दै भनेको थियो– "सर, मलाई पनि एक दिन पुलिस हुने मन छ। मलाई पुलिस सबैभन्दा मन पर्ने मानिस हो। जस्तै हजुर पुलिस अनि त मलाई आजको वास आफ्नो क्याम्पमा मिलाउने जिम्मा लिनुभएको छ। के यो पुलिसको राम्रो काम हैन र?"

केटाले फेरि गजबको कुरा गरेको थियो। त्यति भन्दा मलाई असाध्यै खुसी लाग्यो। सायद आजको समयसम्म मैले पुलिसका बारेमा सुनेको सुन्दर प्रत्यक्ष बयान यही नै हुन सक्छ। अथवा मेरो बारेमा केटाले नै पहिलो पटक सुन्दर बयान प्रत्यक्ष गरेको हुनुपर्छ। त्यो बौद्धिकजस्तै केटाले मेरो मन जिती नै गएको थियो।

मैले केटालाई त्यसपछि मायाले गालामा हल्का छोएको थिएँ। त्यसको गाला एकदम कोमल थियो। त्यसै बेला मलाई मेरो छोराको याद पनि आयो।

फेरि केटाले बडो शालीन तरिकाले भर्खर भुइँमा राखेको पोको समायो। दुइटै दाना स्याउ झिकेर हातमा लियो। ठूलो र धेरै रातो स्याउ मेरो हातमा थमाइदियो। सानो

र अलि नरातो आफूले चपाउन सुरु गयो। मलाई मनमनै महसुस भएको थियो– केटो भोकाउन लाग्यो क्यारे।

हामीले फेरि पनि स्याउ खाइसकेर मुख मिठ्याइसकेका थियौं। केटाले आफ्नो हातमा लागेको स्याउको रस आफ्नो शरीरको कपडामा दलेको थियो। अनि उठेर मेरो कम्मरको पेस्तोल छुँदै बोलेको थियो– "सर, यसले मान्छे मार्न सकिन्छ?"

केटोले पेस्तोल पहिलो पटक देखेको कुरा बताइरहेको पनि थियो। अनि मैले केटाको जिज्ञासा मेटाइदिएको थिएँ। बाँकी पेस्तोलका बारेमा केही बोलेको थिएँ। त्यत्तिकैमा केटो मतिर हेर्दै लजाएर बोलेको थियो– "सरले त मलाई एकछिनमै पेस्तोल चलाउन सक्ने पो बनाउनुभयो। सायद पड्काउन मिल्ने भए म भर्खरै पड्काएर देखाउने थिएँ।"

केटाको कुराले केटो र म गलल्ल हाँसेका थियौं। एकछिन हाँसिरह्यौं। फेरि केटाले अघिको पोको समाएको थियो।

"सर, बाँकी यो केरा पनि खाने कि? कि हजुरको हाकिमलाई लगिदिनुहुन्छ?" बाँकी दुइटा केरा देखाउँदै केटो बोलेको थियो।

मैले हाम्रो हाकिमलाई केरा साह्रै मन पर्ने कुरा बताएको थिएँ। लगत्तै केटाले केराका कोसालाई पोको पार्दै केही भन्न लागेको थियो– "सर, मलाई अस्तिको मङ्सिर पूर्णिमामा आमाले दुई सय रुपियाँ दिनुभएको थियो। आज यो फलफूल त्यसैले खरिद गरेको थिएँ जुन हामीले मीठो गरेर खाएका पनि हौं। राम्रो कुरा त सरसँग भेट भयो। मलाई यही कुराले रमाइलो लागिरहेको छ। सर, एक पटक हाम्रो घरमा आउनोस्। म आमाले पकाएको खीर खुवाउने छु।"

हामीले फेरि हाँस्ने प्रयास त गरेका हौं तर केटाले बीचैमा हाँसोको लय छाडेर हाम्रो क्याम्पतिर बलिरहेका सबै बत्ती देखाउँदै सोध्न थाल्यो– "सर, तपाईंको सुत्ने कोठा चैं कुन पो हो? त्यहाँ देखिएका छन् नि?"

केटाले म सुत्ने कोठा थाहा पाएपछि पो गलल्ल हाँस्यौं। हामीले अघि भुलेको हाँसोको लय अहिले सही ठाउँमा लिएका थियौं। केटाले हाँस्दाहाँस्दै मेरो कोठाको तारिफ पनि गर्न भ्याएको थियो।

र, फेरि केटो केही त बोलेको थियो– "सर, कुनै दिन म पुलिस भएँ भने यस्तै कोठामा सुत्ने रहर छ।"

केटाको अहिलेको कुराले यो पटक हामी अलि जोडले हाँसेका थियौं। यस पटक हाम्रो क्याम्पको कुकुर पनि जोडजोडले भुकेको थियो। अनि त केटो मेरो छेउमा आएर पूर्वतिरको सबैभन्दा उजेलो बत्ती देखाउँदै सुस्तरी बोलेको थियो– "सर, त्यहाँ को पो सुत्छ नि?"

केटो औंलो टोक्न लागेको थियो।

“हामी एकछिनपछि त्यहीं जाने छौं र तिम्रो लागि आजको वासस्थानको अनुमति लिने छौं। त्यो खुम मिठो स्वादको केरा त्यहीं नै लगेर छाड्ने छौं।”

मेरो कुरा सुनेपछि केटो मतिर हेरेर धेरै उत्तेजित हुँदै रमाएको थियो। र, उसैले भनेको थियो– “उसो भए त्यहाँ सरको हाकिम पो बस्नुहुन्छ है?”

केटो र म अहिले पनि बेकारमा गलल्ल हाँसेका थियौं। ओहो, केटो त कति चाँडै मेरो पुरानो नातेदार भयो! म त ऊसँग धेरै पछि भेटेर रमाइलो पो गरिरहेको थिएँ।

त्यसपछि पनि मैले केही समय हाम्रो क्यापका बारेमा त्यो केटालाई अरू कुराको जानकारी गराउँदै गएको थिएँ। केटाले पनि धेरै कुरा सोधी नै रहेको थियो।

हामी दुवै जना रातको आठ बजेर चार मिनेट जाँदासम्म चेक पोस्टमा कुरा गरेर बसिरहेका थियौं। त्यसपछि मेरो त्यस दिनको ड्युटी समाप्त भयो। लगत्तै म केटालाई हाकिमको कोठामा लिएर गएको थिएँ। हाकिमले केरा खाएर मुख मिठ्याइसकेपछि केटो र मलाई मेसतिर जान आदेश दिएका थिए। हामी मेसतिर लागेका थियौं।

●

कल्पना प्रधान

# लोभको परिणाम



मेरो नाम सविता हो। म कक्षा पाँचमा पढ्छु। मैले आज स्कुलमा लोभी मान्छेको कथा सुनें। त्यो कथा निकै रमाइलो लाग्यो। त्यसको निकै लोभी हुनुहुन्छ। मेरी आमाले भनेको मैले बारम्बार सुनेकी छु।

यो घरको काम गर्दा गर्दा मर्नै लागिसकें। मलाई कसैले दयामाया गर्दैनन्। कहिलेकाहीं त माइत जान मन लाग्छ। त्यो पनि म सक्दिनँ। मेरो हातमा एक पैसा छैन। यो घरको काम जति गरे पनि सकिंदैन। फेरि हामीले घरमा आफ्नो काम गर्ने पैसा माग्दा दाँतबाट पसिना निकाल्छन्। म कस्तो लोभीको हातमा परेछु!

मेरो बाबा त्यति गरिब मान्छे पनि हैन। हामी पहाडको साधारण घरपरिवारकै हौं। तर मेरी आमालाई अति दुःख छ। घरमा हाम्रो सात जनाको परिवार छ। सबै घरको काम धेरैजति आमाले नै गर्नुपर्छ। भनेको बेला मेरी आमाले खान पनि पाउनु हुन्न। भाइ धेरै सानो छ। ऊ बिरामी भइरन्छ। हजुरआमाले सधैं त्यही भाइको हेरचाह गर्नुहुन्छ। हजुरबा खेतीपातीको काममा व्यस्त हुनुहुन्छ। फुपूले पँधेराको पानी डोकामा बोकेर बिहान दुईतीन गाग्री ल्याउनुहुन्छ। अनि मलाई लिएर पढ्न स्कुल जानुहुन्छ।

बाबालाई कत्ति पैसाले पुग्दैन। सधैँ पैसाले पुग्दैन। सधैँ पैसाकै कुरा गर्नुहुन्छ। त्यो कुरा सुन्दासुन्दा मलाई भातै नखाई बाँच्न सके म भात पनि खान्नथेँ जस्तो लाग्छ। कति पैसाको मात्र कुरा गरेको? खाने धान, मकै, दाल, आलु सबै आफ्नै घरैकोले पुग्छ। यौटा दूध दिने गाई पनि छ। तर बाबा के खोज्नुहुन्छ, त्यो मलाई थाहै भएन।

आमा पनि बेलामौकामा बाबासँग गनगन गर्नुहुन्छ– "माइत जान नपाएको धेरै भयो। भाइबहिनीले पनि मरिछ भन्छन् होला। एक हजार रुपियाँ मलाई दिनू न, भाइबहिनी र आमाबुबालाई केही किनेर माइत जान्छु। स्कुल बिदा छ। छोराछोरी मसँग जान्छन्, घुमेर आउँछन्। तपाईंलाई बहिनीले खाना खुवाइहाल्नुहुन्छ। म एकै हप्ता मात्रा बस्छु।"

"एक हजार त्यसै आउँछ? त्यस्तो तँलाई दिने एक हजार भए केके पो गर्ने थिएँ!" बाबाले भन्नुभयो।

म आमा र बाबाको कुरा सुन्छु र बुझ्छु पनि। अनि मलाई नराम्रो लाग्छ।

मेरी आमाले जति अनुरोध गरे पनि बाबाले त्यो एक हजार दिन सक्नुभएन। मैले त त्यो दिन आमाको मुख पनि हेर्न सकिनँ। मलाई आमाको साह्रै माया लाग्यो। मेरी आमाले पनि पढ्न त पढेकै हुनुहुन्छ तर घरव्यवहारको कारण जबसब केही गर्नुभएन। बाबाले आमालाई एक पैसा खर्च दिनुहुन्न। म ठूलो भएर पैसा कमाउँछु र पहिले आमाकै इच्छा पुयाइदिने छु भन्ने मैले सोच बनाएकी छु।

बल्लतल्ल कसरी मेरी आमाले एक हजार रुपियाँ जम्मा गर्नु भएछ अनि हामीलाई मामाघर लानुभो। यता आमा नहुँदा गाई चराउने मान्छे राख्न नसकी गाई दाम्लोमै अल्झेर मरेछ। अब लोभको परिणाम सबैले बुझे।

●

कोमल फुयाल

# बेड नं. १३३



मङ्गलका बा पछिल्लो पटक अस्पतालको बसाइमा त्यति रिसाएनन्। उसलाई पनि अलि सुबिस्ता भएको थियो। पहिलेपहिले बालाई अस्पता लैजानुपर्ने भयो कि उसलाई अबको दुई हप्ता कसरी व्यवस्थापन गर्ने भन्नेमा नै सबैभन्दा पहिले तनाव हुन्थ्यो। कार्यालयको काम, अस्पतालको बसाइ र बाको परिवर्तन भइरहने मनस्थितिबीच काम गर्नु अत्यन्त कठिन हुने गर्थ्यो।

सबैभन्दा जटिल आर्थिक पाटो पनि थियो। एउटा सरकारी कार्यालयको सुब्बाको तलब नै कति हुन्छ र? त्यसमा पनि हरेक तीन महिनामा बालाई अस्पताल लैजानुपर्ने। के त्यो कम तनावको विषय हो र? गाउँबाट सहर आएर बसेको लगभग २० वर्ष बित्दा पनि उसले एउटा घरेडीसम्म जोड्न सकेको थिएन। हुन त गाउँका ऊभन्दा कम पढाइले खाइ भएका साथीहरूले गरेको आर्थिक प्रगतिले उसलाई विचलित नपारेको होइन नि! तर उनीहरूको बाटो हिंड्न उसले सकेको थिएन। ती कुरा त अलग भइहाले। एकाएक बालाई त्यस्तो भयो। गाउँमा राख्न मुस्किल भइहाल्यो। ल्याउनु नै पऱ्यो। असल छोराको छवि उसले बनाएको थियो। बाले उसप्रति पनि असल बाको भूमिका निभाएका थिए। अब पालो मङ्गलकै थियो। ऊ कृतघ्न छोरो त कदापि होइन। बाप्रतिको उसको दायित्व बोध अरू कसैको भन्दा कम कहिल्यै थिएन। ऊ आफ्ना बालाई अत्यन्त धेरै आदर, प्रेम गर्थ्यो।

शरीरमा बल कम हुँदै गएपछि चिटचिट पसिना आउँछ। हरेक कोष गल्न थाल्छ। अनि श्वास चढ्नु सामान्य हो। बा दीर्घ दमको रोगले थलिएका थिए। उनको रगतमा अक्सिजनको मात्रा कम भएपछि धेरै रिस उठ्थ्यो। अनि आफ्नो जमानाको सफलताका कथा, अहिलेको युगका विफलताका किस्सा एकै चोटि झिक्थे र कुरा अस्वस्थ किसिमको वादविवादको बाटोतिर लाग्थ्यो। कहिलेकाहीं त कुरा गर्दागर्दै भागूँभागूँ बनाउँथे बाले। यस्तोमा मङ्गल आफै संयमितभएर बाको कुरालाई छाडिदिन्थ्यो।

"मङ्गल, तँ बुझ्। अब छिट्टै देशमा अकाल पल्टिन्छ।" बालाई खै कुन मुड चढेको थियो। उनले आँखा चम्काउँदै भने– "कुनै पनि मानिसलाई काम गर्नु छैन। कसरी पुग्छ खाने कुरा यी यायावरलाई?" बाको बोलीमा ठूलै आक्रोश मिसिएको थियो। उनले अक्सिजनको नलीलाई नाकको प्वालमा मिलाए।

मङ्गललाई उसको हाकिमले हिजो एउटा टिप्पणी उठाउने जिम्मेवारी दिएको थियो। ठेकेदारले राति पनि फोन गरेको थियो। नियमअनुसार काम गरेन भने धरापमा परिन्छ। नियमअनुसार काम गऱ्यो भने फेरि धरापमा परिन्छ। सरकारी जागिर यस्तै हो। सन्तुलन सधैं मिलाउनुपर्ने तर सधैं कठिन हुने।

"ठेकेदार हाम्रो एलडीओ सापको साढु दाइ हुनुहुँदो रहेछ हगि?" चुरोटको कसले नीला भएका दनेसा देखाउँदै चिया टेबलमा राखेर हनुमान् पियन अस्ति हाँसेको थियो।

मङ्गलले सोच्यो– यसको कुराको के जवाफ फर्काउने? उसको दिमाग बाले नै पूरै ओगटेका थिए। हुन पनि जन्माएर, बढाएर, पढाएर सुब्बासम्म बनाएको छोराको जीवन यतिसम्म गर्न पाउनु त बाको हक नै हो नि! त्यसैले मङ्गलले उसको कुराको कुनै प्रत्युत्तर दिएन। होलान् आआफ्ना हित्तचित्तका मानिस। नियमअनुसार चल्नेलाई त्यसको के मतलब? उसको मनमा यस्तै कुनै तरङ्ग उठ्यो, तर बाको चिन्ताले त्यस्तो तरङ्गलाई कता उडाइदियो, उडाइदियो।

कामको हतारो त सधैं नै हुन्छ। सबै काम त गर्न भ्यायो तर त्यो फाइल सग्लै बाँकी रह्यो। हनुमान्ले भनेको कुराले कतै घोचेको चाहिं अवश्य रहेछ। उसले मनको कतै

कुनामा आभास गऱ्यो। घरमा समय भयो भने गर्नुपर्ला भनेर उसले त्यो फाइल झोलामा हाल्यो, तर बिचरालाई अस्पताल जानुपर्ने आइलाग्यो। ऊ त्यसलाई त्यत्तिकै उसको स्टडी टेबलमा छाडेर हिंड्यो।

बाले पनि कम दुःख गरेका होइनन्। आमा बितेपछिका दिनहरू कहिलेकाहीं चलचित्रको पर्दामा झैँ झलझल्ती मङ्गलका आँखाअगाडि आउँछन्। गाई, बाख्रा पालेर बाले उसलाई हुर्काए। त्यो पहाडको खेतीपाती चलाउँदा उसको सहयोग आवश्यक त हुन्थ्यो तर पनि छोरालाई ठूलो मानिस बनाउने दृढ सङ्कल्प बाको ठूलै थियो। उनले कहिल्यै पनि मङ्गललाई कुनै काम अराएनन्। सबेको आफै गरे। रहेको बाँकी काम भोलिपल्ट गरे। कलेजमा पढ्दा ऊ सधैं सहरमै बस्यो। पढ्ने र लोक सेवाको तयारी गर्नेबाहेक मङ्गलले खासै केही गरेन। बाको देश सेवाको आदर्शलाई सधैं मनमा राखेर हिंड्यो। सफल पनि भयो।

इन्टर्नल मेडिसिनको त्यो अन्तरङ्ग कक्षमा आज बिहान बालाई खाना खुवाएर उसलाई जसरी भए पनि कार्यालय जानुपर्ने थियो। सिसाको झ्यालबाट छिर्न लागेको कलिलो घामतिर हेर्दै बाले मङ्गललाई फेरि भने– "तिमीहरूको युग भनेको राक्षसको अंशले भरिएको रहेछ। दुःख पाउने भयौ।" त्यसपछि उनले रोटी र काउलीको सब्जी बिस्तारै मन नलगाईनलगाई खाए।

बा जीवनमा कहिल्यै पनि निराशाको कुरा गर्दैनथे। कसैले त्यस्तो कुरा गरे पनि उनलाई रिस उठ्थ्यो। मङ्गलले बाले पारि घरे कान्छालाई झपारेको सम्झियो– "तैंले अब मेरो घरमा पाइला नटेकेस्।"

"के गऱ्यो त्यसले बा?" उसले बालाई सोध्यो।

"त्यसले के गऱ्यो वा गरेन भन्ने कुरा होइन। त्यो मानिस निराशाको चाङ रहेछ। मनभरि कुण्ठा बोकेर हिंड्ने। त्यसले कसैलाई के अभिप्रेरणा दिन सक्छ? जीवनप्रतिको दृष्टि नकारात्मक हुनेले न आफ्नो भलो गर्छ न त अरूको भलो हुन दिन्छ। त्यस्तो मानिसको छायाबाट आफूलाई जोगाउनुपर्छ। अनिष्ट गर्छ त्यस्तो मान्छेको सङ्गतले। आफू होसियार हुनुपर्छ। त्यस्तो मानिस हामीकहाँ नआएकै बेस हुन्छ।"

बालाई कुरा यही नै थियो भनेर खुलाउन मन भएन। मङ्गलले पनि थप सोधेर केरकार गर्न चाहेन। बाले दिएको निर्णय, यस्तो कुरामा कुनै प्रश्न नगरी सिधै स्वीकार गर्नु नै बुद्धिमानी हुन्छ भन्ने उसलाई लाग्यो। हुन पनि गाउँघरका यस्ता विधिव्यवहारका कुरामा उसले बाको कुरालाई नै अन्तिम मान्ने गरेको थियो। यस्ता कुराहरूप्रति शङ्का वा जाँच गर्ने कुरा उसको स्वभावमा पनि पर्दैन। त्यस दिनपछि उनी त्यो घरमा फर्केर कुनै कामविशेषले पनि आएनन्।

बाको निराशाको कारण के हो, मङ्गललाई जान्नु नै पर्ने भयो। हुन त यस पटक दमले अलि धेरै नै अप्ठेरो पनि पारेको थियो। मध्यरातमा पहिलेको जस्तो मात्र भएन।

सास फेर्न साह्रै गाह्रो पो भयो त! अस्पताल पुग्नेबित्तिकै डाक्टरले बाको जिब्रो र आँखाका कोस हेरेर अक्सिजनको मात्रा धेरै नै घटेको पत्ता लगाएका थिए।

"बा, तपाईंलाई चिन्ता चाहिं केको परेको छ अचेल?" मङ्गलले बिस्तारै बा सुत्नुभन्दा अगाडि सोध्यो।

"त्यसो त केही छैन। तेरी बहिनीको पनि बिहेपछि सबै राम्रै भएको छ। ज्वाइँ बेस छन्। सानी छोरी छे। त्यस्तो चिन्ता त केही पनि छैन।" बाले सिलिङमा घुमिरहेको पङ्खामा हेरेर गम खाए अनि बिस्तारै अगाडि थपे– "मानिसको जिन्दगीमा तीन वटा ऋण हुन्छन्– देव ऋण, पितृ ऋण र पुत्र ऋण। मैले त्यही बेलामा तेरी आमा बित्दा सप्ताह लगाएँ, महारुद्री गरेँ। स्त्रीक्षयको दोष निवारणका लागि हजार चण्डी पाठ गराएँ। काशी गएँ, गया गएँ, प्रयाग गएँ। सबै ठाउँमा मैले श्राद्ध गरेँ। यसरी मैले देव ऋण र पितृ ऋण तिरेँ। अब त तँ पनि ३२ को भइस्। तेरो बिहे गरिदिन सकिनँ। म त पुत्र ऋणबाट मुक्त नहुने पो हुँ कि भन्ने लाग्छ कहिलेकाहीं। कतै गलत पो भयो कि भन्ने चाहिं लाग्छ आजकाल। अरू त के चिन्ता गर्नु र खै?"

बाले राम्रैसँग मङ्गललाई झस्काइदिए। उसको सपना र योजना दुवै भनेको नै उपसचिव भपएपछि विवाह गर्ने हो। आफू पनि त बन्नुपर्‍यो नि। त्यसमाथि लोक सेवाको पाठ्यक्रम छिचोली नसक्नुको छ, चार कोसे झाडीजत्तिकै छ। यस पालि त उसको तयारी राम्रो छ। सबै मिल्यो भने अधिकृतमा नाम निस्कने खालको नै छ। बाको चिन्ता अर्कै छ। ३२ वर्ष भनेको कति नै उमेर हो र? बालाई आधुनिक, सहरी जीवन शैलीका बारेमा खासै थाहा छैन। यो विरोधी विचारले उसलाई अलिक सान्त्वना दियो।

"चिया पिउनुहुन्छ?" टाढाबाट परिचित आवाज थियो। मङ्गलको बानी राति सुत्नुभन्दा अगाडि चिया पिउने त थियो तर उसले लिन्नँ भन्ने इसारा गर्‍यो। नचिनेको मानिसले गरेको प्रस्ताव के स्वीकार गर्नु? उसले बालाई बेड नं. १२९ मा भर्ना गरेदेखि नै ती युवतीलाई त्यतै देखेको थियो। तिनकी आमालाई बेड नं. १३३ मा अक्सिजन लगाएर राखेको थियो। आमाछोरी केही कुरा गरेझैँ गरिरहेको हिजो राति उसले सुनेको थियो।

एउटै कक्ष। उस्तै रोग। एउटै डाक्टर। उस्तै औषधी। तातो पानी लिन जानेदेखि क्यान्टिनमा खाना लिन जानेसम्म लगभग उस्तै समय जुधिरहन्थ्यो। आँखा जुध्थे। तर मङ्गलको दिमागमा इतिहास, भूगोल, नीति र थुप्रै सरकारी समस्या घुमिरहेका हुनथे। जीवनभरि दुःखको भारी बोकेका बालाई सुख पाउने बेलामा उनको शरीरले साथ नदिएको देख्दा मङ्गलको मन अमिलो हुन्थ्यो। बाका बारेमा सोचेर नै उसको दिन बित्थ्यो र रात कट्थ्यो।

भोलिपल्ट साँझको खाना लिन क्यान्टिनमा मङ्गल लाइनमा बसेको थियो। उसको पछाडि तिनै बेड नं. १३३ की सुन्दरी कुरुवा आएर उभिइन्। मङ्गललाई असजिलो भयो। खासमा उसको ढाडमा नै तिनी टाँसिएजस्तो उसले महसुस गर्‍यो। भित्रैभित्रै कतै

उसलाई काउकुती पनि लागेकै हो, तर उसले किन त्यस्तो भयो भनेर स्पष्ट अनुभूत गर्न सकेन। हठात् उसलाई बाको खोकी याद आयो। खाना लिन हिंड्ने बेलामा बाले भने का थिए– "तातो पानी थर्मसभरि ल्याउनू है। मलाई राति जिब्रो सुक्न थालेको छ। मुख रसिलो राख्नुपर्छ।" बाले राति तातो पानीले जिब्रोक भिजाउन थालेका थिए।

क्यान्टिनकी साहुीले उसलाई चिन्थी। भनी– "सर, आज भात कि रोटी?"

"मुङको दाल, चम्सुरको साग, दुई वटा रोटी र दुई लिटर तातो पानी।" उसले आफ्नो सङ्क्षिप्त सूची पेस गऱ्यो। उसले आफू अस्पतालको बेडमा बसेर खान खान सक्दैनथ्यो। अस्पतालको भुइँको गन्ध नै उसलाई पर्न छाडेको थियो। भित्रभित्रै मनमा अस्पताल आउन नपरे हुन्थ्यो भन्ने उसलाई लाग्न थालेको थियो। तर परिस्थितिले मानिसलाई जता डोऱ्याउँछ त्यतै जानुपर्ने हुन्छ। तैपनि मानिसले आफ्नो सहजताको बाटो निकालेको हुन्छ– बाले खाना खाइसकेपछि अस्पतालको गेट नजिकैको रेस्टुराँमा गएर साँझको खाना खाने गरेको थियो।

उसको अर्डर आएपछि उसले पैसा तिऱ्यो। ती युवतीलाई हेरेर मुस्कुरायो र हतार मा निस्क्यो।

मङ्गललाई बाले चम्सुरको सागसँग रोटी खाएको औधी मन पर्छ। बाले खाना अति मीठो मानेर खाए। मङ्गलले भन्यो– "बा, रोटी अरू पनि ल्याइदिऊँ?"

बाले पर्दैन भनेर हातले इसारा मात्र गरे। बाको तृप्त अनुहार देखेको उसको अनुहारमा धपक्क ज्योति थपिएको थियो।

राति साढे नौ बजे त बाहिरको मौसम पनि रमाइलो नै थियो। जेठको गर्मीले विश्राम लिएको थियो। मानिसहरू अस्पतालमा त आत्तिएको अनुहार नै लिएर आएका हुन्छन्। तर मङ्गललाई अस्पताल पनि आज अत्यन्त प्रिय नै लागिरहेको थियो। उसको त्यो टेबल सधैँजसो नै उही हुने गर्छ– बायाँतिरको चौथो। गयो र बस्यो। उसले तुरुन्त अर्डर गऱ्यो– "कागती हालेर चिसो स्प्राइट।"

अस्पतालको भऱ्याङबाट झर्दा नै उसले योजना बनाएको थियो– पहिले स्प्राइट अनि खाना। आज उसलाई रोटी, सब्जी र दही खान मन थियो। के खाने र कुन बेला खाने भन्ने कुरामा प्रस्ट हुन उसले कलेजदेखि नै सिकेको थियो। सरकारी जागिर खाएपछि त नियमकानुनमा प्रस्ट हुन नसके कुन दिन मामाघर पुगिन्छ, टुङ्गै हुँदैन। त्यसैले योजना गर्नु उसको आदत नै भइसकेको थियो।

चिसोको पहिलो चुस्की उसको घाँटीबाट बिस्तारै ओरालो लाग्दा त्यसको झङ्कार चाहिं उकालो काटेर मस्तिष्कतिर जाँदै थियो। त्यति नै बेला उसले सुन्यो– "हैन, मलाई छाडेर पो आउनुभएछ त? म पिछा गर्दै आई नै हालेँ।"

अगाडि तिनै युवती उभिइरहेकी थिइन्। उनको हल्का रातो डाई गरेको कपाल, नीलो सर्ट र कालो जिन्स अनि चम्केका दाँत देख्दा मङ्गलले केही बेर त मूर्तिजस्तै हेरिरह्यो।

ऊ शून्य हुन पुग्यो। केही पनि विचार उसले भेट्टाउन सकेन। समुद्रमा जहाज डुब्दा यात्रुले पानीमा अन्तिम पात खोजेजस्तै उसले आफ्नै दिमागमा केही खोजेझैँ देखिन्थ्यो।

"मेरो नाम तृष्णा।"

उसलाई लाग्यो यिनलाई आफ्नो परिचय दिने हतारो थियो।

"म मङ्गल।" उसले अकमकाउँदै आफ्नो नामको हरेक अक्षर समय लिएर ओकल्यो। सम्भवतः जीवनमा आफ्नो नाम उच्चारण गर्दा यति असजिलो उसलाई कहिल्यै भएको थिएन होला।

तृष्णा आफै एउटा मेच तानेर बसिन्। बेयरालाई बोलाइन् र टेबलमा मङ्गलको चिसोको गिलास देखाउँदै अर्डर दिइन्– "मलाई पनि यस्तै।"

उनलाई पनि त्यस्तै चिसो आयो। दुवैले हेराहेर गरे। मुस्कुराए। कुनै व्यक्त सहमतिमा आआफ्नो चिसो बिस्तारै पिए।

"खानामा तपाईं के लिनुहुन्छ?" मङ्गलले बिस्तारै उनलाई सोध्यो।

"आज तपाईं अर्डर गर्नोस्। म त्यही नै खान्छु।" तृष्णाले मङ्गलको स्वाद स्वीकार गरिसकेकी थिइन्।

खाना आयो– रोटी, काउलीको सब्जी र दही। दुवैले खाए। मङ्गलको योजनाअनुसारकै खाना थियो, तर उसलाई केही नपुगेको जस्तो लागिरह्यो।

"बिल म तिर्छु।" तृष्णाले जिद्दी गरिन्। मङ्गलले जति प्रयास गरे पनि उनले सुन्दै सुनिनन्। "तपाईं भोलि तिर्नुहोला नि!" उनले नै कुरा टुङ्ग्याइदिइन्।

रेस्टुराँबाट निस्कँदा पौने ११ बजेको थियो। तृष्णा मङ्गलसँग नजिकिंदा खुसी नै देखिनिथन्। उनको बान्की परेको अनुहारमा अलग्गै किसिमको चमक थियो। उनीहरू आफन्त बिरामी भएर आएका बिरामी कुरुवाभन्दा पनि साँझको हावा खान निस्किएका मस्त एक जोडी परेवाजस्ता देखिइरहेका थिए।

आकाशका ताराहरू टिलपिलटिलपिल गरिरहेका थिए। ताराको प्रकाश छरिएर धरतीभरि निरन्तर खसिरहेको थियो। मङ्गलको हात तान्दै तृष्णाले भनिन्– "बुबा सुतिसक्नुभएको छ। एकैछिन यतै गार्डेनमा बसौं न। शीतल पनि त छ। केही कुरा गरौं।"

उसले अस्वीकार गर्न सकेन। तर उसलाई थाहा थिएन, उसले तृष्णासँग के कुरा गर्ने छ। राति ११ बजेपछि गार्डले गेट बन्द गर्छ। मानिसहरूको क्रियाकलाप पनि अलि सुस्ताउँछ। तर बिरामी कुरुवाहरू गार्डेनमा बसेर शीतल चाहिं ताप्छन्। पहिले पनि बा सुतिसकेपछि ऊ धेरै पटक त्यहाँ आएर बसेको छ। तारा हेरेको छ। आफैसँग रहेका धेरै अनुत्तरित प्रश्नको जवाफ खोज्ने चेष्टा गरेको छ। उनीहरू पनि अस्पतालको उत्तरतिरको बगैंचामा धूपीको बोटपछाडि सिमेन्टको बेन्चमा बसे।

वातावरणमा धूपीको बास्ना फैलिएको थियो। तृष्णालाई धूपीको बास्ना औधी मन पर्छ। तृष्णाले मङ्गलको हात समातिन् र भनिन्– "म कति दिनदेखि तपाईंको पिछा गरिरहेकी छु। तपाईं भने हेर्दै हेर्नुहुन्न। किन? म त्यति नराम्री छु र?"

उनका परेला मङ्गलले पहिलो पल्ट ख्याल गऱ्यो।

मङ्गललाई त्यो प्रश्नको जवाफ दिन मन लागेन। भित्रभित्र एक किसिमको काउकुती लागिरहेको थियो। बाले भनेको सम्झियो– "तँ ३२ को भइस्।" हो, फागुनमा मङ्गलले आफ्नो बत्तीसौँ जन्मदिनको आशीर्वाद बासँग लिएको थियो। तर ३२ पुग्नु नै आफैमा महान् उपलब्धि त होइन नि। जीवनको त एउटा योजना हुन्छ। जसलाई जुन बेला जे रमाइलो लाग्छ त्यही नै कहाँ स्वीकार गर्न सकिन्छ र? मङ्गलले आफैसँग तर्क गऱ्यो।

"फेरि कता हराउनुभयो? म राम्री छैन र?" तृष्णाले दोहोऱ्याइन्।

"हुनुहुन्छ।" जवाफ दिन नचाहँदानचाहँदै उसका ओठबाट यो शब्द फुस्कियो। के कुरालाई उसलाई त्यस्तो भन्न लगायो होला भनेर उसले बुझ्ने चेष्टा त गऱ्यो तर बुझ्न सकेन। तर एउटा कुरा त राम्ररी उसले थाहा पायो– यतिका वर्षसम्म पनि कुनै युवतीको यति नजिक बसेको रहेनछ। उसको सम्झनामा कुनै यस्तो घटना थिएन।

उसका गोडाबाट पसिना आउन थाल्यो। जुत्ताभित्र बूढी औँलो चोर औँलोसँग मडारिइरहेको थियो। त्यतै कतै चिप्लँदै थियो। मङ्गललाई लाग्यो, यस्तै भई नै रह्यो भने ऊ जुत्ताभित्रै चिप्लिएर लड्ने छ। मेरुदण्डबाट तप्प खसेको पसिनाले उसको पूरै शरीर काँप्यो। उसलाई आकाशबाट ताराहरूले पनि गिज्याएको जस्तो लाग्यो। ताराहरू पनि आफ्नै प्रकाशले बढी हल्लिरहेजस्ता देखिन्थे। केटाकेटीमा तारापुञ्जबीच आमालाई खोज्ने बानी परेको थियो। आज पनि उसले आफ्नी आमालाई ताराबीच एकक्षण खोज्यो।

"के भयो? कता पुग्नुभयो?" तृष्णाले उसको हात छाडेकी थिइनन्। हत्केला रन्किएको थियो। उसले कानको लोती पोल्न लागेको अनुभूत गर्दै थियो। नजिकै आएर उसको पिठ्यूँमा टाँसिएर बसिन्। उसलाई आफ्नो सास फुलेजस्तो भयो। ऊ आफैभित्रभित्रै निसास्सिइरह्यो।

"राति पनि शीतल छैन हगि?" उसले तृष्णातिर हेर्दै नहेरी भन्यो।

"हैन, शीतल नै छ नि।" तृष्णाले उसको कुममा हात राख्दै भनिन्।

उसको मनमा कुनै पनि स्पष्ट विचार आउन सकेन। उसलाई त्यो बगैँचाबाट उडेर कुनै अन्जान ठाउँमा जान मन भयो। तर उसलाई के थाहा थियो भने उसको पछिपछि तृष्णा पनि उडेर आउने थिइन्। अन्जान ठाउँमा आए के हुन्छ त? उसले आफैसँग प्रश्न गऱ्यो।

"तृष्णा, बालाई खोकी लागिसक्यो होला। म हिंडें।" मङ्गल तारातिर हेर्दै जुरुक्क उठ्यो। तृष्णातिर हेर्दा पनि नहेरी स्याँस्याँ गर्दै ऊ अस्पतालको ढोकातिर हान्नियो।

●

सुमित्रा न्यौपाने

# सम्बन्ध



एउटा हातले तुना समातेकी थिइन्, अर्को हात पेटिकोटभित्र थियो। शरीरका प्रत्येक अङ्गको भ्रमण गर्दै यहाँसम्म पुगेको थियो हात। कपाल तन्ना फिँजाएको जस्तै फिँजिएको थियो। प्रत्येक केशराशिबाट पानीका थोपा उत्तेजित मुद्रामा स्तन, नाभि हुँदै ओरालो झरिरहेका थिए। मन्दिरा नवयौवनाझैँ पानीसँग जिस्किरहेकी थिइन्।

ढोका घरक्क खुल्यो। बाथरुमको ढोकामा छेस्किनी लागेको रहेनछ। यस्तो कहिल्यै हुँदैनथ्यो। भित्र पस्न खोज्दै थिए मधुकान्त। मन्दिरालाई के गरूँगरूँ भयो। पेट मिच्दै गर्दा मधुकान्तले ढोका खोलेका थिए। मलमलको पेटिकोट पूरै भिजेको थियो। शरीरमा लेपन लगाएजस्तो। नाइटोको कोठी त देखिन्थ्यो, अरू के नै लुक्यो होला? मन्दिराले हात बाहिर निकाल्न खोजिन्। तर सजिलै आएन। पेटिकोट तल सारे माथि देखिने। माथि ताने तल देखिने। मिलाउन खोजिन्। हतपतको काम लतपत भयो। तुनाले हात अल्झायो। जबर्जस्ती गर्दा पेटिकोट उध्रेर घुँडासम्म पुग्यो।

लुकाएका सबै चिज एकै पटक देखिए। उनी ढोकातिरै फर्किरहिन्। मधुकान्त ढोकामा जड भएका थिए। फर्कन चाहेनन् कि मेसो पाएनन्? थाहा भएन। मधुकान्तको हात प्यान्टको फस्नरमै थियो। ढोकाबाटै फस्नर खोलेर भित्र पस्न खोज्दै थिए। परिधिलाई यो रूपमा देखेको भए मधुकान्त पनि पानीसँग जिस्किन बाथरुममा पुगिसकेका हुन्थे सायद। कता जानेजाने भए उनी। के गर्नेगर्ने भए। न पछाडि हट्न सके न त अगाडि बढ्न नै।

"ए हजुर, ढोका बन्द गरिदिनोस् न।" हडबडाइन् मन्दिरा।

उनको बोलीले झसङ्ग भए मधुकान्त। गरुड देखेर सर्प लट्ठिएझैँ मधुकान्त मन्दिरालाई देखेर लट्ठिएका थिए। बल्ल होस खुल्यो।

'ए हो त! सरी-सरी, नुहाउनोस्-नुहाउनोस्' भन्दै ढोका तानेर उनी कोठातिर फर्किए।

मनमा एकतमासको छटपटी भयो। मधुकान्तलाई ठूलो गल्ती भएको महसुस हुँदै थियो। जति सोचे पनि मन अडिन मानेको थिएन। तन बाहिर भएर के गर्नु, मन बाथरुमभित्रै थियो। मन्दिराको नग्न शरीर आँखावरिपरि घुमिरहेको थियो। वर्षौंपछि देखेका थिए महिलाको नग्न शरीर। उमेर ढल्किसक्दा पनि मन्दिराको शरीरको रङ फेरिएको रहेनछ। स्तन लत्रिएका रहेनछन्। हिप र साँप्राको सुन्दरता ओरालो झरेको रहेनछ। हिउँजस्तो गोरो शरीरको कुनै भागमा छाला चाउरिएको रहेनछ। मधुकान्तले जवानी सम्झिए। परिधिलाई सम्झिए र सम्झिए परिधिसँग रासलीलामा बिताएका दिनरातहरू।

गल्ती त मन्दिराकै थियो। ढोका खोल्नुलाई मधुकान्तले गल्ती मानेनन्। 'छेस्किनी त लगाउनुपर्ने नि?' उनको सानो गल्तीले मधुकान्तलाई आज बदमास बनाएको थियो। परिधि गएदेखि उत्ताउलोपनलाई सँभालेर राखेका थिए। त्यही उत्ताउलोपन पोखिन खोज्दै थियो आज।

सिरानी निकालेर भित्तामा ठड्याए। अडेस लागेर एकछिन स्थिर बस्न खोजे। मधुकान्तको मन स्थिर हुन सकेन। झन्पछि झन् मुटु उफ्रिन थाल्यो। पारदर्शी कपडाभित्र मन्दिरा हाँसिरहेको देखे। छटपटी भयो। ढोका खोले। हलबाट बाहिर निस्किए। बाहिर सुनसान थियो। नबू स्कुल गएको थियो। सुकन्या अस्पताल गएकी थिइन्। छोरो सञ्जीव विराटनगर गएको फर्किएको थिएन। मधुकान्त भित्र पसे। फेरि बाहिर निस्किए। छटपटी हुँदा उनी यसै गरी बार्दलीमा निस्कन्थे र वाटर पार्कलाई नियालिरहन्थे।

वाटर पार्क नेपालगन्जको गुल्मपछाडि थियो। धेरै वर्षसम्म स्याहारसुसार नपाएको वाटर पार्कले स्थानीय जनप्रतिनिधि आएपछि अनुहार फेरेको थियो। घुम्ने र गफ गर्नेहरूका लागि वाटर पार्क पछिल्लो समय रोजाइको क्षेत्र बनेको थियो।

वाटर पार्कको पानी स्थिर थियो। मधुकान्तको मन स्थिर हुन सकेन। केही बकुल्ला र हाँसहरू पानीमा तैरिरहेका थिए। हेर्दाहेर्दै भाले हाँसले पोथी हाँसलाई कब्जामा लियो। केही बेर इन्कार गरेकी पोथी हाँस सहमत देखिई। हाँसहरू रासलीलामा तल्लीन हुन थाले। हाँसको रतिक्रीडा उनले हेरिरहन सकेनन्। फनक्क फर्के। भित्र पसे। मन अडिएन। फेरि बाहिर निस्किए। यो क्रम मन्दिरा बाथरुमबाट बाहिर ननिस्कँदासम्म चलिरह्यो।

मन्दिराको छटपटी बाथरुमबाट बाहिरिंदै थियो। 'कसरी मुख देखाउनु? के भने होलान् मधुकान्तले? होस कहाँ गयो होला? ढोका लगाउन किन बिर्सिएँ? उनले पनि आजै ढोका धकेल्नुपर्ने। बाथरुममा पानी बजेको त सुन्नुपर्छ नि! फेरि सुनेको भए त किन खोल्थे र? मै उस्ती। लाजसरम नभएकी। धन्न आज पेटिकोटले बचायो। अरू बेला पूरै कपडा खोलेर नुहाउँथेँ। कपडाबिना नुहाएको भए त बित्यासै पर्ने रहेछ। पेटिकोटले पनि के बचायो भन्ने? अल्झिनु र उध्रिनु आजै हुनुपरेको!"

मन्दिरा धेरै बेर बाथरुममा बस्न सकिनन्। शरीर पानीले मात्र पखालिन्। छेस्किनी चेक गरिन्। घुँडासम्म उध्रिएको पेटिकोट उतारिन्। पुनः शरीर पखालिन्। यस पटक शरीरमा पानी पर्दा काउकुती लागेजस्तो भयो। राजन गएदेखि पानीले काउकुती कहिल्यै लगाएको थिएन। शरीर हेरिन्। शरीरमा काँडा उम्रिएका थिए। यी काँडाहरू पानीका हुन् कि त्रासका वा यौन काउकुतीका, छुट्ट्याउन सकिनन्।

उपयोग नहुने चिजलाई महत्त्व दिनु हुँदैन भन्ने लाग्थ्यो उनलाई। राजन टाढिएपछि शरीरलाई महत्त्व दिएकी थिइनन्। कपाल, अनुहार, स्तन, पाखुरा र पिंडौलामा तेल घस्न छाडेकी थिइन्। मन नबाँधी शरीर बाँधिन्न भन्ने यकिन थियो उनलाई। आफैले ध्यान दिन छाडेको शरीरमा आज मधुकान्तको नजर परेको थियो। शरीर छाम्न र हेर्न

पनि उनलाई लाज लाग्यो। बिस्तारै ढोका खोलिन्। मधुकान्त हलबाहिर थिए। फुत्त निस्किइन्। सरासर आफ्नो कोठामा पुगिन्। दराजअगाडि कुर्सी थियो। थ्याच्च बसिन्। ऐनामा हेरिन् आफूलाई। लाज लाग्यो। भर्खरै नुहाएको शरीर रातोपीरो भयो।

मन्दिरा कोठामा थिइन्। हलको टेलिभिजनमा 'तेरा साथ है तो मुझे क्या कमी है' गीत बजिरहेको थियो। उनलाई कोठाबाहिर निस्कन गाह्रो भयो। खुम्चिएर कति बेलासम्म बस्नु? नबू स्कुलबाट फर्कने समय हुँदै थियो। नास्ता बनाउनु त थियो नै। मधुकान्तको चिया पिउने समय पनि नजिकिँदै थियो। ननिस्की सुखै थिएन। कतै नहेरी किचनमा पसिन्। चिया तताइन्। अम्लेट बनाइन्। हलमा हेरिन्। मधुकान्तका आँखा टिभीतिरै थिए। चिया र अम्लेट लिएर निस्किन्। लजाउँदै मधुकान्तसम्म पुगिन्। उनले चिया र अम्लेट समाए। नजर उठाए। अनायासै आँखा जुधे। उनी मुस्कुराए, मन्दिरा लजाइन्। अङ्गअङ्गमा काउकुती बढ्दै गएको महसुस हुँदै गयो उमेरअनुसारको यौनिक तरङ्ग फैलिएझैँ। उनलाई विगतको याद आयो। राजनलाई पहिलो पटक चिया दिँदा यस्तै भएको थियो जुन दिन बिहेको कुरा लिएर आएका थिए उनी। अनुहार देखाउने बहानामा चिया लिएर निस्किएकी थिइन् मन्दिरा। यस्तो लाग्दै थियो, आज मधुकान्त राजनको रूप लिएर चिया पिउन आएका हुन्।

सुकन्या जन्मेपछि बन्ध्याकरण गरेका थिए मन्दिरा र राजनले। बर्दियाको जयनगरमा घर थियो राजनको। हंसपुरको अंशुवर्मा स्कुलका हेड सर थिए उनी। गाउँले बजार थियो जयनगर। गाउँमा सबैका प्रिय थिए। उदाहरणीय थिए। सक्षम हुनुपर्छ, छोरा वा छोरी जे भए पनि हुन्छ भन्थे सबैलाई। गाउँमा बैठक बस्नुपरे राजन सर। छोराछोरी पढाउनुपरे, बिहे गर्नुपरे, झैझगडा परे, विकासको योजना बनाउनुपरे सबै ठाउँमा उनी अगाडि हुन्थे। आफूले सकेको सहयोग सबैलाई गर्थे। राजन सर ओल्लोपल्लो गाउँमा समेत प्रिय थिए। मन्दिरा सबैकी मेडम थिइन्। मेडम भनेपछि सबैले उनैलाई चिन्थे। उनको नामै भन्नुपर्दैनथ्यो। गाउँलेको सम्मान र श्रीमान्को मायामा एक छोरीमा खुसी र सुखी थिइन् मन्दिरा।

छोरी सुकन्या बाबुले पढाउने स्कुलमै पढ्थिन्। पढाइ राम्रो थियो। एसएलसी पास गरिन्। स्वास्थ्य क्षेत्र उनको रोजाइको क्षेत्र थियो। मध्यम परिवार थियो राजनको। डाक्टर बन्न लाग्ने खर्च जुटाउन अप्ठेरो पर्ला भन्ने सोचेर नर्सिङ कलेज, कोहलपुरमा स्टाफ नर्स पढिन्। एक वर्ष जागिर गरेपछि नेपालगन्ज नर्सिङ कलेजबाट बीएन पास गरिन्। पढ्न अब्बल थिइन्। साहित्य र पत्रकारितामा पनि रुचि थियो उनको। यो क्षेत्रमा पनि परिचय बनाइन् उनले।

भेरी अञ्चल अस्पतालमा डाक्टर थिए सञ्जीव। मधुकान्तका एक्ला छोरा थिए उनी। परिधि र मधुकान्तले छोरालाई डाक्टर बनाए। परिधि पाठेघरकी बिरामी थिइन्। त्यसैले पनि सञ्जीव गाइनोको डाक्टर बनोस् भन्ने चाहन्थिन् उनी।

सुकन्या र सञ्जीव दुवैको एउटै क्षेत्र भएकाले घनिष्ठता बढ्दै गयो। पारिवारिक सहमतिमा विवाह गरे उनीहरूले। वधू बनेर जयनगर हुँदै नेपालगन्जको धम्बोझी आइपुगिन् सुकन्या। गुल्मीबाट जागिरको सिलसिलामा नेपालगन्ज आइपुगेका मधुकान्तले धम्बोझीको वाटर पार्कको छेउमा सुविधासम्पन्न घर बनाएका थिए।

समय आफ्नै गतिमा हिंडिरहन्छ। हिंडिरह्यो। छोरीको बिहेपछि राजनको पारिवारिक जिम्मेवारी केही कम भयो। राजन सरले छिट्टै अवकाश लिए जीवनबाट पनि। मानपुर, सुनपुर, हंसपुर, जयनगर र वरिपरिका पूरै गाउँ स्तब्ध बने। मन्दिरा एक्ली भइन्। ५० को दशक नपुग्दै विधवा बन्नुपर्‍यो उनलाई।

मन्दिरा छोरीको घरमा आउनेजाने गरिरहन्थिन्। परिधि उनलाई निकै सम्मान गर्थिन्। सुकन्या अत्यन्तै सुशील थिइन्। परिधि मन्दिरालाई 'लच्छिनकी छोरी जन्माउने आमा' भन्ने गर्थिन्। "सम्धिनीज्यू, एक्लै किन बस्नुहुन्छ जयनगरमा? एक्ली छोरी हामीले ल्याइहाल्यौं। अब यतै बसौं। सँगै बसौं।" धेरै पटक भनिसकेका थिए मधुकान्त र परिधिले। मन्दिरा हाँसेर टारिदिन्थिन्।

हातखुट्टा चलेसम्म छोरीकोमा जाने सोच थिएन मन्दिराको। अचानक परिधिको मृत्युको खबर आयो। उमेर छँदै विधुर बने मधुकान्त। सुखमा खुसी बाँड्ने र दुःखमा रोइलाग्ने नै आफन्त हुन्। मन्दिराले दुहुनो गाई छिमेकीको जिम्मा लगाइन्। घरमा ताला ठोकेर नेपालगन्ज पुगिन्। नाति नबूको स्याहार पनि गर्नुपर्‍यो। छोरीज्वाइँ दुवै किरिया बसे। किरिया कर्म गर्ने समयका लागि आएकी थिइन्। तुरुन्तै फर्कन सकिनन्।

सञ्जीव र सुकन्या अस्पताल जान्थे। बच्चा कसको भरमा छाड्ने? मधुकान्त जति बेला पनि शोकमा हुन्थे। उनलाई पनि सहाराको खाँचो थियो अब। दिन बिताउने साथी चाहिएको थियो। श्रीमान्को अनुपस्थिति र एक्लोपन तीन वर्षदेखि झेल्दै आएकी थिइन् मन्दिराले। उनलाई फसाद पर्‍यो। मधुकान्तलाई 'नाति हेरेर बस्नोस्' भन्न पनि सकिनन्। नातिलाई जाउलो र खाजा कसले खुवाउने? दिउसो मधुकान्तका लागि चियाखाजा कसले बनाउने? उनी अलमलमा परिन्। छोरी र ज्वाइँको इच्छा पनि मन्दिरा अब सधैंका लागि यतै बसून् भन्ने थियो।

"घरव्यवहार त्यत्तिकै छाडेकी छु। अब त म घर फर्किनुपर्छ।" एक महिनापछि छोरीज्वाइँलाई भनिन् मन्दिराले।

"तर कसरी फर्कनुहुन्छ? बाबू र बुबाको बेहाल हुन्छ।" सुकन्याले रुन्चे मुख लगाइन्।

"जान त पर्छ त छोरी! सधैं यहाँ बसेर कहाँ हुन्छ र?"

"अब किन जाने गाउँमा? फकर्ने कुरा नगर्नोस् न आमा! पहिले पनि भनेको हो, मान्नुभएन। अब नबूका लागि पनि बस्नुपर्छ।"

'नबूको रेखदेख गर्ने कोही भेटिन्छ कि? खोजौंला नि' भनेर उम्कन खोजिन् मन्दिरा। उनले यति भनिसक्दा छोरीका आँखामा आँसु देखियो।

पहिलेपहिले बाँके, बर्दियामा प्रशस्तै कमलरी पाइन्थे। थारू समुदायका छोरीहरू कमलरी बस्न देशका विभिन्न ठाउँमा पुग्ने गर्थे। स्कुल पढाइदिने निहुँ बनाएर लैजान्थे कसैले। सापटी पैसा दिएपछि ब्याज नलिने सर्तमा पनि पठाउँथे गरिब थारूहरूले आफ्ना छोरीहरू। जग्गा बटैया गरेपछि काम गर्न सक्ने छोरीहरूलाई मालिकको घरमा पठाउने चलन पनि थियो। कमलरी प्रथा थारू समुदायका छोरीमाथि हुने ठूलो अन्याय थियो। पछि सरकारले कमलरीमुक्त जिल्ला घोषणा गर्‍यो। त्यसपछि अर्काको घरमा बस्ने मान्छे पाइन छाडेका थिए बर्दियामा।

पहिलेदेखि नै परिधि बिरामी भइरहन्थिन्। घरको काम गर्न गाह्रो हुन्थ्यो उनलाई। परिधिलाई सघाउने मान्छे चाहिएको थियो। कमलरी भेटिन्छ कि भनेर धेरै पटक खोजेकी थिइन् सुकन्याले, तर पाइएका थिएनन्। अब त झन् कहाँ पाउनु र? बच्चा हेर्ने विकल्प उनी मात्रै थिइन्। सुकन्याको आँसुको भेलले मन्दिराको बाटो छेक्यो। धम्बोझीबाट निस्कन दिएन।

"हजुरलाई पठाउन मनै छैन। नाति एक्लो हुन्छ। बुहारीलाई बच्चा हेर्ने फुर्सद नै हुँदैन। हजुर गाउँ जाने कुरा नगर्नोस्।" मधुकान्त बोल्दाबोल्दै रोकिए। उनका आँखा आँसुले भरिए। परिधिको याद आयो होला सायद।

मन्दिराले चुपचाप हेरिरहिन्। एकैछिनपछि फेरि बोले उनी– "बाबू हाम्रो मात्रै होइन। हजुरको पनि हो। यो घरलाई लथालिङ्ग हुनबाट बचाउनोस्। हामीलाई हजुरको आश्यकता छ। गाउँको बन्दोबस्त कुनै उपायले मिलाउँला। मेरो लागि पनि हजुर यतै बस्नुपर्छ।" मधुकान्तको यो आग्रहपछि गाउँ त्यागेकी थिइन् मन्दिराले।

छोरीको घरमा बसेको पनि पाँच वर्ष बितिसकेको थियो। दिउसो सञ्जीव र सुकन्या अफिस जान्थे। बाबू स्कुल। बच्चाको रेखदेख, खानपिनको चिन्ता थिएन। मन्दिराको बसाइले मधुकान्तलाई निकै सहज हुँदै गएको थियो। परिधिको अनुपस्थितिमा पनि खानपिनको रुटिन बदलिएन। चियाखाजा समयमा आउँथ्यो।

मधुकान्त उठेपछि मन्दिराले तातो पानी कोठामा पुर्‍याउँथिन्। सुकन्यालाई खासै फुर्सद हुँदैनथ्यो। कहिले ड्युटी राति पनि पर्थ्यो। त्यसैले मधुकान्त र बच्चाको ख्याल मन्दिराले गर्थिन्। चिसो, तातो र औषधीको रुटिनमा मन्दिराले कहिल्यै तलमाथि पारिनन्। परिधिको अनुपस्थिति महसुस नगरून् भन्ने उनको मनमा थियो। उनी यसतर्फ ध्यान दिइरहन्थिन्।

मनमा डर थियो। छोरीको घरमा बसेकाहरूले दुःख पाएको पनि देखेकी थिइन्। 'हातगोडा चल्ने बेलासम्म गाउँमै बस्छु' भनेर अड्डी कसेकी मन्दिराको छोरी, ज्वाइँ र सम्धीको जिद्दीको अगाडि केही चलेन। सुकन्या मात्रै एक सहारा थिइन् मन्दिराको। ढिलोछिटो उनको घरमा जानैपर्ने थियो। अहिले सुकन्याको परिवार अप्ठ्यारोमा थियो। उनीहरूलाई सहयोगको खाँचो थियो। अप्ठ्यारोमा सघाउन सके पो पछि आफूलाई पर्दा

सहयोग पाइएला भन्ने पनि लाग्यो। रहरलाई बाध्यताले जित्यो। जयनगर पराई बन्यो, धम्बोझी सहाराको केन्द्रविन्दु।

मधुकान्त प्रेसरका रोगी थिए। दिनहुँ औषधी खान्थे। बिहान हिंड्दा शरीरका लागि राम्रो हुन्छ भनेर पटकपटक सञ्जीवले भनिरहन्थे। मन्दिरालाई पनि मर्निङ वाक जान आग्रह गरेपछि विगत तीन वर्षदेखि मधुकान्तसँगै मन्दिरा मर्निङ वाक जान थालेकी थिइन्। पहिलेपहिले एक्लै धम्बोजी चोकसम्म पुग्न अल्छी लाग्थ्यो मधुकान्तलाई। मन्दिरा साथमा भएपछि कहिले महेन्द्र क्याम्पस पुग्थे, कहिले एसके पेट्रोल पम्प पुग्थे, कहिले खजुरा रोडको डेन्टल अस्पतालको फन्को लगाउँथे। विशाल चोक हुँदै तेजनगर पुग्थे। वागेश्वरी मन्दिर उनीहरूको रोजाइको ठाउँ थियो। मन्दिरअगाडि धेरै पटक दुवैले हात जोडेर प्रार्थना गरेको देख्नेहरू मन्दिरका पुजारीबाहेक अन्य पनि थिए।

सञ्जीव र सुकन्याबाहेक बाटामा देख्ने धेरैले श्रीमान्श्रीमती नै सम्झन्थे मधुकान्त र मन्दिरालाई। कतिले मिलेको जोडी भन्थे। कतिले बुढेसकालको प्रेम भन्थे। सुकिला सडकहरूमा हिंड्ने उनीहरू गाउँका गोरेटाहरूमा पनि हिंड्न थालेका थिए। एकआपसमा कुरा गर्दै हिंड्दा थकाइ लागेको पनि पत्तै पाउँदैनथे। बिहानको हिंडाइले मधुकान्त दिनभरि फ्रेस हुन्थे। कहिलेकाहीं सुकन्याको ड्युटी राति पर्थ्यो। मन्दिरा बिहान हिंड्न पाउँदैनथिन्। त्यो दिन मधुकान्त पनि हिंड्दैनथे। बरु साँझको बेला मन्दिरासँगै हिंड्थे।

सुकन्याको बिदाको दिन फुर्सद पाउँथिन् मन्दिराले। बेलुकीपख मधुकान्तसँग घुमफिर गर्न निस्कन्थिन्। प्रायजसो साँझको समयमा उनीहरू वाटर पार्कमा गएर बस्थे। रमणीय स्थान भएकाले अन्य ठाउँबाट पनि मानिसहरू आउँथे। बोटिङ गर्न, आराम गर्न, डेटिङका लागि उपयुक्त स्थान थियो वाटर पार्क। पानी, फलफूल र चक्कू साथमा बोकेर जान्थिन् मन्दिरा। वाटर पार्कको छेउमा रहेको बेन्चमा बस्थे र अबेरसम्म गफ गर्थे। फलफूल खान्थे। हँसीमजाक गर्थे। पुराना दुःखसुख बाँड्थे। आफूहरूले भोगेको अतीत र बदलिंदो परिस्थितिको तुलना गर्थे। उनीहरूलाई देखेर कतिले त मुखै फोरेर भन्थे– 'जोडी त यस्तो पो हुनुपर्छ।' 'यस्तै रहन पाए हुन्थ्यो नि बुढेसकालसम्म' भन्थे कोही। यो सुनेर मुसुक्क हाँस्थे मधुकान्त। मुस्कुराउँथिन् मन्दिरा पनि।

बिस्तारै नाति नबू ठूलो हुँदै गयो। मन्दिराको काम पनि हलुका हुँदै गयो। बिहानको खाना घरमा भएसम्म सुकन्या नै बनाउँथिन्। घरको सरसफाइ मन्दिराले गर्थिन्। घरबाहिर बरन्डामा पानी हाल्न सघाउँथे मधुकान्तले। बगैंचामा फूल लगाउँदा होस् या गमलामा पानी हाल्दा सँगै हुन्थे मधुकान्त।

राम्रा साथी बनेका थिए उनीहरू। घनिष्ठता बढ्दै गएको थियो। फूल गोड्दै गरेकी मन्दिरालाई बिस्तारै पानी छ्यापिदिन्थे र मुस्कुराउँथे। 'हजुर पनि, पूरै भिजें नि' भन्दै मुस्कुराउँथिन्। आमाबाबाको खुसीमा रमाउँथे सञ्जीव र सुकन्या पनि।

दिउसो खाजा सल्लाहमा पाक्थ्यो। मधुकान्त मन्दिरासँगै किचनमा पस्थे। मिलीजुली पकाउँथे। अल्छी थिएनन् मधुकान्त पनि। मन्दिरा सकेसम्म मधुकान्तको मन पर्ने खाजा

बनाउन खोज्थिन्। यो कुरा सहजै बुझ्थे र खुसी हुन्थे। किचनमा खाना पकाउँदै गरेकी मन्दिरालाई जिस्काउँदै बस्थे डाइनिङमा। कहिले जोडजोडले हाँस्थे। बाहिर हिंड्नेहरू मधुकान्तको हाँसो सुनेर अलमलिन्थे। कहिलेकाहीं सुकन्या पनि अलमलमा पर्थिन्।

सम्धीसम्धिनीले एकआपसमा नछुने परम्परा थियो। कपालमा घुम्टो हाल्ने संस्कारमा हुर्किएकी थिइन् मन्दिरा। परिधिको मृत्यु भएको दुई वर्षसम्म यो संस्कारले मान्यता पायो। पछि निरन्तरता पाउन सकेन। यो उमेरमा पनि यतिबिघ्न पुरातनता मन परेन मधुकान्तलाई। एक दिन मन्दिराको टाउकाको सल आफै हटाइदिए। "आजदेखि कपाल छोप्न छाडिदिनोस्।" सिधै आदेश दिए मधुकान्तले। सुरुमा अप्ठ्यारो लागे पनि पछिपछि बानी पर्दै गइन् मन्दिरा। टाउकाको घुम्टोसँगै हरेक सङ्कोचहरू टाढाटाढा भाग्दै गए।

मन्दिराले पूजाआजा गर्दा मधुकान्त सँगसँगै हुन्थे। छेउमा फूल समातेर प्रार्थना गर्थे। पूजाको आरती लिएपछि टीका लगाउँथिन् मन्दिरा। मन्दिराको टाउकामा फूल राखिदिएर ठट्टा गर्थे– "सौभाग्यवती भव।" दुवै जना हलमा बसेर टिभीमा समाचार हेर्थे। कुनै कुरा मन्दिरा बुझ्दैनथिन्, मधुकान्तले बुझाइदिन्थे। अब त एउटाको अभाव अर्कोले महसुस गर्न थालिसकेका थिए। वर्षौंवर्षको सम्बन्धजस्तो लाग्दै थियो दुवैलाई।

राजनले छाडेपछि एक्ली भएकी थिइन् मन्दिरा। कैयौं दिन त रोएरै बिताइन्। बिहे गरेकी छोरी त्यो पनि जागिरे। सधैं माइतीमा बस्न सम्भव थिएन। कहिलेकाहीं त एक्लो घर बन्दीगृहजस्तो लाग्थ्यो। राजनबिनाको बाँकी जीवन यत्ति रमाइलो र सुखद होला भन्ने सोचेकी पनि थिइनन्। बाल्यकालका साथीभन्दा बुढेसकालका साथी महत्त्वपूर्ण हुने रहेछन्। मन्दिराले यो पनि बुझ्दै गएकी थिइन्।

मधुकान्तले बढी जिस्काएको दिन राति सपनामा राजनलाई देख्थिन्। उनैसँग डुल्थिन्। तस्बिर खिचाउँथिन्। गाला मुसार्थिन् र अँगालोमा बेरिरहन्थिन्। ब्युँझँदा पानीपानी भएकी हुन्थिन्। पछिल्लो समय अलि बढी नै देख्न थालेकी थिइन् यस्ता सपनाहरू। यी सपनाहरू बिपना भइदिए हुन्थ्यो जस्तो पनि लाग्थ्यो, तर सम्भव थिएन। सपनामा राजनले जिस्काउँथे भने बिपनामा मधुकान्तले। राजनलाई छुँदा मात्रै पनि पानीपानी हुने मन्दिरा मधुकान्तले जिस्काउँदा रातोपीरो हुन्थिन्। शरीरमा काँडा उम्रन्थे।

एक पटक मन्दिरा बिरामी परिन्। मधुकान्तले हेरविचार गरे। सञ्जीव र सुकन्या तालिमका लागि काठमाडौं गएका थिए। एक्कासि ज्वरोले च्याप्यो मन्दिरालाई। सञ्जीवको सल्लाहमा औषधी दिए मधुकान्तले। रातभरि पानीपट्टी गरिरहे। सिरानीमा बसेका मधुकान्त कति बेला निदाए, थाहै पाएनन्। जब ब्युँझे तब उनको शरीर मन्दिराको बिस्तरामा थियो। टाउको जोडेर निदाएका मधुकान्तको हात मन्दिराको हातमाथि थियो।

औषधीले काम गरेपछि मन्दिराका आँखा खुले। हातमा पट्टी समातेका मधुकान्त आफूसँगै निदाएका थिए। मन्दिरालाई दया जाग्यो। 'बिचरा पानीपट्टी गर्दागर्दै निदाउनुभएछ, किन निद्रा बिथोलिदिनु' भनेर चुपचाप पल्टिरहिन्। मन्दिरा चलमलाएपछि जर्फराउँदै उठे।

"हत्तेरी, कस्तो निदाएछु ? थाहै भएन। कस्तो छ हजुरलाई अहिले ?" निधार छाम्दै सोधे।

"आराम छ अहिले त। बरु हजुर आराम गर्नोस्। रातभरि सुत्न पाउनुभएन।"

'ठीकै छ मलाई, बरु हजुर आराम गर्नोस्' भन्दै मधुकान्त कोठाबाट निस्के।

परपुरुषसँग रातभरि एउटै बिस्तरामा पल्टिएर पनि चोखी थिइन् मन्दिरा।

राजनप्रतिको आसक्ति शरीरका कर्णकर्णमा थियो। तस्बिर हेरेर मुस्कुराउँदै भन्थिन्– "मैले छाडेर गएपछि कत्ति नरुनू है भन्नुहुन्थ्यो। म कत्ति पनि रोएकी छैन। राम्रो साथी पाएकी छु। सुखदुःखमा सँगै छौं हामी। उमेर चढ्दै गरेका छोराछोरीले के बुझ्थे र हाम्रो मनको कुरा ? आफ्नै उमेरको चाहिने रहेछ सबै कुरा बाँड्न। हजुरले छाडेर गए पनि मसँग सम्धीज्यू हुनुहुन्छ। मेरो चिन्तै मान्नुपर्दैन।" बर्बराउँथिन् मन्दिरा कहिलेकाहीं।

आज सम्धीसँग हलमा बस्ने आँट आएन। केके सम्झिन्, सम्झिन्। सोच्दै नसोचेको भएको थियो। सोच्नै नहुने सोचेर पाप गरिरहेकी छु कि जस्तो पनि लाग्यो। मधुकान्त अगाडि उभिएका थिए। मन्दिरालाई खपिनसक्नु भयो। मधुकान्तको अनुहारमा राजनको प्रतिरूप देखिन्। उनका आँखामा प्रेमको वर्षा देखियो। उनी आत्तिएर हलबाट बार्दलीतिर लागिन्।

बार्दलीको एउटा कुनामा परेवाका प्रेमिल जोडी माया साटिरहेका थिए।

●

विक्रमवरुण पण्डित छेत्री विक

# ५० रुपियाँको रिचार्ज



"हँ बूढो ! अर्पणाको हनिमुन सम्झ न।" अनायासै खितिती हाँसैं। "अर्पणाले हनिमुन मनाएको पटक्कै मन परेको छैन मलाई त। छिः ! जन्म, मृत्यु र हनिमुन जीवनमा एक पटक मात्रै आउँछ भन्ने ग्वाँचालाई के थाहा ? आफू त जन्मँदा पनि मस्त जन्मियो। हनिमुन पनि मस्त मनाइँदै छ। मर्दा पनि मस्त मर्ने हो।"

मेरो कुरा सुनेर बिजुले हाँसो थाम्न सकेन। खित्का छाडेर हाँस्यो वरपरका सबैको ध्यान हामीतिरै तान्ने गरी।

"मलाई त लाग्यो– पल्लो कोठामा सासूससुरा, ओल्लो कोठामा नन्द र बैठक कोठामा २६ वर्षीय देवर सुत्ने कोठाहरूको बीचको कोठामा अर्पणाका श्रीमान्श्रीमती

सुतेका थिए होलान्– विवाहको पहिलो दिन। सम्झ त मेरो बो... बो... बूढो हाम्रो पहिलो दिन।" निकै छिल्लिएर बिजुलाई रोमान्टिक बनाउने गरी मैले भनेँ।

"राति १२ बजेतिर सासैसासमा बोली होला अर्पणा। अनि...।"

"खुसी हुन पनि जान्नुपर्छ यार! खुसी कला हो, अभिनय हो। कला र अभिनयबिनाको जीवन डढेको डाँडोजस्तो हुन्छ।"

"आफ्नो व्यक्तिगत खुसीका लागि पनि केको लाज? खुसी आफै हुने हो। आफैले खुसीको सवारी चलाउने हो।" फेवा तालको किनारमा बिजुको कानको लोती चलाउँदै मैले भनेँ।

जोडीले किनार भरिएको थियो। केही विदेशीहरू आलिङ्गनमा निमग्न थिए। डुब्दै गरेको साँझको घामको डल्लो आगोजस्तो देखिँदै थियो। फेवा किनारका जोडीहरू तात्दै पनि थिए। अझ बढी तातेकी थिएँ म।

झन्झन् उत्तेजित र रोमाञ्चित बन्दै थिएँ। विवाहका आज ४३ दिन बित्दै छन्। सिङ्गापुरको एक हप्ते बसाइ। राजस्थान, भारतको १० दिने घुमफिर। दार्जिलिङ, इलामतिर वेग मागेर हामी बन्दीपुर हुँदै पोखरा पुगेका थियौँ।

एकाएक म बिजुको काखमा सुतेँ। छिप्पिँदो साँझमा मैले कड्याक्क टोकेँ। टोकाइ जोडको परेछ क्यारे।

"ऐय्या, के गरेको? रात पर्दैन जस्तो नगर न हैट्!" बिजुले जिस्किँदै भन्यो।

"रात पर्छ प्यारे! बिस्तरामा तिमी र म हुन्छौँ, तर फेवा त हुँदैन।" मैले भनेँ।

टिरिङ... टिरिङ... मेरो मोबाइलमा घण्टी बज्यो। दुई घण्टीमै मैले मोबाइल उठाएँ। बिजुको तल्लो ओठलाई दाहिने हातले चलाउँदै देब्रे हातले मोबाइल समाएर म बोल्न थालेँ– "भन्नोस्।"

"के भन्ने हौ?"

"चिनिनँ, अहँ। नाम भन्नोस् न।"

"ह्या, नाटक नगर न। कता हो? के छ?"

"सबै छ। म पोखरामा। तपाईं को हो भन्नोस्। काम के छ?"

"नजिस्कन यार!"

"ल्याङ नगर्नोस् है। सिधासिधा बोल्नोस्। मैले चिनिनँ।" दाहिने हात बिजुको ओठबाट तल झार्दै मैले भनेँ।

बिजुले तालमा खुट्टा हल्लाउँदै कुरा सुनिरह्यो।

"आमामा... कस्तो थर्काको? धेरै नथर्काऊ न यार!" बिजुले भन्यो।

"म झापाबाट के। आजकाल कता छौ विन्दु?"

'माफ गर्नुहोला, मैले चिनिनँ' भन्दै फोन काटिदिएँ।

"ल, अब होटलतिर जाऔँ।" बिजु मेरो हात समातेर मलाई उठाउँदै थियो। फेरि फोन आयो त्यही नम्बरबाट। दुवै उभियौँ।

मैले मोबाइल उठाएँ।

“तपाईं नाम भन्नुहुन्छ भने म कुरा गर्छु, नत्र जिस्किन समय छैन।”

“ए, अब जिस्किने समय हुन छाड्यो?”

यो जवाफले म झस्किएँ। विमलको आवाजस्तो लाग्यो।

विमललाई म चिन्दिनँ, तर...।

मैले फोन काटेँ।

हामी होटलतिर जाँदै थियौँ। बाटामा बिजुली बत्तीको उज्यालोमा दुवैको सेल्फी लिएँ। बिजुको आइफोनबाट फोटो निकै राम्रो आउँछ। फोटा खिच्दै फेसबुकमा पोस्ट गर्न सजिलो हुने भएकाले बिजुको मोबाइलमा मेरो फेसबुक अन थियो।

“यो फोटो होटलमा गएर फेसबुकमा पोस्ट गर, हुन्न?” बिजुले प्रस्ताव राख्यो।

“हुन्छ।” मैले भनेँ।

अपरिचित लाग्ने, तर मेरो बारेमा सबै थाहा पाएको त्यो मान्छेको फोन आएदेखि मलाई पिसाबले खुब च्यापेको थियो। मन यसैयसै हल्लिएको थियो।

होटलमा पुग्नासाथ म ट्वाइलेट गएँ। ट्वाइलेटको चुकुल लगाएकी मात्रै थिएँ, मोबाइलमा मेसेन्जरको घण्टी तारन्तार बज्यो।

मोबाइल बिजुसँगै थियो।

म पिसाब नफेरी बाहिर आऊँ, झन् शङ्का बढ्ने। बाहिर नआऊँ, मन थिरमा छैन। अघि च्यापेको पिसाब कता हरायो, हरायो। कपडा नखोली ट्वाइलेटबाट बाहिर निस्किएँ।

मेसेज विमलको रहेछ। अघि फोन पनि उसकै आएको रहेछ।

“तिमीलाई अब मेरो रिचार्ज चाहिँदैन? मैले भन्दा डबल रिचार्ज तिमीले दिएको भुल्यौ? लुकीचोरी गरेको रिचार्जको मजा दामी हुन्छ भन्थ्यो त! यति चाँडै सबै कुरा भुल्ने? तिमी कता छ्यौ? काठमाडौँ आएको छु। रिचार्ज लिन र दिन मन छ। कसम, रिचार्ज दिन नपाएर कति तनाव भएको छ। अझ तिमीले दिएको रिचार्ज सम्झिएर त म आगो बन्छु।”

विमलले लेखेका यी दुई अर्थी शब्दले बिजु हैरानीमा पुगिसकेको रहेछ।

अझै पनि राम्रोसँग सम्झना भइरहेको छैन। नाम विमल याद आएजस्तो लाग्छ, तर कहाँ कसरी कहिले भेटेकी थिएँ; मलाई पटक्कै हेक्का छैन। सम्झने निकै प्रयास गरेँ, मन थिरमा भए पो सम्झनु? उसका दुई अर्थ लाग्नेक वाक्यले बिजुको मनमा शङ्का उब्जाएको मैले अनुमान लगाइसकेकी थिएँ। अँध्यारो बन्दै गएको अनुहारले बिजु तनावमा परिसकेको अनुमान लगाउन गाह्रो थिएन।

“हामी काठमाडौँ जाऔँ।” एक्कासि बिजुले प्रस्ताव राख्यो– “तिमीलाई इलामदेखि विमलजी भेट्न आउनुभएको रहेछ।”

“बिजु, के कुरा गर्छौ तिमी? चिन्दै नचिनेको मान्छेको मेसेजको भरमा तिमी शङ्का गर्दै छौ।” म रिसाएँ।

मोबाइल बिजुकै हातमा थियो। उसबाट मैले मोबाइल लिन पनि सकिरहेकी थिइनँ। लिन पनि नैतिकताले दिँदैनथ्यो।

बिजुले मेसेज बक्स स्क्रोल गऱ्यो।

मलाई ती दिनहरू अब याद आए।

पुसको महिना थियो। चिसो जाडो। रातको १० बजेको थियो। म कपडा घमलङ्ग ओढेर सुतेकी थिएँ मोबाइल चलाउँदै। एकाएक मेसेज आयो। लेखिएको थियो– "माया र सम्बन्धमा उपहारको हुँदैन हुँदैन नि है? यो ५० रुपियाँको उपहार मूल्यमा नतोक्नू ल। शुभरात्रि।"

चिन्दै नचिनेको मानिसबाट आएको यो मेसेजले जति म रिसाएकी थिएँ, त्यसमा लेखेका शब्दले त्यति नै मलाई आनन्द पनि दिएका थिए। मैले प्रतिक्रियामा एक सय रुपियाँको रिचार्ज पठाउँदै 'धन्यवाद' लेखेँ।

अर्को दिन त्यही समयमा फेरि त्यही नम्बरबाट मेसेज आयो– "माया गर्न चिन्नुपर्दैन नि हगि? आकाशभन्दा पनि टाढाको मान्छे कसरीकसरी मनमै आएर बसेको छ। उसैलाई सानो उपहार।" यस्तो लेखेर ५० रुपियाँको रिचार्ज आयो।

"तपाईं झुक्किनुभएजस्तो लाग्यो। गलत मान्छेलाई मेसेज पठाउँदै हुनुहुन्छ कि?" जवाफ लेखेँ।

"म किन झुक्किन्थेँ? चिनेरै प्रेमले पठाएको। उपहार सम्झिएर चलाउनोस्।"

मैले पनि हिजोजस्तै ५० को सट्टामा एक सय पठाइदिएँ। "मेरो तर्फबाट तपाईंलाई।" मैले यत्ति लेखेकी थिएँ।

तेस्रो दिन पनि त्यही समयमा मेसेज आयो– "चिसो छ। सुनसान छ। जीवनजस्तै छ बाहिरको वातावरण। तपाईंले हिजो पठाएको प्रेमिल उपहारले मेरो मलाई चरोजस्तो बनाइदिएको छ।" यी शब्दसँग आज पनि ५० रुपियाँको रिचार्ज।

आज पनि मैले हौसिएर फेरि १०० को रिचार्ज पठाएँ।

"यसरी सित्तैँमा पाएको चिज प्रयोग गर्दा कस्तो मजा आउने!" उसले लेख्यो।

"मस्त चलाउनोस् महोदय सित्तैंको रिचार्ज।" मैले जवाफ फर्काएँ।"

चौथो दिन पनि उसै गरी ५० रुपियाँको रिचार्ज पठायो।

यस पटक भने मैले कुनै जवाफ फर्काइनँ।

यी सबै कुरा मैले बिजुलाई एकएक अर्थ लगाएर बुझाउँदै पढेँ। दुई वर्षअघि विमलसँग मेरो बिना अर्थको च्याट भएको रहेछ। अर्थहीन कुराले त हो जीवनमा दुःख दिने।

च्याट हेर्दाहेर्दै उसकै फोन आयो रातको १० बजे।

"पहिलेपहिले त ११ बजेसम्म बोल्थ्यौँ। कति मजा हुन्थ्यो। रात रङ्गीन बनाउँथ्यौँ।" ऊ एकोहोरो बोलिरह्यो।

ह्यान्ड्स फ्रीमा थियो मोबाइल। मैले बोल्ने कुनै शब्द पाएकी थिइनँ। उसको कुरा तर्क गर्ने कुनै औकातको थिएन। मैले चुपचाप सुनिरहेँ। बिजुले पनि।

"तिमीले विवाह गऱ्यौ कि? तिमीलाई ५० रुपियाँको रिचार्ज पठाउँदा कम्ता मजा हुन्थ्यो यार! ५० रुपियाँले सबै थोक पाएको थिएँ।" गलल्ल हाँस्यो ऊ। निरन्तर बोलिरह्यो– "तिम्रो फिगर, तिम्रा आँखा, तिम्रा ओठ। वाह...!" ऊ बर्बराउन थालयो।

मैले 'चुप्' भनेर फोन काटेँ।

"यो मान्छेलाई म चिन्दिनँ बिजु। यो खराब मान्छे रहेछ। यसलाई प्रहरी लगाएर कारबाई गराउनुपर्छ।" काँपेको मनले मसिनो स्वरमा मैले बिजुलाई भनेँ। गल्ती हुँदाको डरभन्दा पनि गल्तीबिनाको आरोपको डर बढी हुँदो रहेछ।

बिजुले कुनै जवाफ दिएन।

"बोल न बिजु! तिमी मलाई शङ्का गर्दै छौ हो?" म चिच्याएँ, रोएँ।

रिस र माया दुवै उर्लियो। उसका कपडा च्यातचुत पारिदिएँ। म पनि निर्वाङ्ग भएँ। झ्याप्प सिरक ओढेर च्यापेँ उसलाई। कुनै प्रतिक्रिया दिएन। रुँदैरुँदै कति बेला निदाएँ, थाहा भएन। बिहान उठ्दा बिजु एक्लै मर्निङ वाक गएछ।

विवाहको डेढ महिनामा आज ऊ एक्लै मर्निङ वाक गएको हो। निकै रिस उठ्यो। यति सानो कुरामा यत्रो बबन्डर? म पनि छाडिदिन्छु साला! मनमा अनेक तरङ्ग आए। मिन्स रोकिएको थियो। हामीले कुनै साधन पनि प्रयोग गरेका थिएनौँ। फेरि सम्झिएँ– बिचरालाई शङ्का लाग्यो होला। 'म सम्फाउँछु।' मनमनै सोचेँ।

१० बजेतिर बिजु होटलमा आयो। १२ बजेको प्लेनको टिकट लिएर आएछ। हतारहतार खाना खाएर एयरपोर्ट जानुपर्ने भयो। होटलमा विवाद गर्न मन लागेन।

"बिजु, हामी त घले गाउँ जानु थियो। अनि रारा पनि जानु थियो। तिमी त एकाएक काठमाडौँ हिंड्यौ?"

"सबै तिमीले भनेको हुन्छ हो? मैले तिमी जेजे भन्छ्यौ त्यहीत्यही मान्नुपर्छ हो? हाम्रो सम्झौता त्यही छ?"

"गजबको मान्छे रहेछौ।" मैले भनेँ। ऊ बोल्दै बोलेन।

दुई बजे काठमाडौँको घर पुगियो। घरमा पुगेपछि ऊ निकै रोयो। मैल सम्फाएँ, तर मलाई विश्वास गरेन।

"म तिमीसँग बस्न सक्दिनँ विन्दु!" बिजुले सहजै भन्यो।

"फेरि भन्, के भनिस्? साला!" मैले घाँटी अँठ्याएँ।

"म डिभोर्स दिन्छु तँलाई।" चिच्यायो बिजु।

मैले एक्कासि हात छाडिदिएँ।

"अनि यो के गर्छस्?" मैले आफ्नो पेट देखाउँदै भनेँ।

"मेरो हो त्यो, म लिन्छु।"

"ला, अहिल्यै लिई।" मैले पेट तेर्स्याएँ।

"तिमी दाबी गर्छ्यौ भने तिमी राख, होइन भने म राख्छु। सन्तानको बाबु हुन तयार छु।" अत्यन्तै सामान्य रूपमा भन्यो बिजुले।

बिजु अन्तिम निर्णयमा पुगेको रहेछ। मैले हतारहतार ससुरा बालाई सबै भनें। बिजुले पोखराबाटै सबै कुरा सुनाएको रहेछ। बाले कुनै प्रतिक्रिया दिनुभएन। म रोएँ। "तपाईंकी छोरीजस्तै त हुँ बा! छोरीलाई सिसाजस्तो नफुटाउनोस्...।" के मात्र भनिनँ? उहाँले मेरो आँसु र पीडा देख्नै चाहनुभएन।

दुई दिनको विवादपछि मैले हारें। हामी सम्बन्ध विच्छेदका लागि अदालत पुग्यौं। सम्बन्ध विच्छेदको कागजमा हस्ताक्षर गर्नै लाग्दा मोबाइलमा विमलको ५० रुपियाँको रिचार्ज आयो। म थरर्र काँपें।

बिना कसुर म जीवनमा अक्षम्य कसुर भोग्दै छु। अनिश्चित भविष्य बोकेर समाजमा अपहेलित बाँच्दै छु। मेरो जीवनमाथि खेलबाड गर्ने अपरिचित विमल र बिजुलाई सजाय हुन्छ कि हुँदैन? प्रश्नको जुलुसले मन र मस्तिष्कलाई घेर्‍यो। म अदातलको गेटमा लडेछु।

होसमा आउँदा अस्पतालको बेडमा थिएँ। बेडबाटै राष्ट्रपति विद्यादेवी भण्डारीलाई सम्झिएँ। महिला मन्त्री र महिला अधिकारकर्मीलाई सम्झिएँ। र, देशको संविधान अनि समाजलाई सम्झिएँ। मनमा किनकिन आँधी चल्यो।

●



मोमिला

हरिप्रसाद मानसाग्नि

# कवि



कवि मौन रहोस् र उसका कविता बोलून्। कविताको लयमा लहरिऊन् समालोचनाका बालाहरू। समालोचना सम-लोचन बनोस् अर्थात् तृतीय नेत्र। मौनमै मुस्कुराऊन् हिमालका दाँतहरू। बीज, बिस्कुन र विराट् बनून् जनकका हलोहरू या हलोका जनकहरू। बेलनी र बलाहरू, मझेरी र मजेत्राहरू, आँटी र आँटहरू, बुइँगल (बैकल) र बुलन्दीहरू पहाडजस्तै बनून्। त्यसका टाकुराहरूमा पार्वतीहरूले ध्यान गरून्, शिवहरूले नृत्य। कविको चिच्याहटले चिहिरिएर चराहरू नउड्न्। पानी सुनामी नबनोस्। पहाड पहिरो नबनोस्। बरपीपलको चौतारामा कोही जीवनको गीत गाइरहेको थियो।

नदी कविता लेखिरहेछ र समुद्र समालोचना। हिमालको सेतो पाटीमा मूलमा फर्किनुको गरिमा शब्दातीत शब्दहरू शालिग्रामले कोरिरहेछन्। हृदयहरू तिनै कोरिएका रेखामा फूल चढाइरहेछन्। समुद्रतिर हुत्तिएका दक्षिणवाहिनीहरू आफ्नो मूल उद्गमको महाकाव्य लेखिरहेछन्।

हँसिया, हात र ढाक (डोको)-हरूले कहिल्यै स्वर र व्यञ्जन चिन्न पाएनन्। पहाड भन्छन्– उनीहरूकै स्वरमा हामी बैंसी भयौं र व्यञ्जनमा शिखर। यिनै बैंसी र शिखरहरूमा प्रतिध्वनित शब्दलाई देखेर कवि बोध बने। वेद बने। गुफाहरू मलाई आदि-अनादिको कथा सुनाइरहेथे। भन्ज्याङ र चौताराहरु बरपीपलसँग भलाकुसारी गर्दै थिए। गोठ र गोठालाहरू सनातन चरनमा चम्किरहेका थिए।

छन्द पारेर नबोल्, तेरो छन्द मैले बुझेकी छु, सत्यसत्य बोल्। आज जीवनको गीत मौन गाइरहँदा मेरी आदिकवि मेरी आमालाई पढिरहेछु। सत्य छन्दमुक्त, स्वतन्त्र हुँदो रहेछ। सत्य फूल रहेछ, माला मुक्त। फूल फूलबारीमा रमाउँदो रहेछ बीजका बाँसुरीहरूमा जीवनको गीत गाएर। माला अहङ्कारको गलामा आत्महत्या गरेर सदाका लागि निदाउँदो रहेछ। छन्द जुक्ति र छन्द मुक्ति हृदयको समस्वरता। कवि हुङ्कारिहाल्दा कविताले आँसु खसाल्छ र आँसुसँगै करुणा पनि।

शिशु कक्षामा गुरुले भनेको ताजै छ मस्तिष्कमा– 'जहाँ पुग्दैन रवि त्यहाँ पुग्छ कवि।' रविले त सबैको अन्धकार हर्छ। कविले किन आफ्नै अन्धकार हर्न सक्दैन? रवि त आफ्नो प्रकाश आफै बनेको छ। मौन बोलिरहेछ– 'अप्प दीपो भव।' कवि किन आफ्नो प्रकाश आफै बन्न सक्दैन? कवि कविता लेख्छ, तर किन आफै कविता बन्न सक्दैन? प्रश्नमा फूल नबर्सिऊन्, तर कोही फूलको प्रार्थना र प्रतीक्षामा युगको त्रिवेणी कुरिरहेछ।

प्रेमका कविता लेख्दा कविभित्र प्रेम चुलिन्छ कि शब्दकोश ? सुन्दर केतकी फूल भूटको साथले मन्दिरमा चढ्दैन।

कवि र कविता दुई अभिन्न मित्र मानिस र उसको छायाजस्तै। जहाँ गए पनि छाड्दैन, मात्र देख्न प्रकाश चाहिन्छ। कसैले चौतारामा भन्दै थियो। अर्को थप्दै थियो– ऐना र अनुहारजस्तो। अनुहार रोए सँगै रुन्छ, हाँसे सँगै हाँस्छ। के कवि र कविताको अभिन्न प्रेम जीवन काव्यमा देखिन्छ ? कवि र कविताको लय, विलय र आलयमा महालयको अवतरण कहिले हुन्छ ? कवि र कविताको विरहमा उत्सव कहिलेसम्म मनाइरहनुपर्ने हो ? कवि रुँदा कविता किन रुन्न र कवि हाँस्दा किन हाँस्दैन ? कवि र कविता एकै अँगालोमा श्वासप्रश्वासको लयजस्तै एकै लयमा लहरिंदै जीवन गीत गाउन किन सक्दैनन् ? भयको भँगालोमा भुनभुनिएर किन भुटिन्छ कवि र कविताको सौन्दर्य ? कवि र कविता एउटै बोल किन बोल्दैनन् ? कविता शिखरमा हुँदा कवि खोँचबेँसीमा किन रमाउँछ ? कविता हृदयमा हुँदा कवि किन मस्तिष्कको जात्रामा रनभुल्लको रथ तानिरहन्छ ? सँगै हिंड्न किन डराउँछन् कवि र कविता ? कविता हाँसिरहँदा कवि किन डाको छाडेर रुन्छ ? कविता रुँदा कवि कसरी हाँस्न सक्छ ?

हिजो कवि र कवितामा प्रार्थना र प्रसाद थियो, आज कसरी लुटियो ? होस कसरी हुङ्कार बन्यो ? प्रसाद कसरी प्रलय बन्यो ? कोही खोजिरहेछ– सत्यको सर्वोच्चता मूलाधारदेखि सहस्रारसम्मको कवि बस्तीभित्रको अनाहत कविता।

त्यो कुन कवि होला जसले यो विश्वब्रह्माण्डमा पहिलो कविता देख्यो ? देशैपिच्छे, जातैपिच्छे, भाषैपिच्छे, लिङ्गैपिच्छे आदिकवि हुने लहरमा नपरेको त्यो आदिकवि को होला ? विश्वब्रह्माण्डकै आदि–अनादि, सूक्ष्म–विराट् कविता ॐ देख्ने जुन कविता सबैभित्र अस्तित्वले गाइरहेको छ ? ॐको दिव्य कविता नै सम्पूर्ण कविताको जननी रहेछ। जननीको कवि को होला ? स्वयम्मा अर्थ नभएको दिव्यार्थ कविता। भाषा र भाषिकाले, सोच र संस्कृतिले, लय र लगावले कतै ॐ बनेर, कतै आमिन बनेर प्रकम्पित गरिरहेछ कोश र होसलाई। यो मौनको भाषण र कविताको महाकविता मानव उत्क्रान्तिको शङ्खघोष गरिरहेछ। आदिको पनि आदि, अनादि कवि को होला ? उसको कवितासङ्ग्रहभित्रका कविता पढ्न आँखा चिम्लनुपर्ने। समालोचना गर्न मनलाई बिदा गरेर अमन हुनुपर्ने। विमोचन गर्न शब्दकोशलाई बिदा गर्नुपर्ने। मानिस, जीवजन्तु, चराचुरुङ्गी, वनस्पति, पञ्चतत्त्व र आकाशगङ्गालाई समेत प्रकम्पित गर्ने कविता देख्ने कालजयी कवि को होला ? कविताको बीज बीजमन्त्रमा देख्दै मन्त्र कविता, सूत्र कविता, एक लाइन कविता, लघु काव्य, काव्य र महाकाव्यजस्ता अनेकन् कविताका कविहरू बन्धनमुक्त मुक्तिबोधका महानृत्य हुन् जहाँ नृत्य र नर्तक मेटिन्छ। अस्तित्व निष्कम्प नाचिरहन्छ। कवि र कविता मेटिन्छ, मौन कविगोष्ठी चलिरहन्छ। अनादि सत्ताको आँगनमा।

ॐ अर्थात् ॐकार त्यस्तो अक्षर कविता रहेछ जसको सूक्ष्म रूपमा विराट् स्वरूप देख्न सकिन्छ, पढ्न सकिन्छ। निर्गुण र सगुण काव्य मिलनको महाकाव्य ब्रह्मको

सुसेलीमा जीवनको गीत गाउन सकिन्छ। ॐको एक अक्षरमा सहस्राक्षर देख्न सकिन्छ मन्त्रद्रष्टा ऋषिले वेद देखेजस्तै।

बत्ती र प्रकाशसमान नित्य-अनित्य, कवि र कविताको सौन्दर्य अनि सुवास पनि। उपनिषद्का कवि कविता बोल्छन्। ॐकार ब्रह्मको नाम हो र ब्रह्मप्राप्तिको साधना, साधना र सिद्धि। ॐकारको कविता लालित्यबिना आलापविलाप गर्न थाल्छन्। सङ्गीतको सङ्गति बिग्रन्छ। सामगायन मौन हुन्छ र मन्त्र पनि। ध्वनि र ध्यान विचलित हुन्छन्। अग्नि, अग्निहोत्र र अग्निहोताका पैताला रोकिन्छन्। वेद बग्दैन। बोध जाग्दैन। वाक्य महाकाव्य बन्दैन। ॐकार आत्मा रहेछ– अक्षर, कवि र कविताको। ॐकार वाङ्मय देखेर प्राच्य ज्ञानले ग्रन्थ गायो। बोधहरू वेद बने, अनादि आदि बन्यो र कविता गायो। कविताको सोमरस देखेर रसपान गर्नेहरू ऋषि बने। त्रिकार– अकार, उकार, मकार कविताको मात्रा बने, यात्रा बने। मात्रारहित कविले शिखरबाट अनाहतको नाद आफ्नो कलममा सुनिरहे।

उपनिषद्का कविले 'महावाक्य कविता'-मा जीवनको सर्वोच्च र विराट् उपलब्धि मौन गाइरहे–

'प्रज्ञानं ब्रह्म।'

'अहं ब्रह्मास्मि।'

'तत्त्वमसि।'

सूक्ति कविता, प्रार्थना कविता र अनेकन् कविता शैलीभित्र जीवन शैलीको महा उत्सव मनाइरहे। कविता बोध र बुद्धत्वको अभिव्यक्ति थियो। त्यसैले त कवि देवतुल्य रहेछ। कवि खोज्दै राजमार्गमा भौंतारिंदा देवर्षि नारदले बाटो छेके र अथर्ववेद सम्बद्ध नारदपरिव्राजकोपनिषद् मेरो हृदयमा विमोचन गरे। सुषुम्नाको एकतारे बजाउँदै कविकुञ्जको बाटो देखाइदिए। नवौं मार्गको उन्नाइसौं कुञ्जमा ध्वजापताका र तोरण फरफराइरहेका थिए र तिनमा लेखिएको थियो–

कविं पुराणं पुरुषोत्तमोत्तमं
सर्वेश्वरं सर्वदेवैरुपास्यम्।
अनादिमध्यान्तमनन्तमव्ययं
शिवाच्युताम्भोरुहगर्भभूधरम्॥

म मौन थिएँ। देवर्षि नारदको एकतारेबाट ध्वनि आइरहेको थियो– 'त्यो कवि जो चित्रकलालाई जान्दछ, पुराण पुरुष, सर्वोत्तम एवम् पुरुष श्रेष्ठ छ। ऊ नै परमेश्वर तथा देवताहरूद्वारा उपासनीय छ। आदि, मध्य र अन्तभन्दा पर छ। ऊ कहिल्यै नष्ट हुन्न। ऊ नै शिव, विष्णु र ब्रह्मालाई उत्पन्न गर्ने सर्वोच्च शिखर हो।'

एकाएक ध्वनि रोकियो र मेरो मन पनि।

सम्पूर्ण व्यष्टि र समष्टिको महाकाव्य आकाश, वायु, अग्नि, जल र पृथ्वी मिलेर लेखे। मिलेर देखे। आदि र अन्तबाट मुक्त अनादि कवि को होला जसले सबैलाई

अक्षरदेखि अक्षरसम्मको यात्रामा माता, पिता र गुरु समान डोऱ्याइरहेछ? कणकणमा प्राणप्रतिष्ठा गरिरहेछ। भेट्नै नसकेपछि त्यो महान् कविलाई छाडेर उसको खोज, स्वयम् लाई खोज्न थालेपछि भेटियो। मेटियो कवि र कविताको तिर्खा। सकियो मोलमोलाइ, मिल्यो मूल। भूल र शूलका कविता उत्तरवाहिनी हुँदै मूलमा पुगे। कविको उचाइ देखेर कविता बादल बनीक शिर चुम्न थाले। कति मनमोहक ती जीवन्त दृश्यहरू। उत्सवमा नाचेका कविहरू र पन्चैबाजा बनेका पञ्चतत्त्वहरू। प्राणको प्रार्थना पञ्चकोशको होस् र मन होस् मौनमा मग्न।

बीज कविता नटराजको नृत्यमा डमरुले लेख्यो। डमरुले गायो। रहस्यमय भाषाका रहस्य कविता अक्षर कविता बने। 'न क्षरति इति अक्षरः।' संस्कृतले संस्कृति बनायो। 'लम्'-ले मूलाधारबाट उठेर पृथ्वीको महाकाव्य लेख्यो। 'वम्'-ले स्वाधिष्ठानबाट पानीको पाठ पढायो। 'रम्'-ले मणिपुरबाट अग्निको विश्वकोश लेख्यो। 'यम्'-ले अनाहतमा वायु काव्य देखिरह्यो। 'हम्'-ले विशुद्धमा शुद्ध आकाशको रचना गऱ्यो। अनेकन् बीज कविताले अनादि कविको आज्ञा लिएर सहस्रारमा चैतन्य काव्य देखे। त्यो को कवि होला जसका कविता सुन्न मानिस मात्र होइन; जीवजन्तु, चराचुरुङ्गी, वनस्पति, पञ्चतत्त्व र आकाशगङ्गा पनि लालायित देखिन्छन्? बीज कविता देखेर बीज मन्त्रालयमा मन्त्रकाव्य लेख्ने अमन कवि को होला जसको सनातन धारामा म, तिमी र हामी आफ्नो मल पखालेर निर्मल भइरहेका छौँ?

डमरुको बोल कवितासङ्ग्रहका १४ सूत्र कविता सुनेर पाणिनिले आफ्नो कवित्वको लालित्यमा साहित्यको लाली भरे। सूत्र कविताको रहस्य देखे। रहस्यको रस देखे। सूत्र कविताको विराट् काव्य देखे। आज पाणिनिका आँखाबाट मौन सूत्र कविता पढेर हलाहलमा हाँसिरहेछन् कविकोशमा नदेखिएका अनेकन् कविहरू।

शैव दर्शनको आदिम ग्रन्थ शिवसूत्रका 'सूत्र कविता' नेपालको हिमालय क्षेत्रबाट भारतको कश्मीर र चीनको कैलास (मानसरोवर)-सम्म कुन कविले गाउँदै हिंड्यो होला? कसले देख्यो होला? कसले सुन्यो होला? कसले कण्ठस्थ पाऱ्यो होला? कसले भोजपत्र जीवन्त बनायो होला? शैव शासनालाई लोक बास्ना (सुगन्ध) कसले बनायो होला? अनादि बोधसँग शिवशक्ति हिमालयमा सूत्र महाकाव्य गाइरहेका थिए। अनाहतको सङ्गीतमा नद चैतन्य राग रङ्गीन बनाइरहेको थियो–

'चैतन्यमात्मा।'

'उद्यमो भैरवः।'

'चित्तं मन्त्रः।'

सयौँ सूत्र कविताले शिवसूत्र बोल्छन्– मौन महाकाव्य। सूत्रले स्रोतको ढोका खोल्छ। जीवनको विराट् काव्य देख्छ। पूर्णिमामा मात्र होइन, औँसीमा पनि पूर्ण चन्द्र देख्ने तृतीय नेत्र खोल्छ। रहस्यको काव्य बोल्छ। प्रस्थानको प्रार्थनामै प्राप्तिको बलियो जग

लगाउँछ। 'असतो मा सद् गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' नृत्यमा मग्न हुन्छ।

एक लाइनका, एक लाइने कविताको आदिकवि को होला जसले एक लाइनका कवितामा जगत्, जीव र जीवनको महावेद देख्थ्यो? एक लाइने कवितामा मानवका सम्पूर्ण सम्भावना बोल्छन् महर्षि पतञ्जलि। उनका कविता दर्शन बन्छन्। योग बन्छन्। योग दर्शन बन्छन्। एक लाइनमा लामबद्ध अक्षरहरूले मानव कोश र होसलाई प्रकम्पित गर्छन्। उत्क्रान्ति हुन्छ जीवनमा। मानव महामानव बन्छ। महामानवभित्र अनादि सत्ता सृष्टि, स्थिति र संहारको नृत्य गर्छ। कविता देख्छन्, कविता देख्छन् र कविताबाट मुक्त हुन्छन् पतञ्जलि। त्यसैले त मेरो हृदयमा पहिलो शब्द जन्मिन्छ पतञ्जलिको आभूषणमा कविर्षि। महाकवि र ऋषि विलय हुन्छन्– लयमा, आलयमा, महालयमा, प्रलयमा। प्रलयबाट जन्मिन्छ लयको अङ्कुर–

'योगश्चित्तवृत्तिनिरोधः।'

'तस्य वाचकः प्रणवः।'

'ऋतम्भरा तत्र प्रज्ञा।'

एक लाइने सूत्र कविताका सयौँ फूल फुलाएर दर्शनको उद्यानमा मानव सम्भावनाको महा उत्सव मनाइरहेछन् कविर्षि पतञ्जलि। हजारौँ लाइनका महाकाव्यले बोल्न नसकेको बोल, हजारौँ माइलको यात्राले भेट्न नसकेको गन्तव्य, सार्वभौम सनातन लालित्यमा सम्बोधिको उत्सव मनाउँछन् एक लाइनमा। एक सूत्रमा। कवि जाग्यो भने अहङ्कारबाट उसका कविता दर्शन बन्दा रहेछन्। कवि रोकियो महत्त्वाकाङ्क्षाको म्याराथनबाट भने उसका कविता विजयी हुँदा रहेछन्। जयी हुँदा रहेछन्। कालजयी हुँदा रहेछन्। कवि तालीमा रमाउँदा उसका कविता अपुतालीमा पर्दा रहेछन्। आफ्नै कविताको वंश विनाश श्रीकृष्णले यदु वंशमा देखेजस्तै।

ऋषि, महर्षिले वेद देखे। बोध देखे। हिमालयबाट नदी बगेजस्तै ऋषि चेतना बग्यो। नदी र नद चैतन्यले किनारका भूमि र भोक्तालाई पवित्र गरेजस्तै ऋषिका कविताले गरे। बोधको वेदमा बुलन्दीको कविता रचे। रचेका ऋचाहरूमा मानवभित्रको देवत्व मुस्कुरायो। ऋग्वेद पवित्र विचारको 'स्तुति मन्त्र'-का 'प्रार्थना कविता' बनेर चेत, चिन्तन र चेतनामा लहरियो। यजुर्वेद पवित्र कर्मको यज्ञ कर्ममन्त्रका 'सत्कर्म कविता' बनेर आकाशगङ्गामा लहरियो। सामवेदले उपासनाको शुद्धता गाइरह्यो र 'अनाहत कविता' खोज्न नाद लोकमा लहरियो। अथर्ववेदले अनेकतामा एकता, गतिशीलतामा स्थिर रहेर जीवनको कविता गाइरह्यो।

सूर्य, चन्द्र र अगणित तारामण्डलले मानव सम्भव कालदेखि नै मानवको सर्वोच्च प्रकाशलाई चिनाइरहे। 'तमसो मा ज्योतिर्गमय' सूक्ष्म महाकाव्य मानवको मूल, भूल, शूल र सत्य निर्वस्त्र भयो। सूर्यचन्द्रको 'यात्रा साहित्य'-बाट उत्तरायण र दक्षिणायनले देवयान र

पितृयान चढेर देशदेशावर, लोकपरलोकको यात्रा गरे, गरिरहेछन्। ऋतुहरूले चित्रभित्रको विचित्र 'कलाकाव्य' लेखे। जगत्को क्यानभासमा कुनै कवि 'गीति कविता' गाइरहेथ्यो– सत्यम्, शिवम्, सुन्दरम्।

आयुको आदित्य १२ फन्को नाचेर नृत्य साहित्य लेखिरहेको थियो। नर्तक कति सुन्दर सात रङको रङ्गोलीमा मूल रङ खोजिरहेथ्यो। तारामण्डलको महा उत्सवमा चन्द्रमा कृष्ण र शुक्ल कविता गाइरहेथ्यो। गुफामा 'सङ्गीत कविता' लेख्न कवि दुईतारे बजाउँदै तेस्रो धुन खोजिरहेथ्यो। आहतबाट जागेर अनाहतमा विश्राम। काल जात्राको कालातीत कविता लेख्न। 'कालजयी कविता'-को सङ्कल्पमा त महाकाल पनि कलम बनेर आउँदो रहेछ।

अनन्त विश्वब्रह्माण्डमा जीवजन्तु, चराचुरुङ्गी, कीटपतङ्ग, वनस्पति, पञ्चतत्त्व र आकाशगङ्गा सबै कविता लेख्छन्। अन्तर्गोष्ठी गर्छन्– आफ्नै भाषाको भऱ्याङ चढेर, मौनको वाङ्मयमा डुबेर र शरीर तत्त्वको ध्वनि विज्ञान पढेर। कालाग्निमा समाहित हुनुपहिले कालजयी कविता लेख्न चाहन्छ– प्रकृतिको क्यानभासमा, भोजपत्रको कृतिशेषमा, सम्बन्धको संस्कृतिमा। सनातन र विराट् पुस्तकालयका निःशब्द शब्द टिपेर मानिस कवि बन्दो रहेछ। र-त ऊ देवतुल्य हुँदो रहेछ। देवता हुँदो रहेछ।

●

डा. गोविन्दराज भट्टराई

# विश्व साहित्यको नवीन सन्दर्भ र अनुवादकला



आज पनि ठोस काम भएन। 'भारतीय नेपाली डायास्पोरा' विषयक लेख छपाउन ठीक परेको थिएँ, तेजपुरका ज्ञानजीले अहिले पर्खौं भन्नुभयो। वास्तवमा स्वतन्त्रता गुमाएका नेपालीहरूले नेपालबाहिर हजार हन्डर खाएको अनुभवले सधैंभरि यो काम (स्वतन्त्रता प्राप्त गर्ने) बिग्रिरहने हो कि भन्ने चिन्तामा छन्। कुनै देशको एक नागरिक हुनुको प्रस्ट पहिचान के हो भन्ने सम्बन्धमा उनीहरूको आफ्नो निर्धारण छैन, तर जुन अस्पष्टता छ त्यसैलाई निरन्तर राख्ने चेतमा छन्।

खाना खाएर हस्पिटल गयौं डा. भारीकहाँ। टाढा छैनन्, वाग्मती पुलपारि अर्थात् थापाथली। उनीहरू पनि आर्थिक भारले लडेका छन्। तर भारीले मेरो स्वास्थ्यलाई टुङ्गामा ल्याउन धेरै प्रयत्न गरे। राम्रो पनि पारे। उनी धन्य छन्। तर अलिकति थाइराइड

देखियो भने। धन्न कोरोनाकालभरिको सेवा छोरीको कडा लामो फास्टिङले कुनै खतरा भोगाएनछ। आज पो लामो सास तानेँ मैले। धेरैतिर राम्रो पारेछ।

चार बजेदेखि डेढ घण्टा लामो जुम सेमिनार भयो। हाम्रा भाइ दिव्य गिरीले सोधेका प्रश्न। म र महेश पौड्यालले व्यक्त गरेका उत्तर। साहित्यिक कुरा थिए– खास अनुवादका।

मेरो प्रभाव के हुँदै छ भने दिनका दिन हुने जुम सम्मेलनले माऱ्यो। वास्तविक हुँदा एक ठाउँमा कतै भ्याइन्थ्यो, तर अहिले जताबाट पनि जुनसुकै व्यक्ति वा पार्टीका बोली-तस्बिर-क्रियाकलापले, अन्तर्वार्ता-धारणा-मन्तव्यले खपिनसक्नु नै भएको छ। ल्यापटप खोल्न हुँदैन, खोलेपछि मेसेन्जरमा धाराप्रवाह छ। झन् फेसबुकमा त छिर्नै नसकिने छ। अरू इन्जिन म धेरै चलाउँदिनँ। ट्विटर, भाइबर, इमो आदिमा पनि पोखिएका छन् छाँगा र छहरा– सबै कलाकार, सबै कवि, सबै चित्रकार। एक पल्ट पोस्ट गऱ्यो, फेरि 'सँगसँगै फोनले 'त्यो सुन्नुभो?', 'त्यो हेर्नुभो?', 'त्यो पढ्नुभो?' भन्दै पिछा गरेर हुरुक्क पार्ने हुँदा कोभिड-१९ पछिको समय ज्यादा विनाशकारी हुने निश्चय छ। घरैपिच्छे होस्ट गर्ने, बोल्ने, जुममा जोडिने र त्यहाँ देखिएर बस्ने प्रथा स्थापित हुँदै छ।

आजको त्यस्तै एक थियो। दिव्य गिरीले अघिल्लो हप्तादेखि नै भनेका थिए। चार बजे जुट्यौँ। हतारहतार मान्छे जोडियौँ। पहिलो प्रश्न मबाट थाले– "दाइ, यो नेपाली साहित्यलाई विश्व साहित्यमा जान अनुवादको केकस्तो भूमिका रहन्छ अनि व्यवधान केकस्ता छन्?"

उनले धेरै प्रश्न एउटैमा खाँदे।

उत्तर गरिसक्दा म आफैले अकिलति सरल बनाएँ।

यस सम्बन्धमा सर्वप्रथम विश्व साहित्य के हो त्यो कुरा बताउन चाहन्छु। सङ्क्षेपमा विश्व साहित्यलाई दुई कालमा बेग्लाबेग्लै किसिमले हेरिएको छ। त्यसलाई बुझ्नुपर्छ।

उन्नाइसौँ शताब्दीसम्मको विश्व साहित्यको परिभाषा एउटा छ, त्यसयताको अर्को छ।

त्यसको मापन-मूल्याङ्कन गर्ने पनि अघि दुई वटा विन्दु वा निर्धारक तत्त्व थिए। साइबर संस्कृतिले एउटा थपेको छ। अब तीन पुगे। यी पाँच वटा कुरा केलाएपछि मात्र विश्व साहित्यलाई नजिकैबाट देख्न थालिन्छ।

जर्मन कवि-साहित्यकार गेटे (सन् १७४९–१८३२)-को विचारले विश्वलाई प्रभावित नपारुन्जेल 'विश्व साहित्य' भन्ने कुरा पश्चिमेलीको मात्र पेवा थियो। यसअन्तर्गत अङ्ग्रेजी, फ्रेन्च जर्मन, स्प्यानिसजस्ता ठूला कहलिएका उपनिवेशक भाषामा रचित कृतिलाई मात्र विश्व साहित्य भनिन्थ्यो। तर जर्मन कवि उल्फग्याङ भोन गेटे महान्ले अध्ययन गर्दै लाँदा महान् चिनियाँ कृति पढे, अरू भाषाका कविता पढे, पर्सियन कविता

पढे। सबै अनुवादमा पढे र त्यस्तो पठनले गेटेको मनमा अर्कै भाव अनि प्रभाव उत्पन्न गऱ्यो र उनले भने– म प्रत्येक दिन अझ बढी विश्वस्त हुँदै छु। कविता भनेको मानव जातिको वैश्विक सम्पत्ति हो। यो सयौँ-हजारौँ-व्यक्तिमा आफै प्रकट हुने एउटा सार्वजनीन र सार्वकालिक वैश्विक सम्पदा रहेछ। त्यस कारणले म आफ्नो वरिपरिका छिमेकी/विदेशी भूमिहरूतिर हेर्दै सबैलाई एउटा सल्लाह दिन चाहन्छु, सबैले त्यो कर्म गरौँ। अहिले आएर राष्ट्रिय साहित्य भनेको एउटा अर्थहीन कुरा भइसकेको छ, किनभने हाम्रो सामुन्ने विश्व साहित्यको युग छ। अनि प्रत्येक भाषाले यसको (विश्व साहित्यको) प्राप्तिमा प्रयत्न गर्नुपर्छ, हतारिनुपर्छ।

यस्ता कुराहरू गेटेका महान् निबन्धमा संकलित छन्। गेटेसँग उनको जीवनको उत्तरार्द्ध कालमा लामो सम्पर्कमा रहेका जोहन पिटर उकरम्यान नामक एक स्रष्टाले समेटेर गेटेसँगको संवाद (कन्भर्सेसन्स विद गेटे) नामक कृति प्रकाशित गरे। उकरम्यानको यही कृतिबाट यसरी गेटेका अमर विचार प्रकाशमा आउँछन्।

यसपछि पश्चिमा समीक्षक-चिन्तकहरू बदलिए, इतिहासकारहरू बदलिए। विश्व साहित्यभित्र विशेष गरी संस्कृतिले ठूलो सम्भावना र महत्त्व पाउन थाल्यो।

संसारको प्रत्येक साहित्य विश्व साहित्यकै अङ्ग मान्न थालियो। अहिले आएर एक देशभित्रका प्रत्येक नागरिकलाई संविधानका सबै अधिकार प्राप्त भएझैँ कुरा भएको छ यो। तर माथि जाने, संसद्मा पुग्ने, मन्त्री बन्ने सीमित हुन्छन्। विश्व साहित्यमा पनि माथि चढ्ने, निर्णायक ठाउँमा पुग्ने, कति नियम बनाउने कुरा फेरि सीमितकै हातमा हुन्छ। प्रत्येकलाई तिनीहरू पनि चढ्न सक्छौ भनिएको हुन्छ। फेरि सक्दैनन्। तिमीहरू पनि नोबेल पुरस्कार, पुलित्जर पुरस्कार वा बुकरम्यान पुरस्कारका लागि निवेदन हाल्न सक्छौ भनिएको हुन्छ, तर कोही सक्दैन। अघिल्लो शताब्दी सुरु हुने बेलामा भारतले एक पद प्राप्त गऱ्यो, यो शताब्दी सुरु हुने बेलामा चीनले एक। दुवै प्राप्ति अनुवादले ल्याएका हुन्। भारतीय ट्यागोरलाई विलियम बटलर यिट्सको सम्पादन र भूमिकाले दिलायो, दोस्रो चिनियाँ मो यानलाई होवार्ड गोल्डब्ल्याटको अनुवादले र सम्पादनले।

यसरी नोबेल पुरस्कार स्थापनाको ११५ वर्षमा चीन र भारतजस्ता महाशक्तिले एकएक उपहार मात्र हात पारे। त्यो काम अनुवादले गऱ्यो। त्यसो त भीएस नइपल, सलमान रुस्दी पनि भारतवर्षमै बस्न पाएका थिए भने उनीहरूको योगदान सिङ्गै भारतकै हुन्थ्यो। ती बेलायती भारतीय डायास्पोरामा पुगे। अब आधी फलमा भारतको हक लाग्छ, आधीमा बेलायतको।

चीनका पनि गाओ जिन्जियान निर्वासनमा फ्रान्स पुगेका थिएनन् भने अरू एक उपहार चीनलाई थपिन्थ्यो। तर महाशक्तिहरू उन्मत्त भएर उचालिएपछि राजनीति र शासनसत्ता मात्रै सर्वस्व हो भन्ने विश्वास गर्छन्। कला र साहित्य भनेको एक व्यक्तिको लहड र कल्पना हो भन्दै त्यसलाई उनीहरू सलाईको काँटीभन्दा तुच्छ देख्छन्। तर

ठूलठूला अजङ्गका भीरमा डढेलो सल्काउने तत्त्व तिनै सलाईका काँटी हुन्। जिन्जियान फ्रान्स निर्वासित भए, फ्रान्सको नागरिकता लिए र सन् २००० को नोबेल पुरस्कार फ्रान्सकै भयो।

त्यसो त वर्तमान भारतमा किरण देसाई, झुम्पा लाहिडी, अमिताभ घोष, अरुन्धती राय, चित्रा ब्यानर्जी, देवकरुणीजस्ता विश्वविख्यात स्रष्टाहरू छन्। युवा पुस्ताका नेपालीले तिनीहरूलाई पढेका छन्, विश्वले पढेको छ। उनीहरू सिधै अङ्ग्रेजीमा लेख्छन्, अनुवाद गर्नु नपर्ने। तर विश्व पुरस्कारहरू झन् ठूलो आगो दन्काउँदै परसम्म उज्यालो उत्पन्न हुने गरी देखाएर झन् अग्लो डाँडामाथि पकाउन बसाइएको वीरबलको खिचडी भएका छन्।

त्यहाँ पश्चिमले त्यो पकाउन गरिरहेको छ। धेरै टाढा रथको पल्लो छेउमा झुन्ड्याइएको हरियो घाँसतिर हेर्दै हामी सास थुनेर त्यता कुदिरहेका छौँ। भारत, चीन, रुसजस्ता महाशक्ति नै कति पछि छन् कति! अहिले नेपालीको नामै नलिए हुन्छ होला।

विश्व साहित्यका विश्व पुरस्कारहरू उताका धनीमानीले खोलेका महँगा खेल हुन्। यद्यपि उनीहरू बेलाबेला भन्दै गर्छन्– आओ भाइ, आओ बैनी, एउटै खेल रोजौँ।

विश्व साहित्य मूल्याङ्कनका दुई स्थापित प्रक्रिया छन्– सर्वप्रथम ता त्यो कृति पढिनुपर्‍यो– श्रद्धाले, प्रेमले, उत्कण्ठाले। जुनसुकै भाषामा भए पनि त्यसको अलिकति सुवास चलेपछि परपरका टाढाटाढाका भाषाभाषीमा पनि पढ्ने चाख र उद्योग सरेको हुनुपर्‍यो। त्यो आफै जमिनमा पस्दै, छिर्दै, हावामा मिसिँदै जान्छ। पाँचौँ शताब्दीको तेलुगू काव्य (तिरक्कुरल) नेपालीमा कसरी आएको छ? आठौँ शताब्दीको चिनियाँ ली पो कसरी विश्वभरि पुगे? एघारौँ शताब्दीका ओमर खैयाम कसरी संसारभरि पुगे?

यस्तै कुनै शक्तिले कृतिभित्रको उज्यालो छेडेरै हाम्रा पूर्वीय ग्रन्थहरू पश्चिममा पुगे– वेद फ्रेन्चमा, गीता जर्मनमा, उपनिषद् अङ्ग्रेजीमा पुगेको ३०० वर्ष नाघ्यो। त्यसपछि उनीहरू छक्क परे। यस्ता चिन्तक, विद्वान्, स्रष्टा र द्रष्टा पूर्वी जगत्मा रहेछन् भन्ने सुवास चलेरै विश्व साहित्यको सीमा भत्काएर पूर्वलाई समेत विश्व साहित्यमा समाविष्ट गरेका हुन्। नत्र विश्व साहित्य भन्ने कुरा ससानो घेरामा थियो। यसरी आफ्नै भाषाभाषीले होस् वा अन्य भाषाभाषीले कृति पढ्न खोज्नु अथवा अमुक कृति पढिनु नै विश्व साहित्य बनिने प्रथम लक्षण हो।

दोस्रो लक्षण के हो भने त्यो कृति आफ्नो उत्पत्ति भूमिको भाषिक र सांस्कृतिक अनि भौगोलिक पनि सीमाहरू नाघेर धेरै टाढा, धेरै पर पुग्नुपर्‍यो जसरी जापानी टेल अव् गेन्जी पुगेको छ, मध्यपूर्वका अरेबियन नाइटस् पुगेका छन्; हाम्रा रामायण, महाभारत वा मेघदूत। यी त भए क्लासिक तर वर्तमान साहित्यमा कावावाता नपढ्ने को होला, मुराकामी नपढ्ने को होला भन्नुजस्तै छ। हिजोका सार्त्र, कामू, काफ्का, मोपाँसा, गोर्की, टाल्सटायका कृति नपढ्ने को होला भन्नुजस्तै।

सानो रूपमा संसारको पल्लो छेउमा लुकेको, ससानो मुलुकको कलिलो भाषामा लेखिएको भए पनि मुनामदन सात भाषामा अनूदित भयो। अनेक प्रकारका कलारूप निस्किरहेछन्। हालै सिलिगुडीका एक रसिकले मुनामदन ज्याज गाए। यसरी भाषिक–सांस्कृतिक सीमा नाघेर पारि जानु वा यता वारि आइपुग्नु नै विश्व साहित्यको महत्त्वपूर्ण लक्षण हो।

यसका निमित्त प्रत्येक देश (यसको स्रष्टा परिवार)–भित्रका प्रकाशक र पुस्तक विक्रेता नै अघि बढ्नुपर्ने हुन्छ। स्रष्टाले धेरै गर्न सक्दैन; उसले केवल सिर्जना गर्न सक्छ, अनुवाद गर्न सक्छ। यसका लागि प्रकाशक अनि विक्रेताले नै कसरी टाढासम्म पुग्न सकिन्छ भन्ने चिन्ता लिनुपर्छ। प्रकाशकहरू पनि निःस्वार्थ भावले यस्ता मानवतावादी कर्ममा सहभागी हुनुपर्छ।

पुस्तक टाढा पठाउनु मात्र ठूलो कुरा हैन, त्यस देशको भाषामा अनूदित कृति चाहिन्छ। जस्तो कि मुनामदन, पल्पसा क्याफे, सेतो बाघ, जीवन काँडा कि फूल कोरियन भाषामा अनूदित भए; उतैबाट छापिए। एउटा क्षेत्रसम्म पुगे। तर एक क्षेत्रलाई नाघेर जान त अङ्ग्रेजीमै जानुपर्छ। यसका लागि देशका प्रकाशक–वितरक मात्र उठेर पनि टुङ्गामा पुग्न सकिंदैन। अरू देशकासँग सहकार्य चाहिन्छ।

यसका अनेक भौतिक बाधा छन्। नेपालमा बनिएका पुस्तक भारतीय पाठकसम्म पुग्ने च्यानल पनि शून्य छ। नेपालका इतिहास, संस्कृति, राजनीति विषयका पुस्तक बरु भारतीय प्रकाशनले नै निकाल्ने गरेको छ, नेपालले छैन। त्यसको कारण के हो भने नेपालको सरकारी संयन्त्रले कहिल्यै पनि पुस्तक प्रमोसन गर्न चाहेन, पुस्तक व्यवसायलाई सधैं दुरुत्साहित ग¥यो। अघि त कडा सेन्सर थियो, कति लेखक–प्रकाशक दण्डित पनि भए। यता आएर वाममार्गी सरकार आएपछि पुस्तकको आयात–निर्यातमा पनि उच्च कर लगाएर विश्व साहित्यका कुनै कृति नेपालमा आयात गर्न नसक्ने बनाएको छ। अधिनायकवादतर्फ लक्षित सरकारले विश्वको ज्ञान र विवेकको ढोका बन्द गर्ने प्रयत्न गर्दै छ। यसमा आश्चर्य छैन।

विश्व साहित्यको मापन गर्ने अहिले तेस्रो पनि उपाय बनिएको छ। यो चाहिं साइबरीय चेतना र ज्ञानले बनिएको मापन कला हो। यसअनुसार कुन स्रष्टाका कति कृति अनूदित भए र कहाँ पुगे, त्यसको सूचना राख्ने पहिलो सूत्र हो आईएसबीएन नम्बर।

यो नम्बर के हो, कसरी नेपालको लेखक/प्रकाशक अन्तर्राष्ट्रिय कृति संसारसँग जोडिन सक्छ भन्ने कुरा विकिपिडियाबाट कलिकति सूचना साभार गरेर यहाँ प्रस्तुत गर्न चाहन्छु। इन्टरन्यासनल स्ट्यान्डर्ड बुक नम्बर (ISBN) एउटा पुस्तकलाई सङ्ख्यात्मक रूपले चिनाउने वाणिज्यिक सङ्केतक हो जुन चाहिं प्रत्येक देशका (र यसभित्र दर्ता हुने नागरिकको) लागि बेग्लाबेग्लै हुन्छ। प्रकाशकहरूले आईएसबीएनसँग सम्बद्ध नम्बर किनेर पुस्तकमा हाल्छन्, नेपालमा त्रिवि केन्द्रीय पुस्तकालयसँग। प्रत्येक संस्करणको

भिन्नै नम्बर हुन्छ। इ-बुकको, पेपरब्याकको, हार्ड कभरको भिन्नै हुन्छ। यो नम्बर पहिले १० सङ्ख्यामा हुन्थ्यो, अहिले १३ अङ्कको हुन्छ। सन् १९६७ मा आरम्भ भएको यो व्यवस्थाअन्तर्गत नै सारा (नम्बर लिएजति) नेपाली पुस्तक यसैअन्तर्गत छन्।

यसरी आईएसबीएनयुक्त पुस्तकबारेका सूचना संसारका १२३ देशका १७ हजार ९०० पुस्तकालयमा पुग्छन्। अहिले यसलाई अमेरिकाको अनलाइन कम्प्युटर लाइब्रेरी सेन्टर नामक संस्थाले चलाउँछ।

वर्ल्डक्याट प्रोग्राम खोलेर हेर्नासाथ संसारको भाषासाहित्यको, लेखकको पनि त्यहाँ पुस्तक पुगेको देखिन्छ। त्यसको तथ्याङ्कले प्रत्येकका कति पुस्तक लेखिए, छापिए भन्ने देखाउँछ। तर विश्व साहित्यको चित्र हेर्न फलाना लेखकका कृति कति भाषामा अनूदित भए र विश्वका कति वटा पुस्तकालयमा ती पुगेका छन् भन्ने कुरा पनि देखिन्छ।

एक पल्ट दक्षिण कोरिया यात्रामा जाँदा मैले इन्चिन एयरपोर्टमा 'प्लिज लुक आफ्टर मम' भन्ने उपन्यास देखेँ। त्यसको ब्लर्बले मलाई तान्यो– यो पुस्तक सार्वजनिक भएको १० महिनाभित्र १० लाख प्रति बिक्यो। संसारमै प्रशंसा पाउन थाल्यो। क्युङ सिक सिङ सन् १९६३ मा जन्मेकी यस्ती दक्षिण कोरियाली स्रष्टा हुन् जसले यस कृतिका लागि प्रथम म्यान एसियन लिटरेरी प्राइज प्राप्त गरिन्। यस्तो समाचार सुन्दा मेरो मन पनि उचालिएर आउँछ। अनि म कति टाढा कुन अन्धकारमा छुट्दै छु भन्ने चिन्ता र ग्लानिले छोप्छ। मेरा पनि तीन कृति अनूदित छन्। तर अनूदित हुनु मात्र केही होइन रहेछ, विश्वका आँखा नपुग्ने अँध्यारा कुनाको अनुवाद त्यसै ओइलाएर मर्दो रहेछ। सबै कृतिले पुरस्कार भेट्दैनन्, तर विश्व बजारमा नाम पुग्नुपर्छ। कृति पुगेरै नाम पुग्छ।

नेपाली साहित्यमा त्यस्तो कुनै सम्पर्क छैन, प्रयत्न छैन, माध्यम छैन, लक्ष्या पनि छैन।

त्यस पालि नेपाल फर्किंदा मैले 'प्लिज लुक आफ्टर मम' पढिसकेँ, अलिकति लेखेँ पनि। आज धेरै वर्षपछि कोरियाली साहित्यको सर्वे गर्दा पाँच वटा आख्यानको शिरमा यही बसेको रहेछ। अरू छन्– सुकी किमको 'दी इन्टरप्रेइटर', हान काङको 'द भेजिटेरियन', क्रिसलीको 'ड्रिफ्टिङ हाउस' र नोरा केलरको 'फक्स गर्ल'।

विश्व साहित्य जोड्ने पहिलो स्तरमा उपन्यासै रहेछ। मैले अरू पनि मगाएको छु एक मित्रमार्फत।

दक्षिण कोरियाले यो कसरी प्राप्त गर्दै छ? नेपाली साहित्यको कुरा गर्दा पनि बीपी कोइरालाका चार उपन्यास, पारिजातका दुई, ध्रुवचन्द्रका दुई, विजय मल्लका एक, सरुभक्तको एक, कृष्ण धरावासीको एक, पद्मावती सिंहको एक, उन्नति शीला बोहोराको एक गर्दै ४० जति उपन्यास अङ्ग्रेजीमा गइसके। तर सर्वप्रथम ती यहाँका कति सिकारु अदक्षले अनुवाद गरे। जान्नेले गरे पनि दुईचार सय प्रति मामुली कागजमा छापेर ठमेलका दोकानतिर पुगे, नेपालको सीमा काटेका छैनन्। यस्तो प्रक्रियाबाट हाम्रो कहिल्यै

दिन फिर्दैन। उनै नेपाली पाठकले पढेर-पढाएर हुँदैन; लक्षित अन्य भाषी प्रकाशक हुनुपर्‍यो, पाठक हुनुपर्‍यो, विश्वले सुन्ने पत्रपत्रिकाको माध्यममा ती चिनिनुपर्‍यो। पुस्तक परिचय आउनुपर्‍यो। त्यो दिन हाम्रा आँखामा छैन।

कोरियाली साहित्यको प्रगति र यसले विश्व बजारलाई कसरी टेक्दै छ भन्ने कुराबारे मैले एउटा छोटो जानकारी लेखबाट पाएँ।*

त्यस आलेखले भन्छ– दक्षिण कोरिया विश्वको साहित्यिक परिदृश्यमा एउटा प्रमुख भूमिका खेल्ने देश बन्दै छ। त्यो कुरो सन् २०१४ को लन्डन बुक फेयरदेखि प्रकट हुन थालेको हो। त्यस मेलाले कोरियन साहित्यलाई प्रकाशमा ल्याइयो। यस देशको साहित्यिक उन्नतिमा यश फैलाउने श्रेय परम्परित मान्यताको उल्लङ्घन गर्न सक्ने अतिक्रामी (ट्रान्सग्रेसिव) पात्र प्रयोग गर्न सक्ने नारी स्रष्टाको समूहलाई जान्छ। कति कृति त अमेरिकी पाठकलाई अनौठा लाग्न पनि सक्छन्।

जगत्को ढोका उघारिदिनेहरू उतै बसेका छन्– युरोप-अमेरिकातिरै। पाश्चात्य साहित्यले अत्यन्तै बलिया, सक्रिय र स्मरणीय मूल पात्र भएका कथा मन पराउँछ; तर कोरियाली साहित्यले सौन्दर्यवादी महत्ता, सामाजिक सत्यता, शान्ति र सरलतातिर हेर्छ। यस्तो साहित्यको अनुवादपछि एक मातृभाषी वा सोसरहको माध्यमले व्यक्ति उभिएको हुन्छ। हाम्रा 'सेतो बाघ'-की अनुवादक ग्रेटा राणा, 'बसाइँ'-का अनुवादक माइकल हट, महाकविका डेभिड रुविनभैँ। तर पाठक समाज अत्यन्तै असहिष्णु हुन्छ। तिनीहरूले कहाँ त्रुटि गर्छन् र तिनीहरूका विरुद्ध खनियौँला र थला पारौँला भनेर ढुकिरहेका हुन्छन्। केही क्षति नभई केही उपलब्धि हुँदैन। फिज्गेराल्डले ओमर खैयामको अनुवाद कसरी गरे होलान्?

हरेक कोरियाली आख्यानको अनुवादकमा एक जना डेबोरा स्मिथ नामक लन्डनकी लेखिकाको नाम लिइएको छ। उनले टिल्टेड एक्सिस प्रेस (अनलाइन बुक क्लब) खोलिन्, 'द भिजिटेरिअन' अनुवाद गरिन्।

कोरियाली कृति, कला, रचना यस्तै संस्कृतिका उपज हुन्। त्यसका बारेमा डेबोरा भन्छिन्– यी पुस्तक रोमान्टिक हिरो हुने परम्परामा लेखिएका होइनन् अनि उनीहरूको समकालीन सांस्कृतिक चेतना कहीँ पनि हाम्रो जस्तो व्यक्तिवादी छैन।

नगर्दा पनि नहुने, गरेर पनि जस नपाइने नेपाली अनुवादले कहिले मात्रै हामीलाई विश्वको आँखीझ्यालमा पुर्‍याइदेला?

आज सम्झेँ, आजभन्दा २४ वर्षअघि अनुवादको प्रथम विद्यावारिधि आर्जन गरेर नेपाल फर्केको थिएँ। बिरुवा रोप्दै, गोडमेल गर्दै जाँदा पाँच जना विद्यावारिधि आफ्नै देशको माटोमा जन्मेछन्; यथा– यमबहादुर पौडेल र नवराज न्यौपाने (पोखरा), बलराम अधिकारी र शालिकराम तिमसिना (काठमाडौँ), तोयानाथ कोइराला (स्याङ्जा) र

* Five Korean You Should Read Now.

हरिचन्द्र कमाली (नेपालगन्ज)। एक जना प्रा. कृष्णचन्द्र शर्माअन्तर्गत, एक जना प्रा. अञ्जना वस्ती भट्टराईअन्तर्गत, चार जना मेरा शोधार्थी। छ जना अनुवादका विद्यावारिधि हुन्छन्, जग बस्छ; तर महिला आएनन्, दुःख छ। तथापि हार्नु हुँदैन। अनुवादले नै विश्व जोड्छ। एक दिन घाम लाग्ला।

●

डा. ज्ञानू पाण्डे

# भगवान् : ??



तिमी मलाई अन्यथा नठान्नू ल? के गर्नु, आफ्नो चित्तले नखाएको कुरा पत्याउनै सक्दिनँ म। 'अड' नदेखियूँ न त भनेर अरूका पत्यारहरूमा सही धसिदिन बल गर्छु पनि, तर अहँ सक्दिनँ। आफूलाई 'हो' नलागेको कुरा म त्यत्तिकै 'हो' भनिदिन सक्दिनँ। आफूलाई ढाँट्न सक्दिनँ। आफूलाई छल्न सक्दिनँ। आफूभन्दा बलियो 'आफू' म बन्न सक्दिनँ। यसलाई तिमी मेरो कमजोरी वा सीमा भनेर पनि बुझ्न सक्छौ, अथवा मेरो 'म' भनेर पहिचान्न पनि सक्छौ। रोजाइ तिम्रो आफ्नो हो। बुझाइको स्वतन्त्रता, त्यो तिम्रो आफ्नै हो। तिम्रो त्यो हकको म सधैँ सम्मान गर्छु। अझ म त चाहन्छु, यो जगत्भरि जति पनि मानिस छन् ती सबैले आफ्नो त्यो हकको सम्मान भएको जीवन बाँच्न चाहून्, बाँच्न पाऊन्।

हेर त यो जगत् कति रमाइलो छ। प्रकृतिको हरेक सृष्टि यहाँ अद्वितीय छ। कतिपय कुरा झट्ट देख्दा उस्तैउस्तै पनि लाग्न सक्लान्, तर उस्तै त केही पनि छैन यहाँ। उस्तै त केही पनि हुन्न यहाँ। 'लाग्नु' एउटा कुरा हो, 'हुनु' अर्कै कुरा हो। 'हुनु'-मा त यहाँ प्रत्येक कुरा स्वयम्मा पृथक् छ। पृथक्ताकै कारण जगत् विविधतामय छ। यही विविधताका कारण हामी बाँचिरहेको यो जगत् रमाइलो छ। धेरै रमाइलो छ। यो रमाइलोलाई मान्छेले भन्दा बढी अरू कुन प्राणीले पो महसुस गर्न सकेको होला र? कल्पना र चेतनाको धनी प्राणी यो जगत्भरि केवल मान्छे त हो एउटा। त्यसैले पनि होला, जगत्को रमाइलोलाई जतन गर्ने मुख्य जिम्मेवारी पनि मान्छेकै काँधमा सुम्पेको छ प्रकृतिले। त्यो जिम्मेवारीमा चुस्तदुरुस्त दरिनका लागि पनि हरेक मान्छेले आफूभित्रको पृथक् 'आफू'-लाई बचाइराख्नुपर्छ सधैँ। न्यायी बन्नुपर्छ हरेक व्यक्ति सबैभन्दा पहिल आफै प्रति र मात्र ऊ दुनियाँप्रति न्यायी बन्न काबिल बन्छ। इमानदार बन्नुपर्छ हरेक मान्छे सबैभन्दा पहिलो स्वयम्प्रति र मात्र जगत्को रमाइलो जोगाउने जिम्मेवारीमा अग्रसर हुन

उसमा अन्तःप्रेरणा जागृत हुन्छ। मान्छे आफै जागृत नभइदिने हो भने कसले पो आएर थामिदेला र उसको यो जगत्‌लाई? जगत्‌को यो रमाइलोलाई?

भन्नेहरू त भन्छन् नि– 'सबै कुराको जगेर्ना भगवान्‌ले गर्छ। मान्छेभन्दा माथिको शक्ति हो भगवान्, भगवान्‌ले नै उसको यो संसारको रक्षा गरिदिन्छ।' र, तिमीले पनि आज त्यस्तैत्यस्तै 'ट्युन'-मा कुरा गऱ्यौ मसित। भगवान्‌को अपरम्पार शक्तिबारे शास्त्रहरूमा लेखिएका, पुराणहरूमा कथिएका अनेक अतिरञ्जित कथाहरूमा गम्भीर पत्यार देखायौ। 'मठ, मन्दिर, देवल र धामहरूमा साक्षात् भगवान्‌को वास हुन्छ रे' भन्यौं। 'त्यहाँ धाए, त्यहाँ अबिर-सिन्दूर-फूलमाला चढाए, आरतीको दियो त्यहाँ सधैं घुमाए, मन्दिरमा भेटी-फलफूल-नैवेद्य अर्पिए भगवान् साँच्चिकै रिझिन्छ रे' भन्दै 'रे-रे'-का कुराहरू धेरै सुनायौ। मलाई माफ गर, आजका तिम्रा कुराहरूमा बिना छलफल सोझै पत्यारको छाप लगाउन सकिनँ मैले।

'रे रे—का कुरा, अझ त्यो पनि भगवान्‌जस्तो अमूर्त विषयलाई लिएर? के हो भगवान्? के हो 'भगवान् धारणा'-को पृष्ठभूमि? कसले लेख्यो भगवान्‌को कथा? शास्त्र र पुराणहरूका ठेली बनायो कसले? कसले गऱ्यो त्यसको प्रचार? भगवान्‌ले गऱ्यो कि मान्छे आफैले? मलाई यत्ति मात्र बताऊ तिमी, के मान्छेको पत्यारबिना भगवान्‌को सत्त्व प्रमाणित हुन सक्छ यस संसारमा?

मैले यी कुराहरू यहाँ गर्दै गर्दा कतै तिम्रो दृष्टिमा म नास्तिकजस्तो पो दर्सिएँ कि? त्यस्तो नसोच्नू मलाई। मेरो आस्तिकतामा तिमी कहिल्यै शङ्का नगर्नू, किनकि म पनि भगवान् मान्छु। आस्तिक हुँ म, खाँटी आस्तिक। त्यसैले त भगवान्‌माथि अनावश्यक जिम्मेवारीको बोझ थोपर्न खोजिएको मलाई मान्य हुँदैन नि!

छक्क पर्छु, कतिपय मान्छे पाप आफू गर्छन्, त्यो पापको दाग धोइदिन भगवान्‌लाई पुकार्छन्। गति आपै बिगार्छन्, 'भगवान्‌ले मति बिगारिदियो' भनेर दोष भगवान्‌तिर तेर्स्याउन खोज्छन्। आस्तिक हुनुको नाममा पूर्वजन्म र परजन्मको बखान गर्छन्; परलोकका बारेमा अनेक कथा बुनिबस्छन्, सुनिबस्छन्। तर वर्तमानमा आफू बाँचिरहेको यो जिउँदोजाग्दो लोकका बारेमा भने जति गम्भीर भएर सोच्नुपर्ने आवश्यकता हो त्यो आवश्यकतातर्फ चनाखो बन्न उति हतारिँदैनन्। मलाई बताऊ तिमी, मान्छेहरूको यो सुस्तता के भगवान्‌को दोष हो? जीवनमा आफूले पाएको समय सदुपयोग गर्न आफै हेक्का नपुऱ्याउनु अनि हात नपरेको सफलताका लागि भगवान्‌लाई दोषी देख्नु? कति ठूलो ज्यादती भगवान्‌माथि मान्छेको! भन्छन्– 'भगवान् नै त हो हरेकको भाग्य विधाता, उसैले ठगेपछि कसको के लाग्छ?' ए बाबा, मैले नबुझेको कुरा के भने आखिर भगवान्‌को के स्वार्थ होला र मान्छेको भाग्य ठगिबस्नलाई? उसलाई किन रुचि हुनु र मान्छेलाई दुःख दिइबस्नलाई?

बाँच्नु भनेको कर्म गरिरहनुको अवस्था हो। कर्मप्रतिको निरन्तरको इमानदारिता जीवनको मुख्य धर्म हो। जीवनको यो आधारभूत धर्म परिपालन गर्न पनि के मान्छेलाई

भगवान्कै सहयोग चाहिने? जीवनका पाइलापाइलामा औँला समाएर भगवान्ले नै उसलाई उसको कर्मको बाटो देखाइदिनुपर्ने? भगवान्प्रति किन त्यतिबिधीको लिप्साइ मान्छेको? तिनको लिप्साको सास्ती भगवान् बिचराले बित्थामा किन सहनुपर्ने? आखिर किन भगवान् माथि मान्छेहरू अनावश्यक रूपमा आफ्ना अपेक्षाका भारहरू थोपर्न तुल्लिरहन्छन् होला? यस्तो सोच मेरो मनमा बखतबखतमा उठिरहन्छ। मेरा यति कुरा सुनिसकेपछि त तिम्रो मनमा मेरो आस्तिकताप्रति अघि सन्देह उठेको थियो भने पनि अब पक्कै निवारण भयो होला भन्ठान्छु।

आज धेरै दिनपछि भेट भएको छ तिमीसित मेरो। यो भेटलाई स्मरणीय बनाउन चाहन्छु। मन्दिर परिसरमै छौँ यति बेला हामी, तिमीले भगवान्को कुरा उप्कायौ। त्यसैले आऊ, एकछिन अझै केही बेर हामी यहीं बसौँ र भगवान्कै विषयमा अझै केही बेर संवाद गरौँ।

भगवान्! यो शब्द मैले जीवनमा सबैभन्दा पहिले कहिले सुनेँ हुँला? सम्झना छैन। र, त्यो नसम्झनासित कुनै गुनासो पनि छैन मलाई। उसै पनि भगवान् भन्नु शब्दमा सुनिने त्यस्तो कुनै ठोस ध्वनि पनि त होइन। अर्को कुरा, जीवनमा सबैभन्दा पहिले भगवान्को कुन मूर्तिमा वा कुन तस्बिरमा मेरा आँखा परेका थिए होला? अहँ, त्यो पनि पटक्कै याद छैन। र, त्यो नयादप्रति पनि खासै कुनै गुनासो गर्नु छैन मलाई, किनकि भगवान् भनेको आँखाले देखिने कुनै त्यस्तो भौतिक अस्तित्व पनि त होइन। तर आफूले उहिलेदेखि अहिलेसम्मै सम्झन कहिल्यै नर्बिसिएको एउटा कुरामा भने सारै ठूलो सन्तोष छ मलाई। सम्झन्छु, ९–१० वर्षको त्यो अबोध उमेरमा मैले एक दिन पिताजीसमक्ष अचानक जिज्ञासा राखेँ– "भगवान् भनेको के हो?" जवाफमा पिताजीले भन्नुभयो– "पवित्र भावना।" केटाकेटी उमेर जो थियो, जिज्ञासा किन त्यति सजिलैसित साम्य हुन्थ्यो र? फेरि अर्को जिज्ञासा ओछ्याएँ– "त्यो कहाँ बस्छ?" मेरो सानो हात पिताजीले समाउनुभयो र उठाएर मेरो छातीमा छुवाउनुभयो र भन्नुभयो– "यहाँ बस्छ।" फेरि सोधेँ– "त्यसो भए पूजा कोठाको भगवान्लाई किन पूजा गरेको त?" यो प्रश्न सुनेपछि भने उहाँ मलाई हेरेर मुसुक्क हाँस्नुभयो र भन्नु भयो– "ठूलो भएपछि यो कुरा तिमी आफै बुझ्छ्यौ।"

मलाई थाहा छैन, जीवनमा म कहिलेबाट 'ठूलो' भएकी हुँ। स्मरणीय छ, 'ठूलो' हुनु भन्नुको मतलब व्यक्तिको उमेर बढ्नु मात्र कदापि होइन, तर यत्ति चाहिं पक्का थाहा छ, पिताजीले अर्थ्याउनुभएको भगवान्को त्यो अर्थ मेरो मनमा उति बेलै हो छापिएको जुन अझैसम्म यथावत् छ।

हो, हरेकले आफै ठम्याउनुपर्छ भगवान्को अर्थ। अरूले बुझाएर बुझिने विषय होइन भगवान्। हरेकले आफैभित्र खोज्नुपर्छ, बाहिरिया व्याख्या र प्रवचनमा भेटिने तत्त्व होइन भगवान्। आफ्नै अन्तश्चेतनामा भगवान्भक्त दर्सिन सक्नुपर्छ आफू, अरूलाई देखाउने वा देखिने भक्त भइनुको खासै कुनै तात्त्विकता हुन्न। बरु उल्टै त्यस्तो स्थितिले

त मान्छेहरूका मनमा भगवान्को नाममा अनेक अन्धताको व्याप्ति बढाइदिन सक्ने सम्भावना प्रचुर मात्रामा रहन्छ। मलाई लाग्छ, त्यस्तो अन्धता वास्तविक भगवान् भावप्रति ठूलो भार हो। ठूलो ज्यादती हो।

'वास्तविक भगवान्' भन्ने शब्दावली उच्चारण गरेँ मैले यहाँ। तर नसोच्नू तिमीले, यसो भन्नुको मतलब म भगवान्को कुनै त्यस्तो ठोस् भौतिक स्वरूपको कल्पनामा विश्वास गर्छु।

'भगवान् छ' यो कुरा म मान्छु, तर त्यो मान्छेभन्दा बाहिर होइन, मान्छेभित्रै छ भन्ने मेरो बुझाइ हो। म ठान्छु, भगवान् मनको विश्वास हो, अन्धविश्वासको विकृति होइन। भगवान् मनको अडेस, आडम्बरको झेल होइन। आस्थाको स्वरूप हो, सत्ताको खोजी होइन। श्रद्धाको समर्पण हो, विधिविधानको रूढि होइन। न त पूजाको नाममा देखावटी कर्मकाण्ड नै हो भगवान्। देखावटी कुरामा त मान्छेलाई मात्र हो आकर्षण, भगवान्लाई त्यस्ता कुराको के आवश्यकता? के प्रयोजन?

हेर त, भगवान् साँच्चै कति सन्तोषी छ! पूजा कोठा, मन्दिर, मस्जिद, चर्च, भित्ता वा पाटीपौवा, खोपा, टुँडाल, देउराली वा नदी किनार मान्छेले जहाँजहाँ सजाओस् त्यहींत्यहीं भगवान् चुपचापसित सजिएर बसिदिन्छ। 'यहाँ बस्छु, त्यहाँ बस्दिनँ' भनेर रोजीछाडी कहिल्यै गर्दैन। मान्छेहरू चाडपर्वको नाममा कतिपय बेला भने भगवान् को मूर्तिसामु नैवेद्यमाथि नैवेद्यको उरुङ लगाइदिन्छन्, तर अघिपछि भने सामान्य रूखासुक्खामै टारिदिन्छन्। त्यसले भगवान्लाई कुनै फरक पर्दैन। भगवान्लाई न कहिल्यै अजीर्ण हुन्छ न त ग्यास्टिक नै हुन्छ। मान्छेहरूले जति ढोगून्, मनका बिलौनाहरू जति पोखून्, भगवान् कहिल्यै वाक्किँदैन। थरीथरीका भक्तहरू थरीथरीका प्रार्थना गर्छन्। सबैका सबै थरीका प्रार्थनाहरू ऊ समानान्तर रूपमा सुनिदिन्छ। 'भो, अब सुन्दिनँ' भगवान् कहिल्यै भन्दैन, न त 'यसको कुरा सुन्छु, त्यसको सुन्दिनँ' भनेर भक्तहरूप्रति ऊ पक्षपात नै गर्छ। आफूछेउ पुकार गर्न आउनेहरूप्रति 'आए' भनेर न ऊ बढी रिझिन्छ न त नआउनेहरूप्रति 'आएनन्' भनेर कहिल्यै चिढिन्छ नै। चाकडी र मानको भोक त मान्छेलाई मात्र हो, भगवान्लाई यी सब कुराको के खाँचो? केको चासो? साँच्चै भगवान् कति निस्पृह छ हगि? यो निस्पृहता भगवान्को शक्ति हो कि सीमा? कहिलेकाहीं यो मनमा यस्तो हावा प्रश्न पनि उठिदिन्छ त्यत्तिकै। र, लगत्तै मनमै उम्रिन्छ फेरि सही जवाफ पनि यसरी– सीमा वा असीमा केही पनि होइन भगवान्, ऊ त मात्र भावना हो, पवित्र भावना हो। ऊ त मात्र दृष्टि हो, सम्यक् दृष्टि हो।

जीवन र प्रकृतिको नियम एवम् रहस्यहरूको सम्बन्धमा सम्पूर्ण कुरा नबुझीकनै पनि बुझेको झैँ गरी बाँच्नुपर्ने आस्तित्विक बाध्यता छ मान्छेलाई। त्यो बाध्यताको बोझलाई छल्न र अज्ञात अवस्थाले उत्पन्न मनको भयलाई व्यवस्थापन गर्न भगवान् तत्त्वको अवधारणा मान्छे आफैले सिर्जाएको हो यो जगत्मा। असमाधित कैयौं प्रश्नको

कहाली चारैतिर जसरी असरल्लिएको छ जीवनमा, ती कहालीहरूलाई कतै अज्ञात खोपामा थन्क्याएर अलि सजिलोसित भोग्न यो जीवनलाई मान्छे आफैले निर्माण गरेको भगवान् भन्ने शक्ति। उहिल्यै डार्विनको विकासवादी सिद्धान्तले हरेक कुरा प्रकृतिजन्य प्रक्रियाको परिणाम हो भन्ने विज्ञान ठम्याए पनि प्रकृतिको नियम र रहस्यहरूप्रतिको मान्छेका सम्पूर्ण जिज्ञासाहरू खै थिए र उत्तरित हुन सकेका? अझ उहिलेको कुरा मात्र होइन, आजकै कुरा पनि उस्तै हो। आज विज्ञानले संसारमा जति नै विकास गरे पनि, कारण र परिणामहरूबारे प्रमाणका साथ पुष्टि गर्न विज्ञानले जति नै धेरै सफलता प्राप्त गर्न सकेको भए पनि अप्रमाणित सत्यहरू अझै कति छन् कति यो चराचर जगत्मा। त्यसैले पनि भगवान्प्रति आस्थावान् नभई रहन सक्दैन मान्छे। भगवान्प्रतिको आदिम आस्थाबाट हत्तपत्त विच्छेदित हुन सक्दैन मान्छे। मलाई यहाँनिर महान् वैज्ञानिक अलबर्ट आइन्सटाइनलाई सम्झिन मन लाग्यो। त्यति ठूला भौतिकशास्त्री थिए, तर पनि आस्तिकताप्रतिको आफ्नो आत्मिक अनुरागबाट कहिल्यै विरत भएनन् उनी। स्पष्ट शब्दमा भनेका उनले– "भगवान्को भौतिक अस्तित्व छ भन्ने कुरा म मान्दिनँ, तर पनि म नास्तिक होइन।" यो भनाइबाट बुझिन्छ, आइन्सटाइनको आस्तिकता परम्परागत रूढ भगवान्वादिताको द्योतक थिएन, मानवीय अस्तित्वको प्रकृतिप्रदत्त सीमाप्रतिको हार्दिक स्वीकारोक्ति थियो।

यस्तै खालको आशय ध्वनित हुने कुरा अरू पनि कतिले भनेका छन् भनेका छन्, कति पुस्तकहरूमा लेखिएका छन् लेखिएका छन्। त्यस्ता भनिएका र लेखिएका कुराहरू यहाँ सबै सम्झेर के साद्दे? मलाई लाग्छ, खास गरी भगवान्जस्तो अमूर्त विषयलाई बोध गर्न केवल भनिएका-लेखिएका कुराहरू सुन्नु-पढ्नुले मात्र कदापि पर्याप्त हुँदैन। हरेकले आफैसित सोध्नुपर्छ भगवान्को परिभाषा, आफैभित्र खोज्नुपर्छ भगवान्को सत्त्व। त्यो सत्त्वलाई पुज्ने विधि हरेकले आफै तय गर्नुपर्छ। पूजाको विधिविधान पूरा गर्ने नाममा आफूभित्र अन्तश्चेतनामा विराजित वास्तविक भगवान्बाट कतै टाढा नभइयोस्, यो कुरामा हेक्का राख्न कदापि भुल्नु हुन्न कसैले। मन्दिर र मूर्तिहरू त आस्थाका प्रतिबिम्ब मात्र हुन्, बस। वास्तविक आस्थाको वास त व्यक्तिको हृदयभित्र हुन्छ। म ठान्छु, त्यो आस्थाको बोध गर्न सक्नु नै पूजाको खास अर्थ हो। त्यस विधिको पूजाले मन हलुको हुन्छ। हलुको मनमा मात्र पवित्रताको वास हुन्छ। पवित्र मन सधैँ कल्याणी हुन्छ, सबैप्रति सधैँ त्यो न्यायी हुन्छ।


मैले सुरुमै पनि तिमीलाई भनेँ, अन्त्यमा पनि फेरि एक चोटि भन्छु– यो संसारको रमाइलो जगेर्ना गर्ने काम मान्छेको हो। ऊ नै यो संसारको रमाइलोको सबैभन्दा ठूलो उपभोक्ता हो र यसको जतनको जिम्मेवारीमा पनि सबैभन्दा ठूलो भूमिका उसैले निर्वाह गर्छ, उसैले गर्नुपर्छ। आफ्नो यो जिम्मेवारी निर्वाहमा चुस्तदुरुस्त भइनका लागि हरेक मान्छेले आफूभित्रको वास्तविक भगवान्लाई जगाइराख्नुपर्छ, इमानदार मनलाई

बचाइराख्नुपर्छ। त्यो बचावले उसलाई जीवनमा नकामहरू गर्नबाट सधैँ रोक्छ, सधैँ छेक्छ र आफू र आफू बाँचिरहेको यो संसारको रमाइलोमा रमाइलो थप्न उत्प्रेरणा मिलिरहन्छ सधैँ। वास्तवमा संसारको रमाइलोमा रमाइलो थप्न जीवनमा त्यसरी मान्छे अघि सर्नु भनेको उसले आफू र आफूभित्रको भगवान्‌लाई एकैसाथ न्याय गर्न क्षमता देखाउनु हो। र, त्यही क्षमताको आराधना नै त हो आस्तिक हुनुको वास्तविक अर्थ पनि। बुझिराख तिमी, मान्छेहरूबाट भगवान् यथार्थमा सधैँभरि केवल न्यायकै अपेक्षा गर्छ नकि अन्ध पूजाको। भगवान् सधैँभरि मान्छेको व्यवहारमा पवित्रताको मात्र खोजी गर्छ नकि अनावश्यक ढोङको, नकि अतिरञ्जित कथा र उपकथाहरूको जडान र जोडको।

●

भीष्म उप्रेती

# जीवनका लागि



देशमा लकडाउनका लागि प्रसारित एउटै सरकारी सूचनाले सम्पूर्ण जीवनलाई घर परिसरको साँघुरो पर्खालभित्र सीमित तुल्याइदियो। यो अचानक भयो। अचानक किनभने यो अवस्था सर्वथा अनपेक्षित थियो। अघिल्लो दिनसम्म कोभिड-१९ ले सिर्जना गर्न सक्ने समस्याको डरलाई समेत साथमा बोकेर भए पनि घरबाहिर खुल्ला आकाशमुनि हिंडिंदै थियो। अब के गर्ने ? जीवनको एउटा गति, प्रवाह र आदत अचानक रोकिएपछि कसरी दिन बिताउने ? समयको व्यवस्थापन कसरी गर्ने ? त्रासदीपूर्ण मानसिकताको व्यवस्थापन कसरी गर्ने ? अन्योल र अलमलमा बिते दुई दिन। तर तेस्रो दिनको बिहानै पाँच बजे आँखा खुल्दा घरबाहिरको आफ्नो सानो बगैँचामा चराहरूले चिरिबिरी गाएको सुनेँ। एकछिन ध्यान दिएर सुनेँ। साँच्चै केही चराहरू भेला भएर बिहानी बोलाइरहेका थिए।

आहा !

अचानक चङ्गा भएँ। मैले उठेर झ्यालबाट ती चराहरूलाई हेरेँ। ती समयको दुश्चक्रभन्दा माथि उठेर निस्फिक्री पूर्ण जीवन बाँचिरहेका थिए। मैले त्यो विषम परिस्थितिमा पहिलो प्रेरणा तिनीहरूबाट लिएँ। माथि आकाशतिर फर्केर हेरेँ। त्यो एकदम गाढा नीलो थियो र बीचबीचमा सेता बादलका बुट्टाहरू थिए। उत्तरतिर मुस्कुराइरहेका अटल सेता हिमालहरू थिए। प्रदूषण स्वाट्टै घटेको थियो र प्रकृति नयाँ कलेवरमा देखिँदै थियो। मैले दोस्रो प्रेरणा त्यहाँबाट लिएँ। त्यसपछि मैले बिस्तारै आफ्नै छातीको धड्कनसमेत सुनेँ।

सोचेँ– अब मैले बाटो भेट्टाएँ, अब मैले दृष्टि भेट्टाएँ, अनुभव र गति भेट्टाएँ। अब मलाई कोभिड-१९ को आतङ्कले तर्साउन सक्दैन, मेरो गति र सिर्जनात्मकतालाई यो अचानकको गतिहीनताले अवरुद्ध गर्न सक्दैन। मेरो बाँच्नुलाई यो मानव सभ्यतामाथि देखा परेको विपत्तिले कमजोर पार्न र चुँडालेर लैजान सक्दैन। त्यसपछि हरेक दिन दिउसो एकछिन चराहरूको प्रेम र फुरफुर हेर्न थालेँ, उनीहरूको सुमधुर सङ्गीत सुन्न थालेँ र आफू ताजापन एवम् सिर्जनात्मकताले झङ्कृत भइरहेँ। बोटबिरुवामा पलाएका नव पल्लवहरू र तिनमा चढिरहेको हरियो रङ हेर्न थालेँ। वायुमण्डलमा मेसिनको आवाज र धूवाँ मडारिन छाड्यो, धूलो र दुर्गन्धको अनुभव हुन छाड्यो।

एक दिन मैले ॐ शान्तिकी शिवानीको प्रवचन सुनेँ। उनले भनिन्– "एक्सपेक्टेसन (अपेक्षा) र एक्सेप्ट (स्वीकार) दुई वटा शब्द सुन्दा उस्तै लाग्छन्, तर यिनमा ठूलो फरक छ। एक्सपेक्टेसनमा हाम्रो स्वार्थी प्रवृत्ति झल्किन्छ जसमा हामी आफूले चाहेजस्तो होस् वा हुनुपर्छ भन्ने खोज्छौँ। एक्सेप्टमा त्याग र समर्पण छ जसमा हामी जुन वस्तु वा कुरा जस्तो छ त्यस्तै रूपमा स्वीकार गर्छौं। एक्सपेक्टेसन हाम्रो दुःखको कारक हो। एक्सेप्ट एक किसिमले दुःखको निवारण अथवा शान्तिको कारक हो।" म पनि लकडाउनका सुरुका केही दिन अपेक्षा गरिरहेको थिएँ। प्रकृति र समय दुवै मेरो अपेक्षामा चल्ने कुरो थिएन। शिवानीले भनेजस्तै त्यस अपेक्षाले मलाई दुःखी बनाइरहेको रहेछ। जब मैले एकाबिहानै चराहरूको जीवनले भरिएको आवाज सुनेँ, हरियो प्रकृतिले अँगालो हाल्न हात फैलाइरहेको देखेँ, नीलो अनन्त आकाशबाट अक्षय सूर्यले ताप र प्रकाश मैतिर बिना अपेक्षा फ्याँकिरहेको देखेँ, मैले जीवनलाई अनुभूत गरेँ। मेरो अपेक्षा स्वीकारोक्तिमा परिणत भयो। यसले मभित्र अनन्त उत्साह, उमङ्ग तथा सिर्जनशीलता थपिदियो। मैले जीवनलाई अर्कै दिव्यतामा अनुभूत गर्न थालेँ।

बङ्गलादेशको राजधानी ढाकामा बस्ने मेरी एक जना कवि साथीलाई म स्नेह र आदरले बहिनी भन्छु। उनी राम्रा कविता, निबन्ध र समालोचना लेख्छिन्। उनले अक्तो भियो पाज र सिल्भिया प्लाथजस्ता विश्वप्रसिद्ध कविहरूका कवितालाई बङ्गलामा अनुवाद गरेर प्रकाशित गरेकी छिन्। उनी कलेजमा पनि पढाउँछिन्। उनी अति भावुक छिन्। छिनछिनमा समाजमा भएका ससाना घटनाहरूमा समेत भावुक एवम् डिस्टर्ब हुन्छिन्। भन्छिन्– "म कामै गर्न सक्दिनँ, मलाई दिक्क लाग्यो। कोभिडले आज यति मान्छे मरे। तिनको के दोष थियो ? किन गरिब मान्छे मात्र मर्छन् कोरोना लागेर ?"

मसँग उनलाई दिने जवाफ छैन। तर म उनलाई सोध्छु– "तिमी यसलाई रोक्न सक्ने सामर्थ्य राख्छ्यौ ? संसारभरिका सबै गरिबदुःखीलाई गरिबीबाट माथि ल्याउन तिमी सक्छ्यौ ?"

उनी भन्छिन्– "छैन, सक्दिनँ।"

"त्यसो भए तिमी आफ्नो क्षमताभन्दा बाहिरको कुरामा किन दुःखी हुन्छ्यौ ? तिमीले अपेक्षा होइन, स्थितिलाई स्वीकार गर्नुपर्छ। तिमीले आफूलाई सजाय दिनु हुँदैन।

तिमी सिर्जनात्मक बन। यस विषमतालाई जित्ने उपाय भनेको तिमी सकेजति धेरै सिर्जनशील बन्न सक्नु हो। यो समय प्रकृतिले सायद यसैका लागि दिएको हो। तिमी भागदौड र चिन्ताबाट माथि उठ र आफूभित्र प्रवेश गर।" म उनलाई भन्छु।

उनी तत्काललाई खुसी हुन्छिन् र पुनः सृजनात्मक कार्यमा लाग्छिन्। तर जबसम्म उनी आफैले यो सत्य अनुभूत गर्दिनन्, जबसम्म उनकै घरअगाडिको हरियो वृक्षलाई, नीलो आकाशलाई, कुलुकुलु बगिरहेको खोलीलाई वा हावालाई, नित्य मगमगाउन लगाउने फूलको महकलाई हेरेर, अनुभूत गरेर तीबाट प्रेरणा लिन सक्दिनन्, उनी स्थायी खुसीमा प्रवेश गर्न सक्दिनन् र प्राप्त हुन सक्ने अपार आनन्दबाट विमुख हुन्छिन्।

मेरो कुरा अर्को किसिमले ठ्याक्कै शिवानीले भनेकै कुरा हो। मेरी बङ्गलादेशकी साथीले जसरी सोच्छिन्, संसार त्यस्तो भइदिँदैन। प्रकृतिको आफ्नो नियम छ, आफ्नो गति र गन्तव्य छ। हामी मान्छेले विकास, समृद्धिको नाममा होस् वा सभ्यता निर्माणको नाममा आफ्नो अहङ्कारको तुष्टिका लागि होस्, प्रकृतिलाई पटकपटक अनि अनधिकृत किसिमले दोहन गऱ्यौँ, हडप्यौँ, नष्ट गऱ्यौँ। हामीले धेरै निर्दोष रगत बगायौँ, धेरै कलिला सपनाहरू चुँड्यौँ। हामीले प्रकृतिको गति र नियमलाई बारम्बार तोड्यौँ र उसको बाटो छेक्यौँ। जीवनको होस् वा प्रकृतिको, लय भत्केपछि अप्ठ्यारो हुन्छ। तर म उनलाई यही सत्य बुझाउन असमर्थ भइरहेको छु। उनलाई पटकपटक दुःखी भइरहेको देखिरहेको छु।

उनी एउटा उदाहरण मात्र हुन्। यस दुनियाँमा उनीजस्ता लाखौँ, करोडौँ मान्छे छन्।

मैले भने कोभिडको त्रासले विश्वलाई तर्साइरहेको समयमा यस सत्यलाई सुरुमै स्वीकार गरेँ। मलाई मेरो बगैँचामा नाचिहिँड्ने ससाना चराहरू र पुतलीहरूले यो रहस्य बताइदिए। मैले जीवनमा धेरैतिर छुटेका, टुटेका सिलसिलाहरूलाई जोड्ने, अधुरा कामहरू पूरा गर्ने, केही अर्थपूर्ण नयाँ कामहरूको शुभारम्भ गर्ने अवसर पाएँ। दुनियाँ साह्रै व्यक्तिवादी बन्दै गएको यो समयमा पारिवारिक हुने, अनुभूति, भावना र प्रकृतिको एकदमै नजिक हुने, तिनलाई अनुभूत गर्ने अवसर पाएँ। म धन्य छु प्रकृति र समयसित।

यसपछि मलाई कोभिड-१९ ले मेरा पखेटाहरू काटिदिएको अवस्था एक दिन पनि बोझ भएन। एकक्षण पनि यो समय सकसपूर्ण भएन। मेरो वरिपरि किताबहरू थिए मेरा साथीहरू। उनीहरू चाहन्थे, म उनीहरूलाई स्पर्श गरूँ, उनीहरूभित्र प्रवेश गरूँ र त्यहाँको छुट्टै विचित्रको संसारमा विचरण गरूँ; तर एकक्षण पनि, एक पल पनि समय खेर नफालूँ, उदास र निराश नबनूँ। किताबहरूसँग त म सधैँ हुन्थेँ, तर हुन्थेँ मात्र। मैले किताबसँग फेरि गहिरो मित्रता गरेँ लकडाउनको अवधिमा। अहा! जीवन रङहरूले भरिएजस्तो, वसन्तको रङ्गीन र सुबास्नायुक्त बागमा प्रफुल्ल प्रवेश भएजस्तो, विचारका नयाँनयाँ झ्यालढोकाबाट प्रकाशहरूले प्रवेश गरेर आफूभित्र कतैकतै धमिलो भएको संसारलाई नै उज्यालो पारिदिएजस्तो, जगमगाइदिएजस्तो। त्यो अनुभूति ठ्याक्कै कसरी व्यक्त गर्नु?

एउटा किताबले अर्को किताबसँग मेरो अनुपस्थितिमा मेरो कुरा कहिल्यै काटेन। मेरो बारेमा भएनभएको कुरा लगाएर अर्को किताबको कान भरेन। सबै किताबहरू मेरा लागि उत्तिकै प्रिय भए। कसैले मलाई मनोरञ्जन दिएर खुसी बनाए, कसैले मलाई अन्धकारसँग सामना गर्ने र जीवनका लागि आवश्यक अँध्यारोको भागलाई नै पनि स्वीकार गर्ने उपाय सिकाए र मेरा लोलाउँदै गएका आँखा खोलिदिए, कसैले मलाई दिव्य ज्ञानको प्रकाश दिएर अगाडिको बाटो देखाइदिए, संसार घुमाए। तर कोही पनि मसँग रिसाएनन्, कसैले पनि केही मागेनन्, गुनासो गरेनन्।

मसँग मेरो अर्को साथी छ ल्यापटप। ल्यापटप खोलेँ र लेखेँ

## घरमा बन्द

जब एउटा अदृश्य भाइरसले
मान्छेको श्रेष्ठताको अहम्माथि टेकेर अट्टहास गऱ्यो
दौडिरहेको सहर ठिङ्ग रोकियो
लकडाउन भयो समय
अचानक मृत्यु भयो–
हतारको
भागदौडको
औडाहा, आरिस र असन्तुष्टिको।

चराको चिरिबिरी आवाजले
प्रभातको शुभ धुन बजायो
साँझको आरती गायो
अनन्त आकाश जीवनको उत्साहजस्तो नीलो मुस्कुरायो
पर हजुरबाजस्तो सेतो हिमाल
आशीर्वादका लागि लयबद्ध भई उठ्यो।

मेरो घरको सानो बगैँचाले
मुस्कुरायो इन्द्रेनी मुस्कान
र मेरो स्वागतमा हात फैलायो।

अचम्मसँग अनुराग मगमगायो
फर्केपछि उदात्त प्रकृतिको अँगालोमा
जीवनले प्राण पायो।

अर्को दिन मैले फेरि अर्को अनुभूति लेखेँ–

## सबैभन्दा ठूलो खुसी

आज बिहान पनि ब्युँभियौ तिमी
यो आजका लागि
तिमीले पाएको सबैभन्दा ठूलो खुसी हो।

निराश हुनलाई
रुनलाई
त्यस्तो कुनै असफलता छैन तिमीसँग
प्रकृति तिमीलाई मुस्कान दिन तयार छिन्
रङहरू दिन तयार छिन्।

अब उठ अनि कृतज्ञ होऊ
विनम्रताको गीत गाऊ
आशा र भरोसाको गीत गाऊ
तिम्रो मुटुले सङ्गीत बजाइरहेको छ
तिम्रो श्वासप्रश्वास लयमा छ
गति समात्न तम्तयार छ
तिम्रो पाउ।

यसरी मैले पचासौं कविता लेखेँ। निबन्ध, संस्मरण र व्यक्तिचित्रहरू लेखेँ। असन्तुष्टि, उकुसमुकुस र डिप्रेसनले मतिर आँखा उठाएर हेर्ने अवसर नै पाएनन्। मैले आजसम्म कहिल्यै नभेटेको, नदेखेको, अनुभूत नगरेको प्रकृति र जीवनलाई अँगालो हालेँ।

हामी सबैलाई थाहा छ, जीवन हामीले सोचेजस्तो मात्र हुँदैन। समय कहिल्यै पनि हाम्रो वशमा हुँदैन। तर यी दुवै कुरालाई हामीले जीवनको पक्षमा सर्वोत्तम किसिमले उपयोग गर्न भने सक्छौं।

मैले आफ्नै बगैंचाको फूललाई पानी हाल्न थालेँ बिहानबेलुका। उनीहरूको भुइँ खोस्रन थालेँ। उनीहरू मसँग मुस्कुराउन र कुरा गर्न थाले। म कतै गएर फर्कंदा उनीहरूले स्वागत गर्न थाले। बोटबिरुवा हरियो हुँदै गए, हावाको मन्द स्पर्शमै पनि उनीहरूका पातहरूले नृत्य गरेको देख्न थालेँ। चराहरू यिनै वृक्षका हाँगामा बसेर प्रेम गर्छन्, गीत गाउँछन्, नाच्छन्। हतार, महत्त्वाकाङ्क्षा, भागदौड र चुक्लीहरूमै जीवनको कति समय अलमलिइरहेको मैले जीवनतिर फर्कन यिनै प्रकृतिबाट सिकेँ। आफूभित्रको दैत्य र ईश्वर दुवैलाई पर्गेल्न सकेँ। र, आफ्ना लागि चाहिने खुसी, आनन्द र अर्थ कसरी प्राप्त गर्ने भनेर सोच्न र प्राप्त गर्न सक्ने भएँ।

मैले दक्षिण एसियाभरिका कविहरूलाई सम्पर्क गरेँ। उनीहरूसँग उनीहरूका उत्कृष्ट कविताहरू र तिनलाई अनुवाद गर्ने स्वीकृतिसमेत मागेँ। म परेँ अब भावनाको,

अनुभूतिको, विचार र मनको संसारमा। त्यहाँ त अनेक थरीका प्रकाशहरू रहेछन्, अनेक थरीका गुम्फनहरू रहेछन्, अँध्याराहरू पनि रहेछन् कहींकतै। मान्छेका भावनाहरू जहाँ जुन संस्कार, संस्कृति र भाषाको बीचमा भए पनि उस्तै, एउटै। मलाई गजब लाग्यो। म उनीहरूका कविताहरूभित्रको उज्यालोले उज्यालिएँ, मैले भावना र अनुभूतिमार्फत मान्छेहरूको मनलाई स्पर्श गरेँ। कतिकति पटक त लाग्यो, म ईश्वरलाई भेटिरहेछु र स्वार्थभन्दा अलि माथि उठेर आशीर्वाद मागिरहेको छु, पाइरहेको छु। म बिहानबेलुका प्रार्थना गर्न बस्दा सधैं कामना गर्ने गर्छु– हे ईश्वर, मभित्र अहङ्कार कहिल्यै नआओस् र कर्मको बाटामा हिंडिरहँदा थकाइ कहिल्यै नलागोस्। म विश्वभरिका मानव जातिलाई उपयोगी हुने कुरा सिर्जना गर्न सकूँ।

अनि एक दिन कविताहरूबाट बाहिर निस्केर हेरेँ थाहै नपाईकन, तर दक्षिण एसियाभरि सिर्जनशील मान्छेहरूसँग मेरो एउटा सञ्जाल बनिसकेको रहेछ। यो सञ्जाल अझ फैलिएर सिङ्गै एसिया, युरोप, अमेरिकी महादेश र अफ्रिकातिर पनि लम्किरहेको छ। सोच्दै छु– यो ठूलो सम्पत्ति हो मेरो, जीवनपर्यन्तका लागि आशीर्वाद हो। म यसलाई समातेर धेरै काम गर्न सक्छु।

अहिले यसरी लेखिरहेको बेलामा कोभिडको दोस्रो लहर बेस्सरी उठेको छ मेरो वरिपरि र संसारभरि नै। र, म फेरि निषेधाज्ञाको सरकारी सूचनाले सबै मान्छेले देख्दा घरभित्रै सीमित भएको छु। तर म वास्तवमा घरभित्र सीमित छैन। म यसै बेला पुनः एक पटक निस्केको छु संसारको भ्रमण गर्न। यो अर्को अवसर हो मेरा लागि मानव जातिलाई बाँच्न र आशा जगाउन उपयोगी हुने सामग्रीहरूको सिर्जना गर्ने। म पुनः एक पटक ध्यानस्थ हुन गइरहेको छु जीवनका लागि।

●

लक्ष्मी उप्रेती

# खुसी : उज्यालो मानचित्र



आखिरमा खुसी भनेको के हो, दर्शन हो कि आत्मज्ञान? यो कुनै निर्वाणप्राप्तिको ध्यान हो कि? आजका मानिस हरपल खुसीको खोजीमा हुन्छन्। जीवनलाई सार्थक र सुन्दर बनाउन खुसीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले नै होला यसको खोजमा लागिरहन्छन्, लागिरहेछन् सबैजना। यसैले जतिसुकै मूल्यमा पनि किन्न नसकिने खुसी भन्ने कुरा आफैभित्रबाट आउने तरङ्ग हो कि के हो? के यो कसैले भन्न सक्छ? आफैबाट सुरु

भएर आफैसँग अन्त हुने मानिसको खुसी विचित्रको लीला हो कि के होला? अन्योल हुँदाहुँदै पनि सहीजस्तो पनि लाग्छ जुन आफैभित्रबाट उजागर गरेर सन्तुष्टि प्राप्त गर्नु र बाहिरी खोजमा नभौँतारिनु हो सायद। यसैले खुसी भेट्नेहरू भन्छन्– सकारात्मक भावना लिएर प्राप्त हुने खुसीमा शक्ति प्रवाह भइरहेको हुन्छ। आफ्नो वरिपरिको परिवेशलाई क्रान्ति भावले हेर्न सके हाम्रो मनमष्तिष्क शान्त हुँदै आनन्दित हुन्छ। त्यही आनन्द नै खुसीको एउटा अवधारणा हो जस्तो लाग्छ मलाई त।

खुसी शब्दको सटीक अर्थ नै केलाई भन्ने हो, थाहा छैन मलाई। तर यो अनुभूत गर्ने कुरा हो कि जस्तो पनि लाग्छ। कहिलेकाहीँ के कारण र किन कसबाट खुसी भइयो भन्ने हेक्कासमेत नरहेर पनि खुसी हुन सकिने रै'छ। यसैले परिभाषित नै नहुने खुसीको दर्शन भन्नु नै सबैका बारेमा राम्रो सोचेर आफू बाँचेको युग हाँक्नु हो सायद। क्षणक्षणमा खुसी हुनु र निराश हुनु मानव जीवनको अनौठो तारतम्य, कस्तो विचित्रको! त्यसैले त दुःखमा नआत्तिनू र सुखमा नमात्तिनू भन्ने एउटा उक्ति छ। यसलाई मनन गरेर चल्नु नै खुसीको सौन्दर्य हो जस्तो पनि लाग्छ।

खुसीका पनि असरल्ल स्रोतहरू छन्– शारीरिक खुसी, मानसिक खुसी, भावनात्मक खुसी, आध्यात्मिक खुसी आदि। खुसीको न कुनै मानक छ न त धेरथोरको वजन हुने कुनै सम्भावना नै छ। खुसी आफ्नै विचारबाट सिर्जना गर्न सक्ने वास्तविकताको सुन्दर सरोवर मानेर आफैले खोज्न जान्नु नै जीवन हो भन्न मन लाग्छ। खुसी सकारात्मक समयको सुगम यात्रा भएकाले नकारात्मक भाव राख्नेहरू न आफू खुसी हुन सक्छन् न त अरू खुसी भएको हेर्न सक्छन्। अनि केही सीप नचलेपछि आफ्नो सारा बल अर्काको अहितमा लगाएर खुसी हुनुको ढोङ रच्दै खुसी हुनै नसकी जीवन समाप्त पार्छन्।

खुसी क्षणिक या लामो समयका लागि कसैले केमा प्राप्त गर्छन्, कसैले केमा, भन्न नै नसकिने रहेछ। कोही धन कमाएर खुसी हुन्छन्, कोही प्रेम मिलनमा, कोही दुखिरहेको शरीर र मन सन्चो हुँदा खुसी हुन्छन्। कोही अर्कालाई दिन पाउँदा खुसी हुन्छन्, कोही अरूबाट लिन पाउँदा खुसी हुन्छन्, कोही आफूले सोचेको काम गर्न पाउँदा। कोही भगवान्को साधनामा लीन भएर, कोही कसैको मधुर बोलीमा। कोही सफलतामा, कोही सन्तानको उन्नतिमा। कोही अर्काको कुरा काट्न पाउँदा खुसी हुन्छन् आदि-आदि। तर यो पनि सत्य हो, सबै हाँस्नेहरू खुसी नभए नि हरेक बहाना र उपाय अपनाएर खुसी हुने प्रयास गर्छन्। समयअनुसार र परिस्थितिलाई मध्यनजर राख्न जाने खुसीका अनगन्ती तरङ्ग सलबलाउँदा छन्। एउटा संशयको कुरा आफूमा हुने खुसी बिर्सिएर मानिसहरू बाहिरी खुसी नै किन खोजिरहन्छन् खोइ?

म पनि कहिले खुसी हराउँदा कुनै न कुनै बहानाले खुसी हुने प्रयत्नमा अविश्रान्त लागिरहेछु। कुन कर्मबाट खुसी भइरहेछु भनेर कहिलेकाहीँ त म अन्यमनस्कतामा पनि पर्छु। अनि बिस्तारै चेतनाद्वारा प्राप्त भइरहेको खुसीबारे जब चिन्तन गर्छु अनि अड्कल

काट्दै आफैलाई बेस्कन मन पराएकी छु, त्यस बेला म खुसीले पुलकित भएका केही स्मृति पनि तरङ्गित छन्।

खुसी भनेको स्वतन्त्रताको एउटा सुन्दर बाटो हो जस्तो लाग्छ मलाई। रचनात्मक कर्मबाट खुसी हुनु त झन् कुरै नगरौँ। जीवनको हरेक पल खुसीको खोजी गर्ने र आनन्दको उत्सव मनाएर जीवन बाँच्ने सौभाग्य सबैलाई मिल्छ र? कहिले अलि बढी उत्साहित या उदासीनतामा आफ्नो सक्रिय भावना बदलिएर निष्क्रिय बनिने रै'छ। हुन त यसलाई आफैले स्वस्थ बनाउन सकिन्छ भन्ने पनि बिर्सिनु हुँदैन। मानिसहरू कठिन सङ्घर्ष र दुःखका बीच पनि खुसी नै हुन चाहन्छन् नि! यसो हुनुमा जीवन शक्तिको र सकारात्मक सोचको प्रभावलाई अघि सारेर केही प्राप्त गर्न सकिन्छ जस्तो लाग्छ मलाई त। यो खुसी भन्ने कस्तो लिप्सा हो, सुटुक्क आउँछ र कहिले दुःख छाडेर, कहिले नछाडी एकै क्षणमा हराउँछ। सधैँसधैँ खुसी हुनु निकै राम्रो कुरा हो। त्यसमा पनि कहिले काहीँको खुसी त जीवनभरको मीठो याद बनेर रहन्छ। जीवनमा निराशाका कुरा नसम्झी आशावादी रङमा खुसीले अघि बढ्न सके कति राम्रो!

राजनीतिशास्त्रका जनक दार्शनिक अरस्तु महान् दार्शनिक प्लेटोका शिष्य र विश्वप्रसिद्ध योद्धा तथा सम्राट् सिकन्दरका गुरु हुन्। उनी खुसीलाई आफैले आविष्कार गर्ने तत्त्व मान्छन्। मानव जीवनको मूलभूत उद्देश्य नै खुसी हुनु हो। एउटा लक्ष्यमा पुगेर निर्वाण प्राप्त गर्नु हो र कुनै पनि कामको सुरुवाती अवस्थाबाट नै प्राप्तिको आभास झल्कनु खुसी हुनु हो। उनले जीवनलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्ने अचुक औषधीका रूपमा परिपूर्ति गर्ने तत्त्व खुसी हो भनेर आफ्नो अवधारणा राखेका छन्। अनि फेरि अरस्तुले आफूद्वारा प्रतिपादित 'निकोमैकियन एथिक्स'-मा खुसीको यस्तो सिद्धान्त प्रस्तुत गरेका छन्। अरस्तुको खुसीको यो सिद्धान्त आजको परिस्थितिमा सान्दर्भिक देखिन आउँछ। उनले आवश्यकता पूरा हुँदा र राम्रो नाता-सम्बन्ध, सफलता, पैसा, शक्तिले छिटै खुसी हुने भाव व्यक्त गरेका छन्। हो नि, 'मै खाऊँ, मै लाऊँ' भन्ने यो समयको गतिमा यही त भइरहेको छ।

धनी-गरिब, विद्वान्-मूर्ख र सडकमा बसेर जीवन निर्वाह गर्ने जोकोही कुनै न कुनै अर्थमा खुसी छन्। धनी मानिसहरू मात्र खुसी हुन्छन् भन्ने तर्क यहाँ फेल हुन्छ, किनभने धनी र सुविधासम्पन्न व्यक्तिहरूभन्दा दिनभर ज्यालामजदुरी गर्ने खुसी हुन्छन्। धनीलाई तनाव र चिन्ताले जहिल्यै सताउँछ। समय दिन नपाउँदा सम्बन्धको डर, धनसम्पत्ति चोरी होला कि भन्ने डर अनि आफूलाई र आफ्ना प्रियजनलाई कसैले अपहरण गर्ला कि भन्ने चिन्ता, रोगले काम छुट्ने हो कि भन्ने लोभ आदि-आदि। अरू हात्तीमा चढेको देखेर धुरीमा चढ्ने महत्त्वाकाङ्क्षा पनि धन कमाउन थालेपछि नै बढ्छ। बाफ रे बाफ! कति हो कति खुसीका अड्चन त। तर यी सबै कारणले समय नै सङ्कटमा पर्दै गइरहेको हामीले अनुभव नगरेका छौँ र? अबको जीवन खुसीले बिताउँछु भन्यो, झन् दुःख बेहोर्नुपर्ने हरेक

मानिसको अवस्था झन्झन् जटिलताका साथ बढ्दै गएको छ। भित्रबाट अनुमोदन गर्ने खुसी बाहिर पाउने चाहनामा भौँतारिंदाभौतारिंदै आफ्नो अन्त भएको अधुरो जीवन प्रायःले भोग्छन् र भोगिरहेका छन् भन्ने कुरा पनि सोचनीय नै छ।

बुद्धले खुसी भन्नु पीडाको मुख्य कारण माने। यदि दुःखपीडा नहुने हो भने खुसीको आभास हुने कसरी? हो नि वास्तवमा यो कुरा त। बुद्धले आफ्नो सूत्रमार्फत दिमागलाई नियन्त्रण गरेर नै खुसीको मार्ग भेटिन्छ भन्ने एउटा उपाय पनि बताए, तर दिमागलाई नियन्त्रण गर्न पनि सक्नुपऱ्यो नि! यो सम्भावनाबाट त दैनिकी त्याग र तपस्याको सूत्रको उपाय देखाए। अनि अतीत र भविष्यको चिन्ता नगरी वर्तमानमा बाँच्ने पद्धतिले नै खुसी अनुभव गर्न सकिन्छ भन्ने जडको ज्ञान छाडे। मलाई पनि बुद्धले देखाएको बाटो नै मानव जातिका लागि उत्तम हो जस्तो लाग्छ। नत्र त यो संसारमा यति धेरै बुद्धका अनुयायी र भक्त कसरी हुन सक्थे, सोचौं त!

कुनै कुरामा असफल भइयो भने भोलि सफल हुने सोच बनाउनु र कसैलाई दोषी नठान्नु खुसीप्राप्तिको एउटा आधार हो। राम्रो समयको परख गर्न जाने यदाकदा खुसीहरू प्रशस्त हात लाग्छन्। प्रायः ४०–४५ प्रतिशत खुसी हुने कारण हाम्रो आफ्नै अधीनमा हुन्छ। बौद्ध दर्शनदेखि हिन्दू दर्शनमा र अन्य धर्मका दर्शनहरूले पनि खुसीका बारेमा लगभग एउटै अवधारणा प्रस्तुत गरेका छन्। अत्यन्त आवश्यक परेको व्यक्तिलाई सहयोग गर्दा प्राप्त हुने खुसीको मानव दर्शन पनि कम छैन। अमेरिकाका प्रसिद्ध तथा लोकप्रिय लेखक मार्क ट्वेनले खुसीबारे आफूलाई आफैले खुसी राख्ने सबभन्दा उत्तम तरिका अरूलाई खुसी बनाउने कोसिस गर्नु हो भन्दै अरूलाई खुसी पार्नु सबैभन्दा बढी खुसी भेट्नु हो भने। अरूको मुस्कानभित्र आफ्नो खुसी देख्नु र अरूको सुखभित्र पनि आफ्नो खुसी खोजेर प्राप्तिको आभास हुनु नै जीवनको अभिनव कायाकल्प हो सायद।

खुसीको सीमा नाघेर कोही रनभुल्ल परी हराउँछन् पनि। यस अवधिमा आफूलाई स्थिर राख्न हम्मेहम्मे नै पर्छ। जब स्थिर हुन्छन् तब खुसीको उमङ्गले के गरौं, के गरौं जस्तो लाग्छ। अनि आफूमा सुटुक्क मौलिक बोध उत्पन्न हुन्छ र जाग्रत् अवस्थाको सरोवरमा पुगेपछि एकाएक आनन्द भएको त्यो क्षण नै ध्यान बनेर प्रज्ञा बोधको तहमा पुग्छ। कहिलेकाहीं खुसीका ससाना कारण हुन्छन्। तिनलाई पनि म सकेसम्म र चेतनाले भ्याएसम्म आफूमा समेट्ने प्रयत्न गर्छु। कुनै सुन्दर वस्तु देखें भने म मानसिक रूपमा सुखद अनुभव गर्छु र यसलाई अनुमोदन गरेपछि खुसीका तरङ्ग उत्पन्न हुन्छन्। कुनै अमुक वस्तु पाउँदा त झन् खुसीले उत्पात हुन्छु। आफूले गरिरहेको सानोठूलो जस्तो काम होस्, त्यसमा खुसी मानी जीवनमा समेटेर रमाएको आभास प्रशस्त छ ममा। कहिले अदृश्य शक्ति बनी यही मन्त्र मेरो खुसीको आकाश बनेर आउँछ र मलाई नयाँ क्षितिज देखाउँछ।

वर्तमानमा आफूसँग प्राप्त वस्तुहरूमा खुसी नरही भविष्यको सपनामा मात्र खुसी खोज्नेहरू खुसी हुन सक्दैनन्। त्यस्तालाई आफूअगाडि भएको खुसीको आभास नै हुन्न।

अर्कालाई तनाव दिने, दुःख दिने मान्छे कहिल्यै खुसी हुँदैन र अर्कालाई खुसी दिने सधैँ खुसी हुन्छ भनेर त माथि उल्लेख गरिसकेँ। अनि अर्को कुरा जुन मान्छेको आचरण ठीक छैन, अर्काको अहितमा कुरा काट्छ र अल्छी छ ऊ कहिल्यै खुसी हुन सक्दैन।


सधैँ दुःखलाई नै ध्यान दिएर जहिल्यै दुःखी हुनुभन्दा खुसीकै कुरा सम्भे खुसी हात लाग्छ। जे कुरा मनमा लियो त्यही कुराले लखेट्छ र त्यही नै सक्रिय भएर अगाडि बढ्छ। खुसी परास्त गर्ने अर्थात् पाउने सबैभन्दा ठूलो शक्ति नै सोच हो। गीत गुनगुनाउनु, नाच्नु र जीवनको उत्सव मनाउने भाव उत्पन्न गर्नु खुसीको अनुपम सौन्दर्य हो। प्रेममा मिठास र निराशा दुवै हुन्छ। यो मिठास र निराशाबीचको निर्बाध खुसीलाई महत्त्व दिनु नै उत्तम उपाय हो। प्रेमको छलाङ मार्न पाउँदा खुसीको उन्मादी रूपमा आफूलाई संसारभन्दा पृथक् देख्नु र प्रेम छुट्नासाथ एकछिन अघिसम्मको खुसी एकाएक हराएर दुःखी हुनु– उफ्, मानव जीवन! के भनौँ? कुनै कुरामा छिटो खुसी हुने नै दुःखी छिटै हुन्छ।

जीवनलाई प्रेम गर्नेहरू जहिल्यै खुसी हुन्छन्। उनीहरूमा खुसीका तरङ्ग एकाएक उब्जिरहने गर्छन् र प्रफुल्ल हुन्छन्। जब मान्छे एकदमै प्रफुल्लित हुन्छ तब मात्र मन पनि प्रफुल्लित हुन्छ। उसमा एकाएक खुसीको मीठो भाव एकाकार हुन्छ। खुसी हुने मान्छे फूलजस्तै सुन्दर र स्वच्छ हुन्छ। प्रकृतिका हरेक अवयवजस्तै आभायुक्त हुन्छ ऊ। प्रकृतिको विरोध नगरी खुसी लिनु बुद्धत्व प्राप्त गर्नुजस्तै हो या प्रकृतिबाट तुष्ट भएर अनन्त खुसीको आभासमा रमाउनु साँच्चिकै खुसी हुनु हो। फराकिलो सोच भएकाले हरेकलाई खुसी हुने आशिष् दिन्छन्। सबैलाई मैत्रीमय देख्छन् र उनीहरू आस्थाको केन्द्रविन्दु बन्छन्। अनि आफ्नो अस्तित्वमा विचरण गर्न पनि उनीहरूलाई कहिल्यै कठिन हुन्न। संसार नै ओजस्वी काया देखेर खुसीले रमाउने सारत्व भेट्छन् सायद। जीवन रहुन्जेल जगत्लाई प्रेम गर्न अभिप्रेरित व्यक्तिको अन्तिम यात्रा पनि खुसीले तय हुन्छ। आखिरमा खुसी भनेको जीवनको मार्ग नै रहेछ। यो त भौतिक र आर्थिक सम्पन्नताको आधार स्तम्भ होइन, आत्माको जीवन बल पो रहेछ।

●

युवराज नयाँघरे

# रङको अलमल



रङको अन्तिम विन्दु रहेछ जीवन!

जीवनमा जत्तिको रङ अरू क्यैमा भेट्दिनँ म। जीवनले जत्तिको अँगालेको रङ अरू कसैले छैन। जीवनमा जत्तिको थिग्रिने रङ अन्यत्र कत्ति नि छैन। छँदै छैन। हो, छैन नै।

रङ भनेको भावना रहेछ। भावनासँग तर्क र व्यवहारको उठाबसी भइरहँदो रहेछ। यसैले रङको रूप र रूपको रङसँग दोहोरो नाता पनि रहेछ। यसबाट निरपेक्ष छैन कोही पनि। रहने जसको चेष्टा छ ती बित्थाको भुँवरीमा पर्छन्। गुजुल्टाले झन् कस्छ, फुत्किनेहरू हार्छन्।

रङ हेराइ पनि रहेछ। हेर्दा टाढा वा नजिक। देख्दा वर वा छेउमै। भेट्दा आफ्नै वा परचक्री। यी सबै तरङ्गले हृदयमा छिपछिपे उरालधुराल पार्छन्। रङसँगै भेटघाट जति गरे पनि जितेको खुसीले परेलीमा अर्को गाजल सजाउन छाड्दैन।

मैले रङसँग चिनाजानी गरेको जन्मको साँझबिहानदेखि नै हो। आमाले छातीमा कसेर म्वाइँ थोपर्नु भो– मेरो निधारमा। मैले उकुसमुकुस भएरै नि त्यो मायाको रङलाई कम्पनमा कुदाएँ हुँला।

मेरा पीडा र चोटका रङसँग आमाको आँसुको रङले सोध्न छाडेन होला। रङहरू देखिनेभन्दा नदेखिने चरित्रले चिनिएका हुन्छन्। हामीसँग देखिने रङको तर्क उभिन्छ। नदेखिने रङले संसार डोरिएको छ, कुदेको छ र लम्केको छ।

रङसँग अनेक बिम्ब गाँसिएका रहेछन्। रङले नै अर्थ र शब्दको संसार निर्माण गर्दो रहेछ। रङले समाजका सबै गहिराइसँग भेटघाट गराउँदो रहेछ।

रङले बोलेको तथ्यसँग मनको गलफती त होला– अकाट्य सत्यले पौँठेजोरी खेल्न सक्दैन रहेछ।

मेरो परिवारसँग रङको रेखी जोडियो। त्यही रेखीले दाजुभाइ, बुबाआमा, दिदीबैनी र त्यसपछिका सन्ततिसँग नातो गाँस्यो। यो एउटा लहरको गतिजस्तो। लहरले जति पाइला चाले पनि बिसाउँदा थोपामा आएर रोकिन्छ।

मसँग रङका त्यस्ता अनेक कुइनेटा र थोप्लाथोप्ली छन्– तिनको भुइँ र आकाश फरक छ। भुइँको रङ बेग्लै। आकाशको झन् भिन्नै। तर संसारले एकातिर उभिएर एकै छ भनिरहेको देख्छु। अर्कोतिर केही मिल्दो छ भनेको नि भेट्छु। तर मेरा आँखाले ठम्याएको प्रमाण भने अझ अर्कै हुँदा म अलमलिन्छु, रनभुल्लिन्छु र भुनभुनिन्छु।

जीवन रङहरूको भुनभुनाइ रहेछ। त्यो भुनभुनाइलाई जेजस्तो अर्थ लगाए पनि हुन्छ। सुन्नेहरूले मुरली मान्छन्, अभ्र मादल मान्ने पनि हुन्छन्। पर रहेकाले कर्कश स्वर मानेर आफैमा अतालिन नि सक्छन्।

रङसँग सबै साइनो हुँदो रहेछ।

मैले मलामी गएर आउनेहरूलाई फुङ्ग उडेको देख्दा कहाँ हो कहाँको विरक्ति देखेँ। त्यो विरक्तिले सातै महादेश बोल्यो, पाँचै महासागर देखायो।

सानीमाको सेतो फरियामा भाइको कलमको एक थोप्लो मसी खस्यो। त्यो मसीले उसको भविष्य र आउँदो संसारले सिँढी चढिरहेको थियो। सानीमासँग त्यति धेरै बुझिरहने समय नि रहेनछ, धैर्य नि भएन। अभ्र विवेकले सुवास नछरेको कालबेला परेछ।

एक थप्पड गालामा बजारेर बम्किनुभो– "विधुवी आमालाई अवगाल पार्छस् मसी छर्केर लुगामा ?"

रङहरूको लेखाजोखा गरिरहेको छु म।

मृत्यु– एउटा शाश्वत रङ। अभिभावकविहीन– अर्को अकाट्य रङ। यी दुवैको बीचमा समाजले छ्यापिरहेको आशङ्काको अर्को भन् तेजिलो रङ।

मैले यी तिक्खर रङले पारेको घुर्मैलो छापसँग आँखा जुधाएर कुरा गर्न सकिनँ।

'कुइरो र मेरो दुःख एकै हो!'

आँगनमा बसेर पारितिर दगुरेको कुहिरो हेरिरहेको छु म।

सानीमाका आँखाको आँसुले भुलभुलाएको रङ एकातिर पोखिइरहेको छ। पर खोँचबाट मास्तिर उडिरहेको कुहिरोले दिने रङ अनन्तपूर्ण छ। तर रङहरूले देखाउँदा रहेछन् समान र असमान रूप।

म निर्विकार भएर सानीमाको सुँकसुँकाइ र कुइराको भुलभुलाइमा एकै भाका देखिरहेको छु।

के भएको यस्तो ?

खुलदुली पछि पो लाग्यो। लाग्नैपर्ने छ नि त। यो खसखस मेट्न सधैँ तर्क र वितर्कको अँगालोमा नपरी भएन।

फागू पुर्नेको रङ दलादल मन पराइनँ मैले। हृदय उमालेर नगरेको काम जोरजुलुम हो। त्यो जोरजुलुममा निकै चोटि परेको छु म।

रङ दल्ने, रङ छ्याप्ने र रङ घस्नेदेखि म परै रहन रुचाएँ। मलाई रङको कोलाहलले अलग्गै हिंड्न भन्यो। म सकेसम्म डिलैडिल हिंडेँ। अभ्र पाए त रङहीन राजमार्गलाई साथी बनाउँथेँ म।

आमा बितेको साल सेतो लुगामा थिएँ म। एक स्वाँठले मलाई 'टीकोसम्म लाइदिन्छु' भनेर जोरजुलुम गरे होलीका दिनमा। मनैदेखि सेतिएको थिएँ म। त्यसलाई साक्षी तुल्याउन सेतै लुगा थियो– शोकको।

तर उनको उद्दण्डताको रङलाई मेरो प्रतिकारको रङले परास्त गऱ्यो। आज पनि माथिल्लै तहको मानिस हुँ भन्दै उनी हिंड्दा मैले तिनलाई स्नेही आँखाले हेर्नै सकिनँ।

जीवन त त्यही हो जसले सधैं सुकोमलता, सुवास र सुकीर्तिको रङ खोजिरहँदो रहेछ। त्यसकै अभावमा जीवनको सारा क्षितिजमा आगो र आँधीका लप्काले बिरसिला रङ सजाउँदा रहेछन्।

रङले धेरैलाई अलमल्याउँछ। त्यो अलमलिएपछि अगाडिका धेरै साँझ रात बनेर लम्पसारिन्छन्, सामुन्नेमा अनेक खोल्साहरू भीर बन्दै तेर्सिन्छन्, छेवैका अँगालाहरू गहिरा नदीका भँगाला बनेर टुप्लुक्किन्छन्।

घरमा एउटी सानी केटी घुर्की लाउँदै आउने र जाने गरिरहन्छे। उसलाई खुसीको रङ उमार्न धेरै घण्टा कुर्नु नि पर्दैन, दुःखी हुन थुप्रै घडीपला पर्खिनु नि पर्दै पर्दैन।

केटाकेटीसँग त्यसै त रङको चाङ हुन्छ। खुसी, उत्साह, हर्ष, रमाइलो र उमङ्गको लिस्नो चढेरै ती सुतेका हुन्छन्, ब्युँझेका हुन्छन्। तैपनि उज्यालो रङमा ती तानिएकै हुन्छन् सधैं।

"यो लाइदिनू न बा!"

सानी केटी नङ पालिसको बोतल लिएर आइपुगी।

मैले उसका नङसमेत राम्ररी नउम्रेका कलिला हात र गोडाका औंलामा लाइदिएँ पालिस। जुनजुन औंलामा पालिस लाउँछु उति पटक उसको अनुहार हेर्छु। ऊ खुसी, हर्ष, उमङ्ग र उल्लासले उचालिएकी देख्छु। कति पटक ऊ उमङ्गिएर आकाशमा पुग्छे।

त्यो रङ नै होला स्वर्ग!

मसँग उसले बर्साएको पानीको थोरै बाछिटा आइपुगेको छ। तिनै थोप्लाथोप्लीलाई बिचारेर आफ्ना आँखीभौं उचाल्छु माथिमाथिसम्म।

'जीवनको ठूलो खित्का यही हो!'

मेरो अनुमान हुन्छ।

रङसँग अरू धेरै सपना र बिपनाको कुदाकुद हुन्छ। ती थाहा पाएका दिन अरू रङले छेउमा आउने दुःसाहस नगर्लान्।

अगेनामा चिसा दाउरा ठोसिरहँदा आमाको रङ हेरिरहन्छु। त्यो रङसँग हामी सात जना छोराछोरीको वर्तमान र भविष्यका सबै रङ आइजाइ भइरहँदा हुन्।

मैले पनि एउटा कुनाबाट आमाको अनुहारको रङसँग मिलाएँ आफ्नो हृदयको रङ। ती दुवै घुर्मैला भए। घुर्मैलो हुनु भनेको मौलिकतामा बाधा पार्नु रहेछ। मौलिकता नभएको वस्तु, सामान, चिज वा प्रसङ्गसँग कुनै इतिहासको एक शब्द हुँदैन भन्ने सुन्छु।

मैले सुनेकै रङ पनि साँचो र झूटोको घेरामा परिरहेकै छ। घेरा बन्छन्, भत्किन्छन्। भत्किएकाहरू बन्न खोज्छन्, बनेकाहरू भत्काइन खोज्छन्। रङले भनेको अर्थ र तथ्य एउटा यो पनि हो।

रङले सबैसँग एउटा विशिष्ट मान्यता खोज्दो रहेछ। त्यो मान्यताले फराकिलो संसार हुर्काएको म देख्थें। मैले भोग्दै आएको समयका जम्मै घडीपला कहिले रङमय भए, कहिल्यै रङको कुनै आभासै भएन। यही बुझ्ने इच्छाले डसिएर म लखेटिएको-लखेटिएकै भइरहें सधैं।

जीवनमा रङ चिन्न जानिनँ मैले। रङ कति थरीका छन्– ज्ञान हुन सकेनछ मलाई। दृष्टि र मन्थन मेरो सतही भो।

जसलाई उज्यालो ठानें त्यो कालाम्मे अन्धकार थियो। जुन भस्मीभूत अँध्यारो मानें त्यो आलोकमय उज्यालो भयो।

यसरी अलमल, अन्योल र अल्मोबिल्मोले म थलै परेको रहेछु। यसरी विरोधाभास, बिब्ल्याँटा, विकषर्णको भीडभाडले ठेलेकोठेलेकै गरेछ मलाई।

मैले निकै पछि मात्र थाहा पाएँ।

त्यतिन्जेलमा रङहरू खुइलेर सबै मोहोर खोटा भएका थिए। सबै टक कुरूप भइसकेथे। सबै मोहोर भइसकेका थिए विरूप।

जीवन त गल्तीहरूको भकारी रहेछ। गल्ती गर्दै भकारीमा राखिँदो रहेछ। पछि फुर्सदमा डोकामा, डालामा, थुन्सेमा, नाङ्लामा राखेर भरिंदो रहेछ। अझ बढी फुर्सद भए थाल, कचौरा, गिलास र चम्चामा भर्ने इच्छा नि बढ्दो रहेछ।

रङ चिन्ने गल्ती धेरै पटक गरेछु मैले।

हिजोआज आफूले गनेका ताराको सङ्ख्या नमिलेकोमा मलाई निकै पछुतो हुन्छ। हिजोआज खोलाको पानीमा थोपाको आकार नमिलेकोमा मलाई औधी पश्चात्ताप हुन्छ। हिजोआज इन्द्रेनीको लम्बाइ नमिलेकोमा मलाई खिन्नता भइरहन्छ।

यसरी तारा, थोपा र लम्बाइसँग समयको रङले औंला ठड्याएर मलाई सोधिरहन्छन् निरन्तर। म अबोध भएर उभिएको छु। उत्तर छन्, तर कहालिएर भन्नै सक्दिनँ। उतर्सिएर बोल्नै सक्दिनँ। छटपटिएर वाक्य फुटाउनै सक्दिनँ। किनभने सोध्नेका हातमा एउटा घातक लट्ठी छ। त्यो लट्ठीको रङले तिर्मिराइरहन्छन् मेरा आँखा।

अनि म कसरी उत्तर दिन सक्छु र?

पत्नी र मेरो रङमा छ अन्तर्घुलन। त्यही घुलनबाट जन्मिएकी ठूली छोरी।

तिनले एसएलसी पढेपछि विज्ञान पढिन्। उनको लक्ष्य थियो स्वास्थ्यसेवी, उपचारको संसार पुग्ने। उठेदेखि नसुतेसम्म तिनको लक्ष्य थियो सेतो कोट लगाउने।

कपालमा सेतो टोपी, सेतै चोली, सेतै साडी, सेतै कोट। यो श्यामश्वेतमा सेवा, माया, हेरविचार, शल्यक्रिया वा स्वास्थ्य– हरेक पद्धति सेताम्मे। छोरीको सुकिलो सपनाले उनलाई निकै नै दगुरायो।

जीवनमा नजानेर अनेक गल्ती गरिन्छ। जानेर त्योभन्दा बढ्ता गल्ती गरिन्छ। तर जानेर भएका गल्तीको क्षमा कम पाइन्छ। किनभने थाहा पाएर, ज्ञात भएर वा जानेरै त्यो

भूल भएको हुन्छ। यो भूलको रङ सबैभन्दा कडा, कठोर र जब्बर हुँदो रहेछ। मेटाउनै नसकिने। हटाउनै नमिल्ने। पुछ्नै कष्ट हुने।

त्यस्तै भयो मेरो भूल!

त्यो भूल मैले जानेर, मूर्खतापूर्वक र स्वाँठ भएरै गरेँ भन्ने एउटा पछुतो उमेरसँगै छिप्पिएर गइरहेछ मसँगै।

कपाल कालो थियो– जोसले मैले गल्ती गरेँ। अहिले फुलेको कपालसँगै त्यो पछुतो भइरहेको छ।

खुट्टा दह्रा थिए– झ्वाँक्किएर मैले बेठीक गरेँ। अहिले गोडा कमजोर भएसँगै त्यसको पश्चात्ताप भइरहेको छ।

आँखा, कान, दाँत सबै बलिया थिए। सबै तेजिला थिए। सबै क्रियाशील थिए। अहिले बिस्तारै सबै लुला, निर्बल, अशक्त र कमजोर हुँदै गए। अनि घोर गल्ती भएको भएकै छ।

गल्तीको रङ देखिन्छ निकै ढिलो। त्यसलाई अरूले ढाकेका हुँदा रहेछन्। पुछेर हेर्दासम्म सच्याउनै नमिल्ने गरी पुल बनिसकेको हुँदो रहेछ पछुतोको।

“नानी, तिमी कानुन पढ!”

मेरो कठोरताको अघिल्तिर उनको नाइँनास्ति चलेन। उनले हुन्न वा नाइँ भनिरहने समय मैले दिइनँ। कत्ति पनि दिँदै दिइनँ।

छोरी धमाधम कानुन पढ्न थालिन्। उनको जीउमा कालो कोट सजियो।

रङ अर्कै भयो। फरक रङमा उनको भविष्य डोरिएको छ।

आज लामो समयपछि मैले समयको रङ केलाएँ। रङले पारेको उज्यालो र अँध्यारो प्रभाव नियालेँ। रङसँग जीवनको पहाड र मैदान विचार गरेँ।

रङ पनि पन्यालो हुन सक्छ। सेतो दूध निकै पातलिएपछि रङहीन हुन्छ। धेरै फटाउँदै लाँदा कालो कपडा नि रङहीन हुन सक्छ।

मैले रङबारे यति धेरै विज्ञानका पाइलामा पछि मात्र हिंडाएछु। एउटा पछुतो छँदै छ।

थाहा छ छोरी!

मैले लेखेका कुनै पङ्क्ति पनि तिम्रा परेलीले पढेका छैनन्। कुनै दिन यी हरफ पढ्यौ भने थाहा हुने छ तिमीलाई– पछुतो र भूलको अग्लो पहाडमा म स्वाँस्वाँ हुँदै निकै हिंडेको कथा।

सेतो रङको कोट तिम्रो चाहना! अहिले कालो रङको कोट तिम्रो बाध्यता!

रङको अलमलमा सबै भुलेछु मैले। रङ चिन्न नसकेर आफ्नो मनको घुर्मैलो रङमा मेरा दृष्टि अलमलिएछन्।

क्षमाको रङ तिमीसँग छ। मेरो हृदयको अलमलिएको रङमा तिम्रो क्षमाको रङ मिसाएर उज्यालो पारिदेऊ।

नत्र मसँग रहिरहने छ पछुतोको कालो रङ!

●

बलराम अधिकारी

# यहुदी संहारको त्रासद अलिगोरी



पेरिसको अठारौँ जिल्लामा बस्दै आएकी डोरा ब्रुडर इसाई धार्मिक विद्यालयबाट भागी। ऊ हराएको सूचना डिसेम्बर ३१, १९४१ मा स्थानीय पत्रिकामा छापियो–

पेरिस

हराएको, किशोरी, डोरा ब्रुडर, उमेर १५, उचाइ १.५५ मि., अण्डाकार अनुहार, फुस्रा खैरा आँखा, फुस्रो स्पोर्ट्स ज्याकेट, गाढा रातो स्वेटर, गाढा नीलो फ्रक र टोप, खैरो जिम जुत्ता। कुनै जानकारी भए सम्पर्क, श्रीमान् तथा श्रीमती ब्रुडर, ४१ बुलभार्ड ओर्नानो, पेरिस।

यहुदी किशोरी हराएको यसै सूचनाबाट प्याट्रिक मोदियानोको 'द सर्च वारेन्ट' (तलास आदेश) उपन्यास आरम्भ हुन्छ। फ्रान्सेली भाषामा सन् १९९७ मा 'डोरा ब्रुडर' शीर्षकमा छापिएको यो लघु आकारको उपन्यासलाई तीन वर्षपछि जोअन्ना किलमार्टिनले अङ्ग्रेजीमा अनुवाद गरेकी थिइन्। सन् २०१४ को नोबेल पुरस्कार विजेता मोदियानो का झन्डै तीन दर्जन आख्यानमध्ये 'द सर्च वारेन्ट' सम्भवतः सबैभन्दा चर्चित कृति हो। लेखक तथा राजनीतिज्ञ जोर्ज सेम्परनका विचारमा यो एक असाधारण सृजना हो। 'फिगारो' पत्रिकाले यसलाई हृदयविदारक, प्रशंसनीय र साँच्ची नै विक्षिप्त तुल्याउने आख्यान भनेको छ। गातामा लेखिएका यी र अन्य टिप्पणीहरू पढेर म उपन्यासभित्र छिर्न उत्सुक हुन्छु।

डोरा हराएको ४७ वर्षपछि सन् १९८८ मा उक्त सूचना लेखकका आँखामा पर्छ। सूचनामा देखिएको बुलभार्ड ओर्नानोले आख्यानभित्रको लेखकलाई एकाएक विगतमा पुऱ्याउँछ। ऊ सम्झिन्छ बाल्यकालमा आमासँग ओर्नानोको सस्तो बजार डुलेका दिनहरू, क्लिगनानकोर्ट ब्यारेकबाहिरका लहरै उभिएका रूखहरूको छायामा तेर्सिएका सडक पेटीहरू, पर्यटकको फोटो खिच्ने मोटे फोटोग्राफर। आफू बालक हुँदा र किशोरावस्थाको सिँढी चढ्दै गर्दा हिंडेका पेरिसका सडक-गल्लीहरू, देखेका भवनहरू अनि डुलेका

बजारसँग टाँसिएका उसका स्मृतिका त्यान्द्राहरू सलबलाउन थाल्छन्। डोरा हराउँदाको १९४० को पेरिस र आफूले बाल्यकाल बिताएको १९६० को पेरिस उसलाई उस्तैउस्तै लाग्छ। मात्र फरक के हो भने डोरा बाँचेको, भागेको, लुकेको पेरिस नाजीको सैन्य प्रशासनको दमनमा निसास्सिइरहेको थियो। हरेक दिन हजारौँ फ्रान्सेली यहुदीहरू सडकबाट पक्राउ पर्थे कुनै न कुनै बहानामा। श्रम शिविरमा लगिन्थे, कालकोठरीमा थुनिन्थे र अन्ततः आस्चविट्ज बन्दी शिविर (Auschwitz concentration camp)-मा कसिँगरझैँ नष्ट गरिन्थे। डोरा ब्रुडर पनि तीमध्ये एक थिई। लेखकको बाल्यकालको पेरिस नाजी दमनका दृश्य-अदृश्य खतहरू बोकेर बाँचेको छ। फ्रान्सेली यहुदी संहारका खतहरू आफ्नो गर्भमा लुकाएर अभिशप्त हाँसोमा छ। ३० वर्षअघिको ओर्नानो चौरास्ताका क्याफे घरहरू, तिनको अगाडि लामबद्ध उभिएका ग्राहकहरू, क्लिगनानकोर्ट स्क्वायरका रूखमुनि वसन्त ऋतुको साँझ उसका कानमा ठोकिएका वार्तालापका अंशहरू उसको मस्तिष्कको गर्तबाट सतहमा तैरिन थाल्छन्। उसलाई लाग्छ, डोरा आफ्ना बाआमासँग पेरिसका यिनै गल्लीका भीडमा कतै थिई— अदृश्यप्रायः। उसलाई भान हुन्छ, ब्रुडर परिवारका पदचाप यिनै गल्लीहरूमा टाँसिएका छन् जहाँ ऊ तीन दशकदेखि ओहोरदोहोर गरिरहेको छ। क्लिगनानकोर्टको फुटपाथ जहाँ ऊ आमाको साथ लागेर सस्तो बजारमा सामान किन्न जान्थ्यो, त्यही ठाउँमा डोरा पनि २० वर्षअगाडि आएकी थिई होली। डोरा विद्यालयबाट भाग्नुको रहस्य पहिल्याउनु अब उसको मिसन बन्छ। यसका निम्ति पेरिसको गल्ली चहार्छ, सरकारी कार्यालयका रजिस्टरहरू पल्टाउँछ, डाइरेक्टोरीको मिहिन अध्ययन गर्छ, डोराका आफन्तहरूसँग अन्तर्वार्ता लिन्छ, ब्रुडर परिवारका दशकौँ पुराना फोटोहरू खोज्छ। आठ वर्षको अथक खोजतलासपछि उसलाई एउटा महत्त्वपूर्ण जानकारी हात लाग्छ। त्यो के भने १९४२ मा आस्चविट्ज बन्दी शिविरतर्फ लगिएका यहुदीहरूको सूचीमा डोराको नाम पनि भेटिन्छ। न्यारेटर बताउँछ— १८ सेप्टेम्बरमा हजारौँ स्त्री र पुरुषको साथमा बा र छोरीले ड्रान्सी छाडे। यी फ्रान्सेली यहुदीहरूलाई बोकेर रेलको एउटा समूह आस्चविट्जतर्फ लाग्यो। त्यसको पाँच महिनापछि डोराकी आमालाई पनि उही बन्दी शिविरमा पुऱ्याइयो।

विद्यालयबाट भागेको एक वर्षपछि नाजी बन्दी शिविरमा १६ वर्षीया डोराको इहलीला समाप्त भएको अनुमान लगाउँदै म यस आख्यान भूमिबाट बाहिर निस्कन्छु। विद्यालयबाट भागेपछि र आस्चविट्जको नारकीय क्याम्पतर्फ लैजानुबीचका कष्टप्रद दिनहरूमा डोरा कहाँ लुकी होली र ती भयप्रद दिनहरू कोसँग कसरी बिताइहोली भन्ने खोजी र अनुमानको वरिपरि समग्र कथा घुमेको छ। मूल रहस्यको उद्घाटन नभई उपन्यास टुङ्गिन्छ— मलाइ कहिल्यै थाहा हुने छैन, पहिलो पटक भाग्दा हिउँदका चिसा महिना ऊ कहाँ लुकी, वसन्त ऋतुमा दोस्रो चोटि भाग्दाका दिनहरू उसले कहाँ र कसरी बिताई। उसले ती दिनहरू कसको साथमा बिताई होली। यो रहस्यमा नै रह्यो।

एउटा क्षीण र अमूल्य रहस्य जसलाई उसबाट हर्न सकेन मानिसलाई विकृत पार्ने, ध्वस्त पार्ने कुनै जल्लादले, कुनै आदेशले, कुनै अतिक्रमणकारीले, कुनै सैनिक केन्द्रले, कुनै ब्यारेकले, शिविरले, इतिहासले, समयले।

कथाको यस टुङ्ग्याउनीले मेरो पाठक हृयदलाई रत्तीभर आनन्द दिँदैन, दिन्छ त केवल उकुसमुकुस। एक किसिमको चेतनाशून्य अवस्थामा छाडेर उपन्यास सकिन्छ। नाजी नरसंहार शिविरमा पुऱ्याइएपछि डोरा के भइहोली? मेरो मनमा अनेकौँ तर्कना उठ्न थाल्छन्। ट्रेनबाट झर्नासाथ सिधै विषाक्त ग्यास च्याम्बरमा हुलिई कि? यसो सोच्छु– १६ वर्षे उमेर, शारीरिक रूपले पक्कै पनि शक्त थिई। त्यसैले श्रम शिविरमा पो लगिई कि? कैयौँ दिनको भोकप्यासले रन्थनिँदै त्यहीँ कतै अचेत पल्टिरही होली। उसको जीवनको अन्त्य जसरी भए पनि हरेक दिन मारिएका हजारौँ यहुदीमध्ये १६ वर्षीया डोरा पनि एक थिई।

'द सर्च वारेन्ट' अस्ट्रियन यहुदी बाउ र हङ्गेरियन यहुदी आमाबाट जन्मिएकी किशोरीको अर्ध आख्यानात्मक जीवनी हो। सरकारी दस्ताबेजहरूमा टाँसिएर रहेका समयका टुक्राहरूलाई जोड्दै, पारिवारिक फोटोहरूमा जमेर रहेको समयलाई पुनः पगाल्दै र वार्तालापको सहायताले विगतलाई आगतमा ओराल्दै न्यारेटर डोराको नियतिको उत्खननमा लाग्छ। डोराको जीवनसँग जोडिएको सुराकको खोजीमा बाहिर भौँतारिँदै गर्दा न्यारेटर आफ्नै विगतमा पुग्छ। कथा डोराको जीवनी र न्यारेटरको आत्मकथाबीच डोलिँदै अगाडि बढ्छ। डोराका बारेमा लेख्दै गर्दा अन्वेषक न्यारेटर बताउँछ– म यी पृष्ठहरू नोभेम्बर १९९६ मा लेखिरहेछु। बर्सात यदाकदा मात्र रोकिन्छ। भोलिबाट डिसेम्बर लाग्छ। भोलि डोरा भागेको ४५ वर्ष हुन्छ। अचेल चाँडै अँधेरो हुन्छ। के यो दिन हो र जस्तो लाग्छ, अथवा दिन र रातको दोसाँधमा छौँ झैँ लाग्ने। एक प्रकारको उदास ग्रहण साँझसम्म कायम रहन्छ। रातले झरीको दिनको उदासी र उच्चाटलाई मेटाइदिन्छ। त्यसपछि बाटाका बत्तीहरू बल्छन्, पसलका झ्याल र काफेहरू उज्यालिन्छ्न्। साँझको हावा ताजा हुन्छ। वरिपरिका आकारहरू गाढा देखिन थाल्छन्। चौबाटोमा गाडीको भीड छ, अनि अगाडि सडकमा हतारमा अघि बढिरहेका मानिसको भीड। यी बत्तीहरू, यो भीडभाड नियाल्दै गर्दा मलाई विश्वास गर्न निकै कठिन हुन्छ, यो त्यही सहर हो जहाँ डोरा आफ्ना आमाबासँग बस्थी, जहाँ मेरा बा बस्थे। लाग्छ, उति बेलाको पेरिसलाई अहिलेको पेरिससँग जोड्ने काममा म एक्लै छु, एक्लै ती विस्तृत विवरणहरू सम्झिरहेको छु।

डोरा परिवारको यहुदी हुनुको नियतिसँगै गाँसिएर आउँछ समग्र फ्रान्सेली यहुदीको नियतिको कथा। दोस्रो विश्वयुद्धमा नाजीको कब्जामा उकुसमुकुस पेरिसका खण्डित दृश्यहरूले पाठकलाई आख्यानको काल्पनिक भूमिबाट इतिहासको यथार्थतर्फ लैजान्छन्। ब्रुडर परिवारको गिरफ्तारी र नाजी नर वधशालातर्फको पीडादायी यात्रा एउटा

परिवारको दुःखान्त कथाभन्दा पनि हिटलरको सिकार बनेका समग्र यहुदीहरूको जीवनको त्रासद अलिगोरी अर्थात् प्रतीक कथा बन्छ। यस विन्दुमा प्याट्रिक मोदियानोको 'द सर्च वारेन्ट' इतिहासको पुनर्भ्रमण र उत्खननको एक अब्बल नमुनाका रूपमा देखा पर्छ। ती बेपत्ता पारिएका मानिस र तिनीहरूसँगै बेपत्ता भएका कथाहरूको झझल्कोले पाठकलाई सताइरहन्छ। उपन्यासको आरम्भदेखि अन्त्यसम्म गहन क्षयको अनुभव भइरहन्छ।

जे मेटिएको छ त्यसलाई सतहमा ल्याउन समय लाग्छ। मोदियानोको अन्वेषक न्यारेटर पाठकलाई बारम्बार सम्झाउँछ। इतिहासका अवशेषहरू सरकारी दस्ताबेजमा जीवित रहन्छन्। थाहा छैन, विगतको अवशेष बोकेर मौन लडिरहेका ती दस्ताबेजहरू कहाँ लुकाइएका छन्, कसको नियन्त्रणमा छन्। लेखकका यी प्रश्नहरूले मलाई आफ्नै भूमिमा चलेको १० वर्षे युद्धको सम्झना गराउँछन्। कुनै जवाफ नआउने प्रश्न आफैलाई गरिहेर्छु। भैरवनाथ गण, बाँदरमुडे, दोरम्बा, बर्दियाहरूमा मञ्चित त्रासदीका अवशेषहरू कुन दस्ताबेजमा होलान्? ती दस्ताबेजहरू कसकोमा होलान्? जनमुक्तिका अभियन्ताहरूले सफायाका लागि तयार पारेका मानिसका सूचीहरू, कारबाईका विवरणहरू, लुटको योजना, लुटपछिको भागबन्डाको सरसल्लाह, भागबन्डापछिको अन्तरकलह, अन्तरकलहपछिको आपसी वैमनस्य, आरोपप्रत्यारोप यी सबै नेपाली इतिहासको गर्भमा कतै न कतै पक्कै छन्। त्यस्तै कतै न कतै अवश्य जीवित छन् भैरवनाथ गणको कालकोठरीमा मेटिएका जीवनका अवशेषहरू।

फ्रान्सेली मूल रूपमा मोदियानोको भाषा सरल या क्लिष्ट कस्तो छ, मलाई थाहा छैन। कथाको प्रस्तुतिको लय कस्तो छ, त्यो पनि भन्न सक्दिनँ। तर पनि मलाई विश्वास छ, अनुवादक जोअन्ना किलमार्टिन मूल पाठको शैलीबाट विचलित भएकी छैनन्। शैलीगत विचलनता अनुवादकको धर्मभन्दा बाहिर रहन्छ। यदि अनुवादकले यो धर्म छाडेकी छैनन् भने उपन्यासमा इतिहास र स्मृतिबाट उत्खनन गरिएको विषयवस्तु र त्यसको प्रस्तुतिबीच म अनौठो तादात्म्य फेला पार्छु। कतिपय वाक्यहरू टुक्रिएका छन् हाम्रा खण्डित स्मृतिझैँ। क्रियापदविहीन टुक्रे वाक्यहरू यत्रतत्र भेटिन्छन्। अनेकौँ भाषिक टुक्रामा टाँसिएका स्मृतिका चिप्सहरू पुनः जोड्दै पाठकले लेखकको स्मृतिजगत्मा प्रवेश गर्नुपर्ने हुन्छ। कुदेको बसबाट बाहिर देखिने दृश्यजस्तै हो स्मृति यात्रा– फ्याट्टफ्याट्ट, मिलिकमिलिक आइजाइ गरिरहने। हो या होइन, छ या छैनको दोसाँध। त्यस्तो मनोदृश्यलाई शब्दको अङ्कुसे लगाएर बाहिर निकाल्नु निकै कठिन काम हो र त्यत्तिकै भ्रामक पनि। स्मृति कहिल्यै पनि सग्लो र सरल हुँदैन। यसको अभिव्यक्तिमा पूर्णता र सरलता खोज्नु स्मृतिको स्वभावलाई नबुझ्नु हो। त्यसैले मोदियानोको लेखन न पूर्ण लाग्छ न त प्रस्तुतिको शैली सरल नै।

मोदियानोले पाठकका लागि अधिक रिक्त स्थान छाडेका छन्। आख्यानसँग जोडिएका राजनीतिक र ऐतिहासिक पक्षहरू कतै पनि खुलेका छैनन्। यी पक्षहरू नखुलेसम्म

आख्यानभित्र प्रवेश गर्न कठिन छ। यसका लागि थप सामग्रीहरूको खोजतलास र अध्ययन आवश्यक पर्छ। फ्रान्सेली चिन्तक रोलाँ बार्टको पठन सिद्धान्तको फेरो समाएर भन्नुपर्दा 'द सर्च वारेन्ट' राइटर्ली टेक्स्ट अर्थात् लेखकीय पाठ हो। यस्तो पाठ जहाँ लेखकले छाडेको रिक्त स्थान भर्न पाठक आफै सक्रिय हुनुपर्छ, यस्तो पाठ जसले पठनको गति धिमा गराउँछ र पुनःपठनको अपेक्षा गर्छ। अर्कातर्फ रिडर्ली टेक्स्टमा भने पठनसँगै पाठकको यात्रा पूरा हुन्छ। कुनै सृजना पढिन्छ, आनन्द लिइन्छ, त्यसैमा तृप्त भइन्छ। आनन्द मात्र दिने सृजनाले पाठकलाई कुनै चुनौती दिँदैन। पाठक उपभोक्ता मात्र हुन्छ। लेखकीय पाठ अटेरी स्वभावको हुन्छ। यसले पाठकलाई चुनौती दिन्छ, सोच्न बाध्य बनाउँछ, उसलाई मानसिक रूपले अस्थिर बनाउँछ। पाठकलाई उपभोक्ताबाट उत्पादक बन्न प्रेरित गर्छ। केवल सुस्पष्ट र पारदर्शी सृजनाको अपेक्षा गर्नेहरूका लागि भने मोदियानो त्यति रुचिकर नहोलान्। लेखकले सबै कुरा तयार पारेर पाठ्य प्लेटमा पस्किदिएपछि म-पाठक त्यसलाई आरामले ग्रहण गरुँला भन्ने उपभोक्तावादी पठन संस्कारमा मोदियानोको स्थान त्यति माथि नहोला।

•

पवन आलोक

# मेरो पहिलो समुद्रपार यात्रा



जीवन बगिरहने एउटा नदी न हो।

म अहिले आफ्नो विगतलाई फर्केर हेर्ने कोसिस गरिरहेछु। अनेकन् घटना छन्– राम्रा-नराम्रा, मीठा-नमीठा। सम्झिरहेको छु आफ्नो बाल्यकालदेखि वर्तमानसम्म आइपुग्दाका अनगन्ती स्मरणीय क्षणहरू। ती मेरो स्मृतिमा आइरहेछन् तँछाडमछाड गर्दै। कतिपय घटना स्मृतिबाट ओझेल पनि परिसके, कतिपय सम्झनामा अहिले पनि ताजै छन्। त्यो स्वाभाविक पनि हो। बगिरहेछु नदीझैँ निरन्तर। मेरो जीवन नदीको यो बहावका क्रममा सानाठूला कैयौँ मोड पार गरियो होला, सबै सम्झन पो कहाँ सकिन्छ र? तर मैले आफ्नो जीवनको पहिलो समुद्रपार यात्राका प्रमुख घटनाहरू भने बिर्सेको छैन र लाग्छ, जीवनभर बिर्सने पनि छैन।

पूर्वी नेपालको एउटा दुर्गम जिल्ला भोजपुरको दुर्गम गाउँ कुलुङमा जन्मेको म। आफ्नो गाउँबाट हाइस्कुल पढ्न जाँदा बिहान डेढ घण्टाको ठाडो उकालो र साँझ घर फर्कंदा लगभग त्यत्तिकै समय लगाएर हिंड्नुपर्थ्यो। पाँच वर्षसम्म ती कठिनाइहरू

झेल्दै एसएलसी पास गरेर गाउँकै स्कुलमा डेढ वर्षजति हेड मास्टर भई वि. सं. २०२७ को सुरुतिर उच्च अध्ययनका लागि काठमाडौं आएको थिएँ। काठमाडौं आएर सङ्घर्षका दिनहरू व्यतीत गरियो। जागिर खाँदै प्राइभेट परीक्षा दिंदै त्रिविबाट स्नातक उपाधि पाउन सफल भएँ।

सानै उमेरदेखि विदेश जाने रहर अलिअलि होइन। धेरै प्रयास गरैं, सफल हुन सकिनँ। बल्लतल्ल एउटा अवसर प्राप्त भयो। ब्रिटिस काउन्सिल छात्रवृत्तिअन्तर्गत बेलायतमा एक वर्षका लागि पढ्न जाने गरी छानिएँ। मेरो एउटा पुरानो सपना साकार हुन लागेकाले खुसीले दङ्ग थिएँ।

अन्ततः बेलाइत जाने दिन पनि आयो। वि. सं. २०४२ को असार १२ गते म काठमाडौँबाट इन्डियन एयरलाइन्सको बोइङबाट दिल्लीका लागि उडें। त्यो बेला काठमाडौँबाट विदेश जानुपर्दा अहिलेको जस्तो सिधा उडान थिएन र भारतको दिल्ली वा अन्य प्रमुख सहर भएर उड्नुपर्थ्यो। त्यही जहाजमा रेडियो नेपालका तत्कालीन महानिर्देशक भोग्यप्रसाद शाह र डा. सीपी मास्के पनि हुनुहुँदो रहेछ।

हाम्रो जहाज साँझ ९:३० तिर दिल्ली पुग्यो। इमिग्रेसन र कस्टमको औपचारिकता सकेपछि दिल्ली एयरपोर्ट नजिकैको पाँचतारे होटल सेन्टुर (Hotel Centaur)-मा गएर त्यो रात बसियो। बिहान छ बजेको फ्लाइट भएकाले ३:३० बजेतिर होटल रिसेप्सनिस्टले वेक अप कल दिएकाले चार बजे दिल्ली एयरपोर्ट पुगेर चेक इन इत्यादि सकेपछि ब्रिटिस एयरपोर्टको ट्राइस्टार २०० जेट विमानद्वारा लन्डनतर्फ प्रस्थान गरैं। विशाल हलजत्रो प्लेनभित्र टनाटन यात्रुहरू। आरामदायी सिटहरू। हँसिला परिचारिकाहरू। झन्डै दुई घण्टा ५० मिनेट उडेपछि विमान दुबई पुग्यो। दुबईमा दुई घण्टाभन्दा बढी नै रोकिंदो रहेछ। त्यो समयको सदुपयोग गर्दै दुबईको ड्युटी फ्री सप घुमैं। प्रायः सबै सेल्स गर्ल फिलिपिनो रहेछन्। एकदुई वटा सामान किनेर जहाजमा फर्कें। छिनछिनमा परिचारिकाहरूले खाने कुरा र ड्रिङ्क्स अफर गरी नै रहन्थे। दुबईबाट उडेको एक घण्टा १० मिनेटमा हाम्रो जहाज कुवेत पुग्यो। त्यहाँ पनि केही समय रोकिएर पुनः उड्यो। जहाजको झ्यालबाट तल हेर्दा समुद्र र पानीजहाजहरू, मरुभूमि र ठाउँठाउँमा सहरहरू देखिँदै हराउँदै जान्थे। मेरा लागि यो सर्वथा नौलो अनुभव थियो। जिन्दगीमा पहिलो पटक यति ठूलो जेट विमानमा यति लामो यात्रा कहिल्यै गरेको थिइनँ। जहाज उडिरहँदा सोच्न थालैं– नेपालको एउटा दुर्गम गाउँमा जन्मेको मान्छेले कहाँ यत्रो सौभाग्य पाउनु! भोजपुरबाट काठमाडौं पढन आउँदा हिंडेरै हिले-धनकुटा, धरान, विराटनगर, जोगबनी हुँदै भारतको बाटो भएर रक्सौल हुँदै काठमाडौं आउनुपर्थ्यो। जोगबनीबाट रक्सौलसम्मको रेल यात्रा कम कष्टकर हुँदैनथ्यो। पूर्वपश्चिम राजमार्ग पनि सम्पूर्ण खण्ड बनिसकेको थिएन। जनकपुर-पथलैया खण्ड निर्माणाधीन थियो। विराटनगर-काठमाडौं हवाई जहाज चले पनि म विद्यार्थी नै भएकाले सधैं चढ्न सक्ने हैसियत थिएन।

आज युरोप यात्राको अवसर पाएर दङ्ग छु। 'ब्रिटिस साम्राज्यमा कहिल्यै सूर्य अस्ताउँदैन' (The sun never sets in the Bristish Empire) भनेर गर्वसाथ भन्ने गरेका अङ्ग्रेजहरूको देश बेलायतमा पढ्ने अवसर पाएको छु। पुराना हिन्दी फिल्महरूमा हिरोले बेलायतबाट ब्यारिस्टर पास गरेर आएको वा उच्च शिक्षा सकेर भारत फर्कंदा उसको सान नै अर्कै। त्यो सान बेलायतकै कारणले हुने गर्थ्यो। त्यसैले बेलायत जान मान्छेहरूले मरिहत्ते गर्नु स्वाभाविकै पनि थियो। म मात्रै अछुतो हुने कुरा भएन।

कुवेतबाट उड्दै गर्दा निकै समयपछि हरिया समतल फाँटहरू, सुन्दर सहरहरू पनि देखिन थाले। टर्की र युरोपका अन्य देशको आकाशमाथि हुँदै हाम्रो जहाज क्रमशः लन्डनतर्फ बढ्दै थियो। झन्डै सवा छ घण्टाको उडानपछि बल्ल लन्डनको हिथ्रो अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज रोकियो। बाबै नि! कति ठूलो एयरपोर्ट, कति धेरै जहाजहरू! यो हिथ्रो अन्तर्राष्ट्रिय विमानस्थल अमेरिकाको केनेडी विमानस्थलपछिको विश्वकै दोस्रो व्यस्त एयरपोर्ट मानिंदो रहेछ। त्यसो त लन्डनमा अर्को पनि एयरपोर्ट छ ग्याटविक, तर हिथ्रोजत्रो होइन। जहाजहरू आइरहेछन्, गइरहेछन्। एउटा सुरुङजस्तो बाटोबाट बाहिर आयौं र इमिग्रेसन, हेल्थ, कस्टम हुँदै एयरपोर्टबाहिरको A1 बसबाट लन्डनको भिक्टोरिया स्टेसनतर्फ लाग्यौं। अति भव्य र विशाल भवनहरू। सफा व्यवस्थित सडकहरू। हामीकहाँ कहिले त्यस्तो हुने होला?

लन्डनमा सधैं जाडो हुन्छ भन्ने सुनेको थिएँ; तर जुन महिना भएर होला, अहिले भने खासै जाडो लागेन, मौसम राम्रै थियो। भनिन्छ, त्यहाँको मौसमको कुनै भर हुँदैन। त्यसैले एउटा छाता र ज्याकेट सधैं बोक्नु नै बुद्धिमानी हुन्छ। भिक्टोरिया पुगेपछि ब्रिटिस काउन्सिलका प्रतिनिधिले हाम्रो स्वागत गरे अनि हाम्रो आवासका लागि व्यवस्था गरिएको वाटरलू स्टेसन नजिकै स्यान्डेल स्ट्रिटमा रहेको २४ तले होटल 'युनियन ज्याक क्लब'-मा ब्रिटिस काउन्सिलकै गाडीबाट पुऱ्याइदिए। हामी बसेको होटलछेउको वाटरलू रोड इतिहासप्रसिद्ध वाटरलू युद्धको सम्झनामा नामकरण गरिएको रहेछ। होटलमा केही समय आराम गरेर फ्रेस भएपछि नजिकैको Take Away बाट चिकेन एन्ड चिप्स किनेर खाएँ अनि सुत्न लाग्दा झन्डै रातको पौने ११ बजिसकेको थियो। तर अचम्म, अझै उज्यालै थियो। अलिअलि घाम अझै देख्न सकिन्थ्यो। पूरै पर्दा लगाएपछि मात्र सुत्न सकें म।

भोलिपल्ट बिहान उठेर ब्रेकफास्टपछि घुम्न निस्कें। अनि पूर्वनिर्धारित कार्यक्रमअनुसार १० बजे ब्रिटिस काउन्सिलको प्रधान कार्यालय गएर प्रोग्राम अफिसर रसेल गर्डनलाई भेटें। अत्यन्त शिष्ट र भलादमी रहेछन् यी अङ्ग्रेज अफिसर।

श्रीमान् रसेलले मेरो कलेज र अन्य कार्यक्रमका बारेमा विस्तृत रूपमा ब्रिफिङ गरे र दुई दिन लन्डन बसेपछि तेस्रो दिन साँझ बेडफोर्ड जाने रेलको टिकटसमेत उनले मलाई व्यवस्था गरिदिएका रहेछन्। उनलाई धन्यवाद दिएर म हिंडें।

बेलायतको यो ऐतिहासिक राजधानी लन्डन अहिले पनि विश्वकै प्रमुख टुरिस्ट आकर्षणमा पर्छ र यहाँ हरेक वर्ष दुई करोडभन्दा बढी पर्यटक भ्रमण गर्न आउने गर्छन्।

लन्डनमा हेर्न लायक थुप्रै ठाउँ जस्तै टावर अफ लन्डन, वेस्टमिन्स्टर आबे, बकिङ्घम राजदरबार, ब्रिटिस म्युजियम, सेन्ट पल्स क्याथेड्रल, बिग बेन (घण्टाघर) र हाउसेस अफ पार्लियामेन्ट, भिक्टोरिया र अलबर्ट म्युजियम, हाइड पार्क, नेसनल हिस्ट्री म्युजियम, टावर ब्रिज, ट्राफलगर स्क्वायर, पिकाडिली सर्कस, ग्रिनविच अक्सफोर्ड स्ट्रिट, १० डाउनिङ स्ट्रिट (ब्रिटिस प्रधानमन्त्रीको सरकारी आवास), लन्डन डन्जन, लर्ड मेयर्स सो, म्याडम टुसाड्स, सेन्ट जेम्स पार्क, मार्बल आर्च, कभेन्ट गार्डेन, केन्सिङ्टन दरबार, रिजेन्ट्स पार्क, ग्रिन पार्क आदि। बेलायत भन्नाले इङ्गल्याण्ड, स्कटल्याण्ड, वेल्स र उत्तरी आयरल्यान्ड बुझिन्छ जसलाई United Kingdom या Great Britain and Northern Ireland पनि भनिन्छ।

बिहान म अलि ढिलो उठें। ब्रेकफास्ट छि म लण्डन घुम्न निस्कें। लन्डन अन्डरग्राउन्ड (जसलाई ट्युब पनि भनिंदो रहेछ)-का बारेमा मैले नेपालमा छँदै पनि धेरै कुरा सुनेको थिएँ। मजस्तो पाखेलाई जमिनमुनिको रेल हेर्ने उत्सुकता हुने नै भयो। काठमाडौंको ब्रिटिस काउन्सिलमा एक पटक एउटा फिल्ममा देखेको पनि थिएँ। हान्निएँ नजिकैको अन्डरग्राउन्ड स्टेसनतिर। त्यसमा चढेर दुईचार स्टेसन त्यत्तिकै पनि घुम्न चाहन्थें म। हराएँ नै भने पनि जे त होला, ट्याक्सी जिन्दाबाद! होटल नजिकैको वाटरलू स्टेसनमा गएर सबै सूचना लिएँ, अन्डरग्राउन्ड रेलको जानकारी दिने एउटा पकेट म्याप पनि लिएँ। दुई पाउन्डको टिकट लिएपछि जुनसुकै अन्डरग्राउन्ड ट्रेनमा चढेर जताजता गए पनि त्यो दिनभरिलाई पुग्दो रहेछ। अङ्ग्रेजहरूले भारतमा शासन गरेको समयमा भारतीय र अफ्रिकी मजदुरहरूलाई ल्याएर यी अन्डरग्राउन्ड ट्रेनको बाटो खन्न लगाएको सुनेको थिएँ। बेकरलू लाइन, सेन्ट्रल लाइन, सर्कल लाइन, डिस्ट्रिक्ट लाइन, जुबली लाइन, मेट्रोपोलिटन लाइन, नर्दर्न लाइन, पिकाडिली लाइन, भिक्टोरिया लाइनहरू गरी नौ वटा लाइनले लन्डनभरि २७८ भन्दा बढी स्टेसनमा सेवा पुऱ्याएका रहेछन् र करोडौं जनसङ्ख्या भएको लन्डन महानगरीय बासिन्दाहरूलाई छोटो समयमा सेन्ट्रल लन्डन र आसपास जान-आउन अत्यन्तै सजिलो पारिदिएको रहेछ यसले। यी ट्रेनहरूमा धेरै समय कुर्नैपर्दैन। अत्यन्त छिटोछिटो आउने-जाने गर्छन् यी रेलहरू। सम्भवतः विश्वकै पहिलो अन्डरग्राउन्ड रेल सेवा होला यो। अचम्म त मलाई के लाग्यो भने एउटा रेल्वे लाइनको अलि मुनि अर्को लाइनको अनि त्यसको पनि मुनि अर्कै लाइनको रेल एकै पटक दौडिरहेको र ठाउँठाउँमा लिफ्टबाट माथि आउन मिल्ने गरी बनाइएको। ठाउँठाउँमा नदीमुनि पनि रेल दौडिरहेको। ए गाँठे नि! यिनीहरूको बुद्धि, सीप र क्षमतालाई मान्नैपर्छ। त्यसै संसारको त्यत्रो भागमा शासन गर्न सकेका थिए होलान् त?

हतार थिएन मलाई। बुझ्नु थियो, जान्नु थियो– बढीभन्दा बढी सोध्दैसोध्दै बिस्तारै हेर्दै हिंडें। सूचना पाटी र साइन पोस्टहरू पढ्दै हिंडें। शङ्का लाग्यो कि कसैलाई सोधिहाल्थें। जजसलाई सोध्थें उनीहरूले राम्ररी नै जवाफ दिन्थे। कसैलाई फुर्सद

नभएझैँ दौडादौड गरिरहेझैँ देखिन्थे मान्छेहरू। तर पनि सहयोगी नै लाग्यो। म बेकरलू स्टेसनमा पुगेर सुरुङजस्तो बाटो हुँदै पसेँ। जुन लाइनको आए पनि त्यो रेल चढ्छु र अर्को स्टेसनमा ओर्लन्छु भन्ने सोचेर गएँ। एउटा रेल द्रुत गतिमा आयो, ढोकाहरू आफै खुले, मान्छेहरू पसे अनि ढोकाहरू फेरि आफै बन्द भए। कति छिटो दौडँदो रहेछ! चढेको रेल नर्दर्न लाइनको नर्थ बाउन्ड रहेछ। इम्बार्कमेन्ट स्टेसन तुरुन्तैजस्तो आयो, ओर्लन्छु भन्दाभन्दै रेल पुनः दौडिहाल्यो। अनि अर्को स्टेसन चेरिङक्रस पुगेपछि भने फटाफट ओर्लिएँ र टिकट मेसिनमा छिराएर बाहिर निस्कैँ। यसो वरिपरि हेरेँ अनि फेरि अर्को रेल चढ्नुपर्‍यो भनेर सोधपुछ गरेँ। पकेट म्याप हेरेँ अनि बेकरलू लाइनको रेल चढी पिकाडिली सर्कस स्टेसनमा पुगेर ओर्लिएँ। अब ममा एक्लै पनि यो अन्डरग्राउन्ड रेल चढन सक्ने रहेछु भन्ने हिम्मत आइसकेको थियो। पिकाडिली सर्कसबाट अक्सफोर्ड सर्कस जाने रेल चढेँ। अक्सफोर्ड स्ट्रिट लन्डनको एउटा प्रमुख सपिङ सेन्टर रहेछ। एकछिन घुमेर मेरो होटल नजिकैको वाटरलू स्टेसन हुँदै होटलमा फर्कें।

भोलिपल्ट ब्रेकफास्टपछि अन्डरग्राउन्ड रेलबाट पिकाडिली सर्कस जानलाई हिंडेँ। अन्डरग्राउन्ड स्टेसनमा गिटार र माउथ अर्गन बजाएर गिटारको खोल थापी माग्नेहरू बस्दा रहेछन्। कस्तो लोदर! यस्तो सम्पन्न देशमा पनि माग्नेहरू? मैले यस बारेमा सोचैकै पनि थिइनँ। एक पाउन्डको सिक्का उसको गिटारको खोलमा हालिदिएर म रेल आउने ठाउँतिर लागेँ। गरिब देशको मजस्तो मान्छेले पनि यत्रो धनी र विकसित देशको माग्नेलाई दान दिन पाउँदा कताकता आत्मसन्तुष्टि पनि लाग्यो।

पिकाडिली सर्कस, ग्रिन पार्क, अक्सफोर्ड स्ट्रिट, हाइड पार्क, बकिङ्घम राजदरबार घुमेँ। हाइड पार्कको स्पिकर्स कर्नरमा मान्छेहरू भाषण गर्दै थिए। लिबियाका शासक कर्नल गदाफीको विरोधमा एक जना बोल्दै थियो– सायद लिबियाली नै होला। समय नभएकाले धेरै बेर बसिनँ, अनि छेउकै टेक अवेमा गएर फिस एन्ड चिप्स खाएँ। पार्ककै छेउमा दुई जना बूढा मातेर लडिरहेका थिए। एक जना टिल्ल मातेर बर्बराउँदै, खुट्टा लर्बराउँदै हिंड्दै थियो। मलाई काठमाडौँका नालीका जँड्याहाहरूको सम्झना भयो। यहाँ पनि यस्ता मान्छे हुँदा रहेछन्।

आजै ५:२५ बजे बेडफोर्ड जानुपर्ने भएकाले लन्चपछि रेल नचढीकन हिंड्दैहिंड्दै होटलमा जान्छु भनेर हिंडेको त उस्तैउस्तै घरहरू, उस्तैउस्तै बाटाहरू देखेर म त घुमेकोघुमेकै पो भएछु। म त हराएछु क्यार भन्ने लख काटेँ र ट्याक्सी (Cab) रोक्न खोजेँ। निश्चित ठाउँमा मात्र ट्याक्सी पाइने रहेछ अनि क्यूमा लागेर चढ्नुपर्दो रहेछ। होटलको नाम र ठेगाना बताएपछि ट्याक्सी ड्राइभरले होटलमा पुर्‍याइदियो।

बेडफोर्ड जाने क्रममा होटलबाट एक घण्टाअगाडि नै निस्केर वाटरलू स्टेसनमा नर्दर्न लाइन हुँदै किङ्गसक्रसरसेन्ट प्याङ्क्राज अन्डरग्राउन्ड स्टेसन पुगेँ। लन्डनबाट ५० माइल उत्तरमा पर्ने बेडफोर्ड सहर जान ब्रिटिस रेल चढ्दा ठ्याक्कै ५:२५ बजेको थियो।

लन्डनको किङ्गसक्रसरसेन्ट प्याङ्क्राज रेलवे स्टेसनबाट साँझको ५:२५ को रेलबाट ५० माइल उत्तरमा पर्ने बेडफोर्ड सहर पुग्न करिब ३५ मिनेट लाग्यो। मैले मूल विषय फरेस्ट्री र टिम्बर स्टडिज पढ्ने कलेज बकिङ्घमसायरको हाई-वि-कममा थियो, तर केही हप्ता बेडफोर्डमा अङ्ग्रेजी भाषा अध्ययन गर्ने गरी ब्रिटिस काउन्सिलले बेडफोर्ड इङ्गलिस स्टडी सेन्टरमा व्यवस्था मिलाइदिएको रहेछ। विश्वमा विभिन्न देशबाट बेलायतमा पढ्न आउने विद्यार्थीहरूलाई उनीहरूको कलेज र युनिभर्सिटीको पायक पर्ने ठाउँमा आवश्यकताअनुसार केही हप्ता अङ्ग्रेजी पढ्ने व्यवस्था गर्ने गरिंदो रहेछ। हाई-वि-कम यहाँबाट त्यति टाढा नपर्ने भएकाले मलाई पायक पर्ने गरी त्यहाँ व्यवस्था गरिएको थियो। ए फोर साइजको सेतो कागजमा मेरो नाम लेखिएको प्लेकार्ड बोकेकी एक जना महिलालाई देखेपछि यिनी पक्कै मलाई लिन आएकी हुन् भन्ने लाग्यो। म उनको छेउमै गएँ।

"इज दिस मिस्टर फवन फ्रम नेपाल?"

ती महिलाको प्रश्न उनको उच्चारणमा फवन भनेको भए पनि तिनले मेरै नाम पवन भनेकी हुन् र नेपाल पनि भनेकी हुनाले मलाई नै सम्बोधन गरेको जस्तो लाग्यो र मैले 'मै हुँ' भनेपछि उनले हात मिलाउँदै औपचारिक मुस्कानका साथ स्वागत गरिन्। उनको नाम श्रीमती म्यान्डी विसन रहेछ र उनलाई बेडफोर्ड इङ्गलिस स्टडी सेन्टरले मलाई लिन पठाएको रहेछ।

ड्राइभरले मेरा सामानहरू कारमा राखेपछि हामी त्यही कारमा बेडफोर्ड सहरतिर लाग्यौं। बाटामा म्यान्डीले नेपालका बारेमा, मेरो यात्राका बारेमा र लन्डन बसाइको बारेमा प्रश्नहरू गरिन्। उनले त्यसपछि मलाई बेडफोर्डका बारेमा अलिअलि जानकारी दिइन्। ... ... नदी बेडफोर्डको बीचबाट बग्दो रहेछ र बेडफोर्डसायर काउन्टीको यो सहर प्रसिद्ध लेखक जोन वुन्यानको जन्मस्थान पनि रहेछ। यहाँ प्रशस्तै एसियनहरू खास गरी पाकिस्तानी र भारतीयहरू बस्दा रहेछन्। बेलायतमा एउटा कुरो के रहेछ भने खास गरी भारतीय र पाकिस्तानीहरूको ठूलो हिस्सा भारतमा ब्रिटिसहरूको शासन भएको समयमा विभिन्न कालखण्डमा चाहे लन्डन अन्डरग्राउन्ड बनाउन होस्, चाहे औद्योगिक मजदुरका रूपमा होस् या कृषि मजदुरका रूपमा होस्, बेलायत ल्याइएका रहेछन् र तिनका सन्तान लन्डनमा मात्र होइन; बेडफोर्ड, बर्मिङ्घमलगायत विभिन्न ठाउँमा ठूलो सङ्ख्यामा बसोबास गर्दा रहेछन्। बर्मिङ्घमबाट त हाउस अफ कमन्समा एक जना भारतीय मूलका व्यक्ति सांसदका रूपमा निर्वाचित नै भएका रहेछन्।

हाम्रो कार सुन्दर रेसिडेन्सियल एरियाको एउटा चिटिक्क परेको दुई तले घरमा रोकियो। पिटेरिल वाक नाम गरेको त्यो सुन्दर सफा बस्तीमा घर मालिक्नी श्रीमती केनेटले हाम्रो स्वागत गरिन्। परिचयपछि चिया खुवाइन्। ब्रिटिस काउन्सिलले बेलायत पढ्न आउनेहरूलाई सकभर केही समय पेइङ गेस्टका रूपमा ब्रिटिस परिवारमा राख्ने

व्यवस्था गर्दो रहेछ। उनीहरूको जीवन पद्धति, रहनसहन, भाषा, संस्कृति इत्यादि कुरा विदेशी विद्यार्थीलाई थाहा होस् भन्ने उनीहरूको उद्देश्य हुँदो रहेछ। यसै उद्देश्यले मलाई केही समयका लागि श्रीमती केनेटको पाहुनाका रूपमा त्यहाँ बस्ने व्यवस्था गरिदिएको रहेछ। त्यसबापत त्यस्ता घरधनीलाई ब्रिटिस काउन्सिलले सोझै भुक्तानी गर्दो रहेछ। त्यो अवधिमा विद्यार्थीलाई पकेट मनी मात्र दिइँदो रहेछ।

श्रीमान् मोन्टी केनेट र श्रीमती केनेटका इम्मा र मार्क नामका दुई बच्चा रहेछन्– बहुत प्याराप्यारा। मोन्टी खेतीपातीको काम गर्दा रहेछन् र ससानो व्यापार पनि। फुटबलका सोखिन। मलाई पहिलो तलामा एउटा राम्रो कोठा दिइयो। गजबको कुरा के लाग्यो भने भित्री कोठाका कुनै पनि ढोकामा लक सिस्टम थिएन। डिनरपछि मोन्टी र म घुम्न निस्कियौँ। छेवैको एउटा पबमा गएर एकएक पिन्ट बियर पिई फर्क्यौँ। मैले केनेट परिवारका सदस्यहरूलाई नेपालसँग सम्बन्धित केही उपहार दिएँ। खुब खुसी भएँ।

भोलिपल्ट बिहान छिमेकीको घरमा बसेको सुडानको अब्दुल्लासँग श्रीमती केनेटले परिचय गराइन्। ऊ पनि म पढ्ने सेन्टरमै पढ्दो रहेछ र ब्रेकफास्टपछि हामी दुवै जना एउटा बसमा गयौँ। बसमा कन्डक्टर हुँदैन रहेछ र बस ड्राइभरलाई नै पैसा तिर्नुपर्दो रहेछ। क्रेसेन्ट भन्ने ठाउँमा पुगेपछि अब्दुल्लाले ओर्लन इसारा गऱ्यो। त्यहीँ बेडफोर्ड इङ्गलिस स्टडी सेन्टर रहेछ। त्यहाँ पुगेपछि त्यहाँकी एक जना प्रोग्राम अफिसरले स्वागत गरिन् र सेन्टरमा भएका केही पदाधिकारीलगायत दक्षिण कोरियाको किम, भेनेजुएलाकी सिल्भिया, फ्रान्सकी जुलियाना, इटालिकी सान्द्रा, बङ्गलादेशका अली र खालिद, ओमन, साउदी अरेबिया, चिली, सिरिया, अर्जेन्टिना र युगोस्लाभियाका (सबैको नाम बिर्सें) विद्यार्थीहरूसँग चिनजान गराइन्। बकिङ्घमसायरमा मेरै कलेजमा पढ्ने एक जना घानाको र दुई जना श्रीलङ्काली पनि भेट भए।

एक जना सिल्वी भन्ने अङ्ग्रेज लेक्चरर म नेपालबाट आएको भन्दा साह्रै खुसी भए। ती लेक्चरर दुई पटक नेपाल आएका रहेछन् र नेपालको निकै प्रशंसा गरे। उनले मिस्टर एभरेस्ट भनेर जिस्काउन थाले मलाई। पछि यो सेन्टरमा धेरैले मलाई मिस्टर एभरेस्ट पनि भन्ने गर्थे।

यो सेन्टरमा बेलायतका विभिन्न कलेज र युनिर्भसिटीमा पढ्न आउने विद्यार्थीलाई आवश्यकताअनुसार केही हप्ता अङ्ग्रेजी पढाइँदो रहेछ। बेलायतको रहनसहन, संस्कृति, चालचलन इत्यादिका बारेमा जानकारी गराइँदो रहेछ। विभिन्न देशबाट उच्च शिक्षाका लागि विद्यार्थीहरू बेलायत आउनेजाने क्रम निरन्तर चल्दै आएको सर्वविदितै छ।

सुरुमा यो सेन्टरमा म एक्लो नेपाली थिएँ। दक्षिण कोरियाको किम र श्रीलङ्काका बन्दुला र अमरसेनासँग एसियन भएको नाताले पनि होला, निकै घनिष्ठता बढ्यो। पछि क्रमशः अन्य नेपाली मित्रहरू पनि आउनुभयो र म त्यहाँ पढुन्जेल झन्डै पाँचछ जना नेपाली भयौँ। खुब रमाइलो भयो।

मूल विषय पढ्नुअगाडिको यो अवधि निकै रमाइलो हुँदो रहेछ। बेलायतको भाषा, रहनसहन, संस्कृति, परम्परा आदि सिक्ने मात्र हुँदा पढाइको खासै लोड नपर्ने र सेन्टरबाट निस्किएपछि हाइस्ट्रिट जाने, घुमघाम गर्ने, पबमा जाने, साथीहरूसँग र माइलो गर्ने, प्रत्येक सप्ताहान्तमा सेन्टरले नयाँनयाँ ठाउँमा घुमाउने, विभिन्न मुलुकका साथीसँग चिनजान-घुलमिल हुने र उनीहरूको देशका बारेमा जान्ने अवसर हुने हुँदा मलाई यो बेडफोर्ड बसाइ अत्यन्त रमाइलो र स्मरणीय लाग्यो। तर जस्तै भए पनि आफ्नो घरपरिवारको र स्वदेशको मायाले सताउनसम्म सताउँदो रहेछ।

मर्निङ वाकमा पाकहरूमा गएर वाकम्यानमा नेपाली गीतहरू सुन्दै एक्लै टहल्दै गर्दा अत्यन्त होमसिक हुने र कहिलेकाहीं त आफ्नै देशमा कहिले फर्कन पाइएलाजस्तो पनि लागिरहन्थ्यो। दिक्क पनि लागेर आउँथ्यो र क्यालेन्डरमा दिन र महिनाहरूलाई टिक मार्दै स्वदेश फर्कने दिनको प्रतीक्षामा बस्थें। दक्षिण कोरियाको किम अत्यन्त मिलनसार लाग्यो र हामी छिट्टै घनिष्ठ मित्र भयौं। ऊसँग धेरै कुरा मिल्ले र हामी नेपाल र कोरियाका बारेमा, उत्तर र दक्षिण कोरियाको विभाजन र एकीकरणका बारेमा र उसकी गर्लफ्रेन्डका बारेमा कुरा गर्थ्यौं। किमका बाबु अहिले पनि दक्षिण कोरियाली सेनामा जर्नेल रहेछन्। उसकी गर्लफ्रेन्ड राजधानी सोलमा पढ्दै गरेकी तर किमको बेलायत बसाइ अलि लामै (२२ महिनाजति) भएकाले उसको बिहे भइहाल्छ कि भन्ने चिन्ता उसलाई रहेछ। किम यहाँ ग्यास इन्जिनियरिङ पढ्न आएको हो। कोरियाली समाज पनि नेपालको जस्तो अलिक कन्जर्भेटिभ छ रे। लन्डनका मुख्य भागहरू मैले पहिल्यै घुमिसकेकाले एउटा सप्ताहान्तमा मैले किमलाई लन्डन घुमाउन पनि लगें।

बेडफोर्ड बसाइको छोटो अवधिमा सेन्टरले हामी सबै विद्यार्थीलाई सप्ताहान्त पारेर Chicksands स्थित American Air Base, ऐतिहासिक सहर बाथ, लन्डनस्थित रिजेन्ट्स पार्कको ओपन एयर थिएटरमा विलियम सेक्सपियरको नाटक A Mid Summer Night's Dream, अक्सफोर्ड, ब्लेनहेम दरबार, लन्डन चिडियाखाना, ग्रेट यारमथ (Great Yarmouth), क्याम्ब्रिज, लन्डनको बिट्रिस म्युजियम, नेसनल म्युजियम अफ साइन्स एन्ड इन्डस्ट्री, पिटरबोरो, टावर अफ लन्डन, विन्डसर सफारी पार्क आदि ठाउँ घुमायो।

अन्य देशका विद्यार्थीभन्दा केही फरक अरब देशका विद्यार्थी थिए। उनीहरूमा प्रायः पैसाको तुजुक र फुर्तीफार्ती बढी देखिन्थ्यो। उनीहरूमा पनि खास गरेर ओमनका दुई जना विद्यार्थी वसम र उसको साथी (नाम बिर्सें)-ले आफै कार किनेर घुम्ने, लेक्चररहरूसँग पनि झगडा गर्ने, ठिटीहरूलाई जिस्क्याउने गर्थे। उनीहरू स्वयम् पनि धनी परिवारका र ओमन सरकारले पनि तिनीहरूलाई दैनिक एक सय डलर छात्रवृत्ति दिँदो रहेछ। एक जना नामिबियाकी सहपाठी विद्यार्थीलाई सेन्टरको कम्पाउन्डभित्रै हातपात गर्न खोज्दा पनि सेन्टर प्रशासनले केही गर्न नसकेको देख्दा यी ब्रिटिसहरू पनि

धनको अगाडि झुक्दा रहेछन् जस्तो लाग्यो। उनीहरूमाथि कुनै कारबाई भएन। उल्टै त्यो नामिबियाली केटीलाई अर्को सेन्टरमा ट्रान्सफर गराएछन्।

११ सेप्टेम्बर १९८५ का दिन सेन्टरले अन्तर्राष्ट्रिय साँझ आयोजना गरेको थियो जसमा हरेक देशका विद्यार्थीले आफ्नो राष्ट्रिय पोसाक लाउनुपर्ने, आफ्नो देशका परिकारहरू तयार गर्ने र सबैले सबैको चाख्नुपर्ने, साथै आफ्नो देशको मुद्रा, झन्डा, कपडा इत्यादि जेजे छन् डिस्प्ले गर्नुपर्ने थियो। हामी नेपालीहरू पनि छसात जना थियौँ। पुलाउ, कुखुराको मासु, आलु र टमाटरको अचार बनाएर ल्यायौँ। झन्डा, क्वाइन, खुकुरी, टोपी, सल, पोस्टकार्ड, ससाना मूर्तिहरू, मुखुन्डाहरू सबै नेपाल खण्डमा प्रदर्शन गऱ्यौँ। धेरैले मन पराए। हाम्रो एभरेस्टका बारेमा, बुद्धका बारेमा, यतीका बारेमा र टुरिजमका बारेमा प्रश्नहरू गरे।

हामीले पनि अन्य देशका परिकारहरू चाख्यौँ, तर म भने त्यहाँ शाकाहारी बनेँ। बाहिर हिंडेपछि डर लाग्थ्यो कहीं गाईगोरुको मासु पर्ला कि भनेर। अनि शाकाहारी बन्ने गर्थें।

बेडफोर्डको बसाइ समग्रमा रमाइलो भयो। हामी नेपाली मित्रहरू समयसमयमा एक ठाउँमा भेला हुन्थ्यौँ, घुम्थ्यौँ र रमाइलो गर्थ्यौं। अब सबैको छुट्टिने दिन नजिक आइसकेको थियो। सेन्टरमा भएका सम्पूर्ण विद्यार्थी आआफ्नो मेन कोर्स पढ्ने ठाउँतिर प्रस्थान गरे। सेन्टरका लेक्चररहरू, प्रोगाम अफिसर र विभिन्न देशका विद्यार्थी साथीहरूसँग बिदाइको हात हल्लाउँदै र बीचबीचमा भेट्ने र सम्पर्कमा रहने वाचाबन्धन गर्दै १९८५ को १५ सेप्टेम्बरका दिन म हाई–वि–कमतिर लागेँ।

मेरो यो पहिलो समुद्रपार यात्रा हरेक दृष्टिले रोमाञ्चक र स्मरणीय रह्यो। नयाँ ठाउँ, नयाँ परिवेश, भिन्न संस्कृति, भिन्न रीतिरिवाज, सबै कुरा भिन्न। झन्डै १४ महिना बस्दा मैले बेलायतका विभिन्न ठाउँ जस्तै वर्ड्सवर्थको जन्मस्थल लेक डिस्ट्रिक्ट, विलियम सेक्सपियरको जन्मस्थल स्ट्राटफोर्ड अपन एभन, स्कटल्यान्डको ग्लास्गो, एडिनबरा, लिभरपुल, म्यान्चेस्टर, क्याम्ब्रिज, अक्सफोर्ड, ग्रेट यारमथलगायत प्रमुख सहरहरू मात्र होइन; कलेजको छुट्टीकै मौका पारेर जर्मनी, फ्रान्स, स्विटजरल्यान्ड आदि देश पनि घुमेँ। विभिन्न अनुभव बटुलेँ। यो पहिलो भ्रमणपछि संसारका थुप्रै देश घुम्ने अवसर पाएको छु, तर पनि सबैभन्दा अविस्मरणीय यही पहिलो यात्रा भएको छ मेरा लागि। जति सम्झ्यो उति रमाइलो लाग्छ।

●

विमल अधिकारी

# प्रेमा शाह : दृढता, विद्रोह र शिक्षा समर्पणकी सङ्गम स्रष्टा



सन् २०१७ को नोभेम्बर २८ तारिखमा अमेरिकाको मुख्य चाड 'थ्याङ्क्स गिभिङ'-मा प्रेमा शाहले राम्राराम्रा तस्बिरहरू पोस्ट गर्नुभो उहाँको फेसबुक भित्तामा। एउटा तस्बिरले मेरो मन च्याप्पै समाइदिएछ। तस्बिरले तानिएको मनले दिमागलाई प्रेमाले लेखेको स्ट्याटस पनि हेर्न भनेछ क्यारे, आँखा तिनमा गढे र त्यो अभिव्यक्ति मार्मिक लाग्थ्यो। नातिनी कलशको गुन्यूचोली कार्यक्रम छ। नातिनीको गोडा धोएर आशीर्वाद दिइएको छ र प्रेमाले आफूलाई 'भाग्यमानी हजुरआमा' लेख्नुभएको थियो। त्यसले ममा प्रेमा शाह स्वसंस्कृति-संस्कारप्रति औधी गर्व गर्ने व्यक्ति हो भन्ने भाव गाढा पाऱ्यो।

संयुक्त राज्य अमेरिकाको कोलोराडो, स्मोकी हिल रोडस्थित अपार्टमेन्ट (वासस्थल)-बाट ५३६ माइल दूरीमा पर्छ युटाह, साल्ट लेक सिटी। त्यहाँ बस्ने प्रेमा शाहसँग मलाई सामाजिक सञ्जालले विद्युतीय साथी बन्ने अवसर दियो। मैले सन्देशक (मेसेन्जर) पठाएर कुराकानी गर्न खोजेँ, तर त्यो सम्भव भएन। एक दिन म स्टोरमा काम गर्ने तयारीका लागि हाजिर गर्न लागेको थिएँ। मेरो मोबाइलमा हेर्दा उहाँलाई अनलाइनमा देखेँ। सिधै सन्चोबिसन्चो सोधेँ। मेरो सोधाइमा उताबाट कुनै प्रत्युत्तर आएन। साँझको ४:३० बजेदेखि काम सुरु भयो। काम सुरु गरिसकेपछि मोबाइल चलाउनु, च्याट गर्नु, सामाजिक सञ्जालमा व्यस्त हुनु स्टोरको नियम विपरीत हुने गर्छ। अतः मेसेन्जरबाट कल गरी प्रेमाबारे जिज्ञासा राख्नै सकिनँ मैले। त्यसको लगत्तै केही दिनपछि शाह बिरामी परी अस्पतालमा उपचार गराइरहेको तस्बिर सामाजिक सञ्जालको भित्तामा देखेँ। मनमनै प्रेमा शाहको स्वास्थ्य लाभको कामना गरिरहेँ मैले।

सन् २०१७ डिसेम्बर २० तारिख, बुधबार, साँझ ५:५५ बजे प्रेमा शाहको साल्ट लेक सिटीस्थित इन्टरमाउन्टेन अस्पताल, युटाह राज्यमा निधन भएको समाचार पो पढ्न पुगेँ म। छापाहरूले 'पहेँलो गुलाफ' ओइलायो भनेर पनि समाचार दिइरहेका थिए। अनलाइन साहित्यिक पत्रिका 'शब्दपथ'-ले 'प्रेमा शाह रहिनन्' भन्ने शीर्ष समाचार दियो। ती समाचार हेर्नु म आफैलाई स्तब्ध बनाउनु थियो। रातको १२:३० पछि कामबाट डेरा आएँ। जुटपानी, सर्लाहीका मेरा साथीहरूले प्रेमा शाहको निधनले असल गुरुआमा एवम् अङ्ग्रेजीकी उत्कृष्ट शिक्षिका गुमाउनुपरेको पीडा पोख्दै मसँग सन्देशक बात गरे। पीडा साटासाट गरेर च्याट बन्द गरेँ मैले।

मेरा स्तब्धताको खातमा स्मृतिहरूले चाङ थप्दै लगे। खासमा मेरो बुझाइमा प्रेमा दिदी अर्थात् प्रेमा मिसको निधनले नेपालकी एक अद्‌भुत सङ्घर्षशील नारी खोस्दै थियो। एउटी बिछट्टै विदुषी शिक्षिका निल्दै थियो अनि एक प्रतिभाशाली मनोवैज्ञानिक साहित्यकार हडप्दै थियो। उहाँको योगदान पक्कै सबैले त नबिर्सेलान् नि भन्दै मैले आफ्नै मनलाई वेदनाको सागरबाट उत्रिन लगाएँ। मानिसको मन कति अटेरी बन्छ कहिलेकाहीं– थाकेर आएको भए पनि मलाई निद्रा लाग्दै लागेन। प्रेमा दिदीले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान सम्झिएँ, सम्झिरहेँ र तिनले मलाई चिमोटिरहे रातभरैजसो।

प्रेमा शाहको योगदान नेपाली साहित्यका कविता, कथा एवम् बालसाहित्य क्षेत्रमा त थियो नै; त्योभन्दा पनि महत्त्वपूर्ण योगदान अङ्ग्रेजी शिक्षा सेवामा थियो। उहाँले अङ्ग्रेजी शिक्षामा खेलेको महत्त्वपूर्ण भूमिकामा मेरो स्मरण डोहोरिएकोडोहोरियै भयो– मन झनझन् विगततर्फ मोडियो। दिमागमा रहेका डायरीका पाना पल्टिन थाले– बाल्यकाल, स्कुले जीवन, जुटपानी स्कुल एवम् प्रेमा दिदीको अङ्ग्रेजी शिक्षण प्लटका रूपमा आए सिनेमाका पूर्वदीप्ति घटनाझैँ। प्रेमा दिदी अर्थात् आफ्नी गुरुआमालाई अब म एउटा संस्मरण लेखेर श्रद्धासुमन प्रकट गर्छु भन्ने निधो मनले लिएँ। कसोकसो निदाएछु बिहानीपख। यो त्यही एक विद्यार्थीको वेदना समर्पण हो।

विक्रम संवत् २०४० को दशकको सुरुवाततिरको कुरा हो, म यूकेजीमा पढ्थैं। प्रेमा शाह सर्लाही-जुटपानीस्थित नवजीवन विद्याश्रममा शिक्षिकाका रूपमा आउनुभयो– एउटी काखे बालिका च्यापेर। हामीलाई अङ्ग्रेजी शिक्षा दिन भनेर आउनुभएकी प्रेमा शाहले विद्यालयका शिक्षकशिक्षिकामध्ये धेरै पढेकी भनेर गरिएको कुराले सायद मेरो बालमस्तिष्कमा गहिरो छाप छाडिसकेको हुँदो हो। इतिहास, नेपाली र अङ्ग्रेजी विषयमा एमए गरेकी विदुषी शिक्षिका पाउँदा स्कुल नै पनि खुसी भएको हुँदो हो, तर त्यसको आकलन गर्ने बुता त त्यसखेर मसँग थिएन। प्रेमाले कहिल्यै आफूले यति पढेको, आफू साहित्यकार भएको भनेको हामीले कहिल्यै सुनेनौं। उहाँले पढाउने तरिका र शैली भने हाम्रो बाल मनस्थितिअनुकूल हुन्थ्यो।

वि. सं. २०३७ मा स्थापना भएको त्यो विद्यालयका संस्थापक हुनुहुन्थ्यो– पास्टर प्रेमदयाल प्रधान अर्थात् आप्पा। उहाँ ब्रिटिस सेनाका पाइलट, समाजसेवी, विकासप्रेमी, प्रधानपञ्च, गाविस अध्यक्ष, धर्मगुरु एवम् सर्लाहीका दिव्य पिताकै रूपमा प्रसिद्ध हुनुहुन्थ्यो। विद्यालयमा निःशुल्क शिक्षा र होस्टलको पनि व्यवस्था थियो। वि. सं. २०४०/०४१ मै विद्यालय जिल्लाको उत्कृष्टमध्ये एक बनिसकेको थियो। विद्यालयको परिवेश एवम् मजबुत आकर्षक भौतिक संरचनाको हिसाबले नेपालको एकमात्र नमुना शिक्षालय मानिन्थ्यो होला त्यस बेला। विद्यार्थी एसएलसी उत्तीर्ण भइसकेपछि विद्यालयको जिम्मेवारी पूरा भएको ठानिन्थ्यो। होस्टलका केही विद्यार्थीलाई उच्च शिक्षाका लागि पनि आप्पाले व्यवस्था गर्नुभएको थियो। सबैले पढ्न पाउने भए पनि मूलतः बेसहारा,

टुहुरा, गरिब बालबालिकालाई होस्टलमा राखी सम्पूर्ण प्रबन्ध गरिन्थ्यो। यसैले होस्टलमा जनजाति विद्यार्थीको बाहुल्य रहे पनि विद्यालयमा चाहिँ सबै वर्ग–समूहका विद्यार्थी हुन्थे। नेत्रगन्जका विद्यार्थीबाहेक आसपासका गाउँबाट पनि विद्यार्थी पढ्न आउँथे। विद्यालय सरकारी भए पनि मानिसहरू बोर्डिङ स्कुल भनेर चिन्थे। सर्लाही जिल्लाको मात्र के कुरा, नेपालभरै कहलिएको विद्यालयमा पर्थ्यो– नवजीवन विद्याश्रम, जुटपानी। विद्यालयको मूल विशेषता नै फराकिलो जमिन, मजबुत भवन, निःशुल्क शिक्षा एवम् उत्कृष्ट अङ्ग्रेजी शिक्षण थियो।

त्यसखेर सरकारी विद्यालयमा चार कक्षाउँभो मात्रै अङ्ग्रेजी पढाइ हुन्थ्यो। नवजीवन विद्याश्रम अपवादै थियो– शिशु कक्षादेखि नै अङ्ग्रेजी पढाइने। नेत्रगन्जवासीका बालबालिकालाई घरैछेउमै अङ्ग्रेजीसमेत पढाइने विद्यालयमा निःशुल्क पढ्न पाउनु अहोभाग्यै थियो। जोकोहीलाई त्यस्तो अवसर नजुर्ने, त्यो पनि बोर्डिङ पद्धतिको शिक्षण। शिक्षकलाई दाइ–दिदी भनेर सम्बोधन गर्ने चलन थियो। आकाशे नीलो रङको सर्ट, गाढा नीलो रङको स्कर्ट/हाफ प्यान्ट एवम् कडा अनुशासन विद्यार्थीका पहिचान थिए। त्यति मात्र होइन; शान्त वातावरण, चारैतिर मजबुत पर्खाल, राष्ट्रिय गान (जस्तै– 'हटी होइन, डटी लड्ने नेपालीको बानी...'), पीटी परेड, पठनपाठनप्रति गम्भीर, अनुशासन, पोसाक एवम् उत्कृष्ट शिक्षण विद्यालयका विशेषता थिए। शिशुदेखि १० कक्षासम्म पढ्ने विद्यार्थीको सङ्ख्या करिब हजारको हाराहारीमा रहँदो हो।

नवजीवन विद्याश्रममा सामान्यदेखि अब्बल–अब्बल शिक्षक सेवा गर्न आउँथे–जान्थे पनि। राम्रो पढाएर विद्यार्थीमा राम्रो छाप छाड्ने पनि केही हुन्थे। प्रेमा शाह अङ्ग्रेजी शिक्षिकाका रूपमा आउनुभएको थियो। चिटिक्कको सादा पहिरन, त्यस्तै रूपरङ, घुर्लिङ कपाल, ठूलठूला आँखा– देख्दैमा त्यतिखेरको राजपरिवारकै सदस्यझैँ लाग्थ्यो। थर शाह भएको र रेडियो–टेलिभिजनमा पनि राजारानी र राजपरिवारका मानिसको नाउँ आउँदा शाह नै भनेर आउने हुनाले पनि हामीभित्र उहाँ राजपरिवारकै सदस्य हो कि भन्ने नजानिँदो भ्रम हुर्किएको हुँदो हो। एक्ली सन्तान छोरी जलको पालनपोषण र हुर्काइमा समय दिँदै शिक्षण पेसालाई नै आफ्नो जीविकोपार्जनको माध्यम बनाउनुभएको थियो उहाँले। छोरीको भविष्यतर्फ समर्पित थियो उहाँको जीविका। उहाँले तीन कक्षासम्म पढाएको हिजोजस्तै लाग्छ। उहाँसँग पढ्न पाउनु मेरा लागि ठूलो अवसर नै थियो। घरगाउँमा अङ्ग्रेजी सिकाइदिने वा सिकाउन सक्ने कोही त छँदै थिएन। अनेक कारण परे होलान् गुरुआमाको शिक्षणीय जीवनमा। बीचबीचमा उहाँले स्कुल छाड्दै फेरि आउँदै गरेको मधुरो छाया छ मेरा स्मृतिको खातमा कतै। प्रेमाले वीरगन्ज–जुटपानी ओहोरदोहोर गरेको पनि हिजोजस्तो लाग्छ मलाई– कतिपय अतीत अतीत बन्नै चाहँदा रहेनछन् नि त मानिसको भोगाइका!

घोकन्ते, रटन्ते, लेखन्ते, सस्वर वाचन, उच्चारण, सामूहिकता आदिमा सबै विधि मिसिन्थे– उहाँको शिक्षण पद्धतिमा। दण्ड र पुरस्कार प्रेमाको शिक्षण सिकाइका मूल

सिद्धान्त हुन्थे। अङ्ग्रेजी विषय र प्रेमाको नाम सुन्नासाथ भुस्कौल र गोबरगणेशहरूको चाहिं सातै जान्थ्यो। प्रेमा दिदी दण्डमा केन्द्रित भई सिकाइ प्रभावकारी बनाउन चाहनुहुन्थ्यो। 'गाई हमारी माता है, अङ्ग्रेजी हमको कुछ नहीं आता है' भन्ने अङ्ग्रेजीको डर सिन्ड्रोमवाला विद्यार्थी 'ड्रप आउट' गर्दै अन्यत्र स्कुल चहार्दै हिंड्थे। भयको कारण प्रेमा नै। मिहिनेती एवम् अङ्ग्रेजीमा रुचि राख्ने विद्यार्थीका लागि चाहिं फेरि प्रेमा दिदी भगवान् नै। तिनलाई 'माई डियर' हुनुहुन्थ्यो। शब्दार्थ कण्ठ गराउनु, वाक्य नै कण्ठ गराउनु, राम्रा अक्षरको अभ्यास गराउनु एवम् शिक्षण फलदायी गराएरै छाड्नु प्रेमाका शिक्षणका विशेषता थिए। सानो कक्षा (बी, एक, दुई, तीन)-मा पढ्दा मैले प्रेमाको साथमा प्रायः लोखर्के र छोरी मात्र पाउँथैं। लोखर्केलाई औधी मन पराउनुहुन्थ्यो उहाँ। मेरो स्मरणले बी, एक, दुई, तीन र नौ कक्षा मात्र पढेको बताउँछ। अरू कक्षामा पढे/नपढेको यकिन छैन मलाई। सायद जीवन सङ्घर्षका क्रममा उहाँ अन्यत्र गएको बेला पढ्न नपाइएको जस्तो लाग्छ। पाँच, छ, सात र आठ कक्षामा चाहिं अन्य दाइदिदी (गुरु-गुरुआमा)-ले पढाएको सम्झन्छु। पाँच/छ कक्षामा पढ्दा संस्थापकका छोरीज्वाइँको कमान्डिङ अङ्ग्रेजी शिक्षणले हाम्रो अङ्ग्रेजी कमजोर हुनै पाएन। नौ कक्षामा मलाई प्रेमासँग पुनः पढ्ने अवसर मिल्यो वि. सं. २०४८ तिर। किताब आँखा नजिकै राखेर पढ्ने बानी प्रेमा शाहको थियो। ती परिवेश पनि मेरो स्मृतिमा कथानकझैँ आउँछन्-जान्छन्। त्यो बेलामा उहाँमा परिवर्तनशील स्वभाव पाइयो। उदार, उदात्त, सहृदयी, दयालु, मायालु, मित्रवत् ढङ्गले प्रस्तुत भएको देख्दा हामी अचम्म मान्थ्यौं। प्रेमा दिदीसँगको शिक्षणका सम्झना मेरो स्मृतिमा एकएक आइरहेका छन्। जस्तै–

- १० कक्षाको विद्यार्थीलाई वर्ड मिनिङ आएन भने तीन कक्षाको मेधावी विद्यार्थीले गएर बताएको। त्यो नै दण्डस्वरूप पाएको।
- विद्यार्थीको सक्रियता (डस्टर बनाउने, विद्यार्थीले पढाउने एवम् सामूहिक चिया बनाएर खाने/खुवाउने)।
- कक्षामा कसैले पनि हल्ला गर्न नपाउने, अनुशासित हुनुपर्ने।

प्रेमा दिदी समानता, एकता एवम् सामूहिकतामा विश्वास गर्नुहुन्थ्यो। मिहिनेती, जेहेनदार विद्यार्थीका लागि महान् लाग्नुहुन्थ्यो प्रेमा। अङ्ग्रेजी राम्रो बनाए मात्र भविष्यमा केही गर्न सकिन्छ भन्ने सिद्धान्त बोकेकी प्रेमा शाह शिक्षालाई जीवनको ज्योति ठान्नुहुन्थ्यो। उहाँमा बेलाबेलामा नारीवादी विचार पनि प्रकट भएको पाइन्थ्यो। एक विद्रोही स्वभावकी सङ्घर्षशील नारीझैँ लाग्नुहुन्थ्यो प्रेमा। प्रेमा दिदीको पूर्वप्राथमिक तह र प्राथमिक तहको विद्यार्थी हुँदाको एक सम्झना पनि मेरो दिमागमा ताजै रहेको छ। प्रेमा दिदीलाई सम्बोधन गर्दा तेक्वान्दोका खेलाडीले आफ्नो गुरुलाई बो (अभिवादन) गरेझैँ गर्नुपर्थ्यो। जस्तै–

गुड मर्निङ दिदी!

गुड आफ्टरनुन दिदी!

गुड इभिनिङ दिदी!

कडा अनुशासनमा विद्यार्थी रहन्थे सधैँ। वर्ड मिनिङ नआउने विद्यार्थीको कुनै गुन्जाइस हुन्नथ्यो कक्षामा। अतः कतिपय विद्यार्थी पढाइ छाडेर अन्यत्र पनि जान्थे।

पटकपटक छोरी जलको भविष्यका लागि नै बाँच्छु र बाँच्ने छु, उसलाई केही बनाउँछु भन्ने शाह प्रतिभाशाली शिक्षिकाका साथै सङ्घर्षकी प्रतिमूर्ति एवम् स्वाभिमानी, विद्रोही, मनकारी, दयालु, दृढ, सक्षम नारी व्यक्तित्व हुनुहुन्थ्यो। अहिले सम्झँदा लाग्छ– हैन, यस्ता सबै विशेषताको सम्मिश्रण भएकी पनि कुनै नारी हुन्छे र?

प्रजातन्त्रको पुनःस्थापनापछि सरकारले अनन्तलाल श्रेष्ठलाई प्रअका रूपमा जुटपानी स्कुलमा खटायो। त्यस बेलादेखि दाइ–दिदी शब्दको चलन हटेर सर–मिसको चलन लागू भयो। विद्याश्रमका अब्बल अङ्ग्रेजी शिक्षकहरू मेघराज कोइराला (तत्कालीन प्रअ), रामजीवन सिंह (पूर्वसभासद्, संविधानसभा), इन्द्र सुब्बा (तत्कालीन प्रअ), ईश्वरी प्रधान, बबी गुरुङ, एली प्रधान (संस्थापककी छोरी), इन्द्र पाण्डेय, धनबहादुर लामा आदिसँग मैले पढ्ने मौका पाएको हुँ। सबैसँग अनुगृहीत रहँदारहँदै प्रेमा मिसको अङ्ग्रेजी पढाइको जस्तो अरूको छाप रहेन ममा। उहाँको शिक्षाको प्रभावले ममा अङ्ग्रेजीप्रति मात्र जिज्ञासा बढाएन, ज्ञानकै बगानमा पगाहा लगाइदिएको थियो। होला, त्यसैले पनि म विद्यालयका अङ्ग्रेजीका राम्रा विद्यार्थीमध्ये एक गनिन्थेँ। अङ्ग्रेजीसँग नडराउने हुनुको कारण हो– प्रेमा दिदीको आधारभूत अङ्ग्रेजी शिक्षण।

आईए (प्रवीणता प्रमाणपत्र तह) पढ्ने बेला अग्रजहरूले अनिवार्य अङ्ग्रेजीको हाउगुजी देखाइदिए, किनभने उनीहरूले अङ्ग्रेजी अनुत्तीर्णमा ह्याट्रिक गरिसकेका थिए। अतः म पनि सुरक्षा फौजको अधिकृत बन्ने योजना बोक्दै अन्य विषय लिन पुगेँ। जीवनमा अङ्ग्रेजीलाई मूल विषय बनाएर उच्च शिक्षा हासिल गर्न नपाएकोमा चाहिं बेलाबेला पछुतो लाग्छ।

समयक्रमसँगै प्रेमा शाहको काठमाडौँ प्रवेश भयो। जलको साथ आमाले छाड्नुभएन। जलले पनि आमाको साथ छाडिनन्। पाटन अस्पतालमा जन्मी काठमाडौँ–वीरगन्ज–सर्लाहीको जुटपानीमा हुर्किएकी एवम् जुटपानी–सर्लाहीमा स्कुले जीवन पूरा गरेकी जल नेपाली सिने वृत्तकी उत्कृष्ट र सफल नायिका। नायिका बन्नुको मूल प्रेरणाश्रेय आमा प्रेमा शाहलाई नै जाँदो हो जलको पनि। मैले वि. सं. २०६२/०६३ तिर आफ्नी गुरुमा प्रेमा शाहसँग भेटी अन्तर्वार्ता लिने योजना बनाएँ। ललितपुरतिर बस्ने प्रेमासँग फोन सम्पर्क पनि भयो। सायद सहयोगीले फोन उठाइन्। र, रेसपोन्स पनि राम्रै पाएको थिएँ मैले। खोजीखोजी जाने फुर्सद भएन, किनभने म १० देखि सात बजेसम्मको 'प्रुफ रिडर'–को जागिरमा व्यस्त थिएँ। साहित्यकार प्रेमा शाहसँग अन्तर्वार्ता लिने चाहना चाहनामै सीमित भयो। साहित्यको इतिहासमा गतिलो अन्तर्वार्ता आउने सम्भावना टर्‍यो। म उहाँको विद्यार्थी भएकाले उहाँबारे धेरै बुझेको थिएँ। तर के गर्नु? समयले जुराएन भेटवार्ता। केही वर्षपछि सन्तानको मायाले प्रेमा शाह अमेरिका जानुभयो।

सन् २०१७ को फेब्रुअरी १० तारिखका दिन म पहिलो पटक कोलोराडो पुगेँ। विकसित देशमा पुगेपछि मोबाइल, सामाजिक सञ्जाल एवम् इन्टरनेटको पहुँचमा रहेँ। सर्च गर्दै प्रेमा शाह खोजेँ। म विमल अधिकारी जुटपानी भनेपछि मात्र 'फ्रेन्ड रिक्वेस्ट एसेप्ट' भयो। साथी बनियो। उहाँसँग मेसेन्जरमा पनि च्याट गर्ने कोसिस गरेँ। प्रश्नावली तयार गरी जवाफ लिने सोच पनि बनाएँ। मेसेज यस्तो थियो–

'हाऊ आर यू, मिस?'

'आई एम विमल फ्रम जुटपानी, सर्लाही।'

'हाऊ आर यू?'-को जवाफ मैले कहिल्यै पाइनँ। प्रेमासँग त्यसको जवाफ नभएर हो या किन उहाँले एउटा शब्द पनि रिप्लाई गर्नुभएन। किन होला भन्दै मेरो मनमा कुरा खेलिरहे। अकस्मात् बिरामी परेको, अस्पतालको बेडमा रहेर उपचार गराइरहेको तस्बिर सामाजिक सञ्जालमा देखेँ। मनमा चिसो पस्यो। प्रेमा शाह अर्थात् प्रेमा दिदी अर्थात् प्रेमा मिसले आफ्नो दुःख-पीडा, कहानी कहिल्यै बताउनुभएन; गुनासो पनि गर्नुभएन। बौद्धिक, चिन्तनशील, अन्तर्मुखी, भावुक, कल्पनाशील, स्वाभिमानी, दृढप्रतिज्ञ, उदार, सक्षम एवम् सङ्घर्षशील नारीको उदाहरण बनिरहनुभयो जीवनपर्यन्त।

वि. सं. २०१७/१८ देखि नै प्रकाशनको क्षेत्रमा कथामार्फत देखिनुभएकी प्रेमाका विविध विधाका पुस्तकाकार कृति प्रकाशित छन्। उहाँको योगदान मूलतः आख्यान क्षेत्रमा बढी देखिन्छ। 'पहेँलो गुलाफ' र 'विषयान्तर' कथासङ्ग्रह प्रकाशनपश्चात् शाह निकै चर्चित एवम् अब्बल लेखिकाका रूपमा चिनिनुभयो। उहाँको 'आऊ, मलाई सम्भोग गर' कवितामा पुरुषप्रधान समाजप्रति विद्रोह र निराशा पाइन्छ भने 'लोग्ने' कथामा अतृप्त चाहना एवम् कुण्ठाको अभिव्यक्ति। निराशा एवम् मनोवैज्ञानिक अभिव्यक्ति शालीन ढङ्गले प्रस्तुत गरिएको पाइन्छ उहाँका रचनामा। व्यवहारमा यदाकदा उहाँ उग्र नारीवादी चिन्तन बिम्ब पनि दिनुहुन्थ्यो। यसको उदाहरण हो– छोरी जललाई साथमा लिएर एक्लै बाँच्नु।

अन्त्यमा, प्रेमा शाह (वि. सं. २००१, श्रीपुर-वीरगन्ज, पर्सा – २०७४ पुस ५, युटाह, अमेरिका) अर्थात् प्रेमा मिस! व्यक्तिगत/पारिवारिक जीवन जेजस्तो भए पनि प्रेमा शाह प्रथमतः एक अद्भुत अङ्ग्रेजी शिक्षिका। त्यागी, दृढप्रतिज्ञ शिक्षासेवी पनि हो। शिक्षाको ज्योतिले मात्र समाज परिवर्तन हुन्छ भन्ने मान्यताकी दृढ संवाहक। त्यति मात्र होइन, प्रेमा शाह नेपाली साहित्यको इतिहासमा पाँच/छ वर्ष मात्र लेखेर चर्चित बनेकी उत्कृष्ट मनोवैज्ञानिक एवम् अस्तित्ववादी स्रष्टा-सर्जक पनि। थोरै साधना गरेर पनि गुणात्मक रचना लेख्ने प्रेमाका कविता, आख्यान एवम् बालसाहित्यले सधैँ उहाँको नाम निरन्तर कायम राख्ने छन् नेपाली साहित्यमा। 'मम्मी' एवम् 'आकाश विभाजित छ' (संयुक्त लेखन) लघु उपन्यास र उपन्यास लेखनपछि साहित्यिक वृत्तमा हराएकी प्रेमाका कृति थोरै छन्, तर प्रभावको सघनता गहनतम।

उहाँको आत्मवृत्तान्त लेखिएको भए त्यो नेपाली साहित्यको इतिहासमा अमूल्य निधि हुने थियो।

प्रेमा दिदीको चेलो मैले मूल अङ्ग्रेजी विषय लिएर उच्च शिक्षा हासिल गर्न सकिनँ। परिस्थितिले पनि दिएन। अङ्ग्रेजी विषयलाई जीवनवृत्तिको माध्यम बनाउन नसकेकोमा र गुरुमासँग विस्तृत अन्तर्वार्ता लिन नपाएको पछुतो सायद जीवनपर्यन्त नै ममा रहने छ। अधुरो-अपुरो राख्यो एउटा सत्कार्य अनि समयले कहाँ पर्खियो र? नियतिको खेल।

गुमनामजस्तै भए पनि प्रेमाले करिब आधा दशक साहित्य क्षेत्रमा राखेको सक्रियता नेपाली साहित्यको महत्त्वपूर्ण पुँजी हो भन्नु अत्युक्ति हुन्न। अङ्ग्रेजी शिक्षामा महत्त्वपूर्ण योगदानले प्रेमा दिदीलाई जुटपानी स्कुलले सधैं सम्झने छ, सम्मान गरिरहने छ। साना तर खँदिला कृति दिएका कारण पनि प्रेमा शाहलाई नेपाली साहित्यको इतिहासले काखी च्यापिरहने छ। भौतिक शरीर मात्रै पहिचान हैन नि गुरुमा! कृतिले सधैं अमर बनाइराख्ने छ– तपाईं अमर नारी स्रष्टा। अनन्त श्रद्धासुमन साहित्यसाधिका गुरुमा!

●

नीलकमल

# उदास उनको जीवन कथा...



उनको न्वारानको नाम दाँतेमा तामाङ थियो, त्यसैले उनलाई सबैले दाँतेमा-दाँतेमा भनेर बोलाउँथे। एउटी चुलबुले केटी दाँतेमा सात वर्षको उमेरमा नै नाच्न र गाउन भनेपछि खान पनि बिर्सिन्थिन्। आफ्ना केटी साथीहरूसित नाचिरहेको बेला कुनै केटाले जिस्क्याए भने उनका साथीहरू ती केटाहरूलाई सराप्दै त्यहाँबाट दूर हुन्थे, तर उनी निस्फिक्री नाचिरहन्थिन्। कतै कुनै पनि अवसरमा माइक राखेर कार्यक्रम भइरहेको देखेपछि उनलाई गीत गाउनुपरिहाल्थ्यो। होची र डल्ली कदकी दाँतेमाको टाउको माइकको मुखसम्म पुग्ने कुरै भएन। त्यो बेला उनका बाबुले काँधमा बोकेर माइकसम्म मुख पुऱ्याइदिन्थे र दाँतेमा गीत गाउँथिन् निस्फिक्री।

यिनै दाँतेमा हुन् नेपाली सुगम सङ्गीतकी स्वर्णिम कालखण्डकी विरही गायिका अरुणा लामा। सातआठ वर्षमै गायनको माध्यमबाट उनले दार्जिलिङको रनवन हल्लाएकी थिइन्। २००२ सालको भदौ २४ गते भारतको पश्चिम बङ्गाल राज्यको घुम पहाड, दार्जिलिङमा पिता सूर्यबहादुर लामा र माता सनमाया तामाङको कोखबाट उनी जन्मेकी हुन्। बाबुआमालाई छोरी गीतसङ्गीतमा लागेको मन परेको त थिएन तैपनि उनको जिद्दीको अगाडि प्रतिक्रिया जनाउँदैनथे; तर उनका काका सीबी लामाले भने अरुणाको गीतमा

राम्रो भविष्य देखेका थिए। सात वर्षकै छँदा उनले अरुणालाई गीत गाउन उक्साउँथे। उनै काकाको पहलमा दार्जिलिङको गोर्खा दुःख निवारक सम्मेलनले आयोजना गर्ने भानु जयन्तीको सङ्गीत प्रतियोतिगामा अरुणाले भाग लिइन्। अचम्म! ११ वर्षकी अरुणा सो कार्यक्रममा सर्वोत्कृष्ट बाल गायिकाको पुरस्कार प्राप्त गर्न सफल भइन्। मङ्पू प्राथमिक विद्यालय र सेन्ट तेरेजा स्कुलबाट विद्यालयस्तरीय शिक्षा आर्जन गरेकी पढाइमा पनि अब्बल थिइन् उनी। पत्याउन पनि गाह्रो पर्छ, मात्र २० वर्षको उमेरमा उनले स्नातक गरिसकेकी थिइन्। उनी दार्जिलिङको सरकारी कलेजबाट स्नातक उत्तीर्ण हुनु र आफ्नो पहिलो गीत रेकर्ड हुनुमा लामो समयको अन्तर थिएन। भूपि शेरचनको शब्द र अम्बर गुरुङको सङ्गीतमा 'ए कान्छा, मलाई सुनको तारा खसाइदेऊ न, त्यो तारा मात्र होइन, जून पनि झारिदिउँला' बोलको यो अति लोकप्रिय गीत नै उनको पहिलो रेकर्ड भएको गीत थियो। पहिलो गीतकै अपार सफलताले उनको लोकप्रियतालाई उजागर गर्छ। शरण प्रधान र अरुणाको यो युगल स्वरमा गाइएको गीतको रचना र सङ्गीत अम्बर गुरुङको रहेको थियो।

दार्जिलिङको सरकारी कलेजमा पढ्दापढ्दै अम्बर गुरुङको आर्ट एकेडेमी नामक साङ्गीतिक समूहको माध्यमबाट अरुणाको भेट त्यतिखेरका जल्दाबल्दा गायक शरण प्रधानसित हुन पुग्यो। हुन पनि हो आर्ट एकेडेमीमा अम्बरका शिष्यहरूमध्ये अरुणा मात्र महिला सदस्य थिइन्। अरू जितेन्द्र बर्देवा, गोपाल योन्जन, कर्म योन्जन, रञ्जित गजमेर, पिटर जे. कार्थक तथा मार्क कार्थकजस्ता सबै पुरुष मात्रै थिए। ख्याउटे र कमजोर शरीरका शरणलाई अम्बर गुरुङसित सङ्गीत सिक्दासिक्दै सङ्गीतको भन्दा बढी मात अरुणाको फक्रक्क फुलेको बैँसले लगायो। आफ्ना गीतहरू रेकर्ड गर्न कलकत्तामा लामो समय बस्नुपर्दा उनीहरूको प्रेम अझ फक्रिन पुग्यो। शरणकै प्रस्तावमा १९ वर्ष लाग्दानलाग्दै उनीहरू लगनगाँठोमा बाँधिए। यो शुभ दिन थियो २०२० असार २ गते।

शिक्षण र गायनको खेतीमा बराबरी समय दिइरहेका अरुणा र शरणको जीवनमा अब घरगृहस्थीको पनि आगमन भयो, तर सङ्गीत यात्रा रोकिएन। अम्बर गुरुङ, गोपाल योन्जन तथा पिटर जे. कार्थक नेपाल पसिसकेका थिए त्यति बेला जसको कारणबाट त्यहाँ आएको साङ्गीतिक रिक्तता टाल्न शरणले औधी मिहिनेत गर्नुपर्‍यो। रञ्जित गजमेर, कर्म योन्जन, मणिकमल छेत्री, दिलमाया खाती, चन्दन लम्जेल, डेजी बराइली आदिको सरसल्लाह तथा सहयोगमा अर्को साङ्गीतिक संस्था खुल्यो– सङ्गम परिषद्, दार्जिलिङ। यसको पूर्ण संयोजन गरेका थिए शरण प्रधानले।

सुरुसुरुमा 'ए कान्छा, मलाई सुनको चारा खसाइदेऊ न'-जस्ता मिलन र संयोगका गीतहरू गाए पनि वेदना र पीडाका गीतहरू नै उनको रोजाइमा परे। उनको स्वरमा जन्मजात नै करुणा र संवेदनाले घर गरेको थियो। उनको पीडित जीवनको व्यथा उनका गीतहरूमा पोखिन्थ्यो जसले गर्दा उनका भावकहरूमा उनका गीतले मनदेखि

मुटुसम्म नै स्पर्श गरे। औधी मन परापर गरेर वैवाहिक बन्धनमा बाँधिएका अरुणा र शरणको वैवाहिक जीवनमा १० वर्ष पनि नबित्दै एउटा विनाशक हुन्डरी आइपुग्यो। रोगी र ख्याउटे शरीरका शरण सधैं मूर्च्छा पर्ने रोगबाट ग्रसित थिए, तर यो पटक भने मूर्च्छाबाट बौरिंदै बौरिएनन्। आफ्नी प्यारी अरुणा, छोरा सुप्रित र छोरी सपनालाई नाबालक अवस्थामा नै यो निर्जन संसारमा हेलिदिएर आफू अनन्तमा बिलाए शरण।

अकल्पनीय पीडाको भार खेप्नुपरेपछि अरुणा निस्तब्ध बन्दै घरमै झोक्राएर बस्न थालिन्। एउटी कोकिलकण्ठी गायिका घरको चौघेरामा सीमित हुनु नेपाली सुगम सङ्गीतका लागि पनि ठूलो नोक्सान थियो। यति भएर पनि अरुणा शरणबाहेक सङ्गीतका लागि पनि जन्मेकी थिइन्। सङ्गीतका लागि जन्मेको मान्छेले घरको चार दिवारभित्र कैद भएर मात्र बस्नु हुन्न भनी तत्कालीन सङ्गीतकर्मीहरू कर्म योन्जन र मणिकमल छेत्री पुनः अरुणालाई सङ्गीतको मञ्चमा उभ्याउन सफल भए। पतिको देहान्त, पारिवारिक पालनपोषण तथा जागिरजस्ता कुरालाई काँध थाप्दै उनी वेदना र करुणामय गीतहरूमा फुल्न थालिन्।

उदास मेरो जीवनकथा कसैलाई भनिनँ
यो जन्मभरि सहेको व्यथा कसैलाई भनिनँ।

यस्ता कालजयी दुःखान्त गीतकी स्रष्टा अरुणाको लोकप्रियता नेपाल र दार्जिलिङमा मात्र होइन, भुटान तथा बर्मासम्म पनि फैलिन पुग्यो शनैःशनैः। भूपि शेरचन, भैरवनाथ रिमाल कदम, नरेन्द्रराज प्रसाई, राजेन्द्र थापा, गोपाल योन्जन, अम्बर गुरुङ, मनबहादुर मुखिया, किरण खरेल आदिका शब्दमा उनले विरही भाकामा स्वरहरू पस्किरहिन्। 'माइतीघर', 'परालको आगो' तथा 'कान्छी'–जस्ता चलचित्रमा उनको स्वर समेटियो; तर समग्रमा चलचित्रको पार्श्व गायन उनको खासै रुचिको क्षेत्र रहेन, किनकि उनको सुन्दर गीतको चयन र गायन शैली निजत्वपूर्ण थियो। चलचित्रका निर्माता र निर्देशकले दिएको सिचुएसनको परिधिभित्र कुँजिएर गीत गाउने अन्तर्य पनि अरुणाको थिएन। 'पोहोर साल खुसी फाट्दा जतन गरी मनले टालें', 'हेर न हेर कान्छा, डाँडालाई फूलले ढाक्यो', 'एक्लै बस्दा सधैं मलाई सम्झना तिम्रो आइदिन्छ', 'नेपाली गौरव गर्छौं आफ्नै पनमा, घमन्डी त छैनौं है' आदि बेजोड गीतहरू समग्र नेपाली सङ्गीतका अमूल्य निधि हुन्। वास्तवमा शरणको निधनअघि उनले शरणकै सङ्गीतमा आफ्नो गलालाई प्रयोग गर्ने गरेकी थिइन्, तर शरणको निधनपछि भने उनले अन्य मूर्धन्य गीतकार तथा सङ्गीतकारका सिर्जनालाई प्रयोग गर्न थालेको देखिन्छ जसका कारण उनको कलाकारिता थप फराकिलो बन्दै गयो। यसो भन्दैमा शरणका सिर्जनाहरू कमजोर छँदै थिएनन्, तर विविधता भने पछिल्ला गीतहरूमा देखिएको हो।

नेपाली गीतसङ्गीतप्रति उनको देन अभूतपूर्व रहेको छ। नाइटिङ्गेल अफ दी हिमालय भनी भारतको पश्चिम बङ्गाल सरकारको चाहनामा कलकत्ताको हिन्दुस्तान

रेकर्डिङ कम्पनीले दिएको मानार्थ पदवीलाई पूर्ण न्याय गर्ने कार्य उनबाट भएको छ। हुन त अम्बरको आर्ट एकेडेमीमा छँदै अम्बर उनलाई नाइटिङ्गेल भन्थे भने काठमाडौँमा भूपि शेरचनले उनको गायकीलाई बर्ड सङ। गीतको शब्द चयनमा अत्यन्त ध्यान दिने उनले कर्म योन्जन, नारायणगोपाल, दिव्य खालिङ, अम्बर गुरुङ, कुन्दनराज सुब्बा, शान्ति ठटाल आदिको सङ्गीत कम्पोजिसनलाई न्याय गरेकी छन्। सन् १९८० मा भएको पहिलो गोर्खाल्यान्ड आन्दोलनको सिलसिलामा सरकारी नोकरीमा रहेकी अरुणालाई सुभाष घिसिङका कार्यकर्ताहरूले उद्दण्ड शैलीमा गोर्खाल्यान्ड आन्दोलनको समर्थनमा गीत गाउन ठूलो दबाव दिए जसका कारण उनलाई निकै अप्ठ्यारो परेको थियो। यस्तो नमीठो स्मृति पनि छ उनको गायकी जीवनको। आफ्ना पतिझैँ यो घटनापछि उनी रक्सीको लतमा परेको र त्यसैका कारण उनको छोटो उमेरमा निधन भएको अनुमान उनका सहकर्मी तथा उपन्यासकार स्व. पिटर जे. कार्थकले गरेका हुन सक्छन्।

हाँसीहाँसी जलिरहेँ, खुसीसितै बोलिरहेछु
आगो सल्काई छातीभरि रूखो हाँसो देखाइरहेछु।

हुन पनि हो, अरुणाको जीवन नै बाहिर लोकाचारका लागि हाँसेर भित्रभित्रै जले को थियो; शरणको अल्पायुमै भएको निधनले उनको छातीमा आगो सल्किएको थियो। यति हुँदाहुँदै पनि उनी समाजका लागि रूखो हाँसो देखाउन विवश थिइन्। नेपाली सुगम सङ्गीतको एउटा कालखण्डको पृथक् धाराकी एक्ली प्रतिनिधि हुन् उनी। थोरै गाइन् उनले, तर अजर–अमर गीत गाइन्। गीतको सङ्ख्या थप्नमा मात्र उनको कुनै रुचि थिएन। जीवनभरमा मात्र डेढ शय वटाजति गीत उनका रेकर्ड हुन सके। गोरखा दक्षिणबाहु पदक, छिन्नलता पुरस्कार, भानु पुरस्कार, मित्रसेन थापा पुरस्कारलगायत अन्य थुप्रै पुरस्कार र मानसम्मान उनलाई प्राप्त भए। 'माइती घर' चलचित्रमा स्वर दिएबापत चलचित्र पुरस्कार, उर्वशी रङ्ग पुरस्कार, सुरशृङ्गार सम्मेलन पुरस्कार, कलकत्ताको दिसारी पुरस्कार, साधना कला केन्द्रले दिएको साधना सम्मान आदि यो मेसोमा पर्छन्। काठमाडौँमा उनको एकल साङ्गीतिक साँझका रूपमा अरुणाञ्जली आयोजना भयो। आजभन्दा झन्डै दुइ दशकअघि आयोजना भएको सो अरुणा लामा स्वर्णिम साँझमा उनलाई मोटो नगद थैलीका साथै स्वर किन्नरी तथा स्वर साम्राज्ञीको नाममा मानार्थ सम्मान पनि दिइएको थियो जसको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनले गरेको थियो। नेपालको सरकारी क्षेत्रबाट उपेक्षित भए पनि निजी क्षेत्रबाट भने उनी अर्थात् पुर्बेली नुर जहाँ मनग्गे सम्मानित भइन् जसको पुष्टि नरेन्द्रराज प्रसाईले लेखेको 'अरुणा लामा : कथा र व्यथा' नामक पुस्तकले पनि गर्छ। यसपश्चात् दार्जिलिङको उही गोर्खा दुःख निवारक सम्मेलनमा उनको अर्को एकल साङ्गीतिक कार्यक्रम राग रजत नाममा पुनः आयोजना भएको थियो।

काठमाडौँ र दार्जिलिङ आउजाउ गरिरहन्थिन् अरुणा जसले गर्दा दुवैतिरका भावनामय भावकहरूको रोजाइमा परिन्। जीवनका दुःखान्त व्यथाहरूलाई गीतमा उमार्ने

उनी अर्थात् ट्रेजेडी क्विन २०५४ माघ २२ गते एकाएक श्रोताहरूलाई आफ्ना दुःखान्त गीतहरू छाडेर अनन्तमा बिलाइन्। नेपाली सुगम सङ्गीतको यसरी एउटा धाराको सूर्यास्त भयो जसको क्षतिपूर्ति पटक्कै सम्भव छैन। तारादेवी, शान्ति ठटाल तथा दिलमाया खातीकी समकालीन अरुणाले पनि लामो आयु पाइनन्; मात्र ५२ वर्षमा उनी अम्बर गुरुङको शब्दमा झैँ जीवनभर आँसुमा फुलेर भावकहरूका आँखामा पनि आँसु नै बर्साएर अनन्तमा हराइन्। पश्चिम बङ्गालको बिजनबारीमा उनको प्रथम पटक निर्मित पूर्ण कदको सालिकको अनावरण वरिष्ठ सङ्गीतकार अम्बर गुरुङबाट भयो– यो पनि मरणोपरान्त एउटा सार्थक सम्मान नै हो भन्न सकिन्छ। हालै पनि भारतको सिलिगुडी र मङ्पूमा उनको अर्ध कदको सालिक बनेको छ जसको अनावरण वरिष्ठ सङ्गीतकार शान्ति ठटालबाट हुन पुगेको छ।

●

मनोरमा सुनुवार

# हुम्ला, हुम्ली र हिउँपरीहरूसँग तीन दिन



२५ भदौ २०७०, हामी शान्ति कोष सचिवालयका परियोजनाहरूको अनुगमनको सिलसिलामा हुम्लाका लागि काठमाडौं छाड्दै छौं। त्यसो त कोषका परियोजनाहरूको अनुगमनका क्रममा यसअघि पनि हामीलाई पूर्वमा ताप्लेजुङदेखि पश्चिममा दार्चुलासम्म पुग्ने अवसर जुरिसकेको थियो, तर नेपालको राष्ट्रिय सडक सञ्जालले छोईनसकेको हवाई माध्यमबाट मात्र पुग्न सकिने सुन्दर हिमाली जिल्ला भनेर चिनिने हुम्लाको यात्रा मेरा लागि विशेष थियो।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्कट विल्सन नेपाललाई अनुगमनको जिम्मा दिएकाले संस्थाका तर्फबाट मलाई सहकर्मीद्वय पुरुषोत्तम ज्ञवाली र शरद् गैरेले अनुगमन टोलीमा साथ दिइरहेका छन्। काठमाडौं छाड्दै गर्दा हाम्रो गन्तव्य हुम्ला र हुम्लीको परिकल्पनाले उत्साहित र संस्थाको सीमित समयभित्र पूरा गर्नुपर्ने दायित्वको दबाव दुवै भाव महसुस भइरहेको छ। हुम्लाको उडान बिहान मात्रै हुने भएकाले हामी एक साँझअघि नै बुद्ध एयरबाट नेपालगन्जको राँझा विमानस्थलमा ओर्लिसकेका छौं।

२६ भदौ २०७०, बिहान सबेरै हुम्ला प्रस्थानका लागि हामी होटल दरबारको गाडीबाट विमानस्थलतर्फ लाग्दै छौं। हुम्ला पुग्नुअघि नै त्यहाँको विकटताका बारेमा

जानकारी भएकाले अघिल्लो साँझै प्राथमिक उपचारका सामग्री र केही हल्का खाने कुरा ब्यागेजमा कोच्न भ्याइसकेका थियौँ।

विमानस्थल पुग्दा उडान ढिलो हुने सूचनापछि काउन्टरअगाडिको विश्रामस्थलमा उडान कुरेर बसिरहेका छौँ। यात्रुहरू उडान ढिलो हुने सूचनाले दिक्क देखिन्छन्– हामीजस्तै।

उडानको पर्खाइमै गोरो मङ्गोलियन अनुहारका एक भद्र पुरुषसँग चिनजान भयो। एनेकपा माओवादीको कार्यकर्ता बताउने उनी चुनावकै सिलसिलामा हुम्ला-काठमाडौँ गरिरहेका रहेछन्। आफ्नो नाम छिरिङ लामा बताएपछि मैले हुम्ली जातिको जानकारी लिने ध्येयले सोधेँ– "तामाङ लामा कि शेर्पा लामा?"

"हामी दुवै खालको लामा होइनौँ। धेरै समयअघि हाम्रा पुर्खाहरू टिबेटबाट बसाइँ सरेर त्यहाँ आइपुगेका रहेछन्। शेर्पा भन्ने त जाति नै होइन, टिबेटियन भाषामा पूर्वको हिमाली क्षेत्रमा बसोबास गर्ने समुदाय हो। तामाङ पनि कालिगडी गर्ने समुदाय हो। राई भनेको भेडा पाल्ने समुदाय र लिम्बू वाद्यवादक समूह लिम्बाबाट भएको हो।"

उनले तिब्बती भाषामा जातजातिका बारेमा गरेको व्याख्या मैले सुनेको भन्दा बेग्लै लाग्यो। त्यसै बेला उनले आफूसँगै यात्रा गर्न लागेका दुई जना हुम्ली महिलासँग परिचय गराए। ३० वसन्त नकाटेका देखिने महिलाहरू सफा र चिटिक्क सलवार-कमिजमा छन्। सानो उमेरकी देखिने महिलाले साथमा बच्चा पनि च्यापेकी छन्।

अघिल्लो जहाज उडेपछि हाम्रा ब्यागेजको नापतौल हुन थाल्यो। हुम्लेली एक मित्रको अनुरोधमा नौ केजी तौलको तेलको बाकसले गर्दा हाम्रो दुईचार केजी वजन बढी भयो। टिकटमा २० केजीको प्रावधान भए पनि १५ केजीमाथिको तौलमा थप शुल्क लगाउने अडानमा छन् उडान कर्मचारीहरू। दुईचार केजीका लागि कर्मचारीहरूलाई सकारात्मक बनाउन निकै मिहिनेत गर्नुपर्‍यो। सुरक्षा जाँच छिचोलेर बोर्डिङका लागि प्रतीक्षालयमा छिर्दा अघिका हुम्ली महिलाहरू कुर्सीमा बसिरहेका देखिए। गुलाबी रङको फ्रकमा पुक्क गाला फुलेकी बच्चीलाई निस्फिक्री चिसो भुइँमा डाइपरको प्याकेटसँग खेलिरहन दिइएको छ।

"नानीको उमेर कति पुग्यो?" जिज्ञासा राखेँ।

"भर्खर सात महिनाकी भई।"

"कस्तो सप्रेकी बच्ची! कुनै कामविषेशले नेपालगन्ज आउनुभएको?"

"म कोहलपुरमा अनमी पढ्दै छु। बच्चीसँग पढ्न गाह्रो भएकाले घर पुर्‍याउन लागेको।" जवाफ आयो।

"घरमा श्रीमान्ले हेरिदिनुहुन्छ?" हुम्लामा बच्चा हुर्काउने जिम्मेवारी श्रीमतीको मात्र हुँदैन भन्ने अनुमानको टुङ्गो लाउन चाहन्थेँ म।

"श्रीमान् राजनीतिमा रहेकाले बच्चालाई सासूससुरासँग छाड्छु। छोरी ज्ञानी छे, खाना समयमा खुवाएपछि जोससँग नि मान्छे। बच्चाबच्ची भनेर आफ्नो जीवन बर्बाद गर्न

भएन, आफू पनि त केही बन्नुपर्‍यो। यत्रो दुःख गरेर पढ्दै छु। पछि जागिर पाउने हो कि होइन, बरु त्यसको चिन्ता लागेको छ।" उनले एकै पटक श्रीमान्, छोरी, आफ्नो जीवन र भविष्यको जागिरबारे सम्म बोल्न भ्याइन्।

उनले यसो भनिरहँदा म काठमाडौँकी एक सखीलाई सम्झिरहेकी छु। उनी आफ्नो तीन वर्षको छोरालाई डे केयरमा राख्न विश्वस्त नभएर आफ्नै करियरलाई बच्चाको स्याहारमा तिलाञ्जली दिँदै छिन्। अर्कातिर मेरै अगाडिकी कलिली बालिका आमाको करियरका लागि यस्तो कलिलो उमेरमा मातृस्नेहबाट टाढा हुन बाध्य छिन्। मन उडिरहेको छ। ठीक मेरो सामु बच्चाको नाममा जीवन बर्बाद नगर्ने आमा र सम्झनामा बच्चाको स्याहारमा जीवनको तिलाञ्जी दिने आमा! सायद आफ्नो ठाउँमा दुवै आमा सही होलान्।

उनीसँगै काठमाडौँको उडानको पर्खाइमा बसेकी अर्की हुम्ली महिला बोलिन्– "हामीले आफ्ना लागि आफै सोचेनौँ भने भोलि हाम्रा लागि सोचिदिने कोही हुँदैन। हुम्लामा लामा जातिका महिलाजस्तै हामी ठकुरी/छेत्री महिलालाई होटल–पसल गरेर दुईचार पैसा कमाउने छुट घरपरिवारबाट छैन। सधैँ अर्काको भर परेर बस्न साह्रै गाह्रो छ।"

नेपालमा आदिवासी महिला र आर्यन महिलामा स्वतन्त्रताको सामाजिक र पारिवारिक सीमामा फरक यहाँ पनि देखिँदै थियो।

दिनको एक बजेतिर हुम्ला उडान रद्द भएको घोषणापछि हामी खिस्रिक्क हुँदै होटल फर्कन बाध्य भयौँ। बाटामा बिहान ढकमक्क फक्रिएका सेता कमलका फूलहरू बन्द भएर पानीमा ठिङ्ग उभिएका छन्, मानौँ ती फूलहरू हाम्रै अन्तर्मनलाई प्रतिबिम्बित गरिरहेका छन्। होटलमा पुगेर उडान रद्दको दिक्दारी फेसबुक स्ट्याटसमा पोखेँ। साँझ फेसबुक खोल्दा प्रतिक्रियाको थुप्रो लागेको छ। धेरैले हुम्लाको उडान सजिलो नहुने लेखेका छन्। कतिले आफू लामो प्रयासमा पनि हुम्ला उडान रद्द भएर नेपालगन्जबाटै काठमाडौँ फर्किनुपरेको अनुभव राखेका छन्। स्ट्याटसको कमेन्ट पढेपछि झनै मनमा बेचैनी बढ्यो– कतै यस्तै पट्यारलाग्दो अरू बसाइ नेपालगन्जमा हुने त हैन?

२७ भदौ २०७०, बिहान काउन्टरमा पुग्दा मौसमको खराबीको कारणले तत्कालै जहाज नउड्ने बताइयो। चिन्ताले अझै छाडेको छैन। हामीमा झन् अघिल्लो दिनको हुम्लाको कार्यक्रम पनि गाभिसकेको छ। एयरपोर्टभित्रको क्याफे महँगै भए पनि हामीले ब्रेकफास्ट गर्‍यौँ। समय कटाउने मेसो गर्दै पुरुषोत्तमले ल्यापटप उघारे, शरद् चाहिँ पुस्तक पल्टाउन थाले।

म हिजोकै विश्रामस्थलमा छु र मेरो छेउमा हिजोकै हुम्ली महिलाहरू। उनीहरूमा पनि मेरो बारेमा जान्ने कौतूहल बढेछ क्यार, म हुम्ला किन र केका लागि जान लागेकोदेखि उमेरसम्म सोध्न भ्याए। मेरो अरू उत्तरमा भन्दा पनि यो उमेरसम्म विवाहमा हतार नगरेकोप्रति उनीहरूको रुचि रमाइलै थियो।

"हामीले पनि तपाईंले जस्तै ढिलो विवाह गर्न पाएको भए आफ्ना लागि धेरै गर्न सक्ने थियौं।" १५–१६ मा नै विवाह गरिसक्नुपर्ने सामाजिक मान्यताप्रति बेखुसी हुँदै फेरि थपे– "म अब २० लाग्दै छु, बच्चा पनि भइसक्यो।"

मैले उनको उमेर २६/२७ वर्ष लख काटेकी थिएँ। अर्की महिला आफूलाई २६ वर्षकी भनिरहेकी थिइन्, उनी अझै पाको देखिन्छिन्।

बाहिर मौसम धुम्मिएको छ। म भेटिएका हुम्लीहरूलाई नियाल्ने प्रयत्न गर्दै छु। मैले हुम्लामा महिलामाथि हुने हिंसाको अवस्थाका बारेमा कुरा उप्काएँ।

"आदिवासी महिलाहरू साना भए पनि व्यवसायमा लाग्छन्। यसैले उनीहरूमा आर्थिक स्वतन्त्रता र उत्तिकै सामाजिक स्तन्त्रता छ। उनीहरूमाथि घरेलु हिंसा पनि कम छ। तर ठकुरी/छेत्री महिलाले ठूलो सङ्ख्यामा घरेलु हिंसा भोगिराख्नुपरेको अवस्था छ।" राजनीतिक कार्यकर्ता भनी चिनाउने महिलाले विश्लेषणसहित सुनाइन्। उनीहरूका मुहारमा दुःख, अभाव र अन्यायको पीडा महसुस गरिरहेकी छु म।

यही बेला उडान हुने खबर लिएर शरद् आइपुगे। अहिले हामी तारा एयरको डोनियर जहाजमा अकासिँदै छौं। उडानको आस मारेर बसेका हाम्रा निम्ति यो एउटा सुखद अनुभूति भइरहेको छ। कपासको थुप्रोजस्तो बादलका टुक्राहरूलाई छिचोल्दै हामी जाहाजसँगै उजाड र अग्ला पहाडहरूको नजिकबाट उडिरहेका छौं। केही समयको उडानपछि झ्यालबाट हेर्दा देखिने नीलो कर्णाली र वरपरका बस्तीहरूको दृश्यले जहाज चाँडै सिमीकोट विमानस्थलमा अवतरण गर्दै छ भन्ने लाग्यो।

करिब एक घण्टाको उडानपछि सिमीकोट विमानस्थलमा अवतरण गऱ्यौं। धावन मार्ग बस्तीभन्दा केही तल भए पनि मैले कल्पना गरेको भन्दा फराकिलो र राम्रोसँग कालो पत्र भएको रहेछ। खटिएका प्रहरीहरूले ओर्लने सम्पूर्ण यात्रुको नाम दर्ता गर्दा रहेछन्। हामीले पनि नाम दर्ता गरायौं। त्यहाँ हाम्रो भ्रमणका बारेमा पूर्वसूचना पाइसकेका सइ साबसँग एयरपोर्टमै परिचय भयो। उनले तुरुन्तै सम्बन्धित ठाउँमा सूचना प्रवाह गरिदिए। हामी बस्ने होटलको लोकेसन पनि उनैमार्फत लियौं। हामीसँगै यात्रा गरिरेका हुम्लीहरू आआफ्नो बाटो लाग्दै थिए।

विमानस्थलमा १०/१५ मिनेटजति रह्यौं। यो अवधिमा ८–१० वटा जहाजले अवतरण र उडान गरे। लाग्यो, सिमीकोट नेपालकै व्यस्त विमानस्थलमध्ये एक हो। विडम्बना! यही सिमीकोट आउनका लागि यात्रुहरूले कैयौं दिन उडान रद्दको सास्ती पनि खेप्नुपर्छ।

विमानस्थल हुँदै सिमीकोट बजार उक्लँदा मलाई गजबको अनुभूति भइरहेको छ। ढुङ्गाको गाह्रो लगाएका चिटिक्क घरहरू। मोटर बाटो नपुगेको यस जिल्लाका केही घरमा सिमेन्टले प्लास्टर गरेको देख्दा भने ताजुब नै लाग्यो। सायद मान्छे र चामलका बोरा बोक्ने जहाजले सिमेन्ट बोक्दो हो र यात्रुहरूलाई सास्ती।

हाम्रा लागि अग्रिम बुक गराइएको थकाली होटलको कोठा केही दिन बस्न ठीकै खालको छ। पुरुषोत्तम र शरद्को कोठा मूल ढोकाछेवैमा र मेरो अलि भित्रपट्टि परे पनि झ्यालबाट पारिको ठिग्रे सल्लाको जङ्गल र रमणीय पहाडको दृश्यावलोकन हुँदो रहेछ जुन पछिसम्म सम्झना गराउने खालको छ।

दुई दिनको समतल नेपालगन्जको बसाइपछि एक घण्टाको अन्तरालमा लगभग २,९०० मिटरको उचाइमा पुगेपछि हामी त्यति स्फूर्त छैनौँ। तर हिजो अड्किएको हाम्रो भेटघाट र बैठकका कार्यक्रमहरू भ्याउनलाई हामीसँग आराम गर्ने समय छैन। रिफ्रेस हुन नपाउँदै इन्सपेक्टर हरिशरण भट्ट हामीलाई भेट्न होटलमा आइसकेका छन्। तातो कफीसँगै हामी एकछिन गफिँदै गर्दा शान्ति समिति सचिव शङ्करमान लामा पनि आइपुगे। उनले हाम्रो कार्यतालिकाबमोजिम तय गरिएको हिजोको कार्यक्रम भोलिका लागि सारिएको जानकारी दिए।

हाम्रो पहिलो कार्यक्रम जिल्ला प्रशासन कार्यालयमा। प्रशासनको हाताभित्र रहेको स्याउको बगैँचा हुँदै हामी प्रजिअको कक्षतर्फ लाग्छौँ। निमित्त प्रजिअ बमबहादुर केसी सरल र मिजासिला रहेछन्। केही बेर एकीकृत घुम्ती शिविरको परियोजनासम्बन्धी कुरापछि उनले अघिल्तिर टाँसिएको ठूलो नक्सा देखाउँदै जिल्लाको सङ्क्षिप्त जानकारी दिए।

हुम्लाको दक्षिण मिमीदेखि उत्तर लिमी गाविस पुग्न सदरमुकामबाट हिंड्दा करिब छसात दिन लाग्ने रहेछ। गाविसबाट मानिसहरू दुईतीन दिनको पैदल यात्रा गरेर सदरमुकाम आउँदा रहेछन्। उत्तरतिर चिनको सिमानासँग जोडिएको गाविस हिल्सामा कच्ची मोटर बाटो खन्न सुरु गरिएको भए पनि अन्य कतैबाट मोटर बाटोको पहुँच रहेनछ। सर्वसाधारणहरू गाविसहरूबाट सदरमुकामसम्म आउँदा राम्रै चाँजोपाँजो मिलाएर आउने गर्दा रहेछन्। यसरी आएपछि सेवा प्रदायक निकायहरूमा कर्मचारीहरू भइदिएनन् भने अर्को मारमा पर्दा रहेछन्। हामी गएकै दिन पनि प्रशासनमा प्रजिअ सरुवा भएर गएपछि नयाँ प्रजिअ नआइपुगेकाले कर्मचारीहरूबाट नियमित काम सम्पादन गर्न गाह्रो भइरहेको देख्यौँ।

जिल्ला प्रशासनको कामपछि हामी नजिकै रहेको जिल्ला प्रहरी कार्यालयमा छिर्‍यौँ। प्रहरीको हाताभित्र लटरम्म फलेको स्याउको बगैँचा छ। इन्सपेक्टर भट्टले हामीलाई पहिले कार्यालय कक्षहरू हेरेर छलफलमा बस्ने प्रस्ताव राखे। कार्यालयमा साँघुरा कोठाहरू त्यतिसारो व्यवस्थित छैनन्। थुनुवा कक्षको अवस्था त्यस्तै दयनीय छ। उज्यालो पनि मुस्किलले छिर्ला भन्ने अनुमान गरेँ। साँघुरो कोठा थुनुवाका लागि पर्याप्त नभएर छसात जनालाई कोचेर राख्न बाध्य भएको बताए इन्सपेक्टर भट्टले। अन्य जिल्लाका प्रहरी भवनको तुलनामा यो भवन निकै जीर्ण देखिन्छ। प्रहरी ब्यारेकको अवस्था अझै नाजुक थियो। कच्ची घरका साँघुरा कोठाहरूमा मुस्किलले अटाइएका ओछ्यानहरू। जिप्रकाले चाँडै नयाँ भवनहरू निमार्णको सोच बनाइरहेको इन्सपेक्टर भट्टबाट थाहा पायौँ।

जिप्रकाको समयपछि म र पुरुषोतम महिला विकासको कार्यालयतिर हान्नियौँ। कार्यालय प्रमुख काजमा गएकाले निमित्त प्रमुख र अन्य कर्मचारीहरू हाम्रै प्रतीक्षामा रहेछन्। त्यहाँ बालकल्याण समिति र युनिसेफका कर्मचारीहरूसँग चिनजान भयो। निमित्त महिला विकास अधिकारी कल्पना लामा हामीलाई परियोजनाका बारेमा बताउन थालिन्। बेलाबेलामा बालकल्याण समितिका कर्मचारी र अन्य कर्मचारीले पनि थपे।

विमानस्थलमा भेटिएकी महिला कार्यकर्ताले भनेजस्तै आर्यन समुदाय अझ दलित समुदायका महिलाहरू महिलामाथि हुने हिंसाबाट बढी पीडित रहेछन्। यहाँ महिलाहरू आफू हिंसामा परेको छु भन्ने चेत नभएर पनि चुपचाप सहेर बस्ने गर्दा रहेछन्। त्यसैले उजुरी पनि कम हुने गर्दो रहेछ।

"प्रायः घरभित्र हुने गरेको हिंसामा महिलाहरू ठूलै घटना नपरेसम्म यहाँ आउँदैनन्। आउने महिलाका लागि पनि सेवा केन्द्र (अल्पकालीन आवास) नभएकाले समस्या छ। यस्ता केसमा हामी कर्मचारीले मानवताको नाताले आफ्नै डेरामा बसाएर पनि सहजीकरण गर्ने गरेका छौँ।" निमित्त अधिकारी लामाले भनिन्।

"कति महिलालाई उजुरी दिनुपर्ने कुरै थाहा छैन, न्याय पाउने कुरामा पनि विश्वास छैन। अनि हिंसा सहन नसकेर आत्महत्या पनि गरेका छन्। तर उजुरीको सङ्ख्या भने बढ्दो छ। पछिल्लो समयमा सम्बन्धित निकायहरू पनि संवेदनशील नै देखिएका छन्।" अर्की कर्मचारीले थपिन्।

छलफलबीच हुम्लाको तातो मम आइपुग्यो। हामी मममा नअलमलिने योजनामा थियौँ, तर महिला विकासको आतिथ्यलाई पनि नकार्न सकेनौँ। खाजासँगै भोलिको अन्तःक्रिया कार्यक्रमका बारेमा योजना बनाउन भ्याएपछि हामीले त्यहाँबाट बिदा लियौँ।

साँझ पूर्वलडाकू र अपाङ्गता भएका व्यक्तिहरूसँगको भेटघाटको कार्यक्रममा छौँ। शान्ति सचिवले एक पूर्वलडाकू र जिल्लाको अपाङ्ग महासङ्घका प्रतिनिधिसँग हामी बसेको होटलमै भेट्ने व्यवस्था गरिदिए। यी पूर्वलडाकू हामीसँग त्यति खुलेका छैनन्। हामी हुम्ला जिल्लामा रहेका ५०० पूर्व लडाकूको अवस्थाका बारेमा बुझ्न इच्छुक थियौँ। उनी सबै पूर्वलडाकू राम्ररी समाजमा घुलमिल भइसकेको भन्न खोजिरहेका थिए। यता उनी आफै पनि के पेसा व्यवसाय गरिरहेका छन् भनेर प्रस्ट बताउन चाहेका थिएनन्।

यस्तैमा छेवैमा बसेका अपाङ्गका प्रतिनिधि जो सञ्चारकर्मी पनि थिए, उनलाई उकुसमुकुस लागेछ र उनले थपे– "यहाँ धेरै पूर्वलडाकू फर्किएर आएका छैनन्। जो आएका छन्, राम्रै इलम गरेर बसेका छन्। एक जना पूर्वलडाकू जसले ड्राइभिङ पनि सिकेका रहेछन्, उनले हिल्सा सडक खण्डको परियोजनामा काम गरेर ५० हजारभन्दा माथि आमदानी गरिरहेका छन्।"

उनले यति बोलिसक्दानसक्दै ती पूर्वलडाकू बम्कन थाले– "तपाईंलाई पूर्वलडाकूका बारेमा बोल्ने अधिकार कसले दियो?"

उनी आफू सञ्चारकर्मी भएकाले जानकारी पाएको कुरा प्रस्ट पार्न खोज्दै थिए, तर पूर्वलडाकू उनको तर्क सुन्ने अवस्थामा थिएनन्। हामी उनलाई सम्झाएर सक्दो चाँडो बिदा गर्न चाहन्थ्यौं। केही समयपछि उनले आफ्नो शिविरमा बस्दाको अनुभव पनि राखे। अनि अहिले आफू केही साथीसँग मिलेर नेपालगन्ज-हुम्लाको एयर कार्गोको व्यवसायमा लागेको पनि बताए। तथापि उनी शान्ति कोषले पूर्वलडाकूहरूका लागि सीपमूलक तालिम र अन्य कार्यक्रम सञ्चालनमा सहयोग गर्नुपर्ने कुरामा भने जोड दिइरहेका थिए।

पूर्वलडाकूलाई विदा गरुन्जेलमा साँझ झमक्क परिसकेको छ। शरद् अपाङ्ग महासङ्घका प्रतिनिधिलाई सर्वेक्षण फाराम भराउनतर्फ लागे।

यति बेला अत्यधिक थकान र टाउको दुःखाइ महसुस भइरहेको छ मलाई। लेक लागेको हुन सक्ने शङ्का लागेपछि स्थानीयको सल्लाहमा म अदुवा चपाउन थालें। सिटामोलले केही समयमै टाउको दुखाई कम गरे पनि असजिलोपन भने हटिसकेको छैन।

साँझ थकालीको भान्छामा पाकेको हुम्लामा पाइने रातो चामलको भात बडो स्वादले खाइयो। हामीलाई विश्व खाद्य कार्यक्रमका क्षेत्रीय संयोजक राम लामा जसको अनुरोधमा हामी तेलको बाकस बोकेर आएका थियौं, उनले साथ दिएका थिए। अध्ययन काठमाडौंमा भए पनि उनको घर हुम्लामै रहेछ।

“हुम्ला मानसरोवर जानका लागि हब हो। सिजनमा इन्डियन टुरिस्टहरू टन्नै आउने गर्छन्। अन्य मुलुकका पनि आउने गर्छन्।” भारतका सुपरस्टार अमिताभ बच्चन, अम्बानी, विजय माल्या आदि पनि मानसरोवर हेलिकप्टर चार्टर गरेर आएको प्रसङ्ग सुनारहेका छन्।

शरद् र पुरुषोत्तम चीनको सीमा नजिकैको गाविसमा प्रहरी भवनको सामाजिक परीक्षण गर्न जाने भएकाले मानसरोवर पुगेर आउने सोच झिक्न थाल्छन्। ममा भने सिमीकोटबाट काठमाडौं फर्किनुपर्ने भएकाले मनमा मानसरोवर जाने मौका गुमाउँदै गर्दाको नियास्रो छ। हुम्लीबाहेक अन्य जिल्लाका नेपालीहरूले पासपोर्टमा भिसा नठोकी त्यहाँ जान नपाइने प्रावधान भएको पनि थाहा पायौं।

हुम्लाको महँगीको कुरा पनि उठ्यो– सादा खाना ३०० रुपियाँ, उमालेको वाइवाई ७० रुपियाँ इत्यादि।

रामले अधिकांश सामग्री जहाजबाट ढुवानी गर्नुपरेकाले महँगी भएको तर्क गरे। उनी भन्दै थिए– “हिउँदमा एक भारी दाउरा जुन एक अँगालो जति हुन्छ, त्यसको ११ सयसम्म तिर्नुपर्छ। यस्तो दाउरामा पकाएको खाने कुरा किन महँगो नहोस् ?”

गफ अझै सकिएको छैन। मलाई निद्राले छोपिसकेकाले क्षमा माग्दै म आफ्नो कोठातर्फ लाग्छु।

२८ भदौ २०७०, बिहान १० बजेतिर स्थानीय शान्ति समितिको कार्यालयमा म, शरद् र पुरुषोत्तम पुगेका छौं। नेकपा माओवादीको बन्दका कारण कार्यालयको मूल

ढोका बन्द गरेर झ्यालको पर्दा तानी समितिसितको बैठक अघि बढाइयो। साबिकको भन्दा यो बन्द अनौठो यस अर्थमा थियो कि यस बन्दमा सरकारी कार्यालयहरूबाहेक पसल-होटलहरू भने सञ्चालन गर्न सकिने सर्त थियो।

छलफलमा हामी स्थानीय शान्ति समितिको संस्थागत अवस्था र शान्ति निर्माण, यसले गरेको पहलमा केन्द्रित भएर कुराकानी गरिरहेका थियौँ। कुराकानीमा धेरैजसो समितिभित्रकै मुद्दा र समस्याहरूले प्रमुखता पाइरहेका थिए। संयोजक लामो समयदेखि जिल्लामा नबसेका कारण समिति सक्रिय हुन सकेको रहेनछ। यस्तैमा मैले समितिमा महिलाको सहभागिता र सक्रियताका बारेमा कुरा उठाएँ।

"यहाँ महिलाको आवाज सुनिँदैन। हामीले राखेको प्रस्तावको प्रायः बेवास्ता हुने गर्छ। म आफै पनि संयोजकका लागि उपयुक्त उम्मेदवार छु, तर अहिलेसम्म कुनै महिलालाई यो पदमा उम्मेदवार चयनसम्म गरिएको छैन।" एक जना महिला सदस्यले आफ्नो पीडा पोखिन्।

अन्य सदस्यले उनको कुरालाई खासै महत्त्व दिएनन्, मानौँ उनी बेतुकको कुरा गरिरहेकी छन्। उनीहरूको हाउभाउबाट यस्तै लाग्थ्यो। पितृसत्ताको प्रतिबिम्ब लिङ्गीय विभेदका रूपमा मोटो गरी छ नेपाली समाजमा।

दुई घण्टाजतिको छलफलपछि हामी महिला विकासले संयोजन गरेको अन्तःक्रिया कार्यक्रमका लागि जिप्रकातर्फ लाग्ने जमर्को गर्दै छौँ। म केही बेर बाहिर निस्कँदा अघिकी महिला सदस्यसँग भेट भयो। उनी थप केही कुरा मसमक्ष राख्न आतुर रहिछन्। उनलाई स्थानीय शान्ति समितिकी एक महिला सदस्यको आत्महत्या (जुन हेर्दा हत्याजस्तो लागेको)-को घटनामा समतिका तर्फबाट छानबिनको पहल गर्ने पटकपटकको उनको प्रस्तावलाई अन्य सदस्यले बेवास्ता गरेकोमा दुःख लागेको रहेछ।

उनले भनिन्– "यहाँ महिलाहरू घरेलु हिंसाबाट पीडित छन्, तर यसको उपचारका लागि अगाडि आउन सक्दैनन्। म आफै पनि पीडित हुँ। म गर्भवती थिएँ। पेटमा भएको बच्चा फर्कन नसकेर यहाँको अस्पतालले तुरुन्तै नेपालगन्ज जाने सल्लाह दियो। मैले घरमा उपचारका लागि प्लेनको टिकट मिलाइदिन भनेँ। ससुरा बाले त्यति खर्च गरेर नेपालगन्ज जानुभन्दा पृथ्वीको भार हलुका गर्नु राम्रो भने। अनि म आफै सरसापटी गरेर नेपालगन्ज पुगी उपचार गरेर फर्कें।"

उनले यो भनिरहँदा मेरो आङ जिरिङ्ग भइरहेको छ। मनमा जबर्जस्त प्रश्न उठ्यो– के आफ्नै परिवारको सदस्य जीवनमरणका लागि सङ्घर्ष गरिरहँदा आफ्नै घरको अभिभावक पनि यति कठोर हुन सक्छ? मनमा उठेको प्रश्न जति अपत्यारिलो र कठोर लागे पनि मैले पत्याउनुपरिरहेको छ, किनभने कुनै दुःखान्त नाटकको कथाजस्तो लाग्ने यो दृश्यको जिउँदो पात्र मेरै अगाडि छिन्। घरको अभिभावक भनाउँदा ससुराले उपचार त गराएनन्-गराएनन्, बिरामी बुहारीले सापटी गरेरको ऋण पनि आफैले तिर्नुपरेको

नमीठो जीवनको कथा सुनाइन्। तर सापटी ऋण तिरेको कथा सुनाइरहँदा उनीभित्र गर्व र विश्वास मैले देखेँ।

हामी जिप्रकामा पुगेको केही समयमा नै जिल्ला समन्वय समितिका सदस्यहरू जम्मा भइसकेका छन्। निमित्त प्रजिअको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा परिचयपछि १५–२० मिनेटजतिको राष्ट्रिय कार्ययोजनासम्बन्धी प्रस्तुति राख्दै मैले अन्तःक्रियालाई अगाडि बढाएँ। पुरुषोत्तम छेवैमा बसेर महत्त्वपूर्ण बुँदाहरू लिपिबद्ध गर्दै थिए। समितिका सदस्यहरूले आआफ्नो निकायबाट भएका कार्ययोजनासँग सम्बन्धित गतिविधिहरू छोटकरीमा राखे। दुर्गम जिल्ला भएर होला, धेरैजसो निकायका प्रमुख वा प्रतिनिधि परिषद् प्रस्तावको राष्ट्रिय कार्ययोजनासम्बन्धी अभिमुखीकरण वा तालिममा सहभागी भएका थिएनन्। अन्तःक्रिया समितिका सदस्यहरूबीचको समन्वय, महिला सहभागितामा अभिवृद्धि र महिलामाथि हुने हिंसा न्यूनीकरणमा सम्बन्धित निकायले कसरी योगदान पुऱ्याएका छन्, यसमा भएका कमीकमजोरीलाई न्यूनीकरण गर्दै यसको प्रभावकारिताका लागि के गर्न सकिन्छ आदि विषयमा नै छलफल बढी केन्द्रित थियो।

अन्तःक्रिया सहज रूपमा बढिरहँदा कार्यक्रमलाई सहजीकरण गरिरहेकी निमित्त मविअ अघिल्लो दिनजस्तै बच्चालाई स्तनपान गराउने समय भएकाले क्षमा माग्दै बाहिरिइन्। उक्त कार्यक्रममा महिलाहरूको अर्थपूर्ण सहभागिता र चुनौतीहरूका बारेमा छलफल गरिरहेका हामीले उनको समस्या नबुझ्ने कुरा भएन।

निमित्त मविअको रिक्ततालाई बालकल्याण समितिका कर्मचारीले पूर्ति गरिदिए। जलपानसहितको अन्तःक्रिया टुङ्ग्याएर बिदा हुने क्रममा डीएसपी डा. मेघबहादुर खत्रीले हामीलाई रात्रिभोजको निम्तो दिँदै अन्य बाँकी कुरा पनि त्यही बेला गर्ने प्रस्ताव राखे। तत्कालै जिल्ला प्रहरी जान नपरेकाले हामी उपल्लो छेउको निर्वाचन कार्यालयतर्फ लाग्यौँ। शुक्रबार त्यसमाथि बन्दको दिन हामी त्यहाँ पुग्दा पाँच बजिसकेको छ।

कार्यालय समयबाहिर पुगेकोमा क्षमा माग्दै हामी भित्र छिऱ्यौँ। निर्वाचन कार्यालय प्रमुख नारायण पोखरेलले हाम्रो स्थिति बुझेर सदाशयपूर्वक जानकारी उपलब्ध गराए। हामीले केही बेर उनीसँग जिल्लाको मतदाता कार्यक्रम र नजिकिन लागेको निर्वाचनको तयारीका बारेमा कुरा गऱ्यौँ। भौगोलिक विकटताको कारणले घुम्ती मतदाता दर्ता कार्यक्रम निकै उपयोगी भएको रहेछ। विशेष गरी महिला, वृद्धवृद्धा र अपाङ्गता भएकाहरू यो कार्यक्रमबाट निकै लाभान्वित भएका रहेछन्। उक्त छलफलकै क्रममा हामीले मतदातासम्बन्धी आवश्यक तथ्याङ्क पनि लियौँ।

कार्यालयबाट बाहिरिँदा साँझ पर्न लागेको थियो। मेरो भोलि पल्ट नै फर्कने यो जना भएकाले टिकट रिकनफर्म र केही व्यवस्थापन मिलाउन बाँकी छ। मेरो टिकटका लागि अघि नै शङ्करसँग कुरा गरिसकेकाले त्यसको टुङ्गो लगाउन पुरुषोत्तम उनलाई भेट्न गए। म र शरद् हुम्लाको कोसेली खोज्न बजारतिर निस्क्यौँ। बन्दको कारणले

स्याउ किन्न पाइएन। यसैले स्थानीय भएकाले शङ्करलाई नै त्यसको व्यवस्था मिलाउन अनुरोध गरियो। बजारमा हामीले सोचेजस्तै हुल्मी सिमी, सिलाम, फापरको पीठो, चीनबाट आयातित स्याउको ब्रान्डी केही पनि किन्न नपाएकोमा मन खिस्रिक्क भयो।

म र शरद् होटलमा फर्कंदा पुरुषोत्तम र शङ्कर छसात केजी स्याउ बोकेर आइपुगिसकेका थिए। बोटैबाट टिपेर ल्याइएको स्याउ प्रतिगोटा १२ रुपियाँ परेकाले यो राम्रो भाउ भने थिएन। अन्तिम समयमा आएर किनिएको स्याउ म जति पनि हाल्न तयार थिएँ। शङ्करले कतैबाट कार्टुनको बाकस व्यवस्था गरेपछि पुरुषोत्तमले स्याउ प्याकिङ गर्न सघाए। साँच्चै राम्रो विनोदप्रियता भएका उनी यस्ता काममा साह्रै फुर्तिला छन् र उत्तिकै सहयोगी पनि।

जिल्ला प्रहरी कार्यालय पुग्दा अँध्यारो भइसकेको थियो। डीएसपी डा. मेघबहादुर खत्रीबाट हामीले न्यानो स्वागत पायौँ। उनको कक्षमा सोफा र दुईतीन वटा टी–टेबल राखिएका थिए र भुइँमा कार्पेट बिछ्याइएको थियो। हामी सोफामा बस्दानबस्दै स्न्याक्सका रिकापीहरू आइपुगे।

स्न्याक्स लिँदै केही बेर हामीले डीएसपी साबको विद्यावारिधिका बारेमा कुराकानी पनि गर्न भ्यायौँ। उनले सामुदायिक प्रहरीमा केयुबाट आफ्नो अध्ययन पूरा गरेका रहेछन्। नेपालका सामुदायिक सेवा केन्द्रलाई सक्रिय गराउनका लागि उनले तयार पारेको कार्यपत्रमाथि प्रहरी मुख्यालयमा अध्ययन भइरहेको रहेछ। उनको मिसनको अनुभव, हाम्रो अन्य जिल्लाको अनुभव आदिबारे कुरा गर्दै हामीले स्न्याक्स रित्याइसकेका छौँ।

अब खानाको समय भयो। यस अवधिमा हाम्रो केही कामको कुरा पनि भयो। जिल्ला प्रहरीको आयोजना र शान्ति कोषको सहयोगमा बनेको भवनको सामाजिक परीक्षण गर्न हाम्रो टोलीलाई चीनको सीमा नजिकको गाविस मुचू पुग्नु थियो। यसका लागि सहकर्मीद्वय शरद् र पुरुषोत्तम पूर्ण तयारीमा थिए। हामीलाई जिल्ला प्रहरीबाट गरिने व्यवस्थापकीय पक्षमा केही कुरा टुङ्गो लगाउनु थियो।

मुचू पुग्न लगभग तीन दिन लाग्ने रहेछ। हाम्रो टोलीको साथमा जिल्लाबाट एक जना प्रतिनिधि जाने पनि टुङ्गो लाग्यो। हामीले अघिल्लो दिन नै उपलब्ध गराएको विवरण फाराम पनि तयार भइसकेको थियो र मुचू इप्रकालाई पनि आवश्यक तयारीका लागि निर्देशन भइसकेको रहेछ।

खानपिन सकेर हामी कोठातिर लाग्न हतारिइसकेका थियौँ। खाँदै गर्दा साथीहरूले उठाएको हुम्लाको महँगीमा हुम्लीहरूले कसरी अनुकूलता बनाइरहेका होलान् भन्ने प्रसङ्गमा डीएसपी खत्री भन्दै थिए– "मैले यस्ता हुम्लीहरू पनि भेटेको छु; उनीहरू बाहिरबाट हेर्दा मैलो–पुरानो–च्यातिएको लुगा लगाउँछन्, तर त्यसभित्र हजारका बिटाहरू लुकाएर बोक्छन्। जडिबुटी, पर्यटन र अन्य धेरै बाटा छन् उनीहरूका आय आर्जनका।"

यस कुराले मलाई हुम्ली जनजीवनको समुन्नतिको सम्भावनाको छनक दिइरहेको थियो।

खानाका परिकारहरूले गर्दा केही बेरका लागि हामी दुर्गम जिल्ला हुम्लामा छौँ भन्ने पनि बिर्सियौँ। हामी बिलकुलै नौलो ठाउँ हुम्लामा जिप्रकामा पाएको हार्दिकताबाट अत्यन्तै प्रभावित हुँदै बाहिरियौँ। हामीलाई होटलसम्म बाटो देखाउन दुई जना प्रहरी मित्र आए। सिन्धुली र दाङ घर बताउने उनीहरूले हिउँदको बेलाको हुम्लाको बसाइ ज्यादै कठिन हुने सुनाए।

२९ भदौ, आज बिहान आठ बजे म हुम्ला छाड्दै छु। सचिव शङ्कर आएपछि हामी एयरपोर्टतर्फ निस्कियौँ। पुरुषोत्तम र शरद् पनि विमानस्थलसम्म छाड्न आए। विमानस्थलको काउन्टरबाट टिकट र बोर्डिङ पास लिएपछि चिया खान नजिकैको चिया पसलमा छिऱ्यौँ। लमिनी दिदीले ५० रुपियाँ कपको जडिबुटी हालेको दूध चिया खुवाइन्। शङ्करले नजिकैको अर्को पसलबाट समोसा लिएर आए। बिहानको चिसोमा तातो चिया र समोसाको स्वाद सम्झना आउने खालको भयो।

विमानस्थलमा साइरन बजिसकेपछि चेक-इनका लागि प्रवेशद्वारतर्फ लाग्यौँ। शरद् र शङ्करले प्रवेशद्वारमा आएर बिदा मागे। पुरुषोत्तम भने चेक-इन काउन्टरसम्म छाड्न आए।

यतिखेर म तारा एयरको जहाजमा उक्लिसकेकी छु। मौसम खुलेको छ। भर्खरै नुहाएजस्तो सफा र उज्यालो सिमीकोट बजार। म साँच्चै हुम्लाबाट काठमाडौँ फर्कंदै छु? म आफैलाई प्रश्न गर्दै थिएँ। ओहो! म हुम्लालाई राम्ररी नदेखी नै फर्कंदै छु। मलाई अझै लटरम्म फलेको स्याउको बगैँचामुनि बसेर एक स्न्याप फोटो खिच्नु थियो। अझै पुगेको थिएन अलि माथि डाँडामा बसेर सिमीकोट बजारको दृश्यावलोकन गर्न। जहाजबाट अवतरण गर्दा मैले देखेकी थिएँ माटाको छानो भएका एकअर्कामा टाँसिएर बनेका घरहरू जुन आदिवासी प्रविधिका थिए। म चाहन्थेँ नजिकबाट ती घरहरूलाई नियाल्दै प्रकृति र जीवनको सम्बन्ध खोज्न।

जहाज जमिन छाडेर अकासिन थालेको छ। मेरो मानसपटलमा हुम्ली महिला अर्थात् ती जुझारु सुन्दर हिउँपरीहरू एकएक गरेर उदाइरहेका छन्। सडकको पहुँच नभएको जिल्ला हुम्लामा हवाई यातायात सर्वसुलभ र बाह्रै काल उपलब्ध भइरहने पनि त होइन। कति हुम्लीले जहाजबाट आयात गरेको महँगो दैनिक उपभोग्य सामग्री किनेर सहज जीविकोपार्जन गरिरहेका होलान्? कति हिउँपरीहरू होलान् जो आफ्नो स्वास्थ्योपचारका लागि आफै जोरजाम गरेर नेपालगन्जसम्म ओहोरदोहोर गर्न सक्छन्? यति बेला म आफूलाई सोच्नबाट रोक्न सकिरहेकी छैन। शरीर जहाजसँग उडी नै रहेको थियो। मेरो मानसपटल भने हुम्ला, हुम्ली र हिउँपरीहरूसँग कतै हराइरहेको छ।

●

मोहनबहादुर कायस्थ

# गयो वानीरा गिरिसँगको समय



२०७८ जेठ ९ गते डा. वानीरा गिरिको मीनभवनस्थित सिभिल अस्पतालमा राति १० बजेतिर निधन हुन पुगेछ। मृत आत्मालाई हार्दिक श्रद्धाञ्जली। उनको जन्मस्थल नयाँ बजार, खर्साङ, भारत। नेपालीमा पिएच. डी. गर्ने पहिली महिला हुन्। सेवा प्राध्यापन, साहित्य। केही कृतिहरू–

– एउटा जिउँदो जङ्गबहादुर (कवितासङ्ग्रह, २०३१)
– जीवन थाय मरु (कवितासङ्ग्रह, २०३४)
– कारागार (उपन्यास, २०३५)
– मेरो आविष्कार (आत्मकाव्य, २०४१)
– निर्बन्ध (उपन्यास, २०४४)
– शब्दातीत शान्तनु (२०५६)

वानीरा गिरिसँग मेरो परिचय भयो २०५३ तिर। नेपाल विद्युत् प्राधिकरणको वार्षिकोत्सवमा प्रतियोगितात्मक कविता वाचन भएको बेला वानीरा गिरि प्रमुख अतिथि बनेकी थिइन् र त्यसको संयोजक थिएँ म। त्यति बेला केही प्रकाशित मेरा किताब वानीरा गिरीलाई दिएको थिएँ र तत्पश्चात् बोली मिसिने हुँदै गयो। इन्जिनियरको कविता उनलाई त्यति मीठो लागेन होला सायद। प्रकाशित पुस्तकहरू म वानिराकहाँ आफै गएर उनको ढोका (गेट)-मा उनलाई डिस्टर्ब नगरी दिएर आउँथेँ। क्रम यस्तै थियो। मीनभवनको क्याम्पसपछाडि तल खेततर्फ जाने बायाँ मोडमा भव्य क्षेत्रमा उनको घर-कम्पाउन्ड थियो (छ)।

२०६६ असोजमा मेरो कथासङ्ग्रह 'गोरेकी आमा' प्रकाशन भयो जसमा डा. दयाराम श्रेष्ठले 'आजका कथाकारहरू के गर्दै छन्?' शीर्षकमा दिलचस्प कुराहरू लेखेका थिए।

प्रकाशित पुस्तक दिन बिहान आठ बजे वानीराको गेटमा पुगेँ। यसै बेला उनी कहाँबाट आइपुगेकी रहिछन्।

भनेँ– "पुस्तक दिन आएको।"

उनले भनिन्– "मोहनजी, समय नलिई आउने जोकोहीलाई म भित्र लग्दिनँ।"

मैले भनेँ– "समय लिएर आजसम्म कुनै महानुभावकहाँ गएको छैन।"

म फर्कन लाग्दै थिएँ, उनले भनिन्– "मेरो आनीबानी पो तपाईंलाई सुनाएको। आउनोस्, मेरो फूलबारीमा बसेर एकएक कप चिया खाऔँ।"

उनले मेरो हात समाएर उनको बगैँचामा भएको सिमेन्टेड टेबलमा पुऱ्याइन्। मलाई मनमनै 'यी किन यसरी सनकी भइन्?' भन्ने लागिरह्यो।

मेरो पुस्तक 'गोरेकी आमा' हातमा थमाइदिएँ। हेर्दै नहेरी भनिन्– "फेरि कुन गोरेकी आमा हो?"

मैले भनेँ– "फुर्सदमा लेखेका ससाना कथाहरूको सँगालो हो। तपाईं त कवि र निबन्धकार, उपन्यासबाट तपाईंको उचाइमा यो पुस्तकभित्रका लेख हुन सक्दैनन्।"

"त्यसो हैन मोहनजी! तपाईंले त साहित्य साधक भएर थुप्रै विषयमा पुस्तक प्रकाशन गर्नुभयो नि! मैले त किताबको शीर्षक 'गोरेकी आमा' भन्दा कहीं एक विदेशीको बच्चाकी आमा सम्झेँ है मोहनजी!"

सरर्र पुस्तकभित्रको रचनाक्रम हेरिन् र भनिन्– "पोखरा बिर्सन सर्क्दिनँ। आहा, यो टाइटल मन पऱ्यो!" यसो भन्दै केही हरफ पढिन्।

नूतन भन्ने एउटी केटीलाई बिम्ब बनाएर प्रेमलीला कोरेको थिएँ। उनले त्यो पढ्नेबित्तिकै हिन्दी फिल्मकी अभिनेत्री नूतन सम्झिन् र भनिन्– "नूतन मेरी प्रिय पात्र हुन्। उनका धेरै फिल्म धित मारेर हेरेथेँ।"

एउटा बिम्ब थियो– पोखराको सेती विद्युत् गृह परबाट सेती नदी तल गहिरेर सुरुङमा पसी एक किलोमिटरजति पर पुगेर सुरुङ (टनेल)-बाट ह्वात्त निस्केको सेती नदी देख्दा मलाई स्त्रीको योनिबाट जन्म लिएको बच्चाजस्तो लाग्यो। उनी त दङ्ग परिन्। हेर्दा सेक्स, तर पढ्दा भेक्स– दिक्क।

वानीराले निबन्ध विधामा दिइने मदन पुरस्कारबारे धेरै मन खोलिन्। उनले सायद मदन पुरस्कार गुठीभित्र कुनै रोल जमाएकी थिइन्। अनि मोमिलाको निबन्धकारिताबारे आधा घण्टा लेक्चर दिइन्। त्यसो त निबन्ध लेखनमा मोमिला जोशी असाधारण व्यक्ति नै हुन्। मान्छे पनि राम्री, निबन्ध झन् राम्रो। कुरा मिल्यो। बाहिर आउँदा त अर्कैले पो मदन पुरस्कार पड्काएको रहेछ।

धन्यवाद दिएर घर फर्कें, तर मनमा कुरा खेल्यो। वानीरा घमन्डी, अभिमानी पो हुन् कि? किन सन्किएकी होलिन्? उनमा क्रोध किन जाग्यो? म त उनको विद्यार्थी थिइनँ। स्वतन्त्र लेखक मात्र। विशिष्ट ज्ञान हुने मान्छेमा अभिमान, आडम्बर हुने पो रहेछ। शिष्ट हुनुपर्ने मान्छे त यस्तो आचारकी? दुर्वासा ऋषिको जस्तो आदत। रिस उठे श्राप दिनेजस्तो।

एक पटकको भेटमा वानीराले भनिन्– आदिकवि भानुभक्त आचार्यलाई माथि उठाउने व्यक्ति मोतीराम भट्ट हुन्। यो त ठीक भनिन्, तर फेरि भनिन्– भानुभक्त आचार्यको 'घाँसी' कविता मोतीराम भट्टले लेखेका हुन्। मलाई चित्त बुझेन। कवि गोपालप्रसाद रिमालका बारेमा शोध ग्रन्थ तयार गर्ने डा. वानीराले कुन यस्तो अनुसन्धान गरिन् र 'घाँसी' कविता मोतीराम भट्टले लेखेको भेट्टाइन्?

एक पटक म जरुरी कामले नयाँ बानेश्वरमा बस पर्खंदै थिएँ। उनी लफङ्गोजस्तै भएर घर फर्कंदै रहिछन्। भनिन्– "जाऔँ आज मेरो घरमा, साहित्यका बारेमा चर्चा गरौँला।"

मैले भनें– "आज मेरो काम छ।"

कड्केर फटाफट हिंडिन्। गएँ पनि भनिनन्।

केही समयअगाडिदेखि अल्जाइमर्स अर्थात् बिर्सिने रोग वानीरामा थियो र उनका पति इन्जिनियर शङ्कर गिरीको परिवारले सेवा दिंदै आएको थियो। मर्नुभन्दा २० दिनजति अगाडि डा. वानीरालाई कोभिड-१९ रोगले छोएको थियो, तर मरण चाहिं हृदय गति बन्द अर्थात् हार्ट अट्याक रे। कोभिड-१९ होइन।

विद्यावारिधि गर्न उनलाई हम्मेहम्मे परेको थियो रे। पछि गुरुहरू बालकृष्ण पोखरेल र डा. वासुदेव त्रिपाठीबाट शोध कार्य स्वीकृत भयो।

नारी जगत्मा वानीराको नाम उच्च पाइन्छ। २०६७ असोजपश्चात् म उनलाई भेट्न उनको निवास पुगेको याद भएन।

अन्तमा, म एक सशक्त लेखिका वानीराको निधनमा श्रद्धासुमन अर्पण गर्छु। भारतबाट आएर नेपालमा बसोबास गर्ने यी सम्झन योग्य नारी प्रतिभा हुन्।

पुनः हार्दिक श्रद्धाञ्जली चढाउँछु।

●

मनोहर लामिछाने

# खसानी नुने हाट

## १. पृष्ठभूमि



विशाल खस राज्य स्थापनापूर्व त्यस क्षेत्रमा विभिन्न प्रकारका सानाठूला राज्यहरू अस्तित्वमा रहेका थिए। घुमन्ते जीवनमै कर्णाली नदी आसपासमा मानव अस्तित्व देखिन्छ। पछि पाँचौं र छैटौं शताब्दीमा अन्य क्षेत्रबाट मानिसहरू आउन थाले र व्यवस्थित बस्ती बसेको पाइन्छ। दक्षिणतर्फ गुप्त साम्राज्यको स्थापनाले विस्थापित पूर्ववर्ती शासक र तिनका अनुयायीको आगमनले तथा तिब्बती विद्रोहबाट सुरक्षित रहन चाहने जातजातिको सुरक्षित आश्रयस्थल बन्न पुगेको खसान क्षेत्रको सिजा-लामाथाडामा खस राज्य स्थापना हुन पुगी लामो समयसम्म खसहरूले आफ्नो प्रभाव पारेको पाइन्छ। कविलास अर्थात् कैलाश सभ्यताबाट प्रभावित खस शासकहरू दक्षिणबाट आएका खस आर्यहरूको मिश्रित संस्कृतिका कैयौं पक्ष आजसम्म जीवित रहन गएका छन्। खस राज्यको सीमा सधैं

एकै प्रकारको नभए पनि पूर्वमा गण्डकी, पश्चिममा गढवाल, दक्षिणमा गङ्गाको किनार र उत्तरमा कैलाश-मानसरोवरसम्म यो राज्य फैलिएको थियो। यो पूरै क्षेत्रका मानिसहरूलाई हावा, पानी, अन्नजस्तै नुन पनि अत्यावश्यक वस्तु भएको र यहाँ नपाइने नुनको आपूर्ति कसरी भयो होला; सोचनीय विषय रहेको छ। हुन त प्राकृतिक वनस्पति र पहराबाट निस्कने शिलाजित प्रजातिको नुनिलो पदार्थबाट प्राकृतिक रूपमा प्राप्त गरेको इतिहास भए पनि त्यो त्यति सजिलो थिएन। यस आलेखमा पूरै खसानी क्षेत्रको नुनको हाटका बारेमा मात्र उल्लेख नभए पनि खसानको मुख्य केन्द्र कर्णाली क्षेत्र आसपासको नुने हाटका बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ। यद्यपि नुनको हाट गर्न जाँदा अन्य वस्तुको सुक्रीबिक्री (खरिद-बिक्री) हुने भए पनि मुख्य रूपमा नुनको हाटका बारेमा उल्लेख गरिएको छ। यसमा आदिम अवस्थामा नुनका बारेमा मानिसले कसरी जानकारी लियो, मानवीय शरीरमा नुनको आपूर्ति कसरी पायो, पशुपालन युगमा पशुहरूले कसरी नुनको महत्तव प्राप्त गरे; यसबारे छुट्टै खोज-अनुसन्धान हुन सक्छ। जब मानिसले नुनको पहिचान र विकास गऱ्ये, त्यसको महत्त्व स्वतः स्थापित हुँदै गयो। विभिन्न समस्या र स्थानको कायाकल्पजस्तै मानसरोवर क्षेत्रको कालाकल्पले त्यहाँ स्थित समुद्रको नुनका बारेमा कतै उल्लेख छैन। तथापि खसान क्षेत्रका सुक्रीबिक्री हुने भोटे नुनको स्वाद भने खसानीहरूले उपयोग गर्दै गरे। भोटे नुनको व्यापार पहिलो प्राथमिकतामा पर्न गयो।

### २. नुनको महत्त्व

नेपाली जनमानसमा नुनको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। नुनको धार्मिक-सामाजिक स्तरमा पनि महत्त्व दर्साएको पाइन्छ। जसको नुन खाइन्छ त्यसको कुभलो गर्नु हुँदैन र नुनको सोभ्रो गर्नुपर्छ भन्ने धार्मिक लोक मान्यता त्यत्तिकै रहेको थिएन। नुनको सोभ्रो नगरे पाल लाग्छ भन्ने मान्यता आजसम्म पनि रहेको पाइन्छ। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा आफ्नो भगौडा जयन्त रानालाई गोरखाली सेनामा आउन भन्दा जयन्त रानाले जयप्रकाश मल्लको नुन खाइसकेको जवाफ फर्काएको प्रसङ्ग छ। धनीगरिब सबैलाई नुन नभई नहुने वस्तु हो। प्रारम्भमा खसान क्षेत्रमा भोटबाट नै नुन आयात गरिन्थ्यो। बहुमूल्य पदार्थ जस्तै नुनको ठूलो हिफाजत गरिन्थ्यो। भारतमा इस्ट इन्डिया कम्पनी स्थापना भइसकेपछि नेपालमा आएका विभिन्न मिसनका कर्कप्याट्रिक, ह्यामिल्टन आदिले नुनको अपरिहार्यता बुझेर नै नेपालीहरूले प्रयोग गर्ने नुनका बारेमा उल्लेख गरेका छन्। मल्लकालीन समयमा नुनकै बारेमा विवाद भएका प्रसङ्गहरू पाइन्छन्। भीम मल्लको पालामा नुनकै कारणले भोटसँग युद्ध भई पछि सम्झौता हुँदा नुनको व्यापारसम्बन्धी बुँदा उल्लेख भएको र पछि बहादुर शाह मुख्तियार हुँदा नुनकै कारणले भोटसँग युद्ध भएको थियो। पछि राणा शासनमा चन्द्रशमशेरको पालामा खसानकै मुस्ताङमा रहेको नुन खानीबाट नुनको व्यवस्थित प्रशोधन भए पनि उत्तर-दक्षिणबाट सहज आपूर्ति भएका कारण मुस्ताङको नुन खानी प्रयोगमा ल्याउन सकिएन।

सबको भान्छामा मात्र होइन, धार्मिक कृत्यमा त्यत्तिकै आवश्यक पर्ने नुनका लागि खसानी समाजले नुने हाटको निर्माण गरेको संस्कृति उल्लेखनीय र स्मरणीय रहेको पाइन्छ। यहाँ त्यसको सूक्ष्म रूपमा चर्चा गरिएको छ।

## ३. नुनको उत्तरी हाट

कौटिल्यको अर्थशास्त्रमा नेपाली व्यापारका बारेमा उल्लेख भए पनि त्यसमा नुनको व्यापारका बारेमा उल्लेख गरेको पाइँदैन। खस राज्यको स्थापनापूर्व नै आठौं शताब्दीतिर मलवारका शासकहरूले हाल बर्दियाको दानव तालबाट तिब्बतसम्म पुग्न रेसम मार्गका रूपमा चौडा सडक निर्माण गरिसकेका थिए जसको अवशेष र अस्तित्व आजसम्म पनि विद्यमान रहेको छ।

प्रारम्भमा दक्षिणबाट पहाडी भूभागमा बस्ने मान्छेहरूलाई औलो आदिको प्रकोपका कारण परम्परागत उत्तरी हाट नै रोजाइमा पर्थ्यो। खसान राज्यको स्थापनापश्चात् प्रारम्भमा हाट सिजा र पछि दुल्लू क्षेत्र व्यापारिक केन्द्र बन्न पुग्यो जसको प्रभाव आजसम्म पनि रहेको छ। आज पनि विभिन्न वस्तुको व्यापार गर्न सिजालीहरू देशका विभिन्न स्थान र भारतसम्म पुग्ने गर्छन्। सिजाको माथिल्लो भागका जाडेहरू (जडानवासी)-ले तिब्बतबाट नुन ल्याउने र खसानको तल्लो भेगका मानिसहरूले चामल आदि अन्नसँग नुन साट्ने प्रचलन थियो। भौगोलिक कठिनाइले भोटको कर्रो बाटो र हिउँदमा हिउँ परेर आवागमन रोकिने कारणले भारतबाट नुनको व्यापार खुला भएपछि उत्तरको नुने हाट क्रमशः दक्षिणतर्फ स्थानान्तरण हुन पुग्यो।

## ४. नुनको दक्षिणी हाट

कम्पनी सरकारले नुनको व्यापार खुला गरेपछि र क्रमशः औलो आदिको प्रकोप कम हुँदै जानु र नेपाली भूभागमा बस्ती बसाइ, रस्ती रसाइ हुँदै गर्दा बाह्रै महिना आवागमनको सजिलो हुने दक्षिणको नुने हाट फस्टाउँदै गयो। खसानीहरू नुन आपूर्तिका लागि अस्थायी/स्थायी बजारबाट नुन ल्याउन जाने व्यक्ति हटारु र स्थानलाई हाट भन्न थालियो। हाटबाट वर्षभरिलाई चाहिने अन्य विविध वस्तु भने नुन नै हुने गर्थ्यो। प्रत्येक घरमा मानिस तथा पशुलाई नुन नभई काम चल्दैनथ्यो। मगर प्रभावित खसान क्षेत्रमा हटारुलाई हतारु भन्ने गर्थे। उनीहरूको भाषामा 'हाता' भनेको मूली वा अगुवा र 'रु'-को अर्थ मानिस अर्थात् नुनतेलको व्यवस्था गर्ने मुख्य मानिस हुन्छ। घरमूलीको प्रमुख कार्य परिवारलाई नुन उपलब्ध गराउनु नै हुन्थ्यो। त्यसै भएर खसानी जनजीवनमा नुने हाटले एउटा बेग्लै विचित्रको विशाल संस्कृति निर्माण गरेको पाइन्छ। प्रमुख रूपमा दक्षिणनी नुने हाटहरूमा खस्यौली, झुन्डीनगर, बेलौत्या, कृष्णनगर, कोइलाबास, नेपालगन्ज, निसानगाडा, मुर्तिहा, कैलाशपुरी, राजापुर, बझादेऊ (टनकपुर), झुलाघाट, जोलजिबी, धार्चुला आदि नेपाल-भारतको सीमा क्षेत्रका मुख्य हाटका केन्द्रहरू थिए। पहिलो पटक आधिकारिक रूपमा भारतबाट नुन आयात गर्ने व्यक्ति भागवतभक्त माथेमा हुन्।

नुने हाटले निर्माण भएको खसानी हटारु संस्कृतिमा अर्को वर्ष श्रीमती सुत्केरी हुने भएमा वा छोराछोरीको विवाह हुने भएमा थप अर्को वर्षका लागि हाटबाट बढी नुन ल्याउने गरिन्थ्यो। श्रीमान् नभएको र बच्चाबच्ची सानै भएको अवस्थामा छोरी माग्न आउने इष्टलाई नुन ल्याइदिने (हाट जानुपर्ने) सर्तमा छोरी दिने प्रचलन पछिसम्म कायम थियो। हाट जाने दिनबारका लागि ज्योतिषी वा धामीसँग साइत मागी प्रायः गाउँभरिका मानिसहरू हाटका लागि एकसाथ प्रस्थान गर्ने, बाटामा हातमुख धुनेबाहेक नुहाएमा देवता रिसाउँछन् भन्ने प्रचलन थियो। हाट जाँदा जुत्ताचप्पल लगाइँदैनथ्यो। हटारुका डोका पनि विशेष प्रकारका हुन्थे। डोकाकै बनावटबाटै हटारुहरूको घर, स्थान, क्षेत्रका बारेमा जानकारी लिन सकिन्थ्यो। सबैसँग लट्ठी हुने गर्थ्यो। बाटामा चाहिने खाद्यान्न (सिदा) पकाउने भाँडाहरू डोकामै हुने गर्थे। घरदेखि बजार (हाट) नपुग्दासम्म वास बस्ने हटारु वासहरू निर्धारित हुन्थे। हटारुको डफ्फामा मुख्य व्यक्तिलाई मूली भनिन्थ्यो। पहिलो पटक हाट जाने व्यक्तिलाई उछिट्टे भनिन्थ्यो। पहिले महिला हाट जाँदैनथे भने पछि महिलाहरू पनि हाट जान थाले। खाजाका लागि घरबाटै मकै, भटमास, लाडू, अर्सा, चामल, चिउरा, तिलौट, रोट, सातू, सिरौला, भाँगो, गहुँको खाजा, तिर्मिलो, खुर्माजस्ता घरबाटै बनिबनाउ खाजाले दिउसको भोक मेट्ने गरिन्थ्यो।

हटारुहरूको सहज यात्राको अपेक्षा खातिर बाटामा पर्ने देवस्थानहरूमा फूलपाती र धजा चढाउँदै मानमनितो गरिन्थ्यो। रातिको वासमा आआफ्ना गाउँ–समाजका प्रचलित लोक भाकाका गीतहरू गाइने तथा भनिने लोककथाहरूले लोकसाहित्यको श्रीवृद्धिमा पुस्ता हस्तान्तरण हुँदै संरक्षण गर्थे। हटारु वासहरूमा जङ्गलबाट ल्याई बालिका मुढाहरूको आगोले हटारुहरूलाई जाडोबाट बचाएकै थियो। पहिलो पटक हाट गएका उछिट्या वा पन्थपुज्याहरूका लागि बनाइएको दैमासो र चुरेमा देउराली माईलाई पूजा गर्ने, हलोजुवा बोकेर माईको थान (दर्का)–वरिपरि घुमाइने तथा तराई देउखाउने प्रचलनले छुट्टै विशिष्ट संस्कृति निर्माण गरेको थियो। मानव बस्तीको आदिम स्थान रहेको चुरेमा देउराली पुज्ने प्रचलनले यात्रा सहज हुने र खुट्टा नदुख्ने (नजाक्ने) विश्वासले खसानी हटारु संस्कृतिको निर्माण गरेको पाइन्छ। हाट पुगेपछि आफ्ना निर्धारित व्यापारीसँग मोलमोलाइ गर्ने र हटारुको अगुवालाई व्यापारी (सेट, बान्या)–ले लगाइदिने पगडी (फेटा) र उछिट्यालाई दिइने गुड र भुजाले खस र यारी अर्थात् खसियारी (खसहरूसँगको दोस्ती) हाट संस्कृतिले नै निर्माण गर्दा पहाड र मधेसलाई जोडेको थियो।


## ५. उपसंहार

खसानीहरूको नुने हाट प्रारम्भमा उत्तरतर्फ हुने गरे पनि लामो समयसम्म दक्षिणी हाटले निरन्तरता पायो। दुवैतर्फको हाट गर्नु जटिल र जीवनमरणको सवाल थियो। घरबाट हाटसम्म पुग्न र हाटबाट फर्कन महिनौँ दिन लाग्थ्यो। बाटामै बिरामी पर्ने सम्भावना पनि हुने गर्थ्यो। त्यसैले हाट गरेको छोरो परिपक्व भएको आकलन पनि

गरिन्थ्यो। नुनकै लागि दरपिंढी हटारु डोकामा जिनिस राखी फर्कंदा प्रमुख रूपमा नुन ल्याएर गर्जो टार्ने गरिए पनि अब भने बजार विस्तारले नुन ल्याउन हाट जाने प्रचलन विस्थापित भइसकेको छ। हटारु प्रचलन कायम रहेकै अवस्थामा चर्चित ताक्लाखारदेखि बर्दियाको दानव तालसम्मको रेसम मार्ग अझैसम्म पनि प्रयोगका ल्याइएको पाइन्छ। त्यही बाटामा पर्ने नाउला, कुवा, पाटी, पौवाले गौरवपूर्ण इतिहास बोकेकै छन्। नाउ र जँघार तर्नुपर्ने प्रारम्भिक अवस्थाभन्दा काठे पुल लप्को बनाउने मेरा पुर्खा अब भने पक्की पुल, झोलुङ्गे पुल र मोटर बाटोबाटै यात्रा गरिरहेका छन्। वर्तमानमा विगतको नुने हाटको स्मरण किन गरिएको हो भने विगत नबुझी वर्तमान बुझिन्न। आफ्नो अतीतको जानकारी वर्तमान पुस्तालाई होस् भन्नका खातिर खसानी नुने हाटको चर्चा गरिएको हो।

नुन्या हाट छुट्याको छैन, भैंसी बन्डालै छन्  
पढ्नु ता सपनी भयो, गाउँले गोठालै छन्  
उँध जान्या हटारुए, उँभ जान्या नुन्या  
न फेरि जोबनी आउन्या, न मनैको हुन्या।

●



मोमिला

**नाटक**

फूलमान बल

# सोनाम–ग्याल्मो

(तामाङ लोककथामा आधारित)



**पात्रहरू**

सोनाम – ग्याल्मोको पति
ग्याल्मो - सोनामकी पत्नी
ताम्बा - गाउँको मौखिक संस्कृतिविद्
जङ्गबहादुर - श्री ३ जङ्गबहादुर राणा
थेबा - ग्याल्मोको बाबु
आङी - ग्याल्मोकी आमा
साँजी - सोनामको बाबु
म्हारसाङ - सोनामकी आमा
मिच्याऊ - ग्याल्मोको साथी
चोहो - गाउँको प्रमुख
गाउँलेहरू
सिपाहीहरू
डम्फुरेहरू
बूढो मान्छे - पाराङको बाबु
बूढी मान्छे - पाराङकी आमा

## अङ्क १

### दृश्य १

ग्रामीण परिवेशमा सजिएको एउटा घरको भुइँतला। डम्फुरेहरू गीत गाइरहेका छन्। उनीहरू डम्फूको तालमा पुरानो तामाङ सेलो गाइरहेका छन्। भित्तातिर अङ्गार सोली, अङ्गार पोङका कोसेली छन्। एउटा कुनातिर तामाङ परम्पराअनुसार भोज चलिरहेको छ। सालको पात र बाँसको सिन्कोले बुनेको टपरीमा सेलरोटी र राँगाको मासुका परिकार। माझमा बेहुलो र बेहुली सजिएर बसिरहेका छन्। अघिल्तिर बेहुलीको मयुङ (भाइ) चार दाम राखिएको थाल समातेर घुँडा टेक्दै उभिइरहेको छ। बेहुलाबेहुलीको दायाँतिर बसेका ताम्बाहरू चार दामको प्रक्रिया बताइरहेका छन्।

**बेहुलो पक्षको ताम्बा :** *(सृष्टिको उत्पत्तिसम्बन्धी तामाङ मिथमा आधारित गीत गाउँदै)*

उहिले त शून्य आकाशमा
हावाको दोर्जे ग्याडाम बनेछ
हावामाथि आगो जमेछ
आगोमाथि पानी भएछ
पानीमाथि फिंज जमेछ
फिंजमाथि धूलो जमेछ
धूलोमाथि माटो जमेछ
सुमेरु पर्वत बनेछ
चार दिशा, चार कोण छुटेछ
धर्तीको चारै दिशामा
मान्छे नै मान्छे जन्मेछन्
देउताको राज्य आकाशमा
नागको राज्य पातालमा
अन्तरिक्षमा सिकारीले राज्य गरेछन्।

**गाउँले १** : *(दुई हात जोडेर अभिवादन भाव प्रकट गर्दै)* लास्सो! ताम्बा म्हेम्हे लास्सो! यो त भयो सृष्टिको गीत। अब एक पटक यो *(हातको डम्फूमा एकछिन ताल लाउँदै)* डम्फूको उत्पत्तिसम्बन्धी गीत पनि गाउनुपऱ्यो है।

**गाउँले २** : हो-हो, उसले ठीकै भन्यो ताम्बा खेबा। अब यो शुभ कार्यको बेला रमाइलो त गर्नैपऱ्यो क्यारे। भोलिदेखि यिनीहरू *(बेहुलाबेहुलीतिर औँल्याउँदै)* लोग्नेस्वास्नी बनेर आआफ्नो जीवनको कथा सुरु गरिहाल्छन्। अहिले चाहिं यो डम्फूको कथा नै सुनौं।

**सबै गाउँले** : *(एकै स्वरमा)* लास्सो, लास्सो! दुवैको कुरा ठीक हो। लौ त फेरि ताम्बाको गीत नै सुनौं।

**बेहुलो पक्षको ताम्बा** : *(नम्र भावमा प्रस्तुत हुँदै)* लास्सो कुटुम्बजन! यसलाई ताम्बाताम्बाबीचको जुहारी नमान्ने हो भने म डम्फूको उत्पत्तिको गीत पनि गाउँछु। तर अहिले हामी यो चार दामको प्रक्रियामा जुटेका छौं। बेहुली पक्षको ताम्बाले पनि साथ दिने भए म यो डम्फूको उत्पत्ति गीत गाउन तयार छु।

**बेहुली पक्षको ताम्बा** : *(रक्सी लागेको लवजमा)* आच्याउ... हजुर पनि। मा ता तायार नै छ नि हाउ...। लु न ता सब्बोई मिलेर साङगाई घाऊँ।

*(बेहुली पक्षको ताम्बालाई सुनेर गाउँले गलल्ल हाँस्छन् र सबैले एकसाथ रक्सीका बटुका उचाल्छन्। यसपछि बेहुलो पक्षको ताम्बा डम्फू बजाउँदै डम्फूको उत्पत्तिसम्बन्धी गीत गाउन सुरु गर्छ। आइमाई र लोग्नेमान्छे मिसिएको भीडमा डम्फुरेहरू नाच्न कम्मरमा हात राखेर तयार हुन्छन्)*

**बेहुलो पक्षको ताम्बा :** आम्मैले होइ आम्मैले
आम्मैले होइ आम्मैले
मेरो त हातको यो डम्फू
सोध्ला नि कसले बनायो ?

उहिले-उहिलेको समयमा
माथि हिमाल डाँडैमा
सिकारी पेङ दोर्जेले
घोरल ताङ्गी मारेछन्

कोइरालो काठको घेरोमा
घोरलको छाला तन्काई
मधेस फाँटको बाँस काटी
बत्तीस कीला ठोकेछन्

पेङ दोर्जेले बनाको
डम्फू त हेर्दा चेप्टो छ
बजाई हेर्दा छ्याइँ गर्छ
तामाङ कैरन सुनाउँछ ।

*(गीत गाइरहेकै बेला मास्तिर चोटाबाट चोहो म्हेम्हे आइपुग्छ)*

**चोहो :** *(सबैको ध्यान आकृष्ट गर्दै)* ल है ताम्बा-गान्बा, आस्याङ-स्याङ र डम्फुरेहरू! अब टाढाका कुलकुटम्ब आइपुगेका छन् । छिट्टै बेहुलो अन्माएर पठाउन पाए हाम्रो पनि धन्दा छिनिहाल्थ्यो । उनीहरू पनि छिट्टै पुगेर आजै लगन गर्न भ्याइन्छ क्यारे । अब ता यो चार दामको प्रक्रिया पो अघि बढाउने हो कि ? कि कसो ताम्बाज्यूहरू ?

**बेहुलो पक्षको ताम्बा :** चोहो म्हेम्हेले ठीकै भन्नुभयो । आबो हामीलाई ता छिट्टै बेहुली लिएर जान पाए राम्रो नि ! लु त चार दामको कार्जेक्रम अघि बढाऊँ । खै मयुङ पक्ष ? बेहुलीको दाइ या भाइ कोको हुनुहुन्छ, यहाँ अघिल्तिर आउनुपर्‍यो ।

*(चामल, सगुन, टोटला फूलसहितको थाल लिएर कुनातिर बसिरहेको सानो केटो अघि बढ्छ र बेहुलाबेहुलीको अघिल्तिर दायाँ घुँडा टेकेर उभिन्छ । बेहुली पक्षको ताम्बाले उसलाई राम्रोसँग बस्न सघाउँछ । बेहुलो पक्षको ताम्बा चाहिं चार दामको व्याख्यानतिर लाग्छन्)*

**बेहुलो पक्षको ताम्बा :** विशिष्ट माइती महानुभावहरू, गान्बाज्यूहरू, तामाङ समाजविज्ञहरू, भद्रभलादमीहरू, मास्तिर सिंहासनमा बस्नुभएका र तलतिर आआफ्नो आसनमा बस्नुभएका सम्पूर्ण भद्रभलादमीलाई नमस्कार गर्छु ।

**गाउँले** : लास्सो ! लास्सो !! लास्सो !!!

*(यति भनेपछि सबै जना फेरि ताम्बालाई ध्यान दिएर सुन्न थाल्छन्)*

**बेहुलो पक्षको ताम्बा** : हिजोका राजा, विद्वान् तथा समाजविज्ञहरूले बनाइराखेभएको सांस्कृतिक परम्परा राख्नको लागि खानेपिउने कुरा राम्रो नभए पनि अलिकति कोसेली चढाउन आज हामी गरिबहरू तपाईंहरूको पाउमा आएका छौँ। ताम्बाको कुरा नजाने पनि ताम्बा बनेर, रिमठिम नजाने पनि गान्बा बनेर, अनुहार राम्रो नभए पनि बेहुलो बनाएर यहाँहरूको पाउमा आएका छौँ। नरिसाई राज गर्नुहोला। महानुभावहरूलाई नमस्कार छ।

**बेहुली पक्षको ताम्बा, माइती पक्ष र गाउँले सबै** : लास्सो ! लास्सो !! लास्सो !!!

*(बेहुलो पक्षको ताम्बा फेरि व्याख्यान थाल्छ)*

सूर्य पूर्वबाट उदाएर पश्चिममा अस्ताउँछ। माटोमा बीउ नरोपे बिरुवा उम्रिँदैन, अन्न फल्दैन। अन्नपात नभएको भए प्राणी जगत् नै हुने थिएन। अन्नपात ग्रहण गरेर नै आज समाजविज्ञ, ताम्बा, गान्बा, तराई प्रदेश, भोट देश र पहाडरूपी भूभागका विशिष्ट विद्वान्हरू, सज्जनहरू यहाँ राज गर्नुभएको छ। हिजोका राजा, समाजविज्ञ र बुज्रुकले बनाइराखेको रीतिथिति मान्नुपर्दो रहेछ माइती महोदय ! *(रक्सीको पोङ अघि सार्दै)* सम्माननीय माइती महोदयले आजदेखि फलानाकी छोरी फलानाको छोरालाई दिएँ भनी यो पोङ समातेर एउटा वचन दिनुहुने छ भनी हामी बसेका छौँ माइती महोदय !

**माइती** : हिजो राजा, बुज्रुक र समाजविज्ञहरूले बनाइराखेको रीतिथिति कायम राख्नको लागि छोरीचेलीलाई पराई घरमा पठाउनुपर्दो रहेछ। ताम्बा-गान्बाहरू ! तामाङ रीतिरिवाजको दस्तुर लिएर आजदेखि ज्वाइँको बाहुलीमा छोरीलाई चढाएँ। पूज्य बुबाको रगत, पूज्य आमाको मासु ज्वाइँको बाहुलीमा सुम्पेँ। चेलीको अस्थि माइतीको हातमा रहने उहिलेदेखिको तामाङ परम्परा छ ताम्बा महोदयहरू ! पूर्वको लामो नदी ब्रह्मपुत्र र दक्षिणको लामो नदी गङ्गाझैँ छोरीज्वाइँको आयु लामो होस्।

**सबै गाउँले** : लास्सो ! लास्सो !! लास्सो !!!

**माइती पक्षको ताम्बा** : तामाङ रिमठिमका प्रमुख पदाधिकारी र शास्त्रज्ञहरू ! आकाशका घामजूनजस्तै यो ह्युलको अध्यक्ष महोदय, बुज्रुक महोदय, ताम्बा महोदय, लामा महोदय सबैलाई सुनिदिनुहुन अनुरोध गर्छु। उहिले-उहिलेका राजा, बुज्रुक, ताम्बा महोदयहरूले बनाइराखेको रीतिथिति कायम राख्न पूज्य बुबा र पूज्य आमाको आफ्नो मुटुको टुक्रा छोरीलाई आजदेखि ज्वाइँको बाहुलीमा चढाउनुभयो। पूज्य बुबाको रगत र पूज्य आमाको मासु सुम्पिदिनुभयो। अब चेलीको अस्थि मात्रै माइतीको हातमा रहने छ।

**सबै गाउँले :** लास्सो ! लास्सो !! लास्सो !!!

**बेहुलो पक्षको ताम्बा :** चेलीको अस्थि मात्र माइतीको हातमा छ भनेर माइतीको ताम्बाज्यूबाट हुकुम भएको छ। आकाशका देउता, पातालका नागनागिनी, भीरपाखाका सिकारी, सिमेभुमे, साहीसब्जी, धरती आमा, कुल-पितर, आकाशका चन्द्रसूर्य, खोलाका माछा, हिमालका डाँफे-मुनाल, वनका बाघ-बघिनी-मयूर सबैले यो कुरा सुने।

**सबै गाउँले :** सुने, सुने, सुने !

**बेहुलो पक्षको ताम्बा :** पूर्वमा बङ्गाल, दक्षिणमा बेतिया, पश्चिममा पेसावर, उत्तरमा तिब्बत, पूर्वदक्षिणमा बर्मा, दक्षिणपश्चिममा श्रीलङ्का, पश्चिम-उत्तरमा काबुल र कश्मीर, उत्तरपूर्वमा कामरूप देवदेवीहरू, सिमेभुमे सबैले सुने।

**सबै गाउँले :** सुने, सुने, सुने !

**बेहुलो पक्षको ताम्बा :** आजदेखि अब बेहुलाबेहुलीको रगतरगत र मासुमासु मिल्यो।

**सबै गाउँले :** लास्सो ! लास्सो !! लास्सो !!!

**बेहुली पक्षको ताम्बा :** *(बेहुलीतिर हेर्दै)* अरूको दुलाहा तेल लगाई, कपाल कोरी, राम्रो लुगा लगाई चिटिक्क भएर बसेको बेला आफ्नो दुलाहा भारी बोकेर, गाईबस्तु चराएर आएको पनि हुन सक्छ। यस्तो बेला कुरा खेलाएर मन नबिगार्नू। त्यसो नगर्नू।

**बेहुली :** *(लजाउँदै)* लास्सो ! हुन्छ।

**बेहुलो पक्षको ताम्बा :** *(बेहुलातिर हेर्दै)* साथीकी दुलही तेल लगाई, कपाल बाटी, राम्रोराम्रो लुगा लगाई बस्ली। आफ्नी दुलही थोत्रो लुगा लगाई, घाँसदाउरा बोकी आएको बेला, भाँडाकुँडा चलाउने बेलामा मेरी दुलही हैन, साथीकी दुलही कति राम्री भनेर दुलाहाले मन नखेलाउनू। त्यसो नगर्नू।

**बेहुलो :** *(लजाउँदै)* लास्सो ! हुन्छ।

**बेहुलो पक्षको ताम्बा :** *(सबैको ध्यान खिच्दै)* ल, आजदेखि बेहुला र बेहुलीको रगतरगत, मासुमासु मिल्यो। मान्छे र आत्माझैँ, रूख र बोक्राझैँ, ढुङ्गा र माटोझैँ, मलसाँप्रोका भालेपोथीझैँ एकै भई, एकै मन भई सँगै बस्नू। पूर्वको नदीजस्तै लामो, पश्चिमको नदीजस्तै लामो बेहुलाबेहुलीको आयु होस्।

**सबै गाउँले :** लास्सो ! लास्सो !! लास्सो !!!

**गाउँले १ :** हैन हाउ ताम्बा महोदयहरू ! केही गरी बेहुलाबेहुली चार दामको रीतमा बसेनन् र अन्तै मन खेलाए भने के हुन सक्छ ?

**गाउँले २ :** के हुनु नि ? उहिले-उहिले त जार काट्ने कानुन नै थियो रे नि हाउ !

**गाउँले ३ :** हो-हो, मैले नि त्यस्तै सुन्या थिएँ।

**बेहुलो पक्षको ताम्बा :** हाम्रो रिमठिम यही हो चार दामको। अब यो समय उहिलेको रहेन। आआफ्नो जीवन कसरी बिताउने भन्नेबारे अहिलेका केटाकेटी नै जानुन्। हाम्रो काम रिमठिम सम्झाउने हो, बुझाउने हो। कसो गान्बा-चोहो म्हेम्हेहरू ?

**बेहुली पक्षको ताम्बा :** लास्सो! ठीक भन्नुभो तपाईंले। अब अहिले हाम्रो समय रहेन। बरु मलाई समय दिनुहुन्छ भने यो रमाइलो घडीमा मैले बाजेबराजुदेखि सुनी आएको एउटा कथा सुनाउँछु। यो मेरी हजुरआमाको माइती गाउँको कथा हो। विवाह र प्रेमसँग जोडिएको एउटा बिछोडको कथा। मेरा ताम्बा हजुरबाले तमाखू खाँदै दलानमा मलाई यो कथा धेरै पटक सुनाउनुभएको थियो। कसैकसैले यो कथालाई हाम्रो चार दामसँग पनि जोडेर हेर्दा रहेछन्।

**सबै गाउँले :** लास्सो! लास्सो!! लास्सो!!! ल, सुनाइहाल्नुपर्‍यो।

**चोहो :** हैन, बेला त घर्किनै पो लाग्यो। अब बेहुली अन्माउनुपर्ने। आफन्तजनको टीकाटाला पनि त छिट्टै सकिन्छ होला। काँ कथातिर... ?

**बेहुलो पक्षको ताम्बा :** हैन चोहो म्हेम्हे, सुनुम् न ता कथा कस्तो रहेछ। हामी ताम्बालाई पनि काम लाग्ला। अब ताम्बाको काम नै सुनाउने त हो। टीका-दक्षिणा सकुन्जेल त कथा पनि सकिन्छ होला नि! *(अरूतिर हेरेर)* कि कसो?

**सबै गाउँले :** हो-हो, तपाईंले ठीक भन्नुभो। सुनौँसुनौँ।

**चोहो :** *(टाउकामा हात राख्दै बिस्मातको भावमा)* लौ, तपाईंहरूको मतलाई मानेँ मैले। अब उहिले हो भने चोहोले भनेको सबैले मान्थे। अब अहिले त वार्ड अध्यक्ष हो कि खै केके भन्छन्। यो चोहोको कुरा कसले मान्छ र?

*(चोहो भुतभुताउँदै चोटामास्तिर लागेपछि बेहुली पक्षको ताम्बा ङम्फू दायाँ कुनातिर ढल्काएर राख्छ र दायाँबायाँ सबैलाई एक फन्को आँखा घुमाएर हेरेपछि केही सम्झेजस्तो गर्दै कथा सुनाउन थाल्छ)*

**बेहुली पक्षको ताम्बा :** उहिले-उहिले जङ्गबहादुर श्री ३ भएको समयमा नेपाल अधिराज्यको सर्लाही-पत्थरघट्टाछेउ एउटा तामाङ बस्ती थियो। त्यो बस्तीमा फूलजस्तै परम सुन्दरी ग्याल्मो नामक युवती थिई। उसको भर्खरै सोनामसँग बिहे भएको थियो...।

## अङ्क २

### दृश्य १

सर्लाहीको पत्थरघट्टाछेवैको एउटा घनघोर जङ्गलबीचको सम्म मैदान। अलिक पर्तिर ठूलठूला रूख र झाडी। पारि चुरेका थुम्काहरू। नेपथ्यबाट चराचुरुङ्गीको चिरबिर आइरहेको छ। दायाँ कुनातिर घाँसले भरिएको डोको र स्याउलाको थुप्रो। तामाङ सेलो गाइरहेकी ग्याल्मोको मीठो स्वर मात्रै सुनिन्छ। बिस्तारै आवाज ठूलो हुँदै आउँछ र झाडीतिरबाट कम्मरमा घाँस च्याप्दै सुन्दरी ग्याल्मो देखा पर्छे। गीत स्पष्ट सुनिन्छ।

**ग्याल्मो :** इन्द्रेनीको सातै रङ्ग
भेट भयो आज लौ हेर
कोइली गायो मीठो स्वर
को होला मेरो दिलको चोर?

वसन्तको बेलैमा
चुरीगाङको मेलैमा
हावामा नाच्दा शिरफूल
यो मन हुन्छ चुलबुल।

*(गीत गाउँदै चउरमा एक फन्को घुमेपछि ग्याल्मोले डोकोछेउ गएर घाँस मिलाउँछे। एकैछिन केही सम्झेजस्तो गर्दै)*

आच्या... म पनि कस्तो हुस्सू! चुरीगाङको जात्रामा गाउने गीत पो हो त यो। हैन, यो सोनाम पनि काँ गाको होला नि! त्याँ पर गाईबाख्राले गहुँ बाली भुसुक्क खाइसके होला। *(सोनामलाई बोलाउँदै)* ए सोनाम, सोनाम!

*(कहींबाट केही पनि आवाज आउँदैन। नेपथ्यबाट चराचुरुङ्गीले गीत गाएको मीठो स्वर मात्रै आइरहन्छ)*

*(केही डराएको जस्तै गरेर)* सोनाम! ए मेरो हजुर! मलाई डर लागिसक्यो के। छिट्टै आऊ न भन्या। कहाँ जानुपरेको नि फेरि? हैन, फेरि च्याखुरा खेद्नतिर पो लाग्यो क्या हो?

*(सोनामको केही सङ्केत नमिलेपछि ग्याल्मो छिटोछिटो घाँसको भारी मिलाउँछे। चराचुरुङ्गीसँगै नेपथ्यमा गाईबाख्रा कराएको आवाज पनि मिसिन्छ। डोको भरिइसकेको छ। डोकामाथि स्याउला राख्न खोज्दा अचानक स्याउलाभित्रबाट कम्मरमा खुकुरी भिरेको सोनाम आत्तिँदै बाहिर आउँछ। ग्याल्मो 'आबुइ...' भन्दै डराएर चिच्याउँदै केही पर भाग्छे)*

*(सोनामको ढाडमा पिट्दै)* लौ जा! लौ जा! अर्कालाई डर लाग्दैन कि क्या हो? एक्लै छाडेर लुक्ने? बिहे भएको एक हप्ता नि बितेको छैन। अरूका जोडीहरू ढुकुरको जस्तै भएर हिंड्छन्। तिमी चाहिं यस्तो सुनसान जङ्गलमा एक्लै छाडी हिंड्ने? नाइँ, म त बोल्दिनँ...।

**सोनाम** : *(पेट मिचीमिची हाँस्दै)* डर लाग्यो र? अघि त खुब गीत गाउँदै थियौ त? हैन हाउ, चुरीगाङको मेला आइसक्यो र भन्या? यस पालि त यति चाँडै तिमीले जात्राको सेलो गाउन थाल्यौ। *(मन्द मुस्काउँदै)* यो साल चाहिं केही हुन्छ कि क्या हो?

**ग्याल्मो** : त्याँ जिस्केर मात्रै बस्ने हैन है, घाँसको भारी नि मिलाइदिनू। आज आङीले छिट्टै फर्किनू भन्नुभएको हैन? भोलि मामाघरमा 'आस्याङ पोङ' लाने रे। रक्सी पार्न घरमा सघाउनुपरेन?

**सोनाम** : *(मस्किँदै)* ए, हो र? तिम्रो आस्याङको घर पो जाने रे? मेरोमा त जानुपर्दैन क्यारे। *(जिस्काउने परामा)* तिमीलाई फेरि आस्याङको छोराले उतै राख्ला नि 'मेरी मैच्याङ' भन्दै!

**ग्याल्मो** : खुब... खुब... । त्यस्तो भएको भए तिमीभन्दा अघि माग्न आइहाल्थे नि । अनि अहिले 'आस्याङ पोङ' लिएर जानुपर्ने नै थिएन ।

**सोनाम** : *(पछाडिबाट अँगाले मार्दै गालामा हल्का चिमोटेर)* ए, हो र भनेको... ? तिमी यति राम्री छ्यौ, फेरि अरूको नजर पर्छ कि भनेको नि ।

**ग्याल्मो** : *(फन्किँदै)* जहाँ पायो त्यहीं नचिमोट्नू है, फेरि म त आङीलाई भन्दिन्छु के... ।

**सोनाम** : *(झन् इत्रिँदै र जथाभाबी काउकुती लगाइदिँदै)* के भन्छ्यौ आङीलाई ? हिजो रातिको पनि भन्छ्यौ ? सक्छ्यौ ? हँ... तु भन त, के भन्छ्यौ आङीलाई ? लु... लु... लु... लु... ।

**ग्याल्मो** : *(चिच्याउँदै)* ऐय्या नि आमा ! छोडिदेऊ न, कस्तो काउकुती लाग्यो के ! ल-ल, जे गर्न मन लाग्छ गर; आङीलाई केही भन्दिनँ । कोन्ज्योसोम कसम । बरु भोलि चाहिं मेरो आस्याङको घर जाँदा तिमी चिटिक्क हुने गरी अस्ति मैले दिएको 'कुलाकी' *(टोपी)* लाऊ है । साँच्ची सुहाउँछ के तिमीलाई... ।

**सोनाम** : *(सोनाम बिस्तारै भावुक बन्छ र ग्याल्मोको हात आफ्नो हातमा लिन्छ अनि म्वाइँ खान्छ)* हस् ग्याल्मो ! तिम्रो हरेक आग्रह म सधैंसधैं खुसीसाथ मानिरहने छु । तिमी नामले मात्रै ग्याल्मो हैनौ; स्वभाव, रूप र सम्पूर्ण व्यवहारबाट नै ग्याल्मो हौ । अघिल्लो जुनीमा सायद तिमी रानी थियौ अनि म राजा । हो, तिमी ग्याल्मो अनि म ग्याल्बो । यो जुनीमा पनि तिमी र म ग्याल्बो र ग्याल्मो नै हौं ।

**ग्याल्मो** : *(अलिक सोच्दै)* खै, यस्तो कुरा त म जान्दिनँ क्यारे । गोठालो आउँदाआउँदै, घट्ट जाँदाजाँदै अनि घाँसदाउरा गर्दागर्दै कसरी पो तिमीसित नजिक भएछु, थाहै पाइनँ । तिमीले सेलो गाएको सुन्दा र नाचेको हेर्दा म कति भुतुक्कै हुन्थैं । तिम्रो माया पाएपछि मलाई यो जङ्गल, यो पाखा अनि चुरेका यी पखेराहरू दरबारझैँ लाग्छन् । खै, पहिलेको जुनीमा पनि हामी सँगै पो थियौं कि ? मलाई त यो मनभित्र त्यस्तै लागेर आउँछ ।

**सोनाम** : *(वरिपरि हेर्दै अनि अलिक सावधानी अपनाएर बिस्तारै ग्याल्मोलाई काखमा समेट्दै)* थाहा छैन ग्याल्मो ! मलाई पनि अचेल त्यस्तै लाग्छ । जति बेला म बुझ्ने भएँ त्यति बेलैदेखि मलाई तिमी मेरै हौ जस्तो लागेर आउँथ्यो ।

**ग्याल्मो** : *(रूख र चराहरूतिर औँल्याउँदै)* हेर, यी चराहरू हाम्रै लागि गाइरहेका छन् । रूखहरू सुस्तरी हल्लिरहेका छन् । हावाले पनि आज गीत गाएजस्तै लागिरहेको छ मलाई ।

*(सोनाम पनि प्रेमपूर्वक ग्याल्मोको हात समाउँछ, आकाशतिर हेर्छ अनि गीत गाउन थाल्छ । दुवै जना सेलोको तालमा कुम हल्लाउँदै नाच्छन्)*

**दुवै** : तिमी त ग्याल्मो, म ग्याल्बो
रोजेको हामीले यो दिलको

हजार आँधी आए नि
हजार हुरी आए नि
चरीको जस्तो यो जोडी
छुट्टिने छैन केही गरी...

*(ग्याल्मो र सोनाम तामाङ सेलोमा प्रेम संवाद र ख्यालठट्टा गर्दै घरतिर उकालो चढ्छन्)*

## दृश्य २

पाली भएको पुरानो डिजाइनको घरको आँगन। आँगनछेउ ग्याल्मो रक्सी पारिरहेकी छ। केही कुखुरा आँगनछेउछाउ चरिरहेका छन्। छेवैमा सोनाम बन्चराले दाउरा चिर्दै छ। सोनामकी आमा म्हारसाङ जाँड छान्दै छे।

**ग्याल्मो** : *(दाउरा चिरिरहेको सोनामतिर हेर्दै)* भो-भो, धेरै दुःख नगर। त्यो दाउरा चिसै छ। बरु म अहिले माथ्लोघरे मिच्याऊहरूसित तल वन जान्छु र सुकेका दाउरा लिएर आउँछु। आज यो चुलोले धेरै नै धूवाँ निकालिरहेको छ।

**म्हारसाङ** : *(ग्याल्मोलाई सही थाप्दै)* हो भनेको। कहिले नि रक्सी नपारेको जस्तो भो यो घरमा त। अस्ति बिहेको बेला खै कुनचाहिंले ल्याएको दाउरा यस्तो काँचै परेछ। हैन, अरूको बिहेमा हामीले राम्रै सुकेको दाउरा लाने गरेका थियौँ। सुकेको बीचमा काँचो दाउरा लुकाएर ल्याउन कस्तो लाज पनि नलागेको होला है मान्छेहरूलाई ?

**साँजी** : *(घरभित्रबाट आवाज मात्रै)* भो-भो सोनामकी आमा, केही नभन अरूलाई। कार्जे चलिगयो। बिहे नै सक्किसकेपछि के कुरा गरिरहनु अर्काको ? आबो त्यो चिसो दाउरा केही दिनमा सुकिजाला नि !

**सोनाम** : *(दाउरा चिर्न रोकेर घरभित्रतिर हेर्दै)* त्यसो भनेर कहाँ हुन्छ र बुबा ! मैले चाहिं कति सुकेको सुकेको दाउरा टन्नै भारी बाँधेर लगेको छु अर्काको कार्जेतिर... । खै, जमाना पनि के हुन लागेको हो ?

*(घरको पछिल्तिरको बाटोबाट दुई युवती हातमा नाम्लो बोकेर आँगनमा देखा पर्छन्)*

**मिच्याऊ** : हैन, केको गन्थन हुँदै छ नि नयाँ बेहुलाबेहुलीको घरमा ? हामी त वन जान लाग्यौं। *(ग्याल्मोतिर हेर्दै)* अनि भाउजू नि जाने भन्दै हुनुहुन्थ्यो हैन ? कति सेर भो आइराक (रक्सी) ?

**ग्याल्मो** : भर्खरै त दुई सेर भयो।

**मिच्याऊ** : ए, भर्खरै पो बसाल्नुभएको रहेछ। सात सेर हुँदा त हामी आइपुगिहाल्छौं नि ! काटेर राखेको दाउरा ल्याउने त हो।

**ग्याल्मो** : *(म्हारसाङतिर हेर्दै)* आङी, म जान्छु नि त दाउरा लिन।

**म्हारसाङ** : हुन्छ–हुन्छ। सोनाम पनि त छ नि मलाई सघाउन।

*(ग्याल्मोले पालीमा झुन्ड्याइराखेको नाम्लो निकालेर कम्मरमा बाँध्छे र मिच्याउहरूसितको हूलमा मिसिएर जङ्गलतिर जान्छे। सोनाम रक्सी पार्दै गरेको चुलोमा अगुल्टो मिलाउँदै एकोहोरो ग्याल्मोलाई हेरिबस्छ। ग्याल्मोले घुम्तीबाट पछाडि फर्केर हेर्छे। सोनामले आँखा झिम्काउँछ। ग्याल्मोले पनि जिब्रो निकाल्दै सोनामलाई जिस्काउँछे)*

## दृश्य ३

पत्थरघट्टाको घना जङ्गल। चराचुरुङ्गी र वन्यजन्तुको आवाज आइरहेको छ। बेस्सरी हावा चल्न खोजिरहेको छ। घना वनभित्रको सानो चउरमा दाउराको चाङ देखिन्छ। मिच्याऊ, एक युवती र ग्याल्मो दाउराको भारी मिलाउँदै छन्। पारितिरबाट गाईबाख्रा तर्सिंदै कराएको मसिनो आवाज सुनिन्छ।

**ग्याल्मो** : ओइ मिच्याऊ, मलाई त कस्तोकस्तो डर पो लाग्दै छ। के भएको आज?

**मिच्याऊ** : *(बेस्सरी खितखिताउँदै)* सोनाम दाइ नभएर नि! त्यत्ति नि हामीलाई थाहा हुँदैन र?

**युवती** : बरु भन्नु न के बिहे गरेपछि कस्तो हुँदो रहेछ? हामी कस्सैलाई भन्दैनौं क्यारे।

**ग्याल्मो** : मोरीहरू। आफै गरेर हेर न। अर्कालाई के जिस्काइराखेको नि?

**मिच्याऊ** : अब कसले पो लैजाला हाउ हामीलाई त? तिमीजस्ती सुन्दर र भाग्यमानी परेनौं हामी। *(हाँस्दै)* माइतीमा चाउरी परेरै पो बैंस बित्ने भयो हाम्रो त हगि?

**ग्याल्मो** : धेर नजिस्काऊ है, म सब्बै सोनामलाई भनिदिन्छु के।

**मिच्याऊ** : कस्तो के ग्याल्मो पनि! अब केटीहरूको सबै कुरा केटालाई भन्न हुन्छ त? यतिका वर्ष हामीले सँगसँगै घाँसदाउरा गऱ्यौं, गोठालो गयौं। अहिले पो सोनामसँग बिहे भएपछि नातामा भाउजू पर्न गयो। तिमी त हाम्रै उही पुरानो साथी हौ। ***(फेरि जिस्काउँदै)*** साँच्ची भन न के, बिहे गरेपछि कस्तो हुँदो रहेछ? हि... हि... हि...।

*(जिस्काजिस्कीकै बीच जङ्गलभित्रबाट हरिणको बथान हस्याङफस्याङ गर्दै दाउराछेउको चउरमा निस्कन्छ र भाग्दै अर्कातिरको झाडीबाट अलप हुन्छ। सबै जना तर्सिन्छन्। जङ्गलभित्रबाट हात्ती कराएको सुनिन्छ। हात्तीसँगै मान्छेहरूको कल्याङमल्याङ)*

**आवाज** : सावधान! सावधान! सावधान! श्री ३ महाराज प्राइम मिनिस्टर जङ्गबहादुर राणा सिकार खेलिबक्सिन पत्थरघट्टाको जङ्गलमा सवारी होइबक्सेको छ। सावधान! सावधान! सावधान!

*(आवाजसँगै जङ्गलमा दुईतीन पटक बन्दुक पड्केको त्रसित ध्वनि गुञ्जायमान हुन्छ। चराहरू डराएर उडेको, कल्याङमल्याङ गरेको आवाज आउँछ। बन्दुकको आवाजसँगै फेरि झाडीबाट एक हूल हरिण चउरमा निस्कन्छन् र ग्याल्मोहरूलाई देखेपछि अर्को झाडीतिर अलप हुन्छन्)*

**ग्याल्मो** : *(आत्तिँदै)* ला... अब के गर्ने होला?

**मिच्याऊ** : यति बेला यो जङ्गलमा यसरी घाँसदाउरा गर्न आउनेहरू कति हुन्छन् कति! केही हुन्न के। बरु झाडीमा कतै लुकेर हामी पनि जङ्गबहादुरले सिकार खेलेको हेरौँ न।

**ग्याल्मो** : *(आत्तिएकै भावमा)* हैन, हामी यसरी बस्न हुन्न। ठूला मान्छेले सिकार खेलेको ठाउँमा हामी आइमाईहरू देखिनु राम्रो हैन। मलाई त एकदमै डर लागिरहेको छ। पोहोर मगर गाउँकी एउटी केटी यसरी नै सिकार खेलेको बेला गायब भएको भन्छन्। अहिलेसम्म अत्तोपत्तो छैन।

**युवती** : *(निस्फिक्रीसित)* ह्या... भाउजू पनि। के डराउनुभएको भनेको? लुकेर हेर्ने त हो नि! कसले देख्छ हामीलाई?

*(आवाज झन्झन् नजिक आउँछ। बन्दुक पड्केको आवाजले फेरि पनि चराहरू चिच्याउँदै उडेको सुनिन्छ)*

**मिच्याऊ** : अब हामीसँग भाग्ने समय छैन। झाडीमा लुक्नु नै सही हुन सक्छ। ए ग्याल्मो! ए आङा! छिट्टो आओ भनेको।

*(यही बेला दायाँतिरको झाडीबाट घाइते आवाज निकाल्दै एउटा बाघ चउरमा निस्कन्छ। मिच्याऊ, ग्याल्मो र युवती चिच्याउँदै बायाँतिरको झाडीतिर पस्छन्। बाघ उनीहरू गएको विपरीत दिशातिरबाट जङ्गलमा गायब हुन्छ। चउरमा दाउराको थुप्रो, हँसिया र नाम्लो अनि लाउँदै गरेको अधुरो दाउराको भारी मात्रै देखिन्छ। यति नै बेला झाडीभित्रबाट एउटा सिपाही फुत्त चउरमा निस्कन्छ)*

**सिपाही १** : *(ठूलो स्वरले)* सरकार! बाघ त यतै आएको थियो।

*(यसपछि चारैतिरबाट सिपाहीहरू बन्दुकसहित देखिन्छन्। दाहिनेतिरको झाडी फाँड्दै एउटा बडेमानको हात्ती चउरमा प्रवेश गर्छ। पहिलो हात्तीमा जङ्गबहादुर सानका साथ बसेका छन्। दोस्रो हात्तीमा बाजागाजा बजाउनेहरू र तेस्रो हात्तीमा जयगान गर्नेहरू देखिन्छन्। उनीहरू 'श्री ३ जङ्गबहादुर महाराजकी जय' भनिरहेका छन्)*

**सिपाही २** : *(अदबसाथ टाउको निहुर्‍याएर जदौ गर्दै)* हो सरकार! मैले पनि बाघ त यतै आएको देखेको हुँ। महाराजले चलाइबक्सेको बन्दुकबाट बाघ घायल थियो। म आफैले देखेको। महाराजको जय होस्।

**जङ्गबहादुर** : *(टाउको बिस्तारै चारैतिर घुमाएर दाउराको चाङ, अधुरो भारी, नाम्लो र हँसियालाई हात्तीमाथिबाटै नियाल्दै)* हुम्...। ठीक भन्यौ। बाघ यतै आएको

हुनुपर्छ। तर मैले त बघिनीहरू चिच्याएको आवाज पनि सुनैं। के तिमीहरूले ठम्याउन सकेनौ ?

**सिपाही १ :** *(घुँडा टेकेर जङ्गेको हात्तीअघिल्तिर दुई हात जोड्दै)* सरकार! भूलचुक माफ पाऊँ। सिकारको सबैभन्दा अघिल्लो मोर्चामा म नै थिएँ। मैले त घाइते बाघको गर्धन मात्रै देखिरहेको थिएँ। अरूतिर त मैले ध्यानै पो दिएनछु। महाराजको जय होस्।

**जङ्गबहादुर :** *(अट्टाहास गर्दै)* हा... हा... हा... हा...। मूर्खहरू! बाघको चिन्ता छोडिदेऊ। मलाई यहाँ केही अनौठो अनुभव भइरहेको छ। चारैतिर झाडी सर्च गर। सुन्दरी बघिनीहरू अवश्य यतै कतै लुकिरहेका छन्। हा... हा... हा... हा...।

*(सिपाहीहरू आधी बुझेको र आधी नबुझेको जस्तो भावमा झाडीतिर खोजतलास सुरु गर्छन्। चारैतिर फैलिन्छन् उनीहरू। देब्रे कुनाको झाडीबाट ग्याल्मो, मिच्याऊ र युवतीलाई डोऱ्याउँदै केही सिपाही जङ्गबहादुरको अघिल्तिर चउरमा देखा पर्छन्)*

**सिपाही १ :** महाराजको जय होस्। बघिनी त कतै पनि भेट्टाएनौं हामीले। झाडीमा यिनीहरू लुकी बसेका रहेछन्।

**जङ्गबहादुर :** *(दुई हात आकाशतिर फैलाएर अट्टहास गर्दै)* हा... हा... हा... हा...। मूर्खहरू! अब आजलाई बाघको सिकार सकिएको घोषणा गरिबक्सिन्छु। हा... हा... हा... हा...। तिमीहरू सबैलाई भरे पत्थरघट्टा दरबारमा बक्सिस मिल्ने छ। अहिलेलाई सिकारको बाजा र जयगान बन्द गर।

*(सबै जना चुपचाप। ग्याल्मो, मिच्याऊ र युवती थरथर कामिरहेका छन्)*

**मिच्याऊ :** *(थरथर काम्दै)* सरकार! हामी पल्लो गाउँका हौं। दाउरा लिन आएको। गल्ती भए माफ बक्सियोस्।

**जङ्गबहादुर :** *(मिच्याऊतिर हेर्दै)* ए सिपाही, यसलाई छोडिदे। *(युवतीतिर आँखा घुमाउँदै)* यसलाई पनि छोडिदे। *(ग्याल्मोतिर आँखा नचाउँदै)* आहाहा...! हे परम सुन्दरी! अलकापुरीमा हुनुपर्ने तिमी कसरी यो नीरव जङ्गलमा ? तिमी त स्वर्गकी अप्सराभन्दा पनि सुन्दरी छ्यौ। आहाहा...! तिम्रो लागि स्वर्गका महाराज इन्द्रको पनि दरबार सधैं खुल्ला रहन्छ।

*(ग्याल्मो सिपाहीको हात झट्कारेर भाग्न खोज्छे। सिपाहीहरूले तुरुन्तै समाइहाल्छन्)*

**जङ्गबहादुर :** सिपाहीहरू! सबै काम प्रेमपूर्वक होस्। मैले यिनलाई दिलमा, दिवारमा राखिसकेँ।

**ग्याल्मो :** बिन्ती हजुर! मेरो भर्खरै बिहे भएको। भोलि आस्याङको घर कोसेली लिएर जानु छ। मलाई छोडिदिनुस्। म हजुरको पाउ पर्छु।

**जङ्गबहादुर :** हा... हा... हा... हा...। अब यो सकल शरीर नै तिमीलाई सुम्पिने भएपछि पाउ परिरहने के जरुरत पऱ्यो हे सुन्दरी? *(सिपाहीतिर हेर्दै)* सिपाहीहरू! पत्थरघट्टाको अस्थायी दरबारमा फर्किने बस्दोबस्ती होस्।

*(फेरि बाजा बज्न थाल्छ। जयगान गाउनेहरू 'श्री ३ जङ्गबहादुर महाराजकी जय' भन्दै अघि बढ्छन्। ग्याल्मोलाई दुई जना सिपाहीले समाउँदै घिस्याउँछन्। मिच्याऊ र युवती फुत्केर भाडीतिर अलप हुन्छन्। जङ्गबहादुर हात्तीमा बिस्तारै लम्किन्छन् एउटा सन्तुष्ट भावसहितको अट्टहास छाड्दै)*

## दृश्य ४

पाली भएको पुरानो डिजाइनको घरको आँगन। आँगनछेउ सोनाम र आमा म्हारसाङ रक्सी पारिरहेका छन्। बाबु साँजी दलानमा तमाखू तानिरहेको छ। घरपछाडिको बाटोबाट कुखुराहरू तर्साउँदै हस्याङफस्याङ गरेर मिच्याऊ र युवतीको आँगनमा प्रवेश हुन्छ।

**मिच्याऊ र युवती :** आमाच्याङ (काकी)! आमाच्याङ! आमाच्याङ!

*(दुवै जना घाँटी सुकाउँदै आत्तिएर केही बोल्न खोज्छन्, तर 'आमाच्याङ... आमाच्याङ' मात्रै दोहोऱ्याइरहन्छन्। दुवैलाई देखी सोनाम आत्तिएर चुलोछेउबाट जुरुक्क उठ्छ। साँजी पनि हुक्का एकातिर फालेर उठ्छ। म्हारसाङ हेरेकोहेऱ्यै)*

**सोनाम :** *(आत्तिएर मिच्याऊ र युवतीलाई सँभाल्दै)* हैन के भयो? अनि ग्याल्मो खै?

**मिच्याऊ र युवती :** *(घाँटी सुकाउँदै र रुँदै)* ग्याल्मो... ग्याल्मो... ग्याल्मो।

**सोनाम :** *(दुवैलाई बेस्सरी भकभक्याएर अनुहार बिगार्दै)* हैन के भयो ग्याल्मोलाई?

**म्हारसाङ :** के भयो मेरी बुहारीलाई?

**साँजी :** ग्याल्मोलाई के भयो?

**मिच्याऊ :** *(रुँदै)* ग्याल्मो... ग्याल्मो... ग्याल्मोलाई सिकार... सिकार... सरकारले लग्यो। हामी भागेर आएको।

*(सोनाम थचक्क आँगनमा बस्छ। दुई हातले टाउको समाउँदै रुन थाल्छ। आमाबाबु एकैछिन बिस्मित हुन्छन्। केही बुझ्नै नसकेको जस्तो)*

**साँजी :** *(आत्तिएको भाव तर कड्किंदै)* हैन, के भन्छौ तिमीहरू? लौ न के भयो यस्तो?

**म्हारसाङ :** लौ न गुहार! गुहार!

*(म्हारसाङ चिच्याएको सुनेपछि छरछिमेक र वरिपरिका सबै जना भेला हुन्छन् 'के भयो? के भयो?' भन्दै। सोनाम जुरुक्क उठ्छ र पालीमा सिउरेर राखेको खुकुरी कम्मरमा भिर्छ। बाबु साँजी र केही युवकले सोनामलाई समाउँछन्)*

**सोनाम :** *(चिच्याउँदै)* मलाई छोडिदे। छोडिदे मलाई। मेरी ग्याल्मो... ग्याल्मो। म बर्बाद भएँ। जोकोही होस्, म दुई टुक्रा बनाएरै छाड्छु। बाँकी राख्दिनँ म कसैलाई। मेरी ग्याल्मोको कसम।

**साँजी** : *(रुँदै)* छोरा, बुद्धिले काम गर्। सरकारसँग बलले हैन, बुद्धिले जुध्नुपर्छ। अब हाम्रो केही लाग्दैन। हामी सकियौँ। ए... कोहीकसैले चोहो म्हेम्हेलाई बोलाएर ल्याऊ न। गाउँको हर्ताकर्ता चोहो नै हो। सोनालाई चोहोले सल्लाह देओस्।

**म्हारसाङ** : हे कोन्ज्योसोम! के भयो यस्तो? फूलजस्ती मेरी बुहारी...। हामीले कुन जुनीमा के पाप गरेका थियौँ र हे कोन्ज्योसोम!

**सोनाम** : *(चिच्याउँदै)* छोड्दिनँ म, छोड्दिनँ। कसैलाई छोड्दिनँ। मलाई जान दे।

*(कोलाहल सुनेर लौरो टेक्दै चोहो म्हेम्हे आइपुग्छ)*

**चोहो** : हैन, के भएको हो? केको खलबल हो यस्तो?

**साँजी** : *(रुँदै)* म्हेम्हे! हाम्री बुहारीलाई जङ्गबहादुर सरकारले...।

**चोहो** : ज्या! के सुन्नुपऱ्यो यस्तो? पोहोर पर मगर गाउँबाट यसरी नै केटी हराएको सुनेदेखि नै मलाई डर लागिरहेको थियो हाम्रो गाउँमा नि यस्तो हुन सक्छ एक दिन भनेर। यस्तै भयो। गरिबदुःखी दुनियाँको न भगवान् न त सरकार, केही नहुँदो रहेछ। च्वः च्वः।

**सोनाम** : *(रुँदैचिच्याउँदै)* भन्नोस् चोहो म्हेम्हे, यस्तो बेला मैले के गर्नुपर्छ? म चुप बस्नेवाला छैन।

**चोहो** : यस्तो बेला बुद्धि पुऱ्याउनुपर्छ सोनाम। सरकारसँग निहुँ खोज्नु भनेको पहरामा कुहिनो ठोकाउनुजस्तै हो। म भित्रिया सूत्रहरूमार्फत दरबारको खबर बुझ्ने कोसिस गर्छु। जसरी नि ग्याल्मोलाई फर्काउने कोसिस हुने छ मेरो। मलाई विश्वास गर।

**सोनाम** : *(सबैको बाहुबाट फुत्किँदै)* भयो चोहो म्हेम्हे। म कुर्न सक्दिनँ। मलाई ग्याल्मो को मायाले सराप्ने छ। अब म सरकार काट्न हिंडें।

*(रिसले मुर्मुरिंदै सोनाम फुत्केर जङ्गलतिर अघि बढ्छ। सबै जना 'सोनाम, फर्की' भन्दै चिच्याउँछन्। सोनाम जङ्गलमा अलप हुन्छ)*

## दृश्य ५

पत्थरघट्टाको घना जङ्गल। हात्ती, बाघ र हरिणहरू आत्तिएर कराएको आवाज आइरहेको छ। चराचुरुङ्गीले पनि विरह गाएझैँ महसुस हुन्छ। जङ्गबहादुरले ग्याल्मोलाई अपहरण गरेको सानो चउर देखिन्छ। दाउराको चाङ बिजोगसित भत्किएको छ। नाम्लो, हँसिया र आधी मिलाएको दाउराको भारी घाँसे चउरमा असरल्ल देखिन्छ। भय मिश्रित वातावरणमा चर्को स्वरले चिच्याउँदै हातमा खुकरी बोकेको सोनाम चउरमा देखिन्छ।

**सोनाम** : (चिच्याउँदै) ग्याल्मो... ग्याल्मो... ग्याल्मो...!

*(रिसले चुर हुँदै सोनाम भटाभट झाडीतिर जथाभाबी खुकुरी चलाउन थाल्छ। चराहरू भुरुर्र उड्छन्। खरायो र हरिणहरूको भागाभाग चल्छ)*

**सोनाम** : ग्याल्मो... ग्याल्मो... ग्याल्मो...! म कसैलाई नि छोड्दिनँ। अब म दरबारतिरै अघि बढ्छु। म पनि खेल्छु अब सिकार। मलाई पनि आउँछ चलाउन खुकुरी।
*(यही बेला झाडीवरपरबाट गाउँले युवकहरू देखा पर्छन्। सबैले पागल बनेको सोनामलाई चारैतिरबाट छोप्छन् र समात्न सफल हुन्छन्)*

**सोनाम** : छोडिदे, मलाई छोडिदे। मलाई रगत पिउन दे रगत। म सरकारको रगत पिउन चाहन्छु। मेरो जिन्दगी खरानी बनाउनेको म घाँटी छिनालिदिन्छु। हे कोन्ज्योसोम! मलाई शक्ति देऊ।

**गाउँले युवक** : पर्ख। तिमी एक्लैले केही गर्न सक्दैनौ। यो हाम्रो गाउँको समस्या हो। हामी सबै जनाको बल र बुद्धि यसमा चाहिन्छ। पागल भएर युद्ध जितिँदैन।

**सोनाम** : छोड्दिनँ, म छोड्दिनँ। ग्याल्मोको कसम, म छोड्दिनँ।
*(एकैछिनमा लौरो टेक्दै चोहो म्हेम्हे आइपुग्छ)*

**चोहो** : सोनाम, मेरो नाति, गाउँ फर्क। हामी सबै मिलेर केही उपाय निकालौँला। तिम्री ग्याल्मो तिम्रै हुने छे। बिन्ती, सारा गाउँलाई अप्ठ्यारोमा नफसाऊ। हामी छौँ।

**सोनाम** : भयो चोहो म्हेम्हे। मलाई छोडिदिनोस्। म कि मार्छु कि मर्छु। ग्याल्मोबिनाको जीवन मलाई चाहिएको छैन।

**चोहो** : *(युवकहरूतिर हेर्दै)* सबै जना मिलेर सोनामलाई गाउँ लैजाओ। भरे नै म ताम्बा, गान्बा सबैलाई बोलाएर कचहरी राख्छु। कचहरीले जे निर्णय गर्छ त्यहीबमोजिम हुने छ।
*(सबै युवक मिलेर सोनामलाई चउरबाट झाडीपछाडितिरको बाटोबाट गाउँतिर सोझ्याउँछन्। सोनाम हातखुट्टा छाडिदिन्छ। कसैले हात, कसैले खुट्टा त कसैले टाउकामा समातेर सोनामलाई युवकहरूले गाउँतिर लैजान्छन्)*

## दृश्य ६

सिकार खेल्न बनाइएको पत्थरघट्टास्थित अस्थायी दरबारको भित्री कक्ष। सामन्तकालीन दरबारको राजसी सजावट। भुइँमा गलैँचा। गलैँचामाथि बाघको छाला। भित्तामा घोरलका सिङहरू, गैँडाको खाग। चिटिक्क मिलाएर बनाएको केही माथि उठेको श्री ३ को आसन। ढोकामा सिपाहीहरू पहरा दिइरहेका छन्। नेपथ्यबाट 'सावधान' आवाज आउँछ।

**आवाज** : सावधान... सावधान... सावधान! श्री ३ जङ्गबहादुर महाराजको सिकारबाट फिर्ती सवारी हुँदै छ।
*(राजसी शैलीमा दरबारको भित्री कक्षमा जङ्गबहादुरको प्रवेश हुन्छ। ढोकामा उभिएका दुई सैनिकले आधा झुकेर जदौ गर्छन्। एक जनाले जङ्गबहादुरको बन्दुक सँभालेर भित्तामा झुन्ड्याइदिन्छ र आधी झुकेर जदौ गर्दै बिस्तारै पछि सर्छ। अर्को सिपाहीले जङ्गबहादुरको हातको तरबार अदबसाथ झुकेर*

*लिँदै अर्कातिर भित्तामा झुन्ड्याइदिन्छ। जङ्गबहादुर आरामले कौचमा बस्छन्। आसेपासेहरू 'महाराजको जय होस्' भन्दै आधा निहुरी जदौ गर्दै पछि सरेर केही पर बस्छन्)*

**जङ्गबहादुर** : *(दौरासुरुवाल लाएर दायाँतिर उभिइरहेको व्यक्तिमाथि नजर घुमाउँदै)* हुम्... नेपाल (काठमाडौँ)-बाट केही नयाँ खबर छ?

**दौरासुरुवालवाला** : *(आधी झुक्दै)* महाराजको जय होस्। नयाँ सुराक पत्ता लागेको छ सरकार! महारानी राज्यलक्ष्मीले हजुरको विरुद्धमा चारैतिर सुराकी छाडेको कुरा जाहेरी भएको छ महाराज!

**जङ्गबहादुर** : *(अट्टहास गर्दै)* हा... हा... हा... हा...। राम्रो, एकदमै राम्रो। तेत्रो भण्डारखाल पर्वमा मलाई केही गर्न नसक्ने हुतिहाराहरूले सुराकी छोड्दैमा दाल गल्नेवाला छैन। हा... हा... हा... हा...। छाडिदेऊ यी कुरा। हुनेवाला रानी ग्याल्मोको हालखबर के छ?

**दौरासुरुवालवाला** : *(आधी झुक्दै)* पूरै पाँच दिन भयो महाराज पानी पनि नपिएको। महाराजको जय होस्।

**जङ्गबहादुर** : *(हात फैलाएर हाँस्दै)* महारानी ग्याल्मोको भित्री कक्षमा सवारीको बस्दोबस्ती होस्। हा... हा... हा... हा...।

*(दौरासुरुवालवाला ढोकामा बसेका पहरेदारहरूलाई सङ्केत गर्छ। पहरेदारहरू एकैछिनमा ग्याल्मोलाई लिएर जङ्गबहादुरको अघिल्तिर उभिन्छन्)*

**ग्याल्मो** : *(रुँदैकराउँदै, हात जोड्दै)* मलाई छोडिदिनोस् महाराज! बिन्ती, मलाई घर जान दिनोस्।

*(जङ्गबहादुर केही नबोली घुरेर ग्याल्मोलाई हेर्छन् र सिपाहीहरूलाई नजिकैको कौचमा बसाउन सङ्केत गर्छन्। सिपाहीहरू ग्याल्मोलाई कौचमा बसाएपछि 'महाराजको जय होस्' भन्दै पछि सरेर ढोकामा पुग्छन्। जङ्गबहादुर सबैतिर नजर फ्याँक्दै हातैले बाहिर जान सङ्केत गर्छन्)*

**जङ्गबहादुर** : *(निधारतिर झरेको ग्याल्मोको कपाल राजदण्डले हटाउँदै)* हे परम सुन्दरी ग्याल्मो! म तिम्रो रूपको उपासक भएँ। अनि तिमी साँच्चिकै भाग्यमानी भयौ। के तिमीलाई यो दरबार मन परेन?

**ग्याल्मो** : *(रुँदै, हात जोड्दै)* बिन्ती महाराज, मलाई छाडिदिनोस्। कोन्ज्योसोमले तपाईंको भलो गर्नुहुने छ।

**जङ्गबहादुर** : यो सुनसान जङ्गलकी हे अरण्य सुन्दरी, नरोऊ। अब मबाट हिजोको जस्तो जबर्जस्ती कहिल्यै हुने छैन। *(पागलझैँ छटपटिँदै)* फेरि तिमीलाई यो जङ्गल पनि सुहाउँदैन नि! तिम्रो भाग्यमा ठूलो दरबार लेखिएको रहेछ। अब खुसी होऊ।

*(ग्याल्मोको सुँक्कसुँक्क थामिँदैन। यही बेला एक सिपाही अघिल्तिर आइपुग्छ र आधा झुक्दै)*

**सिपाही** : महाराज, बाहिर एक जना मान्छे हजुरले जारी गरिबक्सेको जङ्गे कानुन बुझ्न आएको छ।

*(सिपाहीलाई हातको इसाराले ग्याल्मोलाई भित्र लैजा भन्ने आदेश दिन्छन्)*

**जङ्गबहादुर** : *(बेवारिस पाराले)* भित्र पठाइदे... ।

*(सिपाही ग्याल्मोलाई भित्र लिएर जान्छ। लगत्तै अर्को सिपाही अपरिचित केटो लिएर भित्र पस्छ। केटाले दौरासुरुवाल लाएको छ। कम्मरमा पटुकी र पटुकीमा खुकुरी भिरेको छ)*

**केटो** : *(आधी निहुरिएर ढोग्दै)* सरकार !

**जङ्गबहादुर** : *(अट्टहास गर्दै)* हा... हा... हा... हा... । यो अधिपति, भूपति, महाराजाधिराजबाट तिमी कुन समस्याको समाधान चाहन्छौ ? के वन्यजन्तुले दुःख दियो कि ? अचेल बाघ र चितुवाहरू गाउँतिर खुलेआम पस्न थालेका छन् भन्ने पनि सुन्छु।

**केटो** : *(जिज्ञासु भावमा)* हो सरकार, बाघ र चितुवाहरू गाउँ पसेको साँचो हो। तर मेरो समस्या अर्कै छ।

**जङ्गबहादुर** : तिमी निर्धक्क आफ्नो कुरा भन्न सक्छौ।

**केटो** : म जार काट्न चाहन्छु सरकार!

**जङ्गबहादुर** : *(अट्टहास छोड्दै)* हा... हा... हा... हा... । काट, अहिल्यै गएर काटिहाल जारलाई। यति सोध्न किन यहाँ आउनुपर्‍यो ? युरोपबाट फर्केपछि मैले बनाएको कानुनलाई कसले उल्लङ्घन गर्न सक्छ ? काट, गएर काटिहाल। हा... हा... हा... हा... । तिमीलाई केही हुन्न। हा... हा... हा... हा... ।

*(यसपछि जङ्गबहादुर आँखा चिम्लेर अट्टहास छाड्न थाल्छन्। यही बेला केटाले कम्मरबाट खुकुरी झिकेर जङ्गबहादुरको शिरमा प्रहार गर्छ)*

**केटो** : लौ जा। तैँ होस् मेरो जार। मेरी ग्याल्मोलाई घिस्याएर ल्याउने जार।

*(जङ्गबहादुर घाइते भएर ढल्छन्। यही बेला सिपाहीहरू भित्र पस्छन् र केटालाई तरबार प्रहार गर्छन्। केटो भुइँमा ढल्छ। घाइते जङ्गबहादुरलाई सिपाहीहरूले उठाएर भित्र शयन कक्षतिर लैजान्छन्)*

**जङ्गबहादुर** : *(सिपाहीहरूलाई कामेको स्वरमा सम्झाउँदै)* सिपाहीहरू, त्यो केटालाई केही पनि नहोस्।

*(केटाको वेशधारी सोनाम भुइँमा रगताम्मे भएर लडिरहेको छ। भित्र खोपीबाट ग्याल्मो लडखडिँदै आउँछे र सोनामलाई अँगालो मार्छे भुइँमै। सोनाम केही बोल्न सक्दैन। पर्लक्क आँखा पल्टाएर हेरी मात्रै रहन्छ। शरीरबाट रगत बगिराखेकै छ)*

**ग्याल्मो** : सोनाम, मेरो सोनाम! तिमीलाई केही हुँदैन। मेरो कसम! उठ न सोनाम, सेलो गाऔँ।

*(सोनाम छटपटिइरहेको छ। ऊ बिस्तारै अस्पष्ट स्वरमा बोल्न खोजेझैँ गर्छ। ग्याल्मो सोनामलाई अँगाल्दै रोइरहेकी छ। नेपथ्यमा एउटा लयात्मक आवाज गुन्जिन्छ)*
सरकार!
च्यातिएको टोपी र भाङ्ग्रो मात्रै लाएर
जीवनको चुरे र महाभारतभित्र
सुईसुई बजाउँदै
गोठालो जाने
यो पाखे सोनामलाई
के थाहा हजुरले बनाएको मुलुकी ऐन?
के थाहा हजुरको हुकुमी जुँगाको महिमा?
हजुरले नै मुलुकी ऐनअनुसार
जार काट्न हुन्छ बक्सिनुभो
मैले काटेँ
त के बिराएँ?

हजुरको बन्दुकको मोहरी
र तरबारको म्यान
हामीले नै ताछिदिएका थियौँ
हजुरले लाउने छालाको त्यो गऱ्यामगऱ्याम बुट
हामीले नै सिलाइदिएका थियौँ
हामीले नै सोरेका थियौँ
हजुरको तबेलाको लिदी
र हामीले नै पालिदिएका थियौँ
हजुरको त्यो खैरो जगरवाला घोडा
तर हजुर त
हाम्रै आँगनमा सिकार खेल्न आइबसिक्नुभो
हाम्रै सपनाको सिकार खेलिबक्सिनुभो
हाम्रै खुसीको छाला काढिबक्सिनुभो
हाम्रै भविष्यको खाग उखेलिबक्सिनुभो
मैले त सोधेकै हुँ नि–
'जार काट्न हुन्छ कि हुँदैन?'
हजुरले नै 'हुन्छ' बक्सिनुभो

मैले काटैं
त के बिराएँ ?

उल्टै मेरै हात काटिनुपर्ने ?
मेरै खुट्टा छिनालिनुपर्ने ?
अलिकति बाँकी बसेको धुकधुकी उडाउन
म नै हात्तीबाट कुल्चिनुपर्ने ?
सरकार !
हजुरले नै जार काट्न बक्सिनुभो
मैले काटैं
त के बिराएँ ?

प्रेममा परेपछि
मान्छे पागल हुन्छ भन्छन् सरकार !
आस्याङको घरमा
डोल्माको हात माग्न जाँदा
लगेको त्यही पोङको कसम खान्छु
हाम्रो बिहेमा ताम्बाले बजाएको
त्यही डम्फूको कसम खान्छु
डोल्माको शिरमा मैले सिउरिदिएको
त्यही टोटलाको फूलको कसम सरकार !
मैले श्री ३ जङ्गबहादुर सम्झेर
खुकुरी चलाएकै हैन
हजुरले नै जार काट् बक्सिनुभो
मैले काटैं
त के बिराएँ ?
*(सोनाम केही बोल्न सक्दैन। एकछिनपछि उसका आँखा धमिलो बन्दै जान्छन्। ग्याल्मो सोनामको छातीमा टाउको राखेर बेस्मारी चिच्याउँछे)*

## अङ्क ३

### दृश्य १

बिहे घर। बेहुला र बेहुली पनि ताम्बाको कथा एकतमासले सुनिराखेका छन्। बेहुलो पक्षको ताम्बा र डम्फुरेहरूले सबै जना एकतमासको अनुहार बनाइरहेका छन्। ताम्बा बूढो भित्तातिर अड्याएर राखेको डम्फू हातमा लिन्छ र उठ्न खोज्छ।

**बेहुली पक्षको ताम्बा :** लौ त, सोनाम–ग्याल्मोको कथा यही हो। धेरै ठाउँमा तामाङहरूको बिहेको चार दामको बेला मैले यो कथा सुनाएको छु। यो जोडीले यस्तो समस्या कहिल्यै भोग्नु नपरोस्। आयु लामो होस्। मेरो आशीर्वाद छ दुवैलाई।

**गाउँले :** लास्सो! लास्सो!! लास्सो!!!

**बेहुलो पक्षको ताम्बा :** *(मोबाइलमा घडी हेर्दै)* अहो, बेला पनि घर्किसकेछ। ल अब बेहुलो उठ्नुपर्‍यो। हाम्रो रिमठिमअनुसार जारको प्रतीकस्वरूप भाले काट्ने बेला भयो। *(एक जना जिउँदो भाले बोकेर ताम्बाको अघिल्तिर खडा हुन्छ। बेहुलो उठ्छ। केटाको पछिपछि लाग्दै ढोकाको आडैमा जान्छ। केटाले कुखुरो समाउँछ। कम्मरको दापबाट खुकुरी झिकेर बेहुलाले भालेको जीउ र टाउको छुट्टिने गरी मार हान्छ। सबैले ताली बजाउँछन्। सेलो घन्किन्छ। डम्फुरेहरू नाच्छन्। माहोल रमाइलो बन्छ। बेहुली मुस्कुराउँछे। बेहुलो हल्का लजाउँछ)*

●



मोमिला

दधिराज सुवेदी

# सविताका कवितामा प्रेमको साम्राज्य



कर्कलाको पानी, सल्लाको सङ्गीत
दूबोमा टल्किएको शीत
सूर्यसँग पातको प्रीत
कवितामा पोख्न चाहन्छु,
पातको समृद्धि र साम्राज्य
कवितामा भित्र्याउन चाहन्छु। ('हरियो साम्राज्य'-बाट)

यो सविताको रस-भाव-सौन्दर्ययुक्त कवितांश हो। यसमा जीवनको पूर्णता र क्षणभङ्गुरतालाई एकसाथ सजाइएको छ। उनी शीतविन्दुमा अर्थात् जीवनमा पूर्णता हेरेर रमाउने कवि हुन्। उनका कवितामा शीतविन्दुमा जस्तै पूर्णता पाइन्छ।

वि. सं. २०३१ मा यस धराधामको पूर्णता नियाल्न उत्रेकी सविताको स्वाभिमानी कलमले 'नीलो सिमाना' (२०६७), 'अन्तिम आकाश' (२०७२) र 'तिमीलाई कस्तो छ ?' (२०७७) नामक कवितासङ्ग्रहहरू लेखेर समकालीन नेपाली कविता क्यानोनमा आफूलाई समाहित गरिसकेकी छन्। उनका युगबोधी एवम् जीवनबोधी कविताले उनको सुन्दर एवम् सुदृढ भविष्य निश्चित गरिसकेका छन्। उनी थोरै तर जीवनोपयोगी कविता लेखेर चर्चामा आएकी सफल कविभित्र दरिन्छिन्। उनका प्रत्येक कवितामा पूर्णता पाइन्छ। उनी निरर्थक र अनावश्यक शब्द संयोजन गरेर पाठकलाई दिक्क लाउने कवि होइनन्। उनका कवितामा छिरेको पाठक रमरम आनन्दमा निमग्न हुन्छ। यो सविताका कविताको विशेषता हो। यस अभिव्यक्तिलाई माथिको कवितांशले पनि पुष्टि गरेको छ।

कवि सविताले प्रकाशनको १० वर्षको छोटो अवधिमा अर्थात् कविता यात्राको छोटो अवधिमा तीन गुणात्मक काव्यकृति लेखेर आफूलाई स्थापित गरिसकेकी छन्। उनका जीवन सारथि डा. मुकुन्द दाहालको स्मृतिमा लेखेर उनैलाई समर्पण गरिएको उनको तेस्रो कृति 'तिमीलाई कस्तो छ ?' विप्रलम्भ शृङ्गार रसमा चुर्लुम्म डुबेको छ। त्यसैले यसमा शोक, करुणा, वियोग र छटपटीहरू यथेष्ट रहेका पाइन्छन्। दुई सन्तानका कलिला अनुहारमा डा. मुकुन्दको आभाप्रभा नियाल्दै लेखिएका कवितामा एक्लोपन, निराशा, अस्थिरता, छटपटी, अपूर्णता आदि रचना गर्भ बनेर सजिनु समसामयिक नै भए पनि मान्छे एक्लै आउँछ र एक्लै जान्छ भन्ने शाश्वत सत्यलाई अगाडि पारेर कविता यात्रा चलाइदिएको भए–

प्रियजनलाई अनायास पोल्ने
आगो हुँ, झिल्का हुँ
अब म एउटा विषय-विन्दु हुँ।

भनेर निराशाका उच्छ्वासहरू पोख्नुपर्ने थिएन। यो पनि सत्य हो, आफूले आफैलाई पूर्णता दिन सके जीवनले सार्थकता पाउँछ।

सविता कविताकी डाक्टर, मुकुन्द बिरामीको डाक्टर, दुवैको जीवन मार्ग अलग-अलग थियो र पनि उनीहरूमा मानवताको मिलन थियो। सङ्घर्षरत जीवन यात्राको बीच बाटामा डा. मुकुन्दले छाडेर जाँदाको पीडाबोध नै 'तिमीलाई कस्तो छ?-को काव्यबीज हो। यो कुराको चुरो समातेर कृति पढियो भने कविसँगसँगै आफू पनि संवेदनशील बन्न सकिन्छ। प्रिय वस्तुको वियोगमा को संवेदनशील बन्दैन र?

सविताका कवितामा शिल्प-भाव-सौन्दर्य यथेष्ट रहेको पाइन्छ। उनी अध्ययनशील र प्रतिभा सम्पन्न कवि हुन्। उनी अग्रजहरूलाई पढेर, विषयवस्तुको राम्रो ज्ञान गरेर, शब्दहरूको सन्तुलन मिलाएर शब्द र अर्थलाई कसी लाउँदै सारगर्भित कविता लेखेर नेपाली वाङ्मय जगत्लाई अलङ्कृत गर्न अग्रसर कवि हुन्। उनले आफ्ना समकालीन कविहरूको नेतृत्व ग्रहण गरेको अनुभूत हुन्छ। यिनले सार्क कविता संसारमा पनि राम्रै प्रभाव जमाएको पाइन्छ। यिनको सिर्जनशीलताको पकड अङ्ग्रेजी भाषासाहित्यको गहिरो अध्ययन हो। गहन चिन्तनमनन र अध्ययन नगर्ने स्रष्टा साहित्यको पारखी बन्न सक्दैन।

सविता कविताका विषयवस्तुलाई राम्ररी केलाएर अभीष्टका साथ लेख्छिन् र नै छोटो समयमा थोरै लेखेर पनि पाठकको मन मस्तिष्क जित्न सफल भएकी छन्। उनका गुरु डा. अभि सुवेदी सविताका कविताको चुरो पत्ता लाउँदै 'तिमीलाई कस्तो छ?'-मा लेख्छन्– "सविताका कविताले निजत्व र शिल्पको काव्यिक द्वन्द्वलाई सम्यक् रूपले लयात्मक संरचना शैलीको प्रयोगद्वारा समाधान गरेका छन्। उनी पुनरुक्ति दोषबाट पनि जोगिएकी छन्।"

यसरी नै अर्का गुरु मनप्रसाद सुब्बा तेस्रो कृतिको आरम्भमै लेख्छन्– "व्यक्तिव्यक्तिमाझको सम्बन्ध कविताको मुख्य स्वर छ। उनका कविता सूक्ष्म संवेदनशीलताले सिक्त र तरङ्गित पनि छन्। तसर्थ उनमा उच्चतर काव्यिक सफलताको शुभकामना व्यक्त गर्दछु।"

भूमिकाकार डा. राजेन्द्र भण्डारी लेख्छन्– "सविताले पूर्ण समर्पण भावमा पतिको स्याहार गरिन्। दुई वर्ष बिदा लिइन्, हुने हुनामी भएरै छाड्यो। २०१९ को मई १ तारिख डा. दाहाल छोरा अमर्त्य, छोरी आर्सिमा र जीवनसँगिनी सवितालाई छोडी नफर्कने गरी गए। सङ्कटापन्न हरेक क्षण प्रश्नचिह्न भनेर ठिङ्ग उभिइरहेको बेला उनले पीडालाई ऊर्जामा बदल्ने निश्चय गरिन् र यो कवितासङ्ग्रहको सिर्जना गरिन्। कविता थेरापी पनि बन्न सक्दो रहेछ भन्ने कुराको पुष्टि सविताको प्रस्तुत काव्यकृतिले गरेको छ।"

सविता लेख्छिन्–

अस्पतालबाट
विज्ञान र ज्ञानको महानता
निहारिरहेछु माथिमाथि आकाश
देखिरहेछु एउटा सञ्जीवनी आस
तारासँगै, जूनसँगै। ('अस्पताल'-बाट)

यो आहत मनको महान् चिन्तन हो जहाँ केही आशाका त्यान्द्रा भुन्डिएका पाइन्छन्। मानिस आशा, भरोसा र विश्वासमा बाँच्छ भन्ने पाठहरू पनि सविताका कवितामा उनले लेखेको पढ्न पाइन्छ।

सविता स्वाभिमान र साहसका साथ बाँच्न सिक्ने र सिकाउने नारी हुन्। उनी माटोमा ममता उमारेर बाँच्ने किसानकी छोरी पनि हुन्। त्यैसैले 'किसानकी राजकुमारी छोरी' कवितामा उनले लेखेकी छन्–

स्वाभिमानको भव्य महल छ मभित्र
प्रतिकूलतासँग लड्ने महसुर
पहलमान छ मभित्र।

यो साहस, यो आत्मबल र यो बौद्धिक क्षमताले सवितालाई मात्र होइन; सारा नारी जगत्लाई आत्मसात् गरेको हुनुपर्छ, नत्र नारी अस्मिता जोगाउन कठिन छ भन्ने कविका सारभूत वाणीहरू सम्पूर्ण कवितामा धेरथोर पढ्न पाइने थिएन। सविता आत्मविश्वास र उच्च मनोबलका साथ बाँच्ने र बाँच्न सिकाउने नारी हुन्, त्यसैले पति वियोगको वेदनामा पिल्सिएको अवस्थामा पनि उनमा विचलन आएन्। उनको कलम पूर्ववत् नै चलिरह्यो। भूमिकाकार डा. राजेन्द्र भण्डारी (कालेबुङ, भारत)-ले अभिलेख गरेअनुसार यस कृतिको ओज कवितामा पाइने निर्दोष, इमानदार, स्वाभाविक र स्वतःस्फूर्त भाव प्रवाह हो। कविको अन्तर्हृदयबाट भुलभुलिँदै फुटी निस्केका भाव तरङ्ग हुन्। (भूमिका, १६)

यस सङ्ग्रहमा सङ्गृहीत ४५ थान कविताको पुछारमा कविताका कुरा भनेर सविताका आत्मस्वीकृतिहरू समावेश गरिएका छन्। उनी लेख्छिन्– "मेरो कविता मन दुखेको बेला, प्रेममा डुबेको बेला, सेवामा समर्पित भएको बेला, अप्रिय वा प्रिय शब्द सुनेको बेला मसँग आत्मालाप गरिदिन्छ। सायद मेरो अन्तरङ्ग आत्मसंवाद हो कविता। कवितामा मैले बुद्ध भेटैं, देवकोटा भेटैं, किट्स भेटैं, वर्ड्सवर्थ र टीएस इलियट भेटैं अनि गुलजार र अमृता प्रितम भेटैं। थुप्रै लय र संस्कार भेट्दै गएँ, आफ्नो भय भुल्दै गएर आफूभित्रको कवि सत्त्वसँग परिचित हुँदै गएँ। आफू आफैसँग भेट्दा रमाउन थालैं, एक्लो महसुस गर्न छाडैं। त्यसरी कविता मेरो प्रिय मित्र बन्दै गएको हो। अनि स्व-अस्तित्वका साथ रमाउन थाल्यौं। त्यसैले कविता मेरो प्राप्ति र परिवेश हो।"

सविताका यी चिन्तनको मनन गरेपछि मान्छे सधैं पूर्ण र परिपक्व हुन्छ। मान्छेले प्रयत्न गरेमा आफूलाई जे पनि बनाउन सक्दो रहेछ भन्ने कुरा सविताका काव्यात्मक

विचारले सिकाएका छन्। जो मान्छे गुणात्मक छ वा हुन्छ सो नै असल मानिस ठहरिन्छ। यस्ता मानिसभित्र मानवता पनि भरपर्दो पाइन्छ। सविताका कविताले खोजेको पूर्ण मान्छे पनि यस्तै हो। अब हामी सविताको तेस्रो काव्यकृति 'तिमीलाई कस्तो छ?'-भित्र केही क्षण विचरण गरौँ।

यहाँ प्रयोग भएको 'तिमी' शब्दले सविताका प्रिय पति स्वर्गीय डा. मुकुन्द दाहाललाई सङ्केत गरेको छ। तर साहित्य सानो परिधिमा भन्दा विस्तृत परिवेशमा बढी रमाउने भएकाले 'तिमी' शब्दको अर्थ आआफ्नो क्षमताअनुसार बिम्ब विधान गरेर बुझिदिनु राम्रो मानिने हुँदा तिमीमा व्यापकता अटाएको अर्थ बोध गरेर अगाडि बढ्नु राम्रो हुन्छ। यसभित्र डा. मुकुन्दको छायाछवि नभएका केही अलग धारका कविताहरू पनि छन्। तर अत्यधिक कवितामा भने मुकुन्दकै आभा-प्रभाहरू पाइएका छन्। त्यसैले 'तिमीलाई कस्तो छ?' शीर्षकले सार्थकता पाएको छ।

सविताका कवितामा मिठास छ, पूर्णता छ, विचार र चिन्तनको विशालता छ। जीवन र जगत्का गरिमा र महिमाहरू छन्। त्यसैले जीवन कलश पवित्रता र निर्मलताले परिपूर्ण पार्ने उद्देश्यका साथ सिर्जनाको प्रवाह बहाउँदै अगाडि बढ्छिन्–

खोजिरहेछु यिनमै जीवनको प्रिय पूर्णता
... ... ...
सोचिरहेछु जीवनको दीर्घ सुन्दरता
जो यतै कतै भेटिएला
अँजुली भरेर समेटुँला ती बुँद
आफ्नो जीवन कलशमा
पवित्र गङ्गाजलसँगै। ('अस्पताल'-बाट)

यसै गरी 'अस्पताल २'-मा उनी भन्छिन्–

जीवन धागो रहुन्जेल त हो नि
आशाका गीत गुनगुनाउनु
ईश्वर, बाबा, देउता सबलाई पुकार्नु
प्रार्थनामा फूल चढाउनु
... ... ...
जीवन छउन्जेल त हो नि!

यो विलासिता, यो महल, यो मौलिकता, यो रमझम घर होइन रहेछ; घर त मान्छे र मन मिलेर सँगसँगै चल्नु पो रहेछ भन्ने विचारकी धनी सविताले 'म घर पुग्दा' भन्ने चार लाइनको अत्यन्तै छोटो कवितामा अर्थपूर्ण ढङ्गले दाम्पत्य मिठास र मधुमास प्रस्तुत गरेकी छन्। विप्रलम्भ शृङ्गार रसको चरमोत्कर्ष रहेको प्रस्तुत कविताले कविको काव्य चातुर्य प्रस्तुत गरेको छ। थोरै शब्दमा धेरै विचारविमर्श हुनु यस कविताको विशेषता हो। जस्तै–

उनी बोल्दै होऊन्
हिंड्दै होऊन्
र मलाई सोधून्
म्याम! तिम्रो दिन कस्तो रह्यो?

रसिक मनको रसिकता, मनभित्रको भावुकता, विरहजन्य वेदनाको अनुभव र अनुभूति आदिले सविताका कविता बनेका छन्। निर्मल, मधुर स्मृति, सद्भाव र समर्पणले भरिएको 'ईश्वरको देश' नै सविताको कविता हो जहाँ विरहवेदनाभित्र काव्यकला मौलाएको पाइन्छ। उनी भन्छिन्–

तिमी त ईश्वरको देश गयौ
कहिल्यै नफर्कने गरी
पुग्न सक्छु बनी चरी
न फर्काउन सक्छु बनी परी
तिमी नै तिमी देख्छु
जताततै घरीघरी।

यो दर्द निराकार छ। कविको अभिधा शैलीमा लेखिएको ज्यादै सरल र सुन्दर कविता हो जहाँ काव्यशिल्पसँग कविका कारुणिक विचारहरू प्रस्फुटित भएका छन्। यस कविताले कविको बौद्धिकता, विनम्रता, शिष्टता आदि गुण अभिव्यक्त गरेको छ। साथै सविताले 'आआफ्ना गतिशील गन्तव्य छन् सबका' भनेर सबैलाई चित्त बुझाउन आग्रह गरेकी छन्। यो अभिव्यक्तिले सविताको परिपक्वताको परिचय दिएको छ। मलाई लाग्छ– सविताका कवितामा पूर्णता र परिपक्वता एकैसाथ अङ्कमाल गर्दै अघि बढेका छन्। उनको सिर्जनशीलता कवितामा केन्द्रित भएकाले शिखरोन्मुख हुँदै गएको पाइन्छ। अत एव उनको सुन्दर भविष्यको आजै आकलन गर्नु अतिशयोक्ति नठहर्ला।

हामी यस संसारमा एक्लै आयौँ र एक्लै जान्छौँ पनि। यो शाश्वत सत्यको सवितालाई पनि जानकारी छ। आफैले आफैलाई पूर्णता दिन सके जीवनले सार्थकता पाउने सत्यको वकालत उनका कविताले गरेका छन्। सविताका कविताको अभीष्ट पनि यही रहेको पाइन्छ।

'मृत्यु अन्तिम सत्य, तिम्रो पनि हामीहरूको पनि' भन्ने उद्गार व्यक्त गर्ने सवितासँग जीवन बोध र मृत्यु बोधको राम्रो ज्ञान छ। त्यसैले उनका कवितामा प्रेम, पीडा, रोदन, क्रन्दनका साथसाथै जीवनको प्रारम्भदेखि महाप्रस्थानसम्मका जीवन तत्त्वहरूको यथार्थ ज्ञान पाइन्छ। सवितालाई अपूर्ण जीवनको पूर्ण ज्ञान छ भन्ने कुरा 'मृत्यु' शीर्षकको निम्न कवितांशले पुष्टि गरिदिएको छ–

एउटा शरीर भनेको
कैयौँ तत्त्वको तालमेल हो

थोरै पनि असन्तुलन
शरीरको अन्त्य!

'तिमीलाई कस्तो छ?' यो सविताको अनमोल कृति हो। सविताको पार्थिव शरीर नाश भए पनि एउटा उज्यालो मणिजस्तो यो कृति अविनाशी बनेर रहने छ, तर मान्छेले आफ्नो सीप र सौन्दर्य ज्ञान आफूसँगसँगै चितामा जलाएर खरानी पार्छ। यो मान्छेको नियति हो। मान्छेका अविनाशी तत्त्व भनेकै उसका सिर्जना र स्मृतिहरू हुन्। यिनै भाव र विचारलाई पुष्टि गर्दै एउटा उज्यालो मणिभित्र उनी लेख्छिन्–

आकाशीय यात्राको बाह्य द्वार
श्रद्धाले ढोग्छ एक पटक
आफ्नो खोज
रातो मलमलमा पोको पारेको
एउटा उज्यालो मणि लिएर
ऊ फर्कन्छ आफ्नै संसार।

सविताका कवितामा रूढिवादी र खोक्रो मानवताको विरोध गरिएको छ। उनी नयाँनयाँ सोच र विचारका साथ नयाँनयाँ गन्तव्य पत्ता लाउँदै अगाडि बढ्न चाहन्छिन्। यिनै कुराहरूलाई मूर्त रूप दिंदै 'बैगुनीलाई' भन्ने कवितामा लेख्छिन्–

कतिपय सुखका पाना
किताबमा उतारेपछि
कच्याककुचुक पारेर
फोहोरदानी फ्याँकिसकेँ
... ... ...
सबै बिसाइदिएँ, मिल्काइदिएँ
... ... ...
जानु छैन त्यो बाटो फर्केर
बस्नु छैन त्यो चौतारी कुरेर।

म माटो हुँ, ममा उर्वरा शक्ति छ, तिमी कहिल्यै नआए पनि मेरो बगैंचा ओइलाउने छैन। म त आमा हुँ, एउटी असल आमा। एउटी पौरखी प्रेमिका। मलाई मायाको कोपिला फक्रेको हेरिरहन असाध्यै मन पर्छ। म बाँझी भइनँ, यसैमा गौरव छ भन्दै आफ्ना दिवङ्गत पतिको स्मरण गर्दै धन्यवाद ज्ञापन गर्ने सविताले मुकुन्दको स्मृतिमा एउटा महाकाव्य नै लेखेको भए सुनमा सुगन्ध हुने थियो। जे भयो, राम्रो भयो। आजसम्म कति विदुषीका जीवनसाथी बिदा भए। सम्भवतः बिदा हुनेको स्मृतिमा बहु आयामिक चिन्तन गरेर यति धेरै कविता लेखी सङ्ग्रहका रूपमा प्रस्तुत गर्ने पहिलो सर्जक सविता नै हुनुपर्छ।

सर्जकले यथार्थता लुकाएकी छैनन्। जीवनमा कहिलेकाहीं कतिपय तिमी पात्रसँग ठोसठास हुने सङ्केत गर्दै 'अनौपचारिक औपचारिकता' भन्ने कवितामा लेखेकी छन्–

तिमीले कहिल्यै अपनत्वको भाषा बोलेनौ
नबुझ्ने थिइनँ, झेल्दै गएँ
चर्को घामका किरण
ममाथि बर्सिरहँदा
तिम्रो पहुँचका रङबिरङ्गी छाता
सम्झिएकी थिएँ
मेरो आत्मसम्मान कमजोर थिएन
म घामसँग कुस्ती खेल्दै अघि बढें।

सविता अत्यन्तै कठोर बन्दै 'परिचित अपरिचत'-मा भन्छिन्–

बरु मेरो अन्त्येष्टिको दिन
कुनै परिचितझैँ केही फूलहरू ल्याउनू
र मृत आत्माको शान्तिको कामना गर्दै चढाउनू!

यसरी सविताका कविताले मुकुन्दको मुस्कानमा अझ कान्ति भरेर प्रदीप्त तुल्याएका छन्, कविको सिर्जनात्मक सामर्थ्यलाई माथि उठाएका छन्, छाडी जाने बैगुनीलाई गुन लाएका छन्। सम्पूर्णमा भन्नुपर्दा सविताका कविताले शिखर चुम्ने प्रयत्न गरिरहेका छन्।

सविताको काव्यकला रमाइलो र भरभर्दो छ। उनी बिम्ब, अलङ्कार, लय र विचारहरू मिलाएर, शब्दहरू तौलिएर, भावहरू कुँदेर, सकारात्मक सोच अगाडि सारेर, निरर्थक र बोझिला शब्दहरू हटाएर, पुनरुक्ति दोषबाट बचेर कविता लेख्न सिपालु छिन्। कवि सविताको तात्पर्य पत्ता लगाउन नसक्ने पाठकले पनि उनका कविता सुनेर वा पढेर रमाउने प्रयत्न गर्छन्। यो सविताका कविताको आफ्नै विशेषता हो। युगीन कवि कृष्णभूषण बलले 'नीलो सिमाना' कवितासङ्ग्रहमा भनेजस्तै थुप्रैथुप्रै बिम्बका प्रतिबिम्ब हुन् सविताका कविता। बिम्बले सविताका कविताको भावलाई सजीवता र पूर्णता प्रदान गर्छ।

अन्त्यमा सविता गौतम दाहालका प्रकाशित तीन कृतिका आधारमा उनी प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनै तत्त्वलाई आत्मसात् गरेर गुणात्मक काव्यकृति लेख्न सिपालु कवि हुन्। उनमा परिपक्वता छ, त्यसैले उनको सिर्जनात्मक भविष्य सुन्दर छ भनी आकलन गर्न सकिन्छ। उनका कवितामा कोमलता छ, मिठास छ, सरसता र सरलता छ अनि छ– भाव सम्प्रेषण र वास्तविकता। तसर्थ उनीभित्रको सिर्जना शक्तिको रसमाधुर्य सबैलाई मन पर्छ र नै उनी असल र सफल कवि हुन् भन्ने मेरो ठम्याइ छ। सविता भनेकै सूर्य हुन्। सृष्टिमा सौन्दर्य थप्नु सविताको धर्म हो भन्दै सविताको विराट् चिन्तनको विहङ्गावलोकनबाट विराम लिन्छु। अस्तु।

●

डा. रामदयाल राकेश

# 'अचानक यो साँझ'-मा घोत्लिँदा



ठाकुर बेलबासेको एक दशकअघि प्रकाशित कवितासङ्ग्रह 'सागरको वरिपरि मनहरूको समारोह'-का बारेमा मैले लेखेको कुरा स्मरण गर्छु– "ठाकुर बेलबासे नेपाली समसामयिक काव्यधाराका एउटा सशक्त कवि हुनुहुन्छ। उहाँ प्रतिभावान्, अर्थवान् र सामर्थ्यवान् रचनाकार हुनुहुनुन्छ। उहाँको काव्य रचना संसारमा रङहरूको राम्रो संयोजन र सम्यक् समन्वय भएको पाइन्छ भने कथ्यको काव्यात्मक सङ्गुम्फन पनि। उहाँको काव्य पङ्क्तिपङ्क्तिमा बौद्धिक पुट प्रशस्त मात्रामा पाइन्छ जसले गर्दा भाव पक्ष दबिएको आभासित हुन्छ। आजको वैज्ञानिक र बुद्धिप्रधान युगमा हृदयको भन्दा बुद्धिको प्रधानता हुनु सर्वथा स्वभाविक कुरा हो, सान्दर्भिक कुरा हो। तसर्थ ठाकुरका कविताहरू हृदयभन्दा मस्तिष्कलाई र हाम्रो मथिँगललाई घचघच्याउन पुग्छन्।"

ठाकुर बेलबासेको भर्खरै प्रकाशित कवितासङ्ग्रह 'अचानक यो साँझ' आदिदेखि अन्त्यसम्म अध्ययन गर्दा अहिले पनि उक्त कुरा सान्दर्भिक लाग्छ। उहाँ हृदयभन्दा बुद्धिलाई बढी प्राथमिकता दिने एउटा अनन्यतम कवि हुनुहुन्छ। एउटा नयाँ आयाम अवश्यमेव यहाँ उद्घाटित हुन पुगेको छ कि उहाँका कवितामा राजनीतिक सञ्चेतना अझ बढी घनीभूत भएर अभिव्यक्त भएको छ। आजको विश्व कवितामै राजनीतिप्रधान हुन थालेको बेलामा उहाँका कवितामा राजनीतिक रूपरङ्ग र रेखाको रेखाङ्कन हुनु सर्वथा स्वाभाविक नै हो। आजको राजनीतिक माहोलमा राजनीतिले सडक छाप मानिसदेखि संसद्को शीतताप नियन्त्रित सभागृहमा बस्ने मानिसलाई समान रूपमा गाँज्न थालेको छ र त्यसको प्रभाव आजको साहित्यमा र विशेष गरेर कवितामा गुन्जिन थालेको छ।

ठाकुर बेलबासे एउटा राजनीति सचेत व्यक्ति भएकाले पनि कवितामा राजनीतिक सञ्चेतनाको सघन प्रस्तुति प्रशंसनीय नै मान्न सकिन्छ। उहाँलाई आफ्नो देशको मात्र अभिरुचि छैन, अपितु छिमेकी मुलुक म्यानमारको राजनीतिमा पनि उत्तिकै चासो र चाख छ। हुन त म्यानमारकी नेत्री आङ साङ सू की निजी नजरबन्दबाट मुक्त भइसकेकी छन्। तर उनको देशमा अझ लोकतन्त्रको लालिमा फैलिन लामो समय लाग्लाजस्तो छ।

कवि ठाकुर पनि निरङ्कुश शासकको प्रवृत्ति र प्रकृतिसँग राम्रोसित परिचित हुनुभएकाले उहाँको एउटा सर्वसाधारण सिद्धान्त नै निर्मित भइसकेको छ। संसारका निरङ्कुश शासकहरू, तानाशाहहरूको एउटै नियत र नियति हुँदो रहेछ। उनीहरूको मन र मनोविज्ञान राम्रोसँग बुझ्ने कवि ठाकुर बेलबासे आफ्ना कवितामा यसरी चरित्र चित्रण गर्न पुग्नु सर्वथा औचित्यपूर्ण लाग्छ। हेरौं काव्य पङ्क्तिहरू–

बारुदले आँखा टालेर
जब मान्छेभन्दा बढ्ता शासक बन्न खोज्छ मान्छे
आँखा, मन, मुटु सबैसबै अङ्गबाट
संवेदना हराउँदो रहेछ
र बाँच्दो रहेछ तीव्र आक्रोश।

मान्छे सत्तामा पुगेपछि मुर्कुट्टा पो बन्दा रहेछन्
अँध्यारो जथाभाबी हिंड्ने
र जगत् तर्साइरहने। (पृष्ठ ७०)

कवि ठाकुरको ठहर के छ भने निरङ्कुश, सामन्तवादी र साम्राज्यवादी मात्र होइन; जुनसुकै मानिस शासक बनेपछि, सत्तामा आसीन भएपछि मदोन्मत्त, मदान्ध र उन्मादी हुँदो रहेछ। जननिर्वाचित शासक भए पनि उसमा थोरबहुत सत्तालिप्साका साथसाथै सत्तालिप्सा उन्मादको रनक चढ्दो रहेछ। आफ्नो धरातलीय यथार्थ बिर्सदा रहेछन्। युगीन यथार्थ भुल्दा रहेछन्। उनीहरूसित स्वतन्त्रताको कुरा, स्वाभिमानको कुरा गर्नु वाहियात हुन्छ; किनभने उनीहरू मान्छेभन्दा बढी मुर्कुट्टा हुन्छन्। मुर्कुट्टामा संवेदनाको लेश मात्र पनि हुँदैन।

ठाकुरको काव्यिक संवेदना कति चोटि घाइते भएको छ। उहाँ सामाजिक सरोकारप्रति, मानवीय संवेदनाप्रति सजग, सतर्क र सावधान कवि हुनुहुन्छ। हुन त आजको संसारमा संवेदना हराइसकेको छ तर यो सम्पूर्णतः हराएको छैन। यसमा आंशिक क्षरण भएको छ। तसर्थ कवि बेलबासे बस्तीबाट हराइसकेको संवेदनामाथि एउटा मानव सभ्यताको विकासको पक्षधर भएर उभिनु आफ्नो कर्तव्य ठान्नुहुन्छ। उहाँको आदर्श छ एउटा नयाँ मानव सभ्यताको निर्माण; त्यो चाहिं काल्पनिक होइन, वास्तविक हुनुपर्ने–

यो आकाश हेरेर मात्र हुँदैन
टेकेर प्रत्येक ग्रहका अङ्ग–अङ्ग
एउटा मानव सभ्यताको विकास गर्नुपर्छ। (पृष्ठ ४७)

यसै क्रममा उहाँले मानवतावादी कविका रूपमा आफूलाई अग्रसारित गर्नु अभिनन्दनीय कुरा हो। उहाँको काव्यमा मानवतावादी स्वर सजिलोसित सुन्न सकिन्छ। उहाँ मान्छेको गीत सुन्न आकुलव्याकुल देखिनुहुन्छ। मान्छेको गीत उहाँको नारा बन्न पुगेको छ। मानवता हराउँदै गएको बेला मान्छेको गीत सुन्ने कविको लालसा सराहनीय छ। कविको चाहनालाई जति प्रशंसा गरे पनि पुग्दैन। अतः मानवताको शङ्ख फुक्दै आफ्नो गन्तव्यलाई अग्र गति दिन चाहनुहुन्छ। ठाकुर बेलबासेमा मानवतावादी स्वर सर्वदा स्वगतयोग्य मान्न सकिन्छ।

परेवा उडाउँदै सगरमाथाको चुलीबाट
मानवताको शङ्ख फुक्दै
मान्छेका गीत सुन्ने बेला आएको छ। (पृष्ठ ४६)

कवि ठाकुर बेलबासेको काव्यकारिता संसारमा मानवतावादी स्वर मात्र गुञ्जित छैन, अपितु उहाँले उज्यालोको पक्षधर भएर आफ्नो काव्यधाराबाट उज्यालोको अजस्र राशि फैलाउने अठोट पनि लिनुभएको छ। कविता उज्यालोको पक्षमा लेखिन्छ। कविता यस निम्ति पनि लेखिन्छ कि मानवीय मूल्य, मान्यता र मर्यादाको पनि रक्षा होस्। यस्तो अमानवीय समयमा कविको अन्तर्मनबाट अभिव्यक्त काव्य पङ्क्ति हेरौँ–

अब उज्यालो हुनुपर्छ मेरा हरेक दृश्यअगाडि
प्रमिथस जागेको छ
मभित्र। (पृष्ठ २०)

'अँध्यारो विरुद्ध' शीर्षक कवितामा पनि कवि ठाकुर बेलबासेले स्वतन्त्रताको र उज्यालोको पक्षधर भएर आफ्नो अभिव्यक्ति यसरी अग्रसारित गर्नुभएको छ। निरङ्कुशताको नाश होस् भन्ने कविको अभिलाषा राम्रो छ–

पहाडको छाती टेकेर
स्वतन्त्रताको शङ्ख फुक्ने यात्रामा छु
सायद उसकै नलीहाड फुक्ने छु। (पृष्ठ ६७)

यसबाट के प्रस्ट हुन्छ भने ठाकुर बेलबासे प्रकाशका कवि हुनुहुन्छ। यसबाहेक उहाँ स्वतन्त्रताको पक्षधर कवि पनि हुनुहुन्छ। उहाँका धेरैजसो कवितामा स्वतन्त्रताको गीत गाइएको छ।

समालोचक तथा यस काव्यसङ्ग्रहका भूमिका लेखक डा. गोविन्दराज भट्टराईले आफ्नो 'स्वतन्त्रताका बिम्बहरू' शीर्षकमा लेख्नुभएको छ– "सबै कविता स्वतन्त्रताका गीत हुन्। स्वतन्त्र विचारका, मुक्त समाजको खोजी मुक्तिका। उनी स्वतन्त्रताको लामो सङ्घर्षमा उत्रे, सडक कविता आन्दोलनमा लागे, देखिए, कुटिए, थुनिए; निरङ्कुशताका बर्बर बुट उनीमाथि बज्रिए। त्यसले उनलाई अझ सुदृढ र झन् बढी आस्थावान् गरायो। उनी झन् अविचलित भएर मुक्तिका लागि शङ्खघोष गर्दै हिंडे। सङ्ग्रहभरि स्वतन्त्रताका बिम्बहरू बारम्बार आएका छन्। उनले कति ठाउँमा आङ साङ सू की बिम्ब पुकारेका छन्।" (पृष्ठ ११)

पाश्चात्य लेखक रोर्बेटा बोलाजोका अनुसार अल लिटरेचर, इन अ सर्टेन सेन्स, इज पोलिटिकल। सम्पूर्ण साहित्य एउटा निश्चित अर्थमा राजनीतिक हुन्छ। यस कसीमा कस्ने हो भने ठाकुर बेलबासेका बेजोड कविता प्रमुखतः र प्रधानतः राजनीतिक नै हुने गर्छन्।

आलोच्य कवितासङ्ग्रहमा सङ्कलित अधिकांश कविता राजनीतिक सञ्चेतनाबाट अगाडि बढेका छन्। राजनीतिले अहिले सबै क्षेत्रलाई प्रभावित र प्रेरित गर्दै गएको सन्दर्भमा

यी कविताहरूमा राजनीतिक रङ (Political colour)-को प्रभाव पर्नु कुनै आश्चर्यको कुरो होइन। राजनीतिका बदनाम तानाशाहहरू उहाँका कवितामा सशक्त प्रतीकका रूपमा अभिव्यक्त भएका छन्। संसारभरमा बदनाम भएका हिटलर कवि बेलबासेको मनमस्तिष्कमा जरा जमाएर बसेका छन्। उहाँ हिटलरमार्फत आजका तानाशाहहरूलाई सबक सिक्कनका लागि अर्ती-उपदेश दिनु आफ्नो कर्तव्य र दायित्व ठान्नुहुन्छ। हेरौँ उहाँको अभिव्यक्ति–

हिटलरको उपहार सजाएर
जगत् तर्साइरहेका शासकहरू
आकाश छेक्न खोज्दै
हुटिट्याउँ बाँचिरहेका छन्। (पृष्ठ २१)

राजनीतिप्रधान कविता लेखनमा कवि ठाकुर बेलबासे अग्रस्थान ओगट्न सफल हुनुभएको छ। उहाँको कलमबाट कविता मिश्रित राजनीतिको राप र ताप तपतप खस्दो रहेछ। आजको प्राणी सामाजिकभन्दा राजनीतिक बढी भएको छ। बौद्धिकभन्दा पनि बढी राजनीतिक हुनुमा आजको राजनीतिक माहोल कारक तत्त्व हुन गएको छ। कवि बेलबासेका कवितामा बौद्धिक स्वरूपमा राजनीतिक रङ मिसिएको भेटिन्छ। कवि बेलबासेले देशलाई नै खाने भाँडो बनाउनेहरूसित आक्रोश पोख्नु सर्वथा स्वाभाविक हो। देशलाई रेस्टुराँ र होटल बनाउनेसित उहाँको गुनासो छ। त्यस्ता व्यक्तिहरूप्रति गर्जनु कवि बेलबासे आफ्नो कर्तव्य ठान्नुहुन्छ। कवि बेलबासेको अभिव्यक्तिमा कृत्रिमता कम र वास्तविकता बढी छ जस्तो लाग्छ।

अहिले देशको राजस्वले ७० प्रतिशत नेता र कर्मचारीको खल्तीको शोभा बढाएको छ भने ३० प्रतिशत मात्र सरकारको ढुकुटीमा जान्छ। यो सरकारी तथ्याङ्क नभए पनि मिथ्याङ्क भने चाहिं होइन्। तसर्थ ठाकुर बेलबासेको राजस्वको आकलन सही नहोला, तर यसमा सत्यताको पुट प्रशस्त पाइन्छ। हेरौँ उहाँको आकलनको आँकडा जसको गणितीय जोडघटाउका आधारमा होइन, काव्यिक आधारमा अभिव्यक्ति भएको छ–

देश
कार्यकर्ताको रेस्टुराँ बनेपछि
सत्ता
शासकहरूले भन्सार नाका सम्झेपछि
नागरिकका आखाँबाट तपतप खस्दो रहेछ
देश। (पृष्ठ ३०)

आज देशमा सत्तासुख उपभोग गर्नेहरू मात्र नागरिक भएका छन्। हुन त रैती, प्रजा हुँदै आजका देशवासी सही नागरिक हुनुपर्ने हो तर सबैभन्दा विडम्बना के छ भने देशमा गणतन्त्र स्थापना भए पनि आम मानिसले नागरिक हुन पाएका छैनन्। सुकिलामुकिलाले

जुनसुकै व्यवस्थामा पनि नागरिक हुने सौभाग्य पाउँछन्। तर आम मानिस प्रजातन्त्र होस् कि लोकतन्त्र होस् कि गणतन्त्र होस्, उनीहरू नागरिकको उपाधिबाट विभूषित हुन पाउँदैनन्। वास्तवमा कुनै पनि देशमा नागरिक हुनु सौभाग्यको कुरा हो। तर नागरिक शब्दको गरिमा आज पनि नेपालमा स्थापित हुन सकेको छैन। संविधानमा लेखिँदैमा आम मानिस नागरिक हुन सक्दैनन्। नागरिक हुनका लागि आवश्यक सर्त के छ भने देशका सबै निकायमा उनीहरूको प्रवेश र पहुँच समान ढङ्गबाट हुनुपर्छ। आज नेपालमा नेता, कार्यकर्ता र कर्मचारी मात्र नागरिक भएका छन्। कवि, कलाकार, लेखक, सङ्गीतकार र चित्रकारहरू सिंहदरबारको मूल गेटमा अनागरिक भएर उभिएका छन्। उनीहरूलाई देश आफ्नो हक-अधिकारमा रोक लगाउन व्यस्त छ। यस अर्थमा कवि ठाकुर बेलबासेका कविता नारा अर्थात् राजनीतिक नारा मात्र नभएर सत्यतथ्यको निरूपणमा निरन्तर गतिशील छन्। हुन त अचेलको सन्दर्भमा सहिदहरूको पनि कुनै सम्मान छैन। सम्मान र मानको संस्कृतिमा पनि राजनीतिक सारको झलक भेटिन्छ। तसर्थ देशका लागि उत्सर्ग र बलिदान दिने सहिदहरू पनि सम्मानबाट वञ्चित भएका छन् जसप्रति ठाकुरभित्रको कवित्व धेरै सजग र सचेष्ट देखा पर्छ। उहाँमा ऐतिहासिक र सांस्कृतिक चेतना घनीभूत भएर सघन भएको छ। एउटा उदाहरण–

> बुद्ध, जनक, सीता या सहिद यस्तै देश चिनाउने
> फाटोहरू च्यातचुत पारेर
> सहन नसकेर पीडा
> ती फोटो कागज मुख बुजो लगाएर
> नागरिकताको गलपासो लगाएर
> अनागरिक नाङ्गै उभिएको छु
> यो सिंहदरबारको मूल गेटमा। (पृष्ठ ३१)

समग्रमा भन्दा आलोच्य कवितासङ्ग्रहमा राजनीति, प्रेम, विरह र मृत्युको अभिव्यञ्जनाको स्वर प्रतिध्वनित भएको छ। केही प्रेमिल कविताहरू स्मरणीय, पठनीय र लालित्यपूर्ण छन्। तर राजनीतिक रङ भएका कविताको सामु प्रेमको रस र रङ फिका देखिन्छ। राजनीति नै मुख्य उपजीव्य हो र यो नै यसको उपलब्धि पनि हो।

आलोच्य कवितासङ्ग्रहका सबै कविता नयाँ शैली र बान्कीका छन्। समसामयिक नेपाली कविता लेखनमा ठाकुर दोस्रो सङ्ग्रहमा पनि भिन्न र उत्कृष्ट स्रष्टाका रूपमा देखिएका छन्। यो सङ्ग्रहभित्रका सबै कविता बेजोड लाग्छन्, तर पनि 'नाङ्गो पीडा' शीर्षक मास्टर पिस कविताका रूपमा मननीय छ।

●

डा. अञ्जना वस्ती भट्टराई

# पुरुष सर्जकको पितृसत्तालाई हाँक दिने कथाहरू



२०६४ देखि ६७ सम्ममा चार पुस्तक प्रकाशित गरेका कुमार भट्टराईका दुई कथासङ्ग्रहमध्ये दोस्रो हो 'बकाइनो'। १२ वटा कथाको सङ्ग्रह 'बकाइनो'–मा भट्टराईले महिलाका भावनालाई मिहीन रूपमा केलाएका छन्। समाजले महिलाप्रति दर्साउने विभेदपूर्ण व्यवहार अनि त्यसमा पिसिनुपर्ने महिला नियतिलाई सूक्ष्म रूपमा उजागर गरेका छन्।

पहिलो कथा 'द्रौपदा'–मा पति वैदेशिक रोजगारीमा हिंडेपछि पत्नीले बेहोर्नुपरेका पारिवारिक दुर्व्यवहारका, आर्थिक अभावका, लोभी परपुरुषले उनको शरीर भोग्न अपनाएका अनेक युक्तिका अनि उनले आफ्नो शरीर उनीहरूलाई सुम्पेका कथानक बुनिएको छ। कथाकारले केन्द्रविन्दुमा परपुरुषसँगको सहवासपछि गर्भ रहनाले ती पत्नीले खेप्नुपरेको हन्डर राखेका छन्। अन्य महिला पात्रको माध्यमबाट ती द्रौपदालाई तीन कारणबाट अन्याय भएको व्यक्त गरेका छन्। पहिलो, माहाभारतकालमा पाँच पतिसँग विवाह गर्ने द्रौपदी रानी भएका कारण उनको कृत्य अपहेलित भएन र उनी अहिलेसम्म पूज्य छिन्। दोस्रो, पुरुषले जति जनासँग सहवास गरे पनि उनीहरू क्षम्य हुन्छन्। तेस्रो, कथाकी नारी पात्रसँग सहवासमा संलग्न चार पुरुष पात्र भाग्नाले जोगिए अर्थात् सजाय भोग्नुपरेन, तर महिलाले भने त्यस ठाउँमा रहेर आर्थिक अभावको, समाजको कटाक्षको सजाय भोगिरहनुपरेको छ। त्यसर्थ महिलाका पनि यस्ता भूल क्षम्य हुनुपर्छ भन्ने सन्देश यस कथामा पाइन्छ।

दोस्रो कथा 'बिदाइको क्षण'–मा कथाकार पुरुषद्वारा सञ्चालित महिलाको जीवनप्रति संवेदनशील छन्। यस कथामा कथाकारले पतिले आफू विदेश जाँदा आफ्नो घरपरिवारको सेवाशुश्रूषा गर भन्दा जीउज्यान लगाएर बसेकी पत्नीलाई 'मसँगै हिंड' भन्दा उत्तिकै तत्परताका साथ तयार हुनुपर्ने परिपाटीलाई उजागर गरेका छन्। संयुक्त परिवारमा हुने पारिवारिक प्रेमको बन्धनलाई कसिलो डोरीका रूपमा प्रस्तुत गरिएको छ।

तेस्रो कथा 'पोइल गएकी श्रीमती'–मा समाज हल्लाउने क्रान्तिकारी कथानक अगाडि सारिएको छ। बेजोड तर्कवितर्कको सहारामा पुरुषले पोइल गएकी श्रीमतीलाई फेरि भित्र्याउन गरेको निर्णय हाम्रो समाजमा आश्चर्यलाग्दो र अपाच्यजस्तो लाग्छ।

यस्तो व्यवहार मुस्लिम समुदायमा मान्य छ। उनीहरूको समुदायमा छोडपत्र सजिलो छ। पुरुषले तीन पटक 'तलाक, तलाक, तलाक' भनेपछि सम्बन्ध विच्छेद हुन्छ। आवेशमा आएर त्यसो भनेको र उही श्रीमती चाहिएमा श्रीमतीले अन्य कसैसँग विवाह गरी सम्बन्ध विच्छेद गरेपछि अर्थात् हलाल भएपछि पहिलो श्रीमान्ले विवाह गर्न सक्छ।

कथाकारको प्रस्तुतिले कतिलाई असमञ्जसमा पार्न सक्छ, तर एउटा खण्डित परिवारलाई फेरि जोड्न सक्ने सूत्रको बीजारोपण यस कथामा गरिएको छ।

चौथो कथा 'न्याय'-मा कथाकार महिला-पुरुषले गरेको एकै खाले यौनजन्य गल्तीमा समान न्याय हुनुपर्ने तथ्य अगाडि सार्छन्। महिला नेत्रीहरूले बोलेका संवाद निम्न स्तरको हुँदा नेत्रीहरू न्यायको निहुँमा कसरी तल ओर्लन सक्छन् भन्ने सत्य पनि उजागर भएको छ।

पाँचौं कथा 'पेसा'-मा कथाकारले महिलाले अँगाल्ने यौन कर्मको वकालत गरेका छन्। आफ्नो यौनकर्मी पात्रको माध्यमबाट उनी चोटिला तर्क पेस गर्दै प्रहरी कर्म र यौन कर्ममा खासै अन्तर नभएको बताउन चुक्दैनन्। उनको विचारमा जोससँग जे छ त्यसैको व्यवसाय गर्नुपर्छ। यौनकर्मीले समाजका कतिपय विकृति न्यूनीकरणमा सहयोग पुऱ्याएको तथ्य अगाडि सार्दै पेसा सबै उस्तै हुने हुँदा यौन कर्मलाई मर्यादित बनाउनुपर्नेमा जोड दिन्छन्।

छैटौं कथा 'विधुवा'-मा कथाकारले महिलाका इच्छा-आकाङ्क्षाको लेखाजोखा गरेका छन्। समाजका प्रतिष्ठित पुरुषको महिलाको शरीरसँग खेल्ने तर उनलाई नअपनाउने प्रस्ताव अस्वीकार गरी आफ्नो घरजमको रहर मेट्न आफूभन्दा निकै कान्छो र सामाजिक प्रतिष्ठा न्यून रहेको व्यक्तिसँग अर्काको सम्पत्ति लिएर भागेकी ती बाल विधवाले केही वर्ष हाँसीखुसी बिताइन्। जीवनको उत्तरार्द्धमा परिवारजनबाटै अपहेलित भएकी हुँदा घर छाडेर मगन्ते जीवन यापन गरिरहेकी छन्।

यो कथा अन्यको तुलनामा अस्पष्ट लाग्छ। अन्य कथामा समस्या समाधानको सङ्केत गरिएको छ। यसमा भने प्रमुख पात्रको मुखबाट अर्काको सम्पत्ति चोर्ने पाप गरेकाले दुःख पाउनु स्वाभाविक छ भनाइएको छ। त्यसैले चोरी निन्दनीय कर्म भएको सङ्केत गरेजस्तो लाग्छ।

सातौं कथा 'लेबनानबाट फर्किएकी भाउजू'-मा कथाकार प्रस्ट छन्। महिलाले परिवारको खुसीका लागि वैदेशिक रोजगारीमा गएर अनेकौं यातना सहँदै आफ्नो सर्वस्व (सतीत्व) गुमाएर अर्थोपार्जनमा डटिरहन नसक्दा उनीहरूद्वारा नै अपहेलित हुनुपरेपछि आफ्नो खुसीको जीवन जिउन अग्रसर हुनुपर्छ। महिलाले जति नै त्याग गरे पनि त्यो मूल्यहीन भएमा महिला आफै अग्रसर भएर आफ्नो खुसी खोज्न पछि पर्नु हुँदैन भन्ने आशय कथाकारको छ। वैदेशिक रोजगारीबाहेक अन्य परिस्थितिमा समेत आफूले मरिहत्ते गर्दा पनि परिवारका सदस्यलाई खुसी बनाउन सकिएन भने महिलाले कडा निर्णय लिन सक्नुपर्छ भन्ने सन्देश यस कथाले दिन्छ।

आठौं कथा 'बुढाबा'-मा कथाकारले 'अर्काको बाछो चाटी मुखभरि रौँ' भन्ने भनाइ चरितार्थ हुने कथा बुनेका छन्। सन्तानसहितकी महिलालाई पत्नी बनाई आफ्नो सर्वस्व आर्जन लुटाएको व्यक्तिको वृद्धावस्थाको दारूण कथाले विश्वासको भरमा सम्पूर्ण सम्पत्ति सुम्पन नहुने, आफ्ना लागि केही सञ्चित गर्नुपर्ने सन्देश दिन्छ।

नवौँ कथा 'ठूलो घर'–मा कथाकारले संयुक्त परिवारका होचा–अर्घेला व्यवहारको शल्यक्रिया गरेका छन्। छोरीहरू र बुहारीहरूसँगको घरव्यवहारका कुनाकाप्चा खोतलेका छन्। हाम्रो समाजमा वृद्धावस्थाका बाबुआमाको रेखदेख गर्न पन्छने अनि छोरी उनीहरूलाई भेट्न आउँदा पनि रिस गर्ने छोराबुहारीको मनोदशालाई केलाएका छन्। अन्तमा, पत्नी वियोगमा परी एकाकी जीवन भोगिरहेको वृद्धले आफू सुहाउँदी महिलालाई जीवनसँगिनी बनाउँदा छोराबुहारीले गरेको निकृष्ट व्यवहार चित्रित छ। यस प्रकारको विवाह बाध्यताले गरिने सत्य समाजले बुझ्नुपर्ने सन्देश यस कथाले दिएको छ।

दसौँ कथा 'अन्योल'–मा पुरुष कुण्ठाको चित्रण गरिएको छ। हाम्रो समाजमा महिलाले घरगृहस्थीको बागडोर आफ्नो हातमा लिएपछि पुरुष बिस्तारै कुण्ठित हुँदै जान्छन् र त्यो चोट बिर्सन दुर्व्यसनमा फस्छन्। वास्तवमा यस कथामा घरव्यवहार पति वा पत्नी जसले चलाए पनि जीवन सहज रूपमा चलाउन सक्नुपर्छ, कुण्ठा पाल्नु हुँदैन भन्ने सन्देश सम्प्रेषित छ।

एघारौँ कथा 'खबर'–मा महिलाका अनन्त पीडाको चित्रण गरिएको छ। सन्तानले घृणा गरे पनि मातृ हृदय वात्सल्यले ओतप्रोत हुन्छ। महिलाका पीडा, सहनशीलता र सन्तान मोह नै यस कथाको केन्द्रविन्दुमा छन्। सरल महिलाले आफ्ना तीनै अवस्थाका अभिभावक – बाल्य पिता, यौवन पति, वृद्ध पुत्र – पुरुषका साथ आवश्यक ठान्ने सत्य उजागर गरिएको छ।

बाह्रौँ कथा 'मजेत्रो' पश्चात्तापमा पिल्सिएको पुरुषको कथा हो। यसमा पत्नी जीवित होइन्जेल उनको प्रेमको उपेक्षा गर्ने पतिले उनको मृत्युपश्चात् पत्नीले ओढेको मजेत्रोमा उनको माया खोजेको भ्रमको कथा छ। यसरी पत्नीको माया र प्रेम पतिको जीवनको अमूल्य निधि भएको तथ्य प्रस्ट पारिएको छ।

कुमार भट्टराईका १२ कथामध्ये नौ वटा महिला चरित्र केन्द्रित छन्। उनले हरेक महिला चरित्रलाई दर्बिलो रूपमा प्रस्तुत गर्दै समाजको महिलाप्रतिको दृष्टिकोण साह्रै सङ्कुचित रहेको बेहोरा चित्रण गरेका छन्। उनले विवाह इतर यौन सम्बन्धका लागि महिलालाई मात्र दोषी ठहऱ्याउन नहुने सत्य अगाडि सारेका छन्। सरल शैलीमा विविध उपकथाका साथ प्रस्तुत गरिएका यी कथा पठनीय छन्।

यी कथालाई साहित्यिकताको कमीको आरोप लाग्न सक्छ। उनका कतिपय पात्रहरू अघिल्लो पिँढीका जस्ता लाग्छन्। यसले गर्दा नव पुस्तामाझ ती नपुग्लान् कि भन्ने संशय उत्पन्न हुन्छ। यस सङ्ग्रहको कमजोरी टङ्कनीय भूलहरू प्रशस्तै पाइनु हो। मेरो विचारमा कथासूचीमा कथाको बायाँतिर दिइएका क्रमाङ्कले त्यो पृष्ठलाई भद्दा र अशोभनीय बनाएका छन्। यसका लागि राम्ररी 'पेज सेटिङ' गराउनुपर्छ। जे होस्, पुरुष सर्जकको पितृसत्तालाई हाँक दिने पठनीय कथाहरूको सङ्ग्रह हो– 'बकाइनो'।

●

डा. अम्बिका अर्याल

# त्रिपक्षीय प्रेममा 'मृत्युको अघिल्तिर'

## विषय प्रवेश



'मृत्युको अघिल्तिर' (२०७६) मणि लोहनीको तेस्रो कवितासङ्ग्रह हो। नेपाली साहित्यमा 'आन्दोलनले छटपटाएका कलमहरू' (२०४९, कवितासङ्ग्रह), 'असहमतिका पाइलाहरू' (२०५०, कथासङ्ग्रह), 'परास्त प्रेम' (२०६७, कथासङ्ग्रह), 'मलामी साँझ' (२०६१, कवितासङ्ग्रह) र 'निर्वस्त्र मन' (२०६९, कथासङ्ग्रह) प्रकाशित गरिसकेका लोहनी कथाकार तथा कविका रूपमा परिचित छन्। आफ्ना सिर्जनामा मूलतः प्रेम र मृत्यु चिन्तनलाई विषय बनाउने सर्जकका रूपमा चिनिएका लोहनीको प्रस्तुत कृतिमा पनि एक खण्डमा प्रेमकै आयाम हाँगाबिँगा फैलाउन पुगेको छ। अरू दुई खण्ड जीवन र मृत्युका चिन्तनले भरिएका छन्। व्यक्तिका मानसिक सन्ताप र जीवनप्रतिको सोचलाई अनेक बिम्बको माध्यमबाट जीवन्त बनाउँदै लेखिएका लोहनीका कविता सूक्ष्म आयाम बोकेर पूर्णताको पगरी गुथ्न पुगेका छन्। उनका कवितामा वैयक्तिक मनोभावदेखि विश्वजनीन चिन्तनसमेत अटाएका छन्। 'मृत्युको अघिल्तिर' कवितासङ्ग्रहभित्रका कवितामा मूलतः तीन भाग रहेका छन्– देशका नाममा, प्रेमको लय र जीवनको उज्यालो। यी तीन पाटाभित्र राष्ट्रप्रेम, आत्मिक प्रेम तथा जीवनप्रतिको प्रेम गरी तीन पक्षका प्रेम मुखरित भएका छन्। यसर्थ यस कृतिमा प्रस्तुत यिनै त्रिपक्षीय प्रेमको आकलन यसमा गरिएको छ।

## प्रेमका तीन आयाममा 'मृत्युको अघिल्तिर'-को विश्लेषण

'मृत्युको अघिल्तिर' कवितासङ्ग्रहमा जम्मा ३२ कविता सङ्गृहीत छन्। यसलाई तीन खण्डमा विभाजित गरिएको छ। पहिलो खण्डलाई 'देशका नाममा', दोस्रोलाई 'प्रेमको लय' र तेस्रोलाई 'जीवनको उज्यालो' नामकरण गरिएको छ। यी तीन खण्डमा आफैले प्रेमका तीन अलग-अलग पक्षलाई उद्घोषित गरिरहेका छन्। 'देशका नाममा' शीर्षकको पहिलो खण्डभित्र समेटिएका आठ कविता देशप्रेमी, राष्ट्रभक्त कवि मनका छायाहरू हुन् भने 'प्रेमको लय' शीर्षकको दोस्रो खण्डभित्र समाविष्ट १३ कविताले कविभित्रको प्रेमप्रणयलाई उद्बोधन गरेका छन्। 'जीवनको उज्यालो'-भित्र समेटिएका ११ कविताले मृत्यु शाश्वत जान्दाजान्दै पनि मानव जीवनप्रतिको प्रेम र मोहको स्केचमा जीवन दर्शनको रेखा कोरेका छन्। यी त्रिपक्षीय प्रेमको तथ्यगत विश्लेषण यस प्रकार गरिएको छ।

## 'मृत्युको अघिल्तिर'-मा राष्ट्रप्रेम

'देशभक्ति त मर्दैन चुत्थै देश भए पनि' बालकृष्ण समले भनेझैँ 'मृत्युको अघिल्तिर' कवितासङ्ग्रहभित्रका कवितामा कविले देशप्रतिको सद्भाव, स्वाभिमान र मोह कलात्मक

रूपमा प्रस्तुत गरेका छन्। कवि मनले आफ्नो देशलाई प्राणभन्दा माथि ठान्ने कवि हृदय 'मानचित्रमा उभिएर', 'अँध्यारोका विरुद्धमा' १ र २, 'गणतन्त्र नेपाल', 'परिचयको खोजीमा', 'अखबार र नानीहरू', 'सौन्दर्यको आकार' तथा 'सुक्खा पहिरोमुन्तिर'-जस्ता कवितामा मार्मिक रूपमा प्रस्तुत गरेको छ।

कविले पहिलो कविता 'मानचित्रमा उभिएर'-मा देशभक्तिभावभन्दा माथि उठेर विश्वजनीन एकताको सपना सजाएका छन्। मानचित्रमा उभिएर सारा धर्साहरूलाई छोप्ने चाह राख्नु कविको विश्व एकताको मोह मात्र नभएर सारा विभेद र सीमारेखामा अल्झिएको अमानवीय प्रवृत्तिप्रतिको व्यङ्ग्य हो। यसमा मूलतः व्यक्तिगत स्वार्थभन्दा माथि उठेर विश्वलाई सिङ्गो राज्य देख्न सक्नुपर्ने र कुनै ससाना राज्यको लुछाचुँडीमा नलागी सिङ्गो राज्यको विकास र हितमा अग्रसर हुनुपर्ने मानवीय धर्मको पक्षमा वकालत गरिएको छ। यस कवितामा देशप्रेम कुनै निश्चित मातृभूमिबाट माथि उठेर विश्वव्यापी बन्न पुगेको छ।

यस कवितामा धर्म, जात, संस्कृति, शिक्षा, वर्ण आदिको आधारबाट सिर्जित विभेदको पर्खाललाई चिर्न सक्ने नक्साको खाँचो भएको कविको विचार छ। मानवमानवबीच भइरहेका अनेक खिचातानी र प्रतिस्पर्धाभन्दा माथि उठेर समानताको खोजीमा लम्किएको कवि कलमले यसो भन्छ–

हामीले टेक्ने माटो एउटै छ
र, साझा आकाश हो हाम्रो दुःख
कसले कोऱ्यो सपना कोरल्ने आँखामा
विचारका धर्सा?
कसले उभ्यायो दुई पाउ जमिनमा
भूगोलको पर्खाल?
र किन थपिँदै छन् दुई हात आकाशमा
जाति, धर्म, नागरिकता र राज्यका ससाना धर्साहरू? (पृ. १९)

प्रस्तुत पङ्क्तिमा मानवताको रेखालाई चिरेर रचिएका विभेदका पर्खालप्रति प्रश्न उठाइएको छ। यसमा साझा आकाश र साझा पृथ्वीमा रचिएका सीमारेखाको विभेदले भूगोलको मात्रै पर्खाल नठड्याएर जाति, धर्म, नागरिकताको प्रपञ्चभित्र सिङ्गो मानवतालाई खुम्च्याएको अर्थ ध्वनित हुन्छ। यसमा मानिसका ढोङ र स्वार्थका सीमारेखाले कसैलाई एकताको कसीमा बाँध्न नसकेको चिन्ता पनि उत्तिकै सबल बनेको देखिन्छ। यसरी कृत्रिम सीमारेखा र विभेदलाई चिर्दै विश्वलाई सिङ्गो राष्ट्र वा जन्मभूमिका रूपमा लिएर सिङ्गो मानव जातिलाई विश्वबन्धुत्व र भाइचारायुक्त प्रेम गर्न सके मात्र विश्व एकतामा मानवताको धर्म पूर्ण हुने सन्देश यस कविताले प्रस्तुत गरेको छ।

नाङ्गो तरबारमा झन्डा बोक्नेहरूको हातैमा सुरक्षा दस्ता र कानुन भएपछि सङ्घीयता, जातीयता, राज्य र नागरिकताका अँध्यारा घाउहरू बल्झिएको सन्दर्भ कविले

'अँध्यारोको विरुद्धमा – १' शीर्षकको कवितामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन्। यस कविताले राज्यव्यवस्था अँध्यारिँदै गएको सन्दर्भमार्फत राज्यप्रतिको जिम्मेवारी, भूमिका र दायित्व निर्वाह गर्न नसक्ने शासक तथा शासन व्यवस्थाप्रतिको आक्रोश व्यक्त गर्दै देशले उज्यालो चाहेको भाव प्रस्तुत गरेको छ। यस्तै 'अँध्यारोका विरुद्धमा – २' शीर्षकको कवितामा राज्यमा फैलिँदै गएको विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्यको माध्यमबाट नै देशप्रतिको जिम्मेवारी र सद्भाव कविले यसरी प्रस्तुत गरेका छन्–

विधेयकमार्फत भर्खरै पारित भएको छ<br>
गरिबी निवारण निर्देशिका<br>
र समस्या देखाइएको छ<br>
लामखुट्टे<br>
अशिक्षा<br>
र कुपोषण। (पृ. २५)

यस पङ्क्तिमा कविले राज्यको कानुनी व्यवस्था र कार्यान्वयनप्रतिको असचेतताप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन्। लिखित रूपमा गरिबी निवारण निर्देशिका पारित गरिएको राज्यभित्र लामखुट्टे, अशिक्षा र कुपोषणका समस्या सम्बोधनमा पर्दै गर्दा राज्यले नयाँ दिशातिर फड्को मारोस् भन्ने चाहनु नागरिककै मुख्याइँ भएको चेतना अँध्यारोको प्रतीकका रूपमा यसमा प्रस्तुत गरिएको पाइन्छ। यति मात्र होइन, सुरक्षा र न्यायको याचना गरिरहेका बालिका र किशोरीका आँखा तथा कोशी र महाकालीको बाढीमा बग्दै पानीजहाज चढेको सपना देखिरहेका बचेराहरूको बिम्बको माध्यमबाट देशमा बाँडिएको उज्यालोको सपनाको उपहास कविताले गरिरहेको छ। यसरी राज्यलाई समृद्ध बनाउने र देशको समस्या व्यावहारिक रूपमै हटाउने अपेक्षा बोकेको यस कवितामा देशप्रेमको भाव नै मुखरित भएको पाइन्छ।

'परिचयको खोजीमा' शीर्षकको कवितामा कविले परम्परागत रूपमा पुजिएका सम्भ्रान्त, राजा, दरबार, सहर आदिबारेको धारणामा परिवर्तन ल्याएर नयाँ परिचयको खोजी गर्ने मनसाय प्रस्तुत गरेका छन्। कपडा फेरेझैँ पुराना सोच र मान्यतालाई फेरेर सहरको परिचय बदल्ने मन भएको अभिव्यक्तिमार्फत यस कवितामा कविले देशको नयाँ परिचय वा परिवर्तन खोजिरहेको भाव स्पष्ट हुन्छ।

काजोल खातुनको चीत्कारदेखि गाडीमा जिउँदै जलाइएका बालकहरूको मृत्युको समाचारसम्म, विभिन्न कलाकार, सर्जक, राजनीतिज्ञ तथा पत्रकारमाथि गरिएको ज्यादती, विद्यार्थी आन्दोलनले मागेको गणतन्त्रको उपहास, सुक्खा पहिरोले पुरिएका अभिभावकका अलपत्र सन्तानसम्मका पीडालाई कविले कविता स्थान दिएका छन्। यसले देशमा व्याप्त विकृति, विसङ्गति, असुरक्षा, अन्याय तथा अराजकतालाई उजागर गरेको छ। यसका साथसाथै आफ्नो देशभित्र सुरक्षाको अनुभूति गर्न नसकेका नागरिकको पीडालाई सम्बोधन गर्न नसक्ने शासकीय प्रवृत्तिप्रति उपहास पनि गरेको छ।

लोहनीका कवितामा राज्यभित्र मौलाउँदै गएको विकृति र विसङ्गतिलाई विभिन्न बिम्ब, प्रतीक तथा दृष्टान्तको प्रयोग गर्दै जिम्मेवार राज्य स्थापनाप्रतिको अपेक्षा प्रस्तुत गरिएको छ। उनका कवितामा देशको मुहार फेर्नका लागि चाल्नुपर्ने नयाँ कदमको दिशानिर्देश गर्नुभन्दा राज्यले निर्वाह गर्न नसकेका कदमहरूको पर्दाफासमा जोड दिइएको छ। सिर्जनाकै माध्यमबाट सर्जकले देशको वर्तमान अवस्थाको यथार्थ रूपमा चित्रण गर्न सकेको भए पनि यसमा अझै नयाँ मार्गनिर्देश थप्न सकेको भए सिर्जनामा सुनमा सुगन्ध थपिने स्पष्ट देखिन्छ।

**'मृत्युको अघिल्तिर'-मा प्रेमप्रणय**

'प्रेम आँखाले होइन मस्तिष्कले गर्छ' भन्ने विलियम सेक्सपियरको भनाइ मात्र होइन, 'प्रेम अरूबाट पाउँदा शक्ति मिल्छ र आफूले गर्दा साहस मिल्छ' भन्ने लाओ चूको अभिव्यक्तिले समेत प्रेमको शाश्वत मूल्य र महत्त्वलाई प्रस्ट पार्छ। 'प्रेमले फलाम त पगाल्छ भन्छन्, झन् मन...' भन्ने कथन त हामीले बारम्बार सुनिरहेका हुन्छौँ। जे होस्, प्रेम सर्वमान्य र सर्वव्यापी छ भन्ने कुराको प्रस्टोक्ति लोहनीका कविताले पनि दिएका छन्। उनको प्रस्तुत कवितासङ्ग्रहभित्र समेटिएका दोस्रो खण्डका कविताले प्रेमको लयलाई नै प्राथमिकता दिएका छन्।

'जीवनको रीत' शीर्षकको कवितामा आत्मिक प्रेमको शक्ति र सम्मान कविले यसरी प्रस्तुत गरेका छन्–

> छाडेर जाँदा तिमीले लिएर गएकी थियौ
> मेरा ओठका खुसीहरू
> सपनाहरू मेरा आँखाका
> लिएर गएकी थियौ मेरा चौडा छातीका साहसहरू...
> छाडेर गए पनि तिमीले
> दुःख लागेन मलाई। (पृ. ४२)

प्रस्तुत पङ्क्तिमा प्रेमको वियोगमा छटपटाएको म पात्रको हृदय, चुँडिएका खुसी र सपना तथा साहसको वर्णन गरिएको छ। मानिसले प्रेमसँगै पाएका खुसीहरू वियोगमा कसरी अलपत्र पर्छन् भन्ने सन्दर्भ यसमा एकातिर भेटिन्छ भने अर्कातिर प्रेमिकाले छाडेर गइसकेपछि पनि सँभालिएर बस्न सक्नु निःस्वार्थ प्रेमको प्रतीक हो, आत्मिक प्रेमको शक्ति प्राप्तिमा भन्दा त्यागमा बढी हुन्छ भन्ने सन्दर्भलाई पनि यसले पुष्टि गरेको छ।

'सम्यक् साक्षी' शीर्षकको कवितामा कविले प्रेमिकासँगै लीन भएर अनन्तसम्म पुग्न चाहेको मनसाय यसरी प्रकट गरेका छन्–

> फुकाल यो वर्तमान अल्झेको अहम्को पछ्यौरी
> म तिमीमा भएर अनन्तसम्म पुग्न चाहन्छु। (पृ. ४८)

यस पङ्क्तिमा कविले शाश्वत प्रेम वर्तमानको भुमरीमा मात्र पर्ने होइन, अनन्तसम्म पनि उत्तिकै बग्न सक्नुपर्छ भन्ने तथ्य प्रस्तुत गरेका छन्। प्रेमिकासँगको वर्तमानको सम्बन्धमा अहम्ले थिचिएर पछारिनु मात्र प्रेम होइन भन्ने कविको आशयले अनन्तता खोजेको छ। यसमा प्रेमिकालाई अहम् त्यागेर प्रेमको अनन्त यात्रामा सहभागी गराउने आग्रह पनि छ। यसर्थ आत्मिक प्रेमको अनन्त यात्राका पक्षधर कविले प्रेमको स्वार्थहीनता र अनिश्चित समयरेखा यसमा प्रस्तुत गरेका छन्।

'प्रेमको कन्फेसन्स' शीर्षकको कवितामा कविले आफ्नी प्रेमिकामा हराएको प्रेमको लय भेटेको भाव प्रस्तुत गरेका छन् भने 'सम्बन्धको पाठशाला' शीर्षकको कवितामा प्रेमिकालाई सम्बन्धको पाठशालाका रूपमा चित्रण गर्दै उनैमा उज्यालो भेट्ने अभिव्यक्ति दिएका छन्। लाओ चूले भनेझैँ यसले प्रेमको शक्तिलाई द्योतन गरेको छ।

'प्रेमशास्त्र' शीर्षकको कवितामा कविले नारीहरू कपडाभित्रै सुन्दर देखिने भाव प्रस्तुत गर्दै शरीरप्रति भन्दा हृदयप्रति तानिने प्रेमको लय प्रस्तुत गरेका छन्। उनी भन्छन्–

> जीवनको शाश्वत सौन्दर्य तात्नु र सेलाउनुमा होइन
> बलिरहनुमा छ
> उज्यालो छरिरहनुमा छ
> उमेरको आँधीबेहरीमा ननिभ्ने दियोलाई
> म जीवन भन्छु
> बैँसको बाढीले नबगाउने उज्यालोलाई
> म प्राप्ति मान्छु
> काँचो शरीर होइन, मलाई तिम्रो मजबुत हृदय चाहिन्छ। (पृ. ५६)

यी पङ्क्तिमा कविले प्रेमको जीवनको शाश्वत सौन्दर्यको खोजी गरेका छन्। यौवनको आँधीबेरी र शारीरिक आकर्षण तथा सन्तुष्टिमा प्रेम नपाइने तथ्य यसले प्रस्तुत गरेको छ। यस्तै बैँसको बाढीभन्दा मजबुत हृदयतर्फको आकर्षणको भाव पनि यसमा पाइन्छ। यसले शरीरप्रतिको आकर्षणबाट माथि उठेर भावनात्मक सम्बन्धतिर प्रेमलाई डोऱ्याउने लक्ष्य राखेको छ। वर्तमान समयमा युवायुवतीमा झाँगिँदै गएको वासनात्मक प्रेमप्रतिको वितृष्णा र आत्मिक तथा अमर प्रेमप्रतिको मार्गदर्शन यस कविताको मुख्य लक्ष्य देखिन्छ।

हृदय एउटासँग साटिसकेपछिको वैवाहिक सम्बन्धमा आत्मिक सन्तुष्टि नहुने सन्दर्भको पनि कविले 'हृदयको सन्दुक' शीर्षकको कवितामार्फत चित्रण गरेका छन्। यस कवितामा दाइको साथीलाई सपनाको राजकुमार मानेर हृदयमा सजाएकी युवतीले अर्कैसँग विवाह बन्धनमा बाँधिएपछि लोग्नेलाई प्रेमको नाममा आफूमाथि बलात्कार गर्ने बलात्कारीको उपमा दिएकी छ। यसले पनि शारीरिक सम्बन्धभन्दा हृदयको सम्बन्ध बलियो हुने तथ्यलाई प्रस्ट पारेको छ।

'सम्भना साँभ' शीर्षकको कवितामा कविले ठमेलमा एक साँभ बिताउँदाको क्षण प्रस्तुत गर्दै आधुनिक जमानामा रमभममा लिप्त बन्न खोजेका युवायुवतीको असन्तुष्टि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका भछन्। आधुनिकता र स्वतन्त्रताको नाममा शारीरिक सन्तुष्टिको खोजीमा भौँतारिएका युवायुवतीको अप्राकृतिक यौन सम्बन्धदेखि लिएर मदिरामा रमाएर लाजलाई चपाइरहेका र धूवाँमा रङ्गिएका उच्छृङ्खल मानिसको कामुक दृश्यभन्दा हृदयमा सजिएकी प्रेमिका नै बढी सम्मानित र सुन्दर भएको सन्दर्भ पनि प्रस्तुत गरिएको छ।

यसरी लोहनीका कवितामा वासनात्मक प्रेम र शारीरिक सौन्दर्यभन्दा हृदयले गरिने प्रेम अमूल्य भएको भाव पाइन्छ। उनले प्रेम जीवन परिवर्तनको सार्थक आधार र जिउने माध्यम भएको भावसमेत व्यक्त गरेका छन्। यस्तै लोहनीका कवितामा प्रेमको अनन्त र शाश्वत पक्षको पक्षपोषण तथा वासनात्मक प्रेम र आधुनिकताप्रतिको रसहीन सम्बन्धप्रतिको व्यङ्ग्य पाइन्छ।

**'मृत्युको अघिल्तिर'-मा जीवनप्रतिको प्रेम**

प्रस्तुत कृतिमा जीवन र मृत्युको शाश्वत चक्रलाई जान्दाजान्दै पनि मृत्युअघि जीवनप्रतिको प्रेम र उज्यालो जीवनको अपेक्षा मुखरित गरिएको छ। जीवनका अँध्यारा पाटाहरूलाई चिर्दै उज्यालोको खोजी गर्नु र जीवन सुन्दर ढङ्गले बाँच्ने मार्ग रोज्नु यस कवितासङ्ग्रहको तेस्रो भागमा समेटिएका कविताको मूल आशय देखिन्छ। अल्बर्ट कामूको गोदोतको प्रतीक्षामा अभिव्यक्त भएझैँ व्यर्थ र विसङ्गत जीवनको अघिल्तिर सङ्गति र अस्तित्वको खोजीको लक्ष्य यी कवितामार्फत प्रस्तुत भएको देखिन्छ।

'मृत्युको अघिल्तिर' शीर्षकको कवितामा कविले आफ्नो जीवनप्रतिको प्रेम र मृत्युप्रतिको भय यसरी प्रस्तुत गरेका छन्–

> लाग्छ, कविता लेखेकै कारण मारिने छु म
> प्रेम गरेकै कारण रोकिने छ मुटुको चाल
> सोच्नु काफी छ
> यस्तै केही सोच्दासोच्दै एक दिन मारिने छु म
> जसरी मारिन्छन् मानिसहरू। (पृ. ७६)

मानिसको जन्म र मृत्यु नचाहेरै घटित हुने परिघटना हुन्। तर जन्मिसकेपछि मृत्युलाई जितेर अस्तित्वमा खडा हुन चाहनु मान्छेको स्वभाव बनिदिन्छ। यी पङ्क्तिमा पनि कविले कविता लेखेकै कारण होस् वा प्रेम गरेकै कारण किन नहोस्, जब आफू कसैद्वारा मारिन्छु तब मृत्युकै बारेमा सोच्नु पनि बेकार हुने छ भन्ने विषय बडो मार्मिक तरिकाले प्रस्तुत गरेका छन्। यसले अभिधामा भन्दा पनि व्यञ्जनामा मृत्यु जित्ने मनसाय प्रस्तुत गरेको छ भने मृत्यु शाश्वत भएकाले अवश्यम्भावी छ भन्ने निष्कर्षमा पुगेपछि धरतीमा आफ्नो जीवन छँदा नै केही उल्लेखनीय काम गरिसक्नुपर्ने आशयलाई सङ्केत

गरेको छ। मृत्युसँग डराएर होइन, जुधेर जीवनकालमै नमर्ने कीर्ति स्थापित गर्न सक्नुपर्छ भन्ने सन्देशका साथै जीवन मोह र अस्तित्वको खोजी यसमा पाइन्छ।

जीवनलाई बाँच्न नजानिएको र केही उल्लेखनीय कार्य गर्न नसकिएको पश्चात्ताप कविले 'इच्छामृत्यु' शीर्षकको कवितामा प्रस्तुत गरेका छन्। जीवन बाँच्ने कला सोच्न नभ्याईकन कलिलो घामका किरणझैँ जीवन बितेको सन्दर्भमार्फत कविले जीवन नबुझी जीवन नै सकिन लागेको चिन्ता व्यक्त गरेका छन्। इच्छामृत्युका लागि अस्ताउँदै गरेको सूर्यसँग कामना गरिरहेका पनि छन्। यसले कवि मृत्युलाई हाँसीहाँसी स्वीकार गर्न तयार रहेको भाव एकातिर देख्न सकिन्छ भने अर्कातिर छोटो जीवनमा केही गर्न नभ्याउँदै अस्ताउने समय आएको प्रतिको चिन्ता पनि समेटिएको हुनाले विरोधाभासपूर्ण अभिव्यक्ति यस कवितामा पाउन सकिन्छ।

'उज्यालो दर्शन' शीर्षकको कवितामा जन्म दिने आमा साथमा हुँदा जीवन नै उज्यालो हुने भाव प्रस्तुत गरिएको छ। आमाको साथ सदैव पाइरहने चाह राख्नु पनि जीवनप्रतिको मोह नै हो। अनिश्चित जीवन बोकेको एक व्यक्तिले अर्को जीवनको सदैवको साथको अपेक्षा गर्नु न्यायोचित र सान्दर्भिक नहुँदानहुँदै पनि मानव मनले सधैँ उज्यालो साथको अपेक्षाको लोभमा जीवन बिताइरहेको हुन्छ भन्ने दार्शनिक विचार यसमा अभिव्यक्त भएको पाइन्छ। यसर्थ यस कवितामा पनि जीवनप्रतिको मोह अभिव्यञ्जित भएको छ।

वैज्ञानिक आविष्कारसँगै मानवले विभिन्न क्षेत्रमा गरेको यान्त्रिक विकास तथा कम्प्युटरको आविष्कारले जति फाइदा लुटिरहेको छ त्यसरी नै मानव जीवनका दुःखजतिलाई सेलेक्ट गरेर डिलिट गर्न पाए सुखको जीवन बिताउन पाइने अपेक्षा कविले 'डिलिट दुःख' शीर्षकको कवितामा प्रस्तुत गरेको पाइन्छ। यस कवितामा ऊ पात्रले यस किसिमको यन्त्रको छिट्टै निर्माण गरिदेओस् भन्ने अभिव्यक्तिमार्फत आफ्नो सुखद जीवनको अपेक्षा सजिलै अरू कसैले पूरा गरिदेओस् भन्ने चाहना मानवमा भएको धारणा पनि प्रस्तुत गरिएको छ। यसले मानव जातिमा भएको सुखद जीवन भोगप्रतिको मोह, आफ्नो शून्य योगदान र सुखभोगका लागि तत्पर जीवन तथा त्यस किसिमको जीवन भोगाइतिर आकर्षित शरीरको माध्यमबाट मानव जीवनप्रतिको प्रेमलाई नै द्योतन गरेको छ।

'आत्मज्ञान' शीर्षकको कवितामा कविले मानव जीवनको रहस्य बुझेको भन्दै जीवनप्रतिकै प्रेम यसरी प्रस्तुत गरेका छन्–

बुझ्यौ मणि
व्यर्थै मैले तीसतीस वर्ष खेर फालेँ
जीवनभन्दा शाश्वत रङ
र दुःखभन्दा कालजयी चित्र
अहँ, अरू हुँदै हुँदैन रहेछ। (पृ. ९६)

यी पङ्क्तिमा कलाकारले आफ्नो कलाभन्दा जीवनलाई नै महत्त्व दिएको सन्दर्भ प्रस्तुत गरिएको छ। यसमा क्यानभासमा कोरिएको पोर्ट्रेटभन्दा जीवनका शाश्वत रङ र दुःखका कालजयी चित्र ठूलो हुने कलाकारको अभिप्रायका साथमा आफूले ३० वर्षको समय व्यर्थ खेर फालेको तथ्य प्रस्तुत गरिएको छ। यसमा जीवन खेर फालेको पश्चात्तापले जीवनप्रतिकै मोहलाई सङ्केत गरेको छ।

यसरी जीवन भोगाइका शाश्वत पक्षलाई उजागर गर्दै मृत्युको सम्मुख उभिएर पनि त्रसित मानसिकता त्यागी सुन्दर जीवन बाँच्नुपर्ने भावलाई कविले जोड दिएको पाइन्छ। केही कवितामा मृत्युप्रतिको भय केन्द्रीय कथ्य बनेको भए पनि धेरैजसो कविताले सन्त्रासलाई बिर्सेर जीवनकालमा अमर कीर्ति गरेर मानव जीवनको अस्तित्वलाई बचाउन सक्नुपर्ने भाव मुखरित गरेको छ। यसर्थ दुःख र सन्त्रास जीवनका जन्म र मृत्युजस्तै शाश्वत पक्ष हुन् र जीवन नबुझेसम्म मान्छेले केही बुझ्दैन भन्ने जीवन दर्शन लोहनीका कविताले बोकेको पाइन्छ। मृत्युसँग सन्त्रस्त केही विरोधाभास र निष्कर्षहीन प्रवृत्तिका कविता हुँदाहुँदै पनि उनका समग्र कविता पढिसकेपछि मृत्युलाई सदाका लागि जितेर अमरत्वप्राप्तिको खोजीमा जीवन सक्रिय हुनुपर्ने भाव प्रबल बनेको पाइन्छ। यसर्थ आशावादी, जीवनवादी र सांसारिकताभन्दा माथि उठेर जीवन अमर हुन्छ भन्ने सन्देश लोहनीका कविताको विशेषता बनेको छ।

## निष्कर्ष

लोहनीको 'मृत्युको अधिल्तिर' शीर्षकको कवितासङ्ग्रहमा राष्ट्रप्रेम, प्रेमप्रणय तथा मानव जीवनप्रतिको प्रेम गरी त्रिपक्षीय प्रेम प्रस्तुत गरिएको छ। पहिलो खण्डका कवितामा प्रस्तुत भएको राष्ट्रप्रेमले देशभित्र गणतन्त्र स्थापनापछि पनि बढ्दै गएका अनैतिक क्रियाकलाप, विभेद, बलात्कार, अस्थिर राजनीति, विकृति, विसङ्गतिको चिरफार गर्दै सम्मुन्नत राज्यको अपेक्षालाई जोड दिइएको छ। सचेत नागरिकको हिसाबले सर्जकले आफ्नो राज्यमा भएका यस किसिमका दुराचार र बेथितिको अन्त्य नभएसम्म देशका नागरिकहरूले सन्तोषको सास फेर्न नसक्ने भावको माध्यमबाट राष्ट्रप्रेमको भावलाई उजागर गरेका छन्। पहिलो कविता 'मानचित्रमा उभिएर'–ले कविको राष्ट्रलाई विश्व र राष्ट्रप्रेमलाई विश्वप्रेम भनिरहँदा त्यसको अपेक्षा स्वैरकाल्पनिकझैँ प्रतीत हुन्छ। वर्तमान समयमा त्यहाँसम्मको कल्पना कल्पना मात्रै भए पनि कविको व्यापक मानसिकताको सार्थकतातिर ध्यान नदिंदा कवि कल्पना तथा चेतना सीमाहीन र विभेदहीन पृथ्वीप्रेमबाट खुम्चिएर देशप्रेममा सार्थक एवम् सान्दर्भिक बन्छ। यस्तै सेक्सपियर र लाओ चूका प्रेमसम्बन्धी शाश्वत धारणाझैँ लोहनीका कविताले आत्मसात् गरेको युवायुवतीको प्रेमप्रणय दोस्रो खण्डका कवितामा प्रस्तुत भएको छ। विशेष गरी आत्मिक प्रेम शाश्वत र अमर हुने तथा यसले प्रेमीप्रेमिकालाई वियोगमा पनि शक्ति दिएर सच्चा प्रेममा त्यागमा समेत सन्तुष्टि मिल्ने भाव उनका कवितामा अभिव्यक्त भएको छ। यस्तै जीवन बाँच्नु भनेको

केही अमर कीर्ति गर्नु हो र त्यसका लागि मृत्युको सन्त्रासलाई जितेर जीवनकालमै उल्लेखनीय कार्य गर्न सक्नुपर्छ भन्ने भाव अन्तिम खण्डका कवितामा प्रस्तुत भएको छ। यसले जीवन र मृत्युको शाश्वत चक्रलाई जान्दाजान्दै पनि मानव जीवनको अस्तित्वका लागि उज्यालोतिर लम्कने जीवनोन्मुख प्रेमको पक्षमा वकालत गरेको छ। यस्तै अनेक बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगबाट अभिधामा भन्दा लक्षणा र व्यञ्जनामा त्रिपक्षीय प्रेम प्रस्तुत गरेका उनका छोटा कविताहरूले प्रेमको नाममा हुने गरेका विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्यको गहन भावलाई वहन गरेका छन्। यसरी लोहनीका कवितामा राष्ट्र, प्रणय र मानव जीवनप्रतिको प्रेमजस्ता त्रिपक्षीय प्रेम मृत्युको सम्मुख उभिएर अस्तित्वको लडाइँमा विजयी बनेको देखिन्छ।

●

निमग्ना घिमिरे

# 'न्युरोडका झाँकी'-भित्रका १९ झाँकी



'न्युरोडका झाँकी' (२०७७) तुलसीहरि कोइरालाद्वारा रचित कथाहरूको सङ्ग्रह हो। विषयवस्तुगत विविधता पाइने प्रस्तुत सङ्ग्रहका प्रायः कथाहरू यथार्थपरक छन्। मूलतः सामाजिक विषयवस्तुमा केन्द्रित कथामा मनोवैज्ञानिक, राजनीतिक, आर्थिक, प्रशासनिक आदि सन्दर्भको प्रस्तुति पनि पाइन्छ। यसमा देशभक्तिपूर्ण भावना तथा मानवतावादी विचारको प्रस्तुति पाइनुका साथै सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा देखा परेका विकृति तथा विसङ्गतिको चित्रण गरिएको छ र सुधारको अपेक्षा पनि गरिएको छ।

'न्युरोड' कथाकारले केवल जुद्ध सडकको नयाँ नामकरणलाई मात्रै लिएर भनेका होइनन्। यस कुरालाई कथाकारले आफ्नो भनाइमा स्पष्ट पारेका पनि छन्। जुद्ध सडक, नयाँ सडक हुँदै न्युरोड भएको सन्दर्भ र बदलिँदो समय परिवेश, व्यवस्था परिवर्तन, समाज रूपान्तरण, मनवीय सोच र व्यवहारसमेतको नयाँपनलाई न्युरोडले इङ्गित गरेको छ र यी सबै कुराको संयोजन 'न्युरोडका झाँकी'-मा कथाकारले गरेका छन्।

प्रस्तुत सङ्ग्रहका धेरैजसो कथामा सामाजिक विषयवस्तुको प्रस्तुति पाइन्छ। तिनमा नेपालको ग्रामीण तथा सहरिया परिवेशका सामाजिक र पारिवारिक समस्या, आपसी बेमेल तथा विभेदको अवस्था, पीडक र शोषकका स्वार्थी प्रवृत्ति, शोषित तथा पीडितका कठिन, सङ्घर्षपूर्ण र दयनीय अवस्थाको चित्रण गर्नुका साथै सामाजिक विभेद,

विकृति र विसङ्गतिको आलोचना गर्दै समाज सुधारमा जोड दिइएको छ। यस सङ्ग्रहका 'न्युरोडका झाँकी', 'ख्वाइँमाया', 'कुरुवा', 'बेलायती हाँसो', 'भुँडे बापूजी', 'विज्ञापन', 'चोख्याइएको गाउँ', 'दसैंको केरा', 'खातुनी भाउजू', 'डीभी चिट्ठा' आदि सामाजिक विषयवस्तुका कथा हुन्। प्रस्तुत सङ्ग्रहकै शीर्षक दिइएको 'न्युरोडका झाँकी' कथामा राजधानी सहर काठमाडौंको नयाँ सडकमा माग्न बसेका थरीथरीका माग्नेका कथा प्रस्तुत गरिएको छ। यसमा न्युरोड अर्थात् नयाँ सडकमा विभिन्न किसिमका व्यापार हुने चर्चा गर्दै एकले अर्कोसँग प्रतिस्पर्धा गरेझैँ अनेक बहाना बनाउँदै माग्न बस्नेको सङ्ख्या दिनप्रतिदिन बढ्दै जान थालेको र त्यसकै माध्यमबाट जीवन गुजारा गर्ने प्रवृत्ति बढेको कुरा यसरी चित्रण गरिएको छ–

दृश्य उभिएका छन्, दृश्य दौडेका छन्, दृश्य स्थिर छन्, दृश्य चल छन्। जमाना प्रतिस्पर्धाको छ। प्रतिस्पर्धामा अगाडि नपरी जितिंदैन। मागेर पेट पाल्नेले पनि माग्ने कलामा पारङ्गत हुनैपर्छ। रोग-घाउ देखाएर, सहानुभूति बटुलेर माग्नेले पनि जति सक्दो सिकिस्त र कुरूप-डरलाग्दा घाउहरू बनाउनैपर्छ। जसले बढी घाउ देखाउन सक्यो उसले बढी कमाउँछ। (पृ. २२)

यसरी प्रस्तुत कथामा नयाँ सडकमा माग्न बसेकाहरूका कथा प्रस्तुत गर्दै मागेर खाने संस्कृतिको विकास हुँदै गएको, यसले पेसाकै रूप धारण गर्न थालेको र एक किसिमको व्यापारझैँ बन्न पुगेको उल्लेख गर्दै कथाकारले यसप्रति चिन्ता प्रकट गरेका छन्।

कथाको मूल पात्रका रूपमा खडा गरिएको सानो केटो कथाको उठानमा सबलाङ्ग हुन्छ र अपाङ्गता भएको आफ्नो दाजु जसरी हिंड्न नजान्दा दाजुको हप्की खाइरहेको हुन्छ। तर कथाको अन्त्यमा पुग्दा ऊ पूर्णतः दाजुजस्तै भइसकेको हुन्छ। यो दृश्य ज्यादै कारुणिक छ र पाठकलाई द्रवीभूत बनाउँछ।

वैदेशिक रोजगारीप्रतिको आकर्षणका कारण आएको पारिवारिक विखण्डन, पति बिदेसिएपछि स्वार्थी पुरुषहरूको स्वार्थको चपेटामा परेकी नारीले भोग्नुपरेको कष्ट तथा पीडाको चित्रण 'ख्वाइँमाया' कथामा गरिएको छ। 'कुरुवा' कथामा नेपाली समाजमा विद्यमान आर्थिक विषमता, गरिब परिवारका कष्ट तथा पीडाको चित्रण गरिएको पाइन्छ। त्यसै गरी 'बेलायती हाँसो' कथामा वर्गभेद तथा बेरोजगारी समस्या कायम रहेको, धनी र सम्पन्न जीवनको आशामा गरिब धरती आकर्षित भएकी तर उसले अनेक हन्डर खान बाध्य हुनुपरेको देखाइएको छ। यसमा एक पुरुषले गरिब धरतीलाई आफू धनी र अविवाहित भएको देखाई प्रेमजालमा फसाएर बिहे गरेको तर उसको वास्तविकता पत्तो पाएपछि धरती उसलाई छाडेर हिंडेकी, जीवन गुजारा गर्न काम खोज्दै जाँदा नपाएपछि यौन व्यापारमा लागेकी र अन्ततः एक बेलायती पुरुषसँग बिहे गरेकी छ। बाबुआमाको अकालमा मृत्यु भएर असहाय अवस्थामा पुगेका तथा नाजायज सन्तान जन्माएर सडकमा

फालिएका सडक बालबालिका, तिनको कष्टकर जीवन, सुकुम्बासीका समस्यालाई 'भुँडे बापूजी' कथामा उतारिएको छ। 'विज्ञापन' कथामा गाउँबाट सहर प्रवेश गरेका परिवारका समस्या, सन्तान आआफ्नै काममा व्यस्त हुँदै गएपछि वृद्धवृद्धाले आफ्नो मनको बह पोख्न नपाउँदा दिनप्रतिदिन उनीहरूमा मानसिक समस्या बढ्दै जान थालेको आशय अभिव्यञ्जित छ।

त्यसै गरी 'चोख्याइएको गाउँ' कथामा देशमा बहुदलीय व्यवस्थाको स्थापना भइसक्दा पनि नेपालका कतिपय गाउँमा जातीय विभेद कायमै रहेको उल्लेख गर्दै त्यसको आलोचना गरिएको छ। 'दसैंको केरा' र 'खातुनी भाउजू' कथामा नेपाली समाजमा वर्गीय विभेद कायम रहेको चित्रण गर्दै कथाकारले त्यस्तो विभेदको विरोध गरेका छन्। वर्गभेदका कारण अपराध गरे पनि पैसाको आडमा धनी चाहिं सजिलै उम्कन सक्ने तर गरिब कानुनी सजाय भोग्न बाध्य हुनुपरेको अवस्थामा 'खातुनी भाउजू' कथाकी नारी पात्र खातुनीले पति जेल परेको र सजाय काटिरहेको कुरा यसरी बताएकी छ–

"लागू औषधको व्यापार गऱ्यो भनेर आरोप लगाएर समातेका हुन्। मुद्दा चलाएर ११ वर्षको जेल सजाय सुनाएको छ। तर उसले त्यस्तो काम गरेको होइन, ऊ काम गर्ने अफिसको साहूले फसाइदिएको हो। गरिबलाई फसाइदिएर आफू चाहिं आरामले बसेको छ।" (पृ. ९९)

यसरी प्रस्तुत सङ्ग्रहका कथामा सामाजिक विषय मुख्य रूपमा प्रस्तुत गरिएको छ र यसअन्तर्गत सामाजिक तथा पारिवारिक समस्या, लैङ्गिक, जातीय, वर्गीय विभेद आदिको यथार्थ चित्रण गर्दै तिनको आलोचना गरिएको छ। नेपाली समाज पितृसत्तात्मक रहेको, पुरुषलाई प्रधानता दिने र नारीलाई विभेद गर्ने गरिएको प्रस्तुति पाइने कतिपय कथा नारी समस्यामा केन्द्रित छन्। कतिपय नारीले स्वतन्त्र ढङ्गले बाँच्न नपाएको र स्वार्थी पुरुषको शोषण सहन बाध्य हुनुपरेको देखाइएको छ भने कतिपय कथामा आफूमाथि भएको अन्याय र विभेदका विरुद्ध विद्रोह गर्दै स्वतन्त्र जीवन बाँच्न सङ्घर्षरत नारी पनि देखिन्छन्। 'बेलायती हाँसो' कथाकी धरतीले विवाह गरेर छोरो जन्माइसकेपछि पनि आफूलाई धोका दिने पति त्यागेर हिंड्नु, 'ओदानको फेटा' कथाकी भावनाले आफू १४ वर्षको उमेरकी हुँदा नै आफ्नो इच्छा विपरीत ५० वर्ष काटेको पुरुषसँग भएको अनमेल विवाहलाई स्वीकार गर्न नसक्नु र उक्त पतिलाई लत्याई घरै छाडेर हिंड्नु, 'थुइक्क पानीमरुवा' कथाकी दिव्येश्वरीले आफ्नो चाहनाअनुसारको लोग्ने नभएपछि लोग्ने र घर छाडेर हिंड्नु यसका उदाहरण हुन्। कतिपय कथामा लैङ्गिक विभेदको विरोध गर्दै परम्परागत पितृसत्तात्मक सोचाइबाट माथि उठेर नारी र पुरुषका बीच समानता हुनुपर्ने विचार व्यक्त गरे पनि कथाकार कोइरालाले धेरैजसो नारीलाई परम्परागत सामाजिक मूल्य र मान्यताकै स्वरूपमा हेरेका छन्। जस्तै 'ख्वाइँमाया' कथाकी मायालाई आफूमाथि भइरहेको अन्याय, अत्याचार र शोषणको पत्तो नै नपाउने सोझी र निरीह नारीका रूपमा

चित्रण गर्नु, 'बेलायती हाँसो' कथामा धरतीले आफूलाई धोका दिएको भन्दै लोग्नेलाई छाडेर हिंडेको कुरा गर्दा म पात्रले 'दुइटी श्रीमती हुनेहरू धेरै छन्, त्यो हवल्दार मात्र होइन; मिलेर बस्दा नहुने केही छैन, ...समाजका लागि पनि राम्रो हुन्छ; लोग्ने छाडेर बसेकीलाई कुरा काट्छन्, चरित्रमा खोट नभए पनि खोटै देखाउँछन्' (पृ. ५२) भनेर उक्त लोग्नेकै घरमा फर्किएर साथमा नै बस्न आग्रह गर्नु, 'ओदानको फेटा' कथामा आफ्नो इच्छा विपरीतको त्यसमा पनि उमेर अमिल्दो विवाहप्रति असहमति जनाइरहेकी र उसलाई छाडेर हिंड्ने कुरा गरिरहेकी भावनालाई 'जे हुनु भइगयो, एक मानो खानका लागि दुःख छैन, गरेर खान सकिहाल्छ्यौ, घर खाऊ' (पृ. ११४) भनेर म पात्रले सम्झाउनु आदि यसका उदाहरण हुन्। यद्यपि यी भनाइमा कथाको म पात्रले संयोजनकारी भूमिका निर्वाह गरेर पारिवारिक मिलनको बाटो देखाउन खोजेको पनि अनुभूत हुन्छ। नारीमाथि पुरुषको उत्पीडन छ, दलन छ; त्यसलाई हटाउन घरैबाट पुरुषसँगै जुधेर मात्र सम्भव छ भन्ने भाव यी कथाले व्यक्त गरेका छन्।

उल्लिखित सङ्ग्रहमा सङ्गृहीत 'कुरुवा' र 'बिना पार्टीको मान्छे' कथामा बालमनोविश्लेषण प्रस्तुत गरिएको छ भने 'ओदानको फेटा', 'थुइक्क पानीमरुवा', 'तृष्णा र तृप्ति' कथामा यौन मनोविश्लेषण गरिएको पाइन्छ। 'कुरुवा' कथामा लगभग तीन वर्षकी बालिकाको घर मोह, उसका गरिब बाबुआमाले आफ्नै घर बनाउन नसकेका कारण भाडामा बसेको, पैसा जोगाउन सकिने आशामा एक दिन भाडाको बसाइ छाडेर बनाउन लागेको अर्काको घरको सामान कुर्ने कुरुवाका रूपमा नजिकैको छाप्रामा सरेको, छाप्रामा आफ्ना बाबुआमाका साथ आफू मात्र बस्न पाएकाले सानी बालिकाले उक्त छाप्रालाई आफ्नै घर ठानी छाप्रो छाडेर कतै नगई त्यही छाप्रोभित्र र वरपर नै खेल्दै रमाइरहेको आदि क्रियाकलापको चित्रण गर्दै बालिकाको मनोविश्लेषण गरिएको छ। 'बिना पार्टीको मान्छे' कथामा नौ/दस वर्षको बालकको मनोविश्लेषण गर्दै देशभक्त आचार्य नाम गरेको उक्त बालकमा उच्च देशभक्तिको भावना रहेको देखाइएको छ।

प्रस्तुत सङ्ग्रहको 'ओदानको फेटा' कथामा छ कक्षामा पढ्दै गरेकी १४ वर्षीय भावनाको मन्जुरीबिना नै बाबुआमाले जबर्जस्ती बिहे गरिदिएको तर आफूभन्दा झन्डै ४० वर्ष जेठो उक्त पुरुषमा आफूले चाहेअनुरूपको शारीरिक अवस्था नै नभएको हुँदा आफूले उसलाई लोग्नेका रूपमा स्वीकार गरेर साथमा बस्न नसक्ने विचार उसले म पात्रसँग यसरी व्यक्त गरेकी छ–

"त्यस्तो घिनलाग्दो बूढोसँग को सुत्छ? तिमीजस्तो हिसी परेको, खाइलाग्दो र पढेलेखेको भए त कसले मन पराउँदैनथ्यो? मन पराउनलाई हुनुपऱ्यो नि केही न केही। त्योसँग सुत्नुभन्दा त सेरिएर मर्छु बरु।" (पृ. ११४)

"त्यसलाई मेरो शरीर छुन कदापि दिन्नँ। मेरो खुसीले बिहे गरेको भए पो! जबर्जस्ती गर्न खोज्यो, त्यसैले थाप्लोमा अगेनोको तातो ओदान घोप्ट्याइदिएँ।" (पृ. ११५)

यस कथामा भावनाको उमेर अमिल्दो बिहे हुनु, उक्त पुरुष आफूले चाहेअनुरूपको युवक र शारीरिक रूपले हट्टाकट्टा नहुनु, उसबाट आफूले यौन सन्तुष्टि प्राप्त गर्न नसक्ने ठानी भावनाले उसलाई लोग्नेको रूपमा स्वीकार गरेर साथ बस्न चाहेकी छैन भने अन्ततः ऊ लोग्ने र उसको घर नै छाडेर हिंडेकी छ।

यौन मनोविश्लेषण गरिएको अर्को कथा 'थुइक्क पानीमरुवा'-मा दिव्येश्वरी र सीतारामका बीच उमेर मिल्दो बिहे भएको भए पनि दुवैको चाहना नमिलेको, दुवैले एकअर्कालाई आफ्ना निम्ति उपयुक्त नभएको ठानेका र एकले अर्कालाई दोषारोपण गरेका छन्। दिव्येश्वरी आफूलाई यौन सन्तुष्टि दिन नसक्ने ठानेर सीतारामलाई नपुंसक उपनाम दिएकी छ र ऊसँग साथै बस्न नसक्ने भन्दै घर छाडेर हिंडेकी छ भने सीतारामले पनि दिव्येश्वरीलाई पत्नीका रूपमा स्वीकार गरेर साथमा जीवन बिताउन चाहेको देखिँदैन। दिव्येश्वरीले छाडेर हिंडेकोमा खुसी भएको र केही वर्षपछि दोस्रो बिहे गरेको छ। यौन मनोविश्लेषणमा केन्द्रित यी कथामा व्यक्तिले जीवनमा भौतिक सन्तुष्टिभन्दा पनि यौनगत र मानसिक सन्तुष्टि चाहन्छ भन्ने कथाकारको दृष्टिकोण अभिव्यञ्जित छ।

यस सङ्ग्रहमा समावेश भएका 'भूकम्पको निम्तो', 'बिना पार्टीको मान्छे' र 'शान्तबहादुरको सपना' कथामा राजनीतिक विषयवस्तुको प्रस्तुति पाइन्छ। 'भूकम्पको निम्तो' कथामा माओवादी सशस्त्र द्वन्द्व र शान्ति प्रक्रियापछिको परिवर्तित अवस्थाको चित्रण गर्दै नागरिकलाई बाँडिएको सपना विपरीत पार्टीमा फुट, गुट-उपगुटको अवस्था सृजना भएको र नेताहरू सुविधाभोगी बन्दै गएको भन्ने विचार व्यक्त गरिएको छ। 'बिना पार्टीको मान्छे' कथामा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको तर राजनीतिज्ञमा दलीय तथा व्यक्तिगत स्वार्थ हाबी हुँदै गएको, राष्ट्रिय एकता र देश विकासमा ध्यान नपुगेको भन्दै व्यङ्ग्य गरिएको छ। त्यसै गरी 'शान्तबहादुरको सपना' कथामा सबै मिलेर लोकतान्त्रिक व्यवस्था कायम गर्दै देश विकासमा जुट्नुपर्ने अनि मात्र सहिदको सपना साकार हुने कथाकारको विचार अभिव्यक्त भएको छ। देशमा भ्रष्टाचारी प्रवृत्ति बढ्दै गएको, भ्रष्टाचार गर्नेले अकुत सम्पत्ति कमाउने तर इमानदार कर्मचारीलाई भने दैनिक जीवन धान्न नै मुस्किल पर्न थालेको उल्लेख गर्दै भ्रष्टाचारीलाई संरक्षण गरेर नराखी सबै मिलेर कानुनको कठघरामा उभ्याउनुपर्ने आशय प्रस्तुत सङ्ग्रहका 'ठूलो बाको कन्तुर' र 'पिलो' कथामा अभिव्यञ्जित भएको पाइन्छ।

सामाजिक, राजनीतिक, मनोवैज्ञानिक, प्रशासनिक आदि विविध विषयवस्तुको प्रयोग गरिएका प्रस्तुत सङ्ग्रहका धेरैजसो कथामा सहरिया परिवेशको चित्रण गरिएको छ भने केही कथामा ग्रामीण परिवेश चित्रित छ। यसमा सामाजिक, आर्थिक, लैङ्गिक तथा जातीय विभेदको चित्रण गर्दै तिनको विरोध गरिएको छ। यसका साथै सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिको चित्रण गर्दै कथाकारले त्यसप्रति व्यङ्ग्य गरेका छन् र सुधारको अपेक्षा राखेका छन्। धेरैजसो

कथामा सामाजिक यथार्थवादी प्रवृत्ति पाइन्छ भने केही कथामा बालमनोविश्लेषण गरिएको छ। कतिपय कथामा मानवतावादी जीवन दृष्टि अभिव्यञ्जित छ भने कतिपय कथामा कथाकारको देशभक्ति भावना पनि अभिव्यक्त भएको पाइन्छ।

आत्मकथनात्मक शैलीको आधिक्य पाइने यस सङ्ग्रहका कथामा सरल भाषिक प्रस्तुति तथा उखान–टुक्काको प्रयोगले भाषिक मिठास थपेको छ। दुई जना वरिष्ठ समालोचक प्रा. डा. गोविन्दराज भट्टराई र प्रा. डा. कुमारप्रसाद कोइरालाका भूमिकासहितको 'न्युरोडका झाँकी' पठनीय कृतिका रूपमा आएको छ। प्रस्तुत कृति समाज सुधारको अपेक्षा गर्दै देश विकासमा जोड दिनुका साथै नेपाली कथाको विकासमा थप योगदान दिन सफल हुने देखिन्छ।

●

अनीता पन्थी

# स्मृतिलोकमा फर्किंदा



डा. अञ्जना वस्ती (भट्टराई)–कृत 'स्मृतिलोकको यात्रा' एक संस्मरणात्मक निबन्धसङ्ग्रह हो। प्रकारान्तरले जीवनी भने पनि हुन्छ। त्यही जीवनले भोगेका कुरा न हुन्। जब कुनै व्यक्तिको जीवनी पढिन्छ अनि भाषासाहित्यको महत्त्व अझ विशेष लाग्न थाल्छ। एक पटक हिंडिसकेको र अब हिंड्न असम्भव मार्गको एउटै छनोट छ पुनर्यात्राका निम्ति, त्यो हो साहित्य। भाषाको माध्यमबाट विगतमा फर्किएर गरिएका अनन्त यात्रामध्ये 'स्मृतिलोकको यात्रा' पनि त्यस्तै एक रहेको छ।

'स्मृतिलोकको यात्रा'–मा उपलब्धिपूर्ण बचाइका लागि सङ्घर्षरत उहाँको जीवन नारी चरित्रका लागि एउटा प्रेरणाको स्रोत बन्ने छ।

संस्मरण र श्रद्धासुमन खण्ड गरी दुई भागमा विभाजित यस कृतिमा २० वटा रचना समाविष्ट छन्। यसभित्र लेखक मनलाई पाठकले जहाँतहीं भेटिरहन्छ। कहीं प्रसन्न चित्तले हाँसेको मुहार, कहीं सन्तप्त वेदना, करुणा र शोकमा डुबेको कान्तिहीन अनुहार, कहीं सङ्घर्ष र चुनौतीलाई आत्मसात् गर्दै अघि बढेका पाइला, कहीं प्राप्तिले हर्षित मन र त्यसले निर्माण गरेका सबैसबै प्रकारका बिम्ब पाठकमाझ ठिङ्ग उभिएको दृश्य आउँछ। कति ठाउँमा त लेखकले पाठक मनको कुरा कसरी जान्नुभयो होलाजस्तो पनि हुन्छ। यस्तो आभासित हुनु लेखकीय कला हो।

संस्मरण खण्डको पहिलो आलेख 'म : अञ्जना वस्ती भट्टराई'-मा लेखकको आजसम्मको सम्पूर्ण जीवन त्यहीँभित्र खाँदिएको छ। उक्त विवेच्य कृतिका बाँकी रचनाहरू यही आलेखबीचका रिक्त स्थान परिपूर्ण बनाउन र थप अर्थ्याउनका लागि विशेष रहेका छन्। आफू जन्मनुभन्दा अगाडिका केही पृष्ठभूमि, जन्म, शैशवकाल, बाल्यकाल, अक्षरारम्भ, विद्यालय जीवन, धनकुटा क्याम्पसको उच्च शिक्षा, अध्ययनका लागि विश्वविद्यालय प्रवेश, विवाह, कलेजमा शिक्षण पेसा आरम्भ, पुनः काठमाडौं प्रस्थान, विद्यावारिधिका लागि हैदराबादको बसाइ, गृह निर्माण र अन्त्यमा विभागीय प्रमुख हुँदासम्मको आधा शताब्दी अझ बढी लामो जीवनले भोगेका अनुभवहरू यसै रचनामा समाहित छन्।

केटाकेटी बेलाको निष्कपट भावना, निश्छल स्वभाव, अभाव र समस्यामा पनि फुरुङ्ग हुने कृतिभित्रको त्यो बालापन लाग्छ, लेखकको मात्रै होइन, त्यो त हामी सबैको हो। हाम्रै कुरा लेखिएको हो। आफ्नी मुवाँको पैसा चोरेर मन पर्ने कुरा खाएको दिन उहाँ भन्नुहुन्छ– "जहाँ अभाव त्यहाँ उपाय। एक दिन मौका पारेर पाँच वटा एक-एक पैसा झिकी त्यो चना र भुजा खाएको दिन... मुवाँले थाहा पाएर मुड्की लगाएपछि छुट्यो त्यो बानी" (पृ. ११)।

उस बेलाको समय आजको जस्तो थिएन र पनि लेखकको त्यो उदार, दूरगामी र सचेत पारिवारिक परिवेशले नै उहाँलाई आज यस स्थानमा ल्याइपुर्‍याएको छ। त्यति खेरको समयमा विवाहभन्दा पनि पढाइलाई पहिलो प्राथमिकतामा राख्नु सामान्य कुरा थिएन। त्यो एउटा चुनौतीको विषय हो। एम. ए.-को अध्ययन आरम्भ भएपश्चात् बल्ल उहाँको बिहे भएको छ।

जीवनको पर्याय नै सङ्घर्ष हो। जीव विज्ञानका अनुसार बाँच्नका लागि कुनै प्राणीले सङ्घर्ष गर्न सक्दैन भने धरतीमा उसको कुनै पनि अधिकार रहँदैन। त्यस्तै रहेछ मान्छेको अस्तित्व पनि। 'स्मृतिलोकको यात्रा' पढ्दा यही कुराको बोध हुन्छ। अर्को कुरा दुःख, अभाव, जटिलता त्यस्तै अनेक तत्त्वहरू मान्छेको जीवनमा आइरहन्छन्। त्यही समय नै हरकोही व्यक्तिको परीक्षणकाल हो। उक्त परीक्षणमा उत्तीर्ण हुन सकिएन भने बचाइ निरर्थकप्रायः हुन जान्छ। पाठकको दृष्टिमा यहाँ लेखक सम्पूर्णतः उत्तीर्ण हुनुभएको छ। उहाँले 'स्मृतिलोकको यात्रा'-मा आफूलाई कत्ति पनि छिपाउनुभएको छैन। जस्तो बाँच्नुभयो त्यस्तै रूपमा प्रकटित हुनुभएको छ। यस कारणले पनि कृति अझ गहन लाग्छ।

देशको अस्थिर राजनीति, द्वन्द्व, अन्तःसङ्घर्ष, विश्वविद्यालयको पदीय खिचातानी, षड्यन्त्र, विद्यार्थी राजनीतिजस्ता विषय हिजो पनि थिए र आज पनि उस्तै रहेका छन्। यस्तो परिवेशले धेरै कठिनाइ थप्ने गर्छ– "निष्ठावान् शिक्षकका लागि कठिन परीक्षणका घडी आए। शिक्षक, कर्मचारी, विद्यार्थी ससाना अवसरवादी समूहमा विभक्त भई एकअर्काप्रति घातप्रतिघातको लडाइँमा तल्लीन रहन लागे। विश्वविद्यालय शिक्षालय नभएर युद्धस्थलजस्तो प्रतीत हुन्थ्यो" (पृ. ३४)। प्रा. डा. अभि सुवेदीको नाटक 'अग्निपर्व'

र प्रा. डा. गोविन्दराज भट्टराईको निबन्धसङ्ग्रह 'विश्वविद्यालयमा अग्निपूजा' त्यसैका प्रतिच्छाया हुन्– उहाँ भन्नुहुन्छ।

हामी बाह्य रूपमा जति परिवर्तनशील भयौँ त्यति नै आन्तरिक रूपमा हुन सकेनौँ। हिजो र आजको समयका बीचमा धेरै परिवर्तन आए; भौतिक, प्रविधि र सुविधाहरू थपिए; शिक्षित र सभ्य भए; सुखी र सम्पन्न देखिए; तर मानसिक स्तरमा कुनै परिवर्तन नआएकोमा लेखक खिन्न हुनुहुन्छ। आज पनि महिलालाई अर्कै दृष्टिले हेर्ने र सुरक्षाको प्रत्याभूति नहुनेजस्ता कुरा कायमै रहेका छन्। 'विस्मृतिमा छेलिएका अतीतको सम्झना'-मा उहाँले एक पटक आफैलाई सोध्नुभएको छ– कहिले होला हामी चेतनशील र परिष्कृत हुने? अनि सचेत र संयमित पनि?

स्मृतिलोकमा बाल्यकालका ती रमाइला दिनहरू आनन्दका लाग्छन्। सानो बेलाका उत्सविला क्षण र चाडपर्वहरू, त्यतिखेरको सामाजिक संरचना, चालचलन अनि गाउँले परिवेशको चित्रणले ग्रामीण भेगका पाठकलाई आफ्नै ठाउँको सम्झना आउन थाल्छ भने सहरिया भेगका पाठक चाहिँ त्यस ठाउँको कल्पना गर्न थाल्छन्। संस्मरण तथा जीवनी लेखिनुको एउटा कारण यही हो– लेखक बाँचेको समयको पदचाप हराएर नजाओस्। त्यस समयको वस्तुस्थितिबारे अबकालाई के थाहा? परिवर्तन यो स्वाभाविक प्रक्रिया हो। परन्तु त्यसलाई भाषाले जोगाएर राख्नुपर्छ। यही नै हाम्रो परिचय हो। इतिहास हो। लेखकले यस कुरालाई विशेष जोड दिनुभएको छ।

स्वयम् समय नै अस्थिर छ, त्यसैको प्रभावमा हाम्रा गतिविधिहरू, संस्कृति र सभ्यताको स्वरूप पनि परिवर्तित हुँदै जान्छन्, परिष्कृत हुन्छन्। यद्यपि नवीन सभ्यतामा त्यही अतीत झल्किएको हुन्छ। यसर्थ आजका कुनै पनि कुरा नौला र पृथक् छैनन्। बरु केही शुष्क र यान्त्रिक बन्दै गएका छन्। 'अतीतको धनकुटामा चौताराको सम्झना' निबन्धमा यस्तै अर्थ सम्प्रेषण भएको छ।

स्मृतिलोककी यात्री (लेखिका) जहाँ गए पनि मनभरि आफ्ना बन्धुबान्धवलाई सँगसँगै लिएर अघि बढ्नुभएको छ। 'आत्मामा अटाएको आत्मारा' लेखमा उहाँले माइती र मावलीको वंशावली नै तयार गर्नुभएको छ। आफ्ना हरेक खुसी र उपलब्धिमा उहाँले मातापिताको स्मरण गर्दा यस्तो लाग्छ, असल सन्तान हुनुको परिचय यही हो। प्रतिदिन वृद्धाश्रमको स्थापना बढिरहेको यस समयमा प्रस्तुत कृतिले आम पाठकमा सकारात्मक सन्देश दिने छ– मातृदेवो भव, पितृदेवो भव।

समयप्रति ज्यादा सचेत र कर्मलाई पुज्ने, कर्मलाई नै मनोरञ्जनको माध्यम बनाउने व्यक्ति स्वानुशासनमै रमेको हुन्छ। लेखकले 'विद्याव्यसनमा रम्ने गोविन्दराज भट्टराई' शीर्षकमा यही कुरा बताउनुभएको छ।

यस्तै 'विवाह अनेक आमाको मन एक'-मा स्रष्टाका एकदमै वैयक्तिक अनुभूति रहेका छन्। तथापि यो सबैको भोगाइ हो। छोरीलाई पराई घरमा पठाएपछि एउटी आमाको मनमा उठ्ने अन्योल, रिक्तता, नियास्रो, छोरीको अनिश्चित भविष्यप्रतिको

चिन्तामा सबै आमालाई यस्तै हुने गर्छ। विशेष गरी यस रचनाले छोरीका आमालाई संवेदित बनाउने छ।

हाम्रोमा कामको कुनै सम्मान छैन, किनकि हामी अल्प विकसित देशका नागरिक दरिद्र विचारले निर्देशित छौं। अरूको आत्मसम्मानमा चोट पुऱ्याएर आफूलाई उच्च कोटीको ठहऱ्याउछौं। 'संस्कृति र सम्बोधनमा गाँसिएको आत्मसम्मान'-मा यही कुरा आएको छ। कुनै पनि व्यक्तिलाई होच्याउनु यो उसको दोष होइन। उसले त्यही सिक्यो, त्यही जान्यो जहाँ उसलाई हुर्काइएको छ। यसर्थ दोषी व्यक्ति होइन, समाज हो।

प्रस्तुत ग्रन्थका प्रायः रचनाहरू सूक्ष्म विषयको उठान गरी गम्भीर अर्थ बोध गर्न लगाएर टुङ्गिएका छन्। 'भावनासँग सम्बन्धित आँसु' पनि त्यस्तै एक रहेको छ। आँसु उमार्ने पीडा, हर्ष, कष्टहरू अनेक किसिमका हुन्छन्। कति आँसु बाहिरै बगिदिन्छन् त कति भित्रभित्रै। यद्यपि बाह्य रूपमा आँसु नदेखाउनेहरू दुःखी हुँदैनन् भन्ने होइन।

स्मृतिलोकको श्रद्धासुमन खण्डमा ११ वटा निबन्ध सङ्कलित छन्। त्यसमा लेखकका मातापिता, सासूससुरा, हजुरआमा, ठूली आमा तथा आफ्नो निकटमा रहेका स्वजनप्रति भावपूर्ण श्रद्धासुमनले सम्मान गरिएको छ। ती आत्मीयहरूको शोकमा लेखक मन ठाउँठाउँमा फाटेको छ। उदासी छ। ती क्षण र स्मृतिहरू भुलेर भुल्नै नसकिने हुँदा शब्दमा पोखिएर आफूलाई शान्त पार्नकै निम्ति पनि साहित्य रचिँदो रहेछ।

'प्रेरणापुञ्ज हाम्री मुवाँ' र 'आत्मनिर्भरताको दिशातिर हाम्रा बुवाको पथप्रदर्शन'-जस्ता दुई निबन्धमा कतै मैले बीपीको आत्मवृत्तान्त पढ्दै त छुइनँ जस्तो झल्को लाग्यो। लेखक माताको त्यो उत्साह, धैर्य, कहिल्यै नहार्ने स्वभाव, दूरगामी दृष्टि, आत्मनिर्भर व्यक्तित्वमा मैले दिव्या कोइरालाका बारेमा केही जान्दै छु जस्तो भयो। त्यस्तै उहाँका पिताको अग्रगामी चेतनामा मैले कृष्णप्रसाद कोइरालाको व्यक्तित्व देखेँ।

यस निबन्धात्मक सङ्ग्रहमा लेखकले आफ्नी हजुरआमाको सम्झनामा एउटा कविता पनि रच्नुभएको छ। यसले के पुष्टि गर्छ भने उहाँ कवि हृदयकी व्यक्ति पनि हुनुहुन्छ। नातिनी र हजुरआमाबीचको समय, परिवेश र कर्मको अन्तर अनि दृष्टिकोण नै यहाँ मुख्य कुरा रहेका छन्। त्यस्तै पृथक् जीवन शैली र व्यस्तता पनि।

आज पनि कति अभिभावकहरू नबुझ्ने नै हुन्छन्। त्यस समयमा यस्तो सचेतता; छोरा र बुहारीलाई समदृष्टिले हेर्ने, शिक्षाको महत्त्व बुझ्ने आफ्ना सासूससुराको त्यो उदार व्यक्तित्वलाई सम्झिएर लेखक अहिले पनि उत्तिकै आश्चर्यमा हुनुहुन्छ।

स्मृतिलोकका प्रत्येक रचना आफैमा विशेष प्रकृतिका लाग्छन्। परिष्कृत भाषाशैलीले बनिएका यी आलेखहरू कति प्रेरणादायी छन्, कति आश्चर्यचकित पार्ने छन्, कति संवेदनामूलक छन्, कति स्वानुभूतिमूलक रहेका छन्। अनेक सर्दाम मिश्रित 'स्मृतिलोकको यात्रा' निश्चित पाठक वर्गलाई मात्र नभएर सम्पूर्णका लागि स्वागतयोग्य रहेको छ।

●

**कृतिपरिचय**

मणि लोहनी

# समानताको वकालत : 'ग्रिन टावेल'



समाज आधुनिक बन्दै गएको छ। साक्षरता दर बढेको छ। मानिसहरू धनसम्पत्ति र इज्जत-प्रतिष्ठाका लागि निकै मिहिनेत गरिरहेका भेटिन्छन्। हिजोभन्दा आज र आजभन्दा भोलि मानिसको जीवनस्तर पनि बढिरहेको छ। तर समाज जति नै आधुनिक भए पनि नारी र पुरुषबीचको विभेद उस्तै छ। स्वास्नीमान्छे भएकै कारण अहिले पनि प्रताडित हुनेहरूको सङ्ख्यामा कमी आएको छैन। मानिसहरूले डिग्री त हासिल गरे तर ज्ञान र चेतना बढाउन सकेनन् जसका कारण हामी हरेक दिन विभेद र असमानताका परिघटनाहरू देख्न बाध्य छौँ। समाजमा व्याप्त हिंसाका समाचारहरू सुन्न र पढ्न अभिशप्त छौँ।


यही समय कथाकार शान्ति शर्माको नयाँ कथासङ्ग्रह बजारमा आएको छ– 'ग्रिन टावेल'। यो महिला र पुरुषबीचको विभेद र असमानताका परिसन्दर्भहरूले भरिएको कथासङ्ग्रह हो। प्रेम र यौनको पृष्ठभूमिमा लेखिएको महिला संवेदनाका १५ वटा कथाले भरिएको यो सङ्ग्रहमा वर्तमान समाजमा विद्यमान पारिवारिक, सामाजिक र आर्थिक पक्षको मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरिएको छ।

कथाकार शब्दहरूको सहाराले सामाजिक विसङ्गतिलाई केलाउन उद्यत छिन्। उनले आदर्श समाजको कल्पनामा बेथितिहरूको चिरफार गरेकी छन्। कथामा जीवन उतार्न खप्पिस उनी प्रेम, संवेग र यौन मनोविज्ञान लेख्छिन्। नारीमाथि हुने विभेद जसरी उनले कथामा उतारेकी छन् त्यसै गरी उनले नारीले पुरुषमाथि गर्ने दुर्व्यवहारको पनि विरोध गरेकी छन्। यसबाट उनी समग्र मानवताको पक्षमा छिन् भन्ने प्रस्ट हुन्छ। उनी आफै सङ्घर्षशील नारी भएका कारण कोमलता, समर्पण, सहनशीलता मात्र होइन; उनले नारीभित्रका क्रूरता, बदमासी र बेइमानीलाई पनि लुकाएकी छैनन्।

शान्तिका कथाहरूको सार नारीपुरुष समानता नै हो। त्यसैका लागि उनले कथाको माध्यमबाट वकालत गरेकी छन्। तर केही कथामा उनले गरिरहेको वकालत प्रस्ट र ज्यादा मुखरित हुँदा सन्देश दिनकै लागि कथा लेखेको भान पर्छ। संरचनागत हिसाबले सुन्दर कथाहरू पढिरहँदा पाठकहरू रोमाञ्चित हुन सक्छन्। कति स्थानमा पाठक संवेदित र भावुक बन्न पुग्छन्। तर केही कथामा दृश्य र घटनाको ज्यादा विश्लेषण र विवरणात्मक अभिव्यक्तिले पाठकलाई अलमल्याउने खतरा पनि छ।

म आफै पनि यही समय कथा लेखिरहेको छु। मलाई पनि मानिस, सम्बन्ध र प्रेमका विषयमा कथा लेख्न मन पर्छ। शान्तिले पनि आफ्नो मुख्य विषय यसैलाई बनाएकी

छन्। तर उनले प्रस्टसँग समानताको पक्षमा गरेको वकालत मलाई निकै मन पर्‍यो। अझ मलाई रमाइलो लागेको के हो भने समाजको आनीबानी, व्यक्तिका कुण्ठा र मनोविज्ञान शैलीगत रूपमा उनले कथाहरूमा उतारेकी छन्। कतिसम्म भने नारी संवेदना र चाहना उनले इमानदारीसाथ प्रस्तुत गरेकी छन्।




सबै कथाको बुनोट र विषय उठान शक्तिशाली छ र त्यही अनुपातमा केही कथामा भाषाले चुस्तता माग्छ जसका कारण सबै कथा शक्तिशाली हुन सकेका छैनन्। तर केही कथामा भएका छोटा वाक्य विन्यास र सरल शैलीले पाठकलाई तानिरहन्छन्। त्यसो त शक्तिशाली केलाई मान्ने भन्ने प्रश्न व्यक्ति र ऊ बाँचेको परिवेशअनुसार फरक हुन सक्छ। शान्तिका कथाहरूले जुन विषयलाई समाएका छन् त्यही विषयमा कहिलेकाहीं पात्र छनोटमा कमजोरी देखिन्छ। कतै संवादमा समस्या छ, तर यसो भनिरहेको केही कथाका सन्दर्भमा हो। अधिकांश कथा अब्बल छन्।

शान्तिका कथाको ध्येय हो– नारी कमजोर छैनन्। उनले हरेक कथामा कतै न कतैबाट यही ध्येयलाई उजिल्याएकी छन्। भन्छिन्– "प्रेमको नाममा हुने धोकादेखि लिएर हत्या, हिंसा, बलात्कार, कुप्रथा आदिका विषय त झन् उठाइनसक्नु छन्। पछिल्लो समय हिंसामा पर्ने मानिसको सङ्ख्या हेर्ने हो भने चार भागमा तीन भाग महिला छन्। बाँकी एक भाग पुरुष हिंसालाई पनि प्रतिनिधित्व गरी कथा लेखेकी छु।"

शान्तिलाई थाहा छ, समाजका सबै लोग्नेमान्छे खराब छैनन्। र, उनलाई यो पनि राम्रोसँग ज्ञान छ, सबै स्वास्नीमान्छे असल छैनन्। 'ग्रिन टावेल'–मा पितृसत्तात्मक सोचले ग्रस्त समाजका अनेकन् तस्बिर छन्, तर लैङ्गिक रूपमा कथाकार प्रभावित छैनन्। उनले आफ्ना कथामा समाजको यथार्थ चरित्रलाई चित्रण गरेकी छन्। मानिसभित्रका प्रेम, आकर्षण र यौन मात्र होइन; रिस, राग र प्रतिशोधलाई पनि कथामा उतारिएको छ। हरेक कथाको शीर्षक प्रिय र सार्थक छ। फरक र मीठा बिम्बहरू प्रयोग भएका छन्। पाठकलाई सहज बनाउन प्रयोग भएका मिथक र बिम्बहरू हाम्रै चलनचल्तीका छन्। त्यसले पढिरहँदा पाठकलाई रमाइलो बनाउँछ। चितवन र आसपासको परिवेशको प्रायजसो कथामा चित्रण गरिएको छ। कथालाई 'अति यथार्थ' बनाउन उनले लेखनमा गरेको मिहिनेत र प्रयास मलाई सर्वथा प्रिय लागेको छ।

यो शान्तिको दोस्रो कथासङ्ग्रह हो। यसअघि २०६८ सालमा उनको 'पहिलो प्रेमिका' कथासङ्ग्रह सार्वजनिक भएको थियो। अघिल्ला कथाहरूको तुलनामा यस कृतिमा

उनले मारेको फड्कोले नेपाली कथामा उनको सम्भावनाको फराकिलो आकाशलाई प्रस्ट पारेको छ।

पुस्तकको मूल कथा 'ग्रिन टावेल' भिन्न र एकोहोरो प्रेमकथा हो। यसमा एक छात्राको आफ्नै शिक्षकसँगको प्रेम सम्बन्ध पढ्न सकिन्छ। प्रेम पनि के भन्नु? गुरुप्रतिको आसक्ति भन्नुपर्ला। छात्राभित्र गुरुप्रति बढेको आकर्षण गुरुशिष्यबीचको सम्मानलाई नाघेर उदात्त प्रेममा परिणत हुन भ्याउँदैन। तर चाह छ। छात्रा भन्छे– "गुरु गुरु मात्रै रहनुभएन। अब उहाँ त प्रेमी पनि। तर उहाँले नै अघि दिएको गुलाबको फूलजस्तै अप्राकृतिक।" ऊ बोलिरहँदा प्रेम र आकर्षणको चरम रूप महसुस हुन्छ। प्रेम पवित्र छ, निःस्वार्थ र आदर्शशील छ। पात्रकै मुखबाट कथाकार लेख्छिन्– "प्रेमभन्दा शक्तिशाली चिज कुनै नहुँदो रहेछ। मेरो मनमा पनि नजानिँदो तरिकाले गुरुप्रतिको प्रेम भाव उब्जियो। विशुद्ध प्रेम जसमा कुनै विकार तत्त्वको मिसावट नहोस्। आखिर मनै त हो, कसले बात लगाउन सक्छ र चाहेर पनि...!"

सङ्ग्रहमा अर्को शक्तिशाली कथा छ– 'प्रेमातङ्क'। म भएको भए पुस्तकको नाम पनि यही राख्थेँ। कथामा एक प्रेमिकाको मनोविज्ञान देखाइएको छ। विवाहका लागि आफ्नो प्रेमीको प्रतीक्षामा बसेकी किशोरी प्रेमिकाको मनोदशा बुझ्न नसक्ने कठोर मन भएको पुरुषको चित्रण गज्जब छ। कथा पढिरहँदा शान्तिले कसरी पुरुष मनोविज्ञानलाई यति दुरुस्त उतार्न सकेकी होलिन् भनेर म हैरान भएँ। कथामा हरेक पुरुषले आफूभित्रको कमजोरीलाई बुझ्न र महसुस गर्न सक्छन्। अथवा पुरुषले ग्रहण गर्न नसकेको प्रेमको भाव अनुभूत गर्न सक्छन्। किशोरी चेतना र उत्सुकताको स्तरबाट हेर्दा यो कथा मलाई बेजोड लाग्यो।

शिखा बुक्सले प्रकाशन गरेको 'ग्रिन टावेल' समग्रमा शैली, भाषा र सन्देशका दृष्टिले पठनीय कथासङ्ग्रह हो। सरल भाषाशैलीका कारण सर्वसाधारण पाठकले पनि सहजै बुझ्न सक्ने कृतिका रूपमा यो कथासङ्ग्रह रहेको छ।


●

मणि लोहनी

# गीताका कवितामा मौनताका बहुल बोली

वर्षौं भयो मैले कवि गीता कार्कीलाई चिनेको। उनका कविताहरू पढेको। हल्ला र भीडभन्दा अलि पर बसेर एकनास कवितामा साधनारत गीतासँगै एउटै अफिसमा काम गरेको अनुभव पनि छ मसँग। त्यसो त नेपाली कवितामा गीता र म एउटै समयमा छौँ।

हामीले कविता लेखेको समय एउटै हो। हामी दुईले बाँचिरहेको भूगोल र भोगिरहेको पृष्ठभूमि एउटै छ। काठमाडौं खाल्डोमा आयोजना हुने कार्यक्रमहरूमा अक्सर हामी ठोक्किन्छौं।




साथीका रूपमा गीतासँग जति अनौपचारिक भए पनि उनको कविता साधनालाई म सधैं सम्मान गर्छु। सजिला शब्दहरूको माध्यमबाट उनी जीवनको गहिराइलाई समाउँछिन् कवितामा। नपत्याउँदो किसिमले कविताका भावसँग जीवनको गाम्भीर्य व्यक्त गर्ने उनको क्षमता मलाई निकै मन पर्छ। अझ कविता कर्मका लागि उनले जीवनका महत्त्वपूर्ण कालखण्ड व्यतीत गरेकी छन् जसको छुट्टै विश्लेषण र विवेचना हुने नै छ।

आजको सन्दर्भ हो कवि गीता कार्कीको कवितासङ्ग्रह 'आमा किरणहरूको छालमा'। किताबको नाम नै कति काव्यात्मक। त्यसो त सामाजिक सञ्जालमा आज कविता राखेर केही बेरमा नै भाइरल हुनेहरूको भीडमा गीता हराउन सक्छिन्। उनको यो काव्यात्मक शीर्षकको चर्चा र चासो नहुन सक्छ। काव्यको चरम गहिराइ र अनुभूतिको दिव्य रापले धपक्क बलेका उनका कविता असल पारखीका लागि हुन् जुन सञ्जालको पानीफोके चर्चा भन्दा पर मथिँगल हल्लाउने खालका छन् र जसले आजका लागि होइन, निकै लामो समयका लागि मनमा राज गर्छन्।

दैनिक जीवनमा निकै सरल र सहयोगी गीता कवितामा पनि दृढ र निकै आत्मविश्वासी छिन्। उनलाई आफ्नो शब्दप्रति भरोसा छ। कविताको शक्ति र सामर्थ्यमाथि उनलाई घमन्ड छ। यो घमन्ड शासकलाई सेनासँगको घमन्डजस्तो होइन। यो घमन्ड युवतीलाई आफ्नो रूपसँगको जस्तो घमन्ड पनि होइन। गीताको कवितासँगको घमन्ड चरालाई पखेटासँगको जस्तो हो, रूखलाई जरासँगको जस्तो हो। र, 'आमा किरणहरूको छालमा' पढिरहँदा नेपाली कविताको पछिल्लो उपलब्धिले हरकोहीलाई आनन्द दिन्छ।

> माथि पहाडको टाकुराबाट
> फेदीमा हाम फालेर
> उठेको म मान्छे
> मलाई किन बगेको रङ देख्यौ ?
> किन देखेनौ
> नदीमा तारा टल्किएको आकाश ? ('चाहना वनफूल', पृष्ठ ११५)

र, म कविताको यही आनन्दमा 'आमा किरणहरूको छालमा'-माथिको पाठकीय अभिमत राखिरहेछु।

गीता कवितामा मौनताको साधना गर्छिन्। जहाँ बहुल बोलीहरू सुनिन्छन्, शान्त र अनुशासित गीताका कवितामा मौनताको आवाजले मनलाई तरङ्गित बनाउँछ, मस्तिष्कलाई हल्लाउँछ। एउटा तपस्वीको साधनारत आयाम हो गीताको कविता कर्म। हल्ला र चर्चाभन्दा पनि मनभित्र प्रवाहित हुने उनका कविताले समयको गतिलो स्वर बोल्छन्– मौन साधनामा लीन मानिसको जब्बर उपस्थितिजस्तो। हो, गीता गहिरा कविताहरूको माध्यमले नेपाली कविताको आजको समयमा अङ्कित छिन्। उनका कविताको आजको स्वस्थ उपस्थितिले नेपाली साहित्यमा उनको दीर्घायुको सम्भावनालाई प्रस्ट पारेको छ।

यात्रामा छोड्दैछोड्दै आएका
खोलाजस्तै
यात्रामा तर्दैतर्दै आएका
जङ्घारजस्तै
कोही छोडिन्छन् र कतै भेटिन्छ किनार। ('अक्षरहरूको सलाम', पृष्ठ ३७)

नयाँ बिम्ब र प्रतीकहरूले गीताका कविता उचालिएका छन्। उनले कतै कुनै कवितामा लेखेकी छन्– 'तिम्रो छुटेको जिन्दगीका पत्रपत्र मेरा बन्द ओठ हुन्।' पढेर म निकै बेर रन्थनिएँ। कति शक्तिशाली हुन् शब्दहरू। यी शब्दले बोक्ने भावको गहिराइ के कुनै पाठकले शान्त भावमा स्वीकार गर्न सक्ला? के मजस्तो हैरान नभई ऊ गीताका कविताले शान्त रहन सक्ला? मलाई के लाग्छ भने गीताका यी बहुल बोली भएका मौन कविता एक्लै पढ्ने कविता हुन्। गोष्ठीहरूमा गीताका शब्दहरूमाथि न्याय नहुन सक्छ। भीडहरूमा गीताका कविता नसुनिन सक्छन्; किनभने उनका कविताले गम्भीरता माग्छन्, एकान्त र एकाग्रता खोज्छन्। यी पढ्ने कविता हुन्, भीडमा सुन्ने कविता होइनन्। यी तुक्का होइनन्, यी मन्त्र हुन्।

मलाई घात गर्ने मानिस पनि
यतै कतै
मुस्कान पोको पारेर खाममा
प्रेयसीलाई, आफन्तलाई
सौगात पठाउँदो हो। ('नयाँ वर्षमा बाघ, जूनकीरी र चरा', पृष्ठ ६८)

गीताका कवितामा जीवनका आरोह–अवरोह प्रवाहित छन्। मध्यमवर्गीय मानिसका सपना र रहरहरूका बीचमा उभिएर उनका कविताले आजको स्केच कोरिरहेका छन्। यो यस्तो स्केच हो जसका प्रत्येक रेखामा यो समयको दुःखदायी अनुहार छ। यो समयको क्रूरता र असन्तुष्टिलाई क्यानभास बनाएर उनले यो समयको चित्र बनाएकी छन्– शब्दहरूले। बहुल बोलीको मौनतामा यी चित्रहरू वाचाल छन्। उस्तै परे कति ठाउँमा पाठकसँग संवाद गर्न आइपुग्छन्।

४४ वटा कविताले भरिएको 'आमा किरणहरूको छालमा' राम्रो र पठनीय कृति हो। यस कृतिले नेपाली कविताको निकै फराकिलो आकाश देखाएको छ। मेरो शुभकामना छ, गीताको भोलिको यात्रा यही गतिमा अघि बढोस्। म मेरी प्रिय कवि साथीलाई समयको अनुहार बोकेका यी कविताहरूका लागि बधाई दिन्छु।

●

महेश कार्की क्षितिज

# अपरिचित अनुहारको परिचित रूप




महेश पौड्यालको परिचय नेपाली साहित्यमा धेरै विधामा जोडिएको छ। समीक्षा, समालोचना, अनुवाद, कविता लेखन र आख्यान लेखनमा उनी सक्रिय प्रतिभा हुन्। उनका 'अनामिक यात्री' (२०६७) र 'त्यसपछि फुलेन गोदावरी' (२०७४) प्रकाशित कथासङ्ग्र हुन् भने भर्खरै बजारमा 'अपरिचित अनुहार' (२०७८) पछिल्लो कथासङ्ग्रह आएको छ।

१८ वटा कथा समावेश भएको कथाकृति 'अपरिचित अनुहार'-भित्रका कथाले नेपाली समाज र संस्कृतिलाई नै मुख्य विषयवस्तु बनाएका छन्। समाजमा एक्लिएका, असहाय र फरक क्षमता भएका पात्रहरूको प्रतिनिधित्व गराइएको छ। समाजको यथार्थ प्रस्तुत गरिएको यस सङ्ग्रहभित्रका कथाहरूमा नेपाली ग्रामीण परिवेश र सहरी परिवेशमा घटित घटनाहरूको नालीबेली पात्रहरूको चरित्रको माध्यमबाट प्रस्तुत गरिएको छ।

सङ्ग्रहको पहिलो कथा 'बार्दलीको एउटा अनुहार' कथामा पोलियो रोग लागेर घुँडामुनिको भाग नचल्ने नारी पात्रलाई प्रस्तुत गरिएको छ। सधैँ बार्दलीमा बसिरहने अप्सराप्रति पुरुष पात्र मनेले देखाएको मानवीय प्रेमले मान्छेभित्रको मानवता प्रस्तुत गरेको छ। 'मृगनयनी' कथामा एउटी दृष्टिविहीन बच्चीको प्रसङ्गसँगै हरेक मान्छेको मनोविज्ञान जोडिएको छ। म पात्रले यात्रामा भेटेकी बच्ची मृगनयनीको सुरुमै वास्तविक समस्या बुझ्न नसक्नु, गाडीमा ऊसँग कुरा गर्दा म पात्रलाई अनौठो लाग्नु, भरतपुरमा बच्ची ओर्लिनु अनि पछि प्राञ्जलको उपन्यासको प्रसङ्ग आउनुले यस कथाको कथावस्तु रोचक तरिकाले अगाडि बढेको छ। मान्छेहरू अचेल कसरी संवेदनाहीन भइरहेका छौँ भन्ने यथार्थ 'उपहार' कथामा देख्न सकिन्छ। बच्चाहरू स्वतन्त्र हुन्छन् र उनीहरूले गाउँसमाजलाई आत्मीयताको डोरीले बाँध्न सक्छन् भन्ने विषय यस कथाले उठाएको छ।

मान्छेको कथा कहाँ छ ? यो प्रश्न सबैको हो। वास्तवमा मान्छेको कथा भीडमा छ भन्ने विचार लेखकको हो र भीडलाई पर्गेल्न सकेमा जीवनको रहस्य बुझ्न

सकिन्छ भन्ने विषय 'आवाजहरू' कथाले उठाएको छ। अपरिचित मान्छेहरूकै कथालाई प्राथमिकता दिने लेखक महेश पौड्यालले 'बगर' कथाभित्र अग्ले नामको पात्रको माध्यमबाट मानवीय संवेदना देखाउन खोजेका छन्। मान्छे रूपले राम्रो कि मनले ? मान्छेले मान्छेभित्रको मान्छेलाई चिन्न नसक्दा कस्ता दुर्घटना हुन्छन् भन्ने मनोवैज्ञानिक प्रसङ्ग यस कथामा रहेको छ। साहित्य कल्पना र यथार्थको मिश्रण हो। हामीले भोगेका र देखेका कुरामा कल्पनाशीलताले रङ पोत्छौँ र साहित्यको कुनै विधामा त्यसलाई पुऱ्याउँछौँ। कुनै कृति पढेपछि हामीले कुनै समय वा कुनै समाजलाई भेट्न सक्छौँ। त्यसैले त साहित्यलाई समाज चिन्ने दरिलो माध्यमका रूपमा चिन्न सकिन्छ। यस सङ्ग्रहमा रहेका कथाहरूमा कतै बच्चाहरूको खेलको माध्यमबाट सत्ता र शक्तिप्रति लेखक प्रश्न गर्छन् भने कतै प्रगतिशील विचार र नेपाली सामाजिक परिवेशका मान्यताहरू कति मिल्दा छन्, कति अमिल्दा छन् भनेर आलोचनात्मक दृष्टि राख्छन्। 'दुर्ग' 'मन्दिर' र 'चौकीभित्र-चौकीबाहिर'-जस्ता कथाको माध्यमबाट लेखक वास्तविक मान्छेको परिचयलाई सामाजिक-सांस्कृतिक परिस्थितिसँग जोडिदिएर उत्तर खोज्ने जिम्मा पाठकलाई दिन्छन्।




मान्छे अहम्ले ठूलो कि विवेकले ? गाउँ छाड्नु र सहरकेन्द्री हुनु रहर कि बाध्यता ? सामाजिक मूल्यमान्यता बचाउने कि बिर्सने ? यस्ता प्रश्नहरूको उत्तर यस सङ्ग्रहभित्र रहेका कथाहरू 'उपलब्धि', 'ओरालो', 'चौतारीको भेट' र 'डबल पेन्सन'-ले उठाएको महत्त्वपूर्ण विषय हो।

कथामा आएको अर्को विषय भोक हो। भुटानबाट नेपाल पस्दा भोकले मरेकी एउटी सानी बालिका र सँगै रहेका आमा र छोराको कथाले आजको वास्तविक समस्या उठाएको देखिन्छ। 'अपरिचित अनुहार' शीर्ष कथा हो जसमा छोराको मृत्युले अभिघात भोगिरहेको एउटा बाबुको पीडा प्रस्तुत गरिएको छ। कथा पढ्दा अति यथार्थजस्तो लाग्छ, तर त्यो अति यथार्थसँगै हामी प्रत्येकले भोगेको पीडा त्यसमा देखिन्छ। 'बूढो रूख' र 'जुरेली' सङ्ग्रहका अन्तिम कथा हो। यस कथामा मानवेतर पात्रको प्रयोग गरेर लेखकले प्रकृतिको आवाजलाई उठाउन चाहेका छन्। सङ्ग्रहमा रहेका सबै कथा नेपाली समाज र संस्कृतिकै विषयलाई आधार बनाएर लेखिएका छन्। सरल र सम्प्रेष्य भाषामा लेखिएको यो सङ्ग्रह पठनीय रहेको छ।

●

मधु माधुर्य

# घामको उपस्थिति



रातको अन्तिम प्रहर
शीत बनेपछि
म–
घाम ब्युँझन्छु।

अन्धकार/रात त मृत्युजस्तै
एउटा 'डरलाग्दो' भ्रम न हो
समयको नदीले बगाउन नसकेको
जीवनको छायाजस्तो।

उज्यालोको प्रतीक
'म'
जीवन हुँ।

मेरो मुस्कान
फुलेका फूलहरूमै छ– हेर्नू।

रङ र रूपहरूमा
समय र स्पेसहरूमा
मेरो परिभाषा खोज्दै
धाइरहेका
भाका र भाषाहरूले
शब्द र स्वरहरूले
कहिले पो गरे र
मेरो अस्तित्वलाई सम्बोधन?

जीवन भन्नु नै
एक क्वान्टम उज्यालो न हो
उज्यालिनु नै
मेरो प्रकृति हो।

आफ्नै इन्द्रियभित्र कैद हुनेहरू
मेरो उज्यालो नदेखेपछि
संसारलाई दुःखमय देख्छन्
भविष्यको गर्भमा
स्वर्ग देख्छन्
नरक देख्छन्
इन्द्रियको पर्खाल नाघ्ने बुद्धहरू
वर्तमानमा
आफूलाई देख्छन्
आफूलाई चिन्छन्।

यस अर्थमा
झुल्कन्छु आँखामा
कि 'तिमी' नै 'ईश्वर' हौ
आफैभित्रबाट निस्केर तिमी
भोग गर–
मेरा मुस्कानहरू
मेरा गीतहरू
मेरा सुवासहरू
र तिमी
'अजम्बरी' हुने छौ।

... ... ...

●

लालगोपाल सुवेदी

## उपहार

म आफै त हुँ
यति ठूलो आकाश
म आफै त हुँ
यति फराकिलो पृथिवी



यति हलुको हावा
यति तरल पानी
यति न्यानो र उज्यालो घाम
सबैसबै म आफै नै हुँ
मेरा निमित्त यस ब्रह्माण्डकै
सर्वोत्कृष्ट उपहार हुँ म
जब उभिन्छु कुनै स्वच्छ तलाउ नजिक
म आफैलाई हेर्ने महान् अवसर प्राप्त हुन्छ
बोलिरहेझैं लाग्छ
पानीभित्रको मेरो प्रतिबिम्ब
सुन्छु मनको कानले
एउटा सुन्दर कविता गर्ने रहरले चुम्छ
मैलाई मैले दिएको उपहारप्राप्तिले
गद्गद हुन्छ हृदय
मन नै पुलकित हुन्छ
त्यो कञ्चन जलाशय
ती किनारका रूखहरू
त्यो सुकिलो वातावरणबाट
सुनको पहाडले पनि किन्न नसकिने
अत्यन्त किमती अक्सिजन पाउँछु
मैले उत्सर्जन गर्दा त्यही हावा
एकाएक कार्बनडाइअक्साइड
लिएर बाहिर आउँछ
जब सम्झन्छु हरेक अङ्गअङ्गका उत्सर्जन
दिगमिगदिगमिग भइरहन्छ
मलाई थाहा छ
मैले पनि आकाश हुनुपर्छ साझा
बतास हुनुपर्छ ताजा
नदी, बाफ, बादल, घाम
राप, ताप, चन्द्रमा
र टाढाको तारा हुनुपर्छ
एकाकार भए पनि पञ्चतत्त्वमा
मेरो आत्मा, मेरो कविता

घुमी हिंड्छ यहींको वातावरणमा
जब उठ्ने छ वास
चरीझैं उडेर जाने छ उच्छ्वास
मैले मलाई नै उपहार दिनु छ
ताराहरूजस्तै एक जोर आँखा
नदीहरूजस्तै एक जोर खुट्टा
मन्त्रोच्चारित ओठ श्रवणेन्द्रियहरू
गीतहरू बोकी हिंड्ने बतास
मेरा कविताको ध्वनि तरङ्ग र श्वास
जेजे पाएथें मैले उपहारमा
दिनु छ उपहारकै रूपमा।


सल्केको छ आज
यो वायुमण्डलमा डढेलो
कोरोना कहर
बोलिरहेछ सृष्टिमाथि नै धावा
यो विषाक्त हावामा
रोइरहेछन् हाम्रै बालुन र सँगिनी
दुई दिनको पाहुना हुँ म
फर्किउँला आफ्नै लयमा, आलयमा
तर कवितारूपी आत्मा
यतै कतै पृथ्वीकै प्रदक्षिणा गरिरहेको हुने छ जुगजुग
थाहा छैन
मैले दिने उपहार कस्तो हुन्छ ?
मेरो श्वासको लयमा
कस्तो गीत झुन्डिन्छ
गमिरहन्छु, हर्दम गमिरहन्छु
मैले मेरै प्रतिरूपलाई
दिने उपहार कस्तो हुन्छ ?

*अमेरिका*

●

मीरा प्रसाई

# पाँच टुक्रा



## जेन्टलम्यान

धरामा पदार्पण हुनुपूर्वको
आफ्नै घर 'पाठेघर'
आफ्नै हातले
भत्काउन सक्ने पुरुष
कसरी हुन सक्छ 'जेन्टलम्यान' ?

अङ्ग्रेज
अब तैँले बदल्नुपर्छ
तेरो डिक्सनरीमा
'जेन्टलम्यान'-को अर्थ।

■

## प्रेम प्रसाद

प्रस्ताव–
तिमीलाई पवित्र प्रेम गर्छु
प्रस्ताव राख्यो प्रेमीले।

पारित–
गुलाबी वयको बहावमा
बग्दै गरेकी उसले
पारित गरिदिई प्रेम प्रस्ताव।

नतिजा–
प्रेम प्रसादस्वरूप
प्रेम पारित भएकै दिन
प्रेमीले उसको योनिमा हक जमायो।

मैले बुझेकी छैन
प्रेमीहरू
प्रेमिकालाई प्रेम गर्छन्
वा
उसको योनिलाई ?

■

## सुन ए आमाहो !

ए आमाहो !
सुन
मेरो घाँटी नै सुकाएर म केही भन्दै छु
सुन्दै छौ नि ?
म चिच्याउँदै छु ।

नछाड्नू एक्लै
ससाना छोरीलाई
तिम्रो लोग्ने मात्रै भएको ठाउँमा ।

नभन्नू–
मेरो उहाँ त्यस्तो होइसिन्न !

कुनै दिन तिम्रो विश्वासिलो लोग्ने भनाउँदोले
आफ्नै छोरीको–
मुख थुन्न सक्छ
जामा च्यात्न सक्छ
र कुल्चिन सक्छ काँचो अस्तित्व ।

ए आमाहो !
सुन्दै छौ नि ?
बुझ्दै छौ नि ?

■

## उपहार

म तिमीलाई
मेरो योनि र स्तन काटेर उपहार दिन्छु
मनलाग्दो गर
चाट, टोक, निल्छौ भने बरु सिनित्तै निल
चाहे खल्तीमा राख
चाहे आफैभित्र राख
भोक लागेको बेला खाऊ, पिऊ, रमाऊ।

कसरी दिऊँ भन
रगत पुछेर दिऊँ कि?

■

## स्त्री गायत्री मन्त्र

ॐ स्त्री जननी आदर गर
ॐ स्त्री जननी नमो नमः।

छोरा!
यो स्त्री गायत्री मन्त्र हो
यो मन्त्र हरेक दिन जप्नु
सन्तानरसन्तानलाई सिकाउनू
महिमा बुझाउनू
र संसारभरि फैलाउनू।

तिमीले यति गर्‍यौ भने
मेरो कोखप्रति
म निर्धक्क गर्व गर्न सक्छु।

*अमेरिका*

●

गोवर्द्धन पूजा

# खुब दियो प्रेमले



दियो
सबै कुरा दियो प्रेमले!
सुरुमा आशाको आभा दियो
थापेर बस्यौँ अँजुलीभरि
र खन्यायौँ बदलामा
मुटुभरिको माया।

हल्लाउँदा पात हावाले पनि
उठाउँदा छाल पानीले पनि
बनायौँ सोच– स्वीकृतिको।

बादलको नीर पोतेर पहाड बन्यौँ– मायाको पहाड
प्रेमको धुन खिपेर सङ्गीत बन्यौँ– झर्नाको झङ्कार।

मिलनको मियोमा सम्भावनाको सुगन्ध दियो
विछोडको बिछ्यौनामा प्राप्तिको सपना दियो
औँसी चिर्दै पूर्णिमा विश्वास झुल्कियो
पतझडको कहाली मीठो कहानीमा बदलियो
बाध्यको शीत लहरले कठ्याङ्ग्रिँदा पनि
प्रेमको न्यानो आभास घटेन
दियो प्रेमले
सबै कुरा दियो।

मुटुमा बिछोडको आगो सल्किँदा पनि
मनको चिम्टाले कोइला समाइरह्यौ
भागबन्डा गरेर भाग्यको अभावलाई
दुःखका दुर्भाग्यहरूमा रमाइरह्यौ
न सम्झनुपर्ने आवश्यकता आयो
न बिर्सनुपर्ने बाध्यता छायो
सँभाल्न सक्ने मन दियो

दियो प्रेमले
सबै कुरा दियो।

पर पारेर जीवनको बहीखाना– बाँच्नुको मज्जा
नजिक सारेर मृत्युको ज्वारभाटा– हाँस्नुको आनन्द
दुई मनको दसगजावरिपरि
छुट्टिनुको साँधसिमाना मिचेर
डढेलो सल्काउँदै अविश्वासमा
बहँदै, पानीको आकारमा ढल्दै
छल्दै, समयको शून्यतालाई छल्दै
बलेर मैन पग्लिँदा पनि
दियो प्रेमले
उज्यालो दियो।

माटो र पानीको सम्बन्ध
कम र बढीको समानुपातिक हिसाब
दियो प्रेमले
अन्दाज दियो।

पोतेर मायाको रङ
झिकेर सोह्र शृङ्गार
भेटिनु र छुट्टिनुको मीठो पीडामा
जीवन दियो प्रेमले।


छुट्टिएर बाँच्नुको अनुभूति घोलेर
दियो प्रेमले
खुब दियो!

*अमेरिका*

●

कृष्ण गिरी

# तिमी कौ हौ ?



तिमी को हौ ?
आँसीको दियो पो हौ कि
मायाको मियो पो हौ कि ?

तिमी को हौ ?
कहिल्यै नमेटिने तिर्खा पो हौ कि ?
फूलको सुवास पो हौ कि ?
सुनको सुहाग पो हौ कि ?

तिमी को हौ ?
कहिल्यै नमेटिने तिर्खा पो हौ कि ?
बेसहाराको सहारा पो हौ कि ?
सहाराको धारा पो हौ कि ?

तिमी को हौ ?
कहिल्यै नमेटिने तिर्खा पो हौ कि ?
धर्मालुको कावा पो हौ कि ?
लूको शीतल हावा पो हौ कि ?

तिमी को हौ ?
कहिल्यै नमेटिने तिर्खा पो हौ कि ?
भन्ज्याङको चौतारी पो हौ कि ?
थकाइको सुस्केरा पो हौ कि ?

तिमी को ?
कहिल्यै नमेटिने तिर्खा पो हौ कि ?
हरपल चल्ने श्वास पो हौ कि ?
हर्दम गरिने विश्वास पो हौ कि ?

तिमी को हौ कहिल्यै नमेटिने ?

*अमेरिका*

●

कोमल मल्ल

# म किन हुन्थें परदेशी ?



जन्मभूमिमा
कर्म रोप्न नसक्नु
र
कर्मको धर्ममा
सपना फुलाउन नसक्नुले
पसिना साट्दै छु पाउन्डमा
म बेलायतमा।

मलाई
हरेक दिन निद्रादेवी प्रश्न गर्छिन्–
स्वदेशको माया मारेर के गर्छस् ?
कामको भारी मात्र बोकेर
गन्तव्य कहिले पुग्छस् ?
मलाई भने
गैरी खेतले झस्काउँछ
किनकि ऊ
ऊ बन्धकीमा परेको छ।

सानीको जामामा हालेको टालो
ठूलेको उध्रिएको कछाड
आमाको मोतीविन्दुको ओखती
बाबाको छानो फेर्ने रहर
ठिङरिङ्ङ उभिएपछि
आँसु दिनहुँ भोग्छ मेरै सिरानीले।

तर म
प्रेयसीको आश्वासनमा
हरेक पल कृत्रिम हाँसेको छु नि
यो परको देशमा
देश बोकेर
सपना फुलाउन!

म
ढिँडोमा रमाउने मान्छे
भटमास, मकै, सिरौँला चपाउने मान्छे
तर
परिकार पकाउने भान्छे भएको छु
हक–अधिकारको जननीको देशमा।

म
नेपाली वेशभूषामा
रत्नपार्कमा रमाउने मान्छे
तर
हाइड पार्कमा
म मेरो रत्नपार्क खोज्छु
बिग बेनलाई
घण्टाघर भेट्यौ कि भनेर सोध्छु
म बेगनास, फेवा ताल
र सगरमाथाको देशको मान्छे
मातृभूमि सम्झी म दुख्नु दुखेर
आफैलाई
आँसुले भिजाउने भएको छु
तर
बुद्ध मन्त्र जप्दै
कपिलवस्तु सम्झेर
मैले आँसु
छातीमा सुकाउने गरेको छु।

बरपीपलको चौतारी कहाँ छ र लन्डनमा?
आफ्नै पाटीपौवा
र आमा सम्झेर
थकान मेटाउने गरेको छु।

म सम्झन्छु
गुराँसको लालिमामा नाचेको


हिमाल हाँसेको
डाँफे, मुनाल, मयूर, चराचुरुङ्गी
सिम्रिकले रँगिँदै
आआफ्नै भाषा र वेशभूषामा बाँचेको
म
चन्द्रसूर्य फरफर गर्ने देशको मान्छे
थेम्सामा कोशी भेटिँदैन
तिर्खाको छु
प्यास मेटिएको छैन
मैले सोचेको पाएको भए
म किन हुन्थेँ परदेशी ?

*बेलायत*

●

राखी गौचन

## प्रेमको चक्कर



ढुङ्गाको चाङमा सुतिरहेको छ यो युगको बादशाह
न कलमले कोतरेर रोप्न सकिन्छ
रामप्यारीका आँखीभौँभरि प्रणय गीतका भाकाहरू
न छेक्न सकिन्छ
समयको मूल बाटो दौडिरहेको एक अँगालो सपनालाई
न च्यात्न सकिन्छ
रगतको टीका लगाएर अझै पनि बरबराइरहेको मध्ययुगीन आँधीलाई
प्रेमको आलिङ्गनमा सुस्ताइरहेको शेषनाग
यतिखेर डस्न खोजिरहेको छ प्रेमकै कलिला मुनाहरू
न हेर्न सकिन्छ
प्रेमको अनुहार
न सुन्न सकिन्छ यो समय
प्रेमको स्पन्दन भक्तिएका आँखाबाट
भक्तिएकै आँसु बग्छ

तैपनि खोजिरहेको छ यो समय
प्रेमाश्रु र चुँडालिरहेको छ गुलाबका पत्रपत्र
फूलकै अनुहारजस्तो एउटा प्रेमको अनुहार
भर्खर अन्तरिक्षतिर उडेको छ
म सोचिरहेको छु
कसले रोप्यो मोहको बीज र प्रेम भन्यो
कसले उध्यायो तृष्णाको छुरा र प्रेम भन्यो
कसले गऱ्यो तुष्टिको किनमेल र प्रेम भन्यो
फूलको अनुहार र प्रेमको अनुहार
यदि एकअर्कामा साटियो भने
के रहला सृष्टि ?
के घुम्ला यो चक्र ?

*अमेरिका*

●

भूपेन्द्र महत

# यो आँखा पनि अजिब छ यार



यो आँखा पनि अजिब छ यार
कहिले पक्ष बन्छ र हेर्छ
कहिले विपक्ष बन्छ र हेर्छ
निष्पक्ष कहिल्यै हुँदैन
यो आँखा पनि अजिब छ यार !

उस्तै घटना, उस्तै परिवेश
अनुकूल र प्रतिकूलको खेलमा
केही लाभ, केही हानिको अङ्कगणित
पात्रअनुरूप खेलिन्छ, खेलाइन्छ
र खेलाडीअनुसार व्याख्या–वर्णन हुन्छ
जित र हारको यो आँखा पनि अजिब छ यार !

असन्तुलित भूमिकाभित्र अनिर्णयको बन्दी बन्दै
विभेद बोकेर समाजभित्र रुमल्लिन्छ न्याय
धमिलिन्छ संस्कार
र फरकफरक आयाम बोकेर
अलग–अलग दृष्टिकोण बोकेर
वादप्रतिवादमा उत्रिन्छ
यो आँखा पनि अजिब छ यार!

शाश्वत सत्यलाई हत्केलाले छेकेँ भन्दै
चर्को गर्जनका साथ कालोलाई सेतो भन्छ
सेतोलाई कालो देख्छ
हेर्दा सद्दे देखिने
सायद यो आँखा पनि अजिब छ यार!

जात हुँदैन भन्छ
आकर्षणको कुरा गर्छ
मानवीय धर्म भन्छ
मन्दिर–मस्जिद रोप्छ
समानता भन्छ, उचनिच देख्छ
वर्ण र लिङ्गको कचिलो गर्ने
यो आँखा पनि अजिब छ यार!

छोरीलाई माया गर्ने ज्वाइँ प्यारो हुने
बुहारीलाई माया गर्ने छोरो जोइटिङ्ग्रे हुने
समाजले भिरिदिएको आँखाले होला
आमाको ममतामा त सङ्कीर्णता हाबी हुन्छ सायद

यो आँखा नै अजिब छ यार!

*अमेरिका*

●

नम्रता गुरागाईं

# आशा



आशाहरू अघि लागे पाइला पछि छोड्दै
उत्साहले शिखर चुमे रहरहरू जोड्दै

डढेलोले सिध्याइदियो सारा गाउँहरू
दबाइमुलो खोजिरा छन् अझै घाउहरू
रोगी मन उठे अब दुःख पछि छोड्दै
उत्साहले...

लाससँग लासै रोयो एक्लै दिनराति
संसार खाने पापी आगो नबलेकै जाती
रोगी मन उठे अब पहरालाई फोर्दै
उत्साहले...

*अमेरिका*

●

गोविन्द गिरी प्रेरणा

# शर्मिलाको यादमा



आज झमझम पानी परिरहेछ र मलाई शर्मिलाको याद आइरहेछ।

स्टारबक्स कफी सपको झ्यालबाट बाहिर पानी परिरहेको मधुरो आवाज कानमा ठोक्किइरहेछ। त्यो आवाजको स्पर्श मलाई शर्मिलाको स्पर्शजस्तै अनुभूति भइरहेको छ।

बर्सातको पानी झ्यालबाहिर गुनगुनाइरहेको छ। म झ्यालभित्र छु। झ्यालको पारदर्शी ऐना बीचमा छ जसले मलाई बर्सातको स्पर्शबाट वञ्चित गरिरहेछ।

शर्मिला पनि मेरो स्मृतिमा टड्कारो छे। सामुन्ने छे। हाँसिरहेकी छ। पाखुरामा समातेर बर्सातमा रुझाउन लगिरहेकी छ। उसलाई रुझ्न मन पर्छ। भिज्न मन पर्छ। हाँस्न मन पर्छ। मलाई भेटेपछि ऊ सारा थोकबाट बेखबर भइदिन्छे।

सुरुमा त्यस्तो थिएन। ऊ मलाई पटक्कै मन पर्दिनथी। अनुहार कालो। दाँत पनि नमिलेका। पहिरन पनि उस्तो मिलाएर नलगाउने। कपाल पनि अनाकर्षक। समग्रमा उसलाई देख्दा मलाई एक प्रकारको वितृष्णा हुन्थ्यो।

तर समयका क्रममा एक दिन शर्मिला भन्नेबित्तिकै म हुरुक्क हुने अवस्थामा पुगेँ। मानिसको छालाले होइन, रङले होइन, उचाइले होइन, मोटाइले होइन; मनले हुरुक्क भइँदो रहेछ भन्ने दिव्य ज्ञान पनि मलाई शर्मिलासँगको सङ्गतले नै भयो। म पूरै बदलिएँ। यो सबको श्रेय शर्मिलालाई छ।

एटलान्टा सहरको जर्जिया स्टेट युनिभर्सिटीमा पढ्थेँ म। कलेजपछिको समय म एउटा नेपाली रेस्टुरेन्टमा काम गर्थें। पढाइ र कामले गर्दा तीबाहेकको संसार कस्तो हुन्छ, म एक प्रकारले अनभिज्ञ थिएँ। खासमा शर्मिलालाई भेटेपछि नै हो म एटलान्टा सहरको गौरव कोकाकोला कम्पनी हेर्न गएको। सीएनएन परिसरभित्र घुम्न गएको। एउटै ढुङ्गाको विश्वविख्यात पहाड स्टोन माउन्टेन चढ्न गएको। शर्मिला घुम्न मन पराउँथी। भन्थी– "भाग्यले अमेरिका आइया छ, पढ्न पाइया छ। मौका मिल्नेबित्तिकै घुम्नुपर्छ। सब थोक गर्नुपर्छ।"

शर्मिलाको कुरा सुनी म आनन्दित भएर मुसुमुसु हाँसिरहन्थेँ।

एक दिन छुट्टीको समयमा मजाले 'लङ स्लिप' गर्ने भनेर हामी सुतिरहेका थियौँ। अप्रिल लागिसकेको थियो। जाडो भागिसकेको थियो। गर्मी सँघारमा आइपुगेको थियो। अचानक मेघ गर्जेर पानी पर्‍यो। हामी सिरकमै गुटुमुटु भएर गुँडुल्किएका थियौँ। अचानक शर्मिलाले भनी– "जाऔँ बाहिर। पानीले रुझौँ। कस्तो रमाइलो हुन्छ।"

म चाहिं उसको प्रस्तावले मरीमरी हाँस्न थालेँ।

"किन हाँसेको? म त यस्तो पानीमा रुझीरुझी हुर्केकी। मलाई जाऊँजाऊँ भयो। हिंड न जाऔँ।" शर्मिलाले भनी।

म आँखा चिम्लेर पल्टिरहेँ– उसको सान्निध्यको मीठो स्पर्श र तातोले आनन्दित हुँदै।

शर्मिला जर्‍याकजुरुक उठी। रेस्टरुम पसी अनि मलाई ओछ्यानबाट तान्दै भनी– "हिंड न यार जाऔँ! मलाई पानीमा रुझ्न कस्तो मन पर्छ।"

मैले भनेँ– "मलाई रुझ्न त मन पर्दैन तर रुझेको मानिस हेर्न चैं मन पर्छ।"

"लौ परफेक्ट! म रुझ्छु, तिमी हेर।" शर्मिलाले भनी र एपार्टमेन्टको बार्दलीमा निस्किई।

बार्दलीबाटै उसले भनी– "दीपु, हेर वर्षा रानी कति मधुर गाना गाइरहेकी छन्। सुन्न जाऔँ न तल।"

म बाध्य भएर ओछ्यानबाट निस्किएँ। रेस्टरुममा पसेर फ्रेस भएँ। अनि हामी तल ओर्लियौँ। सुरुमा त शर्मिला एक्लै भिजेर भिज्नुको आनन्दमा रमाइरही। घरीघरी मछेउ

आउँथी। मैले ओत लागेको ठाउँमा एकछिन उभिन्थी र पुनः जान्थी भिज्न, रुझ्न अनि त्यसबाट आनन्दित हुन।

कुन सड्को शर्मिला मछेउ आई र मलाई तानेर वर्षामा भिजाउन लगी, मैले भिजेपछि मात्रै पो पत्तो पाएँ।

उसले खितखित हाँस्दै भनेकी थिई– "म मात्रै आनन्दित भएर भो? तिमीलाई त्यो आनन्दमा सहभागी गराउनुपरेन?"

मसँग यसको जवाफ थिएन। हामी कैयन् बेरसम्म भिज्यौँ। निथ्रुक्कै भिज्यौँ। ऊ बर्सातको बेला फिलिममा गाइएका केही गीतका टुक्राटुक्री कनीकुथी सम्झेर गुनगुनाई। उसको गुनगुनाहटले मलाई अपार आनन्द लाग्यो। त्यो दिनको भिजाइ अविस्मरणीय थियो। पानी पर्‍यो कि ऊ त्यही दिनको भिजाइ सम्झिहाल्थी र भन्थी– "त्यो भिजाइ कति आनन्ददायक थियो होइन?"

"हो नि!" म यत्ति मात्र भन्थेँ।

वास्तवमा शर्मिला सुरुमा अमेरिका पढ्न आउँदा एटलान्टा आएकी होइन। म पनि होइन। शर्मिला मिनेसोटा आएकी थिई र एटलान्टा पछि सरेकी थिई। म पनि सुरुमा लुजियाना आएको थिएँ, पछि मात्र एटलान्टा सरेको थिएँ। यो सराइले नै शर्मिला र मेरो परिचय जुराएको थियो।

मैले पहिलो नजरमा शर्मिलालाई राम्रो मानेको होइन। मन पराएको होइन। उसमा मैले कुनै आकर्षण नै भेटिनँ। त्यसैले बेवास्ता गरेँ। तर मेरो बेवास्तालाई उसले पनि वास्ता गरेजस्तो लागेन। संयोगले हामी एउटै रेस्टुरेन्टका कामदार भयौँ। त्यसैबीच मलाई अलिक बिसन्चो भयो, तर कामबाट बिदा लिन मिल्दैनथ्यो। कारण रेस्टुरेन्टको लाइनमा काममा बिदा लिनु काम छाड्नु बराबर हुन्थ्यो। यद्यपि रेस्टुरेन्ट मालिक असल थिए, तर उनी जति असल भए पनि व्यवसायलाई असर गर्ने कुरा त्यो असलपनले ढाक्दैनथ्यो।

शर्मिलाले आफै भनेकी थिई– "तपाईं त्यति फ्रेस देखिनुहुन्न। सन्चो नभएको हो?"

मैले हाँसेर ठट्टा गर्दै भनेको थिएँ– "अमेरिकामा बिरामी हुन कहाँ पाइन्छ र?"

जवाफमा उसले केही भनिन। तर उसले मेरो काम पनि आफै सघाइदिन थाली। मलाई भनी– "तपाईं ब्रेक लिनोस्, म तपाईंको काम गरिदिन्छु। म ब्रेक लिन्नँ।"

उसको कुराले म छक्क परेँ। उ त कस्तो सहयोगी भावनाकी पो रहिछ!

मलाई सन्चो भएपछि शर्मिला र म अलिक खुल्न थाल्यौँ। काममा एकअर्कालाई राम्रो मनले सहयोग गर्न थाल्यौँ। मानिसले मन बुझ्न थालेपछि सम्बन्धले सही गोरेटो पहिल्याउँदो रहेछ।

कलेजमा मेरो एउटी स्प्यानिस केटीसँग मित्रता थियो। राम्री थिई। गोरी। सर्लक्क परेको शरीर। बोली पनि मीठो थियो। एकाध पल्ट हामी रेस्टुरेन्ट पनि गइसकेका थियौँ। तर कताकता ऊ मलाई लोभीलोभीजस्ती लाग्न थालेको थियो। गिफ्ट किनिदेऊ भन्न उसलाई कुनै हिचकिचाहट हुँदैनथ्यो।

यसैबीच मलाई बिसन्चो भएको बेला ऊ टाढिएजस्तो लागेको थियो। केही दिनपछि त ऊ अर्कै हब्सी केटासँग रेस्टुरेन्ट गएको देखें। मलाई एक्कासि उसप्रति वितृष्णा भयो र त्यो वितृष्णा शर्मिलाप्रति स्नेहमा रूपान्तरण भयो।

एउटै कलेज भएर पनि फरक फ्याकल्टी र समय भएकाले हाम्रो भेट भएको रहेनछ कलेजमा।

हामी खुल्न थालेपछि सबै थोक सहज हुँदै गयो।

तर एक दिन शर्मिलाको मुख अँध्यारो देखें। त्यस्तो अँध्यारो मैले कहिल्यै देखेको थिइनँ।

मैले ब्रेकको बेला सोधें– "कुरा के हो?"

ऊ त बरबरी आँसुका ढिका पो खसाल्न थाली।

निकै पछि उसले भनी– "मेरी रुममेटले मसँग झगडा गरी। उसको नामको एपार्टमेन्ट। मलाई निकाल्दिई। अब कहाँ जानु म? मेरा सामान र ब्यागहरू 'आज रातिसम्म राख्न दिन्छु, भोलि बेलुकासम्म नलगे ट्र्यास गरिदिन्छु' भनेकी छ।"

अहो, कस्तो अप्ठ्यारो! एकै दिनमा कोठा खोजेर सर्न त कुनै हालतमा सम्भव थिएन।

म एक भारतीयको घरको बेसमेन्टमा बस्थें। म एक्लै छु भनेको थिएँ। घर मालिक मिलनसार थिए। पन्जाबी परिवार थियो। हाँसोठट्टा गरिरहन्थे मौका पाउँदा। 'एक्लै बोर लाग्दैन? गर्लफ्रेन्ड बनाएको छैन? अमेरिकामा त गर्लफ्रेन्ड बनाउनुपर्छ' भनेर जिस्क्याइर हन्थे।

उनीहरूको ठूलो थियो घर। छोराछोरी विदेशमा भएकाले बेलाबेलामा आउँथे, नत्र बूढाबूढी मात्रै बस्थे। कोठाहरू खाली थिए। सोचें– दुईचार दिनलाई शर्मिलालाई त्यहाँ कोठा दिन्छन् कि?

मैले फोन गरें। पन्जाबी बूढालाई मैले कथा बताएँ। बूढाले खुसीसाथ 'ल्याऊ' भने।

शर्मिलालाई मैले भनें– "तिमीलाई अर्को व्यवस्था नहुन्जेल मेरा घरवालाले केही दिन बस्न दिने भए कोठा, जाने हो?"

शर्मिला खुसीले फेरि भक्कानिई। म एक्कासि उसको आँसु पुछ्न पुगेछु।

त्यसपछि पो झस्कें म।

"आज दिउसो कामको ब्रेकमा गएर सामान सारौं। किन भोलिसम्म पर्खनु?" मैले भनें।

शर्मिला तयार भई र मेरो आफ्नो कारमा उसको सामान दुवै मिलेर हाल्यौं। अनि मेरो निवास पुग्यौं।

घरमा कोही थिएन। भरे अर्को कोठामा सामान लैजाउँला भनेर मेरै कोठामा सामान राखी हामी काममा फर्कियौं।

साँझ कामबाट हामी आयौँ। सिधै हामी घरबेटीको बैठकमा जान कल बेल थिच्यौँ।

बूढाबूढीले शर्मिलालाई स्वागत गरे। बूढीले चिया बनाएर ल्याइन् अनि शर्मिलासँग हात समाईसमाई स्नेहपूर्वक कुरा गर्न थालिन्।

बूढीले भनिन्– "यो केटो लापर्बाह छ। तिमी लच्छिनकी देखिन्छ्यौ। यसलाई राम्रो सँभाल्नू।"

मैले बूढीलाई भनेँ– "हामी सँगै काम गर्ने र एउटै कलेजमा पढ्ने मात्र हो। मैले फोनमा भनेको थिएँ नि, उसलाई केही दिन एपार्टमेन्ट नपाउन्जेल मात्रै कोठा चाहिएको हो।"

पन्जाबी बूढाले भने– "अरे पुत्तर, शर्म मत करो। तिमीहरू आरामले सँगै बस्न सक्छौ। हामी खुसी छौँ। थाकेर आएका हौला, जाओ आफ्नो कोठामा गएर आराम गर।"

हामीले लाख सम्झाउँदा पनि बूढाबूढी हामी ब्वाइफ्रेन्ड-गर्लफ्रेन्ड होइनौँ भन्ने मान्न तयार भएनन् र हामी अन्तमा मेरै कोठामा गयौँ।

शर्मिला अक्क न बक्क थिई। म पनि केकसो गर्ने, सोच्नै सकिरहेको थिइनँ।

मेरो ओछ्यान कोठाको एउटा कुनामा थियो। अर्को कुनामा तिनै घरवाला पन्जाबी दम्पतीले दिएको पुरानो सोफा थियो। शर्मिलालाई मेरो ओछ्यानमा सुत्न दिएर आफू सोफामा सुत्ने विचार गरेँ। मेरो ओछ्यान असरल्ल थियो। यसो तानतुन गरेर मिलाएँ। सोफा पनि झाडझुड गरेँ र तन्ना लगाएँ। अनि शर्मिलालाई भनेँ– "तिमी त्यहाँ ओछ्यानमा सुत, म यहाँ सोफामा सुत्छु। भोलि के गर्ने, भोलि नै सोचौँला।"

"मेरो त भोलि काम-कलेज दुवैतिर अफ छ।" शर्मिलाले भनी।

"ठीक छ, दिउसो म ब्रेकको बेलामा आउँला अनि सल्लाह गरौँला।" मैले भनेँ।

"म बरु सोफामा सुत्छु नि!" शर्मिलाले भनी।

"हैन, म सुत्छु। तिमी पाहुना हौ नि!" मैले भनेँ।

"पाहुना?" यति भनेर ऊ खितखित हाँसी र ओछ्यानमा पसी।

भोलिपल्ट बिहानै म कलेज लागेँ। कलेजपछि काम। अनि ब्रेकमा कोठामा आएँ। कोठा त शर्मिलाले पूरै सफा गरेर चटक्क मिलाएर बसेकी। छक्क परेँ म।

"अब के गर्ने होला? म कहाँ जाऊँ?" शर्मिलाले भनी।

"म एकदुई जनासँग सोध्दै छु। मिल्छ होला। नमिलेसम्म यसरी नै बसौँ। अरू उपाय नै छैन त!" मैले भनेँ।

शर्मिला चुप लागी। उसलाई मैले रेस्टुरेन्टबाट लन्च ल्याइदिएको थिएँ। त्यो उसलाई छाडेर काममा गएँ।

बेलुकी आउँदा म बसेको घर झकिझकाउ देखेँ। म आफ्नो बेसमेन्टमा ओर्लन के लागेको थिएँ, पन्जाबी महोदयले मेरो हात च्याप्प समातेर भने– "पुत्तर, अभि कुछ देर उपर आ जाओ ना।"

म बैठक कोठामा पसेँ। शर्मिला मेक अप गरेर झकिझकाउ बसिरहेकी रहिछ। पन्जाबिनी पनि। हेर्छु, पन्जाबी महोदय पनि 'सजधजके' बसेका रहेछन्।

पन्जाबी महोदयले भने– "जाओ, हाथमुंह धोके फ्रेस होके आओ।"

म कोठामा गएर फ्रेस भएँ। कपडा फेरेँ र माथि बैठकमा उक्लिएँ। बैठक कोठाको टी टेबलमा एउटा आकर्षक केक काट्नका लागि तयार थियो।

म सोच्दै थिएँ– कसैको बर्थडे होला आज।

तर पन्जाबी महोदयले बसेको सोफाबाट उठेर भाषणको शैलीमा भने– "तिमीहरू दुईको हिजो एकसाथ मिलन भएको उपलक्ष्यमा यो उत्सव मनाउन लागेको हो। दुवैले एकअर्कालाई माया गर्नू। झूट नबोल्नू। धोका नदिनू।"

म हक्क न बक्क थिएँ।

शर्मिला पनि नर्भस देखिई।

हामी त्यस्तो सम्बन्धमा छैनौँ भनेर हामीले ती बूढाबूढीलाई बुझाउन सकेनौँ वा उनीहरूले बुझेनन् वा बुझ्न चाहेनन्। शर्मिला र मलाई पन्जाबी दम्पतीले औपचारिक ब्वाईफ्रेन्ड–गर्लफ्रेन्ड बनाइदिएका थिए। उनीहरूले हामीलाई संयुक्त रूपमा केक काट्न लगाए। एकअर्कालाई खुवाउन लगाए। सबैले केक खायौँ। पन्जाबिनीले कफी बनाइन्। हामीले कफी पियौँ र केही बेर गफगाफ गरेपछि तल बेसमेन्टमा ओर्लियौँ।

शर्मिलाले के सोचेकी थिई, उसको मनमा के थियो, ऊ मलाई कस्तो सोच्थी, कुन रूपमा लिन्थी, मलाई पटक्कै थाहा थिएन। तर मेरो मनमा ऊप्रति कुनै पनि प्रकारको केही भाव नै थिएन। पहिले मनै पर्दिनथी अकारण। पछि सहयोगी लागी। सहयोगी भावनाकी रहिछ भन्ने मेरो मनले ठहर गर्‍यो, त्यत्ति हो। तर उसलाई मैले गर्लफ्रेन्डका रूपमा न कहिल्यै सोचूँ न त कल्पनै गरेँ। म त अमेरिकामा इन्जोय गर्न विदेशी अस्थायी गर्लफ्रेन्ड बनाउनुपर्छ भन्ने साथीहरूको पक्षमा थिएँ।

तर यी सरदार दम्पतीले यो के गरिदिए?

तल कोठा पनि बल्ल नियालेँ, झकिझकाउ छ। म त अर्कैको कोठामा पुगेको हुँ कि झैँ पो लाग्यो।

"हेर, म त यी सरदारले भन्दैमा मान्नेवाला छैन। हामी नेपाली हौँ। सहयोगी हौँ। साथी हौँ। तर यो ब्वाइफ्रेन्ड–गर्लफ्रेन्डको लफडामा म छैन। पढाइ पूरा गर्नु छ। म त बाबुआमाको एक्लो छोरो, उहाँहरूको अनुमतिबेगर म केही गर्ने होइन।" मैले शर्मिलालाई भनेँ।

"मेरो पनि त त्यही हो नि! अमेरिका आएको तीन वर्ष भो, कतै आँखा लाउने काम गरिएन। दुःख पाएँ, त्यो बेग्लै कुरा हो। म त पढाइ पूरा गरेर नेपालै फर्कने हो। अमेरिकामा बस्ने पनि होइन। मायापिर्ती लाउने पनि होइन।" शर्मिलाले पनि स्पष्टोक्ति दिई।

हामी दुवै प्रस्ट थियौँ। तर यी सरदार दम्पती स्पष्ट भएनन्। हाम्रो यथार्थ बुझिदिएनन्।

राति हामी हिजोकै शैलीमा सुत्यौँ। शर्मिला खाटमा, म चाहिँ सोफामा।

मलाई अबेरसम्म निद्रा लागेन। अब यो भाउँतोबाट कसरी मुक्त हुने? कसरी पार पाउने? फेरि मैले शर्मिलालाई किन यति ठाडोसँग भनेँ हुँला? यो घरमा मैले नै ल्याएको हुँ। यी सरदार दम्पतीलाई त उसले शायद कहिल्यै देखेकी थिइन। उसले मलाई दुःख देखाएकी थिई। सहयोगको पो अपेक्षा गरेकी थिई। यो स्थितिको निर्माण त उसले गरेकी होइन। मेरो ठाडो कुराले उसको कति चित्त दुख्यो होला!

म आधा रातसम्म पनि छटपटाइरहेँ।

भोलिपल्ट बिहान उठेपछि शर्मिलाले कफी बनाई। कफी खाँदै उसले भनी– "मेरो कारणले तपाईंलाई दुःख भयो। यी सरदार दम्पती हामीले भनेको पत्याउँदैनन्। मेरो कारणले तपाईंलाई दुःख नहोस्। मेरी एक जना साथी भर्जिनियामा छे, उसले मलाई उतै आऊ भनेकी थिई। म ऊसँग आज कुरा गर्छु।"

जवाफमा मैले भनेँ– "पढाइको निरन्तरता के हुन्छ नि यस्तो बीचमा जाँदा? मैले केही साथीसँग कुरा गरेको छु। यतै मिल्छ कतै न कतै। अनि जानू भर्जिनिया सबै थोक मिलाएर।"

ऊ चुप लागी।

तर भनेजस्तो कहाँ हुन्छ? शर्मिलालाई चाहिने खालको कोठा पाइएन। फेरि पढाइ र काम पनि जारी नै थियो। यो अनिवार्यताबाट विमुख हुन मिल्दैनथ्यो।

अचानक एक दिन हामी एकै ओछ्यानमा सुत्न पुग्यौँ। त्यो अवस्था कसरी भयो, म जान्दिनँ।

शर्मिलाले भर्जिनिया जानका लागि गरेको तयारीमा भने निरन्तरता थियो। म भने शर्मिलासँग कसरी छुट्टिन सकिएला भन्ने चिन्तामा डुबेँ। शर्मिला मेरै लागि जन्मिएकी रहिछ भन्ने मलाई लागिरहेको थियो। उसप्रतिको वितृष्णाको ठाउँ मायाले, स्नेहले, प्रेमले ढाकिन सुरु भएको थियो।

एक दिन शर्मिलाले भनी– "भर्जिनिया जाने तयारी त गरेँ। सब थोक मिल्दै गएको छ। कलेज, एपार्टमेन्ट, काम पनि साथीले खोजिदिने भनेकी छ। तर एउटा समस्या पर्‍यो?"

"के समस्या?" मैले सोधेँ।

जवाफमा उसले केही भनिन, टुलुटुलु हेरिरही। अनि आँखाबाट ऊ आँसुका ढिका खसाल्न थाली।

"तपाईंसँग छुट्टिन गाह्रो हुने भो।" उसले सुँकसुँकाउँदै भनी।

मेरा आँखा पनि डबडबाए। मैले कुनै शब्द निकाल्न सकिनँ।

वास्तवमा शर्मिला मेरो मनको कुरा भन्दै थिई।

मैले झ्याम्मै अँगालोमा बेरेँ। उसले पूरै शरीर छाडिदिई।

मनले नै स्वीकार गरिसकेपछि छाला बाधक हुँदो रहेनछ। रूप बाधक हुँदो रहेनछ। क्यैक्यै बाधक हुँदो रहेनछ। शर्मिला र म अविभाज्यझैं भयौं।

यी सरदार दम्पतीले हामीलाई ख्यालख्यालमै ब्वाइफ्रेन्ड-गर्लफ्रेन्ड बनाइदिए। हामी साँच्चैका भयौं– मनैले।

शर्मिलाकी साथीले उसलाई 'कहिले आउने? कलेजको एड्मिसनको बेला हुन लाग्यो' भनेर फोन गरेकोगऱ्यै गर्न लागी।

अचानक मलाई लाग्यो, भर्जिनिया भनेको वासिङ्टन डीसीको नजिक। राजधानी सहरको छेउ। अवसर पनि त्यता बढी हुन सक्छ पक्कै। हामी दुई सँगै जाने हो भने छुट्टिन पनि परेन। दुवै भर्जिनिया नै जाने पो हो कि भन्ने लाग्यो।

मेरो सोच शर्मिलालाई मन पऱ्यो।

शर्मिलाले उसकी साथीलाई म एक्लै होइन, दुई जना आउने हो भन्ने सन्देश दिई।

उताबाट सन्देश आयो– 'दुई जना भए झन् राम्रो, एउटा कोठा त्यहीअनुसार खोजिदिन्छु।'

र हामी भर्जिनिया जाने तयारीमा लाग्यौं।

सरदार दम्पती पो भावुक देखिए। परदेश जान लागेका छोराछोरीलाई झैँ व्यवहार गरे। उपहार दिए। सम्पर्कमा रहिरहन र एटलान्टा आफ्नै घर सम्झेर आउन पनि भने।

भर्जिनिया सरेपछि हाम्रो संयुक्त जीवनले नयाँ अध्याय सुरु गऱ्यो।

सुरुमा एउटा घरमा एउटै कोठामा बस्यौं। बैठक कोठालगायत सेयर गर्नुपर्थ्यो। एटलान्टामा बेसमेन्टमा ढलिमली गरेर बसेको मलाई असहज अनुभव भइरहेको थियो र एपार्टमेन्ट खोज्न थाल्यौं।

फेयरफ्याक्सको ब्लेक लेनमा एपार्टमेन्ट पाइयो र हामी सऱ्यौं।

अब भने हामी अलि बढी उदात्त हुन पाएका थियौं। स्वतन्त्र रूपले विचरण गर्न केही बाधा थिएन। मिलेर अरूको घरमा बस्दा धेरै कुराको सुविधा र धेरै कुराको असुविधा पनि हुन्छ। अब सबै असुविधा समाप्त भएका थिए।

हामीले अन्नाडेलको नोभा कलेजमा प्रवेश लिएका थियौं।

शर्मिला एउटा इन्डियन रेस्टुरेन्टमा काम गर्न थाली। म चाहिं इटालियन रेस्टुरेन्टमा। धेरैजसो राति मेरो काम सकेर शर्मिलालाई लिन जाँदा उसको पनि काम छुट्ने बेला भएको हुन्थ्यो। म अलि छिटै भएँ भने एपार्टमेन्टमा आएर आराम गर्थें र उसले फोन गरेपछि लिन जान्थें।

छुट्टीको दिनमा कहिले स्काई लाइन ड्राइभ जान्थ्यौं, कहिले लुरे गुफा, कहिले फलफूल टिप्न जान्थ्यौं। दिनहरू रमाइला भएका थिए। अत्यन्त घरेलु स्वभाव र व्यवहार गर्न जान्ने थिई शर्मिला। उसबाट मैले धेरै कुरा सिकें। माया गर्न पनि उसैबाट सिकें।

समयलाई सदुपयोग गर्न पनि उसैबाट सिकैँ। कोठाको सजावट गर्न पनि उसैबाट सिकैँ। सब थोक सिकैँ भन्नुभन्दा जानैँ भन्नुपर्ला। ऊ आफै गर्थी र म दर्शक हुन्थैँ।

कैयन् पटक हामी पानीमा रुझ्दै हिँड्थ्यौँ। उसलाई पानीमा रुझ्दा अपार आनन्द लाग्थ्यो। सुरुमा त त्यस्तो केही लागेन। पछिपछि मलाई पनि मन पर्न थाल्यो।

सेप्टेम्बरको कुनै दिन थियो त्यो। म त्यस दिन एपार्टमेन्टमै थिएँ। शर्मिला काममा गएकी थिई।

साढे नौ बजे काम छुटेपछि उसले फोन गरी। म उसलाई लिन गएँ। अक्सर राति धेरै नथाकेको बेला शर्मिला गाडी चलाउँथी। त्यस दिन पनि उसले मसँग गाडीको चाबी मागी। मैले दिएँ र उसले कार हुइँक्याई।

“बुझ्यौ, आज राति तिम्रो र मेरो बिहो भएको देखेकी! कलेज जान हतार भएर सपनाको कुरा बिहान भन्नै भ्याइनँ।” कारको गति बढाउँदै उसले भनी।

कार रुट-६६ मा हुइँकिइरहेको थियो।

अलि दिनअघि मैले पनि त्यस्तै सपना देखेको थिएँ। मैले यो कुरा भनुँलाभनुँला भन्दाभन्दै बिर्सेको थिएँ, तर शर्मिलाले भनी। अहो! म ढिलो भएँ। उसले जिती। मायामा पनि उसले जितेकी हो। व्यवहारमा पनि जितेकी हो। सबै थोकमा जितेकी हो।

रुट-६६ बाट एक्जिट लिई शर्मिलाले। कार यो मोडमा आउँदा सधैँ हामी सशरीर जोडिन्थ्यौँ। आज पनि जोडियौँ। कारको गति सामान्य नै थियो। एक्जिटबाट निस्कँदा हाम्रो अगाडि एउटा ट्रक देखा पऱ्यो। ट्रकबाट अचानक एउटा सामान झऱ्यो। हाम्रो कारको सन्तुलन बिग्रियो। शर्मिलाले कार बायाँतिर मोडी र तुरुन्तै दायाँतिर मोडी। त्यसपछि कारलाई के भयो, मेरा आँखाअगाडि अन्धकार छायो। कति बेरपछि मलाई कारबाट कसैले निकालेको बुझेँ। बिस्तारै आँखा खुले। म सिटबेल्टमै बाँधिएको रहेछु। ड्राइभरको सिटमा शर्मिला थिइन।

मलाई स्ट्रेचरमा राखेर एम्बुलेन्समा हाल्दै गर्दा सडकमा छ्यालब्याल रगत र शर्मिला घोप्टिएकी थिई।

कोही त्यहाँ बोलेको सुनेँ– “सी इज नो मोर।”

त्यसपछि मैले केही सुनिनँ। केही देखिनँ। आँखा खुल्दा म अस्पतालको बेडमा थिएँ।

बाहिर पानी परिरहेको छ। पानीका थोपाहरू झ्यालमा ठोक्किएका छन्। थाहै नपाई मेरा आँखाबाट आँसु झरेछ। सँगै बसेर कफी पिइरहेको भद्र पुरुषले पुलुक्क मतिर हेर्दै भन्यो– “एनी थिङ रङ सर?”


“ओह, नो सर! थ्याङ्क यू।” यति भनी हातमा भएको कफीको डिस्पोजेबल कप ट्र्यासमा हालेर ढोकाबाहिर निस्किएँ। पानी परेकाले चिसोचिसो भएछ बाहिर।

*अमेरिका*

●

स्टेफन होर्डुर ग्रिमसन (आइसल्यान्ड)

## मध्यहिउँदको गीत



रातको छाया यति अप्ठ्यारो हुन सक्छ कि
मेरी प्रियाको धड्कन
गह्रौँ र गाढा हुन्छ
त्यति अप्ठ्यारो हुन सक्छ रातको छाया।

## अर्ध चन्द्रको तलपट्टि हुँदा

अर्ध चन्द्रको तलपट्टि हुँदा
सुकेका पातको थुप्रो हुँदै बहन्छ बतास
तिमी मेरो गुलाब हुन्छ्यौ
जब उदासीका टुप्पाहरूले
रातो तारमा बेस्सरी अठ्याउँछ
तिमी मेरो मुस्कान हुन्छ्यौ।

■

फ्रान्सिस्को ब्राइन्स (स्पेन)

## बिदाइ



बुढेसकाल, त्यो पहिल्यै खडा छ, यतै कतै कुनामा
पातविहीन एउटा रूखजस्तो। त्यसलाई पक्रौँ
केही क्षणका लागि, यहाँ यो आकाशमुनि
जसले खजुरका रूखहरूलाई सुनौलो पर्दा दिने गर्छ
र तिम्रो हातलाई मेरो काँधमा राखिदिन्छ।
हामी उज्यालोको श्वास लिऔँ जसले दूरीहरूलाई
अँध्यारो र लामो पारिदिन्छ : एउटा छल
जुन ईश्वरको दया हो। उसले तिम्रो जीवनको

कठिन बिदाइलाई सुनौलो लेप दिन्छ।
तिमीले फक्रनुपर्छ, र फेरि तिमीले
यो प्रेम गरिराखेको संसारमा आफ्नो बाटो तय गर्नुपर्ने छ
मेरो प्रेम र मेरो मौनता तिमीसँगै जाने छ।
तर अझै यसले रात्रिको प्रतीक्षा गर्छ :
जब पहिलो तारा माथि देखा पर्छ
हामीले बिदाइ अभिवादन गर्ने छौं र म जाने छु एक्लै।

■

जर्मेन ड्रुगेनब्रुट (स्पेन)

## क्रिसमस २०१९



एकभन्दा धेरै बच्चा
आजको रात जन्मिन्छन्

मृतहरू कहाँ खस्छन्
उर्वर
अथवा रूखो माटोमा
त्यो भाग्यले तय गर्छ
आँखाको पट्टी कति रङ्गीचङ्गी होला
जसले देख्न सक्दैन अलि परसम्म पनि

अझ बढी मानवतातर्फ
ज्ञान र शान्तितर्फ डोऱ्याउने सडक चाहिं
अँध्यारो रहिरहन्छ

■

इल्स टेल्स (अस्ट्रिया)

# पुलहरू



हामी पुलहरू बनाऔं
भन्छ ऊ
ढुङ्गा र स्टिलका
जुन हामीलाई जोगाउने
प्रतीक्षासमानको चापले ध्वस्त नहोस्।

हामी मुलायम वस्तुहरू बाँडौं
भन्छिन् उनी
लहरे फूल र हरिया हाँगाहरूका
जुन होऊन् एक किनारबाट अर्को किनार जाने ठोस पैदल मार्ग
ती हतारिएका पाइलाहरूका लागि
जुन बलियाहरूबाट भागिरहेछन्।

मसँग जे छ, म त्यहीबाट बनाउँछु
तर थाम्ने छ त्यसले।

■

क्लारिबेल एलेग्रिया (निकारागुवा)

# मलाई पातको स्पर्श मन पर्छ



पुस्तकहरू
म्यागेजिनहरू
र पत्रिकाहरूभन्दा बढी
चलमलाईरहने ओठहरू
दोहोरिइरहने पुस्तकहरू
म्यागेजिनहरू
प्रकोपहरूभन्दा बढी

मलाई पातको स्पर्श मन पर्छ
पातहरूले अनुहार छोप्न
र तिनीहरूको ताजगी अनुभूत गर्न
र संसार हेर्न
तिनीहरूबाट छानिएर आउने उज्यालोले
तिनीहरूको हरियोपनले
र आफ्नो मौनता सुन्न
जब त्यो वयस्क हुन्छ
र मेरा ओठमा तरङ्गित हुन्छ
मेरो जिब्रामा आएर टुक्रा भइदिन्छ
र पृथ्वीलाई श्रवण गर्न
श्वास फेरिरहेको हुन्छ।
पृथ्वी मेरो शरीर हो
र म आफै शरीर हुँ
पृथ्वीको।




*अनुवाद : केशव सिग्देल*

●

चार्ल्स बुकोब्सकी (जर्मनी/अमेरिका)

## केही छैन त्यसको उपाय



हृदयमा एउटा ठाउँ हुन्छ
जुन कहिल्यै पनि भरिंदैन

एउटा ठाउँ

र सर्वोत्तम क्षण
र सुन्दरतम बेलामा
समेत

हामी त्यो थाहा पाइरहेका हुन्छौं

हामी सधैँभन्दा
गतिलोसँग पाउँछौँ थाहा

हृदयमा एउटा ठाउँ हुन्छ
जुन कहिल्यै पनि भरिंदैन।

र
पर्खेकोपर्ख्यै गर्छौं
त्यसै ठाउँमा।

■

महमुद दर्विस (प्यालेस्टाइन)

## कविताबाट पछारियो त्यो घोडा



त्यो घोडा कविताबाट पछारियो
जुन बेला ग्यालियन नारीहरू
गोदावरी फूलमाथि नाच्दै
पुतली र शीतले भिजेथे

दुई जना अनुपस्थितहरू– तिमी र म
अनुपस्थित दुई जना तिमी र म हौं।

एक जोडी सेता परेवा
पीपलको हाँगामा गफिइरहेका

प्रेम छैन, तर म
प्राचीन प्रेम कवितालाई प्रेम गर्छु
जसले बिरामी जूनलाई धूवाँ लाग्नबाट छेकिदिन्छन्

प्रहार गर्छु र म पछि सर्छु
श्लोकमा भ्वाइलिनजसरी

ठाउँको नक्साङ्कनको नजिक हुँदा
आफ्नो समयभन्दा टाढा पुग्छु म...

हामीले मन पराएको उत्सव गर्नका लागि आधुनिक भाषामा कुनै ठाउँ उब्रिएको छैन
किनभने ती सबै... 'थिए'... हुने छन्

त्यो घोडा रगताम्मे भएर पछारियो
मेरो कविताबाट
र म लडेँ
घोडाको रगतले रगताम्मे भएर...

■

## फैज अहमद फैज (पाकिस्तान)

# जारसँग



आऊ, तिमीसँगै जोडिएको छ त्यो सौन्दर्यको सम्झना
जसले यो मनलाई अप्सराको घर बनाइदिएथ्यो
बिर्सिएको थिएँ जसको प्रेममा मैले दुनियाँ
त्यसले दुनियाँलाई कथाको संसार बनाइदिएथ्यो।

परिचित छन् तिम्रै गोडासँग ती बाटाहरू
जसमा उनको मदहोस बैँसले गरेथ्यो अनुकम्पा
हिंडेका छन् जहाँबाट उमङ्गका ती झुन्डहरू
गरेथे यी आँखाले व्यर्थै जसको उपासना।

तिमीसँगै खेलेका छन् हावाका प्रेमिल ती स्पर्शले
जसमा बाँकी छ सुगन्ध उनका उदास वस्तुहरूको
तिमीमा पनि बर्सेको छ त्यस छानाबाट जूनको ओज
जसमा बाँकी छ सम्झना बितेका रातहरूको।

तिमीले नै देखेका छौ त्यो निधार, ती गाला, ती ओठ
पूरै जिन्दगी जसको कल्पनामा लुटाएँ मैले
तिमीतिरै फर्केका छन् हराएका ती मायावी आँखाहरू
तिमी नै बुझ्छौ, किन उमेर खेर फालें मैले।

समान छन् प्रेमका चोटले हामीलाई गरेका अनुग्रहहरू
यति धेरै अनुग्रह जुन गनूँ भने गन्न सक्दिनँ
मैले यो प्रेममा केके गुमाएँ, केके सिकें
तिमीबाहेक अरूलाई बुझाऊँ भने बुझाउन सक्दिनँ।

विनम्रता सिकें, गरिबहरूको पक्ष लिन सिकें
आशा-निराशाका, दुःखदर्दका अर्थ सिकें
निर्बलहरूका चोट र व्यथा बुझ्न सिकें
चिसा सुस्केराका र ओइलिएका अनुहारका अर्थ सिकें।

कतै रुन्छ कोही असहाय जब
जसको आँसु आँखामा टिलपिलाउँदै निदाउने गर्छ
जब झम्टिन्छन् चिलले शक्तिहीनका गाँसमा
पाखुरा भरिएर आउँछन्, कस्सिन थाल्छन्।

जब बिक्छ बजरमा मजदुरको मासु
राजमार्गमा गरिबको रगत बग्छ
वा बढ्दै गरेको भुँडीको बाढी लिएर कसैले
भोकमै रमाइरहेकालाई बगाओ भन्छ
नसोध, छातीमा कसरी दन्किन्छ आगो
म कसै गरी मन सँभाल्नै सक्दिनँ।




*अनुवाद : सुमन पोखरेल*

■

●

सिमस हिनी (आयरल्यान्ड)

# खुला द्वार र अँध्यारो घर




द्वार खुला थियो, घर अँध्यारो
त्यहींबाट मैले उनको नाम बोलाएँ, यद्यपि मलाई थाहा थियो
त्यस बेला उनको उत्तर फगत त्यस्तै निःशब्दता हुने छ
जसले मलाई कुनै बेला पछाडि, तल र सडकतिर बढ्दै जाँदा
अवाक् उभिन बाध्य गराएको थियो
मैले त्यहाँ प्रवेश गर्दा (अहिले सम्झँदा)
सडकका सबै बत्ती निभेका थिए।
त्यहाँ त्यस बेला पहिलो पल्ट आफैलाई
एक अपरिचितजस्तो पाएको थिएँ मैले
करिबकरिब एक घुसपैठीजस्तो
जो त्यहाँ कुनै खतरा छैन भन्ने थाहा पाएरै पनि
एक उडान भर्न चाहन्छ
त्यहाँ केवल वापसीको आग्रह थियो एउटा अनिच्छित उपस्थितिबाट
रिक्तता थियो मध्यरातको ह्याङ्गरको जस्तो
अथवा ग्रीष्मको उत्तरार्द्धतिरको
घाँसले भरिएको विमानस्थलको जस्तो।

■

लुइज ग्लुक (अमेरिका)

# डुबेका बालबालिका



हेर्नोस्– यिनीहरूमाथि निसाफ भएन
त्यसैले स्वाभाविक हो, यिनीहरू डुब्छन् नै।
पहिले बरफले खान्छ
अनि शिशिरभरि उनीहरूका ऊनका स्कार्फ
डुब्दै गरेका उनीहरूकै पछिल्तिर तैरिन्छन्
तबसम्म जब अन्त्यमा उनीहरू शान्त हुन्छन्

र तलाउले उनीहरूलाई
आफ्ना बहुल र काला पाखुराले माथि उतारिदिन्छ।
तर मृत्यु उनीहरूसम्म फरक शैलीमा आउनुपर्ने हो
सुरुवातको यति निकट
कि लागोस्, उनीहरू सधैँ दृष्टिविहीन र वजनविहीन थिए।
त्यसैले अन्य कुरा त सपना हुन्–
बत्ती, टेबलमाथि बिछ्याइएको सफा सेतो लुगा
उनीहरूका शरीर।
तर पनि प्रयोग गर्ने गरेका नाम उनीहरू सुन्छन्।
तलाउमाथि चिप्लिरहेको मत्स्य चारोजस्तै
के पर्खंदै छौ तिमी ?
घर आऊ, घर आऊ
नीलो र स्थायी दहमा हराएकाहरू...



*अनुवाद : महेश पौड्याल*

■

रूपमकुमारी यादव (भारत)

## जीवन



आकाशबाट झरेको बर्खाको थोपाजस्तो छ यो जीवन
निद्रामा हाँसेको बालकको मुस्कानजस्तो छ यो जीवन
आमाको काखमा पाउने आनन्दजस्तो छ यो जीवन
एकैछिनमा हजारौँ इच्छा पूरा गर्ने चाहनाजस्तो छ यो जीवन
आफ्ना लागि, अरूका लागि खुसी र दु:खको छायाको मेलाजस्तो छ यो जीवन
सादा पानामा अपरिचित-अन्जान आसले लेखेको सन्देशजस्तो छ यो जीवन
कहिले मौन छ, कहिले कोलाहल, कतै साँझ छ त कतै बिहान
सजिलो भए पनि, असजिलो भए पनि रमाइलो गर्ने यात्राजस्तो छ यो जीवन
आकाशबाट झरेको बर्खाको थोपाजस्तो छ यो जीवन!

*अनुवाद : कवि स्वयम्*

●